श्रीमहेन्द्रसंस्कृतविश्वविद्यालयग्रन्थमालाया ऊनपञ्चाशं पुष्पम्

श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य



लेखक

रथी धनशम्शेर ज.ब.रा.

पं. कृष्णप्रसाद भट्टराई

प्रकाशक

महेन्द्र संस्कृत विश्वविद्यालय

तन्त्र· १५६

तन्त्र १५६

श्रीमहेन्द्रसंस्कृतविश्वविद्यालयग्रन्थमालाया ऊनपञ्चाशं पुष्पम्

श्रीचक्रको उपासना
र
क्रमदीक्षारहस्य

लेखक

रथी धनशम्शेर ज.ब.रा.

पं. कृष्णप्रसाद भट्टराई

सम्पादक

नन्दन भट्टराई

प्रकाशक

महेन्द्र संस्कृत विश्वविद्यालय

प्रकाशक
महेन्द्र संस्कृत विश्वविद्यालय
बेलझुण्डी, दाङ

प्रकाशन
गुरुपूर्णिमा, २०५७

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

प्रकाशित पुस्तक संख्या - १००० प्रति

मूल्य - रू. २३०/-

R३७०८ / 3706

कम्प्युटर
ए.बी. सेक्रेटरियल एण्ड प्रिन्टर्स

मुद्रक
नेपाल प्रिन्टर्स एण्ड ट्रेडर्स सहकारी लिमिटेड
फोन : ४२७४५६, ४१७६७६

रथी धनशम्शेर ज.ब.रा.



जन्मतिथि- वि.सं. १९५२ माघकृष्ण एकादशी
स्वर्गारोहणतिथि- वि.सं. २०३९ जेष्ठशुक्ल द्वितीया

पं. कृष्णप्रसाद भट्टराई

जन्मतिथि– वि.सं. १९७७ पौषशुक्ल त्रयोदशी

स्वर्गारोहणतिथि– वि.सं. २०४४ आश्विनशुक्ल पञ्चमी

महेन्द्र संस्कृत विश्वविद्यालय

उपकुलपतिको कार्यालय

सम्मति

हाम्रा पूर्वीय वाङ्मयमा शास्त्रका दुई भेद छन् – निगम र आगम । निगमशास्त्र भनेको वेद हो । यसमा ऋक्, यजु, साम र अथर्व चार वेद र तिनका अङ्ग उपाङ्ग पर्दछन्। आगमशास्त्र भनेको तन्त्रशास्त्र हो, तन्त्रशास्त्रका मार्तण्डभैरव, रुद्रयामल, विष्णुयामल आदि प्रमुख ६४ भेद छन् ।

तनुविस्तारे धातुदेखि औणादिक ष्ट्रन् प्रत्यय गर्दा, तन्यते विस्तार्यते इति तन्त्रम् जो विस्तार गरिन्छ भन्ने अर्थमा तन्त्र शब्द निष्पन्न हुन्छ । वेदपुराणमा जुन मन्त्रहरूको साङ्गोपाङ्ग वर्णन गरिएको छैन, ती मन्त्रहरूको तन्त्रशास्त्रमा ऋषि, छन्द, देवता, यन्त्र, आवरणदेवता, तिनको पूजाविधि र प्रयोगविधिको विस्तारपूर्वक वर्णन गरिएको हुन्छ । यसै अर्थमा तन्त्रसंज्ञा अन्वर्थक देखिन्छ । अर्को कुरा ग्रन्थको परिमाणका दृष्टिले विचार गर्दा पुराणहरूको अपेक्षा तन्त्रशास्त्र धेरै विशाल छ । पुराणहरूको श्लोक संख्या चारलाख छ भने तन्त्रशास्त्रको श्लोकसंख्या सय पद्म छ ।

एवं पुराणसन्दोहश्चतुर्लक्ष उदाहृतः । (भागवत)

पञ्चाशद् वै महापद्म आगमः परिकीर्तितः । (नवमीसिंह, तन्त्रचिन्तामणि)

तन्त्रशास्त्रलाई आगम पनि भनिन्छ । अनि धारणार्थक वा कुटुम्बधारणार्थक तत्रि धातुदेखि घञ् प्रत्यय गरेर पनि तन्त्र शब्द निष्पन्न हुन्छ । यसको अर्थ हुन्छ – तन्त्र्यते धार्यते इति, धार्यते पोष्यते अनेन इति वा तन्त्रम् । धार्यते भन्दा भावमा र धार्यते अनेन भन्दा करणमा घञ् प्रत्यय हुन्छ । विपत्ति र रोगको निराकरण भूत, प्रेत, पिशाच आदिको बाधा निरसन, राजभय, शत्रुभय आदि निवारण गर्न र सुखसौभाग्य आदि प्राप्त गर्नका निमित्त दीक्षितहरूले मार्तण्डभैरव, रुद्रयामल आदि तन्त्रको धारण गर्ने हुँदा धारण अर्थमा तन्त्रशब्द अन्वर्थक छ । कुटुम्बधारण अर्थमा तन्त्रशास्त्रज्ञ तन्त्रसाधनाद्वारा पुरुषार्थ लाभ गरेर आफ्नो परिवार, कुल, समाज, वर्ग, जाति आदिलाई समुचितरूपमा प्रतिष्ठापित गराउन समर्थ हुन्छ । अतः कुटुम्बधारण अर्थमा पनि तन्त्र शब्द सार्थक छ ।

यो आगम अर्थात् तन्त्रशास्त्र साक्षात् शङ्करका मुखारविन्दबाट निस्केको हुनाले

निगम (वेद) जस्तै प्रमाणिक छ ।

आगतं शिववक्त्रेभ्यः साक्षाद् गिरिजया श्रुतम् ।
मतं च वासुदेवस्यागमशास्त्रं प्रकीर्तितम् ।।

साक्षात् शङ्करको मुखबाट निस्केको, पार्वतीले सुनेको र भगवान् श्रीकृष्णले मानिएको आगम शास्त्र हो भनेर मनीषीहरूले यसमा आस्था राखी अनुसरण गर्दै आएका छन् । सनातन धर्मका विविध सम्प्रदायमा पनि आगमोक्त तान्त्रिक विधिअनुसार श्रीयन्त्रको उपासना गर्ने परम्परा चलिआएको छ ।

नेपालमा अति प्राचीन समयदेखि तन्त्रशास्त्रको समृद्ध परम्परा अविच्छिन्न रूपले प्रवाहित हुँदै आएको छ । यहाँ तन्त्रशास्त्रका विशिष्ट विद्वान्हरू थिए भन्ने कुरा यहाँका पुराना हस्तलिखित ग्रन्थ, मन्दिरका वास्तुकला र मूर्तिकलाहरूले प्रतिपादन गरेका छन् । साथै रानीपोखरीको माझमा रहेको मन्दिर र त्यहाँका मूर्तिहरूले तन्त्रशास्त्रको इतिहास बताउँछन्। तन्त्रपरम्पराका विशिष्ट विद्वान् भूपालेन्द्र सिंहका महामात्य नवमीसिंह भण्डेलले तन्त्रचिन्तामणि नामक अपूर्व ग्रन्थ निर्माण गरेका छन् । त्यस्तै अरू पनि तन्त्रग्रन्थका निर्माता नेपालमा थिए भन्ने तथ्य अभिलेखालयमा सुरक्षित तान्त्रिक ग्रन्थराशीले बताउँछन्। यसै सन्दर्भपा विक्रम सम्वत् १९५२ मा नेपालमा जन्मेका तन्त्रशास्त्रका साधक तथा सुगृहीतनामधेय रथी धनशमशेर ज.ब.रा. र पं. कृष्णप्रसाद भट्टराई तन्त्रशास्त्रका विशिष्ट विद्वान् हुनुहुन्थ्यो । विश्वविद्यालयद्वारा सम्पादित प्राचीन दुर्लभ ग्रन्थहरूको प्रकाशन गर्ने सन्दर्भमा रथी धनशम्शेर ज.ब.रा.बाट प्रणीत क्रमदीक्षारहस्य र उहाँका सहयोगी पं. कृष्णप्रसाद भट्टराईद्वारा रचित श्रीयन्त्रोपासनाविधिलाई समन्वित रूपमा प्रकाशन गर्न पाउँदा मलाई खुशी लागेको छ ।

श्रीयन्त्रोपासनाको अधिकार दीक्षितव्यक्तिलाई नै हुने हुँदा श्रीयन्त्रोपासना र क्रमदीक्षारहस्य परस्पर सापेक्ष छन् भन्ने सम्झी यी दुवै पुस्तकलाई समन्वित रूपमा सम्पादन गराई प्रकाशन गरिएको छ। यो पुस्तक श्रीयन्त्रोपासना र क्रमदीक्षाका सम्बन्धमा जिज्ञासा लिने पाठक समुदाय र अनुसन्धाताहरूका लागि विशेष उपयोगी हुन सक्ने छ भन्ने विश्वास लिएको छु ।

अन्तमा, प्रस्तुत पुस्तकको विस्तृत भूमिका लेखी सम्पादन गर्नुहुने सहायक प्राध्यापक नन्दन भट्टराईप्रति उहाँले गर्नुभएको यस महनीय कार्यको हृदयदेखि नै प्रशंसा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

गुरुपूर्णिमा, २०५७

माधवराजगौतम
उपकुलपति

आमुख

नेपाल एवं भारतमा समेत सैद्धान्तिक एवं प्रयोगात्मक तन्त्रविद्याका ज्ञाताका रूपमा प्रसिद्ध, श्रीविद्याका विशिष्ट साधक रथी धनशम्शेर ज.व.रा एवं श्रीविद्याका रहस्यज्ञ पण्डित कृष्णप्रसाद भट्टराईको श्रीविद्या र क्रमदीक्षा सम्वन्धी कृति 'श्रीचक्रको उपासना र क्रमदीक्षा रहस्य' सम्पादन गरी नेपाली जनमानस समक्ष प्रस्तुत गर्न पाउनु मेरा निमित्त सौभाग्यको कुरो हो ।

यस ग्रन्थले श्रीविद्या र श्रीचक्र सम्वन्धी स्पष्ट जानकारी प्रदान गर्नुका साथै क्रमदीक्षा ग्रहण गरी श्रीविद्याको उपासनामा संलग्न हुन चाहने जिज्ञासुहरूलाई स्पष्ट मार्गनिर्देश गर्नेछ र योग्य गुरुको अभावको पूर्ति समेत गर्नेछ भन्ने विश्वास लिएको छु ।

'श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य' नामक यो ग्रन्थ दुई अलग अलग रचना 'श्रीचक्रको उपासना' र 'क्रमदीक्षारहस्य' को संयुक्त स्वरूप हो । 'श्रीचक्रको उपासना'का लेखक पण्डित कृष्णप्रसाद भट्टराई हुनुहुन्छ । 'क्रमदीक्षारहस्य' का लेखक रथी धनशम्शेर ज.व.रा. हुनुहुन्छ ।

तन्त्रशास्त्र अति प्राचीन हुनाका साथै दुर्वोध्य र जटिल पनि छ । तन्त्रग्रन्थहरूले कुनै पनि कुराको स्पष्ट व्याख्या नगरी सवै कुरा साङ्केतिक भाषामा उल्लेख गरेका छन् । यो तन्त्रविद्या अत्यन्त गोपनीय छ र केवल गुरुवक्त्रगम्य छ । युगधर्मको प्रभावले अन्य विद्यामा झैं तन्त्रविद्यामा पनि ह्रास आएको छ र पूर्णक्रमको ज्ञाता गुरु पाउन दुर्लभै छ । फेरि तन्त्रका मर्मज्ञ साधकहरू प्रायः गुप्त रहन रुचाउँछन् र आफ्नो ज्ञानको भण्डार खोल्न चाहँदैनन् । तन्त्रग्रन्थहरू पनि अनेक भएका र तत् तत् तन्त्रका आधारमा अनेक गुरुपरम्परा भएको स्थितिमा तन्त्रसाधनामा प्रवृत्त साधकहरूलाई समेत 'इदमित्थम्' भन्न सक्ने अवस्था देखिँदैन । यस्तो परिस्थितिमा ज्ञान र साधना दुवै दृष्टिकोणवाट प्रसिद्धि प्राप्त गर्नु भएका विद्वान लेखकहरूको यस ग्रन्थले अन्धकारमा प्रकाशको काम गर्नेछ । यस ग्रन्थले श्रीविद्या र श्रीचक्रको उपासना वारे जानकारी दिनुका साथै क्रमदीक्षाको प्रारम्भिक तहदेखि महासाम्राज्यमेधादीक्षासम्मको वर्णन सविस्तार गरेर क्रमदीक्षाका अनुयायीहरूलाई ती ती क्रममा आउने देवता,

मन्त्र र ध्यान समेतको पूर्ण जानकारी दिनेछ। यसका साथै प्रत्येक आम्नायका पञ्चक्रम देवताहरूको उल्लेख सहित ६४ दीक्षाले युक्त पूर्णमहाक्रमको विवरण प्रदान गर्ने यस ग्रन्थले तन्त्रजिज्ञासुहरूका साथै साधकसमाजलाई पनि उचित दिशानिर्देश गर्नेछ। मूल संस्कृतका साथै नेपालीमा सुबोध व्याख्या गरी क्रमदीक्षाको पूर्ण रहस्योद्घाटन गरिएको यो ग्रन्थ तन्त्रप्रेमीहरूका लागि अपूर्व उपहार हो भन्दा अत्युक्ति हुनेछैन।

'श्रीचक्रको उपासना' नामक संक्षिप्त तर सारगर्भित रचनामा विद्वान लेखक पण्डित कृष्णप्रसाद भट्टराईले श्रीविद्या र श्रीचक्रको वर्णनका साथै क्रमदीक्षाका साम्राज्यमेधा एवं दिव्यसाम्राज्यमेधासम्म महापूर्णक्रमको दिग्दर्शन गर्नुभएको छ।

'क्रमदीक्षारहस्य' का लेखक रथी धनशम्शेर ज.ब.रा. लघुसाम्राज्यमेधादीक्षाप्राप्त उच्चकोटिका साधक हुनुभएको र उहाँले वडवानलतन्त्रोक्त क्रम अर्थात् आफ्नो अनुभूत क्रमको वर्णन गर्नुभएकोले यसको विशिष्ट महत्त्व छ। आफ्नो ज्ञान र साधनाको सारांशरूप क्रमदीक्षारहस्यमा उहाँले क्रमदीक्षाको पराकाष्ठासम्मको दिग्दर्शन गर्नुभएको छ।

मेरा प्रातःस्मरणीय पूज्य पिताज्यू पं. कृष्णप्रसाद भट्टराईका 'श्राद्धपद्धति' लगायतका रचनाहरू खोज्ने क्रममा उहाँको 'श्रीचक्रको उपासना' प्राप्त भयो। २०२३/०२४ सालतिरै लेखिएको, प्रत्येक आम्नायको पूर्णक्रम अर्थात् पञ्चक्रमसहित दिव्यसाम्राज्यमेधासम्म महापूर्णक्रमको जानकारी दिने उक्त रचना भारतबाट प्रकाशित[1] भै सक्दा पनि नेपालीमा हालसम्म प्रकाशित हुन सकेको थिएन। अन्वेषणकै क्रममा रथी धनशम्शेर ज.ब.रा.को 'क्रमदीक्षारहस्य' को पाण्डुलिपि ने.रा.प्र.प्र.मा फेला पर्‍यो। पाण्डुलिपिको अध्ययन गर्दा तत्र तत्र संशोधनादि कार्य मेरा पूज्य पिताज्यूबाट भएको र केही संशोधन कार्य अवशिष्ट नै रहेको देखियो। क्रमदीक्षासम्बन्धमा अपूर्व जानकारी दिने उक्त ग्रन्थका अवशिष्ट कार्य यथासम्भव पूरा गरी प्रकाशन गर्नु उपयुक्त भएकोले 'श्रीचक्रको उपासना' र 'क्रमदीक्षारहस्य' को सम्पादन एवं प्रकाशनका लागि महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति समादरणीय गुरुवर प्रा. श्रीमाधवराज

---

[1] कल्याण उपासना अंकमा।

गौतमज्यू समक्ष निवेदन गरें । उहाँबाट सहर्ष स्वीकृति प्राप्त भएकोले सम्पादन कार्य प्रारम्भ भयो ।

'क्रमदीक्षारहस्य' मा रथी धनशम्शेर ज.ब.रा. ले वडवानलतन्त्रोक्त आफ्नो क्रमको व्याख्या गर्नुभएको, उहाँ र त्यस विषयको ज्ञाता पं. कृष्णप्रसाद भट्टराई दुवै दिवङ्गत भैसक्नु भएको एवं वडवानलतन्त्र अप्राप्य भएको अवस्थामा यसको सम्पादन कार्य सरल थिएन । फेरि तन्त्रग्रन्थहरूमा आर्ष प्रयोग पाइने र कुन आर्ष प्रयोग हो र कुन मानवीय त्रुटि हो भन्ने छुट्याउन सक्ने अवस्था पनि छैन । एकै तन्त्रमा पनि पाठान्तर पाइने, एकै तन्त्रका पनि भिन्न भिन्न परम्परा हुने र आ-आफ्नो लागि आ-आफ्नो परम्परामा प्रचलित पाठ नै शुद्ध मानिने भएकोले वृहत्पुरश्चर्यार्णव, रथी धनशम्शेर ज.ब.रा. का विभिन्न पुस्तक एवं मेरा पूज्य पिताज्यूका संग्रहमा रहेका सामग्रीहरूको आधारमा यस ग्रन्थको सम्पादन गरिएको छ। नेपाली व्याख्याखण्डमा रहेका अस्पष्ट वाक्यहरूलाई सकेसम्म स्पष्ट पारिएको छ, अत्यावश्यक ठाउँमा ग्रन्थकारको आशय अनुरूप केही शब्द र वाक्यहरू थपघट समेत गरिएको छ र अति आवश्यक स्थलमा मात्र पादटिप्पणी दिइएको छ । यी सवै कार्य गर्दा पाण्डुलिपिका शब्दहरू सकेसम्म यथावत राख्ने नीति समेत अवलम्वन गरिएको छ। यसका साथै रथी धनशम्शेर ज.ब.रा.ले लेख्नुभएको प्रस्तावना समेत यथावत नै राखिएको छ ।

प्रारम्भमा दुवै रचनाहरू अलग अलग प्रकाशन गर्ने भन्ने सोचाई राखिएकोमा सम्पादनकार्यका लागि अवश्यक तथ्यहरूको संकलनका लागि विभिन्न महानुभावहरूसँग सम्पर्क राख्ने क्रममा श्रीसुन्दरप्रसाद शाहज्यूवाट 'दुवै रचनाहरू क्रमदीक्षापरक भएको, क्रमदीक्षा ग्रहण गरी श्रीविद्याको उपासना गर्नेहरूका लागि श्रीचक्र नै भगवतीको आराधनास्थल र स्वरूप भएको एवं दुवै रचनाकारहरूको दीर्घकालसम्म श्रीविद्या लगायतका विषयमा सहकार्यसमेत भएकोले दुवै रचनाहरू संयुक्तरूपमा प्रकाशन गर्नु उपयुक्त हुनेछ' भन्ने सुझाव प्राप्त भएको र सो मनासिव पनि भएकोले दुवै रचनाहरू एकत्र समावेश गरिएका छन् । यसवाट पाठकहरूले क्रमदीक्षासम्बन्धमा अझ ठोस जानकारी प्राप्त गर्नुहुनेछ भन्ने विश्वास लिइएको छ । श्रीचक्रको उपासना अलि संक्षिप्त भएको र यसले

क्रमदीक्षारहस्यको पृष्ठभूमि तयार गर्ने समेत भएकोले यसलाई प्रारम्भमै राखिएको छ ।

यहाँ लेखकद्वय रथी धनशम्शेर ज.व.रा. र पण्डित कृष्णप्रसाद भट्टराईको संक्षिप्त जीवनी पनि दिइएको छ । यसबाट उहाँहरूको व्यक्तित्व र कृतित्वको वारे पाठकवर्गलाई स्पष्ट जानकारी हुनेछ ।

यो ग्रन्थ तन्त्रविषयक भएकोले 'तन्त्र' के हो ? भन्ने जिज्ञासा राख्ने पाठकका निमित्त तन्त्रविषयक सामान्य-कुराहरूको जानकारी होस् भनेर भूमिकाखण्डमा तन्त्रसम्वन्धी केही प्रारम्भिक कुराको चर्चा गरिएको छ ।

तन्त्रको बारेमा अति सामान्य जानकारी भएका म जस्ताका लागि तन्त्रविषयक ग्रन्थको सम्पादन अति दुष्कर कार्य हो– "क्व तन्त्रविषया विद्या क्व चाल्पविषया मतिः ।" तथापि समादरणीय पिताज्यूवाट प्रारम्भ गरिएको कार्यको यथामति यथाशक्ति पूर्ति गर्नु मेरो कर्तव्य भएकोले नै मैले यो कार्य गरेको हुँ । समादरणीय पूज्य पिताज्यू पं. कृष्णप्रसाद भट्टराई तथा रथी धनशम्शेर ज.ब.रा. बाट निर्दिष्ट मार्गको अवलम्वनवाटै यो सम्भव भएको हो–

"अथवा कृतवाग्द्वारे ग्रन्थेऽस्मिन् पूर्वसूरिभिः ।
मणौ वज्रसमुत्कीर्णे सूत्रस्येवास्ति मे गतिः ॥"

सीमित अध्ययन र सीमित परिवेश भित्र रहेर गरिएको यस कार्यमा देखा परेका त्रुटिहरूलाई विद्वानहरूले पंक्तिकारको अल्पज्ञता सम्झेर क्षमा गर्नुहुनेछ भन्ने विश्वास लिएको छु– "गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः ।"

यस ग्रन्थको सम्पादन एवं प्रकाशनका लागि स्वीकृति प्रदान गर्नुहुने महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति समादरणीय गुरुवर प्रा.श्रीमाधवराज गौतमज्यूमा हार्दिक कृतज्ञता निवेदन गर्दछु । पंक्तिकारलाई आचार्यतहसम्मको अध्ययन पूरा गर्ने अनुकूल अवसरसमेत प्रदान गर्नुहुने उदारमना उपकुलपतिज्यूको स्नेह, प्रेरणा र सहयोग विना यो कार्य सम्भव थिएन ।

त्यसै गरी मलाई अध्ययन, अनुसन्धान र सम्पादन कार्यमा निरन्तर हौसला प्रदान गर्नुहुने महेन्द्र संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष आदरणीय गुरुवर प्रा.डा.श्रीवावुराम पोखेलज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यसका साथै मलाई प्रेरणा प्रदान गर्नुहुने म.सं.वि.वि.का कुलसचिव आदरणीय गुरु प्रा. डा. श्रीभोजराज पन्तज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै सम्पादन सम्वन्धमा समय समयमा सुझाव प्रदान गर्नुहुने म.सं.वि.वि अनुसन्धान केन्द्रका निर्देशक आदरणीय गुरु प्रा.श्रीनीलमणि ढुङ्गानाज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

ग्रन्थसम्पादनसम्वन्धी कार्यमा हरप्रकारको सहयोग र सुझाव प्रदान गर्नु हुने श्रीसुन्दरप्रसाद शाह 'दु:खी'ज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी ग्रन्थको संयुक्त प्रकाशन गर्न अनुमति दिनु हुने श्रीनिर्मल शम्शेर ज.व.रा.ज्यूमा पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । सम्पादन सम्वन्धमा सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु प्रा.डा. श्रीवेणीमाधव ढकालज्यू र श्रीरामेश्वर नेपालज्यूमा पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसका साथै मलाई विभिन्न प्रकारले सहयोग पुऱ्याउनु हुने मेरा मित्रहरू उप. प्रा. श्रीदिवाकर आचार्य, सहा.प्रा. श्रीसुमोदवर्धन कौण्डिन्न्यायन र श्रीरविनाथ प्राञ्जलमा आभार प्रकट गर्दछु । यस्तै कम्प्युटरसम्वन्धी सहयोग पुऱ्याउनुहुने विट्स एण्ड वाइट्सका श्री दीपा मैनालीलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रातःस्मरणीय, वन्दनीय मातृपितृचरणकमलमा सतत नमन गर्दछु–

"नमामि मातरं राधां श्रीकृष्णं पितरं वुधम् ।
गुरुं नारायणं चैव देवं साम्वसदाशिवम् ॥"

विनीत
नन्दन भट्टराई
का.म.न.पा.- ७, सिफले

चण्डीपूर्णिमा
२०५७

विषयसूची

भूमिकाखण्ड

विषय	पृष्ठाङ्क
निगमागम	१
आगमशब्दको व्युत्पत्ति र परिभाषा	२
आगमको लक्षण	४
आगमको भेद	५
तन्त्रको व्युत्पत्ति र परिभाषा	६
तन्त्रको लक्षण	८
तन्त्रको माहात्म्य	९
तन्त्रको संख्या	१०
उपतन्त्रहरू	१४
शावरतन्त्र	१५
आगम वा तन्त्रको उत्पत्ति	१५
तन्त्रको समय	१९
तन्त्रको वेदसँग अविरोधिता	२०
तन्त्रको महत्त्व	२३
तन्त्रको वर्गीकरण	२६
यामल	२७
डामर	२७
तन्त्रमा अधिकारिता	२८
ब्राह्मणको परिभाषा	३१
उपासना/पूजा	३६
तन्त्रमा उपास्य देवता (शक्ति)	३९
तन्त्रमा समन्वय	४६
शक्ति र शक्तिमान्मा भेद छैन	४९
भाव	५२

पशुभाव	५५
वीरभाव	५८
दिव्यभाव	६०
आचार	६२
वैदिकाचार	६४
वैष्णवाचार	६५
शैवाचार	६७
दक्षिणाचार	६८
वामाचार	७०
शाक्ताचार	७२
सिद्धान्ताचार	७४
कुलाचार वा कौलाचार	७५
कुल के हो ?	८०
मार्ग / सम्प्रदाय	८३
दीक्षा	८६
दीक्षाका भेद	८८
क्रियावती दीक्षा	८९
वर्णमयी दीक्षा	९०
कलादीक्षा	९०
वेधमयी दीक्षा	९१
स्पर्शदीक्षा	९१
वाग्दीक्षा	९१
दृग्दीक्षा	९२
शाम्भवी दीक्षा	९२
मानसदीक्षा	९२
क्रमदीक्षा	९४
गुरु	९८
शिष्य	१०१

गुरुको विशेष विचार	१०२
मन्त्र	१०२
मन्त्रजप	१०५
जपको महत्त्व	१०६
जपको प्रकार	१०६
मन्त्रको अवयव	१०८
मन्त्रार्थ	१०८
मन्त्रचैतन्य	१०८
मन्त्रशिखा	१०९
जपको सम्पत्ति वा सामान	१०९
मन्त्रको जाति	१०९
अधिकारीभेदले मन्त्रभेद	१०९
दीक्षा (मन्त्रश्रवण) निषेध	१११
दीक्षाग्रहणमुहूर्त	११२
दीक्षाग्रहणस्थान	११३
अनुकूल मन्त्र मात्र ग्रहण गर्नुपर्छ	११३
मन्त्रजपका अन्य केही तत्त्व	११४
कुल्लुका	११४
सेतु	११५
महासेतु	११५
निर्वाण	११५
मन्त्रसंस्कार	११५
न्यास	११६
लघुषोढान्यास	११७
महाषोढान्यास	११८
आसन	११९
माला	१२१
करमाला	१२१

चरमाला १२२
मुद्रा १२३
पात्र १२५
पुरश्चरण १२६
मन्त्रसिद्धिलक्षण १३०
पञ्चमकार १३१
सप्तमकार १३६
अधिकारीभेदले द्रव्यभेद १३६
आम्नाय, योग र देवताविभाजन १४०
दशमहाविद्या १४७
काली १५२
गुह्यकाली १५६
कुब्जिका १५७
तारा १५७
श्रीविद्या १६०
पञ्चदशी १६४
षोडशी/महाषोडशी १६७
सप्तदशी १६७
अष्टादशी १६७
श्रीचक्र १६८
षट्चक्र एवं कुण्डलिनीजागरण १७४
मूलाधारचक्र १७५
स्वाधिष्ठान १७६
मणिपूर १७७
अनाहत १७८
विशुद्ध वा विशुद्धि १७९
आज्ञाचक्र १७९
नादचक्र १८०

विन्दुचक्र	१८१
सहस्रारचक्र	१८१
चन्द्रकलाविद्या र समयाचार	१८४
षट्चक्रभेदनपछि प्राप्त हुने सिद्धि	१८८
पूर्णाभिषेक	१८९
पूर्णाभिषेककाल	१९०
संक्षिप्तविधि	१९०
तन्त्रसाधनामा योग	१९४
मन्त्रयोग	१९६
हठयोग	१९७
लययोग	१९७
राजयोग	१९८
राजाधिराजयोग	२००
महाराजाधिराजयोग	२००
सर्वाधिकार र निर्वाणदीक्षा	२००
पाशुपतदीक्षा	२०१
मातृका	२०१
भैरव	२०१
षोडशनित्या	२०२
गुरुमण्डल र गुरुहरू	२०२
दक्षिणामूर्ति गुरु	२०३
षडन्वयशाम्भव	२०३
कालीकल्प र श्रीकल्प	२०४
पञ्चसमया विद्या	२०५
नवात्मा	२०६
अलेखनी वा अलेखिनी	२०९
तन्त्रमार्गमा केही विचार	२११
नेपालमा तन्त्र	२१५

श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य

श्रीचक्रको उपासना

विषय	पृष्ठाङ्क
लेखक परिचय–पं.कृष्णप्रसाद भट्टराई	२३१
(श्रीचक्रको उपासना)	
श्रीचक्र	२४१
श्रीविद्या	२५१
श्रीविद्याको उपासनाक्रम	२६१
श्रीचक्रको संक्षिप्त विवरण	२६८
क्रमदीक्षाको विवरण	२८१
क्रमदीक्षारहस्य	
लेखक परिचय–रथी धनशम्शेर ज.ब.रा.	२८७
(क्रमदीक्षारहस्य)	
प्रस्तावना	२९५
१ प्रथम पटल (दीक्षाप्रकारभेदवर्णन)	२९७
२. द्वितीय पटल (विद्याक्रमभेदवर्णन)	३१३
३. तृतीय पटल (आम्नायक्रमभेदवर्णन)	३५५
४. चतुर्थ पटल (आम्नायक्रमवर्णन तथा दुर्गाक्रमवर्णन)	३६४
५. पञ्चम पटल (महाक्रमवर्णन)	३७५
६. षष्ठ पटल (पूर्णक्रमवर्णन)	३८४
७. सप्तम पटल (साम्राज्यक्रम तथा लघुक्रमवर्णन)	४००

भूमिका खण्ड

प्रस्तावना

मानवजीवनको लक्ष्य पुरुषार्थ-चतुष्टयको प्राप्ति हो। धर्माचरण, धर्मपूर्वक अर्थोपार्जन, त्यसबाट व्यवहारसम्पादन, तत्पश्चात् स्वात्मविश्रान्ति वा मोक्षलाभ। धर्म-अर्थ-काम र मोक्षरूप यी चार पुरुषार्थमध्ये मोक्षप्राप्ति नै मनुष्ययोनिको चरम लक्ष्य हो। मोक्षप्राप्ति गर्ने दुई मार्ग वा उपाय छन्– विहङ्ममार्ग र क्रममुक्तिमार्ग। विहङ्गम वा सद्योमुक्तिमार्ग वेदपरक छ भने क्रममुक्तिमार्ग तन्त्रको विषय हो। वेदलाई निगम पनि भनिन्छ- "निगमकल्पतरोर्गलितं फलम्"। निपूर्वक गम्धातुमा घञ्प्रत्ययको योगले निगमशब्द बन्दछ– "निगम्यते ज्ञायतेऽनेनेति निगमः।" वर्णाश्रम धर्मको पालन गर्दै वेदान्त वा उपनिषद्को श्रवण, मनन र निदिध्यासनद्वारा तीव्र वैराग्य र ज्ञानको उदयले मोक्षप्राप्ति हुन्छ– "सम्यग्दर्शननिष्ठानां संन्यासिनां सद्योमुक्तिरुक्ता।" तर सबैलाई वेदमा अधिकार छैन। यस्तै सबैले वेदोक्त नियमको सम्यक् पालन गर्न सक्दैनन्। वेदमा अधिकार नभएका स्त्रीशूद्रादि र वेदोक्त नियम वा आचरणको सम्यक् पालन गर्न असमर्थ भएका द्विजाति एवं वैदिक ब्राह्मण समेत सबैलाई चारै पुरुषार्थ विशेष गरी मोक्षप्राप्ति गराउने अर्को मार्ग तन्त्रमार्ग हो जसलाई पिपीलिकामार्ग वा क्रममुक्तिमार्ग पनि भनिन्छ। यो पिपीलिकामार्ग वा क्रममुक्तिमार्गमा कमिलाले झैं क्रमिकरूपमा ज्ञानप्राप्त गर्दै सामर्थ्य वा योग्यताअनुसार यही जन्म वा जन्मान्तरमा मोक्ष प्राप्त हुन्छ, गरिन्छ। वेदान्तपथ वा ज्ञानमार्ग सर्वकर्मसंन्यासपरक छ र यसमा त्यागकै महत्त्व छ, अतः यो ठूला ठूला योगी, तपस्वी र महात्माहरूका लागि अनुकूल हुन्छ। यो क्रममुक्तिमार्ग भने सबैलाई उपयोगी हुन्छ र यसमा विषयोपभोगको त्याग गरिरहनु पर्दैन। व्यावहारिक संसारमा रहेर विषयहरूको उपभोग गर्दै क्रमिकरूपमा मुक्तिपथतिरको अग्रसरता नै क्रममुक्तिमार्ग हो र यो मार्गलाई तन्त्रमार्ग वा आगममार्ग भनिन्छ।

आगमशब्दको व्युत्पत्ति र परिभाषा

आङ्पूर्वक गम्धातुमा अच्प्रत्ययको योगले आगमशव्द वन्दछ – 'आगम्यते प्राप्यतेऽनेनेति आगमः ।' कोशहरूतिर दृष्टि दिने हो भने 'आगम' का भिन्न भिन्न अर्थहरू पाइन्छन् ।

शास्त्रमात्रलाई आगम भनिन्छ–

"आगमादिव तमोपहादितः सम्भवन्ति मतयो भवच्छिदः ।"[1] [2]

"श्रृण्वतां जायते भक्तिस्ततो गुरुमुपासते ।
स च विद्यागमान् वक्ति विद्यायुक् स्वाश्रितो नृप ! ॥"[3]

त्यस्तै शास्त्रज्ञान वा श्रुतवक्तालाई पनि आगम भन्दछन्–

"आकारसदृशप्रज्ञः प्रज्ञया सदृशागमः ॥"[4]

तत्त्वावेदक (तत्त्वज्ञानदिने) शास्त्रलाई पनि आगम भन्दछन्–

"सिद्धं सिद्धैः प्रमाणैस्तु हितं वात्र परत्र वा ।
आगमः शास्त्रमाप्तानामाप्तास्तत्त्वार्थवेदिनः ॥"[5]

मन्त्रलाई पनि आगम भन्दछन्–

"सर्ववेदः क्रियामूलमृषिभिर्वहुधोदितः ।
कालो देशः क्रिया कर्ता करणं कार्यमागमः ॥"[6]

श्रुति वा दर्शनलाई पनि आगम भन्दछन् –

---

१. किरातार्जुनीय- ५।२२
२ देवीपुराण-(वाचस्पत्यम्)
३ देवीपुराण-(वाचस्पत्यम्)
४ रघुवंश- १।१५
५ वाचस्पत्यम्, शव्दकल्पद्रुम
६ श्रीमद्भागवत- १२।११।३०

"बहुधाऽप्यागमैर्भिन्नाः पन्थानः सिद्धिहेतवः ॥"[७]

आगमको अर्थ वेद पनि हो–"आगमः खल्वपि ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयः ज्ञेयश्चेति ।"[८]

क्रमपूर्वक पितृपरम्परा वा गुरुपरम्पराबाट प्राप्त शास्त्र, उपदेश वा ज्ञान पनि आगम हो। त्यस्तै अष्टसिद्धिप्राप्त गर्ने उपायभूत शास्त्र पनि आगम हो।

कुलार्णवतन्त्रको अनुसार 'आचारको वर्णन, दिव्यगतिप्राप्तिको निदान र महात्मतत्त्वको कथन गर्ने शास्त्र भएकोले आगम भनिएको हो–

"आचारकथनाद्दिव्यगतिप्राप्तिनिदानतः ।
महात्मतत्त्वकथनादागमः कथितः प्रिये ॥"[९]

आगमको विशिष्ट वा प्रसिद्ध अर्थ तन्त्र वा शिवोपदिष्ट शास्त्र हो। यथा-

"आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजानने ।
मग्नश्च हृदयाम्भोजे तस्मादागम उच्यते ॥"[१०]
"आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजानने ।
मग्नस्तस्या हृदम्भोजे तस्मादागम उच्यते ॥"[११]

अर्थात् शिवका मुखहरूबाट निस्केको र पार्वतीले हृदयमा धारण गरेको शास्त्र नै आगम हो।

यो शिवोपदिष्टशास्त्रलाई विष्णुको पनि समर्थन छ–

---

७ रघुवंश- १०।२६
८ फ.भा. वाचस्पत्यम्,
९ कुलार्णवतन्त्र, १७।४३
१० यामल (वाचस्पत्यम्)
११ रुद्रयामल (निगमागमवैज्ञानिकसार)

"आगतं शिववक्त्रेभ्यो गतञ्च गिरिजानने ।
मतं हि वासुदेवस्य तस्मादागम उच्यते ॥"[१२]

त्यस्तै मलत्रयको नाश गर्ने हुनाले पनि आगम भनिएको हो–

"आगतं शिववक्त्रेभ्यो गतञ्च गिरिजामुखम् ।
मलत्रयविनाशित्वात् तस्मादागम उच्यते ॥"[१३]

त्यस्तै–

"आगतं पञ्चवक्त्रात्तु गतञ्च गिरिजानने ।
मतञ्च वासुदेवस्य तस्मादागममुच्यते ॥"[१४]

वाचस्पति मिश्रको अनुसार अभ्युदय र निःश्रेयस्को उपाय वताउने शास्त्र 'आगम' हो –

"आगच्छन्ति बुद्धिमारोहन्ति यस्माद् अभ्युदयनिःश्रेयसोपायाः स आगमः ।"[१५]

यसरी लोककल्याणको लागि नारायणको समर्थन लिई शिवले पार्वतीलाई उपदेश गरेको शास्त्र 'आगम' हो भन्ने सिद्ध हुन्छ ।

आगमलाई पाँचौ वेदको रूपमा लिइएको छ–

"आगमः पञ्चमो वेदो भुक्तिमुक्तिप्रदायकः ।"[१६]

आगमको लक्षण

शास्त्रहरूका अनुसार सृष्टि, प्रलय, देवार्चन, सर्वसाधन, पुरश्चरण, पट्कर्म र ध्यानयोग यी सात लक्षणले युक्त आगम हुन्छ–

---

१२ रुद्रयामल
१३ तन्त्रचिन्तामणि, १।१०३
१४ Sonskrit- Worterbuch (यहाँ आगमः कै अर्थमा आगमम् यस्तो प्रयोग देखिन्छ) ।
१५ तन्त्रचिन्तामणि- भूमिका (सं. प्रा. विद्यानाथ उपाध्याय, म.सं.वि.)
१६ तन्त्रचिन्तामणि १।१०९

"सृष्टिश्च प्रलयश्चैव देवतानां तथार्चनम् ।
साधनञ्चैव सर्वेषां पुरश्चरणमेव च ॥
षट्कर्म्मसाधनं चैव ध्यानयोगश्चतुर्विधः ।
सप्तभिर्लक्षणैर्युक्तं त्वागमं तद्विदुर्बुधाः ॥"[१७]

आगमका भेद

आगमका ३ भेद छन्- तन्त्र, यामल र डामर । सात्त्विकलाई तन्त्र, राजसलाई यामल र तामसलाई डामर भनिन्छ ।

कतिपय विद्वानहरूका अनुसार शिवोक्त शास्त्र ३ भागमा विभक्त छ– आगम, यामल र तन्त्र । वाराहीतन्त्रअनुसार आगम, तन्त्र, यामल, डामर सबै कल्पका भेदहरू हुन्–

"कल्पश्चतुर्विधः प्रोक्त आगमो डामरस्तथा ।
यामलश्च तथा तन्त्रं तेषां भेदाः पृथक् पृथक् ॥"[१८]

ज्ञानको दृष्टिले समग्र आगमलाई तीन समूहमा विभाजन गरेको पाइन्छ– भेदप्रधान, भेदाभेदप्रधान र अभेदप्रधान । यथा–

"तन्त्रं जज्ञे रुद्रशिवभैरवाख्यमिदं त्रिधा ।
वस्तुतो हि त्रिधैवेयं ज्ञानसत्ताविजृम्भते ॥
भेदेन भेदाभेदेन तथैवाभेदभागिना ॥"[१९]

भेदप्रधान शैवागम हो र यसको संख्या १० छ । भेदाभेदप्रधान रौद्रागम १८ छन् । अभेदप्रधान भैरवागम ६४ छन् । आगमका उपभेद असंख्य मानिएका छन्–

"एकैकं पञ्चवक्त्रञ्च वक्त्रं यस्मात् प्रगीयते ।
दशाष्टादशभेदस्य ततो भेदेष्वसंख्यता ॥"[२०]

---

१७ शब्दकल्पद्रुमः वाचस्पत्यम् (तद्विदो विदुः)
१८ तान्त्रिक वाङ्मयमें शाक्तदृष्टि
१९ तन्त्रसर्वस्व पृष्ठ ४१ (चुडानाथ भट्टराय)

तन्त्रचिन्तामणिको अनुसार आगमगन्थको संख्या पन्चाशत् महापद्म छ – "पन्चाशद् वै महापद्मो ह्यागमग्रन्थ ईरितः ।"[२१]

तन्त्रको व्युत्पत्ति र परिभाषा

आगम र तन्त्र पर्यायवाची हुन्[२२]। व्याकरणको दृष्टिबाट तन्त्र शब्दको निष्पत्ति यसरी भएको छ–

क. तनादिगणपठित विस्तारार्थक तनु धातुमा उणादि ष्ट्रन् प्रत्यय लागेर तनोति तन्यते वा इति तन्त्रम् ।

ख. चुरादिणपठित श्रद्धाउपकरणार्थक तनु धातुमा उणादि ष्ट्रन् प्रत्यय लागेर तन्यते तनयति इति वा तन्त्रम् ।

ग. 'तत्रि कुटुम्वधारणे' यो धातुमा घञ् प्रत्यय लागेर पनि तन्त्रशब्द बन्दछ ।

तन्त्रशब्दको प्रयोग सामान्यतया सांख्य, योग, न्याय, धर्मशास्त्र आदिको लागि पनि हुन्छ–

"न्यायतन्त्राण्यनेकानि तैस्तैरुक्तानि वादिभिः ।
यतयो योगतन्त्रेषु यान् स्तुवन्ति द्विजातयः ॥
त्यस्तै– "स्मृतिश्च तन्त्राख्या परमर्षिप्रणीता ।"[२३]

अमरकोषअनुसार तन्त्रको अर्थ सिद्धान्त वा निर्णय हुन्छ–
"तान्त्रिको ज्ञातसिद्धान्तः ।"

अर्थात् निर्णय गर्न जान्नेलाई तान्त्रिक भनिन्छ। कोशहरूमा तन्त्रका सिद्धान्त, कुटुम्वकृत्य, शास्त्र, नियम, व्यवहार, शासन आदि २० भन्दा वढी अर्थ पाइन्छ–

---

२० तान्त्रिक वाङ्मयमें शाक्तदृष्टि, पृष्ठ ५६
२१ तन्त्रचिन्तामणि, १।११६
२२ आगमम्= ein Tantra – Sanskrit- Worterbuch
२३ ब्रत्मसूत्र शाङ्कर भाष्य २।१।१

"सर्व्वानुपायानथ सम्प्रधार्य समुद्धरेत् स्वस्य कुलस्य तन्त्रम् ।"[२४]

"अवैरज्ञमतन्त्रज्ञं बालचेष्टा समन्वितम् ।"[२५]

"श्रुत्वा त्वं प्रतिपद्यस्व प्राज्ञैः सह पुरोहितैः ।
आपर्द्धर्मार्थकुशलैर्लोकतन्त्रमवेक्ष्य च ॥"[२६]

त्यसैगरी अध्याय, प्रकरण अवयव आदि अर्थमा पनि तन्त्रशब्दको प्रयोग पाइन्छ–

'पञ्चतन्त्रम् ।' "तन्त्रैः पञ्चभिरेतच्चकार सुमनोहरं शास्त्रम् ।"[२७]

सौन्दर्यलहरी (आनन्दलहरी) को ३१ औं श्लोक "चतुष्षष्ट्या तन्त्रैः सकलमतिसन्धाय भुवनं" को व्याख्या गर्ने क्रममा भिन्न भिन्न टीकाकारहरूले तन्त्रको अर्थ यसरी गरेका छन्–

लक्ष्मीधरको अनुसार-

"चतुष्षष्ट्या चतुष्षष्टिसंख्याकैः तन्त्रैः सिद्धान्तैः ।"[२८]

गोपालसुन्दरीको मत- "चतुःषष्टिसंख्याकैः तन्त्रैः शास्त्रैः ॥"[२९]

पदार्थचन्द्रिकाले-"चतुष्षष्ट्या तन्त्रैरागमैः ॥"[३०]

डिण्डिमभाष्यमा-"तन्त्रैः शास्त्रैः ।"[३१]

अरुणामोदिनी अनुसार-"चतुष्षष्ट्या तन्त्रैः चतुःषष्टिसंख्याकैरागमैः ।"[३२]

त्यस्तै "प्रधानस्य तन्त्रणाच्च तन्त्रमित्युच्यते बुधैः ।"[३३] यस्तो वचन पनि पाइन्छ । तन्त्रको विधान, शासन वा नियन्त्रण भन्ने अर्थ 'स्वतन्त्र' र

---

२४ महाभारत १३।४८।६,
२५ देवीभागवत २।११।१९
२६ महाभारत १।१०३।२६
२७ पञ्चतन्त्र
२८ सौन्दर्यलहरी पृष्ठ
२९ ऐ. पृष्ठ २७४
३० ऐ. पृष्ठ २७२
३१ ऐ. पृष्ठ २७३
३२ ऐ. पृष्ठ २७१

'परतन्त्र' यी दुई शव्दमा पाइन्छ। तरिका, हत्यौडी, पद्धति वा प्रविधि (Technic) को अर्थमा पनि 'तन्त्र' शव्दको प्रयोग हुनसक्दछ–यन्त्रलाई देवताको स्थूलशरीर र मन्त्रलाई देवताको आत्मा मानिन्छ। मन्त्रप्रयोगद्वारा यन्त्रलाई चैतन्य गर्ने गराउने प्रविधि, प्रक्रिया वा तरिका तन्त्र हो। यस्तै जीवात्मालाई परमात्मासँग जोड्ने प्रक्रिया वा विधि तन्त्र हो। भागवतमा पनि अनुष्ठान-रीतिको अर्थमा तन्त्रशव्दको प्रयोग भएको छ–

"मन्त्रतस्तन्त्रतश्छिद्रं देशकालार्हवस्तुत: ।
सर्वं करोति निश्छिद्रं नामसङ्कीर्तनं तव ॥"[३४]

तन्त्रको व्युत्पत्तिलभ्य अर्थ चाहिँ यस्तो छ–

"तनोति विपुलानर्थान् तन्त्र(तत्त्व)मन्त्रसमन्वितान् ।
त्राणं च कुरुते यस्मात् तन्त्रमित्यभिधीयते ॥"

अर्थात् तन्त्रमन्त्रको विपुल (तत्त्वरूप मन्त्रको व्यापक) अर्थ बुझाउने र भववन्धनवाट त्राण दिलाउने हुनाले तन्त्र भनिएको हो। उपर्युक्त यी सवै अर्थलाई तन्त्रले समेटेको छ, अत: देवता विशेषको साङ्गोपाङ्ग उपासनाविधि वर्णन गर्ने शास्त्रलाई तन्त्रशास्त्र भनिन्छ। तथापि तन्त्रको विशिष्ट वा प्रधान अर्थ चाहिँ शक्ति उपासना फरक शिवोपदिष्ट शास्त्र नै हो भन्ने मान्यता छ।

तन्त्रको लक्षण

सृष्टि, मन्त्रनिर्णय, देवता र तीर्थ, वर्णाश्रमधर्मविचार, पञ्चमहाभूत र यन्त्रनिर्णय, ग्रहनक्षत्र, पौराणिक आख्यान, व्रत, शौचाशौच, नरक, व्यवहार र अध्यात्म आदिको वर्णन गरिएको शास्त्र नै तन्त्र हो भनेर तन्त्रको लक्षण गरिएको छ–

---

३३ विद्यागीता
३४ श्रीमद्भागवत ८।२३।१६ ।

"सर्गश्च प्रतिसर्गश्च मन्त्रनिर्णय एव च ।
देवतानाञ्च संस्थानं तीर्थानाञ्चैव वर्णनम् ॥
तथैवाश्रमधर्मश्च विप्रसंस्थानमेव च ।
संस्थानञ्चैव भूतानां यन्त्राणां चैव निर्णयः ॥
उत्पत्तिर्विबुधानाञ्च तरूणां कल्पसंज्ञितम् ।
संस्थानं ज्योतिषाञ्चैव पुराणाख्यानमेव च ॥
कोषस्य कथनञ्चैव व्रतानां परिभाषणम् ।
शौचाशौचस्य चाख्यानं नरकाणाञ्च वर्णनम् ॥
हरचक्रस्य चाख्यानं स्त्रीपुंसोश्चैव लक्षणम् ।
राजधर्मो दानधर्मो युगधर्मस्तथैव च ॥
व्यवहारः कथ्यते च तथा चाध्यात्मवर्णनम् ।
इत्यादिलक्षणैर्युक्तं तन्त्रमित्यभिधीयते ॥"[३५]

तन्त्रको माहात्म्य

देवताहरूमा विष्णु, सरोवरमा समुद्र, नदीमा गङ्गा, पर्वतमा हिमालय, वृक्षहरूमा पीपल, राजामा इन्द्र, देवीमा दुर्गा र वर्णमा ब्राह्मण श्रेष्ठ भए झैं समस्त शास्त्रमध्ये तन्त्रशास्त्र नै उत्तम हो भनेर तन्त्रको माहात्म्य वर्णन गरिएको छ–

"विष्णुर्वरिष्ठो देवानां ह्रदानामुदधिस्तथा ।
नदीनाञ्च यथा गङ्गा पर्वतानां हिमालयः ॥
अश्वत्थः सर्ववृक्षाणां राज्ञामिन्द्रो यथा वरः ।
देवीनाञ्च यथा दुर्गा वर्णानां ब्राम्हणो यथा ॥
तथा समस्तशास्त्राणां तन्त्रशास्त्रमनुत्तमम् ।
सर्वकामप्रदं पुण्यं तन्त्रं वै वेदसम्मितम् ॥

---

३५ शब्दकल्पद्रुम, वाचस्पत्यम्

कीर्त्तनं देवदेवस्य हरस्यमतमेव च ।
पावनं श्रद्धधानानामिह लोके परत्र च ॥"[३६]

तन्त्रको संख्या

तन्त्रग्रन्थहरू धेरै छन् । ती मध्ये मूलतन्त्रको संख्या ६४ मानिएको छ । ग्रन्थहरूमा मूलतन्त्रका नाममा पनि भिन्नता पाइन्छ । महासिद्धिसारस्वततन्त्रको अनुसार शिवोक्ततन्त्रहरू निम्नवमोजिम छन्–

"सिद्धिश्वरं महातन्त्रं कालीतन्त्रं कुलार्णवम् ।
ज्ञानार्णवं नीलतन्त्रं फेत्कारीतन्त्रमुत्तमम् ॥
देव्यागमं उत्तराख्यं श्रीक्रमं सिद्धियामलम् ।
मत्स्यसूक्तं सिद्धसारं सिद्धिसारस्वतं तथा ॥
वाराहीतन्त्रं देवेशि योगिनीतन्त्रमुत्तमम् ।
गणेशविमर्शिणी तन्त्रं नित्यातन्त्रं शिवागमम् ॥
चामुण्डाख्यं महेशानि मुण्डमालाख्यतन्त्रकम् ।
हंसमाहेश्वरं तन्त्रं निरुत्तरमनुत्तमम् ॥
कुलप्रकाशकं देवि कल्पं गान्धर्वकं शिवे ।
क्रियासारं निबन्धाख्यं स्वतन्त्रं तन्त्रमुत्तमम् ॥
सम्मोहनं तन्त्रराजं ललिताख्यं तथा शिवे ।
राधाख्यं मालिनीतन्त्रं रुद्रयामलमुत्तमम् ॥
बृहत् श्रीक्रमं तन्त्रं गवाक्षं सुकुमुदिनी ।
विशुद्धेश्वरतन्त्रञ्च मालिनीविजयं तथा ॥
समयाचारतन्त्रञ्च भैरवीतन्त्रमुत्तमम् ।
योगिनीहृदयं तन्त्रं भैरवं परमेश्वरि ॥
सनत्कुमारकं तन्त्रं योनितन्त्रं प्रकीर्तितम् ।
तन्त्रान्तरञ्च देवेशि नवरत्नेश्वरं तथा ॥

३६ शब्दकल्पद्रुम

कुलचूडामणितन्त्रं भावचूडामणीयकम् ।
*तन्त्रदेवप्रकाशञ्च कामाख्यानामकं तथा ॥
कामधेनु कुमारी च भूतडामरसंज्ञकम् ।
मालिनीविजयं तन्त्रं यामलं ब्रह्मयामलम् ॥
विश्वसारं महातन्त्रं महाकालं कुलामृतम् ।
कुलोड्डीशं कुब्जिकाख्यं यन्त्रचिन्तामणीयकम् ॥
एतानि तन्त्ररत्नानि सफलानि युगे युगे ।
कालीविलासकादीनि तन्त्राणि परमेश्वरि ॥
कालीकल्पे सुसिद्धानि अश्वक्रान्तासु भूमिषु ।
महाचीनादितन्त्राणि अविकल्पे महेश्वरि ॥
सुसिद्धानि वरारोहे रथक्रान्तासु भूमिषु ॥"[३७]

त्यस्तै महाविश्वसारतन्त्रको यस्तो वचन छ–

"चतुषष्टिश्च तन्त्राणि यामलादीनि पार्वति ।
सफलानीह वाराहे विष्णुक्रान्तासु भूमिषु ॥
कल्पभेदेन तन्त्राणि कथितानि च यानि च ।
पाषण्डमोहनायैव विफलानीह सुन्दरि ॥"[३८]

लक्ष्मीधरले चतुश्शतीअनुसार भनी निम्नवमोजिम ६४ तन्त्रको उल्लेख गरेका छन्–

चतुष्षिटश्च तन्त्राणि मातृणामुत्तमानि च ।
महामायाशम्बरं[१] च योगिनीजालशम्बरम्[२] ॥
तत्त्वशम्बरकं[३] चैव भैरवाष्टकमेव[४-११] च ।
बहुरूपाष्टकं[१२-१९] चैव यमलाष्टकमेव[२०-२७] च ॥

---

* वाचस्पत्यम् मा 'मन्त्रदेवप्रकाशञ्च' यस्तो पाठ छ ।

३७ शब्दकल्पद्रुम
३८ ऐ.ऐ.

चन्द्रज्ञानं[२८] मालिनी[२९] च महासम्मोहनं[३०] तथा ।
वामजुष्टं[३१] महादेवं[३२] वातुल[३३] वातुलोत्तरम्[३४] ॥
हृद्भेदं[३५] तन्त्रभेदं[३६] च गुह्यतन्त्रं[३७] च कामिकम्[३८] ।
कलावादं[३९] कलासारं[४०] तथाऽन्यत् कुण्डिकामतम्[४१] ॥
मतोत्तरं[४२] च वीणाख्यं[४३] त्रोतलं[४४] त्रोतलोत्तरम्[४५] ।
पञ्चामृत[४६] रूपभेदं[४७] भूतोड्डामरमेव[४८] च ॥
कुलसार[४९] कुलोड्डीशं[५०] कुलचूडामणिस्तथा[५१] ।
सर्वज्ञानोत्तरं[५२] चैव महाकालीमतं[५३] तथा ॥
अरुणेशं[५४] मोदिनीशं[५५] विकुण्ठेश्वरमेव[५६] च ।
पूर्वपश्चिमदक्षं[५७-५९] च उत्तरं[६०] च निरुत्तरम्[६१] ॥
विमलं[६२] विमलोत्थं[६३] च देवीमतम्[६४] अतः परम् ॥"[३१]

भैरवाष्टक– सिद्धभैरव,वटुकभैरव, कङ्कालभैरव, कालभैरव, कालाग्निभैरव, योगिनीभैरव, महाभैरव, शक्तिभैरव ।

वहुरूपाष्टक– व्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, माहेन्द्री, चामुण्डा, शिवदूती रूप शक्ति-अष्टक ।

यमलाष्टक– कामसिद्धान्त (अवैदिक)

लक्ष्मीधरका अनुसार उपर्युक्त ६४ तन्त्रहरू ऐहिक सिद्धिपरकमात्र हुनाले वैदिक मार्ग भन्दा भिन्न छन् । उनको मतमा चन्द्रकलाष्टक (श्रीविद्याप्रतिपादक तन्त्र) मिश्रतन्त्र हो र यसमा त्रैवर्णिकलाई दक्षमार्गले एवं शूद्रादिलाई वाममार्गले अधिकार छ । चन्द्रकलाष्टक भन्नाले–चन्द्रकला, ज्योत्स्नावती, कलानिधि, कुलार्णव, कुलेश्वरी, भुवनेश्वरी, वार्हस्पत्यम र दुर्वासमत यी ८ तन्त्रहरू हुन् ।

लक्ष्मीधरका अनुसार विशुद्ध वैदिकतन्त्र 'शुभागमपञ्चक' मात्र हो । शुभागमपञ्चकतन्त्र भन्नाले– वसिष्ठसंहिता, सनकसंहिता, सनन्दनसंहिता,

---

३१. सौन्दर्यलहरी पृष्ठ २६५ (सम्पादक, प्रकाशक ए. कुप्पुस्वामी, मद्रास १९७६)

सनत्कुमारसंहिता र शुकसंहिता यी ५ हुन् । यसैलाई समयाचार भनिन्छ र यसको अनुष्ठान वैदिकमार्गवाट मात्र हुन्छ ।

सौन्दर्यलहरीका टीकाकार आनन्दगिरीको अनुसार ६४ तन्त्रहरू केवल १-१ सिद्धि प्रदान गर्ने हुन्, यी शिवद्वारा प्रणीत होइनन्, शावरागम हुन् ।[४०]

सौन्दर्यलहरी कै अर्को टीका 'डिण्डिमभाष्य' मा ६४ तन्त्रहरूको नाममा केही भिन्नता देखिन्छ– सर्वज्ञानोत्तर, महापिचुमत, महालक्ष्मीमत, सिद्धयोगीश्वरीमत, कुरूपिकामत, सर्ववीरमत, विमलामत, अनुत्तर, ऊर्ध्वाम्नाय, वीरावलीमत, विशुद्धेश्वर यी फरक नाम पाइन्छन् ।

सौन्दर्यलहरीकै आनन्दलहरीटीकामा 'त्रिकुण्डीश्वर' यस्तो उल्लेख छ । त्यस्तै भैरवाष्टकमा पनि सिद्धिभैरव, मायिकभैरव, भैरवनाथतन्त्र यति भिन्न नाम पाइन्छ र माहेन्द्रीको साटो 'इन्द्राणी' को उल्लेख छ । त्यस्तै यमलाष्टक सन्दर्भमा यस्तो वचन छ– "यमला नाम सिद्धाम्बा, तत्प्रतिपादकानि रुद्रयामलादीन्यष्टौ ।"

आनन्दलहरीटीकाका टीकाकारले उपर्युक्त ६४ तन्त्रहरूलाई 'कुलतन्त्र' मानेका छन् र मिश्रतन्त्रमध्ये 'ज्ञानार्णव' र 'दक्षिणामूर्तिसंहिता' यी २ भिन्न तन्त्रको उल्लेख गरेका छन् ।

यसवाहेक आगमतत्त्व विलासोक्त तन्त्रहरू भनेर स्वतन्त्रतन्त्र इत्यादि विभिन्न तन्त्रहरूको उल्लेख पाइन्छ ।[४२]

---

४० ऐ.ऐ., पृष्ठ २७२

४१ ऐ.ऐ., पृष्ठ २७३

४२ शब्दकल्पद्रुम–
"स्वतन्त्रतन्त्रं फेत्कारीतन्त्रमुत्तरतन्त्रकम् । नीलतन्त्रं वीरतन्त्रं कुमारीतन्त्रमुज्ज्वलम् ॥
कालीनारायणीतन्त्रे तारिणीतन्त्रमुत्तमम् । वालातन्त्रञ्च समयातन्त्रं भैरवतन्त्रकम् ॥
भैरवीत्रिपुरातन्त्रे वामकेश्वरतन्त्रकम् । कुक्कुटेश्वरतन्त्रञ्च मातृकातन्त्रमेव च ॥
सनत्कुमारतन्त्रञ्च विशुद्धेश्वरतन्त्रकम् । सम्मोहनाख्यतन्त्रञ्च गौतमीयञ्च तन्त्रकम् ॥
वृहद्गौतमीयतन्त्रं भूतभैरवतन्त्रकम् । चामुण्डापिङ्गलातन्त्रे वाराहीतन्त्रकं तथा ॥

उपतन्त्रहरू

वाराहीतन्त्रले उपतन्त्रहरूको उल्लेख यसरी गरेको छ–

"बौद्धोक्तान्युपतन्त्राणि कापिलोक्तानि यानि च ।
अद्‌भुतानि च एतानि जैमिन्युक्तानि यानि च ॥
वशिष्ठः कपिलश्चैव नारदो गर्ग एव च ।
पुलस्त्यो भार्गवः सिद्धो याज्ञवल्क्यो भृगुस्तथा ॥
शुक्रो बृहस्पतिश्चैव अन्ये ये मुनिसत्तमाः ।
एभिः प्रणीतान्यन्यानि उपतन्त्राणि यानि च ॥

मुण्डमालाख्यतन्त्रञ्च योगिनीतन्त्रमुत्तमम् । मालिनीविजयं तन्त्रं तन्त्रं स्वच्छन्दभैरवम् ॥
महातन्त्रं शक्तितन्त्रं तन्त्रं चिन्तामणिं परम् । उन्मत्तभैरवं तन्त्रं त्रैलोक्यसारतन्त्रकम् ॥
विश्वसाराह्वयं तन्त्रं तथा तन्त्रामृताभिधम् । महाफेत्कारीयतन्त्रं वायवीयञ्च तोडलम् ॥
मालिनीललितातन्त्रे त्रिशक्तितन्त्रकं तथा । राजराजेश्वरीतन्त्रं महामोहस्वरोत्तरम् ॥
गवाक्षतन्त्रं गन्धर्वं तन्त्रं त्रैलोक्यमोहनम् । हंसमाहेश्वरं हंसपरमेश्वरतन्त्रकम् ॥
कामधेन्वाख्यतन्त्रञ्च तन्त्रं वर्णविलासकम् । मायातन्त्रं तन्त्रराजं कुब्जिकातन्त्रमुत्तमम् ॥
विज्ञानलतिकां लिङ्गागमं कालोत्तरं तथा ॥"

त्यस्तै–

"ब्रह्मजामलकञ्चादिजामलं रुद्रजामलम् । बृहज्जामलकं सिद्धजामलं कल्पसूत्रकम् ॥
मत्स्यसूक्तं कल्पसूक्तं कामराजं शिवागमम् । उड्डीशञ्च कुलोड्डीशमुड्डीशं वीरभद्रकम् ॥
भूतडामरकं तद्वत् डामरं यक्षडामरं । कालिकाकुलसर्वस्वं कुलसर्वस्वमेव च ॥
कुलचूडामणिं दिव्यं कुलसारं कुलार्णवम् । कुलामृतकुलावल्यौ तथा कालीकुलार्णवम् ॥
कुलप्रकाशं वाशिष्ठं सिद्धसारस्वतं तथा । योगिनीहृदयं कालीहृदयं मातृकार्णवम् ॥
योगिनीजालकुरकं तथा लक्ष्मीकुलार्णवं । तारार्णवं चन्द्रपीठं मेरुचन्द्रं चतुःशतीम् ॥
तत्त्वबोधं महोग्रञ्च स्वच्छन्दसारसंग्रहम् । ताराप्रदीपं सङ्केतचन्द्रोदयमतिस्फुटम् ॥
षट्त्रिंशत्तत्त्वकं लक्ष्यनिर्णयं त्रिपुरार्णवम् । विष्णुधर्मोत्तरं मन्त्रदर्पणं वैष्णवामृतम् ॥
मानसोल्लासकं पूजाप्रदीपं भक्तिमञ्जरीम् । भुवनेश्वरीं पारिजातप्रयोगसारमुत्तमम्
कामरत्नं क्रियासारं तथैवागमदीपिकाम् । भावचूडामणिग्रन्थं तन्त्रचूडामणिं परम् ॥
बृहच्छ्रीक्रमसंज्ञञ्च तथा श्रीक्रमसंज्ञकम् । सिद्धान्तशेखरं ग्रन्थं तां गणेशविमर्शिनीम् ॥
मन्त्रमुक्तावलीं तत्त्वकौमुदीं तन्त्रकौमुदीम् । मन्त्रतन्त्रप्रकाशाख्यं श्रीरामार्चनचन्द्रिकाम् ॥
शारदातिलकं ज्ञानार्णवं सारसमुच्चयम् । कल्पद्रुमं ज्ञानमालां पुरश्चरणचन्द्रिकाम् ॥
आगमोत्तरकं तत्त्वसागरं सारसंग्रहम् । देवप्रकाशिनीं तन्त्रार्णवञ्च क्रमदीपिकाम् ॥
ताराहस्य श्यामाया रहस्यं तन्त्ररत्नकम् । तन्त्रप्रदीपं ताराया विलासं विश्वमातृकाम् ॥
प्रपञ्चसारं तं तन्त्रसारं रत्नावलीं तथा ॥"

नं संख्यातानि तान्यत्र धर्मविद्भिर्महात्मभिः ।
सारात्सारतराण्येव संख्यातानि निवोधत ॥"[४३]

उपर्युक्त तन्त्रहरू वाहेक प्रसिद्ध तन्त्रहरू– मेरुतन्त्र, शक्तिसंगमतन्त्र वडवानलतन्त्र, वृहद्वडवानलतन्त्र एवं महनिर्वाणतन्त्र आदि उल्लेखनीय छन् ।

शावरतन्त्र

तन्त्रको उपशाखारूप अर्को भेद छ जसलाई शावरतन्त्र भन्दछन् । यो शावरतन्त्रको पनि देशशावर, कालशावर, सिद्धशावर आदि अनेक भेद हुन्छन् । झाँक्री, डाइने, वोक्सी आदिद्वारा प्रयुक्त हुने क्षुद्र शावरतन्त्रमा वीजमन्त्र हुँदैन । 'अमुककी वाचा', 'अमुककी दुहाई' आदि असंस्कृत हिन्दी, अपभ्रंस भाषा प्रयुक्त हुने सवै शावर मन्त्र वा तन्त्र हुन् । त्यस्तै चेटक, चेटिका, अप्सरा, यक्षिणी आदिका साधनमा वीज प्रयोग हुने विद्याहरू र हस्तक्रियासहितका इन्द्रजालादि विद्यालाई चेटकशावरतन्त्र भन्दछन् । यसैवाट 'चटक' भनिएको हो । यी विद्याहरू क्षुद्रसिद्धिपरक र मुक्तिमार्गका वाधक हुनाले मुमुक्षुहरूका सनातनीकुलवाट वहिस्कृत भई नैर्ऋत्याम्नायमा रहन्छन् ।[४४]

आगम वा तन्त्रको उत्पत्ति

जसरी वेदलाई सनातन, अनादि मानिन्छ, त्यसैगरी आगम वा तन्त्रलाई पनि सनातन, अनादि मानिएको छ । वेदका कर्ता ब्रह्माजी हुनुहुन्छ, वहाँको चार मुखवाट चार वेद निस्किए । तन्त्र वा आगमका कर्ता चाहिं शिवजी हुनुहुन्छ–

"तस्मादागमकर्ताऽहं वेदकर्ता पितामहः ।"[४५]

---

४३ शब्दकल्पद्रुम

४४ मन्त्रविद्यारहस्य (प्रस्तावना)

४५ तन्त्रचिन्तामणि १।११५

भैरवागमले पनि तन्त्रलाई शिवोत्पन्न मान्दछ–

"परमेशमुखोद्गीर्णमुत्तमं परमं मतम् ।"

शास्त्रहरूले सबै कारणका पनि मूलकारण भएका, निराकार, शान्त शिवबाट अत्यन्तदुर्लभ शास्त्रहरूको उत्पत्ति भएको हो भनेका छन्–

"अदृष्टविग्रहाच्छान्ताच्छिवात्परमकारणात् ।
ध्वनिरूपं विनिष्क्रान्तं शास्त्रं परमदुर्लभम् ॥"[४६]

सम्पूर्ण ज्ञानको स्रोत भएका देवाधिदेव महादेव (सदाशिव) ले आफैलाई गुरु-शिष्यको भावमा राखेर प्रश्नोत्तररूपमा तन्त्रशास्त्रको अवतरण गराउनु भएको हो भन्ने महास्वच्छन्दतन्त्रको वचन छ–

"गुरुः शिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः ।
प्रश्नोत्तरपरैर्वाक्यैस्तन्त्रं समवतारयत् ॥"[४७]

सिद्धडामरतन्त्रको[४८] अनुसार कहिले शिव वक्ता पार्वती श्रोता, कहिले पार्वती वक्ता शिव श्रोता भई तन्त्रमन्त्रादिका गूढ रहस्यहरू भूतलमा अवतरित भएका हुन् । तन्त्रान्तरमा शिवका मुखबाट सात करोड महामन्त्रहरू विनिर्गत भए भनिएको छ–

"सप्तकोटिमहामन्त्राः शिववक्त्राद्विनिर्गताः ।"

योगी अमृतानन्दका अनुसार विश्वगुरु परमेश्वरको विमर्शरूपिणी शक्ति नै नाना भावमा स्फुरित हुन्छिन्–

"विमर्शरूपिणी शक्तिरस्य विश्वगुरोः सदा ।
परिस्फुरति सैकापि नाना नामार्थरूपिणी ॥"

---

४६ तन्त्रचिन्तामणि (भूमिका)
४७ योगिनीहृदय पृष्ठ २
४८ सिद्धडामरतन्त्रस्य (प्रस्तावना)

उनी पुनः भन्दछन्– 'प्रकाशात्मकः परमशिवोऽहमेव विश्वानुग्रहपरः परापश्यन्तीमध्यमावैखरीक्रमेण व्याप्य विमर्शांशेन प्रष्टा भूत्वा सदा प्रकाशांशेन प्रतिवचनदातापि सन् तन्त्रं समवतारयामि ॥'

श्रुतिले पनि सवै विद्याहरूको उत्पत्ति शिववाटै भएको हो भन्दछ– 'ईशानः सर्वविद्यानाम्'। सायणाचार्यले समस्त विद्याहरूको स्रोतको रूपको महेश्वरको स्तुति गरेका छन् –

"यस्य निःश्वसितं वेदा यो वेदेभ्योऽखिलं जगत् ।
निर्ममे तमहं वन्दे विद्यातीर्थं महेश्वरम् ॥"

आगमको उत्पत्तिको सम्वन्धमा गोपीनाथ कविराजले यस्तो विचार प्रकट गर्नुभएको छ –

अद्वैतमतानुसार परावाक् नै सर्वमूल हो। अहंज्ञानको उदय पश्यन्तीमा हुन्छ। मध्यमा भूमिमा परमेश्वरले आफ्नो स्वरूपलाई दुई अंशमा विभक्त गरेर सदाशिव र ईश्वरनामवाट गुरुशिष्य भावग्रहण गर्नुहुन्छ। सदाशिवले आफ्नो पञ्चमुखवाट आफ्नो पंचशक्ति चित्त, आनन्द, इच्छा, ज्ञान र क्रियालाई प्रकट गर्नुहुन्छ। यी पाँच मुखवाट पंचस्रोतोमय अभेद, भेद, भेदाभेद अवस्था प्रकट हुन्छ र वैखरीमा आएर ती ती प्रभेदले युक्त भएका निखिलशास्त्र अवतरित हुन्छन् ।

उपर्युक्त शिवका पञ्चमुख ईशान, तत्पुरुप, सद्योजात, वामदेव र अघोर हुन्। महेश्वरको भेद प्रधान अवस्था १० छ यसैवाट १० शैवागम उत्पन्न हुन्छन्। परमेश्वरका १८ भेदाभेदप्रधान अवस्था छ र यसवाट १८ रौद्रागमको आविर्भाव हुन्छ। त्यस्तै अभेदप्रधान ६४ अवस्थावाट ६४ भैरवागम आविर्भूत हुन्छन्। यी आगमहरूका नाम यसप्रकार छन्[४१]–

---

४१ तान्त्रिकवाङ्मयमे शाक्तदृष्टि पृष्ठ ५३

१० शैवागम–

कामिक, योगज, चिन्त्य, मुकुट, अंशुमत्, दीप्त, अजित, सूक्ष्म, सहस्र, सुप्रभेद ।

१८ रौद्रागम–

विजय, निःश्वास, मद्गीत, पारमेश्वर, मुखविम्व, सिद्ध, सन्तान, नारसिंह, चन्द्रांशु, वीरभद्र, आग्नेय, स्वयम्भू, विसर, रौरव, विमल, किरण, ललित, सौमेय ।

६४ भैरवागम अन्तर्गत आठ अष्टकहरू छन्–

भैरवाष्टक – स्वच्छन्द, भैरव, चण्ड, क्रोध, उन्मत्त, असिताङ्ग, महोच्छुष्म, कंकालीश ।

यामलाष्टक – व्रह्मा, विष्णु, रुद्र, आथर्वण, रुरु, वेताल, स्वच्छन्द, अष्टम अज्ञात ।

मताख्याष्टक – रक्ताख्य, लम्पटाख्य, लक्ष्मीमत, चालिका, पिंगल, उत्फुल्लक, विश्वाद्य, अष्टम अज्ञात ।

मंगलाष्टक – भैरवी, पिचुतन्त्र, समुद्भव (२ प्रकार), व्राह्मीकला, विजया, चन्द्राख्या, मंगला, सर्वमंगला ।

चक्राष्टक – मन्त्रचक्र, वर्णचक्र, शक्तिचक्र, कलाचक्र, विन्दुचक्र, नादचक्र, गुह्यचक्र, पूर्णचक्र ।

शिखाष्टक – भैरवी, वीणा, वीणामणि, सम्मोह, डामर, आथर्वण, कवन्ध, शिरश्च्छेद ।

वहुरूपाष्टक – अन्धक, रुरुभेद, अजाख्य, मलसंज्ञक, वर्णकण्ठ, विडङ्ग, ज्वालिन्, मातृरोदन ।

वागीशाष्टक – भैरवी, चित्रिका, हंसाख्य, कादम्विका, हृल्लेखा, चन्द्रलेखा, विद्युल्लेखा, विद्युन्मान् ।

तन्त्रको समय

तन्त्रको अविर्भावकाल र वेदसित तन्त्रको सम्वन्धवारे मतभेद पाइन्छ ।

वेद अनादि हो, अपौरुषेय हो र महाप्रलयपछि व्युंभनु हुने व्रह्माजीको निःश्वासवाटै वेदको पुनः आविर्भाव हुन्छ– "ब्रह्मणो निश्वसितम् वेदाः ।" त्यस्तै– "अस्य महतो भूतस्य निःश्वसितमेतद् यद् ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः" ।

त्यसैगरी परमात्माले कल्पान्तपछिको सृष्टिमा सबै कुरा यथावत् सृष्टि गर्नुहुन्छ भन्ने शास्त्रवचन पाइन्छ– "धाता यथापूर्वमकल्पयत् ।" यस अनुसार वेदसँगै तन्त्रको वा आगमको पनि अनादित्व वा सह-उत्पत्ति भएको स्वीकार गर्नुपर्दछ ।

पहिले व्रह्माजीका पाँच मुख थिए । शिवद्वारा व्रह्माको पञ्चममुख काटिएपछि त्यहाँ रहेको तन्त्रशास्त्र शिवजीले ग्रहण गर्नुभयो र लोकलाई उपदेश गर्नुभयो भन्ने वचनले पनि तन्त्र र वेद सँगै जन्मेका हुन् भन्न सकिन्छ–"तन्मुखात् पंचमो वेदो मम देहे लयं गतः ।"[५०]

वृहद्धर्मपुराणमा पार्वतीको वचनले त वेदभन्दा तन्त्र जेठो हो भन्नुपर्दछ-

"आगमस्य भवान् कर्ता वेदकर्ता स्वयं हरिः ।
आदावागमकर्तृत्वे भवान् वै विनियोजितः ॥
पश्चाद् वै वेदकर्तृत्वे हरिः सम्यङ् नियोजितः ॥"[५१]

ऋग्वेदमा तान्त्रिक उपासनापरक मन्त्रहरू पाइने हुनाले वेद र तन्त्र समकालीन सिद्ध हुन्छन् ।

---

५० तन्त्रचिन्तामणि १।११५
५१ शुभाशंसा, निगमागम वैज्ञानिकसार

यजुर्वेदमा वीजाक्षर मन्त्रहरूको उपासना देखिएकोले तन्त्रको उत्पत्ति यजुर्वेदसँगै भएको हो भन्ने मत पनि पाइन्छ –"उपरिप्रुताभङ्गेन हतोऽसौफट् ।"[५२]

त्यस्तै अथर्ववेदमा शक्तिउपासनापरक मन्त्रहरू र आभिचारिक प्रयोगको वाहुल्यले गर्दा तन्त्रको उत्पत्ति अथर्ववेदवाट भएको हो भन्ने मत पनि पाइन्छ ।

बौद्ध गाथाहरूमा तन्त्रको चर्चा भएको र वुद्धका चेला 'आनन्द' लाई चाण्डालिकाकी आमाले मन्त्रप्रयोगद्वारा आकृष्ट गरेको कथावाट वुद्धको समयमा पनि तन्त्रको प्रचार र प्रयोग हुने सिद्ध हुन्छ। अर्थात् तन्त्रको उपासना गर्ने परम्परा वुद्धको समय अगावै थियो भन्ने निश्चित हुन्छ । त्यस्तै विष्णुगुप्त चाणक्यले अभिचारप्रयोगवाटै नन्दवंशको मूलोच्छेद गरेका थिए ।

ऋग्वेदका मन्त्रद्रष्टा वसिष्ठले ताराको उपासना गरेवाट, श्रीविद्याका उपासकहरूमा इन्द्र, कामदेव, वरुण आदिको उल्लेख भएवाट एवं व्रह्मगायत्रीमन्त्रद्रष्टा ऋषि विश्वामित्रले तन्त्रशक्तिवाट नयाँ सृष्टि गरेको प्रसङ्गवाट तन्त्रको प्राचीनता सिद्ध हुन्छ ।

तन्त्रको वेदसँग अविरोधिता

वेद र तन्त्रमा विरोध छैन । वेदमाता सावित्री हुन् र सावित्रीको मूल प्रणव हो। तन्त्रमा प्रणवको अतिशय महत्त्व छ, अतः आगम वेदाङ्ग हो–

"न वेदः प्रणवं त्यक्त्वा मन्त्रो वेदसमन्वितः ।
तस्माद् वेदपरो मन्त्रो वेदाङ्गश्चागमः स्मृतः ॥"[५३]

---

५२ यजुर्वेद ७३
५३ मेरुतन्त्र-१।८५

वैदिक सन्ध्यापछि मात्र तान्त्रिक सन्ध्या गर्नू भन्ने तन्त्रको आदेशले तन्त्र वेदको अनुकूल छ। सनातन धर्मावलम्बीहरूमा द्विजाति मात्रले सावित्री ग्रहण गरेपछि दीक्षा लिने परम्परा छ अतः तन्त्र वेदविरोधी होइन। तन्त्रले 'गुरु' को लक्षणगर्दा– 'वेदवेदाङ्गवित्', 'ब्रह्मनिष्ठ श्रोत्रिय' र 'ब्राह्मण' भनेकोले तन्त्र वेदानुकूल छ। 'ब्राह्मणादि वर्णभेदले आचारभेद, द्रव्यभेद तन्त्रले वताएकोले तन्त्र वेदानुकूल छ। 'तन्त्र' र 'वेद' दुवैको उपास्य ब्रह्म हो। त्यसैले तन्त्रले 'वेदवेदान्तवेद्या' 'त्वमेका परब्रह्मरूपेण सिद्धा' भनेर उपास्यलाई भन्दछ। त्यस्तै "त्वमेका परब्रह्मरूपेण सिद्धा।" मनुस्मृतिले वेद र तन्त्र दुवैलाई श्रुति मानेको छ – "अथातो धर्मं व्याख्यास्यामः। श्रुतिप्रमाणको धर्मः, श्रुतिश्च द्विविधा– वैदिकी तान्त्रिकी च।"[५४] कुलार्णवतन्त्रले 'कौलागम' समेतलाई वेदात्मक मानेको छ–

"तस्माद् वेदात्मकं शास्त्रं विद्धि कौलागमं प्रिये।

पुराणहरूले 'वेदपुरुष नारायणको अर्चना वेद वा तन्त्र जुनले गरेपनि हुने वताएका छन्–

"वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः।
त्रयाणामीप्सितेनैव विधिना मां समर्चयेत्॥"[५५]
"वैदिकस्तान्त्रिको मिश्रः श्रीविष्णोस्त्रिविधो मखः।
त्रयाणामाप्सितेनैव विधिना हरिमर्चयेत्॥"[५६]

त्यसै गरी–

"एवं क्रियायोगपथैः पुमान् वैदिकतान्त्रिकैः।
अर्चन्नुभयतः सिद्धिं मत्तो विन्दत्यभीप्सिताम्॥"[५७]

---

५४ मनुस्मृति २।१ को टीकामा कुल्लुक भट्ट
५५ श्रीमद्भागवत- ११।२७।७
५६ पद्मपुराण

त्यस्तै– "वैदिकी तान्त्रिकी दीक्षा मदीयव्रतधारणम् ।"

तन्त्रले शालग्रामार्चनको महिमा गाएको छ–
"जप एव कलौ श्रेयाञ्छालग्रामार्चनं तथा ।
शालग्रामे तथा यन्त्रे सहसैव प्रसीदति ॥"[५८]
"शालग्रामो यदा प्राप्तस्तदा यन्त्रं न पूजयेत् ।"[५९]

त्यस्तै द्विजहरूले कहिले पनि वेदमार्गको त्याग नगर्नू भन्ने तन्त्रवचन छ–
"कदाचिदपि न त्याज्यो वेदमार्गो द्विजैः सदा ।
वेदच्युतानां विप्रत्वं देवत्वं चापि दुर्लभम् ॥"[६०]

तन्त्रले पञ्चदेवको निन्दा हुने ठाउँमा नवस्नू भनेको छ–
"विष्णोः शिवस्य शास्त्रस्य वेदस्यार्कगणेशयोः ।
भवान्या वा यत्र निन्दा तस्मिन्स्थाने वसेन्न च ॥"[६१]

तान्त्रिक उपासनामा वैदिकमन्त्रहरूको प्रयोग र "ओम् तत्सत्" 'सर्वं खल्विदं ब्रह्म' इत्यादि महावाक्यहरूको प्रयोग हुन्छ । 'देवो भूत्वा यजेद्देवं नादेवो देवमर्चयेत्' इत्यादि वैदिकशास्त्रको विधिलाई तन्त्रले स्वीकार गरी मुद्रा न्यासको प्रयोग गर्दछ । "वेदेभ्यः सारमृध्दृत्य यत्कृतं शङ्करेण वै" इत्यादि तन्त्रवचनले तन्त्रलाई वेदको सार मानेको छ ।[६२] तान्त्रिक उपासनामा श्रीसूक्त, ऋग्वेदोक्त देवीसूक्त, रात्रिसूक्त, देव्यथर्वशीर्ष आदिको पाठ हुन्छ । तन्त्रका मूल वीजाक्षरहरू माया वीज, श्रीवीज, वाग्वीज आदि वैदिक वीजाक्षर नै हुन्–"श्रीश्च ते लक्ष्मीश्च पत्न्यौ", "ह्रीश्च ते

---

५७ श्रीमद्भागवत-११।८७।४९
५८ तन्त्रचिन्तामणि १७।८५७
५९ ऐ. ऐ. १७।१४४
६० ऐ.ऐ., २०।२३९
६१ ऐ.ऐ., १२।६३
६२ ऐ.ऐ., १।१०२

लक्ष्मीश्च", "ऐँ अम्बितमे"। कौलमार्गमा शिव र शिवाको यर्जुवेदका मन्त्रहरूद्वारा सुधा-अभिषेक गरिन्छ जसलाई कौलरुद्री भन्दछन्। तन्त्र साधनाको उच्च तहमा पुगेर्पाछ गायत्रीको सम्यगाप्ताक्रम र चतुष्पदा गायत्रीको ग्रहण हुन्छ, साथै अजपा गायत्रीको ग्रहण हुन्छ।

तन्त्रसाधनाको पराकाष्ठामा अलेखिनी मन्त्र ग्रहण गरिन्छ। जुन 'सविता' सँग सम्वन्धित छ भन्ने अनुमान गरिएको छ। साथै वैदिक अघोर आदि मन्त्रको के महत्त्व छ भन्ने कुरा उच्च तहका साधकले अनुभूत गर्ने कुरा हो। वेदका कण्डिका र ऋचारूप मन्त्र, व्रह्मगायत्री वाहेक अरु सवै मन्त्रहरू तन्त्रकै हुन्। अतः वेद र तन्त्र परस्पर विरोधी होइनन्। उपर्युक्त कारणहरूले गर्दा नै भास्कररायले तन्त्रलाई स्मृति अर्थात् धर्मशास्त्र मान्नु भएको छ– "परमार्थस्तु तन्त्राणां स्मृतित्त्वाविशेषेऽपि मन्वादिस्मृतीनां कर्मकाण्डशेषत्वं तन्त्राणां व्रह्मकाण्डशेषत्वमिति सिद्धान्तात्।"

तन्त्रको महत्त्व

वेदोक्त मार्ग वर्णाश्रमव्यवस्थापरक छ। यसमा यज्ञयागादि र कर्मकाण्डका जटिल पक्षहरू छन्। कर्तव्याकर्त्तव्य, विधिनिषेधको कट्टरता र स्पर्शास्पर्शको विचार छ। वैदिक मार्गमा पतित हुने, जातिच्युत हुने सम्भावना रहन्छ। युगधर्मको प्रभावले सवै द्विजातिहरूले वेदोक्त नियमको यथार्थ पालन गर्न सक्दैनन्, सकिरहेका छैनन् र आचरणहीन भ्रष्टलाई वेदले पवित्र वनाउन सक्दैन– "आचारहीनं न पुनन्ति वेदाः।"

त्यस्तै स्त्रीशूद्रादिलाई वेदमा अधिकार छैन–
"स्त्रीशूद्रद्विजवन्धूनां त्रयी न श्रुतिगोचरा।"[६३]

---

६३ मनुस्मृति

वैदिकमन्त्रमा उदात्त अनुदात्त स्वरित आदि स्वरको अत्यन्त महत्त्व छ। स्वरले वा वर्णले हीन मन्त्रप्रयोगले अभीष्ट फल प्रदान नगर्ने मात्र होइन विपरीत फल पनि प्रदान गर्दछ –

"मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह ।

स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् ।"[६४]

अतः वेदमा अधिकार नभएका, वेदोक्त नियमको सम्यक् पालना गर्न असमर्थ भएका, वेदभ्रष्टहरूको लागि तन्त्रले ढोका खुला राखेको छ। वेद जत्तिको पवित्र र अमोघ शास्त्र कुनै छैन, सम्पूर्ण द्विजातिले वेदोक्त मार्गमा चल्नुपर्दछ, यसैमा उनीहरूको कल्याण छ। तर असमर्थ अधिकारहीन हरूका साथै वैदिक ब्राह्मण एवं सन्यासीहरू समेत सबै मुमुक्षुहरूका लागि तन्त्रले उपयुक्त मार्ग प्रदान गरेको छ, यो नै यसको महत्त्वपूर्ण पक्ष हो। तन्त्रले स्त्रीलाई, शूद्रलाई मात्र नभई चाण्डाल एवं पतितहरूका लागि पनि यथायोग्य स्थान निर्धारण गरेको छ र साधनाद्वारा आत्मोन्नति गर्दै वेदोक्त फलको प्राप्ति अर्थात् धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थको यसै जन्ममा प्राप्ति हुने अवसर प्रदान गरेको छ। तन्त्रमा जातपात, छुवाछूत इत्यादिको कट्टरता छैन। तन्त्रको अर्को महत्त्वपूर्ण पक्ष विभिन्न वर्ण, जात, जाति, समुदायको समन्वय हो। ठूला ठूला पीठ र मन्दिरहरूमा हीनवर्ण र अस्पृश्य जातिको अधिकार कायम गरी उनीहरूका हातबाट पूजा र प्रसाद ग्रहण गर्नुपर्ने व्यवस्था गरेर सामाजिक सद्भाव एवं पारमार्थिक अद्वैतको आधारशिला तन्त्रले खडा गरेको छ। भक्तिभावले युक्त छ भने चाण्डालले पनि ब्राह्मणभन्दा महत्त्व पाउँछ तन्त्रमार्गमा-

"अयोग्यानाञ्च विप्राणां न देयं कुलदीक्षणम् ।

श्रीपदाम्भोजसुरतान् चाण्डालानपि दीक्षयेत् ॥"

स्त्रीमात्रलाई तन्त्रले समादर गरेको छ –

---

६४ निरुक्त

"स्त्रियं शतापराधां वा पुष्पेणापि न ताडयेत् ।
दोषान्न गणयेत् स्त्रीणां गुणानेव प्रकाशयेत् ॥"

त्यस्तै –
"बालां वा यौवनोन्मत्तां वृद्धां वा सुन्दरीं तथा ।
कुत्सितां वा महादुष्टां नमस्कृत्य विभावयेत् ॥"[६५]

तन्त्रले वर्णअनुसार, आश्रमअनुसार, रुचिअनुसार, शक्तिअनुसार, जातिअनुसार, देश, काल, परिवेश अनुसार एवं उद्देश्यअनुसार सबैलाई अवसर दिएको छ, मार्ग प्रशस्त गरेको छ, त्यसैले तन्त्रले उद्‌घोष गर्छ–
"वेदाधिकतया देवि आगमः परिकीर्तितः ।"

कलिमा केवल आगमोक्तमार्ग श्रेयस्कर छ भन्ने रुद्रयामलको वचन छ–
"कृते श्रुत्युक्तमार्गः स्यात् त्रेतायां स्मृतिभाषितः ।
द्वापरे वै पुराणोक्तः कलावागमसम्भवः ॥"

वेद त्रैवर्णिक मात्रको लागि साधारणरूपले वताइएको हो, तन्त्र चाहिँ विशिष्ट योग्यता भएका मुमुक्षुहरूका लागि हो–
"इयं तु शाम्भवी विद्या गुप्ता कुलवधूरिव ॥"

त्यस्तै आगम वचन पाइन्छ–
"आगमोक्तविधानेन कलौ देवान् यजेत् सुधीः ।
न हि देवाः प्रसीदन्ति कलौ चान्यविधानतः ॥
पञ्चवर्णैर्भवेद्दीक्षा त्वागमोक्तैः श्रृणु प्रिये ।
यां कृत्वा कलिकाले च सर्वाभीष्टं लभेन्नरः ॥"

तन्त्रको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको भोग र मोक्ष दुवै प्रदान गर्नु हो– "भोगश्च मोक्षश्च करस्थ एव ।"

---

६५ तर्न्त्राचिन्तार्मण, १८।१२९

शीघ्र हृदयग्रन्थि भेदन गर्न चाहनेले तन्त्रोक्तमार्गबाट उपासना गरोस् भनेर श्रीमद्भागवतले तन्त्रको महत्त्व बताएको छ–

"य आशु हृदयग्रन्थिं निर्जिहीर्षुः परात्मनः ।
विधिनोपचरेद् देवं तन्त्रोक्तेन च केशवम् ॥"[६६]

यहाँ 'केशव' उपलक्षण हो ।

तन्त्रको वर्गीकरण

तन्त्रलाई मूलतः वैदिकतन्त्र र अवैदिकतन्त्र गरी दुई समूहमा राख्न सकिन्छ । अवैदिकतन्त्रमा बौद्ध र जैन आदि तन्त्रहरू पर्दछन् । वैदिक आधारशिलामा खडा भएका तन्त्रहरूलाई दृष्टिगत गर्दा प्रत्येक देवताका आ-आफ्ना अलग अलग तन्त्रहरू देखिए तापनि तन्त्रशास्त्रलाई पाञ्चायन देवतापरक मानेर मूलतः पाँच समूहमा विभाजन गर्न सकिन्छ– गाणपततन्त्र, सौरतन्त्र, वैष्णवतन्त्र, शैवतन्त्र र शाक्ततन्त्र ।

यी पाँच मध्ये पनि विष्णु, शिव र शक्ति उपासनापरक तन्त्रहरू नै लोकमा वढी प्रचलित छन् । यी तीनमा पनि विशेष गरेर शैवतन्त्र र शाक्ततन्त्रकै प्रधानता देखिन्छ । तन्त्रको मूल उद्देश्य शक्ति-साधना भएकोले तन्त्र भन्ने वित्तिकै सर्वसाधारणलाई शाक्ततन्त्रकै वोध हुन्छ र यसकै सर्वत्र प्रचार छ । शाक्ततन्त्रलाई आचारभेद वा मार्गभेदले मूलतः वामतन्त्र र दक्षतन्त्र गरी दुई वर्गमा राख्न सकिन्छ । मिश्राचार समेतलाई ग्रहण गर्दा तन्त्रका तीन भेद हुन आउँछन्– वाम, दक्ष र मिश्रतन्त्र । त्यसै गरी वामाचारपरक, दक्षाचारपरक र कौलाचारपरक मान्दा तन्त्र पुनः तीन किसिमको हुनजान्छ ।

उपासनाको दृष्टिले तन्त्रशास्त्रलाई सात्त्विक, राजस र तामस गरी तीन समूहमा राख्न सकिन्छ । त्यस्तै प्रयोग र उद्देश्यका दृष्टिले तन्त्रको दुई

---

६६ श्रीमद्भागवत- ११।३।४७

भेद देखिन्छ –शुद्धतन्त्र र क्षुद्रतन्त्र अथवा मूलतन्त्र र शावरतन्त्र। प्राचीनकालमा जम्बुद्वीपलाई तीन खण्डमा विभाजन गरी भिन्न भिन्न तन्त्रहरूको आधारमा उपासना हुने देखिएकोले तन्त्रशास्त्रलाई अश्वक्रान्ता, रथक्रान्ता र विष्णुक्रान्ता गरी तीन समूहमा राख्न सकिन्छ।

यामल

सृष्टि आदि अष्टलक्षणले युक्त तन्त्रशास्त्रको भेद नै यामल हो–
"सृष्टिश्च ज्योतिषाख्यानं नित्यकृत्यप्रदीपनम्।
क्रमसूत्रं वर्णभेदो जातिभेदस्तथैव च।
युगधर्मश्च संख्यातो यामलस्याष्टलक्षणम्॥"

वाराहीतन्त्रअनुसार यामल छ वटा छन्– आदियामल, ब्रह्मयामल, विष्णुयामल, रुद्रयामल, गणेशयामल र आदित्ययामल–
"यामलाः षट्समाख्यातास्तत्रादावादियामले।"[६७]

तन्त्रचिन्तामणिले यामलको संख्या आठ मानेको छ–
"ब्रह्मविष्णू रुद्रसिद्धौ देव्युमाचन्द्रशक्तयः।
एतेषामन्ततो ज्ञेयं यामलं चाष्टसंख्यकम्॥"[६८]

यी वाहेक जयद्रथ, स्कन्द, यम, कुवेर, इन्द्र, वेताल, रुरु र स्वच्छन्द यामलको उल्लेख पाइन्छ।[६९] त्यस्तै कृष्णयामलको पनि उल्लेख पाइन्छ। रुद्रयामल मूल ६४ तन्त्रभित्रै को हो भन्ने पाइन्छ।

डामर

शिवप्रोक्त तन्त्रशास्त्रविशेष डामर हो। वाराहीतन्त्रले डामरको संख्या पनि छ नै मानेको छ–

---

६७ वाचस्पत्यम्।
६८ तन्त्रचिन्तामणि, १।८५
६९ Hindu Tantric & Shakta Literature in Sanskrti, Page 41 (Teun Goudrian & Sangukta Gupta,/A History of Indian Literature, Jan Gonda)

"डामरः षड्विधो ज्ञेयः प्रथमो योगडामरः ।"

उक्त डामरहरूको नाम यसप्रकार छ– योगडामर, शिवडामर, दुर्गाडामर, सारस्वतडामर, ब्रह्मडामर, गन्धर्वडामर ।

तन्त्रमा अधिकारिता

वेदोक्त नियमको यथोक्त आचरण गर्न सक्नेका लागि तन्त्र निष्प्रयोजन छ, यो श्रुतिपथ भ्रष्टहरूका लागि हो भन्ने सूतसंहिताको वचन छ–

"श्रुतिपथगलितानां मानुषाणां तु तन्त्रम् ।
गुरुगुरुरखिलेशः सर्ववित् प्राह शम्भुः ॥
श्रुतिपथनिरतानां नैव तन्त्रेऽस्ति किञ्चित् ।
हितकरमिह सर्वं पुष्कलं सत्ययुक्तम् ॥"

साम्वपुराणले स्मृतिले वताएको प्रायश्चितवाट पराङ्मुख भएको वेदभ्रष्ट व्राह्मणले क्रमपूर्वक श्रौताधिकार प्राप्त गर्नको लागि तन्त्रको आश्रय लिओस् भन्दछ–

"श्रुतिभ्रष्टः स्मृतिप्रोक्तप्रायश्चितपराङमुखः ।
क्रमेणश्रौतसिद्धयर्थं व्राह्मणस्तन्त्रमाचरेत ।"[७०]

त्यस्तै–

"पाञ्चरात्रं भागवतं तन्त्रं वैखानसाभिधम् ।
वेदभ्रष्टान् समुद्दिश्य कमलापतिरुक्तवान् ॥"

अर्थात् पाञ्चरात्र, भागवतमत, वैखानसतन्त्र आदि वैष्णवतन्त्र समेत वेदभ्रष्टहरूका लागि विष्णुले वताउनु भएको हो ।

---

७० वाचस्पत्यम्

कलिमा रागादिवाहुल्यले श्रौतधर्म असम्भवप्रायः भएकोले वेदपातितहरूका लागि तन्त्रमा अधिकारिता छ भनेर कूर्मपुराणले वताएको छ ।

चतुषष्टितन्त्र लगायत पाञ्चरात्र, पाशुपतमत आदि पनि शिव र विष्णुले लोकलाई मोहित पार्न रचना गर्नु भएको हो भन्ने पनि वचन पाइन्छ–

"चकार मोहशास्त्राणि केशवः सशिवस्तथा ।
कापिलं नाकुलं वामं भैरवं पूर्वपश्चिमम् ॥
पाञ्चरात्रं पाशुपतं तथान्यानि सहस्रशः ॥"

त्यस्तै पद्मपुराणले 'पाशुपतमतादि' समेतलाई तामस मानेको छ–

"शृणु देवि प्रवक्ष्यामि तामसानि यथाक्रमम् ।
येषां श्रवणमात्रेण पातित्यं ज्ञानिनामपि ॥
प्रथमं हि मयैवोक्तं शैवं पाशुपतादिकम् ॥"

उपर्युक्त वचनहरूले आगम वा तन्त्रलाई तामस एवं मोहशास्त्ररूपले निरूपित गरी निषिद्ध गरे तापनि वेद अविरुद्ध अंशको ग्राह्यता छँदै छ भनेर सूतसंहिताले भन्दछ-

"तथापि योंऽशो मार्गाणां वेदेन न विरुध्यते ।
सोंऽशः प्रमाणमित्युक्तः केषाञ्चिदधिकारिणाम् ॥"

अर्थात् सवै 'तन्त्र' सवैका लागि समानरूपले रचना गरिएको होइन, अधिकारी विशेषका लागि मात्र हो ।

त्यस्तै तन्त्रशास्त्र दैत्यहरूलाई मोहित पार्न शिवले वताउनु भएको हो भन्ने पनि पाइन्छ- "दैत्यानां मोहनार्थं तु तन्त्रशास्त्रं शिवोतिम् ।"

शङ्कराचार्यको 'चतुष्षष्ट्या तन्त्रैः सकलमतिसन्धाय भुवनम् ।' को व्याख्या गर्ने क्रममा धेरै टीकाकारहरूले 'अतिसन्धाय' को अर्थ 'वञ्चयित्वा'

गरी ६४ तन्त्रहरू केवल १–१ सिद्धिपरक छन् र यी शिवले लोकलाई छल्न वनाएका हुन् भनेका छन् ।

लक्ष्मीधरको अनुसार शिवजीले अनुलोम प्रतिलोम जातिको विचार गरेर तन्त्रशास्त्रको रचना गर्नु भएको हो, नजान्नेहरू मोहित हुन्छन्–

"परमेश्वरः पशुपतिः ब्रह्मक्षत्रवैश्यशूद्रजातीयान् मूर्धावसिक्ताद्यनुलोम प्रतिलोमजातीयानधिकृत्य तन्त्राणि निर्मितवान् । तत्र त्रैवर्णिकानां चन्द्रकलाविद्यासु अधिकारः । शूद्रादीनां चतुष्षष्टितन्त्रेष्वधिकारः । एवमधिकारभेदमजानानाः अमीमांसकाः व्यामुह्यन्ति ।'

'अस्मिन् तन्त्राष्टके त्रैवर्णिकानां शूद्रादीनां च अधिकारोऽस्ति । तत्र ब्राह्मणादीनधिकृत्य सव्यमार्गेण प्रादक्षिण्येन सर्वोऽप्यनुष्ठानकलापः प्रतिपादितः । शूद्रादीनधिकृत्य अपसव्यमार्गेण वामाचारो निरूपितः"[७१] अर्थात् तन्त्राष्टकमा दक्षमार्गले द्विजाति र वाममार्गले शूद्रादिको अधिकार छ ।

उपर्युक्त वचनहरूका आधारमा र स्वयं तन्त्रग्रन्थकै वचनअनुसार पनि जाति, वर्ण, योग्यता, आश्रम, चित्तप्रवृत्ति वा भावना आदिका आधारमा अधिकारीभेदले भिन्न भिन्न तन्त्रहरूको उत्पत्ति भएको देखिन्छ । तन्त्रले ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, चाण्डाल, स्त्री, पुरुष, ब्रह्मचारी, गृहस्थ, वानप्रस्थी, संन्यासी आदिको भेदले तत्तत् तन्त्रमा तत् तद् व्यक्तिको अधिकार कायम गरेको छ । यसरी भिन्न भिन्न उपासकहरूका लागि भिन्न भिन्न आचार र व्यवस्था कायम गरेर तन्त्रले सवैलाई योग्यता अनुसार अधिकार दिएको छ । शास्त्रहरूमा जुन निन्दा वा प्रशंसापरक वचन पाइन्छ त्यो अनधिकारी र अधिकारी भेदले भनिएको हो । यस सम्वन्धमा भास्कर राय भन्नुहुन्छ– "एवञ्च यानि तत्तद्विद्या प्रशंसकानि वचनानि तानि तत्तदधिकारिणां प्रत्येव प्रवर्तकानि । यानि च तन्निन्दकानि तानि

---

७१ सौन्दर्यलहरी, पृष्ठ २६८

तत्तदनधिकारिणां प्रति निवर्तकानि ।" अतः तन्त्रशास्त्र एवं पुराणादिमा पाइने प्रशंसापरक वा निन्दापरक वचनहरू योग्य अधिकारीलाई प्रवृत्त गर्न र अयोग्य वा अनधिकारीलाई निवृत्त गर्न हो भन्ने सम्झनुपर्दछ ।

तन्त्रहरूमा 'पञ्चमकार' को विधान सर्वत्र पाइन्छ । पञ्चमकार विनाको पूजा निष्फल हुन्छ भन्ने तन्त्रवचन छ । तर आचारभेद र साधनाको अवस्थाभेदले यसको फरक फरक अर्थ तन्त्रग्रन्थले नै प्रतिपादन गरेको छ । ब्राह्मणले पञ्चमकारको प्रयोग गर्नै पर्दछ भन्ने तन्त्रवचन र ब्राह्मणले सुरापान गर्नै हुँदैन भन्ने स्मृतिको वचन भएकोले 'ब्राह्मण' को वारे चर्चा गर्नु आवश्यक छ ।

ब्राह्मणको परिभाषा

मेरुतन्त्रले ब्राह्मणको परिभाषा यसरी गरेको छ– 'ब्रह्मवीर्य एवं क्षेत्रवाट (ब्राह्मण वावु र ब्राह्मणी आमावाट) उत्पन्न, ब्राह्मणोचित संस्कारप्राप्त, ब्राह्मणोचित आचरण गर्ने र ब्रह्मविद्याले युक्त भएको ब्राह्मण हुन्छ'–

"ब्रह्मवीर्यं तथा क्षेत्रं संस्कारा ब्रह्मसंभवाः ।
ब्राह्मणाचरणाद् ब्रह्मविद्याभिर्ब्राह्मणो भवेत् ॥
यस्य वश्या वयं यस्य वाचमर्थोऽनुधावति ।
एकस्मिल्लँक्षणे हीने वागर्थमनुधावति ॥
द्विहीनलक्षणो देवि स्वाचाराद् ब्राह्मणो भवेत् ।
लक्षणस्त्रयहीनो यस्तन्त्रमार्गेण सिध्यति ॥
चतुर्लक्षणहीनानां मार्गाः स्युः कौलिकादयः ॥"

उपर्युक्त वचनले ब्राह्मणोचित संस्कार आचार र विद्या रहित ब्राह्मणको लागि तन्त्रमार्ग उपयुक्त हुने देखिन्छ । ब्राह्मणका चारै लक्षणरहित केवल ब्राह्मण वावुवाट उत्पन्न मनुष्य पनि तन्त्रमा 'ब्राह्मण' कहिने हुनाले त्यस्ताको लागि कौलादिमार्ग नै उचित हुन्छ ।

मेरुतन्त्र अगाडि भन्दछ– केवल ब्रह्मवीर्यरूप एक लक्षणयुक्त भई समस्त ब्रह्मकर्ममा अधिकार नपाई कसरी मेरो वरत्र र परत्र सप्रेला भन्ने चिन्ताले युक्त, परद्रव्य, परस्त्री र परनिन्दा रहित ब्राह्मणलाई मात्र वाममार्गमा अधिकार छ–

"पूर्वोक्त लक्षणेष्वेकं यस्मिन् विप्रे प्रदृश्यते ।
तप्यते चोपतापेन किञ्चिद् ब्राह्मणतां गतः ॥
अधिकारो न मे जातः समस्तब्रह्मकर्मणाम् ।
इहलोके परत्रापि कथं प्राप्स्याम्यहं सुखम् ॥
अन्धश्च यः परद्रव्ये परस्त्रीषु नपुंसकः ।
परापवादे यो मूको नित्यमित्थं विचारयेत् ॥
तस्यैव ब्राह्मणस्यात्र वामे स्यादधिकारिता ॥"

मेरुतन्त्रको अनुसार पाँचै लक्षणयुक्त ब्राह्मण साक्षात् 'महाकाल' हो । त्यस्तो ब्राह्मणको ब्रह्मा, विष्णु र शिवले समेत आज्ञापालन गर्दछन् । यदि त्यस्तो ब्राह्मण वाममार्गमा प्रविष्ट हुन्छ भने श्वान वन्दछ–

"पञ्चलक्षणसंयुक्तो ब्राह्मणः काल एव सः ।
अहं ब्रह्मा तथा विष्णुस्तदाज्ञावशवर्तिनः ॥
स चेद् वामपथं प्राप्तः पुनः श्वाचाभिजायते ॥"

त्यसैगरी चार लक्षणले युक्त मध्यम ब्राह्मण हुन्छ, तीन लक्षणले युक्त ब्राह्मणलाई आचरण अनुसार वैदिक तान्त्रिक दुवैमा अधिकार छ एवं दुई लक्षणयुक्त ब्राह्मणलाई वाम र दक्षिण दुवै फलद हुन्छन्, एक लक्षणयुक्तलाई वाममार्ग फलदायी हुन्छ र शूद्रादि र यवनहरू समेतलाई वाममार्ग सिद्धिप्रद हुन्छ भन्ने मेरुतन्त्रको वचन छ–

"चतुर्लक्षणसंयुक्तो विप्रो ज्ञेयस्तु मध्यमः ।
तेभ्यो दत्तो भाग्यवशात्तान्त्रिकः कोऽपि चेन्मनुः ॥
सद्यः फलति चाद्यस्य क्रियया चापरस्य तु ।

लक्षणत्रययुक्तो यस्तस्य वैदिकतान्त्रिके ॥
यथोक्ताचरणादेव फलदस्तेन वामकः ।
लक्षणद्वयसंयुक्तस्तस्य वामश्च दक्षिणः ॥
समौ तुल्यफलौ स्यातां न कदाचन वैदिकः ।
एकलक्षणसंयुक्तो वामस्तस्य फलप्रदः ॥
शूद्रादियवनान्तानां सिद्धिर्वामपथे स्थिता ॥"[७२]

उपर्युक्त तन्त्रवचनहरूले तन्त्रमा सबैको अधिकार छ, जुन भेद छ त्यो केवल अधिकारी भेदले गर्दा मात्रै हो भन्ने स्पष्ट हुन्छ । यस सम्बन्धमा वडवानलतन्त्रले अझ स्पष्ट निर्देश गर्दछ–

"ब्राह्मणाः क्षत्रियाः वैश्या दक्षमार्गाधिकारिणः ।
द्विजवर्जास्त्रयो वर्णा वामकौलाधिकारिणः ॥"[७३]

अर्थात् ब्राह्मणलाई केवल दक्षमार्गमा, क्षत्रिय र वैश्यलाई तीनवटै मार्गमा र शूद्रलाई वाम र कौल मार्गमा मात्र अधिकार छ ।

दक्षमार्गबाट भ्रष्ट भई वाममार्ग अवलम्बन गर्ने ब्राह्मणले ऐहिक सिद्धिमात्र प्राप्त गर्दछ, मोक्ष त कदापि प्राप्त गर्दैन–

"दक्षमार्गपरिभ्रष्टो ब्राह्मणो वाममार्गगः ।
इहैव सिद्धिमाप्नोति नापवर्गं कदाचन ॥"[७४]

त्यस्तै मुक्तिको इच्छा नभएको, केवल सिद्धि प्राप्त गर्ने इच्छाले वेदमार्ग परित्याग गरी वाममार्गमा लाग्ने ब्राह्मण नारकी हुन्छ भन्ने वडवानलतन्त्रको कथन छ-

"वेदमार्गपरित्यागी कैवल्येच्छाविवर्जितः ।
सिद्धिकामी वाममार्गी ब्राह्मणो नारकी भवेत् ॥"

---

७२ मेरुतन्त्र १०।५३
७३ बृहतपुरश्चर्यार्णव प्रथमखण्ड पृष्ठ ३२
७४ ऐ.ऐ.

वडवानलतन्त्र पुनः भन्दछ– वेदमार्गलाई चटक्क छाडी केवल तन्त्रको मात्र अवलम्वन गर्ने ब्राह्मण नरकभोग गरी ब्रह्मराक्षस बन्दछ। वैदिक तान्त्रिक दुवै मिश्रित दक्षिणमार्गको अनुसरण गर्ने ब्राह्मण यो लोकमा सिद्धीश्वर भई देहान्तपछि मुक्ति प्राप्त गर्दछ–

"वेदमार्गं परित्यज्य तन्त्रमार्गैकतत्पराः।
ब्राह्मणा निरयं भुक्त्वा भवेयुर्ब्रह्मराक्षसाः॥
वैदिकं तान्त्रिकं मार्गं दक्षिणं ब्राह्मणश्चरन्।
इह सिद्धीश्वरो भूत्वा देहान्तेऽमृतमश्नुते॥"[७५]

तन्त्रहरूमा जहाँ द्विजलाई वामाचारको विधानपरक वचन पाइन्छ, त्यहाँ द्विजको अर्थ ब्राह्मणेतर द्विज हो भन्ने तन्त्रविद्हरूको भनाई छ। किनभने तन्त्रहरूले नै ब्राह्मणलाई वाममार्गको निषेध गरेका छन्–

"ब्राह्मणानां वाममार्गो नरकायैव जायते।"[७६]

कालिकापुराणले पनि विप्रले महामायाको पूजा दक्षमार्गले नै गर्नुपर्दछ भनेको छ–

"यो दाक्षिण्यं विना विप्रो महामायां प्रपूजयेत्।
स पापः स्वर्गलोकात्तु च्युतो भवति रोगधृक्॥"

महाकालसंहिताले द्विजातिलाई दक्षमार्ग र शूद्रलाई वाममार्गको विधान गरेको छ– "वामादिना यजेच्छूद्रो दक्षिणेन द्विजातयः।"

त्यस्तै ब्राह्मणत्वहानि हुने भएकोले ब्राह्मणले कुलाचार नगर्नू भन्ने सिद्धान्तसारको वचन छ–

"ब्राह्मण्यहानिहेतुत्वात् कुलाचारं न चाऽऽचरेत्।"[७७]

---

७५ ऐ.ऐ. ३२-३४
७६ मेरुतन्त्र-३।६९
७७ बृहत्पुरश्चर्यार्णव, प्रथमखण्ड, पृष्ठ ३२

मेरुतन्त्रको अनुसार दक्षयज्ञमा वीरभद्रादिको शाप पाई वेदमार्गबाट वहिस्कृत भएका र ब्राह्मणत्व गुमाएका विप्रलाई कौलधर्म भुक्तिमुक्तिको साधन बन्दछ–

"ये विप्राः शापनिर्दग्धा ब्रह्मकर्मविवर्जिताः ।
तेषां तु कौलधर्मोऽयं भुक्तिमुक्त्योस्तु साधनम् ॥
ये विप्राः पीठसञ्जाताः शापनिर्दग्धविप्रताः ।
तेषां कुलाधिकारोऽयं मार्गस्यास्य प्रजायते ॥"

तन्त्रविद्हरूको भनाई छ– "ब्राह्मणलाई झैं क्षत्रिय र वैश्यलाई पनि दक्षमार्ग नै प्रशस्त छ। क्षत्रिय र वैश्यलाई वाम वा कौलमार्गको विधानपरक जुन तन्त्रवचन पाइन्छ, त्यो रागादिले प्रवृत्त भएकाहरूको लागि पातित्य हुँदैन भन्ने अभिप्रायले हो। त्यस्तै द्विजातिलाई निषिद्ध कुलाचार पनि वामकौलको कुलाचार र कापालिकहरूको कुलाचार हो, दक्षकौलको दक्षकुलाचार र दिव्यकौलको दिव्यकुलाचार होइन।"[७८]

त्यसै गरी पञ्चमकारको विधानपरक वचन तन्त्रोक्त चतुर्थ आश्रम वा अद्भूत आश्रमको लागि हो भन्ने तन्त्र रहस्यज्ञहरूको भनाई छ।

वास्तवमा जुन जुन वर्णको जुन जुन आचार छ त्यो नै त्यस वर्णको धर्म हो भन्ने भैरवतन्त्रको वचन छ–

"यस्य यस्य च वर्णस्य यदाचारं महेश्वरि ।
स्वधर्मं तद्विजानीयात् श्रुत्युक्तं परिकीर्तितम् ।"[७९]

यसरी विचार गर्दा आ-आफ्नो कुल परम्परामा प्रचलित धर्म कुलधर्म हो र आफ्नो कुलको आचार नै कुलाचार हो।

---

७८ ऐ.ऐ. ३३
७९ ऐ.ऐ. ३७

आफ्नो परम्परा नबुझी कौलधर्म अँगाल्नेहरू धनहीन, सन्ततिहीन र रोगी बन्दछन् भन्ने तन्त्रवचन छ–

"यो पारम्पर्यमज्ञात्वा कौलधर्मं विशन्ति ते ।
निःस्वाः सन्ततिहीनाश्च रोगिणो नाऽत्र संशय : ॥"[८०]

त्यस्तै वेदभ्रष्ट क्षत्रिय र वैश्यलाई वाममार्गमा अधिकार छ र शूद्रलाई सिद्धान्ताचारमा अधिकार छ भनेर तन्त्रले नै भन्दछ–

"वाममार्गस्ततो न्यूनस्तेषां क्षत्रियवैश्यकौ ।
यजमानस्तयोस्तत्राधिकारः समुदाहृतः ॥
सिद्धान्तीयस्ततो न्यूनस्तत्र शूद्राधिकारता ॥"

उपर्युक्त शास्त्रवचनहरूले यसरी भिन्न भिन्न व्यक्तिलाई भिन्न भिन्न अधिकारी मान्दछन् र आ-आफ्नो अधिकार अनुसार तन्त्रमार्गमा चल्न सबैलाई अधिकार दिएका छन् । यस वारे महाकालसंहिताले स्पष्टरूपले भन्दछ 'देवीको आराधनाका लागि व्यवस्था गरिएका सवै कुरा शुभ हुन् । तथापि मनुष्यस्वभावको विविधताको कारण तदनुकूल उपासनामार्गको वाहुल्यको व्यवस्था गरिएको हो–

"कदाचारसदाचारौ निरीक्ष्य नरजातिषु ।
सर्वागमानां विषयव्यवस्था परिकल्पिता ॥
सात्त्विका राजसाश्चैव तामसाश्च तथा नराः ।
तत्परत्वं न सर्वेषां व्यवस्था परिकल्प्यते ॥[८१]"

उपासना/पूजा

उपासनाको अर्थ आफ्नो इष्टदेवताको आराधना हो । मेरुतन्त्रअनुसार इष्टदेवताको आराधना वा पूजा शिवलिङ्गमा, मणिमा, यन्त्रमा, शालग्राममा, कलशमा, सूर्यमा, स्थण्डिलमा, अग्निमा, आफ्नो

८० तन्त्रचिन्तामणि १८।२०
८१ महाकालसंहिता १२ पटल ।

मस्तकमा र हृदयमा गर्न सकिन्छ। खाली भुइंमा गरेको पूजा पुत्र, आयु र धन नाश गर्ने हुन्छ–

"शिवलिङ्गे मणौ यन्त्रे शालग्रामे घटे रवौ।
स्थण्डिलेऽग्नौ मूर्ध्नि हृदि स्थानेष्वेतेषु पूजयेत् ॥
भूमावेव कृता पूजा पुत्रायुर्धननाशिनी ॥"

त्यसै गरी जलमा पनि इष्टदेवको उपासना गर्न सकिन्छ।

तन्त्रग्रन्थानुसार उपासनाका तीन भेद छन्– सात्त्विक, राजस र तामस। मानस जप, पूजा नै मुख्य हुने सात्त्विक उपासना हो। पुष्पादि वाह्य उपचारद्वारा दक्षमार्गले प्रतिमापूजन गरी हुने उपासना राजस हो। पीठहरूमा वलिदान गरी वाममार्गले गरिने उपासना तामस हो र यो आद्यवर्ण वाहेक अरुलाई प्रशस्त छ। यस सम्वन्धमा मेरुतन्त्रको वचन छ–

"उपासना त्रिधा प्रोक्ता श्रेष्ठा तत्र तु सात्त्विकी।
तस्यां च मानसौ पूजाजपौ मुख्यतमौ स्मृतौ ॥
राजसो दक्षिणो मार्गः प्रतिमायां प्रपूजनम्।
वाह्योपचारैः पुष्पाद्यैस्तदाद्यानां विशिष्यते ॥
तामसोपासनं प्रोक्तं पीठादौ बलिदानतः।
वाममार्गेण तच्चाद्यं वर्णं हित्वा प्रशस्यते ॥"[८२]

त्यसै गरी मेरुतन्त्रले सकाम र निष्काम गरी उपासनालाइं दुई भागमा वाँडेको छ–

"उपासना द्विधा प्रोक्ता सकामा कामविच्युता।
मोक्षबीजं तु निष्कामा सकामा भवबीजकम् ॥"[८३]

मेरुतन्त्रअनुसार पूजा पनि मुख्यत तीन हुन्छन्– उत्तम, मध्यम र अधम। समग्र उचित उपकरणद्वारा गरिने पूजा उत्तम, यथोपलब्ध द्रव्यद्वारा गरिने मध्यम र पत्रपुष्पतोयमात्रले गरिने पूजा अधम हो–

---

८२ मेरुतन्त्र-१।१०२-१०५

८३ मेरुतन्त्र-२०।७५

"योग्योपकरणैः कृत्स्नैः क्रियमाणोत्तमा मता ।
यथालब्धैर्विनिष्पाद्या द्रव्यैः पूजा तु मध्यमा ॥
पत्रपुष्पाम्बुनिष्पाद्या पूजा चाधमसंज्ञका ॥"

त्यसै गरी ब्रह्मर्षिहरूद्वारा वैदिकविधानपूर्वक गरिने पूजा सात्त्विको, तपोनिष्ठ राजर्षिहरूद्वारा सम्यकप्रकारले गरिने पूजा राजसी एवं वालवृद्धवनिता र मूर्खादि भक्तहरूद्वारा गरिने नित्यपूजा तामस हो भन्ने मेरुतन्त्रको वचन छ–

"विहिताखिलवेदोक्तैर्ब्रह्मर्षिभिरकल्मषैः ।
क्रियमाणा तु या पूजा सात्त्विकी सा विमुक्तिदा ॥
राजर्षिभिस्तपोनिष्ठैर्भगवत्तत्त्ववेदिभिः ।
या पूजा क्रियते सम्यग् राजसी सा सुखप्रदा ॥
स्त्रीबालबृद्धमूर्खाद्यैर्भक्तैरक्षुब्धमानसैः।
या पूजा क्रियते नित्यं तामसी सा प्रकीर्तिता ॥"

पूजालाई पुनः आभ्यन्तर र वाह्य गरी दुई किसिमको मानिएको छ। वहिर्यागमा पाँच अङ्ग हुन्छन्– जप, होम, तर्पण, मार्जन र व्राह्मणभोजन । अन्तर्यागमा पनि पाँच अङ्ग हुन्छन्– पटल, पद्धति, कवच, स्तोत्र र सहस्रनाम ।

उपचारको भेदले पूजाको पञ्चोपचार, दशोपचार, षोडशोपचार, अष्टादशोपचार र चतुःषष्टि-उपचार आदि भेद हुन्छ। त्यसैगरी शास्त्रहरूले पूजाका पाँच अङ्ग वताएका छन्[८४]–अभिगमन, उपादान, योग, स्वाध्याय र इज्या ।

तन्त्रमार्गमा देवतको पूजा सामान्यतः तीन वस्तुमा गरिन्छ– यन्त्रमा, प्रतिमामा र वेरमा । यन्त्रमा गरिने पूजा सात्त्विक, प्रतिमामा गरिने राजसिक र वेरमा गरिने तामसिक मानिएको छ ।

---

८४ कल्याण साधनाङ्क, पृष्ठ २४०

तन्त्रमा उपास्य देवता (शक्ति)

यो विश्वब्रह्माण्डको मूलमा जुन पूर्ण सत्ता पारमार्थिक रूपमा वर्तमान छ त्यसलाई 'ब्रह्म' भन्दछन्। ब्रह्म अव्यक्त, अनादि, निर्गुण, निराकार, तत्त्वातीत र प्रपञ्चातीत छ। श्रुतिले ब्रह्मको परिभाषा यसरी गर्दछ– "यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति यत्प्रयन्त्यभिसंविशन्ति तद् ब्रह्म।"

अर्थात् चराचर जगतको सृष्टि, स्थिति र लय जस्वाट हुन्छ त्यो ब्रह्म हो।

शास्त्रहरूले वताए अनुसार जगत्को निमित्त र विवर्तोपादानकारण सच्चिदानन्द परब्रह्म केही गर्दैनन्। ब्रह्मको इच्छामात्र अवलम्वन गरेर उनैको स्वाभाविक जुन पराशक्ति छन् तिनवाटै यो चराचर जगत वन्दछ, जोगिन्छ र भत्किन्छ। महाकालसंहिताले यसवारे यस्तो भनेको छ–

"निमित्तमात्रं तद् ब्रह्म सर्वकारणकारणम्।
सद्रूपं सर्वतो व्यापी सर्वमावृत्य तिष्ठति ॥
सदैकरूपं चिन्मात्रं निर्लिप्तं सर्ववस्तुषु।
न करोति न चाश्नाति न गच्छति न तिष्ठति ॥
सत्यं ज्ञानमनाद्यन्तमवाङ्मनसगोचरम्।
तदिच्छामात्रमालम्ब्य त्वं महायोगिनी परा ॥
करोसि पासि हंस्यन्ते जगदेतच्चराचरम् ॥"

ब्रह्म जड हुन्, ब्रह्मशक्ति भन्नु नै चैतन्यसहितका ब्रह्म हुन् अर्थात् सगुण ब्रह्म हुन्। निर्गुण ब्रह्मवाट कुनै काम नहुनाले उपासकहरूको सिद्धिको लागि सचैतन्य ब्रह्मको मूर्ति कल्पना हुन्छ भनेर शास्त्रले भन्दछ–

"अचिन्त्यस्याप्रमेयस्य निर्गुणस्य गुणात्मनः।
उपासकानां सिद्ध्यर्थं ब्रह्मणो रूपकल्पना ॥"

ती पराशक्तिलाई कहीं माया भनिएको छ, कहीं प्रकृति भनिएको छ– 'इन्द्रो मायाभिः पुरुरूप ईयते' । परमा प्रकृतिस्त्वमाद्या' । 'मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्' ।

त्यसैगरी 'चिदानन्दस्वरूप व्रह्मको प्रतिच्छायायुक्त प्रकृति दुई प्रकारको छ माया र अविद्या । सत्त्व, रज र तमोगुणको साम्यावस्थाको नाम प्रकृति हो । सत्त्वको शुद्धि र अविशुद्धिको भेदले एकको नाम माया र अर्कोको नाम 'अविद्या'

हुन्छ भन्ने पाइन्छ । मायाबाट त्रिमूर्तिको उत्पत्ति हुन्छ । वेदको अनुसार माया नै सृष्टिको कारण हो–

"अजामेकां लोहितशुक्लकृष्णां बह्वीः प्रजाः सृजमानां सरूपाः ।"[८५]

महद्व्रह्मरूप त्रिगुणमयी माया सर्वभूतको योनि हो, म वीजको स्थापना गर्छु, त्यसैवाट सर्वभूतको उत्पत्ति हुन्छ भन्ने श्रीकृष्णको वचन छ–

"मम योनिर्महद्व्रह्म तस्मिन् गर्भं दधाम्यहम् ।
संभवः सर्वभूतानां ततो भवति भारत ॥"[८६]

त्यस्तै– "मयाऽध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।"

त्यस्तै– "दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥[८७]

शास्त्रहरूले यी 'शक्ति' लाई कहीं साक्षात् सचैतन्य व्रह्मरूप मानेको छ भने कहीं यिनलाई अविनाभावसम्वन्धले युक्त व्रह्मको शक्ति मानेको छ । यो सम्पूर्ण जगत् परव्रह्मको शक्ति हो भन्ने विष्णुपुराणको वचन छ–

---

८५ श्वेताश्वतरोपनिषत्-४।५
८६ गीता-१४।३
८७ ए. ए. -७।१४

"एकदेशस्थितस्याग्नेर्ज्योत्स्ना विस्तारिणी यथा ।
परस्य ब्रह्मणः शक्तिस्तथेदमखिलं जगत् ॥"

परब्रह्मको जगत्कारणरूप परमोत्कृष्टशक्ति ज्ञान, इच्छा, क्रिया आदि नानारूपमा देखिन्छ भनेर उपनिषद्ले भन्दछ–

"परास्य शक्तिर्विविधैव श्रूयते ।
स्वाभाविकी ज्ञानबलक्रिया च ॥"[८८]

यी पराशक्ति वा महामायालाई मानिसहरूले भिन्न भिन्न रूपमा मान्दछन् भन्ने देवी भागवतको वचन छ–

"केचित्तां तप इत्याहुस्तमः केचिज्जडं परे ।
ज्ञानं मायां प्रधानञ्च प्रकृतिं शक्तिमप्यजाम् ॥
विमर्श इति तां प्राहुः शैवशास्त्रविशारदाः ।
अविद्यामितरे प्राहुर्वेदतत्त्वार्थचिन्तकाः ॥"[८९]

सृष्टिको आदिमा जुन देवी हुनुहुन्छ उहाँ नै प्रकृति हो भन्ने देवीभागवतकै वचन छ–

"सृष्टेरादौ च या देवी प्रकृतिः सा प्रकीर्तिता ।"

सृष्टि गर्नमा मुख्य भएकी हुनाले उहाँलाई प्रकृति भनिएको हो भनेर ब्रह्मवैवर्तपुराणले भन्दछ–

"प्रकृष्टवाचकः प्रश्च कृतिश्च सृष्टिवाचकः ।
सृष्टौ प्रकृष्टा या देवी प्रकृतिः सा प्रकीर्तिता ॥ "

शक्तिले रहित शिव (ब्रह्म) अकिञ्चित्कर हुन्छन् भनेर शङ्कराचार्यले भन्नु भएको छ–"शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं, न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ।"

---

८८ श्वेताश्वतरोपनिषत्-६।८
८९ देवीभागवत-७।३३।९

वामकेश्वर महातन्त्र चतु:शतीमा पनि भनिएको छ–

"परोऽपि शक्तिरहित: शक्त्यायुक्तो भवेद्यदि ।
सृष्टिस्थितिलयान्कर्तुमशक्त: शक्त एव हि ॥"

अर्थात् केवल शिवबाट केही हुन सक्दैन। यी पराशक्ति विना परमेश्वरको सृष्टिकार्य सम्भव छैन भनेर शङ्कराचार्यले भन्नु भएको छ– "न हि तया विना परमेश्वरस्य स्रष्टृत्वं सिध्यति शक्तिरहितस्य तस्य प्रवृत्त्यनुपपत्ते: ।"[९०]

यिनको रूप केही नभए तापनि दैवीमर्यादापालनका लागि अवस्थाभेदले स्त्रीरूप र पुंरूप आविर्भूत हुनजान्छ भन्ने परातन्त्रको वचन छ–

"एका सा परमा देवी विश्वं व्याप्य व्यवस्थिता ।
ब्रह्मस्वरूपिणी साक्षात् स्त्रीपुंभेदेन भिद्यते ॥
कदाचिद् हरिरूपेण शिवरूपेण स्वेच्छया ।
ब्रह्मरूपधरा माया स्वेच्छारूपधरा परा ॥
एषा परापरा देवि प्रकृतिर्विश्वमोहिनी ।
प्रवर्तयति संसारं समयापालनाय च ॥"[९१]

परब्रह्मको इच्छाले यिनैद्वारा महत्तत्त्वादि संपूर्ण जगत उत्पन्न हुन्छ भनेर महाकालसंहिताले भन्दछ–

"सृष्टेरादौ त्वमेकासीत् तमोरूपमगोचरम् ।
त्वत्तो जातं जगत् सर्वं परब्रह्मसिसृक्षया ॥
महत्तत्त्वादिभूतान्तं त्वया सृष्टमिदं जगत् ॥"

पराशक्तिबाटै ब्रह्माण्डको उत्पत्ति भएको हो भनेर उपनिषद्ले पनि भन्दछ–"देवी ह्येकाग्र आसीत्। सैवजगदण्डमसृजत् ......तस्या एव

---

९० ब्रह्मसूत्र शाङ्करभाष्य-१।४।३
९१ परातन्त्र, प्रथमपटल (४१-५०)

ब्रह्मा अजीजनत्। विष्णुरजीजनत् ....सर्वमजीजनत्। सैषा पराशक्तिः।"[९२]

केनोपनिषद्मा ब्रह्म र शक्तिवारे यस्तो पाइन्छ–"स तस्मिन्नेवाकाशे स्त्रियमाजगाम बहुशोभमानामुमां हैमवतीं ताँ होवाच किमेतद्यक्षमिति ॥ सा ब्रह्मेति होवाच ॥"[९३]

३६ तत्त्वात्मक व्यञ्जनसमूह नै शिव हुन, अकारादि १६ स्वरसमूह शक्ति हुन्। शक्तियुक्त भएपछि मात्र वर्णोच्चारण हुनसक्छ भनेर मातृकाहृदयतन्त्रले भन्दछ–

"शिवः स्वर पराधीनो न स्वतन्त्रः कदाप्यसौ।
स्वराः स्वतन्त्रा जायन्ते न शिवस्तु कदाचन ॥"

परब्रह्मलाई शैवले 'परमशिव' मानेका छन् भने शाक्तले परमेश्वरी मान्दछन्–

"परमात्मा शिवः प्रोक्तः शिवा मायेति कथ्यते।
पुरुषः परमेशानः प्रकृतिः परमेश्वरी ॥"

एकै महामाया नामभेदले स्थित हुनुहुन्छ भनेर ज्ञानद्वीपतन्त्रले बताएको छ–

"एकैव हि महामाया नामभेदेन संस्थिता।
विमोहनाय लोकानां तस्मात् सममना भवेत् ॥"[९४]

आगम र निगमरूपी दुई बाहुद्वारा तीनलोक धारण गर्ने म नै हूँ भनेर भगवतीले भन्नु भएको छ–

"आगमश्चैव वेदश्च द्वौ बाहू मम पुष्कलौ।
द्वाभ्यामेव धृतं सर्वं त्रैलोक्यं भूर्भुवादिकम् ॥"[९५]

---

९२ वह्वृचोपनिषद्
९३ केनोपनिषत् ३।२५
९४ प्रबुद्धसनातन रहस्य पृष्ठ २१०

उपर्युक्त वचनहरूबाट परब्रह्मको शक्ति भनौं वा सचैतन्य ब्रह्म भनौं जे भनेपनि उही जगत्कारणभूत परमतत्त्वको उपासना नै तन्त्रको मूल उद्देश्य हो। ती परमतत्त्वलाई उपासकहरूले रुचिवैचित्र्यअनुसार पुं-स्त्रीरूपमा भिन्न भिन्न रूपले कल्पना गरी उपासना गर्दछन्। तत्त्वतः सबै देवताको उपासना तत्तद्देवताको शक्तिको आराधना हो। वेदले परमात्मालाई पुंरूपमा घटाएको छ, तथापि सगुणब्रह्मरूप भगवान् सविताको आराधनामा पनि गायत्री-सावित्री-सरस्वतीरूप शक्तिकै आराधना र ध्यान गरिन्छ। ती परमा शक्ति न पुरुष हुन् न स्त्री हुन् जुन जुन शरीर ग्रहण गर्छिन तदनुरूप नै तिनको स्वरूप बन्दछ भनेर शक्तिसङ्गमतन्त्रले भनेको छ–

"नैव स्त्री न पुमानेषा नैव चापि नपुंसकम्।
यद्यच्छरीरमाधत्ते युज्यते तेन तेन सा॥"

देवीपुराणले भगवती पराशक्तिको उपासना जत्तिको उत्तम उपासना केही छैन भन्दछ–

"विष्णुपूजासहस्राणि शिवपूजाशतानि च।
अम्बिकाचरणार्चायाः कलां नार्हन्ति षोडशीम्॥"

यी महामाया पराशक्तिलाई परात्रिंशिकामा स्वात्मसंवित्तिरूप मानिएको छ– "वन्दे देवीं स्वात्मसंवित्तिमेकाम्।"

देवीभागवतले भगवतीलाई तुरीया मानेको छ–

"स्थूलदेहो भवेद् ब्रह्मा लिङ्गदेहो हरिः स्मृतः।
रुद्रस्तु कारणो देहस्तुरीयस्त्वहमेव हि॥"[९६]

---

९५ बृहद्धर्मपुराण, बृहत्पुरश्चर्यार्णव पृष्ठ २५
९६ देवीभागवत १२।८।७२

रुद्रहीन, विष्णुहीन भनेर कसैलाई भनिदैन तर शक्तिहीनलाई नराधम भनिन्छ भनेर देवी भागवतले वताएको छ–

"रुद्रहीनं विष्णुहीनं न वदन्ति जनाः किल ।
शक्तिहीनं यथा सर्वे प्रवदन्ति नराधमम् ॥"[१७]

देवीभागवतमै भगवती भन्नुहुन्छ–"नाहं स्त्री न पुमाँश्चाहं न क्लीवं सर्गसंक्षये ।"

कर्मकाण्डीहरुले रूपरहित भावनागम्य परब्रह्मलाई रूपिणी गराएर पूजा गर्दछन् भनेर कुलार्णवतन्त्रले भन्दछ–

"अरूपं भावनागम्यं परं ब्रह्म कुलेश्वरि ।
अरूपां रूपिणीं कृत्वा कर्मकाण्डरता नराः ॥" यी महामाया ब्रह्मस्वरूपिणी हुनुहुन्छ र उहाबाटै प्रकृतिपुरुपात्मक सद्रूप र असद्रूप जगत उत्पन्न भएको छ। देवी अथर्वशीर्षमा भगवती भन्नुहुन्छ– "अहं ब्रह्मस्वरूपिणी । मत्तः प्रकृतिपुरुषात्मकं जगत् । शून्यं चाशून्यं च ॥"

उहाँ अगाडि भन्नुहुन्छ– वेद, अवेद, विद्या अविद्या, अजा अनजा, अधः, ऊर्ध्व, तिर्यक् सबै मैं हुं–"वेदोऽहमवेदोऽहम् । विद्याहमविद्याहम् । अजाहमनजाहम् । अधश्चोर्ध्वं च तिर्यक् चाहम् ॥"

रुद्र, वसु आदित्य र विश्वेदेवको रूपमा सञ्चरण गर्ने, मित्रावरुण, इन्द्र, अग्नि अश्विनीकुमारलाई पोपण गर्ने र सोम, त्वष्टा, पूषा, भग, विष्णु, ब्रह्मा, प्रजापतिलाई धारण गर्ने महामाया आदिशक्ति नै हुनुहुन्छ। यी भगवती आदिशक्तिको स्वरूप ब्रह्मा आदिले पनि जान्न सक्दैनन् । जान्नेले पनि वर्णन गर्न सक्दैन– "यस्याः स्वरूपं ब्रह्मादयो न जानन्ति तस्मादुच्यते अज्ञेया"। त्यस्तै उहाँलाई अनन्ता, अलक्ष्या, अजा, एका, नैका आदि पनि भनिन्छ ।

१७ ऐ.ऐ. ३।६।१९.

महामाया भगवती जसरी स्वर्गप्रदा हुनुहुन्छ त्यसरी नै मोक्षप्रदा पनि हुनुहुन्छ– "स्वगापवर्गदे देवि नारायणि नमोऽस्तुते ।"

यी भगवती मन्त्रहरूमा मूलाक्षररूपले, शव्दहरूमा अर्थरूपले, ज्ञानमा चिन्मयातीता र शून्यमा शून्यसाक्षिणीरूपले रहनु भएको छ–

"मन्त्राणां मातृकादेवी शब्दानां ज्ञानरूपिणी ।
ज्ञानानां चिन्मयातीता शून्यानं शून्यसाक्षिणी ॥"

जुन परमतत्त्व भन्दा अर्को कुनै तत्त्व छैन, त्यसैलाई शास्त्रले काली, तारा, सुन्दरी वा दुर्गाको रूपमा वर्णन गरेको छ–

"यस्याः परतरं नास्ति सैषा दुर्गा प्रकीर्तिता ।"

तन्त्रशास्त्रले यिनै महामाया आदिशक्ति परमेश्वरी भगवतीको नाना रूपमा उपासना विधि वताएको छ, त्यसैले तन्त्रशास्त्रमा उपास्या 'शक्ति' नै हुन् ।

तन्त्रमा समन्वय

तन्त्रशास्त्रले सवै देवताहरूमा समन्वय कायम गरेको छ। एकै महामाया नामभेदले स्थित हुनुहुन्छ अतः देवी विष्णु शिवादिमा भेद नगर्नू, अन्यथा मोक्ष प्राप्त हुँदैन भनेर तन्त्रशास्त्रले सर्वदेवसमन्वय गरेको छ। यस सम्वन्धमा ज्ञानद्वीपतन्त्रको यस्तो वचन छ–

"देवीविष्णुशिवादीनामेकत्वं परिचिन्तयेत् ।
भेदभावे मनो यस्य तस्य मोक्षो न जायते ॥"[१८]

शक्तिसङ्गमतन्त्रअनुसार अन्योन्य सारूप्यप्राप्तिको लागि शिव र विष्णु दुवैले दीर्घकालसम्म तपस्या गर्नुभएको थियो–

---

१८ प्रवुद्ध सनातन रहस्य पृष्ठ २१०

"एकस्मिन् समये पूर्वं विष्णुरुद्रावुभावपि ।
विष्णुस्वरूपसिद्धचर्थं तपस्तेपे हरः स्वयम् ॥
शिवस्वरूपसिद्धचर्थं तपस्तेपे हरिः स्वयम् ।
षड्वृन्दयुगसंख्यातमुभौ तपपरौ शिवे ॥"[९९]

पञ्चदेवको ऐक्य भावले पूजन गर्नुपर्दछ र त्यो पूजा शिवलिङ्ग, शालिग्राम, देवीचक्र, गणेशचक्र वा सूर्यपीठ जहाँ गरे पनि हुन्छ भनेर तन्त्रले भन्दछ–

"गणेशार्कहरीशानां दुर्गारूपसरस्वती ।
महाश्यामा महाविद्या पूजनीया यथाक्रमम् ॥
न कुर्याद् भेदमेतेषां कौलिको वैष्णवस्तथा ।
गणेशार्कहरीशानदुर्गाणां परमार्थवित् ॥
पूजयेदैक्यभावेन देवीभक्तश्च बुद्धिमान् ।
देवीचक्रेऽर्चयेत् सर्वान् शिवलिङ्गेऽथ वा शिवे ॥
शालग्रामशिलायां वा सूर्यपीठेऽथ वा शिवे ।
श्रीगणेश्वरचक्रे वा न भेदं कारयेत् सुधीः ॥
भेदं वै कुरुते यस्तु स शैवः शिवहा भवेत् ॥"

यहाँ 'शैव' उपलक्षण मात्र हो । त्यसैगरी काली, सुन्दरी, तारिणीमा अभेद प्रतिपादन गर्दै राम, कृष्ण आदि उनै महामायाका पुंरूप हुन् भन्ने शक्तिसङ्गमतन्त्रको वचन छ–

"कदाचिदाद्या ललिता पुंरूपा कृष्णविग्रहा ।
लोकसंमोहनार्थाय स्वरूपं बिभ्रती परम् ॥
वेणुनादसमारम्भसर्वसंमोहनक्षमम् ।
कदाचिदाद्या श्रीकाली सैव तारास्ति पार्वति ॥

---

९९ बृहत्पुरश्चर्यार्णव प्रथमखण्ड पृष्ठ २५, २६, २७

कदाचिदाद्या श्रीतारा पुंरूपा रामविग्रहा ।
रावणस्य वधार्थाय देवानां स्थापनाय च ॥
दैत्यसंहरणार्थाय पुंरूपं विभ्रती परम् ।
आद्या तारा महाशक्तिः सैव काली महेश्वरि ॥"

कुलालिकाम्नायतन्त्रले 'एकै पराशक्ति कृत्यभेदले गर्दा नाना स्वरूपमा अवस्थित हुनुहुन्छ, परमार्थतः उहाँहरुमा कुनै भेद छैन' भन्दछ–

"एका एव पराशक्तिः संस्थिताः कृत्यभेदतः ।
कृत्यभेदेन भेदोऽस्या न भेदो परमार्थतः ॥"[१००]

मुण्डमालातन्त्रअनुसार दशमहाविद्या र विष्णुको दशावतारमा ऐक्य छ–

"कृष्णस्तु कालिका साक्षाद् राममूर्तिश्च तारिणी ।
वराहो भुवना प्रोक्ता नृसिंहो भैरवीश्वरी ॥
धूमावती वामनः स्याच्छिन्ना भृगुकुलोद्भवः ।
कमला मत्स्यरूपः स्यात् कूर्मस्तु वगलामुखी ॥
मातङ्गी बौद्ध इत्येषा षोडशी कल्किरूपिणी ॥"[१०१]

त्यसैगरी महाकुलालिका र विष्णुमा अभेद छ भन्ने परातन्त्रको वचन छ–

"महाकुलालिका या सा विष्णुः कालित्वमागता ।"[१०२]

त्यस्तै 'राम' र 'शिव', 'सीता' र 'गौरी' मा भेद छैन भन्दै 'राम' यो शिवशक्त्यात्मक मन्त्र हो भन्ने तन्त्रवचन छ–

"राकारे विद्यते माया मकारे विद्यते शिवः ।
शिवशक्त्यात्मको मन्त्रो राम रामेति गीयते ॥"

---

१०० कुलालिकाम्नायतन्त्र- ११।४३
१०१ बृहत्पुरश्चर्यार्णव, प्रथमखण्ड, पृष्ठ २७
१०२ परातन्त्र ४।१८

शक्ति र शक्तिमान्‌मा भेद छैन

तन्त्रले शक्ति र शक्तिमान् अर्थात् शिव र शिवाको अभेद छ भन्दछ–

"शक्त्या विना शिवे शुष्के नाम धाम न विद्यते ।
शिवं विना चित्कलायाः कलात्वं न क्वचिद् भवेत् ॥"

स्कन्दपुराणले पनि शिव र शक्तिमा अविनाभाव सम्वन्ध छ भनेको छ–

"जगत्कारणमापन्नः शिवो यो मुनिसत्तमाः ।
तस्यापि सा भवच्छक्तिस्तया हीनो निरर्थकः ॥"

यो सम्पूर्ण जगत् शिवशक्त्यात्मक छ भन्ने शिवपुराणको वचन छ–

"शक्तिशक्तिमदुत्थं हि शाक्तशैवमिदं जगत् ।
स्त्रीपुंसप्रभवं विश्वं स्त्रीपुंसात्मकमेव च ॥"

भगवतीले गरेको कार्य नै भगवान्‌ले गरेको कार्य हो भनेर मायातन्त्रले भन्दछ–

"व्यापारस्तस्य देवस्य साऽहमस्मि न संशयः ।
मया कृतं हि यत्कर्म तेन तत्कृतमुच्यते ॥"[१०३]

कुलालिकाम्नायतन्त्रले शिव विना शक्ति र शक्ति विना शिवको अस्तित्त्व छैन भन्दछ– "न शिवेन विना शक्तिर्न शिवः शक्तिवर्जितः ।"[१०४]

देवीभागवतमा भगवती स्वयंले उहाँ र शिवमा देखिएको भेद केवल मतिविभ्रम हो भन्नु भएको छ–

---

१०३ कल्याण शक्ति अंक पृष्ठ २७
१०४ कुलालिकाम्नाम ११।४३

"सदैकत्वं न भेदोऽस्ति सर्वदैव ममास्य च ।
योऽसौ साहमहं यासौ भेदोऽस्ति मतिविभ्रमात् ॥"

श्रीमद्भागवतले परमेश्वर र परमेश्वरीको बारेमा यस्तो भनेको छ–

"गुणव्यक्तिरियं देवी व्यञ्जको गुणभुग् भवान् ।"

विष्णुपुराणले भगवान् र भगवतीको अभेद वर्णन यसरी गरेको छ–

"इच्छा श्रीर्भगवान् कामो यज्ञोऽसौ दक्षिणात्वियम् ।"

विद्यारण्य स्वामीले केवल निर्विकार ब्रह्म वा केवल शक्ति जगत्को कारण होइनन्, दुवै मिलेर नै जगत्कारण हुन्छ भन्नु भएको छ– "न केवलं ब्रह्मैव जगत्कारणं निर्विकारत्वात्, नापि केवलं शक्तिः कारणं स्वातन्त्र्या-भावात् । तस्मादुभयं मिलित्वैव जगत्कारणं भवति ।"

अज्ञहरूले मात्र शिव र शक्तिलाई फरक ठान्दछन्, परमार्थविद्हरूको दृष्टिमा कुनै भेद छैन भनेर कूर्मपुराणले भन्दछ–

"शक्तिशक्तिमतोर्भेदं वदन्त्यपरमार्थतः।
अभेदमनुपश्यन्ति योगिनस्तत्त्वचिन्तकाः ॥"

एकै चित्रविशेषमा गज र वृषभ दुवैको भान भए झैं एकै तत्त्वलाई शिवशक्ति-विभागको कल्पना गरिएको हो भन्ने महार्थमञ्जरीपरिमलको भनाई छ–

"आलेख्यविशेषे यथा गजवृषभयोर्द्वयोः प्रतिभासः ।
एकस्मिन्नेवार्थे शिवशक्तिविभागकल्पनां कुर्म : ॥"[१०५]

शक्तिलाई अनादर गरेर केवल शिवलाई मान्नेले कहिल्यै शिवलाई प्राप्त गर्न सक्दैन भन्ने स्कन्दपुराणमा शिवको उक्ति छ–

---

१०५ सौन्दर्यलहरी पृष्ठ ५

"त्वामाश्रिता महाभागे प्राप्नुवन्त्यचिरेण माम् ।
केवलं त्वामनादृत्य मां भजन्तो विचेतसः ॥
न यान्ति मम सायुज्यं कल्पकोटिशतैरपि ॥"

त्यस्तै– "न शिवेन विना शक्तिर्न शक्तिरहितः शिवः ।"

त्रिकोणरूपिणी शक्ति र विन्दुरूप शिवको अविनाभाव सम्बन्ध छ भनेर आगमहरूले वर्णन गरेका छन्–

"त्रिकोणरूपिणी शक्तिर्बिन्दुरूपः शिवः स्वयम् ।
अविनाभावसम्बन्धस्तस्माद् बिन्दुत्रिकोणयोः ॥"

कालिदासले पनि पार्वती र परमेश्वरमा वाक् र अर्थको भैं परस्पर सम्बन्ध मानेका छन्–

"वागर्थाविवसम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥"

कुलार्णवतन्त्रले यो जगत्लाई केवल शिवशक्त्यात्मक मानेको छ–
"न चक्राङ्कं न पद्माङ्कं न वज्राङ्कमिदं जगत् ।
लिङ्गाङ्कञ्च भगाङ्कञ्च तस्माच्छक्तिशिवात्मकम् ॥"[१०६]

ललितासहस्रनाममा भगवतीको एक नाम छ–
"शिवशक्त्यैकरूपिणी"

यसरी शक्ति र शिवमा भेद नभएको हुनाले उपासना गर्दा संयुक्तरूपमा गर्नुपर्दछ। उपासकको चित्तवृत्ति अनुसार कहीं शिव प्रधानरूपमा र शक्ति गौणरूपमा पूजित हुन्छन् भने कहीं शक्तिको प्रधानरूपले र शिवको गौणरूपले पूजा हुन्छ। श्रीविद्याका उपासकहरूमा कामेश्वरलाई प्रधान मानेर पूजन गर्ने 'हादि सम्प्रदाय' र कामेश्वरीलाई प्रधान मान्नेहरू 'कादि सम्प्रदाय' अन्तर्गत पर्दछन्। श्रीशङ्कराचार्यको

---

१०६ कुलार्णवतन्त्र ८।१०८

परम्परामा कामेश्वरको प्रधानरूपले र कामेश्वरीको गौणरूपले उपासना हुने देखिन्छ ।

नेपालीहरूको परम्परामा पनि रुद्री लगाउँदा चण्डीपाठ र चण्डीपाठ लगाउँदा रुद्री लगाई शिव र शक्तिको संयुक्तरूपमा उपासना हुने गर्दछ । शास्त्रले भनेको पनि छ–

"लिङ्गवेदी भवेद्देवी लिङ्गं साक्षान्महेश्वरः ।"

भाव

भाव, आचार र मार्ग परस्पर सम्वन्धित छन् । जस्तो भाव त्यस्तै आचार र तदनुरूप मार्ग हुन्छ तन्त्र साधनामा । भाव मनको धर्म हो– "भावस्तु मानसो धर्मः" । एकै क्रिया पनि भावको भेदले भिन्न भिन्न फलदिने हुन्छ– "भावेन चुम्बिता कान्ता भावेन दुहितानन्म् ।" भाव मनमा उत्पन्न हुन्छ र मनमै विलीन हुन्छ– "मनस्युत्पद्यते भावो मनसि हि प्रलीयते" । भाव मनोगोचर छ–

"यथेक्षुरसमाधुर्यं रसनैर्ज्ञायते प्रभो ।
तथा भावो विभावस्तु मनसा परिभाव्यते ।"[१०७]

कुलार्णवतन्त्रले भाववेदक दुर्लभ छ भनेर भन्दछ–

"पठन्ति वेदशास्त्राणि दुर्लभोभाववेदकः ।"[१०८]

समयाचारतन्त्रले एउटै महान भाव नाना भावमा परिणत हुन्छ भनेको छ–

"एक एव महान् भावो नानात्वं भजते प्रिये ।
परादिभावभेदेन भावभेदस्त्रिधापि च ॥
एको भावः परं ब्रह्म सर्वविघ्नप्रणाशकम् ॥"

---

१०७ तन्त्रचिन्तामणि, १४।७२

१०८ कुलार्णवतन्त्र, १।९५

भाववाटै सवै उत्पन्न हुन्छ, अभाववाट केही वन्दैन, भावाभावरहित भाव नै भाव हो भने भावातीतभावमय भाव परमभावातीत भाव हो भन्ने सर्वोल्लासतन्त्रको वचन छ–

"भावं हि सृष्टिरूपं स्यादभावं सृष्टिवर्जितम् ।
भावाभावविनिर्मुक्तमभावं भावमेव च ॥
भावातीतमयं भावं भावं भावातीतं परम् ।
यथा दर्पणबिम्बेषु प्रतिबिम्वं च दृश्यते ॥
तथा द्वित्वादिकं सर्वं भावेष्वेकेषु दृश्यते ।
द्वित्वमेकत्वसंयुक्तमेकत्वं द्वितसंयुतम् ॥
संख्येयं च विना संख्यां विज्ञातुं नैव शक्यते ।
द्वितभावं विनैकत्वं कथमुत्पद्यते शिवे ॥"[१०९]

उपर्युक्त वचनवाट द्वैत, द्वैताद्वैत, अद्वैत सवै भावकै खेल हुन् भन्ने सिद्ध हुन्छ। तन्त्रमा मन अर्थात् भावना पवित्र हुनुपर्दछ। तन्त्रशास्त्रले मनको पवित्रतामा ज्यादै जोड दिन्छ–

"न स्नानान्न व्रताद्दानान्निष्ठया न भवेच्छुचिः ।
मनो यस्य पवित्रं स्यात् स पूतो नात्र संशयः ॥
तस्मात् सर्वप्रयत्नेन मनःपूतं समाचरेत् ॥"[११०]

वस्तुतः सवै भावहरूको मूलस्रोत अहंभाव हो। अहंभावको वारेमा आगमवचन यस्तो छ–

"प्रकाशस्यान्तविश्रान्तिरहंभावो हि कीर्तितः ।"[१११]

भावचूडामणितन्त्रले भावविना यन्त्रमन्त्र फलप्रद हुँदैन भन्दछ–

---

१०९ मन्त्रविद्यारहस्य, पृष्ठ १०३
११० निगमागम वैज्ञानिक सारा, पृष्ठ २१२
१११ प्रवुद्ध सनातन रहस्य, पृष्ठ ७,

"बहुजापात् तथा होमात् कायक्लेशादिविस्तरैः ।
न भावेन विना देव यन्त्रमन्त्राः फलप्रदाः ॥"[११२]

कौलावली तन्त्रको पनि त्यस्तै वचन छ–

"किं न्यासविस्तरेणैव किं भूतशुद्धिविस्तरैः ।
किं वृथा पूजनेनैव यदि भावो न जायते ॥
फलाभावश्च नियतं भावाभावात् प्रजायते ॥"

रुद्रयामलतन्त्रले भाववाट परमज्ञान प्राप्तहुने हुनाले उपयुक्त भावावलम्वन गर्नुपर्दछ भन्दछ–

"भावेन लभते सर्वं भावेन देव दर्शनम् ।
भावेन परमं ज्ञानं तस्माद् भावावलम्बनम् ॥"[११३]

देवताहरू केवल भावनाले प्रसन्न हुन्छन् –

"पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवताः ।"

रुद्रयामलतन्त्रले पहिले पशुभाव, अनि वीरभाव र त्यसपछि उत्तम दिव्यभाव ग्रहण गर्नुपर्दछ भन्दछ–

"आदौ भावं पशुं कृत्वा पश्चात् कुर्यादवश्यकम् ।
वीरभावं महाभावं सर्वभावोत्तमोत्तमम् ॥
तत्पश्चाच्छ्रेयसां स्थानं दिव्यभावं महाफलम् ॥"[११४]

शास्त्रहरूले देवता काठमा, ढुङ्गामा र माटोमा रहने होइनन्, भावमा रहन्छन् त्यसैले भाव नै कारण हो भन्दछन्–

"न काष्ठे विद्यते देवो न पाषाणे न मृण्मये ।
भावे हि विद्यते देवस्तस्माद् भावस्तु कारणम् ॥"

---

११२ कल्याण शक्तिअंक, पृष्ठ ४२६, (रुद्रयामलतन्त्र ६.७३ मा 'तन्त्रमन्त्राः फलप्रदाः')
११३ रुद्रयामलतन्त्र-१।११३
११४ रुद्रयामलतन्त्र-६।५२

तन्त्रग्रन्थहरूमा पशुभाव, वीरभाव र दिव्यभाव गरी त्रिविध भावको उल्लेख पाइन्छ– "भावस्तु त्रिविधो देवि दिव्यवीरपशुक्रमात् ।"[११५]

पशुभाव

पशुहरूको भावलाई पशुभाव भनिन्छ। इन्द्रियजन्यविषयोपभोगमा लिप्त हुने पशु हो– "इन्द्रियाण्येव पश्यन्तीति पशवः पशुः जीवः" । त्यसैगरी अष्टपाशमा बाँधिएको जीव नै पशु हो भन्ने शास्त्र वचन छ –

"पाशबद्धः पशुः प्रोक्तः पाशमुक्तः सदाशिवः ।"

अष्टपाशको बारेमा मेरुतन्त्रको वचन यस्तो छ–

"घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी ।
कुलं शीलं तथा शक्तिरष्टौ पाशाः प्रकीर्तिताः ॥"

कुलार्णवतन्त्रले 'शक्ति' को सट्टा 'जाति' लाई पाश मान्दछ–

"घृणा लज्जा भयं शंका जुगुप्सा चेति पञ्चमम् ।
कुलं शीलं तथा जातिश्चाष्टौ पाशाः प्रकीर्तिताः ॥
पाशबद्धः पशुर्ज्ञेयः पाशमुक्तो महेश्वरः ॥"[११६]

तन्त्रचिन्तामणिमा शक्ति वा जातिको स्थानमा 'आसक्ति' भन्ने पद पाइन्छ– "कुलं शीलं तथाऽऽसक्तिरष्टौ पाशाः प्रकीर्तिताः" ।[११७]

अर्थात् लोकलाज वा भय आदिको कारणले अन्तरात्माको आवाज कुल्चेर चुपचाप बस्ने वा भयभीत हुने जीव नै पशु हो।

यसरी अष्टपाशले बाँधिएको जीवले ईश्वर र आफूलाई अलग सम्झँदा 'दासोऽहं' भन्ने भाव उत्पन्न हुन्छ अर्थात् ईश्वरलाई मालिक र

---

११५ ऐ.ऐ.-६७१
११६ कुलार्णवतन्त्र, १३।९०
११७ तन्त्रचिन्तामणि, ३।४२

आफूलाई सेवक भन्ने भावना उत्पन्न हुन्छ र पाशवकल्पवाट उपासना हुन्छ ।

सर्वोल्लासतन्त्रको अनुसार पशु दुई प्रकारको हुन्छ, सभावपशु र विभावपशु– "पशुश्च द्विविधो देवि सभावश्च विभावकः"[११८] । जुन समयमा पशुको मनमा उच्चभावको छाया परेको हुन्छ तर ज्ञानको आविर्भाव भएको हुँदैन त्यस्तोलाई सभावपशु भन्दछन् । त्यो छाया जव घनीभूत हुन्छ, त्यस अवस्थाको पशुलाई विभावपशु भन्दछन् ।

तन्त्रले वैदिक, वैष्णव र शैवलाई पशुभावले युक्त भएको मान्दछ । यस सम्वन्धमा सर्वोल्लासतन्त्रको यस्तो वचन छ–"पशुभावयुताः कौलाः वैद्यवैष्णवशैवकाः ।"[११९] उक्त वचन अनुसार वैदिक, वैष्णव र शैव समेत कौल हुन् ।

पशुभावको उपासना पश्वाचारवाट गर्नुपर्दछ । निरुत्तरतन्त्रले पश्वाचारको परिभाषा यसरी गरेको छ–

"पश्वाचारस्तु विज्ञेयः पञ्चतत्त्वेषु निन्दकः ।"[१२०]

भाव र आचार मिलेकोलाई कल्प भन्दछन् । पाशवकल्पको भाव, उपासना र आचारवारे भावचूडामणितन्त्रमा यस्तो वचन छ–

"पशुभावं प्रवक्षामि श्रृणु वत्स समाहितः ।
देवता शुभवर्णा तु ध्यातव्या सुसमाहितैः॥
त्रिसन्ध्यं देवपूजां तु त्रिसन्ध्यं जपमाचरेत् ।
रात्रौ मन्त्रं च मालां च न स्पृशेच्च कदाचन ॥
ऋतुकालं विना चापि न गच्छेत् स्त्रियमादरात् ।
पुराणश्रवणे श्रद्धा वेदवेदार्थतत्परः ॥

---

११८ वृहत्पुरश्चर्यार्णव प्रथमखण्ड, पृष्ठ २९.
११९ ऐ.ऐ
१२० प्रवुद्धसनातनरहस्य, पृष्ठ २७

नित्यं श्राद्धं गयाश्राद्धं सन्ध्यावन्दनमेव च ।

तीर्थस्नानं पीठदेशगमनं धर्मतत्परः ॥"[१२१]

अर्थात् पशुले सेतो वर्णको देवताको ध्यान गर्नू, त्रिकाल सन्ध्या र देवताको पूजन गर्नू, ऋतुकालबाहेक गमन नगर्नू, वेदपुराणादि शास्त्रमा श्रद्धापूर्वक तत्पर हुनू, नित्यश्राद्ध, गयाश्राद्ध, तीर्थस्थान गर्नू र धर्ममा तत्पर रहनू ।

त्यस्तै मेरुतन्त्रले पाशवकल्पका उपासकले देवस्थान, गुरुस्थान, श्मशान, चौबाटो आदिमा मलमूत्रको त्याग नगर्नू, परद्रव्य र परदाराको चिन्तन नगर्नू, गुरु, देव, पुस्तक अग्निलाई नाघ्ने र खुट्टा पसार्ने काम नगर्नू, आलस्य आदिलाई त्याग्नू, आत्मप्रशंसा र परनिन्दाको त्याग गर्नू भन्दछ–

"देवस्थाने गुरुस्थाने श्मशाने च चतुष्पथे ।
पादुकासनविण्मूत्रमैथुनानि विवर्जयेत् ॥
नालोकयेत् परद्रव्यं परदाराँश्च वर्जयेत् ।
धान्यगोगुरुदेवाग्निकुशपुस्तकसंमुखम् ॥
नैव प्रसारयेत् पादौ न चैतानि विलङ्घयेत् ।
आलस्यमदसंमोहशापपैशून्यविग्रहान् ॥
असूयामात्मसन्मानं परनिन्दाश्च वर्जयेत् ॥"[१२२]

पशुले मद्यमांसादिको स्पर्श सम्म गर्नु हुँदैन भन्ने तन्त्रको वचन छ–

"अनाघ्रेयमनालोक्यमस्पृश्यञ्चाप्यपेयकम् ।
मद्यं मांसं पशूनां तु कौलिकानां महाफलम् ॥"[१२३]

त्यसरी नै विभावपशुको सम्वन्धमा सर्वोल्लासतन्त्र भन्दछ–

---

१२१ ऐ. ऐ. पृष्ठ ७१
१२२ मेरुतन्त्र-७५-१०
१२३ कुलार्णवतन्त्र, ७।१२४

"अनुकल्पैर्यजेद्देवीं वेदमार्गेण साधकः ।
पश्वाचारमिदं प्रोक्तं विभावस्य मतं प्रिये ॥"[१२४]

महानिर्वाणतन्त्रको अनुसार पशुभावापन्न साधकले देवार्चनको निमित्त जल पुष्प फलादिको संग्रह स्वयं गरोस्, शूद्रदर्शन नगरोस्, मनले पनि स्त्रीस्मरण नगरोस्–

"पत्रं पुष्पं फलं तोयं स्वयमेवाहरेत् पशुः ।
न शूद्रदर्शनं कुयान्मनसा न स्त्रियं स्मरेत् ।"[१२५]

यसरी, शरीर आदिको शुद्धिको विचार गरेर देहाभिमानद्वारा साधना गर्ने साधकलाई तन्त्रले पशुभावको साधक मानेको छ–

"पशुर्देहाभिमानेन कायशुद्धिप्रधानतः ।
जपपूजादिभिर्नित्यं महादेवीं समर्चयेत् ॥"[१२६]

वीरभाव

पाशवकल्पवाट उपासना गर्दै जाँदा जति जति साधना वढ्दै जान्छ उति उति ईश्वरमा विश्वास वढ्दै जान्छ र ईश्वर आफैंमा रहेछ भन्ने भाव उत्पन्न हुन्छ। त्यस्तो भाव उत्पन्न भएपछि साधक अष्टपाशवाट फुत्कन खोज्छ अर्थात् लौकिक विधि-निषेधलाई वन्धन ठानेर उम्कने प्रयास गर्दछ। यसरी पशुभाव भन्दा माथि उठेको साधक नै वीर हो र उसको भावलाई वीरभाव भन्दछन्।

वीरको आचारलाई वीराचार भनिन्छ। वीराचारको प्रमुख तत्त्व पञ्चमकार हो। यसवारेमा सर्वोल्लासतन्त्रको वचन यस्तो छ–

"मद्यं मांसञ्च मत्स्यञ्च मुद्राञ्च मैथुनं शिवे ।
वीराचारमिदं प्रोक्तं साधकस्यापि बीजकम् ॥[१२७]

---

१२४ प्रवुद्धसनातनरहस्य, पृष्ठ ११३
१२५ महानिर्वाणतन्त्र-१।५४
१२६ निगमागमवैज्ञानिकसारः, पृष्ठ २६३

भावचूडामणितन्त्रअनुसार वीरले निर्द्वन्द्वभावले अर्थात् सोऽहं भाव लिएर स्वशक्तिलाई भैरवी गराई आफू भैरवस्वरूप भई हेतु सहित निशापूजा गर्नुपर्दछ–

"वीरभावो महादेव कथ्यते श्रृणु भैरव ।
निर्द्वन्द्वो मानसो भूत्वा हृदा कामकला तनुः ॥
निशासु पूजाप्रवरा हेतुयुक्ता तथैव हि ।
निजं कुलं समाधाय स्वयं भैरवरूपधृक् ॥
कुलं च भैरवीरूपं तद्गात्रे न्यासविस्तरम् ।
विन्यसेत् केवलं न्यासं नवयोन्यात्मकं तथा ॥"[१२८]

वीरको पनि दुई भेद हुन्छ सभाव वीर र विभाव वीर– "वीरश्च द्विविधो देवि विभावश्च सभावकः" । सभाववीर सत्त्वगुणप्रधान र विभाववीर रजोगुणप्रधान हुन्छ । साधनाको वलद्वारा जस्लाई तन्त्रको अर्थ प्रकट भएको हुन्छ, तत्त्वज्ञान प्राप्त भएको हुन्छ, एवं विषयवासना कम भएर पनि जसको भोगवासना पूर्णरूपले निवृत्त भएको हुँदैन त्यो नै 'सभाववीर' हो । साधनाको वलले पशुभावलाई अतिक्रमण गरिसकेको तर सभाववीर झैं ज्ञान प्राप्त गरी नसकेको साधक 'विभाववीर' हो । सभाववीरले मपञ्चक प्रत्यक्षरूपमा प्रयोग गर्दछ । विभाववीरले चाहिँ वाह्य पूजामा मपञ्चकको अनुकल्प प्रयोग गर्दछ अथवा पृथिव्यादि तत्त्वले मानसिक पूजा गर्दछ । यसवारे सर्वोल्लासतन्त्रको यस्तो वचन छ–

"मानसैकविभावेन पञ्चतत्त्वेन पूजयेत् ।
अथवा चानुकल्पैर्वा पूजयेत् परमेश्वरीम् ॥
अनुकल्पैर्यजेद्देवीं तन्त्रमार्गानुसारतः ।
वीराचारमिदं प्रोक्तं विभावस्य मतं शिवे ॥

---

१२७ प्रबुद्धसनातनरहस्य, पृष्ठ १३०
१२८ ऐ.ऐ. पृष्ठ १४

मानसैः पञ्चतत्त्वैश्च पूजां कुर्याच्च मानसैः ।
पञ्चतत्त्वस्यानुकल्पैर्बाह्ये देवीं प्रपूजयेत् ॥"[१२९]

छोटकरीमा भन्ने हो भने आत्माभिमानले उपासना गर्ने साधक नै वीर हो–

"आत्माभिमानतो वीरः संतुष्टो चित्तशुद्धिना ।
उपासयेन्महादेवीं भुक्तिमुक्तिफलाप्तये ॥"

सर्वोल्लासतन्त्रले सिद्धान्ती, वाम र दक्षिणलाई वीरभावमा आरूढ मानेको छ– "वीरभावयुताः कौलाः सिद्धान्तो वामदक्षिणौं ॥"

दिव्यभाव

वीरभावबाट उपासना गर्दै जाँदा जब अविद्यांश पूरै नष्ट हुन्छ तव ईश्वर र आफूमा अभेद देखिन्छ र 'पूर्णोऽहं' भन्ने भाव उत्पन्न हुन्छ। साधकको मनमा उत्पन्न त्यस्तो भावलाई नै दिव्यभाव भन्दछन् । दिव्यभाव भएको साधक दिव्यसाधक हो र उसको आचार दिव्याचार हो । दिव्यभावमा स्थित साधकले विश्व र देवतामा भेद देख्दैन । उसले स्त्रीजातिमात्रलाई महाशक्ति र पुरुषमात्रलाई महेश्वरको मूर्ति सम्झन्छ र आफूलाई देवात्मक मान्दछ । उ नित्य स्नान गर्दछ, नित्य दान गर्दछ । उसको वेद, शास्त्र, गुरु, देवता र मन्त्रमा दृढ ज्ञान हुन्छ, शत्रु र मित्रमा समभाव हुन्छ। देवनिन्दकसँग ऊ वोलचालसम्म पनि गर्दैन । स्त्रीको चरण देख्ने वित्तिकै उसलाई गुरुको स्मरण हुन्छ। दिव्यकल्पको उपासकको वारे महानिर्वाणतन्त्रको प्रथमोल्लासमा यस्तो वचन छ–

"दिव्यश्च देवताप्रायो शुद्धान्तःकरणः सदा ।
द्वन्द्वातीतो वीतरागः सर्वभूतसमः क्षमी ॥"[१३०]

---

१२९ ऐ.ऐ. पृष्ठ १९९
१३० महानिर्वाणतन्त्र-१।५५

अर्थात् दिव्यसाधक शुद्ध अन्तस्करण भएको, भेदभाव नगर्ने, रागद्वेष नभएको, सबै प्राणीमा समभाव भएको र क्षमाशील हुन्छ ।

यसप्रकार भावको पूर्णताका लागि निर्मलहृदयले अनासक्त भावद्वारा कर्म गर्ने आत्मज्ञ उपासक नै दिव्य उपासक कहिन्छ । दिव्यभाव विशुद्ध सत्त्वगुणसम्पन्न हुँदा हुँदै पनि त्रिविध गतिले युक्त हुन्छ भनेर रुद्रयामलतन्त्रमा उल्लेख छ–

"त्रिविधं दिव्यभावञ्च वेदागमविवेकजम् ।
वेदार्थमधमं प्रोक्तं मध्यमञ्चागमोद्भवम् ॥
उत्तमं सकलं प्रोक्तं विवेकोल्लाससम्भवम् ॥"[१३१]

अर्थात् वेदपाठबाट उत्पन्न अधम, आगमबाट उत्पन्न मध्यम र निरन्तर साधना गर्दा विवेक उत्पन्न भएपछि जुन दिव्यभाव उत्पन्न हुन्छ त्यो उत्तम हो ।

तन्त्रचिन्तामणि अनुसार दिव्य र वीरमा खास केही फरक छैन । दिव्य देववत् हुन्छ भने वीर उद्धत हुन्छ–

"दिंव्ये वीरे न भेदोऽस्ति यद् भेदं तत्तु कथ्यते ।
शान्तो विनीतो मधुरः कलालावण्यसंयुतः ॥
दिव्यस्तु देववत्प्रायो वीरश्चोद्धतमानसः ॥"[१३२]

तन्त्रचिन्तामणिमै यस्तो अर्को वचन छ–

"दैवाच्च जायते वीरो वीराद्दैवः प्रजायते ।
दैवे वीरे न सन्देहः साम्यमित्यभिधीयते ॥[१३३]

१३१ रुद्रयामलतन्त्र-११।६
१३२ तन्त्रचिन्तामणि, १४।३५
१३३ ऐ.ऐ., १४।७०

जसको चित्तमा वीरभाव र दिव्यभाव व्यवस्थित हुन्छ त्यो जीवनमुक्त केवल अवशिष्ट कर्मफलभोगका लागि पृथ्वीमा विचरण गर्दछ भनेर भावचूडामणि तन्त्रले भन्दछ–

"वीरभावो दिव्यभावो यस्य चित्ते व्यवस्थिते ।
जीवन्मुक्तः स एवात्मा भोगार्थमटते महीम् ॥"

आचार

तन्त्रशास्त्रमा मुख्यतः ७ आचार मानिएका छन्– वैदिकाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार र कौलाचार। त्रिविध भाव अनुसार नै आचार उत्पन्न हुन्छ। आम्नायतत्त्वरूप भएकोले, चातुर्यार्थनिरूपण गर्ने भएकोले एवं रागद्वेषादिलाई शमन गर्ने भएकोले 'आचार' भनिएको हो भन्ने कुलार्णव तन्त्रको भनाई छ–

"आम्नायतत्त्वरूपत्वाच्चातुर्यार्थनिरूपणात् ।
रागद्वेषादिशमनादाचार इति कीर्त्यते ॥"

वडवानलतन्त्रले छ प्रकारको आचार र साधनको उल्लेख गरेको छ–

"वैष्णवश्चैव शैवश्च शाक्तश्च परमेश्वरि ।
दिव्यः सिद्धान्तः कौलश्च षट्प्रकारो हि वर्तते ॥"

ज्ञानद्वीपतन्त्रमा शाक्ताचारको पनि दुई भेद दक्षिणाचार र वामाचार स्वीकार गरिएको छ र वैदिक वैष्णव हुँदै कौलाचारलाई सबैभन्दा उत्तम मानेको छ–

"सर्वेभ्यश्चोत्तमा वेदा वेदेभ्यो वैष्णवोत्तमः ।
वैष्णवादुत्तमः शैवः शैवाच्च शाक्त उत्तमः ॥
शाक्तश्च द्विविधो देवि वामदक्षिणभेदतः ।
दक्षिणादुत्तमो वामः वामात् सिद्धान्त उत्तमः ॥

सिद्धान्तादुत्तमः कौलः कौलात् परतरो नहि ।
कौलाचारं सर्ववीजं कौलाचारमयं जगत् ॥
कौलाचारं भावमात्रं कौलं हि भाववर्जितम् ॥"[134]

कुलार्णवतन्त्रअनुसार सवैभन्दा उत्तम वैदिकाचार हो एवं वैदिकभन्दा वैष्णव, वैष्णव भन्दा शैव, शैवभन्दा दक्षिण, दक्षिणभन्दा वाम, वाम भन्दा सिद्धान्त, सिद्धान्त भन्दा कौल उत्तम आचार हो र कौलाचार भन्दा उपल्लो आचार छैन–

"सर्वेभ्यश्चोत्तमा वेदा वेदेभ्यो वैष्णवं परम् ।
वैष्णवादुत्तमं शैवं शैवाद्दक्षिणमुत्तमम् ॥
दक्षिणादुत्तमं वामं वामात् सिद्धान्तमुत्तमम् ।
सिद्धान्तादुत्तमं कौलं कौलात् परतरं नहि ॥"[135]

मतान्तरमा कापालिकाचार अघोराचार समेत मिलाई नौ आचार मानिएको छ। यी सात आचार मध्ये वैदिक, वैष्णव, शैव र दक्षिणाचार पशुभाव अन्तर्गत हुन्। वामाचार र सिद्धान्ताचार वीरभाव अन्तर्गत हुन् भने कौलाचार चाहिँ दिव्यभाव अन्तर्गत मानिएको छ। यसवारे सर्वोल्लासतन्त्रको यस्तो वचन छ–

"चत्वारो देवि वेदाद्याः पशुभावे प्रतिष्ठिताः ।
वामाद्यास्त्रय आचारा वीरे दिव्ये प्रतिष्ठिता ॥"[136]

उपर्युक्त वचनहरूमा आएको वैदिक शव्दले कर्मव्रह्मोभयभ्रष्ट अन्त्यज समानको वकवेदान्तीलाई वुझाउँछ भन्ने शास्त्रवचन छ–

"सांसारिकसुखासक्तं ब्रह्मज्ञोऽस्मीति वादिनम् ।
कर्मब्रह्मोभयभ्रष्टं तं त्यजेदन्त्यजं यथा ॥"[137]

---

१३४ प्रवुद्धसनातनरहस्य पृष्ठ १९
१३५ कुलार्णवतन्त्र, २.७-८
१३६ शक्तिअंक, पृष्ठ ४२८

उपर्युक्त सात आचारलाई वैदिकहरूले क्रमशः घट्दो आचार मान्दछन् ।

त्रिविध भाव अन्तर्गत सात आचारलाई बुझ्ने मानिस जीवन्मुक्त नै हो भनेर विश्वसार तन्त्रले भनेको छ–

"भावत्रयगतान् देवि सप्ताचारांश्च वेत्ति यः ।
स जनः सकलं वेत्ति जीवन्मुक्तः स एव हि ॥"[१३८]

वैदिकाचार

वेदोक्त नियमहरूको सम्यक् पालन गर्दै वैदिकमार्गमा निष्ठापूर्वक रहनु नै वैदिकाचार हो । आचारमा आन्तरिक शुद्धिको साथै वाह्य शुद्धिको समेत विचार गर्नुपर्दछ । ब्रह्मचर्यको पालन, त्रिकाल स्नान, त्रिकाल सन्ध्या, नित्य सहस्रगायत्रीजप, अग्निहोत्र, देवकर्म र पितृकर्मको पालन, पञ्चदेवोपासना, वेदवेदाङ्गको श्रवण, नित्य पञ्चमहायज्ञ इत्यादि कर्मको साथै पाशवकल्पोक्त सबै नियमहरूको पालना गर्नु नै वैदिकाचार हो । वैदिकाचार पालन गर्ने ब्राह्मणको लक्षण आचारकुसुमावल्लीले यस्तो बताएको छ–

"ब्रह्मवीर्यसमुत्पन्नो ब्राह्मणीगर्भसंभवः।
वेदोक्ताशेषसंस्कारसंस्मृतः सर्वदा शुचिः ॥
अधीतवेदवेदाङ्गो वेदाङ्गार्थविचक्षणः ।
त्रिकालविहितस्नानसन्ध्योपासनतर्पणः ॥
नित्यं सहस्रगायत्रीजापको वैश्वदेवकृत् ।
अग्निहोत्री सावधानो दैवे पैत्रे च कर्मणि ॥
स्वकर्मच्युतिभीतश्च भीतः कालव्यतिक्रमात् ।
प्रायश्चित्तेष्वभीतश्च सदाचारेषु सादरः ॥

---

१३७ तन्त्रचिन्तामणि, १२।१६४
१३८ शक्तिअङ्क, पृष्ठ ४२५

गर्हिताचारविमुखः शान्तो दान्तः प्रसन्नधीः ।
इत्यादिलक्षणोपेतो वैदिकस्य द्विजस्य च ॥
एतदन्यब्राह्मणा ये वेदभ्रष्टाश्च ते मताः ।
वेदभ्रष्टद्विजातीनां मिश्रोऽध्वा सिद्धिदः कलौ ॥
वेदोक्त एव मार्गः स्याद्वैदिकस्य द्विजस्य च ।
परित्यक्तश्रौतमार्गः पतितः कथ्यते द्विजैः ॥"[१३९]

उपर्युक्त वचनवाट वैदिकाचार द्विजातिमात्रको आचार हो भन्ने सिद्ध हुन्छ र वैदिकमार्ग त्याग गर्ने ब्राह्मण पतित हुन्छ ।

वैष्णवाचार

विष्णुभक्तलाई वैष्णव भन्दछन् । यिनीहरूले 'वेदेभ्यो वैष्णवं परम्' अर्थात् वैदिकमतभन्दा वैष्णवमत नै उत्तम छ भन्दछन् । यिनीहरूले ऊर्ध्व तिलक लगाउँछन्, विष्णुको चिह्न धारण गर्दछन्, कण्ठी लगाउँछन् र एकादशीव्रत वसी विष्णु वा उनका राम, कृष्ण आदि अवतारलाई आफ्नो इष्टदेव मानी उपासना गर्दछन् । वैष्णव धर्मको पालन गर्ने यी वैष्णवहरूको आचार नै वैष्णवाचार हो ।

शक्तिसङ्गमतन्त्रले वैष्णवका दश भेद मानी दश प्रकारकै आचारको वर्णन गरेको छ–

"वैखानसो भवेदादौ श्रीराधावल्लभस्तथा ।
गोकुलेशो महेशानि तथा वृन्दावनी भवेत् ॥
पाञ्चरात्रः पञ्चमः स्यात् षष्ठः श्रीवीरवैष्णवः।
रामानन्दी हरिव्यासी निम्बार्कश्च महेश्वरि ॥
ततो भागवतो देवि दश भेदाः प्रकीर्तिताः ॥"[१४०]

---

१३९ बृहत्पुरश्चर्यार्णव प्रथमखण्ड, पृष्ठ ७०
१४० ऐ.ऐ., पृष्ठ ३८

उक्त दश भेद र तिनका आचार यसप्रकार छन्–

वैखानस - वैष्णवदीक्षा ग्रहण गरी वेदभन्दा स्मृतिप्रमाण मान्ने ।

राधावल्लभ - वैष्णवचिन्हले युक्त भएर राधावल्लभरूप कृष्णको उपासना गर्ने ।

गोकुलेश - कृष्णको वेषभूषा धारण गरी गोसेवा गर्दै गुप्तरूपले शाक्ताचार मिश्रित वैष्णवाचारवाट गोपालसुन्दरीको उपासना गर्ने ।

वृन्दावनी - स्त्रीसहित शाक्ताचारमिश्रित वैष्णवाचारवाट काली कृष्णको उपासना गर्ने ।

पाञ्चरात्र - पञ्चरात्रव्रत लिई वर, पीपल र तुलसीको पूजन गर्ने र यिनको विवाहोत्सव मनाई शैवसित वोलचाल समेत नगर्ने ।

वीरवैष्णव - विष्णुको परम भक्त भई अन्य देवताको निन्दा गर्ने ।

रामानन्दी - ज्यादै चोखीनिती गरी रामलाई सगुण ब्रह्मको रूपमा उपासना गर्ने । यिनलाई वैरागी पनि भनिन्छ ।

हरिव्यासी - अष्टाङ्गयोगाभ्यास गरी पूर्णभक्तिले विष्णुको उपासना गर्ने ।

निम्वार्क - केवल वेदकै प्रमाण मानी वैदिक विष्णुमन्त्र जप्ने र पुरुषसूक्तले शालिग्रामको नित्य अर्चन गर्ने ।

भागवत - शैवको द्वैष गर्ने, राता वस्त्र लगाई विष्णुको चिन्तन गर्ने ।

वैष्णवहरू मध्ये पनि कोही वालकृष्ण मात्र मान्ने, कोही राधाकृष्ण दुवै मान्ने, कोही द्वारकाधीशको मात्र पूजन गर्ने र कोही कृष्ण भन्दा राधालाई महत्त्व दिई 'राधे राधे' भन्ने अनेक देखिन्छन् । वैष्णवहरूका रामानुज, निम्वार्क, माध्व, वल्लभ, र चैतन्य आदि प्रमुख सम्प्रदायहरू देखिन्छन् । वैष्णवहरूमा सभाव र विभाव पाशवकल्प एवं वीरकल्प समेत

हुने देखिन्छ। कुनै मतमा 'लतासाधनतत्पर' यस्तो वचन पाइएकोले कुलाचार समेत हुने बुझिन्छ।

शैवाचार

केवल शिवको चिन्तन गरी शैवमार्गोक्त विधानको पालन गर्नु शैवाचार हो। शैवको सात भेद हुन्छन् र प्रत्येक भेदको छुट्टा छुट्टै आचार हुन्छ। शक्तिसङ्गमतन्त्रको अनुसार शैवहरूको भेद यसप्रकार छ–

"शिखी मुण्डी जटी चैव द्वित्रिदण्डी क्रमेण च।
एकदण्डी महेशानि वीरशैवस्तथैव च ॥
सप्तः पाशुपताः प्रोक्ताः शैवमार्गप्रवर्त्तकाः ॥"[१४१]

शिखी - शिखासूत्र कायम राखी द्विजत्वमै वस्ने, विभूत र रुद्राक्ष धारण गरी योगाभ्यास गर्ने ब्रह्मचारी र एकपत्नी व्रतमा रही विन्दुमालिनीको मतले उपासना गर्ने।

मुण्डी - शिखासूत्र त्यागी सन्यास लिने मुडुला।

जटी - जटा वा जुरो बाँधेर नग्न रही तपस्या गर्ने नाङ्गा बाबा।

एकदण्डी - अन्तर्यागबाट उपासना गरी मनले मात्र दण्डवत् गर्ने।

द्विदण्डी - अन्तर्याग गरी मन र वचनले दण्डवत् गर्ने।

त्रिदण्डी - अन्तर्याग गरी मन वचन र देहले दण्डवत् गर्ने।

वीरशैव - शिवको मात्रै उपासना गरी अन्य देवताको निन्दा गर्ने।

शाम्भव

सबैभन्दा उत्तम शैवलाई शाम्भव भन्दछन्– "सर्वोत्तमो भवेच्छैवः शाम्भवः परिकीर्तितः।" देवताको सगुणरूपको षडाधार अर्थात् मूलाधारादि

---

१४१ बृहत्पुरश्चर्यार्णव, प्रथम खण्ड, पृष्ठ ४१

चक्रको अधिष्ठाता देवताको चिन्तन गरेर धारणा योगाभ्यासद्वारा साधना गर्ने साधक 'शाम्भव' हो ।

दक्षिणाचार

दक्षिणको अर्थ अनुकूल हो, अतः श्रुति-स्मृति-सदाचारको अनुकूल आचार नै दक्षिणाचार हो । दक्षिणामूर्तिले सर्वप्रथम यसको अनुष्ठान गरेका हुनाले यसको नाम दक्षिणाचार रहन गएको हो भन्ने पाइन्छ । दक्षिणाचारको सम्वन्धमा यस्तो तन्त्रवचन छ–

"अहङ्कारपरित्यागात् काम्यकर्मविवर्जनात् ।
स्वधर्माचरणात्सर्वमनायासेन जायते ॥
एतत्कर्तुमशक्तश्चेत् निषिद्धं तु परित्यजेत् ।
"विहितं कर्म कुर्वीत सिद्धिः स्यात् पुत्रपौत्रिकी ॥"[१४२]

अर्थात् अहंकारको त्याग, काम्यकर्मको विवर्जन र स्वधर्माचरणवाटै सवै प्राप्त हुन्छ । यति गर्न नसके पनि केवल निषिद्धाचरण नगर्नाले र विहित कर्म गर्नाले पुत्रपौत्रिकी सिद्धि हुन्छ । दक्षिणाचारलाई पश्वाचार भित्र गणना गरिन्छ । दक्षिणाचारीले वेद, वेदाङ्ग, पुराण, स्मृति, संन्यासी, व्रती र व्राह्मणादिको निन्दा नगर्नू भन्ने वचन छ–

"लिङ्गिनं व्रतिनं विप्रं वेदवेदाङ्गसंहिताः ।
पुराणागमशास्त्राणि कल्पाँश्चापि न दूषयेत् ॥"

वडवानलतन्त्रको अनुसार दक्षिणाचार मा पञ्चमकारको प्रयोग हुँदैन । जप पूजा होम सवै दायाँ हातले गरिन्छ । तत्त्वतर्पण मात्र वायाँ हातले हुन्छ–

"दक्षिणस्तद्विपर्ययात् । तत्त्वतर्पणमात्रं तु वामहस्तेन दक्षिणे ॥"[१४३]

---

१४२ मेरुतन्त्र-७३-४
१४३ प्रवुद्धसनातनरहस्य, पृष्ठ २५

समयाचारतन्त्रअनुसार स्वधर्ममा निरत भएर पञ्चतत्त्वले पूजन गर्नु दक्षिणाचार हो–

"स्वधर्मनिरतो भूत्वा पञ्चतत्वैः प्रपूजयेत् ।
स एव दक्षिणाचारः शिवो भूत्वा यजेत् पराम् ॥"[१४४]

उपर्युक्त वचनवाट दक्षिणाचारमा पनि अनुकल्पको प्रयोग हुने देखिन्छ र दक्ष पनि वीर हुन सक्ने देखिन्छ । सर्वोल्लासतन्त्रले पनि दक्षिणाचारलाई वीरभाव अन्तर्गत मानेको छ–"वीरभावयुताः कौलाः सिद्धान्तो वामदक्षिणौ ।" तान्त्रिकोपासनादर्पणमा[१४५] उल्लेख भए अनुसार दक्षिणमार्ग पाशवकल्प भएता पनि त्यहाँ तीन भाव हुन्छन्– शुष्क, आर्द्र र दिव्य । शुष्कपश्वाचारमा वडो निष्ठाले चल्नु पर्दछ, यसमा पशुयाग हुँदैन । प्रायः व्रह्मचारीहरूले यो भाव अँगाल्दछन् । आर्द्र पश्वाचारमा पशुयाग गरिन्छ, पञ्चमकारको प्रयोग हुँदैन । दिव्य पश्वाचारमा पशुयाग गरिन्छ एवं पञ्चमकारको प्रतिनिधिको प्रयोगद्वारा कौलमार्गसदृश यजनादि कर्म गरिन्छ ।

रुद्रयामलतन्त्रमा दक्षिणाचारको विषयमा यस्तो उल्लेख छ–

"प्रभाते स्नानसन्ध्यादि मध्याह्ने जपमीश्वरि ।
और्णमासनमात्मार्थं भक्षं पायसशर्करम् ॥
माला रुद्राक्षसंभूता पात्रं पाषाणसंभवम् ।
भोगः स्वकीयकान्ताभिर्दक्षिणाचार इत्ययम् ॥"

तन्त्रचिन्तामणिमा दक्षिणाचारवारे यस्तो वचन छ–

"पञ्चमुद्रादिरहितो दक्षिणाचारसंज्ञकः ॥"[१४६]

---

१४४ ग.ग., पृष्ठ २६
१४५ तान्त्रिकोपासनादर्पण, प्रथम खण्ड, पृष्ठ १६
१४६ तन्त्रचिन्तामणि, २।६०

अर्थात् पञ्चमकार रहित आचार दक्षिणाचार हो । त्यस्तै त्यहीं नै यस्तो वचन छ–केवलं दक्षहस्तेन पूजनाद् दक्षिणाभिधः ॥"

वामाचार

वामाचारको अर्थ व्यभिचार होइन प्रतिकूलाचार हो । दक्षमार्गको प्रतिकूल आचार हुने भएकोले यसलाई वामाचार भनिएको हो । वामाचारमा पञ्चमकारको प्रयोग हुन्छ, बायाँ हातले जप-पूजा-होमादि गरिन्छ र तत्त्वतर्पण चाहिँ दायाँ हातले गरिन्छ । वडवानलतन्त्रमा यसवारे यस्तो उल्लेख छ–

"योगात् पञ्चमकाराणां वामहस्तेन पूजनात् ।
जपाद्धोमाच्च वामः स्यात् ॥"[१४७] "दक्षहस्तेन वामेऽपि तत्त्वतर्पणम्" ।

वाममार्ग वीराचारभित्र पर्दछ, स्मृति आदि शास्त्र र लोकले निषेध गरेको आचरण गर्न सक्ने हुनाले 'वीर' भनिएको हो ।

तन्त्रचिन्तामणिमा वामाचारवारे यस्तो वचन छ–
"पञ्चमुद्रादिसंयुक्तो वामाचारः प्रकीर्तितः ।"[१४८]
"वामहस्तात्पानपूजाक्रमाद्वामी प्रकीर्तितः ।"

तन्त्रअनुसार मद्य, मांस, मत्स्य प्रशस्त पाइने र स्त्रीका अनेक पति हुने ठाउँमा वाममार्ग फलदायी हुन्छ–
"मद्यं मासं सुरापानं मत्स्याः स्त्रीणां धवास्तथा ।
अनेका यत्र जायन्ते तत्र वामो गतिप्रदः ।"[१४९]

१४७ तान्त्रिकोपासनादर्पण, प्रथमखण्ड, पृष्ठ १६
१४८ तन्त्रचिन्तार्मणि, २।६०
१४९ मेरुतन्त्र १०।५८

कतिपय विद्वानहरूको विचारमा प्रज्ञावान्हरूको आचार वामाचार हो । किनभने निरुक्तानुसार 'वाम' को अर्थ 'प्रशस्य' हो र प्रज्ञावान् नै प्रशस्य हुन्छन्– "य एव हि प्रज्ञावन्तस्त एव हि प्रशस्या भवन्ति ।"[१५०]

परद्रव्य, परदारा तथा परापवादवाट विमुख जितेन्द्रिय व्राह्मण मात्र वाममार्गको अधिकारी हुन्छ भन्ने मेरुतन्त्रको वचन छ–

"परद्रव्येषु योऽन्धश्च परस्त्रीषु नपुंसकः ।
परापवादे यो मूकः सर्वदा विजितेन्द्रियः ॥
तस्यैव व्राह्मणस्यात्र वामे स्यादधिकारिता ॥"[१५१]

तन्त्रहरू अत्यन्तै गूढ हुने कारणले तन्त्रको भाव पनि गुप्त हुन्छ, त्यसैले तन्त्रको गूढभाव वुझेको, वेदशास्त्रार्थतत्त्वज्ञ, जितेन्द्रिय व्राह्मणलाई मात्र वामपथमा अधिकार छ भन्ने मेरुतन्त्रकै वचन छ–

"तन्त्राणामतिगूढत्वात्तद्भावोऽप्यतिगोपितः।
व्राह्मणो वेदशास्त्रार्थतत्त्वज्ञो बुद्धिमान् वशी ॥
गूढतन्त्रार्थभावस्य निर्मथ्योऽध्दरणे क्षमः।
वाममार्गेऽधिकारी स्यादितरो दुःखभाग्भवेत् ॥"

रुद्रयामलतन्त्रले वामाचारको वर्णन यसरी गरेको छ–

"वामाचारं प्रवक्ष्यामि श्रीदुर्गासाधनं परम् ।
यं विधाय कलौ शीघ्रं मान्त्रिकः सिद्धिभाग्भवेत् ॥
माला नृदन्तसंभूता पात्रं कापालमुण्डकम् ।
आसनं सिद्धचर्मादि कङ्गणं स्त्रीकचोद्भवम् ॥
द्रव्यमासवतत्त्वाढ्यं भक्षं मांसादिकं शिवे ।
चर्वणं वालमत्स्यादि मुद्रा वीणारवः कथा ॥

---

१५० शक्ति अंक, पृष्ठ १४९, १५० ।
१५१ मेरुतन्त्र १०।४५

मैथुनं परकान्ताभिः सर्ववर्णसमानता ।
वामाचार इति प्रोक्तः सर्वसिद्धिप्रदः शिवे ॥
अन्यथा सिद्धिहानिः स्यान्मन्त्रस्यास्य कुलेश्वरि ॥"

वामाचारीहरूले सावित्रीको ग्रहण भन्दा पहिलेनै कुलदीक्षाग्रहण गर्नुपर्दछ भन्ने तन्त्रवचन पनि पाइन्छ–

"वामाचारैर्द्विजैः पूर्वं कर्तव्यं कुलदीक्षणम् ।
पश्चाद्दीक्षा तु सावित्र्या व्यत्यासात्पतितो भवेत् ॥"[१५२]

कौल, वाम, चीन, सिद्धान्ती र शावर यी वाम मार्गका पाँच भेद हुन्, कौल उत्तम हो र शावर अधम हो भन्ने मेरुतन्त्रको वचन छ–

"कौलिकोऽङ्गुष्ठतां प्राप्तो वामः स्यात्तर्जनीसमः ।
चीनक्रमो मध्यमः स्यात् सिद्धान्तीयोऽवरो भवेत् ॥
कनिष्ठः शावरो मार्ग इति वामस्तु पञ्चधा ॥"[१५३]

शाक्ताचार

हुन त दक्षिणाचार र वामाचार शाक्ताचार कै भेद हुन् । तथापि तन्त्रग्रन्थहरूमा शाक्ताचार भनेर पृथक् उल्लेख भएवाट छोटकरीमा चर्चा गर्नु सान्दर्भिक नै हुनेछ ।

निरुत्तरतन्त्रअनुसार 'शक्ति' देवी वाहेक देवान्तरको चिन्तन गर्दै नगर्ने, शक्तिसहित पञ्चमयागको विधानवाट मपञ्चकद्वारा शक्तिको पूजा गर्ने शाक्तको आचार नै शाक्ताचार हो । अन्य सवै आचार निर्जीव झैं हुनाले शाक्ताचार नै वीज हो–

"शक्तियुक्तोऽपि शाक्तः स्यात् शक्तिपूजनतत्परः ।
शक्तिदेवीं विना देवि नान्यदेवं विचिन्तयेत् ॥

---

१५२ मेरुतन्त्र-२।१०५-१०६
१५३ मेरुतन्त्र- १।६०

पञ्चमेन यजेच्छक्तिं पञ्चतत्त्वेन पूजयेत् ।
शाक्ताचारमिदं ज्ञेयं सर्वाचारस्य सम्मतम् ॥
शाक्ताचारं विना देवि अन्याचारं शवं यथा ।
ततश्च परमेशानि शाक्ताचारं हि बीजकम् ॥"[१५४]

महाकालसंहिताले शाक्ताचार अन्तर्गत चार आचार र तदनुरूप चार सम्प्रदायको उल्लेख गरेको छ– कापालिक, दिगम्वर, मौलेय र भाण्डिकेर। यी चारभन्दा भिन्न श्रुतिस्मृति अनुकूल आचार चाहिँ महाकालोक्त आचार हो भन्ने त्यहीँ उल्लेख छ।

आचारको वर्णन गर्दा दक्षिणचार पछि वामाचारको उल्लेख आएता पनि दक्षमार्गीलाई वाममार्ग र वामीलाई दक्षमार्ग निषिद्ध छ। दक्षमार्गीले वाममार्गको अनुसरण गरेमा देवताले शाप दिन्छन् र दुवै लोकवाट वञ्चित गर्नेछन्। वामीले पनि दक्षमार्गको अनुसरण गरेमा देवताले विघ्न पार्छन् र त्यस्ताले सिद्धिप्राप्त गर्दैन भन्ने मेरुतन्त्रको वचन छ–

"वाममार्गी यदा दक्षं प्रविशेत् तत्सुरैः स तु ।
विघ्नेन पीड्यते चापि न सिद्धिमधिगच्छति ॥
दक्षमार्गी यदा वामं प्रविशेत्तु सुरास्तथा ।
लोकद्वयाद्धापयन्ति तं ग्रसन्ति च वामिनम् ॥
तस्मात् स्वकुलमार्गं तु ज्ञात्वा कुर्यादुपासनाम् ॥"[१५५]

अतः आ-आफ्नो कुलपरम्परा बुझेर मात्र कुनै एक मार्गको अवलम्वन गर्नुपर्दछ। 'दक्षिणादुत्तमं वामं' भन्ने वचन भए तापनि शैवाचारवाट दक्षिणाचार हुँदै वामाचार ग्रहण नगरी सिद्धान्ताचारमा

१५४ प्रबुद्धसनातनरहस्य, पृष्ठ २२
१५५ मेरुतन्त्र १।६३-६५

जानुपर्दछ। अथवा शैवाचारबाट दक्षिणाचारमा नगै वामाचार अनि सिद्धान्ताचार ग्रहण गर्नुपर्दछ।[१५६]

सिद्धान्ताचार

सिद्धान्ताचार वामाचारभन्दा माथिल्लो श्रेणीको हो। वामाचारमा पनि नियमको कट्टरता र विधि निषेध त हुने नै भयो। साधनाको निरन्तर अभ्यासले साधकलाई अव म नै भैरव हूँ अर्थात् 'भैरवोऽहं' भन्ने भाव उत्पन्न हुन थाल्दछ। शुद्धाशुद्धिको भेदज्ञानले रहित भएर साधक स्वेच्छापूर्वक विचरण गर्न थाल्दछ र आफैंलाई देवतास्वरूप ठानी सन्तुष्ट पार्दछ। यसरी वीराचार गर्दागर्दै अष्टपाश हट्छ र स्वयं सिद्धान्ताचारमा पुग्दछ साधक। तन्त्रले सिद्धान्ताचारी साधकको जीव नै शिव हुन्छ र सवै देवता र तीर्थहरू सिद्धान्तीको सनातन जीवमा नै रहेका हुन्छन् भनेको छ। सिद्धान्ताचारको सम्वन्धमा गौतमीयतन्त्रले भन्दछ–

"आत्मानं देवतां मत्वाऽप्यात्मानं तोषयेद् यदि।
सिद्धान्ताचारो विज्ञेयस्तस्यजीवः शिवो भवेत्॥"[१५७]

शाक्तक्रमचन्द्रिकाको यस्तो वचन छ–

"मन्यन्ते ये स्वमात्मानं विभिन्नं परमेश्वरात्।
न ते पश्यन्ति तं देवं वृथा तेषां परिश्रमः॥"

त्यसैगरी हंसमाहेश्वरतन्त्रले भन्दछ–

"यानि यानि च तीर्थानि ये ये देवा महेश्वरि।
शरीरं ज्ञापितं सर्वं जीवरूपं सनातनम्॥"

सिद्धान्ताचारमा पूर्णरूपले 'सोऽहं' भाववाट उपासना हुन्छ। अनि सोही भाववाट राजाधिराजयोग समेत मिलाएर उपासना गरेमा कौलाचार हुनजान्छ र दिव्यभाव प्रकट हुन्छ।

---

१५६ कुलार्णवरहस्य, पृष्ठ १२
१५७ कुलार्णवरहस्य पृष्ठ १३

कुलाचार वा कौलाचार

वामाचार र सिद्धान्ताचारपछि साधक कुलाचारमा प्रविष्ट हुन्छ। वीराचारमा ध्यानावस्थामा मात्रै र सिद्धान्ताचारमा हरहमेसा 'सोऽहम्' भाव झल्कन्छ अर्थात् आफू मै ईश्वरको ध्यान हुन्छ। आफू भन्ने भाव समेत हटेपछि दिव्यभाव अर्थात 'नाऽहम्' भावको उदय हुन्छ र अवाङ्मनसगोचर ब्रह्ममयको ध्यान हुन्छ। उपर्युक्त 'नाऽहं' भाव भएको साधक 'कौल' हो र उसको आचार 'कौलाचार' वा 'कुलाचार' कहिन्छ।

कौलको पनि साधारण र दिव्य गरी दुई भेद हुन्छ। साधारण कौललाई ध्यानावस्थामा मात्रै 'ब्रह्ममय ध्यान' को स्फुरण हुन्छ भने दिव्यकौललाई निरन्तर उपर्युक्त 'सूक्ष्मध्यान' स्फुरण भइनै रहन्छ। कौलाचारको सम्वन्धमा सर्वोल्लासतन्त्रको यस्तो वचन छ–

"निर्द्वन्द्वमानसो भूत्वा ज्ञात्वा कामकलातनुम्।
इदं वीरकुलं देवि ज्ञेयं रम्यं मनोहरम्॥
द्वन्द्वातीतो भवेदेक एको भावातीतः शिवे।
प्रकाशवाक्यं निर्द्वन्द्वमेकं ह्रस्वं हि दीर्घकम्॥
ह्रस्वदीर्घक्रमेणैव जगत्स्थावरजङ्गमम्।
गुरुं लघुं लघुं दीर्घं वाचातीतं वचः शिवे॥
भावातीतं जगत्सर्वं ज्ञानं ज्ञेयमयं शिवे।
ज्ञानमेतज्जगत् सर्वं मनोज्ञेयं महेश्वरि॥
ज्ञानं ज्ञेयं मनो देवि भावातीतं सुनिर्मलम्॥"[१५८]

रुद्रयामलतन्त्रअनुसार, कुलस्त्री, कुलगुरु र कुलदेवीको नित्य पूजा गर्नु, कुलस्त्रीको निषेवणवाट उत्पन्न तेजले चक्रनायिका दुर्गा र नीलकण्ठको तर्पण गर्नु एवं जपहोमादि गरी कुलकान्तालाई तृप्त वनाउनु नै कुलाचार हो र यो केवल उत्तमयोगीको आचार हो–

---

१५८ प्रबुद्धसनातन रहस्य, पृष्ठ २०६

"कुलाचारं प्रवक्ष्यामि सेव्यं योगिभिरुत्तमैः ।
कुलस्त्रियं कुलगुरुं कुलदेवीं महेश्वरि ॥
नित्यं यत् पूजयेद्विश्वं स कुलाचार उच्यते ।
कुलस्त्रियं शिवे ज्ञात्वा नुत्वा नत्वा महेश्वरि ॥
हठादानीय संपूज्य ततो भोगं विधाय च ।
तेजसा तर्पयेद्देवीं श्रीदुर्गां चक्रनायिकाम् ॥
नीलकण्ठं च विधिना जपं कुर्याद्विशेषतः ।
तत्पूर्वकं चरेद्धोमं कुलकान्तां विभूषयेत् ॥
पानैः पेयैस्तथा भक्ष्यैः संतर्प्य कुलयोषितम् ।
प्रत्यहं वै चरेदेवं कुलाचार इति स्मृतः ॥"[१५९]

कौलहरूले मद्यमांसरहित कूलपूजा नगर्नू भन्ने मेरुतन्त्रको वचन छ–

"विनासनं विना स्नानं गन्धपुष्पाक्षतान्विना ।
विना मद्यं विना मांसं कुलपूजां न कारयेत् ॥"

परातन्त्रले पञ्चमकाररहितको कुलपूजा निरर्थक हुन्छ भन्दछ–

"मद्यं मांसं तथा मत्स्यं मुद्रा मैथुनमेव च ।
एतैः पञ्चमकारैस्तु रहितं पूजनं वृथा ॥"[१६०]

त्यसैगरी, मपञ्चकले युक्त वाह्य पूजा सहित अन्तर्याग त्रिस्रवणजप र निशिभोजन गर्नु कुलधर्म हो भन्ने वडवानलतन्त्रको वचन छ–

"अन्तर्यागं बहिः पूजां मकारैः पञ्चकैर्युताम् ।
जपं त्रिस्रवणं कार्यं निशि भोजनमेव च ॥

---

१५९ वृहत्पुरश्चर्याणव प्रथम खण्ड, पृष्ठ ३१
१६० तान्त्रिकोपासनादर्पण, प्रथम ख़ण्ड, पृष्ठ ४२

स एव कुलधर्मात्मा शिवोऽन्यो भूतले भवेत् ।
तस्माच्छुभकरो धर्मः कुलधर्मः सनातनः ॥"

आत्मसन्तोषले सवै देवता सन्तुष्ट हुन्छन्, अतः कुलाचारीले आफूलाई सन्तुष्ट गराउनुपर्दछ भन्ने गुप्तसाधनतन्त्रको वचन छ–

"आत्मातोषणमात्रेण तुष्यन्ति सर्वदेवताः ।
अत एव कुलाचारी आत्मानं तोषयेन्मुदा ॥"[१६१]

तन्त्रचिन्तामणिले धर्मशास्त्रविरुद्ध आचार नै कौलिकाचार हो भनेको छ–

"धर्मशास्त्रविरुद्धो य आचारः स तु कौलिकः ।"

कुलाचारीहरूले प्रायश्चित, भृगुपात, संन्यास, व्रतधारण र तीर्थयात्रा गर्नु हुदैन–

"प्रायश्चितं भृगोः पातं संन्यासं व्रतधारणम् ।
तीर्थयात्रादिगमनं कौले पञ्च विवर्जयेत् ॥"[१६२]

सवै आचारवाट भ्रष्ट भएकोले कुलाचार गरोस्, कुलाचारवाट पनि भ्रष्ट भएमा रौरव नरक जान्छ भन्ने तन्त्रको वचन छ–

"सर्वाचारपरिभ्रष्टः कुलाचारं समाश्रयेत् ।
कुलाचारपरिभ्रष्टो रौरवं नरकं व्रजेत् ॥"

त्यसैगरी वर्णाश्रमधर्मविवर्जित सर्वकर्मविहीनको लागि वामाचार वा कौलाचार भुक्तिमुक्तिको साधन वन्दछ भन्ने तन्त्रवचन पाइन्छ–

"सर्वकर्मविहीनो यो वर्णाश्रमविवर्जितः ।
कौले वा वाममार्गे वा भुक्तिमुक्त्योश्च भाजनम् ॥"

---

१६१ प्रवुद्धसनातनरहस्य, पृष्ठ २०९
१६२ तन्त्रचिन्तामणितन्त्र, १२।११७

कौलहरू पनि वामकौल र दक्षकौल गरी दुईथरी हुन्छन् भन्ने तन्त्रचिन्तामणिमा उल्लेख छ। वामाचारप्रधान घोर कर्म गर्ने वामकौल हुन् भने सौम्य कुलाचार गर्ने दक्षकौल हुन्।

कौलहरूले आफनो आचारलाई अत्यन्त गुप्त राख्दछन् र समाजमा नानारूप लिएर हिंड्दछन् भन्ने वचन पाइन्छ–

"अन्तः शाक्ता बहिः शैवाः सभायां वैष्णवा मताः।
नानारूपधराः कौला विचरन्ति महीतले ॥"

त्यस्तै–

"अन्तः कौलं बहिः शैवं जनमध्ये तु वैष्णवम्।
कौलं तु गोपयेद्देवि नारिकेलफलाम्बुवत् ॥"

यो कुलधर्म वा कुलाचार अत्यन्तै गुप्तविद्या हो भनेर तन्त्रले भन्दछ–

"वेदशास्त्रपुराणानि स्पष्टा वेश्याङ्गना इव।
इयं तु शाम्भवी विद्या गुप्ता कुलवधूरिव ॥"

वाममार्ग वा कुलमार्गमा प्रवेश गर्न चाहनेले अधिकार अर्थात् आफ्नो 'ब्राह्मणत्व' स्पष्ट रूपले जान्नु/बुझ्नुपर्दछ भन्ने तन्त्रवचन छ–

"ब्राह्मण्यं स्वस्य विप्रस्तु सम्यग् ज्ञात्वा समाविशेत्।
वाममार्गेऽथवा कौले तत्रापि च न लङ्घयेत् ॥"

वैदिकले कौलिक र कौलिकले वैदिक कर्म नगर्नू, दुई परस्पर विरोधी मार्ग भएकाले एकमार्गको मात्र अवलम्बन गर्नू भन्ने तन्त्रको वचन छ–

"कौलिकं कुर्वतः कर्म वैदिकं नावधीयते।
विरुद्धादुभयं नष्टं तस्मादेक पथा चरेत् ॥"

वडवानलतन्त्रको अनुसार दक्ष र वाम दुवै आचार मिलेकोलाई कौलाचार भनिन्छ। यसमा पंचमकार आवश्यक हुन्छ र तर्पण पूजाहरू यथायोग्य दायाँ बायाँ दुवै हातले गरिन्छ–

"दक्षवामक्रियायुक्तः कौलश्चोभयमिश्रितः।
मकारावश्यकत्वाच्च दक्षतर्पणपूजनात्।
क्वचिद् वामेन देवेशि कौलो मार्गस्तृतीयकः॥"[१६३]

दायाँ हातले पूजनादि र बायाँ हातले तर्पणादि गर्ने कौल हुन्छ भन्ने तन्त्रवचन छ–

"दक्षहस्तात्पानयोगाद्वामहस्तप्रतर्पणात्।
दक्षहस्तपूजनाद्धि कौल इत्यभिधीयते॥"[१६४]

कौलमार्ग वा कौलाचारको अवलम्वनले भोग र योग दुवै पाइन्छ भन्ने कुलार्णवतन्त्रको वचन छ–

"योगी चेन्नैव भोगी स्याद् भोगी चैन्नैव योगवित्।
भोगयोगात्मकं कौलं तस्मात् सर्वाधिकं प्रिये॥"

कौलहरूको आचारवारे तन्त्रग्रन्थमा यस्तो उल्लेख छ–
मद्यं मासं तथा मत्स्यं मुद्रा मैथुनमेव च।
मकारपञ्चकैर्देवीं योनौ कौलः प्रपूजयेत्॥"

कौल र वाम मार्गको उत्पत्ति वारे तन्त्रचिन्तामणिमा निम्न कुरा पाइन्छ – दक्षयज्ञमा प्राणत्याग गरेकी सतीको शव काँधमा बोकेर भौतारिँदै हिंडेका महादेवको शरीरबाट उत्पन्न पसिनाबाट पृथ्वी दग्ध हुनेछिन् भनेर भयभीत भएका देवादिको प्रार्थनाले विष्णुले सतीको शवलाई ८४ टुक्रा पारी भुइँमा खसालिदिनु भयो। त्यसपछि त्यहाँ उपस्थित भएका देवता र

---

१६३ कुलार्णवरहस्य, पृष्ठ ३
१६४ तन्त्रचिन्तामणि, २६२

ब्राह्मणहरूले दक्षयज्ञमा परस्पर शाप दिई ब्राह्मणत्वबाट च्युत भएका ब्राह्मणहरू र शवस्पर्शबाट दूषित भएकी पृथ्वीको उद्धारका निमित्त प्रार्थना गर्दा विष्णुको सम्मति लिई महादेवले कुलधर्मको प्रवर्तन गर्नुभयो–

"ततो ध्वात्वा मया प्रोक्तं सम्मतिकृत्य विष्णुना ।
यत्र वेदक्रिया ध्वस्ता तत्र तत्र प्रवर्त्यताम् ॥
ये विप्रा शापनिर्दग्धा ब्रह्मकर्मविवर्जिताः ।
तेषां तु कौलधर्मोऽयं भुक्तिमुक्त्योस्तु साधनम् ॥
ये विप्राः पीठसञ्जाताः शापनिर्दग्धविप्रताः ।
तेषां कुलेऽधिकारोऽयं मार्गस्यास्य प्रजायते ॥
तत्कुल एव पूज्यत्वात् कौलोऽयं मार्ग उच्यते ॥"[१६५]

त्यसैगरी क्षत्रिय र वैश्यको लागि वाममार्ग र शूद्रको लागि सिद्धान्तमार्गको पनि प्रवर्तन शिवले गर्नुभयो भन्ने उल्लेख तन्त्रहरूमा पाइन्छ ।

कुलधर्मको महत्त्व वर्णन गर्दै कुलार्णवतन्त्रले यसलाई निगमागमको सार मानेको छ–

"गुह्याद् गुह्यतरं देवि सारात्सारं परात्परं ।
साक्षात् शिवपदं देवि कर्णाकर्णीगतं कुलम् ॥
मथित्वा ज्ञानदण्डेन वेदागममहार्णवम् ।
सारज्ञेन मया देवि कुलधर्मः समुद्धृतः ॥"

कुल के हो ?

कुलमार्ग, कुलधर्म, कुलाचार वा कौलाचार इत्यादि स्थलमा प्रयुक्त 'कुल' शब्दको अर्थ वडो गहिरो छ। कुलको प्रसिद्ध अर्थ 'वंश' नै हो। त्यसैले 'कुलाचार' भन्नाले आफ्नो आफ्नो पितृपरम्परामा चलेको आचार

---

१६५ तन्त्रचिन्तामणि १८।१५-१८

बुझिन्छ– 'स्वस्ववंशपरम्पराप्राप्तो धर्मः कुलसम्बन्धित्वात् कौलः ।', यसरी सनातनदेखि आ-आफ्नो कुलमा प्रचलित धर्म नै कुल धर्म हो– 'कुलधर्मः सनातनः' । कुलको अर्को अर्थ छ शिवोपदिष्ट कौलमार्गको अवलम्वन गर्नेहरूको कुल । त्यो कुलमा उत्पन्न कौल हो– "कुलोद्भवः कौलः" । तिनै कौलहरूको कुलको धर्मलाई कुलधर्म र आचारलाई कुलाचार वा कौलाचार भनिन्छ । कौलमार्ग र कौलमतको वारे लक्ष्मीधरले यसो भनेका छन्– "कौलैः मृग्यते अवलम्ब्यते इति कौलमार्गः कौलमतम् ।"[१६६]

तन्त्रालोकमा अभिनवगुप्तले कुलको अर्थ 'परमेश्वरको उपल्लो कोटिको शक्ति, स्वातन्त्र्य, ओज, वीर्य, पिण्ड, संवित् र शरीर हो भनेका छन्–

"कुलं च परमेशस्य शक्तिः सामर्थ्यमूर्ध्वता ।
स्वातन्त्र्यमोजो वीर्यं च पिण्डः संविच्छरीरकम् ॥"[१६७]

वास्तवमा मूलाधारस्थित कुण्डलिनी शक्ति नै कुल वा 'कुलस्त्री' हुन् सहस्रारस्थित परशिव नै 'कुलगुरु' वा 'अकुल' हुन्, यी कुलकुण्डलिनीलाई अकुलशिवसँग संयोजन गर्ने मार्ग वा पथ नै कुलमार्ग वा कुलपथ हो अर्थात् षट्चक्रको वाटो हो। षट्चक्रभेदनप्रक्रियाद्वारा कुलाकुलको संयोजन गर्ने साधक 'कौल' हो । तन्त्रान्तरको वचन छ–

"कुलं शक्तिरितिप्रोक्तमकुलं शिव उच्यते ।
कुलेऽकुलस्य सम्बन्धः कौलमित्यभिधीयते ॥"

कुण्डलिनीको मार्ग नै कुलपथ हो भनेर श्रीशङ्कराचार्यले भन्नु भएको छ– "सकलमपि भित्वा कुलपथं ।" "आनन्दलहरीको नवौं श्लोक 'महीं मूलाधारे' इत्यादिको व्याख्या गर्ने क्रममा लक्ष्मीधर भन्दछन्– "कुः पृथिवीतत्त्वं लीयते यत्र तत्कुलं आधारचक्रम्। लक्षणया सुषुम्णामार्गः

---

१६६ सौन्दर्यलहरी पृष्ठ २६९
१६७ तन्त्रालोक, २९. आह्निक

कुलमित्युच्यते । अत एव कौलाः कुलपूजकाः आधारसेवकाः इति कौलत्वं तेषामिति रहस्यम् ।"[१६८] भास्कररायले पनि पृथ्वीतत्त्व जहाँ लीन हुन्छ त्यो 'कुल' अर्थात् आधारचक्र हो र त्यसको सम्बन्धबाट लक्षणाद्वारा सुषुम्णामार्गलाई पनि 'कुल' भनिन्छ भनेका छन्– कुः पृथ्वीतत्त्वं लीयते यत्र तत्कुलं आधारचक्रं, तत्सम्बन्धाल्लक्षणया सुषुम्णामार्गोऽपि ।" आ-आफनो कुलदेवीलाई कुलपरम्परानुसार पूजा गर्नु पर्छ भन्ने शास्त्र वचन छ–

"यस्य यस्य हि या देवी कुलमार्गेण संस्थिता ।
तेन तेन च सा पूज्या बलिगन्धानुलेपनैः ॥
नैवेद्यैर्विविधैश्चैव पूजयेत्कुलमार्गतः ॥"

भविष्योत्तरपुराणले आचारलाई कुल मानेको छ–

"न कुलं कुलमित्याहु आचारः कुलमुच्यते ।"

त्यसैगरी दत्तात्रेयसंहिताले "मूलाधारादिकं चक्रषट्कं कुलमिति स्मृतम्" भनेको छ ॥[१६९] कुलार्णवतन्त्रले कुल, कौल र कौलिकको अर्थ यसरी गरेको छ[१७०]–

"कुलं गोत्रं समाख्यातं तच्च शक्तिशिवोद्भवम् ।
येन मोक्ष इति ज्ञानं कौलिकः सोऽभिधीयते ॥
अकुलं शिव इत्युक्तं कुलं शक्तिः प्रकीर्तिता ।
कुलाकुलानुसन्धानान्निपुणाः कौलिकाः प्रिये ॥
कौमारादिनिरोधत्वात् लयजन्मादिभञ्जनात् ।
अशेषकुलसम्बन्धात् कौल इत्यभिधीयते ॥"

महानिर्वाणतन्त्रअनुसार 'जीव, प्रकृति आदि नौ कुल हुन् र तिनीहरूमा ब्रह्मबुद्धिले आचरण गर्नु नै कुलाचार हो–

---

१६८ सौन्दर्यलहरी, पृष्ठ १००
१६९ योगतन्त्र विमर्शिनी प्रथम अंक पृष्ठ ४४ (वाराणसेय संस्कृत विश्वविद्यालय, २०२६)
१७० कुलार्णवतन्त्र पृष्ठ २१९, २२०

"जीवः प्रकृतितत्त्वञ्च दिक्कालाकाशमेवच ।
क्षित्यप्तेजोवायवश्च कुलमित्यभिधीयते ॥
ब्रह्मबुद्ध्या निर्विकल्पमेतेष्वाचारणञ्च यत् ।
कुलाचारः स एवाद्ये धर्मकामार्थमोक्षदः ॥"[१७१]

कौल कस्तालाई भन्ने भन्ने सम्वन्धमा यस्तो वचन पाइन्छ–
"षडङ्गं षट्प्रकारं च योगिनीः षट् षडध्वरम् ।
षट्पुरं सिद्धषट्कं च यो जानाति स कौलिकः ॥"

मार्ग/सम्प्रदाय

भारतवर्षलाई त्रिकोणको कल्पना गरी सो त्रिकोणको तीन विन्दुरूपमा केरल, काश्मीर र गौड (वङ्गाल) मा योन्याकार पराशक्तिको र मध्यविन्दुरूप काशीमा परशिवको उपासना गर्ने तान्त्रिक परम्परा शुरु भएको देखिन्छ ।[१७२] ती तीन स्थानमा प्रयुक्त भिन्न भिन्न आचार, व्यवहार, रीतिथिति र उपासना पद्धति समेतका आधारमा तत् तत् स्थलका नामवाट तीन भिन्न मार्ग खडा भए– केरलमार्ग, काश्मीरमार्ग र गौडमार्ग । यी तीन मार्गको अवलम्वन गर्नेहरूवाट तीन सम्प्रदाय उत्पन्न भए जसलाई क्रमशः केरलसम्प्रदाय, काश्मीरसम्प्रदाय र गौडसम्प्रदाय भन्दछन् ।

एकै पराशक्तिलाई हादिमतानुसार केरलमा कालिका, काश्मीरमा त्रिपुरा एवं गौडमा ताराको रूपमा उपासना हुने देखिन्छ। त्यसैगरी कादिमतानुसार केरलमा त्रिपुरा, काश्मीरमा तारिणी वाला एवं गौडमा कालीरूपमा उपासना हुन्छ। यस सम्वन्धमा शक्तिसङ्गमतन्त्रको यस्तो वचन छ–

---

१७१ महानिर्वाणतन्त्र-७।९७
१७२ तन्त्रसर्वस्व

"केरले कालिका प्रोक्ता काश्मीरे त्रिपुरामता ।
गौडे तारेति संप्रोक्ता सैव लोकोत्तरा भवेत्॥ "
"अथ कादौ केरले तु त्रिपुरा सा प्रकीर्तिता ।
काश्मीरे तारिणी बाला, गौडे काली प्रकीर्तिता ॥"[१७३]

काश्मीर र केरल श्रीविद्याको केन्द्र र गौड (कामारु कामाख्या) कौलमतको मुख्य स्थल मानिएको छ। शक्तिसङ्गमतन्त्रअनुसार केरलमा दुग्ध, काश्मीरमा भावना र गौडमा प्रत्यक्ष 'मकार' द्वारा पूजा हुन्छ–

"दुग्धेन केरले पूजा काश्मीरे भावना मता ।
गौडे प्रत्यक्षदानं स्यात् त्रितयं कीर्तितं मया ॥"[१७४]

सिद्धान्तसंग्रहको वचन भनी वृहत्पुरश्चर्यार्णवमा सम्प्रदायवारे यस्तो उल्लेख छ–

"सम्प्रदायानथो वच्मि गौडकाश्मीरकेरलान् ।
सर्वार्थसिद्धिसंकल्पपूजापुष्पार्पणादनु ॥
नैवेद्यान्ते च हवनं ताम्बूलान्ते बलिर्मतः ।
पूजनं वामहस्तेन दक्षहस्तेन तर्पणम् ॥
साक्षाद्दानं मकारेण हृदि देव्या विसर्जनम् ।
गौडाख्यसंप्रदायोऽयं सेवितो वामिभिः सदा ॥"[१७५]

अर्थात् नैवेद्यपछि हवन, ताम्वूलपछि वलि, वायाँ हातले पूजा, दायाँ हातले तर्पण, मपञ्चकको प्रत्यक्षदान र हृदयमा देवताको विसर्जन गौडसम्प्रदाय हो र यो वाममार्गीहरूद्वारा सेवित छ ।

त्यस्तै ताम्रपात्रमा गव्य, पिना, लसून, पायस, दूध आदि अनुकल्पको प्रयोग र सहस्रारमा देवीको विसर्जन कौलिकहरूको प्रिय काश्मीरसम्प्रदाय हो–

---

१७३ शक्तिसङ्गम तन्त्र, ५।२४, ५।३५
१७४ शक्तिसङ्गम तन्त्र, कालीखण्ड ९।२०
१७५ वृहत्पुरश्चर्यार्णव तृतीय खण्ड, पृष्ठ २८९

"ताम्रे गव्यादिपिण्याकं गृञ्जनं पायसं पयः ।
एते तत्त्वानुकल्पाश्च सहस्रारे विसर्जनम् ॥
काश्मीरसम्प्रदायोऽसौ विज्ञेयः कौलिकप्रियः ॥"

त्यसैगरी देवताप्रीतिको निमित्त संकल्प, पञ्चतत्त्वको भावनावाटै प्रयोग, दायाँ हातले पूजन, देब्रे हातले तर्पण, पूजापछि वलि समस्त कर्मको अन्तमा होम र हृदयमै उद्वासन मुनिहरूद्वारा उपासित केरलसंप्रदाय हो–

"संकल्पो देवताप्रीत्यै तत्त्वानां भावनैव हि ।
आत्मा विद्या शिवः सर्वः पूर्णश्चेति क्रमेण च ॥
पूजा पञ्चोपचारान्ते पूजान्ते च बलिर्भवेत् ।
पूजनं दक्षहस्तेन वामहस्तेन तर्पणम् ॥
होमः समस्तकर्मान्ते हृद्येवोद्वासनं स्मृतम् ।
केरलाख्यः सम्प्रदायो मुनिभिः समुपासितः ॥"

प्राचीन भारतवर्ष अन्तर्गतका कुन कुन देशमा कुन कुन सम्प्रदाय वा मार्गद्वारा उपासना हुन्छ भन्ने वारे शक्तिसङ्गमको यस्तो वचन छ–

"केरलश्चैव काश्मीरो गौडमार्गस्तृतीयकः ।
षट्पञ्चाशद्देशभेदात् सर्वत्र व्याप्य तिष्ठति ॥
अष्टादशषु देशेषु गौडमार्गः प्रकीर्तितः ।
नेपालदेशमारभ्य कलिङ्गान्तं महेश्वरि ॥
आर्यावर्तं समारभ्य समुद्रान्तं महेश्वरि ।
केरलाख्यः क्रमः प्रोक्तस्तूनविंशति देशके ॥
तदन्यदेशे देवेशि काश्मीराख्यः क्रमः शुभः ॥"[१७६]

---

१७६ शक्तिसङ्गमतन्त्र काली खण्ड चतुर्थपटल

अर्थात् नेपालदेखि कलिङ्गसम्मका १८ देशमा गौडमार्ग, आर्यावर्तदेखि समुद्रपर्यन्तका १९ देशमा केरलमार्ग र काश्मीर लगायत अन्य १९ देशमा काश्मीरमार्ग शुभ हुन्छ।

चारै पुरुषार्थ प्राप्तिको साधन शरीर हो– "शरीरमाद्यं खलु धर्मसाधनम्" । देह वा स्वास्थ्य ठीक नभई उपासना हुन सक्दैन–

"देहे नष्टे कुतो बुद्धिः बुद्धिहीने कुतो स्मृतिः ॥
स्मृतिहीने कुतो ज्ञानं ज्ञानहीने कुतो गतिः ॥"

जलवायु, भूगोल अनुसार सम्प्रदाय खडा भएको हुनाले उपासकले सम्प्रदाय मान्नु आवश्यक छ र सोही अनुसार चल्नु पर्दछ।

दीक्षा

देवताको उपासनाको लागि अधिकार प्राप्त गर्नुपर्दछ अर्थात् दीक्षित हुनपर्दछ ॥ दीक्षाप्राप्त व्यक्तिलाई दीक्षित भनिन्छ। गुरुवाट विधिपूर्वक प्राप्त हुने साङ्गोपाङ्ग मन्त्रोपदेशलाई नै तन्त्रमा 'दीक्षा' भनिन्छ। छोटकरीमा गुरुवाट विधिपूर्वक मन्त्रग्रहण गर्नु नै दीक्षा हो। दीक्षाले संस्कृत साधकलाई मात्र देवार्चनमा पूर्ण अधिकार प्राप्त हुन्छ–

"जपो देवार्चनविधिः कार्यो दीक्षान्वितैर्नरैः"[१७७]

दिव्यभाव प्रदान गर्ने र कल्मषलाई पखाल्ने हुनाले 'दीक्षा' भनिएको हो भन्ने कुलार्णवतन्त्रको वचन छ–

"दिव्यभावप्रदानाच्च क्षालनात् कल्मषस्य च ।
दीक्षेति कथिता सद्भिर्भवबन्धविमोचनात् ॥"[१७८]

मेरुतन्त्र, रुद्रयामलतन्त्रहरूले पनि दिव्यज्ञान प्रदान गर्ने र पापराशि नाश गर्ने हुनाले दीक्षा भनिएको हो भनेका छन्–

---

१७७ बृहत्पुरश्चर्यार्णव १।५१, ५३
१७८ कुलार्णवतन्त्र १७।५१

"दिव्यज्ञानं यतो दद्यात् कुर्यात् पापस्य संक्षयम् ।"

"दीयते ज्ञानविज्ञानं क्षीयन्ते पापराशयः । तेन दीक्षेति हि प्रोक्ता ॥"

तन्त्रालोकले दीक्षाको परिभाषा यस्तो गर्दछ–

"दीयते ज्ञानसद्भावः क्षीयते पशुबन्धना ।
दानक्षपणसंयुक्ता दीक्षा तेनेह कीर्तिता ॥"[१७९]

त्यस्तै–

"दीयते ज्ञानमत्यन्तं क्षीयते पापसञ्चयः ।
यया दीक्षेति संप्रोक्ता परलोकप्रदायिनी ॥"

वैशम्पायनसंहिता ले दीक्षाले धर्म, अर्थ, काम, मोक्ष चारै प्रदान गर्छ भन्दछ–

"सर्वसिद्धिकरी दीक्षा सर्वसंपत्प्रदायिनी ।
धर्मार्थकाममोक्षाँश्च ददात्येषा न संशयः ॥"[१८०]

अदीक्षित व्यक्तिको मन्त्रसाधन र देवार्चनादिमा कुनै अधिकार नहुने हुनाले दीक्षाद्वारा आफूलाई संस्कृत गर्नुपर्दछ भन्ने तन्त्रचिन्तामणिमा उल्लेख छ–

'तथा चादीक्षितानाञ्च मन्त्रदेवार्चनादिषु ।
नाधिकारोऽस्त्यतः कुर्यादात्मानं मन्त्रसंस्कृतम् ।"[१८१]

मेरुतन्त्रअनुसार, दीक्षाले शूद्रलाई वैश्य वनाउँदछ र स्त्रीहरूलाई शालग्रामादिको अर्चन गर्ने अधिकार दिन्छ–

"दीक्षायाः संस्कृतो देवि शुद्धत्वं नैव विद्यते ।
महामन्त्रप्रभावेण शुद्रो वैश्यत्वमाप्नुयात् ॥"

---

१७९ तन्त्रसर्वस्व, पृष्ठ २
१८० बृहत्पुरश्चर्यार्णव, १।५१
१८१ तन्त्रचिन्तामणि २।१०६

"दीक्षितैर्भक्तितः कार्या स्त्रीशूद्रैश्च महेश्वरि ।
शालग्रामं बाणलिङ्गपूजनात् सिद्धिदं भवेत् ।"[१८२]

दीक्षालेनै मनुष्यलाई शैवधाममा लैजान्छ–

"दीक्षैव मोचयत्यूर्ध्वं शैवं धामं नयत्यपि ।"

तर कैयौं दीक्षाहरूमा मन्त्र सुनिरहनु पर्दैन, शक्तिमान् गुरुले आफ्नो योगवलले दृष्टिपातले मात्र शिष्यको रूपान्तरण गर्दछन् । त्यस्तै कहीं स्पर्शमात्रले कहीं अन्य विधिद्वारा पनि शिष्यमा शक्तिपात गर्दछन् । दीक्षाको मूल उद्देश्य शिष्यको कुण्डलिनीजागरण एवं समग्र चेतनाको परिवर्तन हो । गुरुद्वारा शिष्यलाई संस्कृत गर्ने प्रक्रिया नै दीक्षा हो भन्न सकिन्छ र सामान्यतः बीजाक्षरको माध्यमवाट गुरुको शक्ति शिष्यमा प्रविष्ट हुन्छ ।

दीक्षाका भेद

कुलार्णवतन्त्रअनुसार दीक्षा मूलतः दुई प्रकारको हुन्छ– वाह्य र आभ्यन्तर । क्रियादीक्षा वाह्यदीक्षा हो भने वेधदीक्षा आभ्यन्तरदीक्षा हो –

"दीक्षा च द्विविधा प्रोक्ता बाह्याभ्यान्तरभेदतः ।
क्रियादीक्षा भवेद् बाह्या वेधाख्याभ्यन्तरी मता ॥"[१८३]

त्यसै गरी समय, विशिष्ट र निर्वाण गरी दीक्षा तीन प्रकारको मानिएको छ–

प्रथमं समया दीक्षा द्वितीयं च विशिष्टकम् ।
तृतीयं सर्वाधिकारं निर्वाणं भेददीक्षया ॥

शारदातिलकले क्रियावती, वर्णमयी, कलात्मा र वेधमयी गरी दीक्षाको चार भेद वताएको छ–

---

१८२ बृहत्पुरश्चर्यार्णव १।७२
१८३ कुलार्णवतन्त्र १४।७८

"चतुर्विधा सा संदिष्टा क्रियावत्यादिभेदतः ।
क्रियावती वर्णमयी कलात्मा वेधमय्यपि ॥"[१८४]

क्रिया-आयासरहित वेधदीक्षा पुनः तीन प्रकारको हुन्छ, स्पर्श, दृक् र मानस–

"स्पर्शाख्या देवि दृक्संज्ञा मानसाख्या महेश्वरि ।
क्रियायासादिरहिता देवि दीक्षा त्रिधा स्मृता ॥"

यसरी मोक्षदीक्षा सात प्रकारको मानिएको छ–

"क्रियावर्णकलास्पर्शवाग्दृङ्मानससंज्ञया ।
दीक्षामोक्षप्रदा देवि सप्तधा परिकीर्तिता ॥"[१८५]

त्यस्तै क्रियादीक्षा आठ प्रकारको हुन्छ भनेर कुलार्णव तन्त्रले भन्दछ–

"समयाख्या विशेषा च साधिका पुत्रिकाह्वया ।
वेधका पूर्णसंज्ञा चाचार्या निर्वाणसंज्ञिका ॥
क्रियादीक्षाष्टधा प्रोक्ताकुण्डमण्डपपूर्विका ।
कलसादिसमायुक्ता कर्तव्या गुरुणा बहिः ॥"

क्रियावती दीक्षा

क्रियावती दीक्षा कर्मकाण्डपरक हुन्छ र धेरै दिन लगाएर गरिन्छ। यसमा तीर्थस्नान र सहस्रगायत्रीजपपूर्वक दुई दिन एकभक्त वा निराहार उपवास वसेर, तेस्रो दिन अधिवास गरी चौथो दिन दीक्षा ग्रहण गरिन्छ। यसमा पञ्चवाद्य घोषका साथ गुरुकहाँ गइन्छ र गुरुको शरण परिन्छ। स्वप्नपरीक्षा, दन्तकाष्ठपरीक्षा गरी अशुभ स्वप्नादि भएमा शान्तिस्वस्ति गरिन्छ एवं कुण्डादिको निर्माण र हवनपूर्वक गुरुले शिष्यको दक्षकर्णमा

१८४ शारदातिलक ४।३
१८५ कुलार्णवतन्त्र १४।३९

तीनपल्ट मन्त्र सुनाउँदछन् । स्त्रीशूद्रादिले चाहिँ वामकर्णमा सुन्दछन् । मन्त्र सुनेपछि १०००, १०८, २८ वा ८ पटक जप गरी गुरुको चरणमा पर्नु पर्दछ । तीन दिन गुरुकहाँ निवास पछि गुरुको अनुमति लिई घर फर्किनु पर्छ । यो पनि पाँच किसिमको मानिएको छ–

"दीक्षाविधिं पञ्चविधं तद्राज्ञामुत्तमोत्तमम् ।
उत्तमं महदाढ्यानां सामान्यानान्तु मध्यमम् ॥
ब्राह्मणानामल्पयुक्तं यतीनामतिचाल्पकम् ॥"[१८६]

वर्णमयी दीक्षा

शिष्यको शरीरमा वर्णहरूको न्यास, प्रतिलोमबाट ती वर्णहरूको संहरण, शिष्यको चैतन्यलाई परमात्मामा संयोजन, पुनः वर्णहरूको एवं चैतन्यको पनि सृष्टिक्रमबाट शिष्यशरीरमा न्यास गर्नाले शिष्य देवतात्मा बन्दछ, यो नै वर्णमयी दीक्षा हो । मेरुतन्त्रले यसलाई ज्ञानदा र सर्वसिद्धिदा दीक्षा मानेको छ–

"ज्ञानदार्णमयी दीक्षा कथिता सर्वसिद्धिदा ।"
कुलार्णवतन्त्रले यसलाई पाशहरा मान्दछ–
"एषा वर्णमयी प्रोक्ता दीक्षा पाशहरा प्रिये ।"[१८७]

यो पनि वर्णहरूको संख्या अनुसार तीन प्रकारको मानिएको छ–

"वर्णदीक्षा त्रिधा प्रोक्ता द्विचत्वारिंशदक्षरैः ।
पञ्चाशद्वर्णैर्वा देवि द्विषष्टिलिपिभिस्तु वा ॥"

कलादीक्षा

निवृत्ति आदि पाँचकलाले पञ्चभूतमय शिष्यको देहमा पादादि मस्तकपर्यन्त संहारक्रमयोगले कलाको न्यास गरी गरिने दीक्षा कलावती

१८६ मेरुतन्त्र ३।२
१८७ कुलार्णवतन्त्र १४।४५

दीक्षा हो । कुलार्णवतन्त्रअनुसार कलावती दीक्षा तीन प्रकारको हुन्छ र यो विधिपूर्वक गर्नु पर्दछ– "कलादीक्षा त्रिधा ज्ञेया कर्तव्या विधिवत् प्रिये ।"

मेरुतन्त्रानुसार वैदिकमा पाँच कला, दक्षमा अठतीस कला र वाममा एकाउन्न कलायुक्त दीक्षा हुन्छ–

"अथ वक्ष्ये कलादीक्षामणिमाद्यष्टसिद्धिदाम् ।
वेदे पञ्चकला दीक्षा दक्षेऽष्टत्रिकला मता ॥
कुपञ्चाशत्कला वामे सिद्धमन्त्रगुरोस्तु सा ॥"

वेधमयी दीक्षा

गुरुले शिष्यको देहमा षट्चक्र चिन्तनपूर्वक, मूलाधारवाट कुण्डलिनी उत्थापन गरी अकुलशिवसँग मेलन गराउँछन् । यसबाट शिष्यमा सर्वज्ञता उत्पन्न हुन्छ र उ जीवन्मुक्त हुन्छ । मेरुतन्त्रमा यो दीक्षावारे यस्तो वचन छ–

"दीक्षां वेधमयीं वक्ष्ये यां लब्ध्वा त्यजते जनः ।
तत्कालमेव संसारं जीवन्मुक्तोऽभिजायते ॥"

स्पर्शदीक्षा

मन्त्रोच्चारणसहित हातमा गुरुरूप शिवको ध्यान गरेर शिष्यको स्पर्श गरिन्छ । कुलार्णवमा यस सम्वन्धमा यस्तो वचन छ–

"हस्ते शिवं गुरुं ध्यात्वा जपेन्मूलाङ्गमालिनीम् ।
गुरुः स्पृशेच्छिष्यतनुं स्पर्शदीक्षा भवेदियम् ॥"

वाग्दीक्षा

गुरुले स्वचित्तलाई तत्त्वमा लीन गराएर मन्त्रोच्चारणपूर्वक दिइने दिक्षा हो–

"चित्तं तत्त्वे समाधाय परतत्त्वोपबृंहितान् ।
उच्चरेत् संहतान्मन्त्रान् वाग्दीक्षेति निगद्यते ॥"

दृग्दीक्षा

गुरुले आँखा चिम्ली परमात्माको ध्यान गरेर अनि प्रसन्न भएर शिष्यको सम्यक् अवलोकन गर्दछन्। यो नै दृग्दीक्षा हो। यसवारे कुलार्णवतन्त्रमा यस्तो वचन छ–

"निमील्य नयने ध्यात्वा परतत्त्वं प्रसन्नधीः ।
सम्यक् पश्येद् गुरुः शिष्यं दृग्दीक्षा च भवेत् प्रिये ॥"

शाम्भवी दीक्षा

कुलार्णवतन्त्रको अनुसार गुरुको आलोकन, स्पर्श वा भाषणमात्रले शिष्यलाई तत्काल ज्ञान उत्पन्न हुने दीक्षा शाम्भवी दीक्षा हो –

"गुरोरालोकमात्रेण भाषणात् स्पर्शनादपि ।
सद्यः सञ्जायते ज्ञानं सा दीक्षा शाम्भवी मता ॥"

मानसदीक्षा

कुलार्णवतन्त्रको अनुसार मानसदीक्षा दुई प्रकारको हुन्छ– तीव्रा र तीव्रतरा । शिष्यको शरीरमा षड्ध्वज्ञानपूर्वक भुवन, तत्त्व, कला, वर्ण, पद र मन्त्रको कल्पना गरी जानु, नाभि, हृदय, कण्ठ, तालु र मूर्द्धासम्म गुरूपदिष्ट मार्गले वेध गर्नाले शिष्यको पाश छिन्न हुन्छ, यो तीव्रा हो–

"अध्वानं षड्विधं ज्ञात्वा शिष्यदेहे स्मरन् प्रिये ।
कल्पयेद् भुवनं तत्त्वं कलां वर्णं पदं मनुम् ॥
आजानुनाभिहृत्कण्ठतालुमूर्द्धान्तमम्बिके ।
गुरूपदिष्टमार्गेण वेधं कुर्याद्विचक्षणः ॥"

गुरुले सम्झना मात्र गर्नाले वेध भई वाह्यव्यापार विनिर्मुक्त भएर शिष्य भूमिमा लड्दछ र दिव्यभाव उत्पन्न भएर सर्वज्ञ बन्दछ, यो नै तीव्रतरा मानसदीक्षा हो–

"देवि तीव्रतरा चापि गुरुणा स्मृतिमात्रतः ।
सम्यक् संवेधिनः शिष्यश्छिन्नपापस्तदा भवेत् ॥
वाह्यव्यापारनिर्मुक्तो भूमौ पतति तत्क्षणात् ।
सञ्जातदिव्यभावोऽसौ सर्वं जानाति शाम्भवि ॥"

षडन्वयमहारत्नले दीक्षा तीन किसिमको मानेको छ– आणवी, शाक्तेयी र शाम्भवी । शाक्तेयी र शाम्भवी भेदले युक्त हुन्छ ।[१८८] वायवीयसंहिताअनुसार शिवजीले तीन प्रकारको दीक्षाको उपदेश गर्नुभएको छ– शाम्भवी, शाक्ती र मान्त्री । गुरुले ज्ञानमार्गबाट शिष्यको देहमा प्रवेश गरेर ज्ञाननेत्रद्वारा प्रदान गरिने ज्ञानवती दीक्षा शाक्ती हो । आणवी दीक्षा दश किसिमको हुन्छ–

"स्मार्त्ती मानसिकी यौगी चाक्षुषी स्पार्शनी तथा ।
वाचिकी मान्त्रिकी होत्री शास्त्री चेत्यभिषेचिकी ॥"

यी बाहेक अर्को सबैलाई हुने सरल दीक्षा छ– उपदेशदीक्षा । यसमा तीर्थादि एवं पर्वहरूमा केवल मन्त्रोपदेश हुन्छ ।

गोपीनाथ कविराजले उल्लेख गरे अनुसार दीक्षा मूलतः दुई प्रकारको हुन्छ सामान्य र विशेष । सामान्यलाई समयदीक्षा भनिन्छ र यो विशेषदीक्षाको भूमिकाको रूपमा आउँछ । शिष्यको मस्तकमा शिवहस्तको समर्पण नै समयदीक्षा हो ।[१८९]

---

१८८ बृहद्पुरश्चर्यार्णव २।८८
१८९ तान्त्रिकवाङ्मयमें शाक्तदृष्टि पृष्ठ ३३ (गोपीनाथ कविराज)

क्रमदीक्षा

मन्त्रविद्या वा तन्त्रमा पूर्ण अधिकार प्राप्तिको लागि क्रमदीक्षा ग्रहण गर्नुपर्दछ। क्रमिकरूपमा ग्रहण गरिने भएकोले यसलाई क्रमदीक्षा भनिएको हो। क्रमपूर्वक साधना गर्दै गएपछि कालान्तरमा साधकले मुक्ति प्राप्त गर्दछ। गीतामा भगवान् कृष्णले भन्नु भएको छ–

"अनेक जन्मसंसिद्धस्ततो याति परां गतिम् ।"

वास्तवमा क्रमदीक्षा क्रमपूर्वक निरन्तर उपासनाद्वारा अनेक देवताको एक देव वा एक देवी (वस्तुतः निर्वाण अर्थात् निराकार ब्रह्ममा) आफूलाई लीन गर्ने प्रक्रिया हो। योगदर्शनले पनि भन्दछ– "स तु दीर्घकालनैरन्तर्यसत्कारासेवितो दृढभूमिः ।" (योगदर्शन १।१४) क्रमदीक्षा पूर्ण भएपछि 'सर्वं खल्विदं ब्रह्म' भन्ने बोध हुन्छ। मनुष्यलाई त्यत्तिकै वैराग्य उत्पन्न हुँदैन, उत्पन्न भए पनि स्थायी हुँदैन। श्मशान वैराग्यको भरमा संन्यासी भएका धेरैको पतन भएको देखिएको छ। अतः क्रमिकरूपले मोक्षमा मन लगाउनु पर्दछ। देवऋण, ऋषिऋण र पितृऋण चुक्ता गरेर मात्र मोक्षमा मन लगाउनु पर्दछ भन्ने मनुको वचन छ–

"ऋणानि त्रीण्यपाकृत्य मनो मोक्षे निवेशयेत् ।
अनपाकृत्य मोक्षं तु सेवमानो व्रजत्यधः ॥"

क्रमदीक्षाको उद्देश्य यही हो र कौलमार्गको तत्त्व पनि यही हो।

यो क्रमदीक्षा शक्ति-उपासनापरक छ। श्रीविद्योपासना अन्तर्गतका तीन क्रमहरू कादि-हादि-सादि क्रमदीक्षाका विषय हुन्। कादि कालीक्रम हो, हादि सुन्दरीक्रम र सादि ताराक्रम हो। यसरी काली, तारा एवं सुन्दरी नै क्रमदीक्षाका मुख्य देवी हुन्–

"सुन्दरी तारिणी काली क्रमदीक्षाऽभिगामिनी ।"

यो क्रमदीक्षा देशिकाचार्यवाट विधानपूर्वक ग्रहण गर्नुपर्दछ, व्युत्क्रमवाट सिद्धि हुँदैन–

"देशिकेन क्रमज्ञेण दीयते यद् विधानतः ।
क्रमदीक्षेति तत्प्रोक्ता व्युत्क्रमो नैव सिद्धिदः ॥"

तन्त्रहरूको अनुसार क्रमदीक्षा अवलम्वन गरी महापूर्णक्रम समाप्त गर्ने उपासक साधक शिव नै वन्दछ–

"क्रमपूर्णो महेशानि क्रमाच्छम्भुर्भविष्यति ।"

महात्रिपुरसुन्दरी, गुह्यकाली र ताराको साधना क्रमदीक्षाग्रहण नगरी गर्नुहुँदैन, अन्यथा साधक दरिद्री, निन्दित र वातुल हुन्छ एवं मन्त्रक्षोभ प्राप्त गर्दछ भनेर तन्त्रले वताएको छ–

"श्रीविद्यायां कालिकायां तारायां परमेश्वरि ।
क्रमदीक्षां विना देवि यो जपेत् साधकाधमः ॥
स दरिद्री महाघोरी लक्ष्मीहीनस्तु निन्दितः ।
अथवा वातुलो भूयान्मन्त्रक्षोभमवाप्नुयात् ॥"[१९०]

उपर्युक्त तीन क्रममध्ये सादि वा ताराक्रम वौद्धमार्गीय अधराम्नायको विषय भएकोले मूलतः क्रमदीक्षाका देवी काली र सुन्दरी नै हुन् र यिनै 'कादि' मत र 'हादि' मतको नामले प्रसिद्ध छन् । यसवारे शक्तिसंगमतन्त्रको वचन यस्तो छ–

"काद्यं कालीमतं देवि हाद्यं श्रीसुन्दरीमतम् ।
द्वयं मिलित्वा कहाख्यं कादिहादिमतद्वयम् ॥"

कादि-हादि दुवै मिलेको मत 'कहादि' हो र यो गौण मत हो ।

क्रमपूर्ण भए पछि कादिमतमा काली अर्थात् कुब्जिकामा समष्टि हुन्छ भने हादिमतमा महात्रिपुरसुन्दरीमा समष्टि हुन्छ । कादिक्रमलाई 'कुण्डलीक्रम' पनि भनिन्छ र यसमा मूलतः उत्तराम्नायवाट प्रवेश गरी

---

१९० वृहत्पुरश्चर्यार्णव २।९५

पश्चिमाम्नायमा क्रमदीक्षाको समाप्ति हुन्छ। पश्चिमाम्नायलाई 'ज्येष्ठानुज्येष्ठाम्नाय' पनि भनिन्छ। हादिक्रममा दक्षिणाम्नायबाट प्रवेश गरी ऊर्ध्वाम्नायमा क्रमदीक्षापूर्ण हुन्छ। ऊर्ध्वाम्नायलाई 'बालातिबालाम्नाय' पनि भनिन्छ। सादिक्रम ग्रहण विना क्रमदीक्षापूर्ण नहुने भएकोले सादिक्रमको प्रतिनिधिको रूपमा उपसादिक्रम ग्रहण गर्नुपर्दछ। क्रमदीक्षामा 'अभिषेक' आवश्यक छ र यो मुख्यरूपले तीन किसिमको हुन्छ– शाक्ताभिषेक, कौलाभिषेक र पूर्णाभिषेक। पूर्णाभिषेकलाई पनि आचार्यहरूले लघुपूर्णाभिषेक र महापूर्णाभिषेक गरी दुई प्रकारको मानेका छन्।

समर्थ साधकहरूले पूर्णक्रम अवलम्बन गरेर महापूर्णाभिषेक प्राप्त गर्दछन्। महापूर्णाभिषेक गर्न असमर्थ साधकहरूका लागि शास्त्रले लघुपूर्णाभिषेकको विधि बताएको छ। पूर्णाभिषेक भएपछि साधकले पूर्णता प्राप्त गर्दछ र क्रमदीक्षा एक प्रकारले टुंगिन्छ।

महापूर्णाभिषेक प्राप्त गर्ने साधकहरूका लागि भने अर्को दीक्षाक्रम सुरु हुन्छ जसलाई साम्राज्यमेधाक्रम भनिन्छ। यो पनि दुई किसिमको छ– लघुसाम्राज्यमेधा र महासाम्राज्यमेधा। गृहस्थी साधकहरूले लघुसाम्राज्यमेधादीक्षा लिई 'अलेखिनी' विद्या प्राप्त गर्दछन्। वानप्रस्थमा प्रवेश गर्ने साधकले चाहीं महासाम्राज्यमेधादीक्षा ग्रहण गर्दछन् र यथार्थ 'अलेखिनी' मन्त्र प्राप्त गर्दछन्। यो महासाम्राज्यमेधादीक्षा भन्दा ठूलो दीक्षा लोकमै छैन भनेर वडवानलतन्त्रले भन्दछ–

"महासाम्राज्यदीक्षाया लोके परतरं नहि।
न न्यासं पूजनं तत्र नियमं नापि विद्यते॥"[१९१]

तन्त्रचिन्तामणितन्त्रले मेधादीक्षालाई प्रकारान्तरले उल्लेख गरेको छ जसमध्ये केही विद्यापरक छन् भने केही क्रमगत छन्। जसमा हादिक्रमको 'मेधा', कादिक्रमको 'साम्राज्यमेधा' एवं सादिक्रमको पनि 'मेधा' दीक्षा

---

१९१ बृहत्पुरश्चर्यार्णव २९९

भनिन्छ। त्यसैगरी मेधादीक्षाका अन्य भेदहरूमा दिव्यसाम्राज्य, महासाम्राज्य, सर्वसाम्राज्य आदि छन्। तन्त्रचिन्तामणि अनुसार दिव्यसर्वसाम्राज्यदीक्षा नै सर्वोत्तम हो र यो भन्दा ठूलो दीक्षा ब्रह्माण्डमै छैन–

"श्रीदिव्यसर्वसाम्राज्यदीक्षा सर्वोत्तरा भवेत् ।
ततोऽपि दीक्षा देवेशि नास्ति ब्रह्माण्डगोलके॥"[१०८]

वडवानलतन्त्रले क्रमदीक्षाका नौ भेदको उल्लेख गरेको छ–

"प्रकारनवकैर्भिन्ना क्रमदीक्षा विमुक्तिदा ।"[१०९]

यिनीहरू यसप्रकारका छन्– विद्याक्रम, काद्याम्नायक्रम, हाद्याम्नायक्रम, हादिपञ्चक्रम, कादिनवक्रम, हादिनवक्रम, सादिक्रम, महाक्रम र पूर्णक्रम। यो वाहेक अर्को संक्षिप्तक्रम छ जसलाई लघुक्रम भन्दछन्। 'श्रीचक्रको उपासना' मा 'महापूर्णक्रम' को पनि उल्लेख पाइन्छ।

यो क्रमदीक्षामार्गमा ग्रहण गरेको मन्त्रको पुरश्चरण गरी अर्को मन्त्र ग्रहण गर्नुपर्दछ। केही गुरुपरम्परामा भने गुरुले विचार गरी (यति समयमा शिष्यको आवश्यक जपसंख्या पुग्यो होला भनी) मन्त्र दिने चलन पनि देखिन्छ।

वृहद्वडवानलतन्त्रको अनुसार क्रमदीक्षा ग्रहण गर्ने साधकलाई नौ वर्ष सम्म नाना प्रकारका दुःख र आपत आइलाग्छ । साधकले विचलित नभई साधना गरेमा नौ वर्ष अगावै मन्त्रराज स्वयं सिद्ध हुन्छन् –

"प्रथमं वर्षनवकं क्रमदीक्षायुतस्य च ।
जायते बहवो विघ्ना दुःखापद्रोगरूपिणः ॥
नोद्वेगं साधको याति कर्मणा मनसा यदि ।
नवमाद् वत्सरादूर्ध्वं स्वयं सिद्ध्यति मन्त्रराट् ॥"

---

१०८ तन्त्रचिन्तामणि ११।१६
१०९ बृहत्पुरश्चर्यार्णव ३।०६

गुरु

तन्त्र संकेत विद्या भएकोले गुरु अवश्यै चाहिन्छ–

'संकेतविद्या गुरुवक्त्रगम्या ।"

चामुण्डातन्त्रले गुरूपदिष्ट क्रिया भुक्तिमुक्ति दिने हुन्छ, गुरुले न वताई स्वयं गरेका क्रिया निष्फल हुन्छ भनेको छ–

"गुरुमुख्या क्रियाः सर्वाः भुक्तिमुक्तिफलप्रदाः ।
गुर्वनुक्ताः क्रियाः सर्वा निष्फलाः स्युर्यतो ध्रुवम् ॥"[१९४]

कुलार्णवतन्त्रले 'अज्ञानरूपी अन्धकारलाई निवारण गर्ने भएकोले 'गुरु' भनिएको हो भन्दछ–

"गुशब्दस्त्वन्धकारः स्यात् रुशब्दस्तन्निरोधकः ।
अन्धकारनिरोधत्वात् गुरुरित्यभिधीयते ॥"[१९५]

सम्प्रदायरहित, क्रमरहित र गुरुरहित साधनावाट दरिद्रता उत्पन्न हुन्छ भनेर तन्त्रले भनेको छ–

"गुरुहीनात्क्रमत्यागात्सम्प्रदायवियोगतः ।
दारिद्र्यं प्रथमं भूयान्नात्र कार्या विचारणा ॥"[१९६]

त्यसैले क्रमदीक्षा ग्रहण गर्नको लागि क्रमयुक्त गुरुको शरण पर्नु पर्दछ–

"क्रमयुक्तं गुरुं प्राप्य क्रमं संप्रार्थयेत्सुधीः ।"

अव गुरु कस्तालाई वनाउने भन्ने सम्वन्धमा तन्त्रले गुरुको लक्षण यस्तो वताएको छ–

---

१९४ प्रवुद्धसनातन रहस्य ४११
१९५ कुलार्णवतन्त्र १।७
१९६ तन्त्रचिन्तामणि ११।३४

"मातृतः पितृतः शुद्धः शुद्धभावो जितेन्द्रियः ।
सर्वागमानां सारज्ञः सर्वशास्त्रार्थतत्त्ववित् ॥
परोपकारनिरतो जपपूजादितत्परः ।
अमोघवचनः शान्तो वेदवेदार्थपारगः ॥
योगमार्गानुसन्धायी देवताहृदयङ्गम ।
इत्यादिगुणसम्पन्नः गुरुरागमसंमतः ॥"[१९७]

अर्थात् मातृपितृकुल दुवै शुद्ध भएको, जितेन्द्रिय, सवै आगमको र शास्त्रहरूको तत्त्व वुझेको, उपकारी, जपपूजागर्ने, अमोघवचन भएको, शान्त, वेदवेदार्थमा पारंगत, योगाभ्यास गर्ने, देवता झैं मनोहर मूर्ति भएको आगम सम्मत गुरु हो । कुलार्णवतन्त्रले पनि उपर्युक्त लक्षणहरूको समर्थन गर्दै वेदवेदाङ्ग र आगमको रहस्य वुझेको, सर्वलक्षण सम्पन्न, सर्वमन्त्रको ज्ञाता, देशकाल वुझेको, सवै जीवमा दया राख्ने, सवैमा समभाव भएको, रागद्वेप भय क्रोध दम्भ अहंकार नभएको, प्राप्त भएको वस्तुमै सन्तोष गर्ने, स्त्री धन आदिमा अनाशक्त, अलोलुप, अहिंस्रक, पक्षपात नगर्ने, धनादिको लागि मन्त्र यन्त्र तन्त्रादि नवेच्ने, निन्दास्तुतिलाई तुल्य ठान्ने इत्यादि लक्षणले युक्त भएको व्यक्ति नै गुरु हुन योग्य छ भन्दछ ।

सर्वोल्लास तन्त्रले कुलीन गुरुको लक्षण यस्तो वताएको छ–

"कुलाचारी कुलज्ञानी कुलतत्त्वप्रदायकः ।
कुलागारे क्रियायुक्तः कुलीनो गुरुरीश्वरि ॥"[१९८]

कुलगुरुको सम्वन्धमा कुलार्णवले केही विशिष्ट लक्षणको उल्लेख यसरी गरेको छ–

"नवाधारं षडध्वानं षोडशाधारनिर्णयम् ।
यो जानाति विधानेन स गुरुः कथितः प्रिये ॥

---

१९७ शारदातिलक २-१४४
१९८ प्रवृद्धसनातनरहस्य पृष्ठ ३०

पिण्डं पदं तथा रूपं रूपातीतं चतुष्टयम् ।
यो वा सम्यग् विजानाति सः गुरुः कथितः प्रिये ॥
मूलादिब्रह्मरन्ध्रान्तसप्ताम्भोजदलेषु यः ।
जीवाचारफलं वेत्ति स गुरुर्नापरः प्रिये ॥

उपर्युक्त तन्त्र वचनहरूको अनुसार गुरु वनाइसकेर त्याग गर्नुहुँदैन । मन्त्र र देवतामा भेद नभए झैं देवता र गुरुमा पनि भेद छैन । तन्त्रशास्त्रमा पार लगाउने र पाशवाट छुट्कारा दिई पशुलाई पति वनाउने केवल गुरु नै हुन् । शिव रिसाएमा गुरुले वचाउँछन्, गुरु रुष्ट भएमा कसैले वचाउन सक्दैन–

"शिवे रुष्टे गुरुस्त्राता गुरौ रुष्टे न कश्चन ।"[१९९]

तर अनभिज्ञ गुरु भएमा अर्को गुरुको आश्रय लिन सकिन्छ । मधुलुव्ध भृङ्गले फूल फूल चाहारे झैं ज्ञानलुव्धले निरन्तर गुरुको खोजी गर्नुपर्दछ, यसमा दोष लाग्दैन भनेर शास्त्रले भनेको छ । कुलार्णवतन्त्रअनुसार 'जसलाई देख्दैमा परानन्द उत्पन्न हुन्छ मतिमान्ले त्यसैलाई गुरु वनाउनुपर्दछ–

"गुरोर्यस्यैव सम्पर्कात् परानन्दोऽभिजायते ।
गुरुं तमेव वृणुयान्नापरं मतिमान्नरः ॥"[२००]

शास्त्र अनुसार गुरु 'व्राह्मण' नै हुनुपर्दछ । ज्ञानार्णवतन्त्रअनुसार वीर, दिव्य र कुल कल्पहरूमा व्राह्मण नपाएमा क्षत्रियादि पनि[२०१] गुरु हुन सक्छन्, तर शूद्र कदापि गुरु हुन सक्दैन । क्षत्रिय र वैश्यवाट ध्यानादि विधि सिके पनि 'मूलमन्त्र' ग्रहण त व्राह्मणवाटै गर्नुपर्दछ । यो क्रमदीक्षामा

१९९ रुद्रयामल–२।६६
२०० कुलार्णवतन्त्र १३।११०
२०१ वृहन्पुरश्चर्यार्णव पृष्ठ ६८

अर्थात् तन्त्रमार्गमा केवल गुरु नै प्रमाण हुन्छन् । शैवागमतन्त्रले कुलतत्त्वज्ञाता गुरु दुर्लभ छ भन्दछ–

"गुरवो बहव सन्ति कुलमार्गाभिगाामिनः ।
कुलतत्त्वविहितज्ञो गुरुरेको हि दुर्लभः ॥"[२०२]

त्यसै गरी कुमन्त्र र कुऔषधी जान्ने गुरु थुप्रै पाइन्छन्, निगमागमशास्त्रज्ञ र मन्त्रज्ञ गुरु भूमण्डलमा दुर्लभ छ भन्ने तन्त्रवचन छ–

"गुरवो बहवः सन्ति कुमन्त्रौषधवेदिनः ।
निगमागमशास्त्रज्ञो मन्त्रज्ञो दुर्लभो भुवि ॥"

शिष्यलक्षण

शारदातिलकको अनुसार 'शिष्य पनि कुलीन, शुद्धचित्त, पुरुषार्थी, वेद पढेको, कुशल, सबै प्राणीमा दया गर्ने, आस्तिक, मातृपितृभक्त, मन वचन र कर्मले गुरुको सेवा गर्ने, जातिविद्याधनादिको अभिमान गुरुसँग नगर्ने हुनुपर्छ–

"शिष्यः कुलीनः शुद्धात्मा पुरुषार्थपरायणः ।
अधीतवेदः कुशलो दूरमुक्तमनोभवः ॥
एतादृश गुणोपेतः शिष्यो भवति नापरः ।"[२०३]

कुलार्णवतन्त्रले शिष्यको लक्षण यस्तो गरेको छ–

"दृढव्रतं सदाचारं श्रद्धाभक्तिसमन्वितम् ।
कृतज्ञं पापभीतं च साधुसज्जनसंगमम् ॥
जितेन्द्रियं सुसंतुष्टं धीमन्तं ब्रह्मचारिणम् ।
गुरुध्यानादिनिरतं मोक्षमार्गाभिकांक्षिणम् ॥"

---

२०२ प्रबुद्धसनातनरहस्य पृष्ठ ३८
२०३ शारदातिलक २।१४५-१५३

तन्त्रहरुले ब्राह्मण भए एक वर्ष, क्षत्रिय भए दुई वर्ष, वैश्य भए तीन वर्ष र शूद्र भए चार वर्षसम्म परीक्षा गरेर मात्र शिष्य बनाउनु भन्दछन्–

"एकाब्देन भवेद् योग्यो ब्राह्मणोऽब्दद्वयान् नृपः ।
वैश्यो वर्षैस्त्रिभिः शूद्रश्चतुर्भिर्वत्सरैर्गुरोः ॥
स सुश्रूषु परिग्राह्यो दीक्षायागव्रतादिषु ।"[२०८]

गुरुको विशेष विचार (मार्ग भेदले गुरु भेद)

रुद्रायामलतन्त्रअनुसार वैष्णवको लागि वैष्णव, शैवको लागि शैव, शाक्तको लागि शाक्त वा शैव गुरु ग्राह्य हुन्छ–

"वैष्णवे वैष्णवो ग्राह्यः शैवे शैवश्च शाक्तिके ।
शैवः शाक्तोऽपि सर्वत्र दीक्षास्वामी न संशयः ॥"

महानिर्वाणतन्त्रको वचन अनुसार कौल सर्वत्र गुरु हुन सक्छन्–

"शाक्ते शाक्तो गुरुः शस्तः शैवे शैवो गुरुर्मतः ।
वैष्णवे वैष्णवः सौरे सौरो गुरुरुदाहृतः ॥
गाणपे गाणपश्चैव कौलः सर्वत्र सद्गुरुः ॥"[२०९]

मन्त्र

मन्त्रिगुप्तभाषणे यो धातुमा घञ् प्रत्ययको योगले मन्त्रशब्द बन्दछ– मन्त्र्यते गुप्तं परिभाष्यते इति मन्त्रः । अथवा मन्त्रयते गुप्त भाषते इति मन्त्रः (मन्त्रि गुप्तभाषणे + अच्) ।

शास्त्रको अनुसार मन्त्र नै देवता हुन्– "मन्त्रमय्यो देवता ।" साधकहरूलाई फलप्रदान गर्न देवताहरूले नानारूप लिएका छन् ती मध्ये मुख्य स्वरूप मन्त्र नै हो भन्ने मेरुतन्त्रको वचन छ–

---

२०८ शारदातिलक २।१५३
२०९ महानिर्वाणतन्त्र १०।२०१

"साधकानां फलं दातुं तत्तद्रूपं धृतं सुरैः ।
मुख्यस्वरूपं तेषां तु मन्त्रा एव न चेतरत् ॥"[२०२]

मातृकाक्षरबाट नै मन्त्रको उत्पत्ति हुन्छ, अतः प्रत्येक वर्ण मन्त्ररूप छ–

"मातृकावर्णभेदेभ्यः सर्वे मन्त्राः प्रजज्ञिरे ।"[२०३]

ब्रह्मपुराणले मन्त्रको परिभाषा यस्तो गरेको छ–

"ॐकारादि समायुक्तं नमस्कारान्तमीरितम् ।
स्वनाम सर्वतत्त्वानां मन्त्र इत्यभिधीयते ॥"

तथापि 'मंत्र गुप्तपरिभाषणे' अनुसार देवताविशेषको उपासनाका लागि गुरुले गुप्तरूपमा उपदेश गरेको बीजाक्षर नै मन्त्र हो। मननबाट ज्ञानविज्ञान प्रदान गर्ने र भवबन्धनबाट त्राण दिने हुनाले मन्त्र भनिएको हो–

"मननाद्विश्वविज्ञानं त्राणं संसारबन्धनात् ।
यतः करोति संसिद्धिं मन्त्र इत्युच्यते ततः ॥"

अमिततेजा देवको तत्त्वरूप मननबाट सबै खाले भयबाट रक्षा गर्ने हुनाले मन्त्र भनिएको हो भन्ने कुलार्णवतन्त्रको वचन छ–

"मननात्तत्त्वरूपस्य देवस्यामिततेजसः ।
त्रायते सर्वभयतस्तस्मान्मन्त्र इतीरितः ॥"

त्यस्तै– मननात् त्रायते यस्मात् तस्मान् मन्त्रः प्रकीर्तितः ।

मन्त्र मूलतः दुई प्रकारको हुन्छ–वैदिक र तान्त्रिक। वेदका ऋचा काण्डका एवं ब्रह्मगायत्री बाहेक अन्य सबै मन्त्रहरू तान्त्रिक हुन्

---

२०२ मेरुतन्त्र ४।३
२०३ शारदातिलक २।५९

भन्ने पाइन्छ। तान्त्रिक मन्त्रको दुई भेद हुन्छ– 'मन्त्र' र 'विद्या'। पुरुषदेवतापरकलाई 'मन्त्र' र स्त्रीदेवतापरकलाई 'विद्या' भन्दछन्–

"मन्त्राः पुंदेवता ज्ञेया विद्याः स्त्रीदेवताः स्मृताः।"

त्यसै गरी तन्त्रशास्त्रले मन्त्रको पुनः पुं-स्त्री-नपुंसक गरी तीन प्रकार मानेको छ। मन्त्रको उच्चारण गर्दा ध्वनितरङ्ग (Cardiogram मा झैं) जसको एकनासको सीधा हुन्छ त्यसलाई पुंमन्त्र, जसको ध्वनितरङ्ग किर्मिर हुन्छ त्यो स्त्रीमन्त्र एवं जसको ध्वनितरङ्ग कहीं सीधा कहीं किर्मिर हुन्छ त्यसलाई नपुंसक मन्त्र भन्दछन्। शारदातिलक अनुसार 'हुँ' 'फट्' अन्त्यमा हुने पुंमन्त्र, 'स्वाहा' अन्त्यमा हुने स्त्रीमन्त्र, एवं 'नमः' अन्त्यमा हुने नपुंसक मन्त्र हो–

"पुंस्त्रीनपुंसकात्मानो मन्त्राः सर्वे समीरिताः।
पुमन्त्राः हुँफडन्ताः स्युर्द्विठान्ताः स्यु स्त्रियो मताः॥
नपुंसका नमोऽन्ताः स्युरित्युक्ता मनवस्त्रिधा॥"[२०८]

त्यस्तै 'वषट्' अन्त्यमा हुने पुंमन्त्र, वौषट् अन्त्यमा हुने स्त्रीमन्त्र मानिन्छ। मन्त्रका अक्षर अनुसार पुनः पाँच भेद मानिएको छ, जस अनुसार एकाक्षरीलाई 'पिण्ड' द्वयक्षरीलाई 'कर्तरी', तीनदेखि नौ अक्षरको मन्त्रलाई 'वीज', दश अक्षरदेखि वीस अक्षरसम्मको लाई 'मन्त्र' र वीसभन्दा अधिक अक्षर हुनेलाई 'मालामन्त्र' भन्दछन् –

"मन्त्रा एकाक्षराः पिण्डाः कर्तयोर्द्वयक्षरा मताः।
वर्णत्रयं समारभ्य नवार्णावधिबीजकाः॥
ततो दशार्णमारभ्य यावद्विंशति मन्त्रकाः।
अत ऊर्ध्वं गता मालास्तासु भेदो न विद्यते॥"[२०९]

---

२०८ शारदातिलक २-५८।५९.
२०९ कल्याण उपासना अंक पृष्ठ २३०

सामान्यतः नाद र विन्दुले युक्त भएपछि प्रत्येक वर्ण 'वीज' भन्दछन् । पुच्छवीज अर्थात् 'हुं-फट्-नमः-स्वाहा-वषट्-वौषट्' नभएका मन्त्रको लिङ्गवारे गौरीकञ्चुकीयतन्त्रले यस्तो व्यवस्था वताएको छ–

पुंमन्त्र – अन्त्यमा 'अ-ए-उ-ऊ-ओ' हुने एवं वौषट् वाहेक सवै हलन्त्यवर्ण ।

स्त्रीमन्त्र – अन्त्यमा 'आ-इ-ई-औ-ए-विच्चे' हुने ।

नपुंसकमन्त्र – अन्त्यमा 'ऋ-ॠ-लृ-ॡ' हुने ।

विसर्ग, नाद र विन्दुयुक्तको पनि अक्षरानुसार नै लिङ्ग हुन्छ । त्यसै गरी धेरै संयुक्त हलवर्ण भएका मन्त्रलाई 'कूट' भन्दछन् ।

मेरुतन्त्रले 'स्त्रीमन्त्रलाई 'भुक्तिदायक' र पुंमन्त्रलाई 'मोक्षदायक' मानेको छ– "स्त्रीमन्त्रो भोगदः प्रोक्तः पुंमन्त्रो मोक्षदः परम् ।
उभयोपासनं देवा भुक्तिमुक्तिप्रदायकम् ॥"[२१०]

निरुक्तमा यास्कले कौत्सको मत उल्लेख गरेका छन्– "अनर्थका मन्त्राः" । अर्थ नभएको मरा मरा जपेर वाल्मीकि सिद्ध भए भन्ने र निरर्थक ऐं-ऐं को उच्चारण मात्रले भगवती प्रकट हुनुभयो भन्ने पुराणादिको कथनवाट 'मन्त्र' को उच्चारण नै महत्त्वपूर्ण देखिन्छ तर पनि शास्त्रहरूले अर्थज्ञानपूर्वक मन्त्र जप्नुपर्दछभनेका छन् ।

मन्त्रजप

सनत्कुमारसंहिता अनुसार विषयवाट मन हटाएर मन्त्रको अर्थको चिन्तन गर्दै मोतीको दाना झैं स्पष्ट अलग अलग न चाँडो न ढीलो वर्णको उच्चारण गर्नुपर्दछ ।

"मनः संहृत्य विषयान् मन्त्रार्थगतमानसः ।
न द्रुतं न विलम्बित्वं जपेन्मौक्तिकपंक्तिवत् ॥"

---

२१० बृहत्पुरश्चर्यार्णव १।८।१

याज्ञवल्क्यको अनुसार शिर र ग्रीवा नहल्लाई, दाँत नदेखाई, जिह्वा र ओष्ठ नचलाई मनले जप गर्नुपर्दछ–

"जपेत्तु मनसा मन्त्रं जिह्वौष्ठौ न विचालयेत् ।
न कम्पयेच्छिरोग्रीवां दन्तान्नैव प्रकाशयेत् ॥"

जपको महत्त्व

विधियज्ञभन्दा जपयज्ञ दशगुना विशिष्ट छ भनेर मनुले भनेका छन्–

"विधियज्ञाज्जपयज्ञो विशिष्टो दशभिर्गुणैः ।"

त्यसैगरी श्रीकृष्णले भन्नु भएको छ–"यज्ञानां जपयज्ञोऽस्मि ।" व्राह्मणको लागि जपसमान अरु केही छैन भन्ने मनुको वचन छ–

"जप्येनैव तु संसिध्येद् व्राह्मणो नात्र संशयः ।
कुर्यादन्यद् न वा कुर्यात् ॥"

तन्त्रले जपवाटै सिद्धि हुन्छ यसमा संशय छैन भनेको छ–

"जपात् सिद्धिर्जपात् सिद्धिर्जपात् सिद्धिर्न संशयः ।"

जपको प्रकार

'जप व्यक्तायां वाचि' र 'जप मानसे च' भन्ने पाणिनिसूत्र अनुसार जप वाचिक र मानसिक दुई प्रकारको देखिन्छ तथापि शास्त्रहरूले जपको अर्को भेद मानेका छन्– उपांशु ।

अतः जप तीन प्रकारको हुन्छ, मानस, उपांशु र वाचिक–

"वाचिकश्च उपांशुश्च मानसश्च त्रिधा स्मृतः ।
त्रयाणां जपयज्ञानां श्रेयान् स्यादुत्तरोतरः ॥"

वर्ण-स्वर-पद-पादको विचारपूर्वक मन्त्रार्थ चिन्तन गर्दै मनले नै जपिने मानस जप हो–

"धिया मन्त्राक्षरश्रेणीं वर्णस्वरपदात्मिकाम् ।
उच्चरेदर्थसंस्मृत्या स उक्तो मानसो जपः ॥"

त्यस्तै–

"धिया यदक्षरश्रेण्या वर्णाद् वर्णं पदात् पदम् ।
शब्दार्थचिन्तनाभ्यासः स उक्तो मानसो जपः ॥"

देवताको चिन्तन गर्दै जिह्वा र ओष्ठको अलिकति परिचालनपूर्वक आफ्नो कानले मात्र सुनिने गरी जप गर्नु उपांशुजप हुन्छ–

"शनैरुच्चारयेन्मन्त्रमीषदोष्ठौ प्रचालयन् ।
किञ्चित् शब्दं स्वयं विद्यादुपांशुः स जपः स्मृतः ॥"

सबैले सुनिने गरी उदात्त, अनुदात्त, स्वरित, स्वर सहित स्पष्ट उच्चारण गर्नु वाचिक जप हुन्छ–

"यदुच्चनीचस्वरितैः स्पष्टशब्दवदक्षरैः ।
मन्त्रमुच्चारयेद् व्यक्तं जपयज्ञः स वाचिकः ॥"

वाचिक भन्दा उपांशु र उपांशु भन्दा मानस जप नै उत्तम हुन्छ भनेर सनत्कुमारसंहिताले भन्दछ–

"वाचिकाल्लक्षगुणित उपांशुः परिकीर्तितः ।
उपांशोः कोटिगुणितो मानसस्तु प्रशस्यते ॥"

कुलार्णवतन्त्रअनुसार मानस जप मोक्षप्रदायक, उपांशु सिद्धिप्रदायक र वाचिक क्षुद्रकर्म अर्थात् षट्कर्म[२११] (मारण-मोहन-उच्चाटन-वशीकरण (आकर्षण)-स्तम्भन र विद्वेषण) परक छ ।

डामरतन्त्रले वचनले जप गर्ने र मनले स्तोत्रपाठ गर्नेको जपपाठादि निष्फल हुन्छ भनेको छ–

---

[२११] शारदातिलक (२३।१२२) अनुसार- "शान्ति वश्यस्तम्भनानि विद्वेषोच्चाटने ततः ।
मारणान्तानि शंसन्ति षट्कर्माणि मनीषिणः ॥"

"मनसा यः स्मरेत् स्तोत्रं वचसा च मनुं जपेत् ।
उभयं निष्फलं याति भिन्नभाण्डोदकं यथा ॥"[२१२]

कुलार्णवतन्त्रअनुसार मन एकातिर शिव अर्कोतिर, त्यस्तै शक्ति र वायु एक अर्कोतिर भएमा करोडौं जपे पनि सिद्ध हुँदैन । त्यसै गरी मन्त्रको अवयवज्ञानरहित जप पनि निष्फल हुन्छ ।

मन्त्रको अवयव

मन्त्रार्थ, मन्त्रचैतन्य र मन्त्रशिखा यी मन्त्रका तीन प्रधान अवयव हुन् । प्राणायाम, आसन र योनिमुद्रा यी तीन गौण अवयव हुन् ।

मन्त्रार्थ

मन्त्रको स्वर र व्यञ्जनवर्णको पृथक् ज्ञान सहित त्यसको समग्र अर्थको ज्ञान नै मन्त्रार्थको ज्ञान हो । जस्तो माया वीजमा 'ह' (आकाश), 'र' (तेजोरूप), 'ई' (कामकला), नाद (विमर्श) एवं विन्दु (प्रकाश) हो । अतः यी सवैको संयुक्त रूप नै मायावीजको अर्थ हो। मायावीजको अर्थवारे देवीभागवतमा यस्तो वचन छ,–

"हकारं विश्वमात्मानं रकारे प्रविलापयेत् ।
रकारं तैजसं देवमीकारे प्रविलापयेत् ॥
ईकारं प्राज्ञमात्मानं ह्रींकारे प्रविलापयेत् ॥"

मन्त्रचैतन्य

मन्त्र र अधिष्ठाता देवको ऐक्य जान्नु, देवताको सगुण मूर्तिको निर्गुणार्थ सम्झी दीपशिखाकार सर्वसाक्षीरूप गुरुमा घटाउनु, ती गुरुलाई आफ्नो आत्मा सम्झी आत्मा र मन्त्रको निर्गुणार्थको ऐक्य भावको जागर्ति गराउनु नै मन्त्रचैतन्य हो ।

---

२१२ प्रवुद्धसनातनरहस्य पृष्ठ १३४

मन्त्रशिखा

मूलाधारमा रहेकी कुलकुण्डलिनीको ब्रह्मरन्ध्र (परशिव) सम्मको यातायातमा (अर्थात् प्रकम्पनमा) मनोलय गर्नु नै मन्त्र शिखा हो। मन्त्रशिखालाई सर्वमन्त्रप्रदीपिनी भन्दछन्। शिखाहीन मन्त्र कहिलेपनि सिद्ध हुँदैन भनेर तन्त्रले भन्दछ– "शिखाहीनास्तथा मन्त्रा न सिध्यन्ति कदाचन।"

जपको सम्पत्ति वा सामान

मेरुतन्त्रले जपको सम्पत्ति अर्थात् जपको तत्त्व वा सामग्री बारेमा यस्तो भनेको छ–

"मनः संहरणं शौचं मौनं मन्त्रार्थचिन्तनम्।
अव्यग्रत्वमनिर्वेदो जपसंपत्तिकारकम्।"

मन्त्रको जाति

सौत्रामणितन्त्रअनुसार मायावीज 'व्राह्मण', श्रीवीज 'क्षत्रिय', कामवीज 'वैश्य', वाग्भववीज 'शूद्र' हो। यी चार वीजरहित मन्त्रलाई "पौलस्त्य' भनिन्छ–

"मायाबीजं ब्राह्मणः स्याच्छ्रीबीजं क्षत्रियः स्मृतः।
कामबीजं भवेद् वैश्यो वाग्भवं शूद्र ईरितः॥
चतुर्बीजपरित्यक्तो मन्त्रः पौलस्त्यसंज्ञकः॥"[२१३]

अधिकारी भेदले मन्त्र भेद

व्राह्मणको लागि चारै वीज (माया-रमा-काम-वाक्), क्षत्रियलाई तीन वीज (रमा-काम-वाक्), वैश्यलाई दुई वीज (काम-वाक्) र शूद्रलाई एक वीज (वाक्) को अधिकार छ–

---

२१३ मेरुतन्त्र १।९.४

"चतुर्बीजं ब्राह्मणानां क्षत्रियाणां त्रिबीजकम् ।
बीजद्वयं तु वैश्यानां शूद्राणां त्वेकबीजकम् ॥"

त्यस्तै–

"ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्राः पौलस्त्यजातयः ।
पञ्चधा मनवः ख्याताः प्रदेयाश्चानुलोमतः ॥"[२१४]

नारदपाञ्चरात्रले स्त्री र शूद्रलाई स्वाहा र प्रणव रहित मन्त्र दिनु भन्दछ–

"स्त्रीशूद्रेभ्यो मनुं दद्यात् स्वाहाप्रणववर्जितम् ।"

याज्ञवल्क्यसंहिताले स्त्री र शूद्रलाई वैदिकमा अधिकार छैन, अतः वैष्णवमन्त्र र नमोन्त शैवमन्त्र दिनु भनेको छ–

"न वैदिकं जपेच्छूद्रः स्त्रियश्चैव कदाचन ।
नमोऽन्तं शैवमन्त्रं वा वैष्णवं चेष्यते बुधैः ॥"

वाममार्गमा वैदिकमन्त्र र प्रणवयुक्त मन्त्र वर्जित छ भन्ने तन्त्रचिन्तामणिको वचन छ–

"वाममार्गे वेदमन्त्रो वज्रपातसमः स्मृतः ।" "वामे प्रणववर्जितान् ।"[२१५]

तन्त्रचिन्तामणिमा उल्लेख भएअनुसार क्षत्रियलाई मायावीजमा र वैश्यलाई श्रीवीजमा पनि अधिकार छ । त्यस्ते नमः हुं, फट् आदि मन्त्र सङ्कर (मिश्रितवर्ण) को लागि उचित हुन्छ–

"हृदादिहुँफट्कारादि सङ्कराणां प्रशस्यते ।"

---

२१४ मेरुतन्त्र १।९३ ।
२१५ तन्त्रचिन्तामणि पृष्ठ ११४

तन्त्रचिन्तामणिमा वर्णअनुसार देवताविशेषको मन्त्रको अधिकार हुने व्यवस्था देखिन्छ। त्यसैगरी हीनवर्णलाई अधिकवर्णयुक्त मन्त्र निषिद्ध एवं द्विजको लागि शावर र पुलस्त्य आदि मन्त्र निषिद्ध छ–

"शावराश्च पुलस्त्याश्च न जाप्या द्विजजन्मनि ।"[२१६]

दीक्षा (मन्त्रश्रवण) निषेध

गणेशविमर्शिणीतन्त्रअनुसार वावु, जोगी, वनवासी, र आश्रमको ठेगाना नभएकावाट दीक्षा ग्रहण गर्नुहुँदैन–

"पितुर्दीक्षा यतेर्दीक्षा दीक्षा च वनवासिनः ।
विविक्ताश्रमिणो दीक्षा न सा कल्याणदायिनी ॥"[२१७]

रुद्रयामल एवं योगिनीतन्त्रअनुसार मातामह, दाजु, वैरिपक्षाश्रितसँग पनि मन्त्र श्रवण गर्न हुँदैन। ताराकल्प र श्रीकल्पमा भने पितृदीक्षा निषेध छैन–

"मनुर्विमृश्य दातव्यो ज्येष्ठपुत्राय धीमते ।"

पितृदीक्षासम्वन्धमा मत्स्यपुराणको यस्तो वचन छ–

"निर्वीर्यं हि पितुर्मन्त्रं शैवे शाक्ते न दुष्यति ।"

त्यसै गरी विष्णुमन्त्र सम्वन्धमा पनि पितृदीक्षा निषिद्ध छैन भन्ने पाइन्छ। विधवा वाहेक स्त्रीवाट पनि मन्त्रग्रहण शुभ हुन्छ, आमावाट पाएको त आठगुना असल हुन्छ भन्ने योगिनीतन्त्रको वचन छ–

"स्त्रियो दीक्षा शुभा प्रोक्ता मातुश्चाष्टगुणा स्मृता ॥"

---

२१६ तन्त्रचिन्तामणि ३।१९.७
२१७ वृहत्पुरश्चर्यार्णव १।३६

शक्तियामल अनुसार सिद्धमन्त्र ग्रहण गर्न गुरुको विचार गर्नु पर्दैन । महापूर्णाभिषिक्त अवधूत गुरु पाए त जीवन सार्थक हुन्छ भन्ने तन्त्रविद्हरूको भनाई छ ।

दीक्षाग्रहण मुर्हूत

दीक्षा वा मन्त्रग्रहण जुनसुकै वेला गर्न हुँदैन । तन्त्रशास्त्रले मास, पक्ष, तिथि, वार, नक्षत्र, लग्न, योग, करण, काल इत्यादिको शुभाशुभ विचारपूर्वक दीक्षा लिनुपर्दछ भनेको छ । यसमा पनि मार्गभेद र विद्याभेदले केही भेद देखिन्छ। सामान्यतः सवै मत को लागि उपयुक्त 'मुहूर्त' पञ्चाङ्गहरूवाटै थाहा पाउन सकिन्छ। दीक्षा ग्रहण गर्न चाहनेले वैदिक तान्त्रिक मत एवं परम्पराको समेत ज्ञान भएका ज्योतिषिवाट निर्धारित 'शुभमुर्हूत' मा दीक्षा ग्रहण गर्नुपर्दछ । देवीमन्त्रग्रहणको लागि तिथि क्षयवृद्धि नभएको आश्विन नवरात्र अन्तर्गत 'महाष्टमी' उत्तम हुने नेपाली परम्परा देखिन्छ ।

क्रमदीक्षा ग्रहण गरेका साधकको लागि गुरु जहिले सन्तुष्ट हुन्छन् त्यो नै शुभ मुहूर्त्त हो भन्ने तन्त्रशास्त्रको भनाई छ–

"यस्मिन्नहनि सन्तुष्टो गुरुः सर्वे शुभावहाः ।"

त्यसै गरी ग्रहण (विशेषतः सूर्यग्रहण) र महातीर्थहरूमा पनि कालविचार गरिरहनु पर्दैन भन्ने योगिनीतन्त्रको वचन छ–

"ग्रहणे च महातीर्थे नास्तिकालविनिर्णयः ।"

त्यसै गरी सामान्यतः दक्षमार्गमा निषिद्ध सबैकुरा वाममार्गमा प्रशस्त हुन्छ भन्ने तन्त्रको भनाई छ –

"वामिनां यवनानां च विरुद्धं बहुधा शुभम् ।"[२१८]

---

२१८ मेरुतन्त्र-३।२४१

दीक्षाग्रहण स्थान

गोष्ठमा, गुरुको घरमा, देवताको मन्दिरमा, वगैंचामा, पुण्यक्षेत्रहरूमा, महानदीका तट एवं संगममा, आफ्नै घरमा, पूजाकोठामा दीक्षा ग्रहण गर्न सकिन्छ। यामलले निम्न स्थानमा कालाकालको शोधन गरी रहनु पर्दैन भन्दछ–

"पुण्यतीर्थे कुरुक्षेत्रे देवीपीठचतुष्टये ।
प्रयागे श्रीगिरौ काश्यां कालाकालं न शोधयेत् ॥"[२१९]

अनुकूल मन्त्र मात्र ग्रहण गर्नुपर्दछ

आफ्नो परम्पराप्राप्त मन्त्र भन्दा अतिरिक्त तान्त्रिकमन्त्रको ग्रहण गर्दा मन्त्र जुराएर मात्र ग्रहण गर्नुपर्दछ– "स्वताराराशिकोष्ठानामनुकूलं भजेन्मनुम्"[२२०] । आफ्नो राशि अनुसार उपयुक्त मन्त्र निर्धारणको लागि तन्त्रशास्त्रमा विभिन्न चक्रहरूको व्यवस्था देखिन्छ। ती मध्ये कुलाकुलचक्र-राशिचक्र-नक्षत्रचक्र-अकडमचक्र-ऋणिधनिचक्र-दन्तचक्र-अकथहचक्र-वर्गचक्र-गणचक्र-षट्पदमातृकाचक्र इत्यादिको तन्त्रहरूमा उल्लेख पाइन्छ ।

सामान्यतः उपर्युक्त सवै जुर्नु पर्दछ। तथापि वाराहीतन्त्रले विद्या विशेपको लागि चक्रविशेप जुरे पुग्छ भन्दछ–

"कोष्ठशुद्धिर्वरारोहे महालक्ष्म्यां कुलाकुलम् ।
नामादिचक्रं सर्वेषां भूतचक्रं तथैव च ॥
ताराशुद्धिर्वैष्णवानां कोष्ठशुद्धिः शिवे भवेत् ।
त्रैपुरे राशिशुद्धिः स्याद् गोपालेऽकडमः स्मृतः ॥"[२२१]

---

२१९ बृहत्पुरश्चर्यार्णव १।१०१
२२० शारदातिलक २।१३३
२२१ बृहत्पुरश्चर्यार्णव १।८९.

गणेशविमर्शिणीले–

"एकाक्षरे तथा कूटे मालामन्त्रे त्रिबीजके ।

स्वप्नलब्धे स्त्रिया दत्ते सिद्धादीन्नैव शोधयेत् ॥"

भनेता पनि मन्त्र जुराउनुपर्दछ भन्ने सम्प्रदायविद्हरूको विचार पाइन्छ ।

मन्त्र-जपका अन्य केही तत्त्वहरू

मन्त्रहरूमा 'शाप' परेको हुन्छ, अतः शापविमोचन गरेर मात्र मन्त्र जप्नुपर्दछ। त्यसैगरी मन्त्र कीलित हुन्छ, त्यसलाई उत्कीलन गर्नुपर्दछ । मन्त्र जप्दा जिह्वा शोधन गरेर मात्र जप्नुपर्दछ। मन्त्रमा जनन र मरण सूतक परेको हुन्छ, सूतक मोचन गरेर जप्नुपर्दछ। मन्त्रको कुल्लुका, सेतु, महासेतु र निर्वाणको ज्ञानपूर्वक जप भएमा नै मन्त्र सिद्ध हुन्छ भन्ने तन्त्रहरूको भनाई छ ।

कुल्लुका

विद्याहरूकी कुलपूज्य भएकी र विद्यासम्वन्धी दोषलाई भक्षण गर्ने भएकीले कुल्लुका भनिएको हो भन्ने यामल वचन छ–

"विद्यानां कुलपूज्यत्वात् कुल्लुका तेन कीर्तिता ।

विद्यासम्वन्धिदोषाणां भक्षयन्ती यतः शिवे ॥

तेनेयं कुल्लुका नाम्नी सर्वतन्त्रेषु गोपिता ॥"

दश महाविद्या प्रत्येकका कुल्लुकाहरू भिन्न भिन्न हुन्छन्। कुल्लुकाको जप पछि 'मन्त्र' जप गर्नुपर्दछ ।

सेतु

मेरुतन्त्रअनुसार द्विजातिका लागि सबै मन्त्रको 'सेतु' प्रणव हो। अरुहरूका लागि नादविन्दुसहित चतुर्दश स्वर सेतु हो। रुद्रयामलले विप्रको र क्षत्रियको लागि प्रणव, वैश्यको लागि फट्, शूद्रको लागि मायावीज सेतु हो र सेतु नजपीकन मन्त्रोच्चारणको अधिकार हुँदैन भनेको छ।

महासेतु

रुद्रयामलले महासेतुको वारेमा यस्तो भन्दछ–

"महासेतुं च देवेशि सुन्दर्या भुवनेश्वरी।
कालिकायाः स्वबीजं तु तारायाः कूर्चबीजकम्॥
अन्यासां तु वधूवीजं महासेतुर्वरानने।
आदौ जप्त्वा महासेतुं जपेन्मन्त्रमनन्यधीः॥"

निर्वाण

प्रणवको उच्चारण सहित मातृकाको आद्यलाई उच्चारण गरी त्यसपछि 'मूल' अनि 'वाग्भव' अनि समस्त मातृका र फेरि प्रणवको उच्चारण सहित मणिपूरमा 'पुटित मूल' जप्नु नै 'निर्वाण' हो भनेर रुद्रयामलतन्त्रले भनेको छ।

उपर्युक्त कुल्लुका आदिको चिन्तनवारे रुद्रयामलमा यस्तो वचन छ–

"कुल्लुकां मूर्ध्नि सञ्चिन्त्य हृदि सेतुं विचिन्तयेत्।
महासेतुं विशुद्धौ च सहस्रारे समुद्धरेत्॥
मणिपूरे तु निर्वाणं महाकुण्डलिनीमधः॥"

मन्त्रसंस्कार

मन्त्र रुद्ध-मुग्ध-वद्ध-वाल-वृद्ध-मूर्च्छित-अन्ध-पीडित-भयंकर-जड-रिपु-मोहित-अलस' इत्यादि साठी दोषले युक्त हुन्छ। यी दोषहरू निवारण

गर्नको लागि मन्त्रको जननादि दश संस्कार गर्नुपर्दछ। कुलार्णवतन्त्रअनुसार दश संस्कार यसप्रकार छन्–

“जननं जीवनं पश्चात्ताडनं बोधनं ततः ।
अभिषेकोऽथ विमलीकरणाऽऽप्यायने तथा ॥
तर्पणं दीपनं गुप्तिः संस्काराः कुलनायिके ॥”[२२२]

न्यास

विना न्यास जपपूजादि गर्न हुँदैन। न्यासले साधकलाई देवस्वरूप वनाउँदछ र देवताको अर्चन गर्ने अधिकार दिन्छ। शास्त्रले भनेको पनि छ–

“देवो भूत्वा यजेद् देवान् नादेवो देवमर्चयेत् ।”

न्यासको अर्थ आफ्नो शरीरमा देवताको स्थापन गर्नु हो। यसवाट देहमा कवच उत्पन्न हुन्छ र साधक देवताको तेज सहन गर्न समर्थ हुन्छ।

कुलार्णवतन्त्रले न्यासको व्युत्पत्ति यस्तो गरेको छ–

“न्यायोपार्जितवित्तानामङ्गेषु विनिवेशनात् ।
सर्वरक्षाकराद्देवि न्यास इत्यभिधीयते ॥”[२२३]

शास्त्रले धेरै प्रकारका न्यासहरूको वर्णन गरेको छ। ती मध्ये ‘अन्तर्मातृकान्यास-वहिर्मातृकान्यास-करन्यास-हृदयादि पडङ्गन्यास-ऋष्यादिन्यास-तत्त्वन्यास-अक्षरन्यास-सृष्टिन्यास-स्थितिन्यास-संहारन्यास-व्यापकन्यास-शक्तिकलान्यास-शिवकलान्यास-योगपीठन्यास’ इत्यादि प्रमुख हुन्।

आश्रमभेदले गर्दा सृष्ट्यादि न्यासको क्रममा भेद हुन्छ। अन्य विद्या र कुब्जिका विद्यामा न्यास गर्ने तरिका फरक हुन्छ। करन्यासको सन्दर्भमा अन्य विद्यामा अंगुष्ठावाट शुरु भई कनिष्ठिकामा समाप्ति हुन्छ

---

२२२ कुलार्णवतन्त्र १५।७१
२२३ कुलार्णवतन्त्र १७।५६

भने कुव्जिका विद्यामा कनिष्ठिकाबाट शुरु भई अंगुष्ठमा समाप्त हुने बुझिन्छ ।

पूर्णाभिषेकी साधकको लागि अर्को उच्चकोटिको न्यास तन्त्रले निर्दिष्ट गरेको छ, जसलाई 'षोढान्यास' भन्दछन् । षोढा अर्थात् षड्धा भन्नाले छ थरी न्यासको समूह नै षोढान्यास हो । छ वटै आम्नायमा आ-आफ्नै प्रकारका षोढान्यास हुन्छन् । त्यसै गरी दशमहाविद्याको पनि आ-आफ्नो षोढान्यास हुन्छ । यो षोढान्यासको पनि दुई भेद छ– लघुषोढान्यास र महाषोढान्यास ॥ लघुपूर्णाभिषेकीको लागि लघुषोढान्यास र महापूर्णाभिषेकीको लागि महाषोढान्यास हुन्छ ।

लघुषोढान्यास (उर्ध्वाम्नायको)

उर्ध्वाम्नायको लघुषोढान्यास भन्नाले निम्न प्रकारका न्यासहरू बुझ्नु पर्दछ–

"गणेशग्रहनक्षत्रयोगिनीराशिपीठकाः ।

लघुषोढाह्वयो न्यासो देहशुद्धिकरोऽपरः ॥"

गणेशन्यास	–	'त्रिनेत्र-पाशाङ्कुशवराभयकर-गजवदन गणेशको ध्यान सहित मातृकास्थानमा गरिने न्यास
ग्रहन्यास	–	हृदयादि ९ स्थानमा गरिने शक्तिसहितका सूर्यादिनवग्रहको न्यास ।
नक्षत्रन्यास	–	ललाटादि २७ स्थानमा गरिने २७ नक्षत्रको न्यास
योगिनीन्यास	–	मूलाधारादि षट्चक्र र सहस्रारमा समेत सात स्थानमा याकिनी सहित षड् डाकिनीको ध्यान सहित गरिने न्यास ।
राशिन्यास	–	दाया गोलीगाँठादेखि वाया गोलीगाँठासम्मका १२ स्थानमा मेषादि १२ राशिले गरिने न्यास ।

मातृकान्यास – मातृकास्थानमा अकारादिवर्णहरूको उच्चारण सहित गरिने कामरूपादि ५१ पीठहरूको न्यास

महाषोढान्यास

छ वटै आम्नायहरू समष्टि भएर पूर्णक्रम समाप्त भएपछि मात्र महाषोढा गर्ने अधिकार हुन्छ। पूर्णक्रम भएपछि महाषोढा गर्नका लागि केवल ऊर्ध्वाम्नायको षोढा मात्र गरेपुग्छ। कुलर्णावतन्त्रअनुसार महाषोढान्यास यस प्रकारको छ–

"प्रपञ्चो भुवनं मूर्तिमन्त्रदैवतमातरः।
महाषोढाह्वयो न्यासः सर्वन्यासोत्तमोत्तमः॥"[२२४]

प्रपञ्चन्यास – मातृकास्थानमा प्रपञ्चरूपा श्री आदिको नामले गरिने न्यास।

भुवनन्यास – शरीरमा १४ भुवनको भावना गरी गरिने न्यास।

मूर्तिन्यास – शक्ति सहितका व्रह्मा-विष्णु-शिवका विभिन्न नामहरूले ३८ स्थानमा गरिने न्यास।

मन्त्रन्यास – षोडशाधारमा पूर्णराजयोगद्वारा एककूटेश्वर्यम्वादेवी आदिको न्यास।

दैवतन्यास – शरीरका २६ स्थानहरूमा निवृत्त्यम्वादेवी आदिको न्यास।

मातृकान्यास – मूलाधारादि षट्चक्र, ललाट र व्रह्मरन्ध्र समेत गरी ८ स्थानमा मङ्गलाम्वादेवीमङ्गलनाथ एवं असिताङ्गादि अष्टभैरवको न्यास।

उपर्युक्त षोडशाधारहरू यसप्रकारका छन् – मूलाधारचक्र-स्वाधिष्ठान-मणिपूर-अनाहत-विशुद्धि-आज्ञा-विन्दुचक्र-नादचक्र-नादान्तचक्र-

२२४ कुलार्णवरहस्य पृष्ठ ६२, (कुलार्णवतन्त्रमा निर्वोधिका, कलापद, उन्मनी, विष्णुवक्त्र इत्यादि नामान्तर पाइन्छ।

निरोधिकाचक्र-विसर्गस्थान-शून्यरन्ध्र-व्यापिकाचक्र-निरोधिकासुमन-ब्रह्मविल-ध्रुवमण्डल ।

महाषोढान्यासीले आफूभन्दा तल्लो तहको साधकलाई अभिवादन गर्न हुँदैन गरेमा ढोग खानेले पञ्चत्वप्राप्त गर्दछ । यसबारे कुलार्णवतन्त्रको यस्तो वचन छ–

"महाषोढाकृतन्यासस्तेन यो वन्द्यते शिवे ।

षण्मासान्मृत्युमाप्नोति यदि त्राता शिवः स्वयम् ॥"[२२५]

नेपालकै सन्दर्भमा पनि मध्यकालमा पशुपतिमा आएका संन्यासीले कसैलाई टेर्दैनन्, पशुपतिनाथलाई समेत नमस्कार गर्दैनन् भन्ने कुरा लगाउँदा तात्कालीन राजाले ढोग गर्ने हुकुम दिएपछि संन्यासीले पशुपति मै रहेको प्रस्तरलाई नमस्कार गर्दा सो प्रस्तर फुटेको र ती संन्यासी महाषोढान्यासी भएको किम्वदन्ति सुनिन्छ ।

आसन

शास्त्रले जपपूजादिको लागि विविध आसनको व्यवस्था गरेको छ । आसन भन्नाले एक त योगशास्त्रोक्त पद्मासनादि बुझिन्छ भने अर्को वस्तुरूप कुशासनादिको बोध हुन्छ । आचारभेद, उपासनाभेद र परम्पराभेदले आसनमा पनि भेद देखिन्छ तथापि 'पद्मासन-सिद्धासन-भद्रासन-स्वस्तिकासन-वीरासन-कूर्मासन र सुखासन' नै सामान्यतः उपासनामा प्रयुक्त आसन हुन् । यी मध्ये सर्वोत्तम आसन पद्मासन हो । पद्मासनमा वस्न नसक्ने साधकहरूका लागि 'सुखासन' नै उपयुक्त हुन्छ । पतञ्जलिले भनेका पनि छन्– "स्थिरं सुखमासनम् ।"

वस्तुगत आसनपनि नित्य र काम्य भेदले दुई प्रकारको हुन्छ भन्ने मेरुतन्त्रको वचन छ । कुश, मृगचर्म र वस्त्रले निर्मित दुई हात लम्वाई

---

२२५ कुलार्णवतन्त्र ४।१२३

चौडाई र चार अंगुल अग्लो नरम, सुन्दर, सफा, नित्य प्रयोग हुने आसनलाई 'सुखासन' भनिन्छ र यो जपसिद्धिकारक छ ।

काम्यासनहरूमध्ये मृगचर्मवाट ज्ञानसिद्धि, व्याघ्रचर्मवाट सर्वसिद्धि, मेषचर्मवाट रोगनाश, रेशम पुष्टिकारक, वेत्रासन श्रीवर्द्धक, श्वेतकम्वलवाट धर्मसिद्धि, रक्तकम्वलवाट अर्थसिद्धि, पीतकम्वलवाट कामसिद्धि, कृष्णकम्वल मोक्षदायक र रंगाएको कम्वलवाट दुःखमोचन हुन्छ । नीलो रंग सर्वथा वर्जित छ । त्यसै गरी अभिचारमा कालो, वश्यादिकर्ममा रातो, शान्तिकर्ममा सेतो, सवै कर्ममा छिरविरे, स्तम्भनमा गजचर्म, मारणमा महिषचर्म, उच्चाटनमा मेषचर्म, वशीकरणमा खड्गचर्म, विद्वेषणमा फेरुचर्म र शान्तिकर्ममा गोचर्म उपयुक्त हुन्छ भन्ने पुरश्चरणचन्द्रिकाको वचन छ ।[२२६]

त्यसै गरी मेरुतन्त्रले निषिद्ध आसनको पनि वर्णन गरेको छ । जस अनुसार काठको आसनवाट शोक, वंशासनवाट दरिद्रता, वस्त्रासनवाट स्थानहानि, पाषाणवाट उच्चाटन, मृत्तिकासनवाट ज्वर, भूम्यासनवाट पीडा, पल्लवासनवाट चित्तभ्रान्ति, तृणासनवाट पीडा हुन्छ । इष्टिकासन पनि निषिद्ध छ । मृगचर्म गृहस्थको लागि उपयुक्त हुँदैन ।

वामाचारपरक वीरकल्प र कुलकल्पमा साधनाविशेषको लागि अन्य विशिष्ट आसनहरूको व्यवस्था पाइन्छ । जसमध्ये शवासन (मृदु-कोमल-अचूडक) अथवा विष्टर, मुण्डासन, श्यामापीठिका, ऋतुवस्त्रासन, ऋतुमत्यासन, योनित्वगासन आदिको उल्लेख तन्त्रशास्त्रहरूमा पाइन्छ । त्यसै गरी दशमहाविद्याको साधनाक्रममा भिन्न भिन्न आसनहरूको प्रयोग हुने देखिन्छ ।

---

२२६ वृहत्पुरश्चर्यार्णव ७।१३३

माला

जपको लागि माला आवश्यक हुन्छ। मेरुतन्त्रले चर र स्थिर गरी मालाको दुई भेद बताएको छ। यामलले चाहिँ वर्णमाला, चरमाला र करमाला गरी तीन प्रकारको मालाको उल्लेख गरेको छ–

"माला तु त्रिविधा प्रोक्ता प्रथमा वर्णमालिका।
द्वितीया चरमालोक्ता तृतीया करमालिका॥"[२२७]

कुलार्णवतन्त्रले अक्षमालाको कल्पिता र अकल्पिता गरी दुई भेद मानेको छ। मणियुक्त माला कल्पिता हो र मातृकामाला अकल्पिता हो।

अकारादिक्षकारान्त सविन्दु मातृकाक्षरको अनुलोम विलोम उच्चारण नै वर्णमाला हो। मेरुतन्त्रअनुसार स्थिरचित्तका लागि स्थिरा र चलचित्तका लागि चरमालाको व्यवस्था गरिएको हो–

"स्थिरा तु स्थिरचित्तानां चञ्चला चलचेतसाम्।"[२२८]

करमाला

करमालाको विषयमा तन्त्रले यस्तो भन्दछ–

"अनामामध्यमारभ्य कनिष्ठानुक्रमेण च।
तर्जनीमूलपर्यन्ता करमाला प्रकीर्तिता॥"[२२९]

सनत्कुमारसंहिताले पनि 'अनामिकाको मध्यमवाट आरम्भ गरी कनिष्ठा हुँदै तर्जनीको मूलसम्म दर्श पर्वमा जप्नुपर्दछ' भनेको छ। यो वैष्णवपरक हो भन्ने पाइन्छ। शक्तिमन्त्रको जप सम्वन्धमा सिद्धान्तशेखर ले 'अनामिकामूलवाट प्रारम्भ गरी प्रादक्षिण्य क्रमले मध्यमामूलसम्म दश पर्वमा जप्नू, अनामामध्यपर्व मेरु भएकोले उल्लंघन नगर्नू र तर्जनीको अग्र

---

२२७ बृहत्पुरश्चचर्यार्णव २।१३७
२२८ मेरुतन्त्र ६।२९१
२२९ मेरुतन्त्र ६।३९२

एवं मध्यपर्वमा पनि नजप्नू भनेको छ। सिद्धान्तशेखर कै यस्तो वचन पनि छ–

"अनामामूलमारभ्य प्रादक्षिण्यक्रमेण तु ।
तर्जनीमूलपर्यन्तं जपेन्नवसु पर्वसु ॥"

दीक्षाप्रकाशमा शक्तिको करमाला सम्बन्धमा यस्तो वचन छ–

"पर्वद्वयमनामायाः परिवर्तेन वै क्रमात् ।
पर्वत्रयं मध्यमायास्तर्जन्येकं समाहरेत् ॥
शक्तिमाला समाख्याता सर्वतन्त्रप्रदीपिका ॥"[२३०]

श्रीविद्याको सन्दर्भमा भने– 'अनामिका र मध्यमाको मूल र अग्र गरी दुई दुई पर्व, कनिष्ठिका र तर्जनीको तीन तीन पर्वमा प्रदक्षिणाक्रमबाट जप्नू, अनामा र मध्यमाको मध्यपर्व मेरु हो' भन्ने यामलवचन पाइन्छ ।

तन्त्रचिन्तामणिमा करमालाको सृष्टि र संहार गरी दुई भेदपूर्वक अन्य गायत्री, भैरवी, सौर, वटुक, चीन, गान्धर्व आदि धेरै भेदको वर्णन पाइन्छ ।

चरमाला

चरमालाको 'रुद्राक्ष-शङ्ख-पद्माक्ष-पुत्रञ्जीव-मौक्तिक-स्फटिक-मणि-रत्न-हेम-रजत-विद्रुम तुलसी-कुशमाला' आदि भेदहरू पाइन्छन्। विशेषत दक्षमार्गमा उपर्युक्त मालाहरूको प्रयोग हुन्छ। यिनमा पनि कामना भेद र देवता भेदले तत्तद् मालाको प्रयोग हुन्छ। दक्षमार्गीको लागि सर्वोत्तम माला रुद्राक्ष नै हो। वैष्णवको लागि तुलसी, गणेशको लागि हस्तिदन्त, त्रिपुराको लागि इन्द्राक्ष एवं रक्तचन्दन विशिष्ट मानिन्छ। वामाचार एवं वामाचारप्रधान कौलाचारमा गर्दभ-अश्व-नरदन्तको माला प्रयुक्त हुने देखिन्छ। त्यसै गरी कालिका र तारिणीको साधनमा रहस्यमाला अर्थात्

२३० दीक्षाप्रकाश पृष्ठ ५५ (मैथिलजीवनाथ शर्मा, विक्टोरिया मुद्रणालय काशी, वि.सं. १९६०)

महाशङ्खको माला महत्त्वपूर्ण मानिन्छ। महाशङ्खको अभावमा स्फटिकमाला प्रायः प्रयुक्त हुन्छ।

मेरुतन्त्रले ब्राह्मणका लागि कुशको, क्षत्रियका लागि सुवर्णको, वैश्यका लागि पुत्रञ्जीवको र सबैका लागि पद्माक्षको माला उपयुक्त हुन्छ भनेको छ–

"कुशग्रन्थ्या जपेद् विप्रः सुवर्णमणिभिर्नृपः।
पुत्रजीवैर्जपेद् वैश्यः पद्माक्षैः सर्व एव हि॥[२३१]"

तन्त्रान्तरमा भैरवी र कालीको लागि स्वयम्भू, छिन्नाको लागि महाशङ्ख, बाला र भुवनेश्वरीको लागि स्फटिक, मातङ्गीको लागि गुञ्जा, धूम्राको लागि खरदन्त, वगलाको लागि हरिद्रा एवं कमलाको लागि पद्माक्षको मालाको निर्देश पाइन्छ। त्यसै गरी पूर्वाम्नायमा स्फटिक, दक्षिणमा रुद्राक्ष, पश्चिममा मुंगा र मोती, उत्तरमा महाशङ्ख, ऊर्ध्वमा स्वयम्भू एवं पातालमा रत्नको माला उपयुक्त हुने तन्त्रवचन पाइन्छ।

मुद्रा

'देवतालाई हर्षित गराउने र मनलाई पगाल्ने हुनाले मुद्रा भनिएको हो, देवार्चनमा मुद्रा प्रदर्शन गर्नुपर्दछ' भनेर कुलार्णवले भनेको छ–

"मुदं कुर्वन्ति देवानां मनांसि द्रावयन्ति च।
तस्मान्मुद्रा इति ख्याता दर्शितव्याः कुलेश्वरि॥"[२३२]

तन्त्रचिन्तामणिले मुद्राको व्युत्पत्ति यस्तो गरेको छ–

"मोदयन्ति ग्रहादिभ्यः पापौघं द्रावयन्ति च।
मोदनं द्रावणं यस्मादतो मुद्राः प्रकीर्तिताः॥"[२३३]

---

२३१ मेरुतन्त्र ६।३०७
२३२ कुलार्णवतन्त्र १७।५७
२३३ तन्त्रचिन्तामणि १७।३०२

जप, ध्यान, काम्यकर्म, स्नान, आवाहन, प्रतिष्ठा, रक्षण, नैवेद्य इत्यादि सबै कर्ममा मुद्रा प्रदर्शन गर्नुपर्दछ।

तन्त्रशास्त्रमा धेरै मुद्राहरूको वर्णन पाइन्छ। देवताको आवाहनकर्ममा प्रदर्शन गरिने 'आवाहनी-सम्मुखीकरणी-धेनु-महामुद्रा' इत्यादि नै साधारण मुद्रा हुन्। त्यसैगरी 'शङ्ख-चक्र-गदा-पद्मादि' उन्नाइस वैष्णवमुद्रा, 'लिङ्ग-योनि-त्रिशूल' इत्यादि दश शैव मुद्रा, सूर्यको पद्ममुद्रा, 'दन्त-पाश-अंकुशादि' सात गाणपत्य मुद्रा, 'पाशाङ्कुशवराभीतिखड्गचक्रधनुशरमुशल' इत्यादि शाक्त मुद्रा लगायत अन्य देवता परक धेरै मुद्राहरूको उल्लेख तन्त्रहरूमा पाइन्छ। अन्य प्रसिद्ध मुद्राहरूमा सर्वसंक्षोभिणी, छोटिका, त्रिखण्डा, योनि, महायोनि, खेचरी, तत्त्व इत्यादि पर्दछन्। त्रिखण्डा मुद्रा त्रिपुराको ध्यानादिमा प्रयुक्त हुन्छ। शक्ति मात्रको उपासनामा प्रयुक्त हुने महत्त्वपूर्ण मुद्रा योनिमुद्रा हो। त्यसै गरी गायत्रीको जपादिमा 'सुमुख-सम्पुट-मत्स्य-कूर्म-महाक्रान्त-पल्लव' इत्यादि २४ मुद्राहरू प्रदर्शन गर्नुपर्दछ। जपको अन्त्यमा प्रदर्शन गरिने ८ मुद्राहरू यसप्रकार छन्– 'सुरभि-ज्ञान-वैराग्य-योनि-शंख-पंकज-लिङ्ग-निर्वाण।'

वस्तुत उपर्युक्त करमुद्राहरूले साधकको देहमा विशेष तत्त्व उत्पादन गराएर साधकको आत्मशक्ति जागरण गराउन मद्दत गर्दछन्। हातका पाँच औंलाहरू पञ्चमहाभूतका प्रतिनिधि हुन्। अंगुष्ठा आकाशतत्त्व, तर्जनी वायुतत्त्व, मध्यमा तेजस्तत्त्व, अनामिका जलतत्त्व र कनिष्ठिका पृथ्वीतत्त्वात्मक छ। विशेष कर्ममा विशेष तत्त्व उत्पादनको लागि औंलाविशेषको संयोग गराइन्छ –

"कनिष्ठिकां समारभ्य चाङ्गुष्ठान्तं महेश्वरि।
क्रमात् तत्त्वानि जायन्ते क्षित्यप्तेजोमरुत्खकाः॥"

तन्त्रहरूमा केही रहस्यपूर्ण मुद्राहरूको उल्लेख पाइन्छ। ती मध्ये वज्रलौहीमुद्रा र गजतुण्डमुद्रा पनि पर्दछन्। वज्रलौहीमुद्रा सिद्ध भएपछि

साधकले रज र बिन्दु दुवैलाई कुलागारबाट खिंचेर आफूमा स्थापन गर्न सक्छ। गजतुण्डमुद्रा चाहिँ लतासाधनमा प्रयुक्त हुन्छ। साहित्यशास्त्रमा यो करिहस्तको नामले प्रसिद्ध छ।

पात्रहरू

तन्त्रसाधनामा प्रयोग हुने केही पात्रहरू यसप्रकार छन्–

श्रीपात्र	–	विशेष पूजा
गुरुपात्र	–	गुरुपंक्तिपूजा
भोगपात्र	–	मन्त्राम्नायक्रमपूजा
शक्तिपात्र	–	परिवार देवता पूजा
योगिनी पात्र	–	मूलदेवता षोडशनित्या पूजा
वीरपात्र	–	क्षेत्रपाल गणपति वटुक पूजा
भैरवपात्र	–	अष्टभैरव आनन्दभैरव मूलभैरव पूजा
कुलपात्र	–	डाकिन्यादि पुत्र-देवीपुत्र-कौलिक पूजा
वलिपात्र	–	बलिदेवता पूजा
भैरवी पात्र	–	अष्टमातृका-आनन्दभैरवी-मूलदेवी पूजा
स्वपात्र	–	आत्मपादुका पूजा

तान्त्रिकहरूले प्रयोग गर्ने महत्त्वपूर्ण पात्र 'श्रीपात्र' हो। यो मुख्यत दुई किसिमको हुन्छ–वसिष्ठकपाल र विश्वामित्रकपाल। वसिष्ठकपाल ठूला कर्महरूमा एवं ठूला आगमहरूमा प्रयोग हुन्छ। विशिष्ट साधकहरूले मात्र यसको प्रयोग गर्न सक्दछन् र यो प्रयोग गर्दा ज्यादै होश पुऱ्याउनुपर्छ भन्ने विज्ञहरूको भनाई छ। वसिष्ठकपाल प्रयोग गर्न असमर्थ साधकका लागि विश्वामित्र कपाल नै उपयुक्त हुन्छ।

तन्त्रसाधनामा उद्देश्यविशेषले भिन्न भिन्न पात्रहरूको प्रयोग हुन्छ। कुन कुन कर्ममा कस्तो पात्रको प्रयोग गर्ने र कुन कुन पात्रले के फल दिन्छ भन्ने वारे तन्त्रहरूमा यस्तो पाइन्छ–

कर्म		पात्र
वश्यकर्ममा	–	सुनको पात्र
शान्तिपौष्टिककर्ममा	–	चाँदीको पात्र
आकर्षण र स्तम्भनमा	–	पाषाणपात्र
शत्रुविदारणादिमा	–	लौहपात्र
विद्वेषणमा	–	मृत्पात्र
वंशवर्धनमा	–	काँस्यपात्र
पापहननादिमा	–	पातको पात्र

पात्र		फल
रत्नको पात्रले	–	सबै प्रकारको मलहरण गर्दछ र सौभाग्य दिन्छ।
स्फटिक पात्रले	–	मन्त्रसिद्धि हुन्छ।
कपालपात्रले	–	अष्टसिद्धि हुन्छ।
नरिवलपात्रले	–	राजकुलका वनिताको मोहन हुन्छ।
ब्रह्मवृक्षको पात्रले	–	ब्रह्मज्ञान गराउँछ।
वेलको पात्रले	–	कवित्व शक्ति दिन्छ।
मोतीको पात्रले	–	भुक्तिमुक्ति दिन्छ।
सीपीको पात्रले	–	शुभमति, सम्पत्ति र पुण्य दिन्छ।

पुरश्चरण

मन्त्र प्रयोग गर्नुभन्दा अघि गरिने आचरण (कर्म) भएकोले यसलाई पुरश्चरण भनिएको हो। व्याकरणको दृष्टिवाट पुरश्चरण शव्दको निर्माण यसरी भएको छ–'पुरस्+चर+ल्युट् (भावे)–पुरश्चरणम्। अग्रत आचरणे।

मेरुतन्त्रको वचन छ–

"धर्मार्थकाममोक्षाणां साधको मन्त्र उच्यते ।
तत्सिद्धये पुरा यच्च चर्यते तत्प्रकीर्तितम् ॥"[२३४]

मन्त्रसिद्धिको लागि पुरश्चरण गर्नुपर्दछ। पुरश्चरण शव्दको अर्थ कुलार्णव तन्त्रले यस्तो गरेको छ–

"पञ्चाङ्गोपासनेनेष्टदेवता प्रीतिदानतः ।
पुरश्चरति भक्तस्य तत्पुरश्चरणं प्रिये ॥"[२३५]

पुरश्चरण गर्ने साधकले भूमिशयन-व्रह्मचर्य-हविष्य निशिभोजन आदि नियमको पालन गर्नुपर्दछ र पुरश्चरण कालभरी आलस्य-जृम्भण-निद्रा-निष्ठीवन-भय-नीचस्पर्श-कोप इत्यादिको त्यागपूर्वक मौनव्रत धारण गर्नुपर्दछ । सिद्धान्तशेखरले भनेको पनि छ–

"वशीकृतेन्द्रियग्रामो भक्तियुक्तः प्रसन्नधीः ।
अधःशायी ब्रह्मचारी निशाशी प्रजपेन्मनुम् ॥"[२३६]

पुरश्चरण गर्ने स्थान पनि पवित्र हुनुपर्दछ र कूर्मचक्र जुराउनु पर्दछ। यामल अनुसार कामरूपादि महापीठहरूमा कूर्मचक्र आवश्यक छैन । गौतमीयतन्त्रले पर्वत, समुद्रतीर, पुण्यारण्य, नदीतटमा पनि कूर्मको विचार गर्नुपर्दैन भन्दछ । मेरुतन्त्रले कुरुक्षेत्र, प्रयाग, गंगासागर, महाकाल र काशीमा पनि कूर्मचक्र विचारको आवश्यकता छैन भन्दछ–

"कुरुक्षेत्रे प्रयागे च गङ्गासागरसङ्गमे ।
महाकाले च काश्यां च कूर्मस्थानं न चिन्तयेत् ॥"

सामान्यतः सबै पीठहरूमा तीर्थहरूमा, देवमन्दिरमा, ठूला नदीको

---

२३४ मेरुतन्त्र ६।३
२३५ कुलार्णवतन्त्र १७।८७
२३६ बृहत्पुरश्चर्यार्णव २।१७७

संगममा, गुरुको घरमा, आफ्नै पूजा कोठामा बसेर पनि पुरश्चरण गर्न सकिन्छ। वीराचारमा श्मशानादिको महत्त्व छ।

पुरश्चरण गर्ने समय वा कालपनि विचार गर्नुपर्दछ। यो पनि मार्गभेद, आचारभेदले गर्दा फरक फरक हुन्छ। दक्षमार्गी साधकहरूका लागि दिवा पुरश्चरण विशेष गरी प्रातः कालदेखि मध्याह्न कालसम्मको जपको व्यवस्था तन्त्रहरूमा देखिन्छ। वामाचारी साधकका लागि रात्रि पुरश्चरणको महत्त्व छ। केही तन्त्रहरूमा कौलले दिवा दक्षमार्गबाट र रात्रि वाममार्गबाट पुरश्चरण गर्ने विधान पाइन्छ। त्यसै गरी मास-पक्ष-वार-दिन आदि पनि मार्गभेदले गर्दा फरक हुन्छ । दक्षमार्गका साधकका लागि आश्विन नवरात्र शक्तिमन्त्र पुरश्चरण गर्ने शुभ समय हो। यस बाहेक अन्य धेरै पुण्यकालको उल्लेख तन्त्रहरूमा पाइन्छ। पुरश्चरणको लागि विशेषमहत्त्वको समय सूर्यचन्द्रग्रहण पनि हो। सूर्यचन्द्रग्रहणमा ग्रहण गरेको मन्त्रको केवल जप गर्नाले मात्र पुरश्चरण हुन्छ।

पुरश्चरणका पाँच अंगहरू छन्– जप-होम-तर्पण-मार्जन र ब्राह्मणभोजन– "जपो होमस्तर्पणं च मार्जनं विप्रभोजनम्"। सामान्यतः मन्त्रको अक्षर संख्या जति छ त्यति लाख जप गर्नुपर्दछ। तन्त्रहरूमा भिन्न भिन्न मन्त्रको भिन्न भिन्न जपसंख्या निर्धारण गरिएको छ। गायत्रीमन्त्रको पुरश्चरणका लागि जप संख्या २४ लाख मानिएको छ।

जप समाप्त भएपछि प्रतिदिन वा अन्त्यमा जपको दशांश हवन, हवनको दशांश तर्पण, तर्पणको दशांश मार्जन र मार्जनको दशांश ब्राह्मणभोजन गर्नुपर्दछ। हवनादि गर्न असमर्थ भएमा त्यो संख्याको दुई गुना जप गर्नुपर्दछ। तन्त्रहरूले ब्राह्मणले दुई गुना, क्षत्रियले तीन गुना, वैश्यले चार गुना र शूद्रले पाँच गुना हवनादिको सट्टा जप गर्नुपर्दछ भनेका छन्–

"यद्यदङ्गं विहीयेत तत्संख्याद्विगुणो जपः ।
द्वित्रिवेदवाणभेदैर्विप्रादीनां क्रमः स्मृतः ॥"[२३७]

महानिर्वाणतन्त्रको अनुसार 'मन्त्र जपको जति संख्या निर्धारण गरिएको छ त्यसको चारगुना जप गर्नाले पुरश्चरण हुन्छ–

"पुरस्क्रियायां मन्त्राणां यत्र यो विहितो जपः ।
तस्माच्चतुर्गुणजपात् पुरश्चरणमुच्यते ॥"[२३८]

केही तन्त्रले महातन्त्रको साधनमा देशकालादि र भक्ष्यादि नियम छैन भनेको छ–

"न देशकालनियमो भक्ष्यादिनियमो न हि ।
शौचादिनियमो नास्ति महामन्त्रस्य साधने ॥".

पुरश्चरण गरेर पनि मन्त्रसिद्धि नभएमा मन्त्रको जननादि दश संस्कार गर्नुपर्दछ। त्यसबाट पनि सिद्धि नभएमा मन्त्रलाई 'द्रावण-ग्रन्थन-बोधन-वशीकरण-पीडन-पोषण-शोषण र दहन गर्नुपर्दछ भन्ने पाइन्छ।

पुरश्चरण सम्वन्धी नियम केवल पुरुषलाई मात्र हो, स्त्रीका निमित्त केवल जप गर्नाले नै पुरश्चरण हुन्छ भन्ने वीरतन्त्रको वचन छ–

"नियमः पुरुषे ज्ञेयो न योषित्सु कथञ्चन ।
न न्यासो योषितामत्र न ध्यानं न च पूजनम् ॥
केवलं जपमात्रेण मन्त्राः सिध्यन्ति योषिताम् ॥

वीराचारमा विधान गरिएका केही पुरश्चरणहरू अलि रहस्यपूर्ण छन्। कालीतन्त्रअनुसार अष्टमी र नवमीको सन्धिमा अष्टोत्तर लतागृहमा गएर विधिवत् पूजन गरी पत्रमूलमा १०८ जप गर्नाले नै पुरश्चरण हुन्छ–

---

२३७ बृहत्पुरश्चर्यार्णव २।३०४
२३८ महानिर्वाणतन्त्र-७८१

"तासां च पत्रमूले च जप्त्वा संगृह्य मस्तके ।
महासिद्धिर्भवेत् सद्यो लतापूजनदर्शनात् ॥"

वीराचारमा विधान गरिएका केही पुरश्चरणहरू अलि रहस्यपूर्ण छन् । कालीतन्त्रअनुसार अष्टमी र नवमीको सन्धिमा अष्टोत्तर लतागृहमा गएर विधिवत् पूजन गरी पत्रमूलमा १०८ जप गर्नाले नै पुरश्चरण हुन्छ–

"तासां च पत्रमूले च जप्त्वा संगृह्य मस्तके ।
महासिद्धिर्भवेत् सद्यो लतापूजनदर्शनात् ॥"

मन्त्र सिद्धि लक्षण

तन्त्रले मन्त्रसिद्धि तीन प्रकारको हुन्छ भनेको छ– अधमसिद्धि, मध्यमसिद्धि र उत्तमसिद्धि ।

अधमसिद्धि

प्राथमिकतहको मन्त्रसिद्धि भएपछि 'ख्याति-वाहनभूपादिलाभ-दीर्घजीवन-राजा र वनिताको वात्सल्य-लोकवश्यता-ऐश्वर्य-पुत्रादि धन सम्पत्तिको प्राप्ति' इत्यादि हुन्छ ।

मध्यमसिद्धि

उपर्युक्त सिद्धिहरूका अतिरिक्त राजा र राजकर्मचारीको वशीकरण-सर्वत्र चमत्कार गर्न सक्ने-हेरेरै रोग र विषादिको हरण-पाण्डित्य-वैराग्य-मुक्तिको इच्छा-अष्टाङ्गयोगाभ्यासमा रुचि-सर्वभूतमा अनुकम्पा-सर्वज्ञता आदि गुणको उदय' मध्यमसिद्धिको लक्षण हो ।

उत्तमसिद्धि

परकायप्रवेश-पुरप्रवेश-चराचरपुरमा गति-खेचरीमेलन र तिनीहरूको कथाश्रवण-नाग देवता आदिको क्षणमै आकर्षण-अग्निको

शीतलीकरण-सर्पनिर्विषीकरण-समुद्रशोषण र त्रैलोक्यकै वशीकरण आदि देवताहरूलाई पनि दुष्प्राप्य सिद्धिहरू उत्तम सिद्धिका लक्षण हुन् ।

वौद्धायनसंहिता अनुसार सिद्धिका तीन चिह्न हुन्छन्, दाता, भोक्ता र अयाचकता– "सिद्धेस्तु त्रीणि चिह्नानि दाता भोक्ता अयाचकः ।"[२३९]

भैरवी तन्त्रले सिद्धि भएपछि शरीर तेजोमय हुन्छ र सर्वत्र ज्योतिदर्शन हुन्छ भन्दछ । वक्रतुण्डकल्पले 'चित्तको प्रसन्नता, मनको संतुष्टि, स्वप्न नदेख्नु, देखेपनि विमानहरू देख्नु, सिद्धिका चिह्न हुन् भन्दछ ।

वास्तवमा सिद्धिहरू मोक्षमार्गका निरोधक हुन् र जो सिद्धिमा नै रमाउँछ त्यसको तपस्या क्षीण हुन्छ भन्ने मेरुतन्त्रको भनाई छ–

"स्वल्पसिद्धौ निमग्नश्चेन्न जायन्तेऽणिमादयः ।
अणिमादिनिमग्नश्चेन्मोक्षवार्ताऽतिदुर्लभा ॥"

अणिमा आदि अष्टसिद्धिहरू यसप्रकारका छन्–

"अणिमा महिमा चैव गरिमा लघिमा तथा ।
प्राप्तिः प्राकाम्यमीशित्वं वशित्वं चाष्टसिद्धयः ॥"

पञ्चमकार

तन्त्रमा पञ्चमकारको अत्यन्त महत्त्व छ । मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन यी पाँच मकारको समूह नै पञ्चमकार हो र यो साधकलाई मुक्तिदायक छ भनेर तन्त्रले भन्दछ–

"मद्यं मांसञ्च मीनञ्च मुद्रा मैथुनमेव च ।
मकारपञ्चकं प्राहुर्योगिनां मुक्तिदायकम् ॥"

मपञ्चक विनाको पूजा निष्फल हुन्छ भन्ने यामलको वचन छ–

---

२३९ बृहत्पुरश्चर्यार्णव २।२७८

"जीवहीनो यथा देहः सर्वकर्मसु न क्षमः ।
पञ्चहीना तथा पूजा ब्राह्मणानां विशेषतः ॥
पञ्चतत्त्वं विना विप्रो यदि पूजां समाचरेत् ।
जन्मान्तरसहस्रस्य सुकृतं तस्य नश्यति ॥"[२४०]

कुलार्णवतन्त्रअनुसार वैदिक, वैष्णव, शैव, शाक्तादि समस्त आस्तिक एवं नास्तिक मतका पूजामा समेत मपञ्चक अनिवार्य छ–

"शैवे वा वैष्णवे शाक्ते सौरे सुगतदर्शने ।
बौद्धे पाशुपते सांख्ये व्रते कुलमुखे तथा ॥
सदक्षवामसिद्धान्ते वैदिकादिषु पार्वति ।
विनाऽलिपिशिताभ्यान्तु पूजनं निष्फलं भवेत् ॥
कुलद्रव्यैर्विना कुर्याज्जपयज्ञतपो व्रतम् ।
निष्फलं तद् भवेद्देवि भस्मनीव यथा हुतम् ॥"[२४१]

तन्त्रले सुरालाई शक्ति, मांसलाई शिव र तदभोक्तालाई साक्षात् भैरव मान्दछ–

"सुरा शक्तिः शिवो मांसं तद्भोक्ता भैरवः स्वयम् ।"[२४२]

कुलार्णवतन्त्रमा चारै वर्णका लागि मद्यप्रयोग वारे यस्तो वचन पाइन्छ–

"ब्राह्मणस्य सदा पेयं क्षत्रियस्य रणागमे ।
गोलम्भने तु वैश्यस्य शूद्रस्यान्तेष्टकर्मणि ॥

त्यस्तै तन्त्रान्तरको वचन छ–

"ब्राह्मणेन सदा पेया क्षत्रियैस्तु रणागमे ।
वैश्यैर्धनप्रयोगे तु शूद्रेनैव कदाचन ॥"

---

२४० वृहत्पुरश्चर्यार्णव प्रथम खण्ड पृष्ठ ३४,
२४१ कुलार्णवतन्त्र ५।६७-६९
२४२ ऐ.ऐ. पृष्ठ ६५

तन्त्रचिन्तामणिमा उल्लेख भए अनुसार उत्तराम्नायमा पाँचै मकार, पश्चिमाम्नायमा चार मकार, पूर्वाम्नायमा तीन मकार, ऊर्ध्वाम्नायमा दुई मकार र दक्षिणाम्नायमा एक मकार अनिवार्य हुन्छ, अन्यथा देवताले शाप दिन्छन्–

"उत्तराम्नायसम्प्रोक्ता देवास्तुष्यन्ति पञ्चमैः ।
न्यूनः पदार्थ एकश्चेत् साधकन्ते शपन्ति च ॥
पश्चिमाम्नायदेवानां सुरापानं कृताकृतम् ।
मचतुष्टयमिच्छन्ति तद् विना प्रशपन्ति च ॥
पूर्वाम्नायोक्तदेवानां तन्मांसं च कृताकृतम् ।
आवश्यकं मत्रयं च तद् विना प्रशपन्ति ते ॥
ऊर्ध्वाम्नायोक्तदेवानां ते मत्स्याश्च कृताकृताः ।
आवश्यकं मद्वयं च विना तं प्रशपन्ति ते ॥
दक्षिणाम्नायदेवानां निषिद्धं मचतुष्टयम् ।
मेनैकेन विना तेऽपि प्रशपन्ति हि साधकम् ॥"[२४३]

पञ्चमकार पञ्चतत्त्वको प्रतीक हो । तन्त्रानुसार श्रीकल्पमा मांस पृथ्वीतत्त्व, मत्स्य जलतत्त्व, मद्य तेजस्तत्त्व, मुद्रा वायुतत्त्व र मैथुन आकाशतत्त्व हो । कालीकल्पमा चाहिँ मुद्रा पार्थिव र मांस वायवीयतत्त्व मानिन्छ । यस सम्वन्धमा वडवानलतन्त्रको वचन यस्तो छ–

"क्षित्यंशेन भवेन्मांसं तोयांशेनापि मीनकम् ।
वाय्वंशेन भवेन्मुद्रा तेजोंऽशेनापि कारणम् ॥
शून्यांशे मैथुनं प्रोक्तं पञ्चतत्त्वमयं शुभम् ॥"[२४४]

यस सम्वन्धमा पाँचौं मकारको प्रयोग भावनावाट मात्रै पनि गर्नै पर्छ भन्ने महायोनियन्त्रको वचन छ–

---

२४३ तन्त्रचिन्तामणितन्त्र २।८२-८६
२४४ प्रवुद्धसनातनरहस्य, पृष्ठ २००

"मांसभारसहस्रैस्तु मद्यद्रोणशतैरपि ।
न तुष्यति महादेवी भगलिङ्गामृतं विना ॥"[२४५]

प्रत्येक याग वा यज्ञमा पञ्चमकारको प्रयोग हुन्छ। यज्ञमा जप, अर्चन र हवनमा हुने पञ्चमकारको प्रयोग यस्तो हुन्छ[२४६]–

जपमा	-	मौन, मन्त्र, मनन, मन र मुद्रा (योनिमुद्रा)
हवन	-	मैथुन (अग्निसंस्कार), मौन, मन्त्र, मुद्रा (मृगी वा हंसी) र मेधा (पूर्णाहुति) ।
अर्चनमा	-	मद्य, मांस, मत्स्य, मुद्रा (रोटी) र मैथुन (रजोविन्दुमिश्रित पदार्थ-परम्परानुसार पक्षीको अण्डा वा करवीर एवं योनिपुष्पमा श्रीखण्ड र रक्तचन्दनको मिश्रणद्वारा उत्पन्न)

देवीको पूजामा मपञ्चकको आवश्यकतावारे त्रिपुरोपनिपद्मा यस्तो वचन छ–

"कामी कलां कामरूपं चिकित्वा नरो जायते कामरूपश्च कामः ।
परिस्रुतं झषमाजं (ज्यं) पलञ्च भक्तानि योनीः सुपरिष्कृताश्च ॥
निवेदयन्देवतायै महत्यै स्वात्मीकृत्य सुकृती सिद्धिमेति ॥"

यो पञ्चमकारको प्रयोग आचार, परम्परा र साधनाको स्तरले भिन्न भिन्न प्रकारको हुन्छ। वामाचारमा यसको प्रत्यक्ष प्रयोग हुन्छ भने दक्षाचारमा अनुकल्पको प्रयोग हुन्छ। उत्तम साधकहरूले भावनावाटै मपञ्चकको प्रयोग गर्दछन्। मकारको चरमोत्कर्प 'अहम्' मा पाइन्छ। निरर्थक 'अ' र 'ह' लाई सार्थक वनाउने 'म' नै हो। अतः प्रकाश र विमर्शको विश्रान्तिधाम नै मकार हो भन्ने तत्त्वज्ञहरूको भनाई छ।

वस्तुतः मपञ्चकमा प्रवृत्ति सवैको स्वभाव नै हो भनेर मनुले

---

२४५ ऐ.ऐ. पृष्ठ ३०३
२४६ निगमागमवैज्ञानिकरहस्य, पृष्ठ २८५

भनेका छन्– "प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला ।" मनुष्यको चित्तवृत्तिमा सुषुप्तरूपमा यिनको आकांक्षा भई नै रहन्छ। केवल शास्त्र, परम्परा र लोकको लाजगालले मात्र यो तृष्णाको दमन भएको हुन्छ र अवसर पाएमा मानिस स्वच्छन्द आचरण गर्न तत्पर नै रहन्छ। यसरी सुषुप्तरूपमा रहेको अतृप्त आकांक्षाले जीवमात्रलाई पुनः पुनः संसारचक्रमा घुमाइरहन्छ। तन्त्रशास्त्रले यही रहस्य वुझेर मपञ्चकको विधिपूर्वक प्रयोगद्वारा त्यो अतृप्त दमित आकांक्षालाई क्रमशः उन्मूलन गरेर जीवलाई मुक्त गर्ने वैज्ञानिक व्यवस्था गरेको छ। शास्त्रहरूले जस्तो रोग छ त्यस्तै उपचार गर्ने प्रवन्ध गरेर "विषस्य विषमौषधम्" भनेका हुन्। फेरि शूद्रादि र केही जातिहरूमा देखिएको अनियमित र निर्वन्ध मद्य-मांस-मैथुनादिको प्रयोगलाइ नियन्त्रण गर्गी उनीहरूलाई पनि क्रमशः उन्नतिको मार्गतिर लम्काउने एवं भववन्धनवाट छुट्कारा दिलाउनका निमित्त पनि देवार्चनमा मपञ्चकको व्यवस्थित प्रयोग तन्त्रले गरेको देखिन्छ। यो पञ्चमकारको विधान भोगविलासका लागि होइन र स्वच्छन्द गर्न पाइँदैन। शास्त्रले यसको प्रयोगमा ज्यादै कडा नियमहरू राखेको छ। कुन अवस्थामा कस्ताले कतिसम्म प्रयोग गर्ने र कसरी गर्ने भन्ने तन्त्रहरूमा व्यवस्था पाइन्छ। पूजाकालमा वाहेक पान गर्न खोज्ने द्विजको सम्वन्धमा समयाचारतन्त्रले यस्तो भन्दछ–

"पूजाकालं विना नैव सुरा पेया द्विजोत्तमैः ।
व्राह्मण्याद्धीयते स्पृष्ट्वा पित्वा तु नरकं ब्रजेत् ॥
पूजाकालं विना स्वार्थं यो वै पिवति दुर्मतिः ।
स याति नरकं घोरमेकविंशतिभिः कुलैः ॥"

त्यसै गरी महानिर्वाणतन्त्रले भन्दछ–

"यावन्न चालयेद् दृष्टिं यावन्न चालयेन्मनः ।
तावत्पानं प्रकुर्वीत पशुपानमतः परम् ॥"[२४७]

---

२४७ महानिर्वाणतन्त्र-७८१

त्यसैगरी लतापूजन वारे तन्त्रवचन यस्तो छ–

"युवतिं पूजयेद् वीरो मनः क्षोभं न कारयेत् ।
मनः क्षोभं कृते देवि रौरवं नरकं व्रजेत् ॥"

सप्तमकार

कापालिकहरूको वामाचार एवं अघोराचारमा सप्तमकारको प्रयोग हुने वुझिन्छ । उपर्युक्त पञ्चमकारमा 'मल' र 'मूत्र' समेत थप्दा सप्तमकार हुनजान्छ ।

अधिकारी भेदले द्रव्यभेद

पञ्चतत्त्वको प्रयोगमा अधिकारी भेदले द्रव्य भेद हुन्छ । विभाववीरको मकारको अनुकल्पवारे सर्वोल्लास तन्त्रको यस्तो वचन छ–

"ब्राह्मणो वीरभावेन सुरां पित्वा जपेन्मनुम् ।
तदभावेऽपि गोक्षीरं द्विजो दद्याद् युगे युगे ॥
ताम्बूलं ताम्रकूटञ्च त्वरिता ताडिता तथा ।
अहिफेणः खर्जुरसः धत्तूरं सम्विदा तथा ॥
एते चाष्टौ सुराः प्रोक्ताः साधकानन्ददायकाः ।
लवणार्द्रकपिण्याकस्तिलगोधूममासकाः ॥
लसूनञ्च महेशानि मांसप्रतिनिधिः स्मृतः ।
मत्स्याभावे दग्धद्रव्यं चानुकल्पं युगे युगे ॥
मुद्राभावेऽपि चणकं भर्जितं परमेश्वरि ॥"[२४८]

ब्राह्मणादि वर्णभेदले पूजामा द्रव्यभेद हुन्छ भनेर तन्त्रले भनेको छ–

"वर्णानुक्रमभेदेन द्रव्यभेदा भवन्ति वै ।"

---

२४८ प्रवुद्धसनातन रहस्य पृष्ठ २०२

भैरवीतन्त्रअनुसार ब्राह्मणले क्षीरले, क्षत्रियले घृतले, वैश्यले महले र शूद्रादिले मद्यले देवीको पूजा गर्नुपर्दछ–

"क्षीरेण ब्राह्मणैस्तर्प्या घृतेन नृपवंशजैः ।
माक्षिकैर्वैश्यवर्णैस्तु आसवैः शूद्रजातिभिः ॥"[२४९]

ब्राह्मणको लागि मदिरादान अत्यन्त निषिद्ध छ भनेर भैरवतन्त्र एवं हंसपारमेश्वरतन्त्रले भन्दछ–

"ब्राह्मणो मदिरां दत्वा ब्राह्मण्यादेव हीयते ।
स्वगात्ररुधिरं दत्वा ब्रह्महत्यामवाप्नुयात् ॥"[२५०]

अत्यावश्यक मदिरादानको विधानमा ब्राह्मणले ताम्रपात्रमा मधुदान गरोस् भनेर कूलचूडामणितन्त्रले भनेको छ–

"यत्रावश्यं विनिर्दिष्टं मदिरादानपूजनम् ।
ब्राह्मणस्ताम्रपात्रे तु मधु मद्यं प्रकल्पयेत् ॥[२५१]

वृहच्छ्रीक्रमसंहिता अनुसार ब्राह्मणको लागि पञ्चमकार निषिद्ध छ–

"..... विप्रस्तु मद्यं मांसञ्च न भक्षयेत् ।
स्वकीयां परकीयां वा नाऽऽकृष्य ब्राह्मणो यजेत् ॥"[२५२]

त्यसैगरी कनकादि सम्पूर्ण मादक वस्तुको प्रयोग ब्राह्मणले नगर्नू भन्ने भैरवतन्त्रको वचन छ– "मादकं सकलं वस्तु वर्जयेत् कनकादिकम् ।"

तन्त्रानुसार ब्राह्मणले सात्त्विक द्रव्यले नै पूजन गर्नुपर्दछ–

"द्रव्येण सात्त्विकेनैव ब्राह्मणः पूजयेच्छिवाम् ।"

---

२४९ शक्तिअंक पृष्ठ १४८
२५० ऐ.ऐ.
२५१ ऐ.ऐ.
२५२ ऐ.ऐ.

ब्राह्मणले स्त्रीलाई पूजाको साधन नबनाओस् भन्ने मेरुतन्त्रको वचन छ–

"न कर्तव्यं न कर्तव्यं न कर्तव्यं कदाचन ।
इदं तु साहसं देवि न कर्तव्यं कदाचन ॥"

पञ्चमकारको प्रयोगमा वर्णाश्रमोचित धर्मको विचार अत्यावश्यक छ भनेर अगस्त्यसंहिताले भन्दछ–

"आवाभ्यां पिशितं रक्तं सुरां वापि महेश्वरि ।
वर्णाश्रमोचितं धर्ममविचार्यार्पयन्ति ये ।
भूतप्रेतपिशाचास्ते भवन्ति ब्रह्मराक्षसाः ॥"

महाकालसंहिताले त 'शास्त्रवचनले यसरी सम्झाउँदा पनि लोभले मपञ्चकको प्रयोग गर्नेलाई यमराजले दण्ड दिन्छन्' भनेको छ–

"बोधिता अपि शास्त्रार्थैरनादृत्य वचो मम ।
मोहाद् व्यवहरिष्यन्ति लोभोपहतचेतसः ॥
ये केचित् तां धर्मराजः शासिष्यति न संशयः ॥"

दोषहरू छ भन्ने सुनेर पनि प्रदान गर्न खोज्नेले धर्म गर्‍यो वा पाप गर्‍यो भन्ने कुरा कि उही जानोस् कि महामाया नै जान्दछिन् भनेर महाकाल संहिताले नै भनेको छ–

"निशम्यापीदृशान् दोषानथ चेद्दातुमिच्छति ।
स च सा च विजानाति धर्मं वा पापमेव वा ॥"

तन्त्रले ब्राह्मणले अनुकल्पको पनि प्रयोग गर्नुहुँदैन भनेर भन्दछ, किनकि मुख्यमा जस्को अधिकार छ अनुकल्पमा पनि त्यसको मात्र अधिकार हुन्छ । यसवारे तन्त्रचिन्तामणिमा यस्तो वचन छ–

"ब्राह्मणस्त्वनुकल्पं च कृत्वा चाण्डालतामियात् ।
एवं दद्यात्क्षत्रियोऽपि पैष्टिकीं नो कदाचन ॥

नारिकेलोदकं कांस्ये ताम्रे गव्यं तथा मधु ।
राजन्यवैश्ययोर्दानं न द्विजस्य कदाचन ॥
एवं प्रदानमात्रेण हीनायुर्ब्राह्मणो भवेत् ।
ताम्रे गव्यं मधुसमं दैवे पैत्रे न दुष्यति ॥
अत एव महेशानि होमस्ताम्रे प्रगृह्यते ।
ब्राह्मणेन तथा कार्यं ब्राह्मण्यं न विनश्यति ॥"

कुलार्णवतन्त्रले पञ्चमकारको आध्यात्मिक रहस्यको वर्णन गर्दै भन्छ– सहस्रारबाट चुहिएको अमृतपान नै मद्यपान हो, पुण्यापुण्यरूप पशुलाई ज्ञानखड्गले काटेर मनलाई ब्रह्ममा लीन गर्नु नै मांसभक्षण हो, इन्द्रियगणलाई वशमा राखेर आत्मामा मन लगाउनु नै मत्स्यभक्षण हो, पराशक्तिरूप कुण्डलिनी र आत्माको संयोगमा रमाउनु नै मैथुन हो, अरु त जोइटिङ्ग्रे हुन्–

"आमूलाधारमाब्रह्मरन्ध्रं गत्वा पुनः पुनः।
चिच्चन्द्रकुण्डलीशक्तिसामरस्यसुखोदयः ॥
व्योमपङ्कजनिष्यन्दसुधापानरतो नरः ।
सुधापानमिदं प्रोक्तमितरे मद्यपायिनः ॥
पुण्यापुण्यपशुं हत्वा ज्ञानखड्गेन योगवित् ।
परे लयं नयेच्चित्तं पलाशी स निगद्यते ॥
मनसा चेन्द्रियगणं संयम्यात्मनि योजयेत् ।
मत्स्याशी स भवेद्देवी शेषाः स्युः प्राणिहिंसकाः ॥
अप्रबुद्धा पशोः शक्तिः प्रबुद्धा कौलिकस्य च ।
शक्तिं तां सेवयेत् यस्तु स भवेत् शक्तिसेवकः ॥
पराशक्त्यात्ममिथुनसंयोगानन्दनिर्भरः ।
य आस्ते मैथुनं तत् स्यादपरे स्त्रीनिषेवकाः ॥"[२५३]

२५३ कुलार्णवतन्त्र पृष्ठ ६८

त्यसै गरी सहस्रदलकमलमा महाकुण्डलिनीका साथ मुद्रित रहेको आत्मा नै मुद्रा हो र त्यस्को ज्ञान जस्लाई छ त्यो नै मुद्रासाधक हो भन्ने तन्त्रवचन छ–

"सहस्रारे महापद्मे कर्णिकामुद्रितश्चरेत् ।
आत्मा तत्रैव देवेशि केवलः पारदोपमः ॥
सूर्यकोटिप्रतीकाशश्चन्द्रकोटिसुशीतलः ।
अतीव कमनीयश्च महाकुण्डलिनीयुतः ॥
यस्य ज्ञानोदयस्तत्र मुद्रासाधक उच्यते ॥"[२५४]

कुलद्रव्यहरू प्रयोग गर्दा शोधन गर्नुपर्दछ। मद्यमा कचशाप, शुक्रशाप, व्रह्मशाप, कृष्णशाप आदि परेको हुनाले मन्त्रप्रयोगद्वारा शापमोचन गरिन्छ। हेतुशोधनादिमा वैदिकमन्त्रको प्रयोग हुन्छ।

आम्नाय योग र देवता विभाजन

वाचस्पत्यम् अनुसार आम्नायको अर्थ सम्यक् अभ्यास वा पाठ हो। अतः गुरुमुखवाट प्राप्त विद्या वा उपदेशको नियमपूर्वक अभ्यास गर्नु नै 'आम्नाय' हो। अमरकोष अनुसार आम्नायको अर्थ 'वेद' पनि हो– "श्रुतिः स्त्री वेद आम्नायः"। महाभारतमा आम्नायवाटै सर्वतोमुखी वेदहरू (स्मृतिहरू) को प्रचार र प्रसार भयो भनिएको छ–

"आम्नायवचनं सत्यमित्ययं लोकसंग्रहः ।
आम्नायेम्यः पुनर्वेदाः प्रसृताः सर्वतोमुखाः ॥"[२५५]

यसप्रकार पूर्वादि दिशाहरूमा प्रचलित वेद (ज्ञान) र त्यसको सम्यक् अभ्यासको अर्थमा आम्नायलाई लिन सकिन्छ।

---

२५४ प्रबुद्धसनातन रहस्य ४५४
२५५ महाभारत, शान्तिपर्व-२६० ९

समस्त तन्त्रशास्त्रलाई दश दिशा अनुसार दश आम्नायमा विभाजन गरिएको छ। दश आम्नायभित्र सवै देवताहरू अटाएका छन्। यी दश आम्नायमध्ये नैर्ऋत्याम्नाय क्षुद्रविद्यासम्वन्धी भएकोले मुमक्षुहरूका लागि त्याज्य छ, अतः आम्नाय नौ नै मानिन्छ। यसवारे शक्तिसङ्गमतन्त्रको यस्तो वचन छ–

"आम्नायो नवधा प्रोक्तश्चोत्तमादि प्रभेदतः।
त्रिभेदे बहुभेदत्वं त्रितयं त्रितयं त्रिषु॥"[२५६]

शक्ति वाहेक अन्य देवताहरूलाई उपाम्नायमा विभाजन नगरिएकोले मुख्यतः आम्नाय छ नै मानिन्छन्। यी छ आम्नायहरू सदाशिवका छ मुखवाट निस्केका हुन् भन्ने तन्त्रशास्त्रमा उल्लेख छ। आम्नायको उत्पत्तिवारे कुलार्णवतन्त्रमा यस्तो वचन छ–

"मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः।
पूर्वश्च पश्चिमश्चैव दक्षिणश्चोत्तरस्तथा॥
ऊर्ध्वाम्नायश्च पञ्चैते मोक्षमार्गाः प्रकीर्तिताः॥"[२५७]

अर्थात् शिवजीको तत्पुरुपरूप पूर्वमुखवाट पूर्वाम्नाय, अघोररूप दक्षिणमुखवाट दक्षिणाम्नाय, सद्योजातरूप पश्चिममुखवाट पश्चिमाम्नाय, वामदेवरूप उत्तरमुखवाट उत्तराम्नाय एवं ईशानरूप उर्ध्वमुखवाट ऊर्ध्वाम्नाय निस्के।

उपर्युक्त वचनवाट मूलतः आम्नाय पाँच मात्र देखिन्छन् तथापि तन्त्रान्तरमा शिवको अघोरवक्त्र अर्थात् कालाग्निरुद्ररूपवाट छैठौं आम्नायको उत्पत्ति भएको हो भन्ने पाइन्छ। त्यस्तै पाँच आम्नायको सारवाट वौद्धमतानुसार अधराम्नायको उत्पत्ति भएको हो भन्ने पनि पाइन्छ।

---

२५६ तान्त्रिकोपासनादर्पण प्रथमखण्ड पृष्ठ २२,
२५७ कुलार्णवतन्त्र ३।७

कुलार्णवतन्त्रअनुसार पूर्वाम्नाय सृष्टिरूप, दक्षिणाम्नाय स्थितिरूप, पश्चिमाम्नाय संहाररूप र उत्तराम्नाय अनुग्रहरूप हो–

"पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः ।
संहारः पश्चिमो देवि उत्तरोऽनुग्रहो भवेत् ॥"[२५८]

क्रमचिन्तामणितन्त्रले चाहिँ उत्तरलाई अन्तर्लीन, ऊर्ध्वलाई अनुग्रह र अधराम्नायलाई विश्रान्तिरूप मानेको छ–

"पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः ।
संहारः पश्चिमो ज्ञेयो ह्यन्तर्लीनस्तथोत्तरः ॥[२५९]
ऊर्ध्वश्चानुग्रहो ज्ञेयश्चाधो विश्रान्तिको भवेत् ॥"

कुलार्णवतन्त्रमा उल्लेख भए अनुसार पूर्वाम्नायमा मन्त्रयोग, दक्षिणमा भक्तियोग पश्चिममा कर्मयोग र उत्तरमा ज्ञानयोग हुन्छ–

"मन्त्रयोगं विदुः पूर्वं भक्तियोगञ्च दक्षिणम् ।
पश्चिमं कर्मयोगञ्च ज्ञानयोगं तथोत्तरम् ॥"

उर्ध्वाम्नायमा चाहिँ वहिर्याग र अन्तर्याग मिलाई, चारै योगको ऐक्यद्वारा राजाधिराजयोगवाट उपासना हुन्छ ।

त्यसैगरी कुन कुन आम्नायको उपासकले कस्तो कस्तो फल प्राप्त गर्दछ भन्ने वारे मेरुतन्त्रको वचन छ–

"दक्षिणोपासकः कालः ऊर्ध्वः सायुज्यमाप्नुयात् ।
देवतायास्तथा पूर्वः सारूप्यं लभते परम् ॥
सामीप्यं चोत्तरो लोके पश्चिमस्त्वैहिकं फलम् ।
लाभस्त्यागश्चोपकारो ह्यधोमार्गेऽप्युदर्ककृत् ॥"

---

२५८ कुलार्णवतन्त्र, ३।४१
२५९ मन्त्रविद्यारहस्य पृष्ठ ३

अर्थात् दक्षिणाम्नायी उपासक साक्षात् महाकाल वन्दछ ऊर्ध्वाम्नायीले सायुज्य, पूर्वाम्नायीले सारूप्य, उत्तराम्नायीले सामीप्य मुक्ति र पश्चिमाम्नायीले ऐहिक फल प्राप्त गर्दछ। अधराम्नायमा पनि लाभ, त्याग, उपकार आदि उदर्कफल पाइन्छ।

तन्त्रानुसार उपर्युक्त षडाम्नाय वाहेक अरु चार आम्नायलाई उपाम्नाय भनिन्छ। यी उपाम्नाय मुख्य चार आम्नायको मिश्रणवाट वन्दछन्।

उत्तराम्नाय अनुसारको अन्तर्याग र पूर्वाम्नाय अनुसारको वहिर्याग मिल्दा संहाररूप 'ईशानाम्नाय' वन्दछ। त्यसैगरी पूर्वाम्नाय र दक्षिणाम्नायवाट स्थितिरूप 'आग्नेयाम्नाय', दक्षिणाम्नाय र पश्चिमाम्नायवाट अभिचाररूप 'नैर्ऋत्याम्नाय' एवं पश्चिमाम्नाय र उत्तराम्नायवाट सृष्टिरूप 'वायव्याम्नाय' वन्दछन्। यी मध्ये नैर्ऋत्याम्नाय अभिचारात्मक र क्षुद्रविद्याको उपासनापरक भएकोले अधराम्नायमा मिल्दछ र मुक्तिमार्गको लागि त्याज्य छ। अरु तीन ईशान, वायव्य र आग्नेय आम्नाय समष्टि भै पश्चिमाम्नायमा मिल्दछ र त्रिशक्ति चामुण्डाको रूप वन्दछ।[२६०]

अव कुन कुन आम्नायमा कुन कुन आचारवाट उपासना हुन्छ भन्नेवारे आगमोक्ति यस्तो छ–

"पश्वाचारो भवेत् पूर्वे वीराचारस्तु पश्चिमे।
दक्षिणोत्तरयोरूर्ध्वे त्वाचारौ तावुभौ शिवे ॥
विहाय सर्वं सर्वत्र कौलाचारः प्रशस्यते ॥"[२६१]

अर्थात् पूर्वमा पश्वाचार, पश्चिममा वीराचार, दक्षिण, उत्तर र उर्ध्वमा दुवै आचार एवं कौलाचारले सर्वत्र उपासना हुनसक्दछ।

---

२६० मन्त्रविद्यारहस्य पृष्ठ ३
२६१ निगमागमवैज्ञानिकसार पृष्ठ २६३

तन्त्रचिन्तामणिमा उल्लेख भए अनुसार पूर्वमा दक्ष र वाम, दक्षिणमा दिव्य र वाम, पश्चिममा कौल र दक्ष, उत्तरमा कौल र वाम ऊर्ध्वमा दिव्य एवं पातालमा वामाचारबाट मात्र उपासना हुन्छ–

"पूर्वाम्नाये दक्षवामौ दक्षिणे दिव्यवामकौ ।
कौलदक्षौ पश्चिमे तु कौलवामौ तथोत्तरे ।
ऊर्ध्वे दिव्यो महेशानि पाताले वाम एव च ॥"[262]

कुलार्णवतन्त्रअनुसार पूर्वाम्नायमा देवताका प्रमुख २४ भेद, दक्षिणाम्नायमा २५ भेद, पश्चिमाम्नायमा ३२ भेद, उत्तराम्नायमा ३६ भेदहरू छन् । ऊर्ध्वाम्नायमा चाहिँ यस्तो केही छैन, यो शिवस्वरूप नै हो ।

"पूर्वाम्नायस्य सङ्केतश्चतुर्विंशतिरीरिताः ।
दक्षिणाम्नायसङ्केताः पञ्चविंशतिरीरिताः ॥
पश्चिमाम्नायसंकेता द्वात्रिंशत् समुदाहृताः ।
विदुः षट्त्रिंशदाम्नाये संकेताः श्रीमदुत्तरे ॥
उर्ध्वाम्नायस्य चैतानि न सन्ति कुलनायिके ।
साक्षाच्छिवस्वरूपत्वान्न किञ्चित् कर्म विद्यते ॥"[263]

वडवानलतन्त्रअनुसार ऊर्ध्वाम्नायमा प्रमुख भेद यसप्रकार छ–

"कामेशी ललिता बाला महात्रिपुरसुन्दरी ।
त्रिपुराभैरवी ह्येता ऊर्ध्वाम्नायसमाश्रिताः ॥"[264]

अव प्रसङ्गअनुसार कुन कुन आम्नायमा कस्ता कस्ता रतासन मूर्ति हुन्छ भन्ने वारे छोटो चर्चा गरौं । श्रीकुलक्रमचिन्तामणितन्त्रानुसार पूर्वमा सपरीतरत, दक्षिणमा विपरीतरत, पश्चिममा मृगादिकरत, उत्तरमा ताण्डवरत, ऊर्ध्वमा चणकाकृतिरत एवं अधरमा चुम्वनादिरत हुन्छ–

---

२६२ तन्त्रचिन्तामणितन्त्र ७।७४
२६३ कुलार्णवतन्त्र ३।४३-४५
२६४ मन्त्रविद्यारहस्य पृष्ठ ५०

"सपरीतरतं पूर्वे विपरीतं तु दक्षिणे ।
पश्चिमे तु महेशानि मृगादिकरतं भवेत् ॥
उत्तरे ताण्डवरतमूर्ध्वे तु चणकाकृतिः ।
पाताले कामदं दिव्यं चुम्बनादिरतं भवेत् ॥"[२६५]

यी षडाम्नायमध्ये तन्त्रशास्त्रमा ऊर्ध्वाम्नायको महत्त्व ज्यादै देखिन्छ । चारै आम्नायको समष्टिरूपमा ऊर्ध्वाम्नाय रहेकोले ऊर्ध्वाम्नाय समान अरु आम्नाय छैन भन्ने कुलार्णवतन्त्रको वचन छ । सवै धर्मभन्दा माथि रहेकोले ऊर्ध्वाम्नाय प्रशस्त छ, अधः स्थितलाई पनि ऊर्ध्वमा लैजाने भएकोले ऊर्ध्वाम्नाय भनिएको हो–

"ऊर्ध्वत्वात्सर्वधर्माणामूर्ध्वाम्नायः प्रशस्यते ।
ऊर्ध्वं नयत्यधःस्थञ्च ऊर्ध्वाम्नाय इतीरितः ॥"[२६६]

उपर्युक्त नौ आम्नायवाट मूलभूत नौ वीजात्मक तत्त्वहरू वन्दछन् र प्रत्येक वीजात्मक तत्त्ववाट तीन तीन विद्याहरूको प्रार्दुभाव हुन्छ । कुन कुन आम्नायवाट कुन कुन वीजात्मक तत्त्व वन्दछन् र कुन कुन विद्याको प्रार्दुभाव हुन्छ भन्ने वारे मन्त्रविद्यारहस्यमा यस्तो उल्लेख छ–

आम्नाय	तत्त्व	विद्या
उत्तराम्नाय	रावबीजात्मक तत्त्व	सिद्धिलक्ष्मी, सिद्धिकराली, कामकलाकाली
पूर्वाम्नाय	मायाबीजात्मक तत्त्व	उन्मनी, पूर्णेश्वरी र भुवनेश्वरी
पश्चिमाम्नाय	खेचरीबीजात्मक तत्त्व	समयकुब्जिका, वज्रकुब्जिका र अघोरकुब्जिका
दक्षिणाम्नाय	कुन्तीबीजात्मक तत्त्व	आद्याकाली, श्यामाकाली र दक्षिणकाली
अधराम्नाय	स्त्रीबीजात्मक तत्त्व	एकजटा, नीलसरस्वती र उग्रतारा
ऊर्ध्वाम्नाय	प्रासादीबीजात्मक तत्त्व	बालात्रिपुरा, श्रीविद्याललिता र श्रीविद्या षोडशी
ईशानाम्नाय	कामबीजात्मक तत्त्व	महाकाली, प्रत्यङ्गिरा र कालरात्री
वायव्याम्नाय	वाणीबीजात्मक तत्त्व	महासरस्वती, ज्ञानसरस्वती, चिन्तामणिसरस्वती
आग्नेयाम्नाय	त्रपाबीजात्मक तत्त्व	महालक्ष्मी, सिद्धिलक्ष्मी र उग्रचण्डा ।

---

२६५ कामकलारहस्य पृष्ठ १४
२६६ कुलार्णवतन्त्र ३।१७

यी २७ विद्याहरू, ऋग्वेदरूपिणी ब्रह्माणी, यजुर्वेदरूपिणी रुद्राणी, सामवेदरूपिणी वैष्णवी, अथर्ववेदरूपिणी तुरीया यी ४ वेद विद्याहरू, अनि पञ्चसमयाविद्याहरू समेत मिली ३६ विद्याहरू बने र यसैबाट ३६ तत्त्वहरू बन्न गए। अनि यी विद्याहरूकै विभूतिबाट अनेक विद्याहरूको उत्पत्ति भयो। ३६ तत्त्वहरू यसप्रकार छन्–

आत्मतत्त्वमा - त्रिगुणात्मकप्रकृति एवं मन बुद्धि अहंकार, पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, पञ्च तन्मात्रा र पञ्च महाभूत गरी २४ तत्त्व।

विद्यातत्त्वमा - पुरुष, नियति, काल, राग, अविद्या, कला र माया गरी ७ तत्त्व।

शिवतत्त्व - शिव, शक्ति, सदाशिव, ईश्वर र शुद्धविद्या गरी ५ तत्त्व।

यी नौ आम्नायका नायिका, भैरव र गणेशहरू यस बमोजिम हुन्छन्–

आम्नाय	नायिका	भैरव	गणेश	शिव
पूर्वाम्नाय	भुवनेश्वरी	सदाशिव	विरिञ्चिगणेश	तत्पुरुष
दक्षिणाम्नाय	दक्षिणकाली	महाकाल	लक्ष्मीगणपति	अघोर
पश्चिमाम्नाय	कुब्जिका	कुब्जिकेश्वर	विघ्नगणेश	सद्योजात
उत्तराम्नाय	सिद्धिकराली	गुह्येश्वर	उच्छिष्टगणपति	वामदेव
ऊर्ध्वाम्नाय	बालामहात्रिपुरसुन्दरी त्रिकूटा महात्रिपुरसुन्दरी	त्रिपुरेश्वर/ कामेश्वर	महागणपति	ईशान
अधराम्नाय	तारा	अक्षोभ्य		कालाग्निरुद्र
ईशानाम्नाय	महाकाली	रुद्र		
आग्नेयाम्नाय	महालक्ष्मी	विष्णु		
वायव्याम्नाय	महासरस्वती	ब्रह्मा		
उपाम्नाय (समष्टि)	त्रिशक्ति चामुण्डा	भीषण भैरव		

दशमहाविद्या

जुन आदि महाशक्ति कालिका हुन् तिनको नामरूपको दुई भेद कल्पना भई श्यामाकाली र रक्ताकाली वन्न गएको छ। श्यामा 'श्रीमद्दक्षिणा' हुन भन्ने रक्ता 'श्रीसुन्दरी' हुन्–

"कालिका द्विविधा प्रोक्ता श्यामा रक्ता प्रभेदतः ।
श्यामा तु दक्षिणा प्रोक्ता रक्ता श्रीसुन्दरी मता ॥"

तन्त्रशास्त्रलाई यसरी काली-उपासनापरक र सुन्दरी-उपासनापरक गरी 'कालीकल्प' र 'श्रीकल्प' मा विभाजन गरिएको छ। यी दुई मा पनि प्रत्येकको पाँच भिन्ना भिन्नै रूपको कल्पना भई दशमहाविद्या वनी दश प्रकारका उपासनाक्रम वन्न गए। फेरि श्रीवाट अनेक कुब्जिकादि सिद्धविद्याहरूको एवं कालीबाट नवकालीहरूको उत्पत्ति भयो। यी प्रत्येक विद्यालाई सप्तर्षि, अष्टभैरव, नवनाथ एवं अनेक सिद्धगुरुहरूले सिद्ध गराई आ-आफ्नो भिन्न भिन्न परम्परा निकालेका हुनाले अनेक परम्परा वन्न गए। अधराम्नायको उत्पत्ति भएपछि 'ताराविद्या' लाई 'महोग्रतारा' र 'आर्यतारा' भन्ने दुई भेद गराएर ब्राह्मणहरूले दक्षिणाम्नाय वा उत्तराम्नायवाट 'महोग्रतारा' को उपासना गर्ने परम्परा खडा भयो। वौद्धहरूले चाहीं 'आर्यतारा' को अधराम्नायवाट उपासना गर्ने परम्परा निकाले। अधराम्नायकै परम्परावाट 'क्षुद्रविद्या' हरू निस्किए।[२६७]

"शक्तिसङ्गमतन्त्रअनुसार, 'त्रिपुरासुरदहनका लागि यथायोग्य उपकरण हुँदा हुँदै पनि योग्यरक्षाको अभावमा शिव अत्यन्त व्याकुल हुनुभयो र दशै दिशामा रक्षा गर्नका लागि भगवतीलाई प्रार्थना गर्नुभयो। सन्तुष्ट भएकी परमेश्वरी आदि शक्तिले आफूलाई दश विद्यामयी वनाउनु भयो।[२६८]

---

२६७ प्रवुद्धसनातन रहस्य पृष्ठ १४०
२६८ शक्तिसंगम १९ पटल

दशमहाविद्याको प्रार्दुभाव वारे यस्तो कथा पाइन्छ– 'दक्षयज्ञमा जानवाट निवारण गरिएकी सतीले क्रुद्ध भएर आफ्नो प्रभाव देखाउन थाल्नु भयो। सतीको क्रोधवाट भयभीत भएर भाग्न लागेका शंकरलाई रोक्न दशै दिशामा वहाँले आफ्नो दश मूर्ति खडा गर्नुभयो–

"एवं पतिं वीक्ष्य भयाभिभूतं दयान्विता सा पतिवारणेच्छा।
सर्वासु दिक्षु क्षणमग्रतः स्थिता तदा च भूत्वा दशमूर्तयः पराः॥"[२६९]

ती दशमूर्तिलाई देखेर चकित भएका शंकरले प्रश्न गर्दा सतीले यी सवै मेरै स्वरूप हो भन्नु भयो–

"न पश्यसि महादेव सतीं मां पुरतः स्थिताम्।
काली तारा च लोकेशी कमला भुवनेश्वरी॥
छिन्नमस्ता षोडशी च सुन्दरी वगलामुखी।
धूमावती च मातङ्गी नामान्यासामिमानि वै॥"

शिवमहापुराणको कथा अनुसार दुर्गासुरवाट पीडित देवताहरूले भगवती उमाको प्रार्थना गर्दा दुष्ट दैत्यहरूको विनाश एवं देवताहरूको रक्षाको निमित्त पार्वतीको शरीरवाट आयुधसहितका दश मनोहर मूर्ति प्रकट भए–

"एतस्मिन्नन्तरे तस्याः शरीराद्रम्यमूर्त्तयः।
काली तारा छिन्नमस्ता श्रीविद्या भुवनेश्वरी॥
भैरवी वगला धूम्रा श्रीमत्त्रिपुरसुन्दरी।
मातङ्गी च महाविद्या निर्गताः दश सायुधाः॥"[२७०]

तन्त्रमार्गमा महाविद्या, सिद्धविद्या र क्षुद्रविद्या नामक तीन भेद छन्। क्षुद्रविद्या ऐहिक फलमात्र प्रदान गर्ने र मोक्षमार्गको निरोधक छ।

---

२६९ योगतन्त्रविमर्शिनी पृष्ठ ७३
२७० योगतन्त्रविमर्शिनी पृष्ठ ७४, ३६, ७२

महाविद्या र सिद्धविद्यामा पनि प्रमुख दश भेद छन्। शक्तिसङ्गमतन्त्रअनुसार महाविद्याका नाम यस्तो छ–

"काली तारा छिन्नमस्ता सुन्दरी वगला रमा ।
मातङ्गी भुवनेशानी सिद्धविद्या च भैरवी ॥
धूमावती च दशमी महाविद्या दश स्मृताः ॥"

दशमहाविद्या सम्वन्धमा मुण्डमालातन्त्र एवं चामुण्डातन्त्रको यस्तो वचन छ–

"काली तारा महाविद्या षोडशी भुवनेश्वरी ।
भैरवी छिन्नमस्ता च विद्या धूमावती तथा ॥
वगला सिद्धविद्या च मातङ्गी कमलात्मिका ।
एता दशमहाविद्याः सिद्धविद्याः प्रकीर्तिताः ॥"

त्यस्तै दश मुख्य सिद्धविद्याहरूको नाम यस्तो छ–

"कुब्जिका चण्डिका वाला सिद्धिलक्ष्मीः सरस्वती ।
अन्नपूर्णा च गायत्री पार्वती चापराजिता ॥
विन्ध्याधिवासिनी ह्येताः सिद्धविद्याः प्रकीर्तिताः ॥"[२७]

उपर्युक्त विद्याहरू युग अनुसार विद्या, सिद्धविद्या र महाविद्या वन्दछन् भन्ने तन्त्रहरूमा पाइन्छ ।

दशमहाविद्याहरूका भैरवहरूवारे शक्तिसङ्गमतन्त्रमा यस्तो वचन छ–

"कालिकाया महाकालः सुन्दर्या ललितेश्वरः ।
तारायाश्च तथाऽक्षोभ्यश्छिन्नाया विकरालकः ॥
भुवनाया महादेवो धूम्रायाः कालभैरवः ।
नारायणो महालक्ष्म्या भैरव्या वटुकः स्मृतः ॥

---

२७ बृहत्पुरश्चर्यार्णव प्रथम खण्ड पृष्ठ १९

मातङ्ग्यास्तु मतङ्गः स्यादथवा स्यात् सदाशिवः ।

मृत्युञ्जयस्तु वगलाविद्यायाः परिकीर्तितः ॥"

तन्त्रचिन्तामणिअनुसार महाविद्याका भैरवहरूको नाम यसप्रकार छ–

"कालिकायां महाकालश्चाक्षोभ्यस्तारिणीमनौ ।

त्रिपुरायान्तु राजेशो वगलायाञ्च त्र्यम्बकः ॥

मातङ्ग्यान्तु महेशश्च भुवनेश्यां महेश्वरः ।

नारायणो महालक्ष्म्यां महादेवः शृणु प्रिये ॥

छिन्नायान्तु करालः स्यात् सिद्धायां कुक्कुटेश्वरः ।

धूम्रायान्तु अघोरः स्यादिति संक्षेपतो मतः ॥"[२७२]

तोडलतन्त्रअनुसार षोडशीको भैरव शिव (पञ्चवक्त्र), भुवनेश्वरीको त्र्यम्बक, भैरवीको दक्षिणामूर्ति, छिन्नाको कवन्ध, धूमाको छैन, वगलाको एकवक्त्र महारुद्र, मातङ्गीको मतङ्ग शिव एवं कमलाको विष्णु वा सदाशिव हुन्।[२७३] शक्तिसंगमतन्त्रमा उल्लेख भएका ललितेश्वर त्रिपुरभैरव हुन्, विकराल क्रोधभैरव हुन्, कालभैरव घोर हुन्। महाविद्याका भैरवहरूमा देखिएको भिन्नता वस्तुतः नामान्तर मात्र हो भन्ने विज्ञहरूको भनाई छ।

यी दशमहाविद्याहरूको उपासना कुन कुन मार्गवाट हुन सक्छ भन्ने वारे तन्त्रचिन्तामणिमा यस्तो छ–

"वामदक्षिणमार्गौ हि कालीताराविधौ स्मृतौ ।

छिन्नाविधौ वाममार्गो वगला वामदक्षगा ॥

सुन्दरी वामदिव्या च दक्षमार्गेऽपि संस्थिता ।

बालाविद्या दक्षविद्या मातङ्गी वामदक्षिणा ॥

केवला भुवना लक्ष्मीर्धूमा दक्षिणमार्गगाः ॥

---

२७२ तन्त्रचिन्तामणि १।२२२-२२४

२७३ योगतन्त्रविमर्शिनी पृष्ठ ३७

सुमुखी वामसन्तुष्टा वटुको वामदक्षिण: ॥
भैरवी वामयोगस्था वगला वामदक्षिणा ॥"

अर्थात् काली ताराको उपासना वाम दक्ष दुवै मार्गवाट, छिन्नाको वाममार्ग, वगलाको दक्षमार्ग, सुन्दरीको वाम दक्ष र दिव्यमार्ग, वालाको दक्षमार्ग, मातङ्गीको वाम दक्ष दुवै मार्ग, भुवना लक्ष्मी र धूमाको दक्षमार्गवाट, सुमुखीको वाममार्ग, वटुकको वाम दक्ष दुवै र भैरवीको वाममार्गवाट उपासना हुन सक्छ ।

यी दशमहाविद्याहरूको विभाजन 'श्रीकल्प' र 'कालीकल्पमा यसरी भएको छ–

कालीकल्पमा - काली, तारा, छिन्नमस्ता, धूमावती र भैरवी ।

श्रीकल्पमा - श्रीविद्या षोडशी, भुवनेश्वरी, मातङ्गी, वगला र कमला ।

दशमहाविद्यामा प्रयुक्त 'काली' पदले दक्षिणकालीलाई वुझाउँछ । यी दशमहाविद्याका उपासनामा भिन्न भिन्न आचार हुन्छन्, जसलाई क्रम पनि भनिन्छ । शक्तिसंगमतन्त्रअनुसार दशमहाविद्याका क्रम यस्तो छ–

कालीको नीलक्रम हुन्छ । यसको पनि सकल र निष्कल गरी दुई भेद छ । ताराको मुख्य दुई क्रम छ– चीनक्रम र महाचीन क्रम । चीनक्रम पनि व्रह्मचीन, वीरचीन र दिव्यचीन गरी तीन प्रकारको हुन्छ । महाचीन चाहिँ सकल र निष्कल गरी दुई प्रकारको हुन्छ । सकल वौद्धको लागि हो भने, निष्कल व्राह्मणको लागि हो । छिन्नमस्ताको दिव्यचीनक्रम हो यो पनि सकल र निष्कल दुई प्रकारको छ । धूमावतीको धूम्रक्रम हो । भैरवीको भैरवक्रम वा स्वपुष्पक्रम हुन्छ । भुवनेश्वरीको दिव्यभावक्रम हुन्छ । वगलाको सौभाग्यक्रम हुन्छ । कमलाको क्रमलाई कमलाक्रम नै भन्छन् । मातङ्गीको महाराजक्रम श्रीकल्पका साधकको लागि हो । कालीकल्पका साधकको लागि यिनको व्रह्ममार्गक्रम हुन्छ । षोडशीको गन्धर्वक्रम हो ।

यी दशमहाविद्यावाटै सवै विद्याहरू उत्पन्न हुन्छन् अतः देवीहरूका जति पनि भेद छन् ती सवै यिनीहरूमै अन्तर्भूत हुन्छन्। यी दश महाविद्यामध्ये 'काली' तारा सुन्दरी यी तीन प्रधान विद्या मानिन्छन् र अरु यिनकै विभूतिहरू हुन्। यी तीन मध्ये पनि प्रधानविद्या 'काली' हुन् र सुन्दरी, तारा यिनकै रूपान्तर हो भन्ने पाइन्छ –

"तासु तिस्रो विशिष्यन्ते काली तारा च सुन्दरी"

काली

सृष्टिको आदिमा केही थिएन, केवल अनुपाख्य तम थियो।

"आसीदिदं तमोभूतमप्रज्ञातमलक्षणम्।
अप्रतर्क्यमनिर्देश्यं प्रसुप्तमिव सर्वतः ॥"

त्यो अप्रज्ञात, अलक्षण, अप्रतर्क्य, अनिर्देश्य तत्त्वलाई नै शास्त्रले 'महाकाल' मानेको छ। महाकालको शक्ति महाकाली हुन्। सृष्टि पूर्व यिनकै साम्राज्य थियो अतः आगमशास्त्रमा यिनलाई आद्या प्रथमा आदि भनिन्छ।

जसले सर्वभूतलाई कलन गर्छ, आफूमा लीन गर्छ त्यसलाई 'काल' भन्दछन्– 'कलनात् सर्वभूतानाम्' त्यसैले शास्त्रले भन्दछ– 'कालः पचति भूतानि काल संहरते प्रजाः।' त्यस्तै– 'कालो जगद् भक्षकः' 'कालाधीनमिदं विश्वम्' इत्यादि। श्रीकृष्णले स्वयं भन्नु भएको छ–"कालोऽस्मि लोकक्षयकृत् प्रवृद्धः।"[२७४] यो चराचरजगतको सृष्टि स्थिति लय आदि सवै कालकै खेल हो। सवै चराचरले षड्भावविकार (जायते-अस्ति-वर्द्धते-विपरिणमते-अपक्षीयते-नश्यति) लाई कालमानै प्राप्त गर्दछन्। काललाई पनि कलन गर्ने महाकाल हुन्। यी महाकाल साक्षात् परब्रह्म शिव हुन् र यिनको शक्तिलाई सामान्यतः काली भनेर भनिन्छ,–

---

२७४ गीता-११।३२

"काली नाम पराशक्तिः सैव देवस्य गीयते ॥"

यसवारे कामधेनुतन्त्रको यस्तो वचन छ–

"तव रूपं महाकाली जगत्संहारकारकः ।[275]

महासंहारसमये कालः सर्वं ग्रसिष्यति ॥

कलनात् सर्वभूतानां महाकालः प्रकीर्तितः ।

महाकालस्य कलनात् त्वमाद्या कालिका परा ॥"

अर्थात् 'महाकाल' लाई पनि कलन गर्ने कालिका हुन् ।

महानिर्वाणतन्त्रले कालीनामको निर्वचन यसरी गरेको छ–

"कालसंकलनात् काली सर्वेषामादिरूपिणी ।

कालत्वादादिभूतत्वादाद्या कालीति गीयते ॥"[276]

कालीतन्त्रमा एवं कामधेनु तन्त्रमा पनि काललाई ग्रास गर्ने हुनाले 'काली' भनिएको हो भन्ने पाइन्छ–

"काल संकलनात् काली कालग्रासं करोत्यतः ।"[277]

त्यस्तै कालीतन्त्रकै वचन छ–

"कालनियन्त्रणात् काली ज्ञानतत्त्वप्रदायिनी ।"

त्यस्तै परातन्त्रको वचन छ–

आ ब्रह्मस्था वरान्ता च कालेन कलयन्ति च ।

तं कालं कलयेत् काली ततः सा कालिका स्मृता ॥[278]

मार्कण्डेयपुराण अनुसार शुम्भदैत्यवधको समयमा महाशक्ति पार्वतीको शरीरकोषवाट एक शिवा विनिर्गत भइन्, अतः पार्वती कृष्णवर्णकी भएर 'काली' नामले प्रसिद्ध हुनुभयो–

---

२७५ योगतन्त्रविमर्शिनी पृष्ठ ४९

२७६ महानिर्वाणतन्त्र ४।३२

२७७ बृहत्पुरश्चर्यर्णव ३ खण्ड पृष्ठ ३

२७८ परातन्त्र ४।४

"तस्यां विनिर्गतायां तु कृष्णाऽभूत् सापि पार्वती ।
कालिकेति समाख्याता हिमाचल कृताऽऽश्रया ॥"[२७९]

यसरी परब्रह्म परमेश्वरकी चिन्मयी पराशक्ति नै सर्वत्र काली, कालिका इत्यादि नामले प्रसिद्ध हुनुहुन्छ–

"सैव काली महादेवी गीयते लोकवेदयोः ।
इतिहासेषु तन्त्रेषु सिद्धान्तेषु कुलेषु च ॥"[२८०]

महाकालसंहिता अनुसार कालीका प्रमुख नौ भेदहरू छन्– दक्षिणकाली, भद्रकाली, श्मशानकाली, महाकाली, गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली र चण्डिकाली ।[२८१] यथा–

"काली नवविधा प्रोक्ता सर्वतन्त्रेषु गोपिता ।
आद्या दक्षिणकाली च भद्रकाली तथा परा ॥
अन्या श्मशानकाली च महाकाली चतुर्थिका ।
पञ्चमी गुह्यकाली च पूर्वं या कथिता मया ॥
षष्ठी कामकलाकाली सप्तमी धनकालिका ।
अष्टमी सिद्धिकाली च नवमी चण्डिकालिका ॥"

चण्डिकालिका सप्तशतीवर्णित महाकाली हुन् भन्ने पाइन्छ। उपर्युक्त नवकालीमध्ये तथा दशमहाविद्यामध्ये प्रथम गणना गरिएकी दक्षिणकाली नै प्रधान देवी हुनुहुन्छ। अरु सवै कालीहरू उहाँकै उपाधि हुन् र भिन्न भिन्न आम्नायबाट उपासित छन्। दक्षिणकालीलाई शव्दब्रह्मस्वरूपिणी भनिएको छ र उहाँलाई अनिरुद्धसरस्वती पनि भन्दछन्। दक्षिणाको मुख्य दुई भेद छ– श्यामा र दक्षिणा। महाकालसहितको स्वरूप दक्षिणाको हुन्छ भने श्यामाको एक्लो स्वरूप

---

२७९ सप्तशतीचण्डी

२८० महार्थमञ्जरी (योगतन्त्रविमर्शिनी ५६)

२८१ वृहत्पुरश्चर्यार्णव १/२३ (कामकलाकाली खण्डमा 'महाकाली' को स्थानमा 'कालकाली' र 'चण्डि' को ठाउँमा 'चण्ड' पद पाइन्छ।

हुन्छ। तन्त्रग्रन्थहरूमा दक्षिणाका विविध मन्त्रहरूको उल्लेख पाइन्छ। ती मध्ये द्वाविंशाक्षरी नै मुख्य मन्त्र मानिएको छ।

दक्षिणकालीको ध्यान पनि भिन्न भिन्न तन्त्रहरूमा फरक फरक पाइन्छ।

कालीतन्त्रानुसार– 'शवारुढां महाभीमां' इत्यादि।

मेरुतन्त्रानुसार– 'करालवदनां घोरां' इत्यादि।

हंसतन्त्रानुसार– 'नमामि दक्षिणामूर्तिं कालिकां परभैरवीम्।'[२८२] इत्यादि।

दक्षिणकालीको सबै भेदका भैरव महाकालभैरव हुन्। मन्त्रचाहिं फरक फरक हुन्छ। दक्षिणकाली मूलतः दक्षमार्गकी 'काली' हुन् र यिनको दक्षिणाम्नायबाट उपासना हुन्छ। यिनलाई 'विद्याराज्ञी' भन्दछन्। सम्झने बित्तिकै सर्वसिद्धि प्रदान गर्ने भएकी हुनाले यिनलाई 'दक्षिणा' भनिएको हो भन्ने सिद्धेश्वरीतन्त्रमा वर्णन छ–

"सर्वसिद्धिप्रदा देवी हेलयापि च चिन्तिता।
ततः सा दक्षिणा नाम्ना त्रिषु लोकेषु गीयते॥"[२८३]

कलिमा केवल काली उपासना नै श्रेष्ठ छ र काली विद्या जतिको श्रेष्ठ विद्या अरु कुनै छैन भन्ने तन्त्रवचन छ–

"कलौ काली कलौ काली कलौ काली तु केवला।"

त्यस्तै– "न काली सदृशी विद्या"

महाविद्या, सिद्धविद्या, विद्या, उपविद्याहरूका रूपमा काली नै विराजमान छिन् एवं तारा लगायतका सबै विद्याहरू कालिकाबाटै उत्पन्न भए भन्ने तन्त्रवचन छ–

---

२८२ योगतन्त्रविमर्शिनी पृष्ठ ४८
२८३ उपासना अङ्क पृष्ठ ३०६

"महाविद्या सिद्धविद्या विद्याभेदैः प्रतिष्ठिता ।
उपविद्यादिभेदैश्च कालिका संस्थिता भुवि ॥
ताराद्याः सकला विद्याः कालिकाया प्रजज्ञिरे ।
सर्वा विद्या कालिकायां संस्थिता एव पार्वति ॥"[२८४]

अनिरुद्धसरस्वतीको मन्त्र समान अरु कुनै मन्त्र छैन भनेर कालीतन्त्रमा स्वयं महाकाल भन्नुहुन्छ–

"अपि चेत् त्वत्समा नारी मत्समः पुरुषोऽस्ति चेत् ।
अनिरुद्धसरस्वत्याः समो मन्त्रस्तदा भवेत् ॥"

गुह्यकाली

गुह्यकाली उत्तराम्नायकी प्रधान देवता हुन् । कालीहरूमध्ये अत्यन्त गुह्यरूपले रहेकीले यिनलाई गुह्यकाली भनिएको हो – 'गुह्याश्चासौ काली गुह्यकाली' । यिनको एक वक्त्रदेखि अयुतवक्त्रसम्म हुन्छ भन्ने पाइन्छ । यिनका मुख्य १८ भेदहरूमध्ये दश मुख चवन्न हात भएकी भरतोपासिता नै प्रधान मानिन्छिन् । यिनको मुख्य मन्त्र १६ अक्षरको हुन्छ । गुह्यकालीको मन्त्रका भेद अनुसार ध्यान आदिमा पनि भेद देखिन्छ । भरतोपासिता गुह्यकालीको ध्यान पनि ग्रन्थहरूमा फरक फरक देखिन्छ ।[२८५]

---

२८४ वृहद्पुरश्चर्यार्णव ३ पृष्ठ ५

२८५ महाकालसंहिता अनुसार यिनको ऊर्ध्वमुख चितुवाको (द्वीपिकाख्यं) हुन्छ भने परातन्त्रअनुसार दीपकाकार (दीपक ऊर्ध्वक वक्त्रं) हुन्छ । त्यस्तै गुह्यकालीमा भालुको मुख (ऋक्षवक्त्रं) छ भने परातन्त्रमा वराहमुख (कोलवक्त्रं) इत्यादि पाइन्छ । मुखको क्रममा श्यालमुखको वायां वानरमुख र दायां भालुमुख हुने र तल मानिसमुख हुने देखिन्छ । त्यस्तै 'द्विपचर्मोत्तरीयकाम्' को स्थानमा 'द्वीपिचर्मोत्तरीयकाम्' यस्तो पाठ पनि पाइन्छ (महाकालसंहिता, गुह्यकाली खण्ड, प्रथम पटल (५८-१०२) । परातन्त्र, सप्तम पटल (६९-१०५)

कुब्जिका

पश्चिमाम्नायकी प्रधान देवता कुब्जिका हुन् । यिनको ३२ भेद हुने देखिन्छ । यिनको उपासना मूलतः वीराचारवाट हुने वुझिन्छ । वडवानलतन्त्रअनुसार यिनको मुख्य पाँच भेद छन्– समयकुब्जिका, घोरकुब्जिका, वीरकुब्जिका, वज्रकुब्जिका र अघोरकुब्जिका । यी मध्ये समयकुब्जिका जसलाई सामान्यतः कुब्जिका मात्र भनिन्छ, तिनको ३२ अक्षरको मन्त्र हुने वुझिन्छ । सामान्यतः कुब्जिकाको सपर्या र सन्ध्यामा गरिने ध्यान 'वृषभे संस्थितं देवं' इत्यादि हुने देखिन्छ । ग्रन्थहरूमा यो ध्यानमा पाठभेद देखिन्छ ।[२८६]

तारा

दशमहाविद्यामध्ये तारा द्वितीया विद्या हुन् । भवसागरवाट पार लगाउने भएकीले यिनलाई तारा वा तारिणी भनिन्छ– "तरत्यनया इति तारा" । अथवा "दुःखक्लेशसमुद्रात् भक्तान् तारयतीति तारा" । यिनको सम्वन्ध जलप्रकोप वा समुद्रसँग देखिन्छ, त्यसैले यिनलाई तोयप्लवरूपी विपत्तिबाट तार्ने भनिएको छ–"तरन्ति विपदस्तारां च तोयप्लवे ।" तन्त्रहरूले यिनलाई अधराम्नायको नायिका मानेको छ । यिनको उपासना अधराम्नायवाट नगरी दक्षिणाम्नाय अन्तर्गत गरिन्छ । वशिष्ठ ऋषिले यिनको चीनाचारवाट उपासना गरी सिद्धिप्राप्त गरेको वर्णन तन्त्रहरूमा

---

२८६ वृहत्पुरश्चर्यार्णव (तृतीय खण्ड पृष्ठ ३१७) मा–'खवर्णैरूपशोभितम्' र 'करुणावरवर्णिता' इत्यादि, पुरानो पुरश्चर्यार्णव (दशम तरङ्ग, पृष्ठ ८८०) मा–'खवर्णरूपशोभितम्' र 'करुणावरवर्णिता' इत्यादि, परातन्त्र (तृतीय पटल, पृष्ठ १२-१३) मा–'खवर्णरूपशोभितं' र 'अरुणा वर्णवर्णिता' इत्यादि पाठ पाइन्छ । त्यस्तै 'डमरुं परशुं वाणं' इत्यादि पाइन्छ । केही पश्चिमाम्नायी साधकहरूले गर्ने ध्यानमा–'खवर्णं रूपशोभितं' र 'अरुणावरवर्णिता' का साथै 'कुब्जिका' भन्ने स्थानमा 'देवता' भन्ने पद पनि हुन्छ भन्ने वुझिन्छ ।

पाइन्छ । यिनका भैरव अक्षोभ्य हुन् र ताराको शिरमा रहन्छन् । ताराको मूल तीन भेद छन्– एकजटा, नीलसरस्वती र उग्रतारा । एउटामात्र चूल्ठो पारेकीले एकजटा, नीलोवर्णकी भएकीले नीलसरस्वती र उग्र आपत्वाट वचाउने भएकीले उग्रतारा भनिएको हो । नारदपाञ्चरात्र अनुसार कैवल्यप्रदान गर्ने भएकीले एकजटा, तारण गर्ने भएकीले तारा, उग्र विपत्तिबाट रक्षा गर्ने भएकीले उग्रतारा र वाक्प्रदात्री भएकीले नीलसरस्वती भनिएको हो–

"कैवल्यदायिनी यस्मात्तस्मादेकजटा स्मृता ।
तारकत्वात् सदा तारा लीलया वाक्प्रदा यतः ॥
नीलसरस्वती प्रोक्ता उग्रत्वादुग्रतारिणी ।
उग्रापत्तारिणी यस्मादुग्रतारा प्रकीर्तिता ॥"[२८७]

तारारहस्य अनुसार 'एकजट' रुद्रको सम्वन्धले यिनलाई एकजटा भनिएको हो । यस्तै यिनलाई तारिणी पनि भनिन्छ ।

मायातन्त्रमा ताराका आठ भेद पाइन्छन्–
"तारा चोग्रा महोग्रा च वज्रा नीलसरस्वती ।
कामेश्वरी भद्रकाली इत्यष्टौ तारिणी स्मृता ॥"[२८८]

फेत्कारिणीतन्त्रअनुसार यिनको मन्त्रज्ञान मात्रले विपक्षीहरू वशमा आउँछन् र जपले सर्वज्ञता प्राप्ति हुन्छ–

"हास्याय या सदश्यानामशुद्धमपि जल्पयेत् ।
वादिनं चापि राजानं मन्त्रिणं वशमानयेत् ॥
मन्त्रस्य ज्ञानमात्रेण जपात् सर्वज्ञतां नयेत् ॥"[२८९]

तन्त्रसारको अनुसार नीलसरस्वतीको पञ्चाक्षरी मन्त्र हुन्छ । त्यही

---

२८७ योगतन्त्रविमर्शिनी पृष्ठ ७६/७५
२८८ ऐ.ऐ.
२८९ वृहत्पुरश्चर्यार्णव ३, पृष्ठ ९७

पञ्चाक्षरी प्रणवरहित भएमा एकजटा बन्दछिन् । त्र्यक्षरी भएमा उग्रतारा हुन्छिन्–

> "पञ्चाक्षरी एकजटा ताराभावे महेश्वरि ।
> ताराद्यातु भवेद् देवी श्रीमन्नीलसरस्वती ॥
> उग्रतारा त्र्यक्षरी च महानीलसरस्वती ॥"[२९०]

दीक्षाप्रकाश एवं वृहत्पुरश्चर्यार्णव अनुसार उग्रताराको सार्ध पञ्चाक्षरी मन्त्र हुन्छ । त्यही मन्त्र प्रणवरहित भए एकजटा र प्रणव र अस्त्र दुवैरहित भए नीलसरस्वती हुन्छिन् । यसमा वीज केही फरक पनि देखिन्छ ।

मन्त्रविद्यारहस्यअनुसार तारा मूलतः वौद्धमार्गीय अधराम्नायकी देवता भएकीले वौद्धहरूका लागि आर्यताराको मन्त्र र शैवमार्गीहरूका लागि दक्षिणाम्नायात्मक महोग्रताराको सार्धपञ्चाक्षरी मन्त्र मुख्य मानिन्छ ।

वृहत्पुरश्चर्यार्णवमा तारा विद्याका मन्त्रान्तरहरूको उल्लेख पाइन्छ ।

वृहद्वडवानलतन्त्रले संवरौधि सादिक्रम अन्तर्गत तारा विद्याका नौ भेदहरूको उल्लेख गरेको छ – पन्नगेशी, वज्रयोगिनी, विजयेश्वरी, एकजटा, नीला, महानीलसरस्वती, उग्रतारा, महोग्रा र महा-आर्यतारा –

> "सादिक्रमं संवरौधिमतं दिव्यं शृणु प्रिये ।
> पन्नगेशी वज्रपूर्वा योगिनी विजयेश्वरी ॥
> एकजटा च नीला च महानीलसरस्वती ।
> उग्रतारा महोग्रा च महार्यतारिणी ततः ॥
> नवात्मशाम्भवं ज्ञेयं ततः पूर्णाभिषेचनम् ।
> इयं तु मुक्तिदा विद्या वामाचारेण सिद्धिदा ॥"

---

२९० योगतन्त्रविमर्शिनी

अर्थात् उपर्युक्त नौ ताराहरूको क्रमदीक्षा ग्रहण गरेर अन्तर्यागको लागि नवात्मेश्वर शाम्भवको ग्रहण पछि पूर्णाभिषेक हुन्छ । यो वाममार्गवाट उपासाना हुने शुद्ध सादि विद्या हो ।

श्रीविद्या

ऊर्ध्वाम्नायका देवताहरूको वर्णन गर्ने क्रममा वडवानलतन्त्रको यस्तो वचन छ–

"कामेशी ललिता बाला महात्रिपुरसुन्दरी ।
त्रिपुरा भैरवी ह्येता ऊर्ध्वाम्नाय समाश्रिता ॥"

ऊर्ध्वाम्नायको विद्या भन्नु नै श्रीविद्या हो । उपर्युक्त कामेशी लगायतका सवै विद्याहरू श्रीविद्याकै भेद हुन् । ती मध्ये मुख्यरूपले वाला, पञ्चदशी र षोडशी महत्त्वपूर्ण छन् । 'वाला' का भेदहरू मध्ये वालात्रिपुरा, वालासुन्दरी र वालात्रिपुरसुन्दरी मुख्य हुन् । ललिता भन्नाले पञ्चदशाक्षरी हुन् र यिनलाई सुन्दरी वा महात्रिपुरसुन्दरी भन्दछन् । मतान्तरमा यिनी ऊर्ध्वाम्नायकी नायिका मानिन्छिन् । सामान्यतः षोडशाक्षरी भएको कारणवाट श्रीविद्यालाई 'षोडशी' भनिन्छ । खास 'षोडशी' जो हुन् ती अत्यन्त गुप्त छिन् र तिनलाई सर्वाम्नायेश्वरी भनिन्छ । तन्त्रशास्त्रहरूले पञ्चदशी एवं षोडशीरूप महात्रिपुरसुन्दरीको एकस्वरमा प्रशंसा गरेका छन् र षोडशी भन्दा ठूलो विद्या त्रिभुवनमै छैन भनेका छन् । खास ब्रह्मविद्या वा मोक्ष विद्या यिनै हुन् भनेर ब्रह्माण्डपुराणान्तर्गत ललितोपाख्यानमा भनिएकोछ–

"इति मन्त्रेषु वहुधा विद्याया महिमोच्यते ।
मोक्षैकहेतुर्विद्या तु श्रीविद्या नात्र संशयः ॥"[२९१]

---

२९१ श्रीत्रिपुरामहिमस्तोत्रम्, पृष्ठ २८

महात्रिपुरसुन्दरीलाई राजेश्वरी, राजराजेश्वरी, कामेश्वरी, महाकामेश्वरी आदि पनि भनिन्छ[२९२]। हारितायनसंहितामा दत्तात्रेय भन्नुहुन्छ– 'ब्रह्मा विष्णु महेशले पनि त्यो शक्तिको स्वरूप जानेका छैनन् न त स्थान नै। वेद शास्त्र तन्त्रले पनि तिनको वर्णन गर्न सक्दैन। 'अहमस्मि' यो प्रतीति वाहेक वहाँको उपलब्धिको अन्य कुनै प्रमाण छैन। अतः आत्मशक्तिनै त्रिपुरा वा श्रीविद्या हो।'

श्रीविद्यालाई शास्त्रले वेदवेदान्त विद्या मानेको छ। वेदमा निरूपित षोडशीनै तन्त्रकी षोडशी हुन भन्ने विद्वानहरूको राय छ – "त्रीणि ज्योतिंषि सचेतस षोडशी" (यजुर्वेद ३२/५)।

त्यस्तै षोडशकलपुरुषकी शक्तिको रूपमा यिनलाई षोडशी भनिएको भन्ने पाइन्छ। षोडशकल पुरुष र षोडशकलाको वारेमा प्रश्नोपनिषत्मा यस्तो वचन छ–"षोडशकलं भारद्वाज पुरुषं वेत्थ। ....इहैवान्तः शरीरे सोम्य स पुरुषो यस्मिन्नेताः षोडशकलाः प्रभवन्ति। ....स प्राणमसृजन प्राणाच्छ्रद्धां खं वायुर्ज्योतिरापः पृथिवीन्द्रीयं मनः। अन्नमन्नाद्वीर्यं तपो मन्त्राः कर्म लोका लोकेषु च नाम च ॥"[२९३]

श्रीविद्यालाई 'त्रिपुरा' पनि भनिन्छ। 'त्रिपुरा' शब्दको भिन्न भिन्न अर्थ पाइन्छ–त्रिमूर्तिभन्दा पनि पुरातन भएकीले त्रिपुरा, गुणत्रयातीत एवं त्रिगुणनियन्त्री शक्ति भएकीले, त्रिपुरा। गौडपादीयसूत्रमा यिनलाई "तत्त्वत्रयेण भिदा" भनिएको छ। त्रिपुरार्णव अनुसार इडा, पिङ्गला सुषुम्णा नाडीत्रयस्वरूपा भएकीले एवं मन वुद्धि र चित्तरूप त्रिपुरमा वस्ने भएकीले त्रिपुरा भनिएको हो।

त्यस्तै त्रिमूर्तिको जननी भएकीले, महाप्रलयमा त्रिलोकलाई आफूमा लीन गर्ने भएकीले पनि यिनलाई त्रिपुरा भनिएको हो।

---

२९२ शक्ति अङ्क, पृष्ठ ११७
२९३ ईशादिदशोपनिषदः पृष्ठ १३८

"त्रिमूर्तिसर्गाच्च पुराभवत्वात् त्रयीमयत्वाच्च तथैव देव्याः ।
लये त्रिलोक्या अपि पूरकत्वात् प्रायोऽम्बिका या त्रिपुरेति नाम ॥"[२९४]

वामकेश्वरतन्त्रअनुसार ब्रह्मा-विष्णु-ईशरूपिणी श्रीविद्याको इच्छा, ज्ञान र क्रिया शक्तिरूप तीन स्वरूप छन्। इच्छाशक्ति शिरोभाग हो, ज्ञानशक्ति मध्यभाग हो र क्रियाशक्ति अधोभाग हो। यसरी शक्तित्रयात्मकस्वरूप भएकीले त्रिपुरा भनिएको हो। सुन्दरीस्तवमा त्रिपुरावारे यस्तो वचन छ–

"ब्राह्मी रौद्री वैष्णवीति शक्तयस्तिस्र एव हि ।
पुरं शरीरं यस्याः सा त्रिपुरेति प्रकीर्तिता ॥"

तन्त्रचिन्तामणिले यिनलाई महावैष्णवीमाया मानेको छ–

"या महावैष्णवी माया सा महासुन्दरी मता ।
नैव स्त्री न पुमानेषा न चापि न नपुंसकम् ॥
यद्यच्छरीरमाधत्ते युज्यते तेन तेन सा ॥"[२९५]

त्यसैगरी अतिशय लावण्यले युक्त विश्वमोहिनी भएकीले 'सुन्दरी' वा 'महात्रिपुरसुन्दरी' यिनको नाम रहन गएको हो। तन्त्रहरूमा यिनको उल्लेख कहीं साक्षात् चैतन्य ब्रह्मको रूपमा पाइन्छ भने कहीं तुरीयब्रह्मकी शक्तिको रूपमा छ। शास्त्रले यिनलाई 'मोहिनी अवतार' मानेर 'न स्त्री न पुमानेषा' भन्दछ। त्यस्तै 'चित्कला' एवं 'हृल्लेखा' को नामवाट पनि यिनी चिनिन्छिन्। काली कालकी शक्ति हुन् भने सुन्दरी समयकी स्वामिनी हुन्। तन्त्रानुसार एकै श्रीविद्या उपासकहरूको सुविधाको लागि 'कालीकल्पानुसार' कालिकाको रूपमा एवं 'श्रीकल्पानुसार' त्रिपुरसुन्दरीको रूपमा विराजमान छिन् र यी दुईमा भेद छैन–

---

२९४ श्रीत्रिपुरामहिमस्तोत्रम्, पृष्ठ ४ (पीताम्वरापीठ संस्कृत परिषद्, दतिया, म.प्र.२०२६)

२९५ तन्त्रचिन्तामणि, १।२१०

"महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा ।
न तयोर्विद्यते भेदो भेदकृन्नरकं व्रजेत् ।"

उपासनाको पराकाष्ठामा सबै आम्नायको समष्टि ऊर्ध्वाम्नायमा हुने र ऊर्ध्वाम्नायका देवताहरू पनि श्रीमहात्रिपुरसुन्दरीमा अन्तर्लीन हुने भएकाले श्रीविद्या नै परमा शक्ति हुन् । त्यसैले यिनलाई 'सर्वमन्त्रेश्वरी परदेवता' भनिन्छ । वह्वृचोपनिषद्मा यिनको आदिशक्ति, शाम्भवीविद्या, कादि हादि सादि विद्या, प्रत्यक्चितिः, सच्चिदानन्दलहरी महात्रिपुरसुन्दरी, षोडशी आदि रूपमा वर्णन गरिएको छ– "देवीह्येकाग्र आसीत् सैव जगदण्डमसृजत् । सैषा पराशक्तिः सैषा शाम्भवी विद्या कादि विद्येति वा हादिविद्येति वा सादिविद्येति वा रहस्यम् । महात्रिपुरसुन्दरी वै प्रत्यक् चितिः । साच्चिदानन्दलहरी महात्रिपुरसुन्दरी । सैषा षोडशी श्रीविद्या पञ्चदशाक्षरी महात्रिपुरसुन्दरी ...... ब्रह्मानन्दकलेति ।"[२९६]

देव्युपनिषद्ले यिनको वर्णन गर्दै भन्छ– "एषा आत्मशक्तिः एषा विश्वविमोहिनी पाशाङ्कुशधनुर्बाणधरा । एषा श्रीमहाविद्या ॥"

चतुःशतीले यिनको आयुधबारे यस्तो भन्दछ–

"इच्छाशक्तिमयं पाशमङ्कुशं ज्ञानरूपिणम् ।
क्रियाशक्तिमये बाणधनुषी दधदुज्ज्वलम् ॥"

ज्ञानार्णवतन्त्रले श्रीविद्याका प्रमुख उपासकहरूको वर्णन यसरी गरेको छ–

"मनुश्चन्द्रः कुवेरश्च मन्मथस्तदनन्तरम् ।
लोपामुद्रा तथाऽगस्त्यः स्कन्दो विष्णुस्तथा शिवः ॥
दत्तात्रेयो मुनिः शक्रः दुर्वासाश्च त्रयोदश ।
उपासते महाविद्यां द्वादशोक्तास्तवानघे ॥"

---

२९६ ईशाद्यष्टोत्तरशतोपनिषदः पृष्ठ ५५५

वडवानलतन्त्रले श्रीविद्या पञ्चदशीका २५ प्रमुख उपासक भएकाले मन्त्रभेद पनि २५ मानेको छ–

"पञ्चविंशति संख्याकोपासकानां महेश्वरि ।
उपास्यमन्त्रभेदाँस्ते प्रवक्ष्यामि समासतः ॥"[२९७]

पञ्चदशी

हादिविद्या परमेश्वरपरक एवं कादिविद्या परमेश्वरीपरक हो भन्ने पाइन्छ। पञ्चदशीमन्त्रका धेरै भेद छन्। अनेक देवताहरू र ऋषिहरूले श्रीविद्याको उपासना गरेका छन् र ती वाट तत् तत् सम्प्रदाय निस्केका छन्। ती मध्ये कामदेवोपासिता विद्या 'कादि' अगस्त्योपासिता लोपामुद्राविद्या हादि र नन्द्युपासिता 'सादि' प्रसिद्ध छन्। ती मध्ये पनि विशेष गरी 'कादि' र 'हादि' पञ्चदशी नै प्रचलित छन् भन्ने वुझिन्छ।

अथर्वशीर्षमा कादि पञ्चदशीको उल्लेख यसरी गरिएको छ–

"कामो योनिः कमला वज्रपाणिर्गुहा हसा मातरिश्वाभ्रमिन्द्र : ।
पुनर्गुहा सकला मायया च पुरुच्च्यैषा विश्वमातादिविद्योम् ॥"

त्यसैगरी शंकराचार्यले आनन्दलहरीमा भन्नु भएको छ–

"शिवः शक्तिः कामः क्षितिरथ रविश्शीतकिरणः
स्मरो हंसः शक्रस्तदनु च परामारहरयः ।
अमी हृल्लेखाभिस्तिसृभिरवसानेषु घटिताः
भजन्ते वर्णास्ते तव जननि नामावयवताम् ॥ (३२)
स्मरं योनिं लक्ष्मीं त्रितयमिदमादौ तव मनोः
निधायैके नित्ये निरवधि महाभोगरसिकाः ।
भजन्ति त्वाम् ॥"

---

२९७ श्रीतान्त्रिकोपासनादर्पण, पृष्ठ ७३

उपर्युक्त ३२ औं श्लोकको अर्थ भिन्न भिन्न टीकाकारले भिन्न भिन्न रूपमा लगाएका छन्। लक्ष्मीधरको मतमा ३२ औं श्लोक 'कादिविद्यापरक' छ र ३३ औं श्लोकले कामवीज, मायावीज र रमावीजको उद्धार गरेको छ। अरुणामोदिनीकारले 'कादि' 'हादि' दुवै विद्याको एकैसाथ उद्धार हुन्छ भनेका छन्। आनन्दगिरी लगायतका अन्य सवैले ३२ औं श्लोक 'हादि विद्या' परक मानेका छन्। ३३ औं श्लोकको सन्दर्भमा 'तात्पर्यदीपिनी' र 'पदार्थचन्द्रिका' ले लक्ष्मीधरको समर्थन गर्छन भने अन्यले 'कादि विद्यापरक' मानेका छन्।

ऋग्वेदको 'चत्वारि ईं बिभ्रतीं क्षेमयन्तो' -५/४७/४ इत्यादि मन्त्र श्रीविद्यापरक हो भन्ने विद्वानहरूको विचार छ। तैत्तिरीयव्राह्मणको 'इयं वाव सरघा' – ३।१०।१० पनि श्रीविद्यापरक छ भन्ने लक्ष्मीधर आदिको भनाई छ।

ललितासहस्रनामले कादि पञ्चदशी नै मुख्य हो भनेको छ–

"तन्त्रेषु ललितादेव्यास्तेषु मुख्यमिदं मुने।
श्रीविद्यैव तु मन्त्राणां तत्र कादिर्यथा परा॥"

व्रह्माण्डपुराणअनुसार पञ्चदशी शिवशक्त्यात्मक छ–

"कत्रयं हद्वयं चैव शैवो भागः प्रकीर्तितः।
शक्त्यक्षराणि शेषाणि ह्रींकार उभयात्मकः॥"

यो पञ्चदशी मन्त्र सानो पुरुषार्थले पाउन सकिँदैन भनेर शास्त्रहरूले वताएका छन–

"त्रिकलाढ्यां त्रिहृल्लेखां त्रिहसस्वरभूषिताम्।
यो जपत्यम्ब ते विद्यां सोऽक्षरः परमः स्वराट्॥"

रुद्रयामलतन्त्रको वचन छ–

"यस्यनो पश्चिमं जन्म न स्वयं यो महेश्वरः।
स न प्राप्नोति परमां दशपञ्चाक्षरीमिमाम्॥"

त्यस्तै-

"यस्य नो पश्चिमं जन्म यदि वा शंकरः स्वयम् ।
तैनेव लभ्यते विद्या श्रीमत्पञ्चदशाक्षरी ॥"

आनन्दलहरीटीका अनुसार पञ्चभावविकारकी साक्षिणी भएकीले यिनलाई पञ्चदशी भनिएको हो–

"दशापञ्चकभेदेन प्रपञ्चस्य विलासिनः।
साक्षिणी चाक्षरी यस्मात्तस्मात्पञ्चदशाक्षरी ॥"
जायते वर्धते, अस्ति, विपरिणमते नश्यति इति पञ्च दशाः ।"

वाग्भवकूट, कामराजकूट र शक्तिकूटले युक्त भएकीले यिनलाई त्रिकूटा पञ्चदशी पनि भनिन्छ। लक्ष्मीधरको अनुसार वाग्भवकूट आग्नेयखण्ड, कामराजकूट सौरखण्ड र शक्तिकूट सौम्यखण्ड हो । यिनको मध्यमा रुद्रग्रन्थि विष्णुग्रन्थि र व्रह्मग्रन्थि छन् । तुरीय एकाक्षर चन्द्रकला खण्ड हो । यथा-"त्रिखण्डो मातृकामन्त्रः सोमसूर्यानलात्मकः ।" यहाँ त्रिखण्डको अर्थ 'ज्ञान-इच्छा-क्रियाशक्तिरूप, जाग्रत-स्वप्न-सुषुप्तिअवस्थात्रयात्मक, विश्व-तैजस-प्राज्ञवृत्तित्रयात्मक, तमो-रज-सत्त्वगुणात्मक' हो ।

त्रिपुरातापिनी उपनिषद्ले गायत्री र पञ्चदशीको ऐक्य मानेको छ र पञ्चदशीमा गायत्रीका चारै पाउ समावेश भएको छ भनेको छ ।

श्रीविद्या पञ्चदशी भूतगुणात्मिका छिन् । प्रत्येक पदार्थको शक्ति सर्वेश्वरी हुन् र पदार्थ चाहिँ सर्वेश्वर हुन् । पञ्चमहाभूतका पञ्चदशगुणात्मिका पञ्चदशाक्षरी स्वरव्यंजनभेदले २७ प्रभेद वनी ३६ तत्त्वस्वरूपिणी भएर व्याप्त छिन् ।

षोडशी /महाषोडशी

ज्ञानार्णवतन्त्र एवं समयमतानुयायी लक्ष्मीधर आदिले उल्लेख गरे अनुसार श्रीवीजले युक्त भएकीले नै यिनलाई षोडशी एवं श्रीविद्या भनिएको हो। क्रमदीक्षारहस्यमा उल्लेख भए अनुसार यिनको मायावीज युक्त अर्को भेद देखिन्छ र दशमहाविद्या अन्तर्गत शाक्तप्रमोदले यिनैको उल्लेख गरेको छ। यी दुवै षोडशाक्षरी विद्यालाई लघुषोडशी भन्दछन्। यी वाहेक अर्को षोडशीलाई 'महाषोडशी' भनिन्छ र यिनको शिवोपासिता रमादि षोडशी एवं विष्णूपासिता तारादि महाषोडशी गरी मुख्य २ भेद देखिन्छ। यी महाषोडशी समान अन्य कुनै विद्या छैन भनेर महाकालसंहिताले भन्दछ–

"अतः परतरा विद्या न भूता न भविष्यति।"

ज्ञानार्णव एवं परातन्त्रले भन्दछ–

"राज्यं देयं शिरो देयं न देया षोडशाक्षरी।"[२९८]

सप्तदशी

सप्तदशीको दुई भेदको उल्लेख तान्त्रिकोपासनादर्पणमा गरिएको छ। रमादि महाषोडशीमा विशेष एक कूट तथा सादिकूटमा पनि केही व्यञ्जनवर्ण जोड्दा सप्तदशी वन्दछ। अथवा सिद्धयामलतन्त्रको अनुसार तारादि महाषोडशीमा हंसवीज प्रयोग गर्दा अर्को सप्तदशी वन्दछ–

"लोपाया शक्तिकूटान्ते हंसबीजयुता यदि।
तदा सप्तदशी विद्या साक्षाज्ज्ञानस्वरूपिणी।"

क्रमदीक्षारहस्यमा उल्लेख भए अनुसार चारकूट र तेह्रवीजयुक्त महासप्तदशी हो।

अष्टादशी

अष्टादशीको वारेमा षोडशी वा सप्तदशी मै वीज एवं कूटको

---

२९८ वृहत्पुरश्चर्यार्णव तृतीय खण्ड पृष्ठ १२२

थपघट हुने अनुमानसम्म गर्न सकिन्छ। तन्त्रान्तरमा यिनको पनि भेदको उल्लेख पाइन्छ र भनिएको छ– "अष्टादशाक्षरी ह्येषा श्रीविद्या भुवि दुर्लभा।" श्रीचक्रको उपासनामा महा-अष्टादशीको पनि उल्लेख पाइन्छ। क्रमदीक्षारहस्यमा बताए वमोजिम छ कूट र वाह्नबीजले युक्त अष्टादशाक्षरी भासा महात्रिपुरसुन्दरी हुन्।

श्रीचक्र

श्रीचक्र श्रीविद्याको यन्त्र हो। श्रीविद्योपासकको लागि षोडशीमन्त्रको जप र श्रीयन्त्रको पूजा नै मुख्य मानिन्छ। तन्त्रले यन्त्रलाई मन्त्रमय मान्दछ र यन्त्रात्मालाई देवता भनेको छ–

"यन्त्रं मन्त्रमयं प्रोक्तं यन्त्रात्मा देवतेति च।
देहात्मनो यथा भेदो यन्त्रदैवतयोस्तथा॥"
शरीरमेव जीवस्य दीपस्य स्नेहवत् प्रिये।
सर्वेषामापि देवानां तथा मन्त्रं प्रतिष्ठितम्॥"

कामक्रोधादि दोषवाट उत्पन्न सर्वदोषलाई नियन्त्रण गर्ने भएकोले यन्त्र भनिएको हो र यन्त्र विना देवता प्रसन्न हुँदैनन् भन्ने तन्त्रचिन्तामणिमा उल्लेख छ–

"कामक्रोधादिदोषोत्थसर्वदुःखनियन्त्रणात्।
यन्त्रमित्याहुरेतस्मिन्देवः प्रीणाति तत्त्वतः॥
विना यन्त्रेण पूजायां देवता न प्रसीदति॥"[२९९]

श्रीचक्रको उल्लेख वेदमा पनि छ– "सतद्वाट्टारगमं ता। संहार्यं नगरं तव।" (तै.आ. १.३१)

लक्ष्मीधरले यसको अर्थ यसरी गरेका छन्– "सतद्वा चतुर्द्वारमित्यर्थः। छान्दसो वर्णलोपश्च। अट्टारगमं अट्टारैः प्राकारवलयैः त्रिभिः अगमं दुर्गमम्। ता तानीमानि भूतानि। भगवति, तव नगरं पुरं

२९९ तन्त्रचिन्तामणितन्त्र १७।११९

श्रीचक्रात्मकं संहार्यं संहारकमित्यर्थः। पृथिव्यादिमहेश्वरान्तानि तत्त्वानि तत्रैव लियन्त इति तात्पर्यम्।"[३००]

अरुणोपनिषद्मा श्रीचक्रवारे यस्तो छ– "इमा नुकं भुवना सीषधेम"। लक्ष्मीधर यसवारे भन्दछन्– 'इमां चक्रविद्यां नुकं वितर्के, भुवना भुवनानि सीषधेम अवगच्छाम। अर्थात् चक्रविद्यामुपाश्रित्यैव भुवनान्यवतिष्ठन्त इति वितर्कयाम इत्यर्थः।'

अथर्वणश्रुति, सौभाग्यकाण्डमा ४३ कोणयुक्त श्रीचक्र हुन्छ भन्ने पाइन्छ–

"तिस्रः पुरस्त्रिपथा विचर्षणा अत्राकथा अक्षराः संन्निविष्टाः।
चत्वारिंशादथ तिस्रः समिधा उशतीरिव मातरो माऽऽविशन्तु॥"

श्रीशङ्कराचार्यले श्रीचक्रको उद्धार आनन्दलहरी एघारौं श्लोकमा गर्नु भएको छ–

"चतुर्भिः श्रीकण्ठैः शिवयुवतिभिः पञ्चभिरपि
प्रभिन्नाभिः शम्भोर्नवभिरपि मूलप्रकृतिभिः।
चतुश्चत्वारिंशद् वसुदलकलाश्रत्रिवलय-
त्रिरेखाभिः सार्धं तव शरणकोणाः परिणताः॥"

यहाँ त्रयश्चत्वारिंशद् भन्ने पाठान्तर मान्दा अथवा त्रिकोणभन्दा तलको कोणद्वयलाई अष्टकोण अन्तर्गत मान्दा संगति मिल्छ भन्ने लक्ष्मीधरको भनाई छ।

तन्त्रहरूले श्रीचक्रपूजनको ज्यादै महत्त्व वर्णन गरेका छन्। अश्वमेधादि यज्ञको र कोटिलिङ्ग प्रतिष्ठाको फल श्रीचक्रपूजनवाट प्राप्त हुन्छ भन्ने परातन्त्रको वचन छ–

---

३०० सौन्दर्यलहरी पृष्ठ १२१, १२३, १२७

"कोटि लिङ्गप्रतिष्ठायां यत्फल समुदाहृतम् ।
तत्फलं लभते नूनं श्रीचक्रस्य प्रपूजने ॥"[३०१]

श्रीचक्रलाई भैरवयामलले देवीको उत्तम मन्दिर मानेको छ– "देव्यामुत्तममन्दिरम् ॥"

श्रीचक्रको मूलबिन्दुमा परब्रह्मात्मिका परमेश्वरी अवस्थित हुनुहुन्छ भनेर त्रिपुरामहिम्न स्तोत्रमा दुर्वासाले भन्नु भएको छ–"मध्ये वैन्दवसिंहपीठललिते त्वं ब्रह्मविद्या शिवे ।"[३०२]

श्रीचक्रको उपासना गर्ने मुख्य दुई मत वा आचार छन्– समयाचार र कौलाचार । श्रुति-स्मृति अनुकूल आचार समयाचार हो । श्रीशङ्कराचार्य समयमतको अनुयायी हुनुहुन्थ्यो र उहाँको परम्परामा मुख्यत: समयाचारबाटै उपासना हुने बुझिन्छ । समयाचारमा ललितासहस्रनामादिको पाठ र कुङकुमार्चनादिको महत्त्व देखिन्छ र दशावरणपूजा हुन्छ । कौलाचारमा पञ्चमकारादिको प्रयोग गरी सशक्तिक निशि चक्रपूजनको प्राधान्य हुन्छ ।

श्रीचक्र-उपासनाको प्रमुख तीन सम्प्रदाय छन्– हयग्रीव, आनन्दभैरव र दक्षिणामूर्ति सम्प्रदाय । यी मध्ये कौलाचारीको लागि दक्षिणामूर्ति सम्प्रदाय नै श्रेष्ठ छ भन्ने पाइन्छ । यसमा षोडशावरण पूजा हुन्छ । श्रीचक्रको अष्टादशावरणसम्म पूजा हुन्छ भन्ने पनि पाइन्छ ।

परातन्त्रमा "वामदक्षिणयोगेन सुन्दरी द्विविधा स्मृता"[३०३] भन्ने वचन भएबाट श्रीविद्याको दुवै आचारबाट उपासना हुने बुझिन्छ । अत: श्रीचक्रपूजन पनि दक्ष र वाम दुवै मार्गबाट गर्न सकिन्छ । यहाँ दक्ष र वाम भन्नाले दक्षकौल र वामकौल समेत दुवै कौल बुझ्नुपर्दछ ।

---

३०१ तान्त्रिकोपासना दर्पण २।१३१
३०२ श्री त्रिपुरामहिमस्तोत्रम्, पृष्ठ ९८
३०३ परातन्त्र ५।४२

श्रीचक्रको पूजन ब्रह्मचारीले सृष्टिक्रमबाट, गृहस्थीले स्थितिक्रमबाट तथा वानप्रस्थाश्रमीले संहारक्रमबाट गर्नुपर्दछ। यथार्थ क्रमानुसार क्रमार्चन गर्ने साधकले सन्ध्यात्रयमा क्रमशः सृष्टि, स्थिति, संहार क्रमबाट पूजा गरी निशामा तुरीया सन्ध्यारूपबाट पूर्ण श्रीयन्त्रमा तेजोमय तुरीया श्रीविद्याधामको भावना गरी महानिर्वाणभैरव तथा निर्वाण महात्रिपुरसुन्दरीको सपर्या गर्दछन्। तन्त्रान्तरको वचन भनेर बृहत्पुरश्चर्यार्णवमा यन्त्रोद्धार यस्तो दिइएको छ[३०४]–

सृष्टिक्रम

"बिन्दुत्रिकोणबहिरष्टककोणबाह्य-
दिक्कोणयुक्परचतुर्दशकोणयुक्तम्।
वृत्ताष्टषोडशदलानलवृत्तलोक-
भूपुश्चतुर्मुखमहं प्रणमामि चक्रम्॥"

स्थितिक्रम

"भूबिम्बचक्रखलुषोडशचाष्टबिन्दु-
अग्न्यष्टसंयुतमहत्त्रितयं दशारम्।
वेदारसंयुतदशास्पदमध्यरूपां त्वां
वै महात्रिपुरसुन्दरी नौम्यहं श्रि॥"

संहारक्रम

"भूवेश्मगत्रिवृतषोडशनागशक्र
दिग्युग्मवस्वनलकोणगबिन्दुमध्ये।
सिंहासनोपरिगतारकपीठमध्ये
प्रोत्फुल्लपद्मनयनां त्रिपुरां भजेऽहम्॥"

---

३०४ बृहत्पुरश्चर्यार्णव तृतीयखण्ड पृष्ठ १६३

श्रीयन्त्रमा दृष्टिगोचरीभूत त्रिकोणचक्रलाई चिच्चक्र, दृष्टिगोचरीभूत विन्दुचक्रलाई आनन्दचक्र एवं केवल भावनाज्ञेय विन्द्वन्तर्गत चक्रलाई सच्चक्र मानिन्छ, अतः श्रीचक्र सच्चिदानन्दरूप मानिन्छ। श्रीचक्रको पूजाको आरम्भमा सर्वप्रथम पूजकले आफूलाई सच्चिदानन्दस्वरूप हूँ भन्ने भावना गर्नुपर्दछ–

"अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक् ।
सच्चिदानन्दरूपोऽहमात्मानमिति चिन्तयेत् ॥"

श्रीचक्रमा सबै खाले मन्त्रहरू एवं सबै आम्नायको अन्तर्भाव हुन्छ। श्रीचक्रपूजनमा आम्नायगत भावना यस्तो हुन्छ–

पूर्वाम्नायमा

उपासकले आफूलाई दास वा पुत्र मानेर उपासना गर्दछ–

"अन्यथा शरणं नास्ति त्वमेव शरणं मम ।
दासोऽयमिति मां मत्वा क्षमस्व परमेश्वरि ॥"

दक्षिणाम्नायमा

आफूलाई भैरव मानेर दाम्पत्यभावले उपासना हुन्छ–

"अलिपिशितपुरन्ध्रीयोगपूजापरोऽहं
बहुविधकुलमार्गारम्भसंभावितोऽहम् ।
पशुजनविमुखोऽहं भैरवीमाश्रितोऽहं
गुरुचरणरतोऽहं भैरवोऽहं शिवोऽहम् ॥"

पश्चिमाम्नायमा

आफू र उपास्यको ऐक्य मानेर भैरवीस्वरूपले उपासना हुन्छ–

"साऽहमस्मीत्यभेदेन विविक्तस्था उपासते ॥"

उत्तराम्नायमा

पश्चिमाम्नायको भन्दा पनि अझ सूक्ष्म अनुभवगम्य भावनाले उपासना हुन्छ– "रचितयुवतिवेशस्तद्धिया ध्यायते सः ।"

उर्ध्वाम्नायमा

सन्मात्र पूर्णब्रह्ममय भावनाद्वारा उपासना हुन्छ–

"श्रीविद्यामखिलागमान्तविहितब्रह्मस्वरूपां शिवां
सत्यज्ञानसुखां विशेषरहितामाद्यन्तहीनां पराम् ।
आत्मत्वेन विभावयेन्नरवरः सद्यो विमुक्तिं गतो
ऽप्यादेहान्तमुपासनैकरसिकः श्रौतं विधिमानयेत् ॥"

श्रीचक्रलाई ब्रह्माण्डको प्रतीक मानिएको छ । त्यस्तै मनुष्यदेहमा पनि ब्रह्माण्डगत समस्त तत्त्व विद्यमान छ । अतः श्रीचक्र र देहको ऐक्य मानिएको छ । श्रीचक्रको यस्तो ज्ञान प्राप्त गर्नु सानो तपस्याको फल होइन । यसबारे योगिनीहृदयतन्त्रमा यस्तो वचन छ–

"पिण्ड ब्रह्माण्डयोर्ज्ञानं श्रीचक्रस्य विशेषतः ।
ज्ञात्वा शम्भुफलावाप्तिर्नाल्पस्य तपसः फलम् ॥"

श्रीयन्त्र र स्थूलदेहको ऐक्य यसरी स्वीकार गरिएको छ–

श्रीयन्त्रको चक्र	देहान्तर्गतचक्र	देहको अंग
बिन्द्वन्तर्गतचक्र	शून्यरन्ध्रचक्र	शिर
बैन्दवचक्र	सहस्रारचक्र	शिर
त्रिकोण	बिन्दुचक्र	दुई नेत्र र भ्रूमध्य
अष्टार	नादचक्र	एक कानदेखि अर्को कानसम्म
अन्तर्दशार	आज्ञाचक्र	कानदेखि च्युँडोसम्म
बहिर्दशार	विशुद्धिचक्र	कण्ठ
चतुर्दशार	अनाहतचक्र	छातीदेखि नाभिसम्म
अष्टदल	स्वस्तिकचक्र	दुई बाहु र नाभिदेखि ऊरुसम्म
षोडशदल	मणिपूरचक्र	ऊरुदेखि घुँडासम्म
वृत्तत्रय	स्वाधिष्ठानचक्र	इन्द्रिय र जाँघ
भूपुर	मूलाधारचक्र	घुँडादेखि पैतालासम्म

उत्तम योगीहरूले गर्ने श्रीचक्रको उपासना केवल भावनागत हुन्छ भनेर भावनोपनिषद्ले भनेको छ–"नवशक्तिरूपं श्रीचक्रम् । क्रियाशक्तिः पीठम्, कुण्डलिनी ज्ञानशक्तिर्गृहम् । इच्छाशक्तिर्महात्रिपुरसुन्दरी । ज्ञाता होता ज्ञानमग्निः ज्ञेयं हविः, ज्ञातृज्ञानज्ञेयानामभेदभावनं श्रीचक्रपूजनम् ॥"[३०५]

श्रीचक्रका मूल नौ त्रिकोण मूलप्रकृति अर्थात प्रपञ्चका कारण हुन् र यिनैवाट अन्य कोणहरू वन्दछन् । देह पनि नवयोनि अर्थात् नवधातुसमुद्भव हो । श्रीचक्रको ऊर्ध्वमुख चार त्रिकोण शिवरूप र अधोमुख पाँच त्रिकोण शक्तिरूप हो । देहका धातु पनि शिवशक्त्यात्मक छ । अतः श्रीचक्र र देहगतचक्रको ऐक्य छ–

"त्वगसृङ्मांसमेदोऽस्थिधातवः शक्तिमूलकाः ।
मज्जाशुक्रप्राणजीवधातवः शिवमूलकाः ॥
नवधातुरयं देहो नवयोनिसमुद्भवः ।
दशमी योनिरेकैव पराशक्तिस्तदीश्वरी ॥"[३०६]

दशमी योनि वैन्दवस्थान हो, देहकी ईश्वरी पराशक्ति हुन् ।

श्रीचक्रका दश नामहरू यसप्रकार छन्– भद्रचक्र, वृद्धिचक्र, महाचक्र, श्रीकरचक्र, शुभकरचक्र, कामचक्र, मोहनचक्र, वैजयन्तचक्र, जयन्तचक्र र नन्दनचक्र ।

षट्चक्र एवं कुण्डलिनी जागरण

मानव शरीरमा ७२००० नाडीहरू छन् । ती मध्ये १४ वा १० नाडीहरू प्रमुख छन् र तीनमा पनि इडा, पिङ्गला र सुषुम्णा यी ३ नाडी प्रधान मानिन्छन् । यी तीनमा पनि सवैभन्दा महत्त्वपूर्ण सुषुम्णा नाडी हो र सुषुम्णा भित्रपनि सूक्ष्म चित्रिणी, वज्रिणी नाडी छन् भन्ने पाइन्छ । यी नाडीपुन्जहरूको संयोगस्थललाई चक्ररूपमा कल्पना गरी

---

३०५ ईशाद्यष्टोत्तरशतोपनिषदः पृष्ठ ४७६
३०६ सौन्दर्यलहरी पृष्ठ १३४

मनुष्यदेहसञ्चालनको शक्तिकेन्द्रको रूपमा स्वीकार गरिएको छ। चक्रहरूको संख्या धेरै छ तापनि यी मध्ये ६ वटालाई प्रधान मानिएको छ र यिनलाई 'षट्चक्र' भनिन्छ। मानवशरीरमा पृष्ठ भागमा अवस्थित अस्थिदण्ड जसलाई 'मेरुदण्ड' भनिन्छ, त्यो षट्चक्रको आधार हो र सुषुम्णा नाडी यसैभित्र रहन्छ र तन्त्रशास्त्रको प्रयोजन नै कुण्डलिनी जागरणद्वारा षट्चक्र भेदन गरी आत्मशक्ति र परमात्मशक्तिको संयोजन गर्नु हो। षट्चक्रवारे तन्त्र वचन यस्तो छ–

"मूलाधारं तथा स्वाधिष्ठानं च मणिपूरकम्।
अनाहतं विशुद्धाख्यमाज्ञाचक्रं विदुर्बुधाः ॥"

मूलाधारचक्र

यो मेरुदण्डको सवैभन्दा तल लिङ्ग र गुदद्वारको मध्य अवस्थित छ। शरीरलाई अड्याउने मूल आधार भएकोले अथवा सवै चक्रको मूल आधार भएकोले यसलाई मूलाधार भनिएको हो भन्ने अरुणामोदिनीकारको भनाई छ–"आ समन्ताद्ध्रियते शरीरमनेनेति आधार। मूले गुदस्थाने स्थित आधारो 'मूलाधारः। अथवा मूलं सर्वेषां चक्राणामादिकारणम्, स चासौ आधारश्च।"[३०७]

पृथ्वीतत्त्वात्मक मूलाधारको अभावमा देहको पतन वा ऊर्ध्वगमन हुनसक्छ, अतः सवैको आधार भएकी पृथिवी मूलाधाररूपले रहेकी छिन् भनेर लक्ष्मीधरले रुद्ररहस्यको उद्धरण दिएका छन्–

"सर्वाधारा मही यस्मात् मूलाधारतया स्थिता।
तदभावे तु देहस्य पातस्स्यादुद्गमोऽपि वा ॥"[३०८]

मूलाधारमा 'वँ-शँ-षँ-सँ' चार अक्षराकिंत चारपत्रे कमल र त्यसको कर्णिकामा पहेँलो चतुष्कोण चिन्ह वा मतान्तरमा रातो त्रिकोण चिन्हमा 'लँ'

---
३०७ ऐ.ऐ. १०४
३०८ ऐ.ऐ. १०१

वीज अनि त्यसको मध्यमा स्वयम्भू लिङ्गलाई साढे तीन फन्काले वेरेर मुख र पुच्छर जोडेर सुतिरहेकी भुजङ्गाकारकी झल्कने 'कुण्डलिनी' शक्तिको कल्पना हुन्छ। यो पार्थिव अधराम्नायात्मक चक्र एवं विश्रान्ति कलात्मक हो। यस चक्रको अधिष्ठाता देवता गणेश, वाहन ऐरावत र मालिक्नी अस्थि धातुकी शक्ति 'शाकिनी' हुन्।[३०९] देवीभागवतमा यसवारे यस्तो वचन छ–

"तद् बाह्ये हेमरूपाभं वादिसान्तचतुर्दलम्।
द्रुतहेमसमप्रख्यं पद्मं तत्र विचिन्तयेत्॥
मूलमाधारषट्कोणं मूलाधारं ततो विदुः॥"[३१०]

स्वाधिष्ठान

लक्ष्मीधर आदिले स्वाधिष्ठानमा कुण्डलिनीको अवस्थिति मानेका छन्– "कुण्डलिन्या भगवत्याः स्वयमधिष्ठाय (स्वेच्छयाधिष्ठाय) ग्रन्थिं कृत्वा अवस्थानं स्वाधिष्ठानम्।" अरुणामोदिनीकार पनि भगवती कुण्डलिनीको सम्यक् अवस्थिति हुनाले 'स्वाधिष्ठान' भनिएको हो भन्दछन्– "भगवत्याः शक्त्याः स्वयमात्मना सर्पाकारत्वेन ग्रन्थिं कृत्वा अधिष्ठीयते इति वा सुष्ठु अधिष्ठीयते वा स्वाधिष्ठानम्।

यो स्वाधिष्ठान चक्र लिङ्गमूलको ठीक पछिल्तिर रहन्छ र यसको षड्दल कमलरूपमा कल्पना हुन्छ–

"स्वाधिष्ठानं लिङ्गमूले षट्पत्रं चक्रमस्य च।"

कमलको छ पत्रमा 'वँ-भँ-मँ-यँ-रँ-लँ' छ अक्षर एवं कर्णिकामा रातो ऊर्ध्वमुख त्रिकोणमा 'रँ' वीज अंकित हुन्छ। मतान्तरमा सेतो अर्धचन्द्राकार चिन्हमा 'वँ' वीज अंकित हुन्छ। यो चक्र परम्पराभेदले तेजसात्मक पूर्वाम्नायचक्र सृष्टिकला र मतान्तरमा जलात्मक दक्षिणाम्नाय स्थितिकला मानिन्छ। यस चक्रका अधिष्ठाता देवता 'व्रह्मा', वाहन 'मकर'

---

३०९ निगमागम वैज्ञानिकसार, पृष्ठ ८७
३१० देवीभागवत, ७।३५।३४

र स्वामिनी मेदो धातुकी शक्ति 'काकिनी' हुन्। स्वाधिष्ठानको वारे देवीभागवतमा यस्तो वचन छ–

"तदूर्ध्वं त्वनलप्रख्यं षड्दलं हीरकप्रभम्।
बादिलान्तषडर्णेन स्वाधिष्ठानमनुत्तमम्॥
स्वशब्देन परं लिङ्गं स्वाधिष्ठानं ततो विदुः॥"[३११]

मणिपूर

यो नाभिस्थानको ठीक पछाडि मेरुदण्डभित्र रहन्छ र यसको दश दल कमलको रूपमा कल्पना गरिएको छ–

"नाभौ दशदलं चक्रं मणिपूरकसंज्ञकम्।"

यहाँ भगवती मणिमाणिक्यद्वारा भूषित हुने भएकीले मणिपूर भनिएको हो भनेर अरुणामोदिनीकार भन्दछन् – "मणिभिर्नानारत्नैः पूर्यते भूष्यते देवी अत्र इति मणिपूरः।" लक्ष्मीधरको अनुसार– "यत्र स्थिता भगवती मणिभिः तत्प्रदेशं पूरयति, स देशो मणिपूरः। समयिनां आन्तरपूजावसरे तृतीयकमले नानाविधमणिगण-खचितभूषणार्पणं देव्याः कर्तव्यमिति रहस्यम्।"

कमलको वर्ण आ-आफ्नो परम्परानुसार हुन्छ र त्यसको दश पत्रमा 'डँ-ढँ-णँ-तँ-थँ-दँ-धँ-नँ-पँ-फँ' यति दश अक्षर र कर्णिकामा सेतो अर्धचन्द्राकार चिन्हमा 'वँ' वीज, मतान्तरमा ऊर्ध्वमुख रातो त्रिकोणमा 'रँ' वीज अंकित भएको हुन्छ। यो चक्र परम्पराभेदले आप्य दक्षिणाम्नाय स्थितिकला र मतान्तरमा तैजस पूर्वाम्नाय सृष्टिकला मानिन्छ। यसको अधिष्ठाता देवता 'विष्णु', वाहन 'मेष' र अधिष्ठात्री मांसधातुकी शक्ति 'लाकिनी' हुन्। मणिपूरसम्बन्धमा देवीभागवतले भन्दछ–

---

३११ देवीभागवत, ७।३५।३५

"तदूर्ध्वं नाभिदेशे तु मणिपूरं महाप्रभम् ।
मेघाभं विद्युदाभं च बहुतेजोमयं ततः ॥
मणिवद् भिन्नं तत्पद्मं मणिपद्मं तथोच्यते ।
दशभिश्च दलैर्युक्तं डादिभान्ताक्षरान्वितम् ॥
विष्णुनाधिष्ठितं पद्मं विष्ण्वालोकनकारणम् ॥"[३१२]

अनाहत

यो हृदयप्रदेशमा रहन्छ र यसको द्वादशदलकमलको रूपमा कल्पना गरिन्छ–

"हृदयेऽनाहतं चक्रं शिवस्य प्रणवाकृति ।
पूजास्थानं तदिच्छन्ति दलैर्द्वादशभिर्युतम् ।"

कसैबाट पनि आहत नभएकोले अनाहत भनिएको हो भनेर अरुणामोदिनीकारले उल्लेख गरेका छन्-

'केनाप्यनाहतत्त्वादनाहतमित्यर्थनाम् ।'

लक्ष्मीधरले अनाहतनादको स्थान भएकोले 'अनाहत' भनिएको हो भनेका छन्-'अनाहत नादस्थानत्वात् अनाहतनामास्य ।'

कमलको १२ पत्रमा 'कँ-खँ-गँ-घँ-ङँ-चँ-छँ-जँ-झँ-ञँ-टँ-ठँ' यति १२ अक्षर र कर्णिकामा ध्वाँसे वर्णको षट्कोणमा 'यँ' वीज अंकित हुन्छ। यो चक्र वाय्वात्मक पश्चिमाम्नाय संहारकलात्मक हो। यसको अधिष्ठाता 'शिव', वाहन मृग र अधिष्ठात्री रक्तधातुकी शक्ति 'राकिनी' हुन् ।

यो कर्णिकाको वीच केही वायाँ अगाडि विद्युत झैं प्रकाशित त्रिकोण र त्यहाँ हेमाभ सछिद्र वाणलिङ्ग र त्यसवाट उत्पन्न 'हृत्पुण्डरिक' कमलको भावना भई त्यसै कमलमा स्वेष्टदेवताको चिन्तन गरिन्छ। देवीभागवतमा अनाहतबारे यस्तो वचन छ–

---

३१२ देवीभागवत, ७।३५।३७-३८

"तदूर्ध्वेऽनाहतं पद्ममुद्यदादित्यसन्निभम् ।
कादिठान्तदलैरेकं पत्रैश्च समधिष्ठितम् ॥
तन्मध्ये बाणलिङ्गं तु सूर्यायुतसमप्रभम् ।
शब्दब्रह्ममयं शब्दानाहतं तत्र दृश्यते ॥
अनाहताख्यं तत्पद्मं मुनिभिः परिकीर्तितम् ।
आनन्दसदनं तत्तु पुरुषाधिष्ठितं परम् ॥"[३१३]

विशुद्ध वा विशुद्धि

यो चक्र कण्ठप्रदेशमा रहन्छ र यसको षोडशदल कमलको रूपमा भावना हुन्छ– 'कण्ठे तु भारतीस्थानं विशुद्धिः षोडशच्छदम् ।' यसको वर्ण शुद्ध स्फटिक झैं हुनाले विशुद्धि भनिएको हो–'शुद्ध स्फटिकवर्णतया विशुद्धिरिति'–अरुणामोदिनी । 'शुद्धस्फटिकसंकाशत्वात् विशुद्धिनामास्य' – लक्ष्मीधर ।

कमलको १६ पत्रमा 'अँ देखि अः' १६ अक्षर र कर्णिकामा वृत्ताकार चिन्हमा 'हँ' वीज अंकित हुन्छ । यो चक्र नाभस उत्तराम्नायात्मक अन्तर्लीन कलात्मक मानिन्छ । यसको अधिष्ठाता 'जीवात्मा' वाहन हस्ती र अधिष्ठात्री त्वग्धातुकी शक्ति 'डाकिनी' हुन् । देवीभागवतमा यसवारे यस्तो वचन छ–

"तदूर्ध्वं तु विशुद्धाख्यं दलं षोडशपङ्कजम् ।
स्वरैः षोडशभिर्युक्तं धूम्रवर्णं महाप्रभम् ॥
विशुद्धं तनुते यस्माज्जीवस्य हंसलोकनात् ।
विशुद्धं पद्ममाख्यातमाकाशाख्यं महाद्भुतम् ॥"[३१४]

आज्ञाचक्र

यो चक्र भ्रूमध्यमा रहन्छ– 'भ्रूमध्ये द्विदलं चक्रमाज्ञासंज्ञं प्रचक्षते ।'

---

३१३ ऐ.ऐ. ३९-४१
३१४ ऐ.ऐ. ४२-४३

साधकलाई भगवती विषयक ईषद् ज्ञान हुने हुनाले 'आज्ञा' भनिएको हो– 'अत्र आङ् ईषदर्थः, ज्ञा ज्ञानं, ईषद् ज्ञानं यत्र जायते साधकानां भगवतीविषयम् । ब्रह्मग्रन्थिभेदनव्यग्रतया भगवत्या आज्ञाचक्रे क्षणमात्रावस्थानात् साधकानां तटिल्लेखारूपेण अवभासनात् आज्ञाचक्रनामास्य ।'– लक्ष्मीधर । अरुणामोदिनीकारले 'आ समन्ताज्ज्ञायतेऽस्यामिति आज्ञा वा' भनेर भगवतीविषयक सम्यग् ज्ञान हुने भएकोले 'आज्ञा' भनिएको हो भनेका छन् ।

यो चक्रमा इडा, पिंगला र सुषुम्णाको संगम हुन्छ । यहाँ 'हँ-क्षँ' भन्ने दुई वीजाङ्कित द्विदल कमल र त्यसको कर्णिकामा इतरलिंग (अर्धनारीश्वरको लिङ्ग) र त्यसमा 'ॐ' अंकित भएको भावना गरिन्छ । यो चक्र मानस ऊर्ध्वाम्नाय अनुग्रह कलात्मक हो । यसको अधिष्ठाता पाशवकल्पमा गुरु, वीर र कुलकल्पमा परमात्मा एवं अधिष्ठात्री मज्जाधातुकी शक्ति हाकिनी हुन् । आज्ञाचक्र सम्वन्धमा देवीभागवतले भन्दछ–

"आज्ञाचक्रं तदूर्ध्वं तु आत्मनाधिष्ठितं परम् ।
आज्ञासंक्रमणं तत्र तेनाऽऽज्ञेति प्रकीर्तितम् ॥
द्विदलं हक्षसंयुक्तं पद्मं तत् सुमनोहरम् ॥"[३१५]

यी पट्चक्रभन्दा माथि अरु तीन चक्रहरूको उल्लेख पाइन्छ– नादचक्र, विन्दुचक्र र सहस्रारचक्र । देवीभागवतले भने षट्चक्रभन्दामाथि कैलासचक्र र रोधिनीचक्र हुन्छ भन्दछ–

"कैलासाख्यं तदूर्ध्वं तु रोधिनी तु तदूर्ध्वतः ।"

नादचक्र

नादचक्र ठीक निधारको पछाडि नाडीत्रयको अवलम्वन गरेर रहेको

---

३१५ ऐ.ऐ. ४४-४५

हुन्छ। यो सेतो अर्धचन्द्राकारको हुन्छ र यसमा 'अ-उ-म' तीन अक्षर अंकित हुन्छन्। यसको अधिष्ठाता आनन्द भैरव मानिन्छन्।

बिन्दुचक्र

यो मस्तिष्कमुनि रहन्छ। आधा सेतो आधा रातो वैन्दवाकारको हुन्छ र त्यहाँ 'ॐ' अंकित भएको हुन्छ।

सहस्रारचक्र

मनुष्यको मस्तिष्कलाई नै सहस्रदलकमलको कल्पना गरी सहस्रारचक्रको रूपमा मानिएको छ–

"चक्रं सहस्रपत्रे तु ब्रह्मरन्ध्रसमन्वितम्।"[३१६]

यो कपूरवर्णको हुन्छ र हजारपत्रमा वर्णमातृकाका पचास अक्षरहरूमा हरेक अक्षरको वीस वीस पत्रमा कल्पना भएर हजार अक्षर सिद्ध हुन्छन्। कमलको कर्णिकामा पाशवकल्पमा परमात्माको भावना गरिन्छ। वीरकल्प र कुलकल्पमा कर्णिकामा पूर्णचन्द्राकार चिह्न हुन्छ र त्यसमा 'अकथचक्र' र अघिल्तिर शुक्लारुण दुई पादुका र प्रासादवीजद्वय अनि ठीक कर्णिकावीचमा 'परशिव' वा 'गुरु' को भावना हुन्छ। सहस्रारचक्रको वाहिरी घेरामा द्वादशवर्णयुक्त द्वादशदलको भावना हुन्छ। यस चक्रकी नायिका शुक्रधातुकी शक्ति 'याकिनी' हुन्। यसैलाई ब्रह्मरन्ध्र भनिन्छ। सहस्रारचक्रलाई निर्वाणचक्र पनि भनिन्छ। मस्तिष्कको माथिल्लो भागमै अर्को शून्यस्थान हुन्छ जसलाई शून्यरन्ध्र पनि भन्दछन्। त्यहाँ पराशक्तिरूप चेतनाशक्ति साथमा भएका दीपशिखाकार उनै गुरुको भावना हुन्छ। कुण्डलिनीलाई जगाएर यिनै 'परशिव' वा 'गुरु' सँग संयोग गराउनु नै लययोग को ध्येय हो।

---

३१६ सौन्दर्यलहरी, पृष्ठ १०५

श्रीविद्या दक्षिणामूर्तिमतमा स्वस्तिकचक्र नामको अर्को चक्र मानिन्छ। यो चक्र स्वस्तिकाकार हुन्छ र मणिपूर र अनाहतचक्रको वीच रहन्छ। यसको वर्ण सेतो हुन्छ र यसको मध्यमा अष्टदलकमलमा 'अँ-कँ-चँ-टँ-तँ-पँ-यँ-शँ' एवं कर्णिकामा 'श्रीप्रासाद' वीज अंकित भएको हुन्छ। यहाँ हरिहरको भावना गरिन्छ।[३१७]

यो षट्चक्र चिन्तन स्थूलदेह र सूक्ष्मदेहको क्रममा अलि भिन्न हुन्छ। स्थूलदेहको चक्रचिन्तनमा पञ्चतत्त्वको क्रम अर्थात् पृथ्वी, जल, तेज़, वायु र आकाशको क्रम हुन्छ भने सूक्ष्मदेहको चक्रचिन्तनमा वुद्धि-मन-चित्त-अहंकार-र कुलकुण्डलिनीको क्रम हुन्छ। अतः यी क्रमको चक्रमा आम्नाय र तत्त्वको स्थानमा यस्तो भेद पाइन्छ[३१८]–

चक्र	स्थूलदेह	सूक्ष्मदेह
मूलाधार	पृथ्वीतत्त्वात्मक अधराम्नाय	वुद्धि पार्थिव अधराम्नाय
स्वाधिष्ठान	जलात्मक दक्षिणाम्नाय	मन तैजस पूर्वाम्नाय
मणिपूर	तेजस्तत्त्वात्मक पूर्वाम्नाय	चित्त आप्य दक्षिणाम्नाय
अनाहत	वाय्वात्मक पश्चिमाम्नाय	अहंकार नाभस उत्तराम्नाय
विशुद्धि	आकाशात्मक उत्तराम्नाय	कुण्डली वायवीय पश्चिमाम्नाय
आज्ञा	चैतन्यात्मक ऊर्ध्वाम्नाय	चिति मानस ऊर्ध्वाम्नाय

यो स्थूलदेहको क्रमलाई 'कादि' वा 'कुण्डलिनी' क्रम भनिन्छ। सूक्ष्मदेहको क्रमलाई 'हादि' वा 'हंस' क्रम भनिऩ्छ। यी दुवै क्रमलाई संयोजन गर्ने क्रमलाई शाम्भवक्रम भनिन्छ र तदनुरूप शाम्भव षट्चक्रको कल्पना हुन्छ।

---

३१७ निगमागमवैज्ञानिकसार, पृष्ठ ९७

३१८ मन्त्रविद्यारहस्य पृष्ठ ६३

श्री शङ्राचार्यले आनन्दलहरीमा षट्चक्रको एवं कुण्डलिनी उत्थानको वर्णन यसरी गर्नु भएको छ–

"महीं मूलाधारे कमपि मणिपूरे हुतवहं
स्थितं स्वाधिष्ठाने हृदि मरुतमाकाशमुपरि ।
मनोऽपि भ्रूमध्ये सकलमपि भित्त्वा कुलपथं
सहस्रारे पद्मे सह रहसि पत्या विहरसे ॥"[३१९]

यसको व्याख्या गर्ने क्रममा लक्ष्मीधर भन्दछन्–

'यद्यपि आधारचक्रस्योपरि स्वाधिष्ठानं वर्णनीयं, तथापि आकाशादितत्त्वोत्पत्तिक्रममवलम्ब्य व्युत्क्रमेण मणिपूरचक्रवर्णनं कृतमित्यनुसन्धेयम् ।' अर्थात् शङ्करले श्रौत उत्पत्तिक्रम अनुसार वर्णन गर्नु भएको हो । सौभाग्यवर्धिनी अनुसार– 'स्वाधिष्ठानमणिपूरकयोः शाम्भवमतानुसारेण संज्ञाव्यत्ययः ।'

अर्थात् शाम्भवमतमा स्वाधिष्ठान र मणिपूरचक्रको नाम परिवर्तन हुन्छ । गोपालसुन्दरी टीका अनुसार शाम्भवक्रममा स्वाधिष्ठान र मणिपूरको स्थान परिवर्तन हुन्छ । आनन्दगिरी चाहिँ केवल छन्दोऽनुरोधले नै शङ्करले मणिपूरको उल्लेख गर्नु भएको हो भन्दछन् ।

प्रवुद्धसनातनरहस्यमा धनशम्शेरले उल्लेख गर्नुभए अनुसार उक्त श्लोकमा शङ्राचार्यले लययोगको वर्णन गर्नुभएको छ । लययोग सिद्ध नभै वाह्यपूजा सिद्ध हुँदैन । यसवारे उहाँ भन्नु हुन्छ[३२०]– 'तन्त्रको मार्ग अपनाई यथार्थ पञ्चमकारको प्रयोग गर्न खोज्ने व्यक्तिले यो अभ्यास गरी सिद्ध गर्ने प्रयास अवश्य गर्नुपर्दछ । यो अभ्यास गर्दा 'मूलाधार' वाट एकदम 'मणिपूरचक्र' मा ज्योति र नाद लय गराएर मात्र तल ओर्लिएर 'स्वाधिष्ठान चक्रमा' लय गराई उक्लिएर अनाहतचक्रमा पुग्ने क्रम अनौठो जस्तो

३१९. सौन्दर्यलहरी पृष्ठ १००
३२०. प्रवुद्धसनातनरहस्य पृष्ठ ३०४

लाग्दछ, तर गुरुसित यसबारे विशेष चुटकी सिखेर पूर्वोक्त प्रकारले यो अभ्यास गर्दा गर्दै स्वयं नै यो क्रम ठीक भएको सावित भई सन्देह हट्दछ। यस्तो नभए श्री १०८ शंकराचायले किन त्यस्तो लेख्थे ?'

चन्द्रकला विद्या र समयाचार

लक्ष्मीधरले सौन्दर्यलहरीको टीकामा चन्द्रकला विद्या र समयाचारको साथै कुण्डलिनी उत्थानको पनि चर्चा गरेका छन्। उनको अनुसार– पञ्चदशीकला र पञ्चदशीतिथि नित्यामा ऐक्य छ। षोडशी पूर्णचन्द्रकला नै 'श्री' हुन्। सूर्यमण्डलवाट निस्केको पहिलो चन्द्रकला शुक्ल प्रतिपदा हो भने, सूर्यमण्डलमा प्रविष्ट पहिलो चन्द्रकला कृष्ण प्रतिपदा हो। सूर्यमण्डलमा पूर्णरूपले विलीन चन्द्रमण्डलनै अमावस्या हो। यी चन्द्रकलात्मिका षोडशनित्याको स्थान षोडशदल विशुद्धि चक्र हो। त्यहाँ पूर्वादिक्रमले षोडशनित्या ती कोणहरूमा परिवर्तित हुन्छन्। त्यो भन्दा तल द्वादशदलकमलमा द्वादशकल सूर्यमण्डल छ र त्यो पनि परिवर्तित हुन्छ। सनत्कुमारसंहिताको उल्लेख गर्दै उनी अगाडि भन्दछन्– सूर्य चन्द्रको देवयानात्मक पितृयानात्मक इडा-पिंगलामार्गद्वारा अहोरात्र संचरण हुन्छ। चन्द्र वामनाडीमार्गमा संचरण गर्दै ७२००० नाडीमार्गलाई अमृतले सिंचन गर्छ। सूर्य चाहिँ दक्षिण नाडीमार्गमा संचरण गर्दै चन्द्रद्वारा उत्क्षिप्त अमृतविन्दुहरूलाई ग्रहण गर्छ। जव सूर्यचन्द्र दुवैको आधारचक्रमा समावेश हुन्छ,, अमावास्या उत्पन्न हुन्छ। अतः कुण्डलिनी शक्ति आधारकुण्डमा सूर्यकिरणको सम्पर्कवाट विलीन चन्द्रमण्डलमध्यवाट चुहिएको अमृतकुण्डमा सुत्र्दछिन्। तिनको स्वापावस्थानै कृष्णपक्ष हो। योगी जव समाहितचित्त भएर चन्द्रलाई चन्द्रस्थानमा सूर्यलाई सूर्यस्थानमा वायुद्वारा रोक्न समर्थ हुन्छ, त्यस वखत निरुद्ध भएका चन्द्रसूर्य अमृत सिंचन र ग्रहण गर्न असमर्थ हुन्छन्। त्यस अवस्थामा वायुद्वारा प्रेरित स्वाधिष्ठानस्थित अग्निद्वारा शुष्क भएको अमृतकुण्डमा निराहारा कुण्डलिनी जागा हुन्छिन् र सर्पवत्

फूत्कार गर्दै ग्रन्थित्रयभेदन गरी सहस्रदलकमल मध्यवर्ती चन्द्रमण्डललाई डस्छिन्। त्यहाँबाट चुहिएको पीयूषधाराले आज्ञाचक्रोपरि स्थित चन्द्रमण्डल आप्लावित हुन्छ। त्यहाँबाट चुहिएका अमृतधाराले सम्पूर्ण देह आप्लावित हुन्छ। श्रुतिले पनि सहस्रारस्थित शुक्लारुण चरणद्वयबाट विगलित सुधाधाराले सम्पूर्ण नाडीपथ अप्लावित हुन्छ भन्दछ। "लोकस्यद्वारमर्चिमत्पवित्रम्। ज्योतिष्मद् भ्राजमानं महस्वत्। अमृतस्यधारा बहुधा दोहमानं। चरणं नो लोके सुधितान् दधातु ॥"- तै.ब्रा.३.१२.३

यस श्लोक बारे मेरा पूज्य पिताज्यूबाट मलाई प्राप्त उपदेश यस्तो छ-

"लोकस्य द्वारम्- मूलाधारचक्र, अर्चिमत्- मणिपूरचक्र, पवित्रम्- स्वाधिष्ठानचक्र, ज्योतिष्मद् - अनाहतचक्र, भ्राजमानं- विशुद्धिचक्र, महस्वत्- आज्ञाचक्र, अमृतस्यधारा बहुधा दोहमानं चरणं-सहस्रारचक्र।"

लक्ष्मीधर अगाडि भन्दछन्- "त्यसकारण आज्ञाचक्रोपरिस्थित चन्द्रको कला पंचदश नित्या हुन्। सहस्रदलकमल स्थित चन्द्रमण्डल बैन्दवस्थान हो र त्यो कला चिन्मयी आनन्दरूपा आत्मा भनिन्छ र तिनै त्रिपुरसुन्दरी हुन्।"

यसरी शुक्लपक्षमा कुण्डलिनी प्रबोध योगीश्वरले गर्न सक्दछन्। उनको भनाइ अनुसार शुक्लपक्षको रात्रिमा नै कुण्डली जागरण हुन सक्छ, कृष्णपक्षमा होइन। लक्ष्मीधर अगाडि भन्दछन्- मूलाधार अन्धतामिस्रलोक हो। स्वाधिष्ठान सूर्यकिरणको सम्पर्कले गर्दा मिश्रलोक मानिन्छ। मणिपूर अग्निस्थान हो तापनि त्यहाँ स्थित जलमा सूर्यकिरण प्रतिविम्बित हुनाले मिश्रलोक मानिन्छ। अनाहत ज्योतिर्लोक हो। यसरी मूलाधार देखि अनाहत पर्यन्त ज्योतिस्तमोमिश्रकलोक हो। विशुद्धिचक्र चान्द्रलोक हो। आज्ञाचक्र चन्द्रस्थान भएकोले सुधालोक हो। यी दुइको सूर्यकिरणको सम्पर्कबाट ज्योत्स्ना हुँदैन। सहस्रदलकमल चाहिं ज्योत्स्नामय नै लोक हो। त्यहाँ

स्थित चन्द्र नित्यकलायुक्त हुन्छ। चन्द्रविम्व नै श्रीचक्र हो। कला सादाख्या हो। त्यसकारण त्रिकोण आधार हो, अष्टकोण स्वाधिष्ठान हो, दशार मणिपूर हो, दोस्रो दशार अनाहत हो, चतुर्दशार विशुद्धिचक्र हो, चार शिवचक्र आज्ञाचक्र हो, विन्दुस्थान चतुरस्र सहस्रकमल हो। आज्ञागत चन्द्रमामा पञ्चदशकला हुन्छ र सोह्रौं कलाको प्रतिफलन पनि हुन्छ। श्रीचक्ररूप चन्द्रविम्वमा एकै कला हुन्छ, त्यो परमा कला हो, मिलेर षोडशकला बन्दछ –

"दर्शाद्याः पूर्णमान्ताश्च कलाः पञ्चदशैव तु।
षोडशी तु कला ज्ञेया सच्चिदानन्दरूपिणी ॥"

यी षोडश नित्याहरूको वारे तैत्तिरीय व्राह्मणमा 'इयं वाव सरघा' इत्यादिद्वारा प्रतिपादन गरिएको छ। त्यहाँ उल्लेखभए अनुसार चन्द्रकलारूपा श्रीविद्याको अनुष्ठान केवल रात्रिमा (अमावस्या वाहेक) हुन्छ। चन्द्रकलाविद्या अनुष्ठान भनेको मातृका र मन्त्रको ऐक्य, मन्त्र र चक्रको ऐक्य, चक्र र नित्याको ऐक्य, नित्या र प्रतिपदादिकलाको ऐक्य हो र यो नै समयिमतको तत्त्व हो।

तैत्तिरीय आरण्यक (१-११) को "नैतमृषिं विदित्वा नगरं प्रविशेत्।" को अर्थ लक्ष्मीधरले यस्तो गरेका छन्– 'एतं ऋषिं मन्मथं विदित्वा नगरं श्रीचक्रात्मकं न प्रविशेत्, ऋषिज्ञानपूर्वकं श्रीचक्रात्मकं नगरं न पूजयेत्, बाह्यपूजां नकुर्यादिति निषेधविधिः, बाह्यपूजायामेव ऋषिच्छन्दः प्रभृतिज्ञानपूर्वकत्वम्। आन्तरपूजायां तादात्म्यानुसन्धानात्मिकायां ऋष्यादिज्ञानं नास्त्येव। उपयोगस्तु दूरत एव। अतो वस्तुसिद्धऋष्यादिपर्युदासमुखेन श्रीचक्रस्य बाह्यपूजनं त्रैवर्णिकं न कर्तव्यमिति नियम्यते।'

तैत्तिरीय आरण्यककै "यदि प्रविशेत्। मिथौ चरित्वा प्रविशेत् तत्संभवस्य व्रतम्।" को अर्थ यस्तो गर्दछन् लक्ष्मीधर– 'मिथौ रहस्ये

एकान्ते, चरित्वा अवगत्य प्रविशेत्, आन्तरपूजां कुर्यादित्यर्थः। यद्वा मिथुनीभूतौ शिवौ, उभयोः मेलनं अवगत्य प्रविशेत्।' सम्भवो मन्मथः चित्तजातत्त्वात्, तस्य व्रतं माहात्म्यं, सहायान्तरं तिरस्कृत्य एकाकिनैव रहस्ये स्त्रीपुरुषसंयोजनरूपम्। अतो मन्मथोपदिष्टमन्त्रानुष्ठावतां तथैव तदनुष्ठानमिति गोप्येयं विद्येति तात्पर्यम्।'

'मिथौ चरित्वा प्रविशेत्' को अर्थ मिथुनीभूय प्रविशेत् पनि गर्न सकिन्छ। अर्थात् सशक्तिकपूजन गर्नु भन्ने पनि हुन सक्छ। त्यसैले कौलाचारमा 'शक्ति वा सुवासिनी' को अर्चना अनिवार्य मानिएको हुन सक्छ।

समयाचार र कौलाचारको वारे लक्ष्मीधर भन्दछन्– 'समयाचारो नाम आन्तरपूजारतिः, कौलाचारो नाम बाह्यपूजारतिः।' अर्थात् हृदयाकाशमा चक्रपूजन गर्नु समयाचार हो, पीठादि वा भूर्जपत्र, शुद्धपट, हेम, रजतादिमा लेखेर पूजा गर्नु कौलाचार हो।

कौलाचारको वारेमा लक्ष्मीधर अगाडि भन्दछन्– "आधारचक्र नै त्रिकोण हो, आधारमा विन्दु छ, अतः कौलमतमा त्रिकोण नै वैन्दवस्थान हो र त्यो नै त्यहाँ आराध्य छ, त्यसैले कौलहरूले त्रिकोणमा विन्दुको नित्यपूजा गर्दछन्। त्यो त्रिकोण द्विविध छ– श्रीचक्रान्तर्गत नवयोनिमध्यवर्तिनी योनि र प्रत्यक्षयोनि। पूर्वकौलहरूले लेखेर श्रीचक्रको मूलत्रिकोणको पूजा गर्छन्। उत्तरकौलले सुन्दरीकुलागाररूप प्रत्यक्ष त्रिकोणको पूजा गर्दछन्। दुवै कौलहरूको लागि आधारचक्र नै पूज्य छ। त्यहाँ स्थित कुण्डलिनी शक्ति 'कौलिनी' नामले प्रसिद्ध छिन् र त्रिकोणपूजकको निमित्त तिनी नै उपास्या छिन्। यी विन्दुरूपिणी कुण्डलिनी शक्ति निद्रित स्वभावकी छिन् र निद्रित नै पूजिन्छिन्। यो पूजा तामिस्र पूजा हो। कुण्डलिनी प्रवोध जव हुन्छ, कौलहरूको मुक्ति पनि तत्क्षण हुन्छ, अतः 'क्षणमुक्ताः कौलाः' यस्तो भनिन्छ। मपञ्चकादिले समाराधन गर्नु वामाचार हो।"

लक्ष्मीधर भन्दछन्– "कौलाः प्रत्यक्षत्रिकोणे बिन्दुस्थानं मन्मथच्छत्रं कृत्वा संपूजयन्ति, अधोमुखं त्रिकोणं अधोमुखमेव छत्रं पूजयन्ति। दिगम्बरक्षपणकादयस्तु स्त्रियमुत्तानां कृत्वा ऊर्ध्वं त्रिकोणं पूजयन्तीति रहस्यम्।"[३२१]

यसरी मूलाधारादि आज्ञाचक्रपर्यन्त देहगत श्रीचक्र सोमसूर्यानलात्मक तीन खण्ड एवं ब्रह्मविष्णुरुद्रात्मक ग्रन्थित्रयले युक्त छ–

मूलाधार+स्वाधिष्ठानचक्र– प्रथमखण्ड– अग्निस्थान– रुद्रग्रन्थि
मणिपूर+अनाहतचक्र– द्वितीयखण्ड– सूर्यस्थान– विष्णुग्रन्थि
विशुद्धि+आज्ञाचक्र– तृतीयखण्ड– चन्द्रस्थान– ब्रह्मग्रन्थि

षट्चक्रभेदनपछि प्राप्त हुने सिद्धि

षट्चक्रभेदन गर्नाले कुन कुन सिद्धिप्राप्त हुन्छ भन्ने सम्बन्धमा 'रहस्यसिद्धिसोपान' को यस्तो वचन छ–

"कुण्डलिन्या महीभेदे योगी त्यजति मेदिनीम्।
सलिलस्थानयोगेन जले चलति योगवित्॥
वह्नेर्भेदे जलमिव स्पृशत्यग्निं ज्वलच्छिखम्।
मरुद्भेदे शीघ्रगतिर्याति क्रोशशतं क्षणात्॥
व्योमभेदे खे चरति मनोभेदे मनोगतिः।
यत्र कामयते तत्र याति लोकत्रयेऽपि च॥
संयोजयञ्छिवपदे शिव एव प्रजायते।
कर्ता हर्ता च सर्वत्र सुरासुरनमस्कृतः॥"[३२२]

---

३२१ सौन्दर्यलहरी पृष्ठ ३५२,
३२२ सौन्दर्यलहरी पृष्ठ १०४

पूर्णाभिषेक

क्रमदीक्षा ग्रहण गरेका साधकको क्रमको पूर्णताका लागि विशेष अभिषेक हुन्छ जसलाई पूर्णाभिषेक भन्दछन् । वडवानलतन्त्रले भनेको पनि छ–

"क्रमदीक्षाविधिर्यत्र तत्र पूर्णाभिषेचनम् ।"[323]

यो अभिषेक साधकको मन्त्रसाधनामा पूर्णताको प्रतीक हो र यसलाई तन्त्रले राज्याभिषेक नै मानेको छ, त्यसैले पूर्णभिषेकीलाई मूर्द्धाभिषिक्त पनि भन्दछन् ।

पूर्णाभिषेक विना आचार्यत्व प्राप्ति हुँदैन, देवताको अर्चनादि र मन्त्रसाधनमा पनि अधिकार हुँदैन र सद्गति पनि प्राप्त हुँदैन भन्ने मेरु, शक्तिसंगम, कुलार्णवादिको भनाई छ । विशेष गरी कौलधर्म ग्रहण गरेका साधकका लागि यो अनिवार्य हुन्छ । कुलार्णवतन्त्रले 'पूर्णाभिषेक नगरी मर्ने कौल प्रलयकालसम्म पिशाच बन्दछ' भनेको छ–

"पूर्णाभिषेकहीनस्तु कौलिको म्रियते यदि ।
पिशाचत्वमवाप्नोति यावदाभूतसंप्लवम् ॥"[324]

यो पूर्णाभिषेक, क्रमदीक्षा ग्रहण गरी क्रमैसँग पुरश्चरण गरेर पूर्ण क्रमसमाप्त गरेको, आफ्नो नित्य नैमित्तिक क्रियामा निरत भएको, गुरु एवं शास्त्रबाट अशेषरहस्यको ज्ञान प्राप्त गरेको, सद्भक्त, पारमार्थिक शिष्यलाई गुरुबाट प्राप्त हुन्छ । पूर्णाभिषेक गरेपछि साधक जातिबन्धनबाट मुक्त हुन्छ–

"गतं शूद्रस्य शूद्रत्वं गता विप्रस्य विप्रता ।
दीक्षासंस्कारसम्पन्ने जातिभेदो न विद्यते ॥"

---

३२३ बृहत्पुरश्चर्यार्णव २।१०१
३२४ कुलार्णवतन्त्र १४।९१

मेरुतन्त्रले पूर्णाभिषेकदीक्षाप्राप्त साधकको आत्माले शिवत्व प्राप्त गर्दछ भन्दछ–

"रसेन्द्रेण यथा विद्धमयः सौवर्णतां व्रजेत् ।
दीक्षाविद्धस्तथा ह्यात्मा शिवत्वं लभते ध्रुवम् ॥"

यो पूर्णाभिषेक दशमहाविद्यामा नै आवश्यक छ भन्ने कुलार्णवको वचन छ ।

पूर्णाभिषेककाल

तन्त्रराजको अनुसार 'ग्रहहरू विपरीत भएको वेलामा, जन्मनक्षत्रमा, दुवै ग्रहणमा, कुहूमा, शत्रुहरूले पीडा दिएको समयमा, पूर्णाभिषेक गर्नुपर्दछ र पूर्णाभिषेकको प्रभावले सवै दोष नष्ट हुन्छन् । शक्तिसंगमतन्त्रले पूर्णाभिषेकदीक्षा सूर्यचन्द्रग्रहणमा लिनुपर्दछ भन्दछ–

"पूर्णाभिषेकदीक्षा तु चन्द्रसूर्यग्रहे भवेत् ।"

तन्त्रराजको अनुसार अन्य पुण्यकालमा पनि पूर्णाभिषेक लिन सकिन्छ–

"सप्तसूक्तेषु कालेषु पुण्येष्वन्येषु वाऽदरात् ।"

संक्षिप्त विधि

तन्त्रराजतन्त्रमा उल्लेख भए अनुसार एवं दीक्षाप्रकाशिकाले वर्णन गरे अनुसार सर्वसामान्य संक्षिप्त पूर्णाभिषेक विधि यस्तो छ– "सर्वप्रथम वेदिकारहित विशाल मण्डपमा विस्तृत तत्तत् पूजाचक्र निर्माण गरेर सुवर्ण-रजत-ताम्र-काच-मृत्तिका यी पञ्चवर्ण रजद्वारा कर्णिका-दल-केसर-कोणादि भरेर मध्यमा खारितोयपूर्ण कुम्भ (३२ पाथी पानी अटाउनेलाई कुम्भ भन्दछन् ८ कुम्भवरावर एक खारी हुन्छ) को विधिपूर्वक स्थापना गरी त्यसमा सवै तीर्थको सवै समुद्रको, सवै पवित्र नदीको जल तथा सर्वौषधि,

नवरत्न एवं विविध धान्यादि अन्न हालेर रातो वस्त्रहरूले वेष्टित गरिन्छ। अन्य दलहरू र कोणहरूमा सर्वावरणदेवताको पूजाको लागि रत्न-वस्त्र-हेम समन्वित प्रस्थद्वय जलपूर्ण कलशहरू स्थापना गरी तिनलाई चन्दन आम्र-पनस-अश्वत्थपल्लव, शतक्रतुलता एवं मातुलुङ्गफलले युक्त गराइन्छ।

त्यसपछि मध्यकुम्भमा देवतालाई आवाहन गरी विधिपूर्वक षोडशोपचार पूजा गरी, अन्य कलशहरूमा पनि त्यसै गरी आवरण देवताहरूको पूजा गरेर क्रियावती दीक्षामा बताएको विधिपूर्वक पञ्चवाद्य बजाएर चारै वेदको मन्त्रोच्चारण एवं तान्त्रिक मन्त्रहरूको उच्चारण सहित मूलकुम्भको स्पर्श गरी सबै देव देवताहरूको नामले पञ्चपल्लव, दूबो, बिल्वफल समेतले शिवभक्त ब्राह्मणहरू सहित गुरुले शिष्यको अभिषेक गरी नामकरण समेत गर्नुपर्दछ।

तन्त्रचिन्तामणिमा उल्लेख भए अनुसार गुरुले अघिल्लै दिन मण्डपमा अंकुरारोपण र वास्तुयाग गरी यत्नपूर्वक कुण्डनिर्माण र होम गरेर वेदिकामा इष्टदेव, गुरुत्रितय एवं गुरुशक्तिहरूको वस्त्रालंकरणादिद्वारा पूजन गरी मानवौघ-सिद्धौघ-दिव्यौघ गुरुहरूको समेत अर्चन गरेर शिष्यको अभिषेक गर्नुपर्दछ। यो पूर्णाभिषेकको विधि आ-आफ्नो परम्परा अनुसार फरक फरक हुने देखिन्छ।[३२५]

तन्त्रराजले विकल्पमा आठ कलश अथवा एकै कलशमा शक्तिको आवाहन गरी पूजन गरेर जन्मदिनमा अभिषेक गर्नू भन्दछ।

वाममार्गमा प्रधान कलश हेतुद्रव्यले र अन्य कलशहरू जलले नै पूर्ण गरिन्छ।

कुलमार्गको पूर्णाभिषेकको बारेमा मेरुतन्त्रमा यस्तो वचन छ–

---

३२५ दीक्षाप्रकाशिका पृष्ठ ९८ (विष्णु भट्ट, व्यास प्रकाशन, वाराणसी, १९८८)।

"सजीवमीनयुक्तेन सुरया पूरितेन वा ।
पञ्चामृतैस्तु सम्पूर्णशङ्खेन कलशेन वा ॥
अभिषेकं ततः कुर्यात् कुलवृक्षोत्थपल्लवैः ।
अयं पूर्णाभिषेकोऽत्र कुलमार्गे प्रकीर्तितः ॥"[३२६]

मेरुको यो वचनले कुलमार्गमा मूलघडालाई सुधापूर्ण गराएर त्यसमा कौल पञ्चामृत हाली सजीवमीन समेत स्थापन गर्नुपर्दछ अनि कुलवृक्षका पल्लवहरूद्वारा त्यसवाट गुरुले शिष्यको अभिपेक गर्नुपर्दछ ।

कुलार्णव रहस्यमा धनशम्शेर ज.व.रा. ले उक्त श्लोकको रहस्यार्थ यसरी स्पष्ट पार्नु भएको छ- "हादिक्रममा आनन्दभैरव मत र कादिक्रममा नवात्म मतमा घडावाटै अभिपेक हुन्छ । हादिक्रममै दक्षिणामूर्ति मत र कादिक्रममा शिखास्वच्छन्द मतमा भने पूर्वोक्त घडामाथि एउटा टपरीमा चामल राखी त्यसमाथि महाशङ्खमा सुधापूर्ण गराई अरु चार मकार समेत हाली त्यसमा जिउँदो माछा हाली त्यो अमृतवाट अभिपेक हुन्छ । अभिपेक सकिएपछि त्यो जिउँदो माछा लगी कतै पवित्र जलाशयमा सेलाईदिनुपर्छ । यस्तो अभिपेक दानवकौललाई गर्दा माछा वाँच्न सक्दैन, तसर्थ दानव कौललाई यो महापूर्णाभिपेक गर्नुहुँदैन । विशेपतः आजकल जिउँदो माछा राख्न समर्थ गुरु पाउन दुर्लभ हुनाले धेरैले कौलाभिपेकलाई नै दोहोऱ्याएर, अर्थात् पहिलो पटकको कौलाभिपेक र दोस्रो पटकको लघुपूर्णाभिपेक भनी पूर्णाभिपेककै मन्त्रले अभिपेक गर्ने चलनछ । "[३२७]

यसरी महामन्त्रको उपदेशपछि अभिपेक दिइन्छ र गुरुले शिष्यलाई 'अमुक नामाऽसि' भनेर दुई अक्षरको वा चार अक्षरको पछाडि आनन्दनाथ युक्त नाम प्रदान गर्छन्–

---

३२६ मेरुतन्त्र १०।३५
३२७ कुलार्णवरहस्य पृष्ठ १२०

"आनन्दनाथशब्दादि द्वयक्षरं चतुरक्षरम् ।
नियुज्यैवामुकोऽसीति गुरुरादौ तदाऽऽह्वयेत् ॥"[३२८]

यो द्वयक्षरी वा चतुरक्षरी नाम हादि-आनन्दभैरवमत र कादि-नवात्ममतमा परम्परा अनुसार जुराएर वा स्वगुरुपरम्परानुसार दिइन्छ। तन्त्रान्तरमा 'द्वयक्षरं त्र्यक्षरं' भन्ने वचन भएवाट 'हादि-दक्षिणामूर्ति' र 'कादि-शिखास्वच्छन्द' मतमा भने जुराएर दुई अक्षरको वा तीन अक्षरको 'आनन्दनाथान्त' नामकरण हुन्छ। नाम जुराउँदा जननयन्त्रमा अक्षता खसालेर नाम जुराइन्छ भन्ने वुझिन्छ। नामकरण भएपछि साधकको गोत्र समेत परिवर्तन भई 'शाम्भव' गोत्र वन्न जान्छ। स्त्रीजातिको भने 'आनन्दनाथ' को साटो 'अम्वादेवी' भन्ने पद हुन्छ। यसमा पति पत्नीको सँगै पूर्णाभिषेक भएमा दुवैको नामाक्षर एकै प्रकारको हुन्छ। पतिको भन्दा पछि पत्नीको अभिषेक भएमा परम्परानुसार पतिको जस्तै वा जुराएर पनि हुनसक्छ।

पूर्णाभिषेक भएपछि साधक कौलावधूत वन्दछ। कौलावधूतले तीर्थयात्रा, उपवास, मुण्डन, संन्यास, व्रतधारण आदि गर्नुहुँदैन। सर्वाधिकार भएपछि दक्षिणामूर्ति गुरुको आवाहन गरी नौ डोरे जनै धारण गरिन्छ।

महापूर्णाभिषेक वा लघुपूर्णाभिषेक भएपछि नामकरण हुँदा गुरुले शिष्यलाई पादुका दीक्षा दिन्छन् र गुरु, परमगुरु, परापरगुरु एवं परमेष्टिगुरुको नाम समेत सुनाउँदछन्। सो नामलाई पृथक् पृथक् पादुकामन्त्रमा संयोग गराएर महामुद्रा शिरमा वाँधी गुरुपादुका मन्त्र जप गर्नुपर्दछ। त्यसै गरी सोही मन्त्रको आधा आफ्नो नाममा जोडी मूलाधारमा आधारमुद्रा वाँधेर आत्मपादुकाको जप हुन्छ। महापूर्णाभिषेकीले लघुसाम्राज्यमेधाको अलेखिनी विद्या प्राप्त गरेपछि पूर्वोक्त गुरुचतुष्टयको पादुकामा परमाचार्य गुरु, पूर्वसिद्धगुरु र आदिसिद्ध गुरु यी तीनको पादुका

---

३२८ वृहत्पुरश्चर्यार्णव पृष्ठ ११४

थपी सात गुरुपादुकाको जप गर्नुपर्दछ। यसरी अभिषेक पश्चात् हादिक्रममा गुरुले उर्ध्वाम्नायात्मक प्रासादी विद्या र लघुषोढा, महाषोढा आदि न्यास दिन्छन्। कादिक्रममा भने महापूर्णाभिषेक पछि गुरुवाट पश्चिमाम्नायात्मक प्रासादी विद्या र पश्चिमाम्नायकै षोढान्यास प्राप्त हुन्छ। त्यसपछि सर्वाधिकार निर्वाणदीक्षा र ऊर्ध्वाम्नायीलाई षडन्वय शाम्भवदीक्षाको क्रम एवं पश्चिमाम्नायीलाई चतुरन्वय शाम्भव दीक्षाको क्रम दिइन्छ। यसरी पूर्णाभिषेकको क्रम पूर्ण हुन्छ।[३२९] सो दीक्षाको साथमा एकजोर सुनको पादुका वा काठको खराउ समेत शिष्यले प्राप्त गर्दछ र त्यही पादुकाको पूजा गर्नुपर्दछ।

गुरुहरू धेरै भएपनि पूर्णाभिषेकदीक्षा दिने गुरुको नै पादुका पूजन गर्नुपर्दछ भनेर कुलार्णव तन्त्रले भनेको छ–

"पूर्णाभिषेककर्ता यो गुरुस्तस्यैव पादुका ।
पूजनीया महेशानि वहुत्वेऽपि न संशयः ॥"[३३०]

महानिर्वाणतन्त्रले पूर्णाभिषेकको एकरात्र, त्रिरात्र, पञ्चरात्र, सप्तरात्र र नवरात्र आदि भेदको उल्लेख गरेको छ।

तन्त्रसाधनामा योग

पातञ्जल दर्शनको अनुसार चित्तवृत्तिको निरोध नै योग हो– योगश्चित्तवृत्तिनिरोधः"। देवीभागवतले जीवात्मा र परमात्माको ऐक्यलाई योग मानेको छ– "ऐक्यं जीवात्मनोराहुर्योगं योगविशारदाः।"[३३१] गीतामा श्रीकृष्णले समत्वलाई योग भन्नु भएको छ– "समत्वं योग उच्यते"। त्यस्तै गीताकै वचन छ– "योगः कर्मसु कौसलम्।" व्यासभाष्यअनुसार

---

३२९ कुलार्णवरहस्य पृष्ठ १२३
३३० कुलार्णवतन्त्र १३।१२९
३३१ देवीभागवत-७।३५।८

असम्प्रज्ञात समाधि योग हो –"योग असम्प्रज्ञातसमाधिः । योगको सामान्य स्वरूप यस्तो छ–

"प्राणापानसमायोगो ज्ञेयं योगचतुष्टयम् ।"[332]

तन्त्रमा आम्नायगत चार योगको वर्णन पाइन्छ– मन्त्र, भक्ति, कर्म र ज्ञानयोग। पूर्वाम्नायमा मन्त्रयोग, दक्षिणाम्नायमा भक्तियोग, पश्चिमाम्नायमा कर्मयोग र उत्तराम्नायमा ज्ञानयोगले साधना गर्नुपर्दछ। उर्ध्वाम्नायमा चाहिँ यी सवैको समष्टिरूप राजयोगवाट उपासना हुन्छ।

मन्त्रयोग

'जपात् सिद्धिर्जपात् सिद्धिर्जपात् सिद्धिर्न संशयः' भन्ने उक्ति वमोजिम मन्त्र साधना वा जपमा नै लग्गू हुनुको नाम मन्त्रयोग हो।

भक्तियोग

'मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु' भन्ने उक्ति वमोजिम देवतामा भक्ति वढाई उहाँ नै आफ्नो सर्वस्व हो भन्ने भावनाले साधना गर्नु भक्तियोग हो।

कर्मयोग

'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन' भन्ने उक्ति वमोजिम वाह्य कर्म कुनै हालतमा नछुटाइ साधना गर्नु कर्मयोग हो। त्रिशिखव्राह्मणोपनिषद्को यसवारे यस्तो वचन छ–

"कर्म कर्त्तव्यमित्येव विहितेष्वेव कर्मसु ।
वन्धनं मनसो नित्यं कर्मयोगः स उच्चते ॥"[333]

---

३३२ योगशिखोपनिषद्
३३३ ईशाद्यष्टोत्तरशतोपनिषदः पृष्ठ २८३

ज्ञानयोग

'गुणा गुणेषु वर्तन्ते' यस उक्ति अनुसार कर्तृत्वको अभिमानले रहित भएर आत्मचिन्तनद्वारा ज्ञान बढाउँदै गरिने योग हो ।

त्रिशिखब्राह्मणोपनिषद्ले ज्ञानयोगको वारेमा भनेको छ–

"यत्तु चित्तस्य सततमर्थे श्रेयसि बन्धनम् ।
ज्ञानयोगः स विज्ञेयः सर्वसिद्धिकरः शिवः ॥"

अर्थात् कल्याणकारी अर्थमा चित्तको नित्य वन्धन नै ज्ञानयोग हो ।

योगशिखोपनिषद् अनुसार एकै महायोगका चार भूमिका हुन्छन्– मन्त्रयोग, हठयोग, लययोग र राजयोग । यथा–

"मन्त्रो लयो हठो राजयोगोऽन्तर्भूमिकाः क्रमात् ।
एक एव चतुर्धाऽयं महायोगोऽभिधीयते ॥"[३३४]

मन्त्रयोग

यो सृष्टि नामरूपात्मिका छ, अतः परमात्माको नाम एवं रूपको अवलम्वनद्वारा भववन्धनवाट छुट्कारा पाइन्छ भनी इष्टदेवको मूर्ति वा पीठमा विधिपूर्वक अर्चना गरी उहाँको मन्त्रजप र रूपको ध्यानमा तन्मय हुनु मन्त्रयोग हो–

"नामरूपात्मिका सृष्टिर्यस्मात्तदवलम्बनात् ।
बन्धनान्मुच्यमानोऽयं मुक्तिमाप्नोति साधकः ॥"

यो मन्त्रयोगका षोडश अङ्ग हुन्छन्– भक्ति, शुद्धि, आसन, पञ्चाङ्गसेवन, आचार, धारणा, दिव्यदेशसेवन, प्राणक्रिया, मुद्रा, तर्पण, हवन, वलि, याग, जप, ध्यान र समाधि । मन्त्रयोगको समाधिलाई महाभाव-समाधि भनिन्छ ।

---

३३४ ईशाद्यष्टोत्तरशतोपनिषद, पृष्ठ ३९८

हठयोग

षट्कर्मादि साधनद्वारा स्थूल शरीरको शोधन गरी चित्तवृत्ति निरोध गर्ने योग प्रक्रिया हठयोग हो। हठयोगका सात अङ्ग हुन्छन्– षट्कर्म (धौति, वस्ति, नेति, लौलिकी, त्राटक र कपालभाति), आसन, मुद्रा, प्रत्याहार, प्राणयाम, ध्यान र समाधि। यथा–

"षट्कर्मासनमुद्राः प्रत्याहारश्च प्राणसंयामः।
ध्यानसमाधी सप्तैवाङ्गानि स्युर्हठस्य योगस्य॥"[235]

हठयोगमा प्राणायाम नै आधारभूत हुन्छ–

"हठिनामधिकस्त्वेकः प्राणायामपरिश्रमः॥
प्राणायामे मनस्थैर्यं स तु कस्य न सम्मतः॥"[236]

हठयोगमा प्राणायामका चार अवस्था हुन्छन्– आरम्भावस्था, घटावस्था, परिचयावस्था र निष्पत्त्यवस्था।

'हठ' मा आएको 'ह' ले सूर्यनाडी र 'ठ' ले चन्द्रनाडीको बोध हुन्छ। मन्त्रयोगमा भावपूर्ण स्थूल ध्यानविधि भए झैं यसमा ज्योतिकल्पनारूप ज्योतिर्ध्यान हुन्छ। हठयोग समाधिलाई महाबोध-समाधि भन्दछन्।

लययोग

'प्रकृतिपुरुपात्मकं जगत्' भन्ने सिद्धान्त अनुसार पिण्ड र ब्रह्माण्डमा भेद छैन। पिण्डज्ञानद्वारा ब्रह्माण्डको ज्ञान हुन्छ। श्रीगुरुको उपदेशबाट शक्तिसहित पिण्डको ज्ञान गरी सकौसल प्रकृतिलाई पुरुषमा लय गर्ने प्रक्रिया लययोग हो। यस योगमा मूलाधारस्थित कुण्डलिनीलाई जगाई षट्चक्रभेदन गर्दै अकुलशिवसँग संयोजन गराइन्छ। लययोगलाई

---

२३५ साधनाङ्क पृष्ठ १३८

२३६ मन्त्रयोगसंहिता, योगतत्त्वाङ्क २७१

कुण्डलिनीयोग पनि भनिन्छ। श्रीशङ्कराचार्यले 'महीं मूलाधारे' इत्यादि श्लोकमा लययोगको वर्णन गर्नु भएको छ भन्ने विज्ञहरूको भनाइ छ।

लययोगको सम्वन्धमा शास्त्रवचन यस्तो छ–

[३३७]"लयक्रियासाधनेन सुप्ता सा कुलकुण्डली।
प्रवुद्ध्य तस्मिन् पुरुषे लीयते नात्र संशयः॥
शिवत्वमाप्नोति तया साहाय्यादस्य साधकः॥"

लययोगलाई नादयोग पनि भन्दछन्। यसमा सिद्धासनमा वसेर अनाहतनाद श्रवण गरिन्छ। नादविन्दूपनिषद्को यसवारे यस्तो उक्ति छ–

[३३८]"सिद्धासने स्थितो योगी मुद्रां संधाय वैष्णवीम्।
श्रृणुयाद् दक्षिणे कर्णे नादमन्तर्गतं मनः॥"

त्यस्तै हठयोगप्रदीपिकाको वचन छ–

"इन्द्रियाणां मनो नाथो मनोनाथस्तु मारुतः।
मारुतस्य लयो नाथः स लयो नादमाश्रितः॥"

यो लययोगका नौ अङ्गहरू हुन्छन्– यम, नियम, स्थूलक्रिया, सूक्ष्मक्रिया, प्रत्याहार, धारणा, ध्यान, लयक्रिया र समाधि। यस योगवाट महालयरूपी समाधि प्राप्त हुन्छ। लययोग गर्ने साधकलाई अन्तर्जगतमा अलौकिक ज्योतिको दर्शन हुन्छ र त्यसैमा परमात्माको ध्यान गरिन्छ। यो ध्यानलाई विन्दुध्यान भन्दछन्।

राजयोग

सवै योगसाधनामध्ये उत्तम भएकोले यस योगलाई राजयोग भनिएको हो–

"राजत्वात् सर्वयोगानां राजयोग इति स्मृतः।"[३३९]

---

३३७ कल्याणयोगतत्वाङ्क पृष्ठ २७१
३३८ ईशाद्यष्टोत्तरशतोपनिषद पृष्ठ २४३

योगशिखोपनिषद्ले यसको यस्तो परिभाषा गरेको छ–

"रजसो रेतसो योगाद् राजयोग इति स्मृतः ।"

मन, वुद्धि, चित्त र अहङ्काररूप अन्तःकरण नै सृष्टि, स्थिति र लयको कारण हो । अन्तः करण दृश्य र आत्मा द्रष्टा हो । अन्तःकरणरूपी कारणदृश्य र जगदद्रूपी कार्यदृश्यको कार्यकारणभाव सम्वन्ध छ । दृष्य र द्रष्टाको सम्वन्ध स्थापित भएपछि सृष्टि हुन्छ । चित्तवृत्तिको चाञ्चल्य नै यसको कारण हो । अतः अन्तःकरणको साधनाद्वारा वृत्तिजयपूर्वक निज-स्वरूपको प्रकाश गर्नु राजयोग हो । यस योगमा विचारवुद्धिको प्राधान्य रहन्छ । राजयोगको ध्यानलाई 'व्रह्मध्यान' भन्दछन् । राजयोगवाट निर्विकल्प समाधि प्राप्त हुन्छ । राजयोगवाट सिद्धिप्राप्त गर्ने लाई 'जीवन्मुक्त' भन्दछन् । अरु सवै योगको सिद्धिवाट यो राजयोगमा साधक प्रवृत्त हुन्छ र योगको चरम सीमा पनि यही हो ।

राजयोगका पनि सोह्र अङ्गहरू हुन्छन्– सप्तज्ञानभूमिका अनुसार सात अङ्ग, धारणाको प्रकृति र व्रह्म गरी दुई अङ्ग, ध्यानको विराट, ईश र व्रह्मध्यान गरी तीन अङ्ग, समाधिको दुई सविचार र दुई निर्विचार गरी चार अङ्ग । राजयोगको अभ्यास शास्त्रावलोकनवाट मात्र हुँदैन, गुरुको उपदेशवाट मात्र यो सम्भव छ । राजयोगसंहिताले भनेको पनि छ–

"समाधिसाधनं शास्त्राभ्यासतो न हि लभ्यते ।
गुरोर्विज्ञाततत्त्वात्तु प्राप्तुं शक्यमिति ध्रुवम् ॥"[३४०]

राजयोगका पनि तीन भेद हुन्छन्[३४१]– राजयोग, राजाधिराजयोग र महाराजाधिराजयोग । ती यस किसिमका हुन्छन्–

---

३३९ योगतत्त्वाङ्क, पृष्ठ २०८
३४० साधनाङ्क पृष्ठ १३५
३४१ मन्त्रविद्यारहस्य पृष्ठ ८२

Acc- 23706
2360

राजयोग

छाला, रगत, मासु, हाड, बोसो, मज्जा, नशा र शुक्रको समूहरूप स्थूलदेह हो । स्थूलदेहको मूलाधारादि चक्र र त्यसबाट हुने राजयोग हो ।

राजाधिराजयोग

मन, बुद्धि, चित्त र अहङ्कारको समूहरूप सूक्ष्म देह हो। सूक्ष्म देहको शाम्भव मूलाधारादि चक्र र त्यसबाट हुने राजाधिराजयोग हो ।

यस योगमा ब्रह्मरन्ध्रमा सेतो पराप्रासाद, मूलाधारमा रातो श्रीप्रासादको परस्पर सम्मेलनको धारणा अनि शाम्भवचिन्तन अन्तर्गत सहस्रारदेखि मूलाधारसम्मको चिन्तन हुन्छ। यसमा औंलाले नाक नथुनी प्रासादद्वारा प्राणायाम गरिन्छ, जसलाई 'गुप्त प्राणायाम' भन्दछन्। यस योगको अभ्यास पूर्णाभिषेकपछि मात्र हुन्छ ।

महाराजाधिराजयोग

कारणदेह केवल आत्मा हो। कारण देहबाट हुने महाराजाधिराजयोग हो। लघुसाम्राज्यमेधा एवं महासाम्राज्यमेधामा यस योगबाट उपासना हुन्छ। यसमा खास त्यस्तो केही नियम हुँदैन भन्ने बुझिन्छ ।

सर्वाधिकार र निर्वाणदीक्षा

प्रत्येक आम्नायमा त्यस आम्नायका क्रमहरूको समाप्ति पश्चात् सर्वाधिकार मन्त्र र निर्वाणदीक्षा ग्रहण गरिन्छ। सर्वाधिकार मन्त्र ग्रहण गरेपछि तत् तत् आम्नायका तत् तत् विद्याका समस्त मन्त्रहरूमा साधकको अधिकार हुन्छ र गुरुबाट प्राप्त नगरेको मन्त्रको पुरश्चरण गर्न र आफू आचार्य भै अरुलाई उपदेश दिन सकिन्छ। निवार्णदीक्षा छ वटै आम्नायहरूमा फरक फरक हुन्छ र यसको उद्देश्य निर्वाणोपासना गर्नु हो। यो दीक्षापछि अन्तर्यागको लागि शाम्भवको ग्रहण गरिन्छ ।

वडवानलतन्त्रोक्त पूर्णक्रम अवलम्वन गर्नेले महाषोडशी पश्चात् चतुष्पदा गायत्री र ब्रह्मको त्र्यक्षरी मन्त्र ग्रहणगरी छ वटै आम्नायको सर्वाधिकारदीक्षा ग्रहण गर्दछन् ।

पाशुपतदीक्षा

श्रीविद्याको क्रम पूर्ण गर्न पाशुपतदीक्षा पनि लिनुपर्दछ । यसका मुख्य तीन क्रम हुन्छन्– लघुपाशुपत, मध्यमपाशुपत र महापाशुपत । लघुपाशुपत सप्ताक्षरी हुन्छ, मध्यमपाशुपत एकादशाक्षरी हुन्छ र महापाशुपत चतुष्पदा गायत्री र मध्यमपाशुपतका वर्णहरू समेतको मिश्रित स्वरूप हुन्छ । यो पाशुपत विद्या पनि कादि र हादि मतमा केही भिन्न जस्तो अनुमान गरिन्छ । श्रीचक्रको उपासनामा सात प्रकारका पाशुपतको उल्लेख पाइन्छ ।

मातृका

तन्त्रशास्त्रमा सप्तमातृका, अष्टमातृका आदि मातृकाहरूको वर्णन पाइन्छ । तीमध्ये सप्तमातृका र अष्टमातृका यसप्रकार छन् -

सप्तमातृका– ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, माहेन्द्री, वाराही र चामुण्डा ।

अष्टमातृका– ब्रह्माणी[१], माहेश्वरी[२], कौमारी[३], वैष्णवी[४], वाराही[५], इन्द्राणी[६], चामुण्डा[७] र महालक्ष्मी[८] ।

भैरव

तन्त्रशास्त्रमा अष्टभैरव, चतुष्षष्टिभैरवहरूको उल्लेख पाइन्छ । तीमध्ये अष्टभैरवहरूको नाम यसप्रकार छन्-

अष्टभैरव– असिताङ्ग[१], रुरु[२], चण्ड[३], क्रोध[५], उन्मत्त[७], कपाली[४], भीषण[८] र संहारभैरव[६] ।

षोडश नित्या

श्रीविद्या र दक्षिणकालिका नित्याहरू यसप्रकार छन् ।

श्रीविद्याका–

कामेश्वरी, भगमालिनी, नित्यक्लिन्ना, भेरुण्डा, वाह्निवासिनी, महावज्रेश्वरी, शिवदूती, त्वरिता, कुलसुन्दरी, नित्या, नीलपताका, विजया, सर्वमङ्गला, ज्वालामालिनी, चित्रा, श्रीः (त्रिपुरासुन्दरी)

दक्षिणकालीका–

काली, कपालिनी, कुल्ला, कुरुकुल्ला, विरोधिनी, विप्रचित्ता, उग्रा, उग्रप्रभा, दीप्ता, नीला, घना, वलाका, मात्रा, मुद्रा, मिता, असिता ।

गुरुमण्डल र गुरुहरू

मनुष्यको मस्तिष्कलाई सहस्रारचक्रको रूपमा कल्पना गरिएको छ । सहस्रारचक्रमा मातृकावर्ण सहित गुरुपादुका चिह्न एवं आनन्दभैरव कूटाक्षर र खेचरी कूटाक्षर अङ्कित हुन्छन् । कर्णिकाको ठीक बीचमा परशिव वा गुरुको भावना हुन्छ । गुरुहरू मुख्यतः तीन समूहमा विभाजित छन्– दिव्यौघ, सिद्धौघ र मानवौघ ।

निगमागमवैज्ञानिकसारमा दश गुरुहरूको वर्णन पाइन्छ– गुरु, परमगुरु, परापरगुरु, परमेष्ठिगुरु, परमाचार्यगुरु, पूर्वसिद्धगुरु, आदिसिद्धगुरु, श्रीनाथादिगुरु, सिद्धिनाथादिगुरु, त्रिपुरानाथादिगुरु । गुरुचतुष्क भन्नाले– मैत्रेशनाथ, षष्ठीशनाथ, उड्डीशनाथ र चर्येशनाथ यी चार गुरु बुझिन्छ । जाग्रतदशाको बोध मैत्रेयनाथ, स्वप्नदशाको बोध षष्ठीशनाथ, सुषुप्तिदशाको बोध उड्डीशनाथ र तुरीयाअवस्थाको बोध चर्येशनाथ हुन् ।

भावनोपनिषद्ले गुरुलाई सर्वकारणभूता शक्ति मानेको छ र यो देहलाई नवरन्ध्ररूप मानेको छ– "श्री गुरुः सर्वकारणभूता शक्तिः । तेन

नवरन्ध्रमयो देहः ।"[३४२] तन्त्रराजको अनुसार विमर्शरूपा आद्या शक्तिनै गुरु हुन् र तिनको नवत्व देहको रन्ध्ररूपमा भासित हुन्छ–

गुरुराद्या भवेच्छक्तिः सा विमर्शमयी मता ।
नवत्वं तस्य देहस्य रन्ध्रत्वेन विभासते ॥"[३४३]

शरीरगत नौ रन्ध्रहरू नै नवनाथगुरु हुन् । कर्णद्वय र वाक् यी तीन दिव्यौघ, चक्षुद्वय र उपस्थेन्द्रिय यी तीन सिद्धौघ, नासिकाद्वय र पायु यी तीनै मानवौघ हुन् ।

यी गुरुहरूको नाम आम्नाय, विद्या एवं परम्परा अनुसार फरक हुने देखिन्छ ।

दक्षिणामूर्ति गुरु

यिनलाई सवैको गुरु मानिएको छ। योग्य गुरुको अभावमा तान्त्रिक मन्त्रको ग्रहण दक्षिणामूर्ति गुरुवाट हुन सक्ने विधान मेरुतन्त्र आदिले वताएको छ। यसमा शुक्लपक्षको त्रयोदशीमा चन्द्र र तारावल जुराई शुभ दिन शुभमुहूर्तमा दक्षिणामूर्तिको नगिच कलश स्थापन गरेर तालपत्रमा मन्त्र लेखी त्यसलाई कलशमाथि राखेर दक्षिणामूर्ति गुरु र मन्त्रदेवको पूजन गरी मन्त्रको स्पष्ट उच्चारण गरेर ग्रहण गर्नुपर्दछ र १०८ पटक मन्त्र जप गर्नुपर्दछ ।

षडन्वयशाम्भव

मन, वुद्धि, चित्त र अहङ्कारलाई आ-आफ्नो कर्ममा प्रवृत्त गराउने तत्त्वस्फुरणलाई चक्ररूप कल्पना गरिएको छ। यिनै चारलाई चतुरन्वयशाम्भव भन्दछन्। चैतन्य र कुलकुण्डलिनीको तत्त्वस्फुरण

---

३४२ ईशाद्यष्टोत्तरशतोपनिषदः पृष्ठ ४७६
३४३ तान्त्रिकवाङ्मयमें शाक्तदृष्टि पृष्ठ २०६

समेतलाई चक्र मानेर जम्मा छ चक्रको कल्पना गर्दा षडन्वयशाम्भव वन्दछन्। अन्तर्यागको निमित्त शाम्भवको ग्रहण गरिन्छ।

कालीकल्प र श्रीकल्प

कालीतन्त्रोक्त नीलक्रम अर्थात् श्मशानादिमा वसी खरानी घसी दन्तमाला आदिद्वारा मन्त्रको पुरश्चरण गर्नु एवं सिन्दूरको तिलक लगाई हातमा खड्ग लिएर आसव पान गरी रात्रिविचरण गर्नु तथा पञ्चमकारको प्रत्यक्ष प्रयोग गरी कालीको साधना गर्ने कल्प कालीकल्प हो। यसमा मैथुनादिको प्रधान्य हुन्छ र यो शङ्करले अवलम्वन गर्नु भएको मार्ग हो।

गन्धर्वक्रमको अवलम्वन गरी अर्थात् भ्रूमध्यमा कुंकुम, त्यसको वीचमा श्रीखण्ड, निधारमा अष्टगन्धको त्रिपुण्ड, त्यसको माझमा कस्तूरीको टीका लगाई अनेक प्रकारका सुगन्धित वस्तु र वस्त्राभूपणले सुसज्जित भएर परिकार खानु एवं मूगा, मोती, फटिकका मालाले जप गरी सुन्दरीको पूजन गर्नु श्रीकल्प हो। यो सौम्यकल्प नारायणले अवलम्वन गर्नु भएको हो। यसमा न्यासादिको प्राधान्य हुन्छ। तन्त्रले भनेको पनि छ–

"न्यासप्रिया तु श्रीविद्या कालिका मैथुनप्रिया।"

तन्त्रोक्त चतुर्थआश्रम ग्रहण गर्ने कालीकल्पका साधकहरूलाई कौलावधूत र श्रीकल्पका साधकहरूलाई दिव्यावधूत भन्दछन्। गोपीनाथ कविराजले 'तान्त्रिक वाङ्मयमें शाक्तदृष्टि'मा उल्लेख गरे अनुसार तान्त्रिक योग-साधनामा परिभापित महाविन्दुको पूर्णावस्था वा रिक्तावस्था दुवै नित्य सिद्ध छ। जुन रिक्त दिशा हो त्यो अमावास्या हो र जुन पूर्ण दिशा हो त्यो पूर्णिमा हो। महाशक्तिको प्राधान्यलाई अङ्गीकार गरेर उनको अमावास्यातिरको स्फूर्तिलाई 'काली'रूपले एवं पूर्णिमातिरको स्फूर्तिलाई पोडशी वा महात्रिपुरसुन्दरीको रूपले साधकसमाजले अङ्गीकार गरेको छ।

यो नै 'कालीकुल' र 'श्रीकुल'को गुप्त रहस्य हो। मध्यपथमा तारिणी वा तारा विद्या रहन्छिन्।

पञ्चसमयाविद्या

समयको समष्टिरूप महासमय हो। महासमयको सगुणरूप महानिर्वाण भैरव हुन्। यी महासमयरूप महानिर्वाणभैरवको शक्ति नै पञ्चसमया हुन्। पञ्चसमया भन्नाले वगला, कालरात्री, जयदुर्गा, छिन्नमस्ता र श्रीविद्या यी पाँच समया विद्या सम्झनु पर्दछ।

मूलाधारचक्र आधाररूप स्तम्भन गर्ने भएकोले त्यहाँ रहेको स्वयम्भू लिङ्गको सत्ता वगला समया हुन्। हृदयमा रहेको रक्त सञ्चार गराउने वाणलिङ्गको सत्ता कालरात्री समया हुन्। आज्ञाचक्रमा रहेको विद्युत्कोषात्मक इतरलिङ्गको सत्ता जयदुर्गा समया हुन्। कुलकुण्डलिनीले नाडीत्रयद्वारा प्राणलाई कायम राख्ने हुनाले त्यसको सत्ता छिन्नमस्ता समया हुन्। सर्वासाक्षी चैतन्यको सत्ता श्रीविद्या समया हुन्। यसरी कारण देह र स्थूलदेहको सम्पर्क गर्ने तीन स्थान मूलाधारमा स्वयम्भूलिङ्गरूप, हृदयमा वार्णलिङ्गरूप र आज्ञाचक्रमा इतरलिङ्गरूप एवं कुलकुण्डलिनी र चैतन्य समेत गरी पाँच स्वरूप जो खडा भए तिनै पाँचको सारभूत तत्त्वरूप सत्ता यी पञ्चसमया हुन्।

उत्तम योगीहरू अर्थात् समयीहरूले भने सहस्रदल कमलमा नै समया र समयको पूजन गर्दछन्। तिनीहरूको षट्चक्र पूजा नियत छैन। पंचविंशति तत्त्वातीत षड्विंशात्मक शिवशक्तिमेलनरूप सादाख्य तत्त्वनै सहस्रदलकमलान्तर्गत विन्दु वा वैन्दवस्थान हो त्यहीं पूजा हुन्छ। समय नै शिव हुन्।

समय र समयाको वारे लक्ष्मीधरले यसो भनेका छन् –"भगवतीको शिवसँग पञ्चविधसाम्य छ, शिवको पनि भगवतीसँग पञ्चविध साम्य

हुन्छ। शिवसँग पञ्चविध साम्य प्राप्त गर्ने भएकीले 'समया', भगवतीसँग पञ्चविध साम्य प्राप्त गर्ने भएकाले 'समय' भनिएको हो। यहाँ दुवैको सम प्राधान्यले नै साम्य हुन्छ। अतः समयपूजक नै समयी हुन्।"

शिव र शिवाको पञ्चविध साम्य भन्नाले 'अधिष्ठान–अवस्थान–अनुष्ठान–रूप र नाम' यी पाँच साम्य हुन्। पञ्चविध साम्य यसरी हुन्छ–

१. आधारचक्र अधिष्ठानरूप भएकोले दुवैको अधिष्ठान साम्य छ।
२. उत्पादन क्रियामा दुवैको संलग्नता भएकोले अनुष्ठान साम्य छ।
३. लास्य र ताण्डव दुवै नृत्य भएकाले एकत्व छ, अतः अवस्थान साम्य छ।
४. दुवैको अरुणवर्ण छ (जपाकुसुम संकाशौ) अतः रूपसाम्य छ।
५. दुवै नवात्मा भएकाले नाम साम्य छ। अथवा दुवैको समया यो नाम साम्य छ।

भैरवीतन्त्रअनुसार समयलाई प्रकाशन गर्ने समया हुन्–

"समया सा तु विज्ञेया समयस्य प्रकाशिनी"।

नवात्मा

तन्त्रग्रन्थहरूमा नवात्मा, नवात्मेश्वर, नवात्मेश्वरी, नवात्मसंप्रदाय, नवात्ममत इत्यादिको वहुधा उल्लेख पाइन्छ। यी मध्ये नवात्ममत वा नवात्मसम्प्रदाय कादिक्रमको एक मत हो। नवात्मेश्वर र नवात्मेश्वरी चाहिँ स्थूलदेह र सूक्ष्मदेहको षट्चक्र चिन्तनको समन्वय रूप शाम्भव षट्चक्र चिन्तनको क्रममा मूलाधार चक्रमा भावना हुने नवात्मेश्वर कूट र नवात्मेश्वरी कूटको युगलमूर्ति हो। मूलाधारमा कुलकुण्डलिनी रहने भएकीले नवात्मेश्वरी भन्नाले कुब्जिका र नवात्मेश्वर भन्नाले कुब्जिकेश्वर समेतको वोध हुने देखिन्छ। कुब्जिकेश्वरलाई नवात्मा व्रह्मस्वरूप मानिएको छ। कुब्जिका विद्यामा नवात्मा गुरुमण्डलको उल्लेख पाइन्छ। यो विद्यामा 'नवात्मा' लाई गुरुरूप मानिएको छ। नवात्मा भन्नाले नौ वटा

आत्मा बुझिन्छ। ती नौ आत्माहरू यसप्रकार छन्– १. जीवात्मा २. परमात्मा ३. अन्तरात्मा ४. बोधात्मा ५. ज्ञानात्मा ६. चिदात्मा ७. नादात्मा ८. बिन्द्वात्मा ९. शुद्धात्मा।

सौन्दर्यलहरी (आनन्दलहरी) मा श्रीशङ्कराचार्यले दुई स्थानमा 'नवात्मा' को उल्लेख गर्नु भएको छ–

"शरीरं त्वं शम्भोश्शशिमिहिरवक्षोरुहयुगं
तवात्मानं मन्ये भगवति नवात्मानमनघम्।"-(श्लोक ३४)

"तवाधारे मूले सह समयया लास्यपरया
नवात्मानं मन्ये नवरसमहाताण्डवनटम्।" –(श्लोक ४१)

उपर्युक्त श्लोकहरूको व्याख्या गर्ने क्रममा लक्ष्मीधर आदिले 'नवात्मा' को अर्थ 'आनन्दभैरव' भन्ने उल्लेख गरेका छन्। नवव्यूहात्मक भएकोले आनन्दभैरवको संज्ञा 'नवात्मा' रहन गएको हो भन्ने लक्ष्मीधरको भनाई छ– "अत्रेदमनुसन्धेयम्। महाभैरवस्य नवात्मेति संज्ञा, नवव्यूहात्मकत्वात्। नवात्मानं आनन्दभैरवम्।"[३४४]

नवव्यूहहरू यसप्रकार छन्–

"कालव्यूह कुलव्यूहो नामव्यूहस्तथैव च।
ज्ञानव्यूहस्तथा चित्तव्यूहस्यात्तदनन्तरम्॥
नादव्यूहस्तथा बिन्दुव्यूहस्यात्तदनन्तरम्।
कलाव्यूहस्तथा जीवव्यूहस्स्यादिति ते नव॥"

कालव्यूह–निमेषादि कल्पान्तावच्छिन्न कालसमुदाय।
कुलव्यूह – नीलादि रूपव्यूह।
नामव्यूह– संज्ञास्कन्ध।
ज्ञानव्यूह– विज्ञानस्कन्ध।

---

३४४ सौन्दर्यलहरी पृष्ठ ३०४

[भोगव्यूह (भागव्यूह)–सभाग (सविकल्प)+विभाग (निर्विकल्प) समुदाय ।]

चित्तव्यूह–अहङ्कारपञ्चकस्कन्ध (अहङ्कारचित्तबुद्धिमहन्मनांसि) ।

नादव्यूह–रागेच्छाकृतिप्रयत्नस्कन्ध = परापश्यन्तीमध्यमावैखरीरूप ।

विन्दुव्यूह–षट्चक्रसंघ ।

कलाव्यूह– वर्णात्मिका पचास कलाहरूको संघ ।

जीवव्यूह–भोक्तृस्कन्ध ।

लक्ष्मीधर अगाडि भन्दछन्– कौलाः परमेश्वरं नवात्मेति व्यवहरन्ति । यथाहुः कौलाः –

"नवव्यूहात्मको देवः परानन्दपरात्मकः ।
नवात्मा भैरवो देवो भुक्तिमुक्तिप्रदायकः ॥
परानन्दपराशक्तिः चिद्रूपाऽऽनन्दभैरवी ।
तयोर्यदा सामरस्यं जगदुत्पद्यते तदा ॥"[३४५]

गोपालसुन्दरी र आनन्दलहरीटीकाले चाहिँ कलाव्यूहको स्थानमा आत्मव्यूहको उल्लेख गरेका छन् र आत्मा अन्तरात्मा परमात्मा र ज्ञानात्मा यी चार आत्माको समूहलाई आत्मव्यूह मानेका छन्। त्यसै गरी विन्दुव्यूहको अर्थ 'अनुस्वाररूपैकबिन्दुर्वाग्रूपबिन्दुद्वयात्मकः' र 'बिन्दुविसर्गरूपः' यस्तो गरेका छन् ।

अरुणामोदिनी अनुसार शिवको पृथिवी-जल-तेज-वायु-आकाश-सूर्य- चन्द्र-यजमानरूप अष्टमूर्तिको कल्पना र मूलरूपको ऐक्यले नवात्मकत्व हुन्छ। डिण्डिमभाष्य अनुसार नवकूटाक्षररूप नवात्मिका महाविद्या भएकीले नवात्मा भनिएको हो ।

त्यसै गरी श्रीचक्रको वामा, ज्येष्ठा, रौद्री, अम्बिका, इच्छा, ज्ञान, क्रिया, शान्ता र पराररूप शिवशक्त्यात्मक नौ त्रिकोणरूप नवव्यूहात्मिका शक्तिहरूद्वारा नवात्मत्व सिद्ध हुन्छ ।

---

३४५ सौन्दर्यलहरी पृष्ठ ३०६

त्यस्तै नवानादमयी नववर्गात्मा भएकीले पनि नवात्मा भनिएको हो– "नवनादमयी स्थूला नववर्गात्मा तु भूतलिप्याख्या ।' नवनाद भन्नाले 'अ-क-च-ट-प-य-श-क्षाः' यी नववर्ग बुझिन्छन् । श्रृङ्गारादि नवरसात्मक भएकोले पनि 'नवात्मा' भनिएको हो भन्ने पाइन्छ ।

विष्णुको अर्चना गर्दा पनि उनलाई नवव्यूहात्मक मानेर अष्टदलमा प्रद्युम्न आदिको एवं केसरमा (मध्यमा) वासुदेवरूपले पूजा हुने बुझिन्छ ।

उपर्युक्त 'नवात्मा' को मूल आधार चाहिँ देहगत नवरन्ध्र हुनसक्दछ । किनभने शतपथ ब्राह्मणमा 'नवप्राणाः' भनेर नौ प्रकारका प्राणहरूको उल्लेख पाइन्छ । शास्त्रान्तरमा "नवच्छिद्ररूपाः प्राणास्तैरस्तुवत् ।" भनेर नौ छिद्रहरूलाई नै नौ प्राण मानिएको छ । ताण्ड्य महाब्राह्मणमा पनि नव प्राणहरूको उल्लेख पाइन्छ– "मुख्यः प्राणोऽपि शीर्षण्यैः सप्तप्राणैः अर्वाग्वर्त्तिभ्यां प्राणद्वयाभ्यां सह नव प्राणात्मकः ।"[३४६] उक्त ग्रन्थकै "नव वै प्राणाः प्रजापतिः"[३४७] को सायणव्याख्या यस्तो छ– "नवछिद्रवर्त्तित्वान्नवसंख्याकाः प्राणाः ।"

अलेखनी वा अलेखिनी

अलेखनी वा अलेखिनीको अर्थ लेख्न नहुने नलेखिने वा लेख्न नसकिने हो । अर्थात् त्यस्तो मन्त्र जुन पद्धतिहरूमा लेख्न हुँदैन, लेखिँदैन, लेख्न पनि सकिँदैन केवल कर्णपरम्पराबाट मात्र प्राप्त गर्न सकिन्छ । मन्त्रसाधनामा साधकको योग्यता अनुरूप विभिन्न तहको भूमिका निर्वाह गराउने पद्धतिहरू हुन्छन् । सृष्टि-स्थिति-लय-अनाख्या र भासा मन्त्रसाधनाका भूमिका हुन् । यसमा उच्च तहमा पुगेपछि अक्षर, बीज,

---

३४६ ताण्ड्यमहाब्राह्मण (६।२।२)
३४७ ऐ.ऐ. (२०।४।२)

कूटमा नलेखेर केवल कर्णपरम्परावाट प्राप्त हुने मन्त्रविद्यालाई अलेखिनी भन्दछन् ।

सामान्यतः पञ्चदशीभन्दा माथिका सवै मन्त्रहरू पद्धतिहरूमा नलेखिने भएकाले ती पनि एक किसिमले अलेखिनीनै हुन् भन्ने मान्यता छ तथापि तन्त्रशास्त्रमा 'अलेखिनी विद्या' भन्नाले तन्त्रसाधनाको पराकाष्ठामा प्राप्त हुने विशिष्ट विद्या वा मन्त्र भन्ने बुझिन्छ। अलेखिनी विद्याको सन्दर्भमा रथी धनशम्शेर ज.व.रा. ले भिन्न भिन्न पुस्तकहरूमा आफ्नो मन्तव्य यसरी प्रकट गर्नु भएको छ–

१. "निर्वाणभैरवको मन्त्र षोडशाक्षरात्मक हुन्छ। निर्वाणमहात्रिपुरसुन्दरीको मन्त्र वीजत्रयपुटित दशकूटात्मक षोडशाक्षरान्वित हुन्छ। यिनको मन्त्रलाई लघुसाम्राज्यमेधादीक्षा भन्दछन्। यी दुई (शिवशक्तिसमष्टिमन्त्र) अलेखिनी विद्या नै यथार्थ लघुसाम्राज्यमेधा हो।"[३४८]

२. "तुरीया नित्यालाई लघुसाम्राज्यमेधा भन्दछन्। यिनको मन्त्र 'अलेखिनी विद्या' हो। यो सातवटा दिव्य कूटात्मिका हुन्छ।"[३४९]

३. "तुरीयातीता महाविद्यालाई महासाम्राज्यमेधा भन्दछन्। सो पनि 'अलेखिनी' नै हुन्छ। तर सो कस्तो हुन्छ र के हुन्छ भन्ने वारेमा मेरो अधिकारदेखि वाहिर पर्ने भएकोले मैले जानेको छैन।"

४. "नादसूत्र र विन्दुसूत्रको सारांश नै साम्राज्यमेधादीक्षाकी 'अलेखिनी विद्या' का सात कूट हुन्। यी कूटाक्षरको आकार अहिलेसम्म नवनेवाट यी अलेखिनी विद्या लेख्न नहुने स्पष्ट उच्चारण पनि हुन नसक्ने मनन मात्रै हुन सक्ने विद्या भइन्।"[३५०]

उपर्युक्त नादसूत्र र विन्दुसूत्र यसप्रकार छन–

---

३४८ श्री तान्त्रिकोपासना दर्पण-२११३

३४९ मन्त्रविद्यारहस्य पृष्ठ १०७ तथा क्रमदीक्षारहस्य

३५० तान्त्रिकविज्ञानदर्पण पृष्ठ ४४

नादसूत्र – सङ्गीतशास्त्रका सातस्वरको समूह अर्थात् 'ष ऋ ग म प ध नि' ।

विन्दुसूत्र – सूर्यका सात किरण वोधक सात अक्षरको समूह अर्थात् 'इ नी ख ह पी स्व राः '

नादसूत्र र विन्दुसूत्रको मेलनवाट मिश्रविन्दुसूत्र वन्दछ–

"ॐकार तत्त्वभूतस्यानेकरूपस्य धीमहि ।

सृष्टिस्थित्यन्तादिकस्य तन्नः कहं प्रचोदयात् ॥"

पं. कृष्णप्रसाद भट्टराइले 'श्रीचक्रको उपासना' मा "श्रीकल्पको 'अलेखिनी' र कालीकल्पको 'अलेखिनी' एकै हुन्छ । आचार्यहरूले केवल वुझाउनका लागि एउटालाई अनुलोम र अर्कोलाई विलोम मानेर पृथक् उल्लेख गरेका हुन् । अर्थात् श्रीक्रमको 'अलेखिनी' लाई विलोम गरेर कालीक्रममा चिन्तन गरिन्छ" भन्नु भएको छ ।

तन्त्रमार्गमा केही विचार

तन्त्रपथमा प्रवृत्त हुन खोज्नेले सर्वप्रथम आफ्नो परम्परा वुझ्नु आवश्यक छ । परम्परा दुई किसिमका हुन्छन्–पितृपरम्परा र गुरुपरम्परा । शुष्कपाशवकल्पका साधकहरूका लागि पितृपरम्परा र आर्द्रसाधकहरूका लागि गुरुपरम्परा उपयुक्त हुने देखिन्छ । परम्परादेखि चलिआएको धर्म नै कुलको धर्म हो र यसैलाई सनातन धर्म भनिन्छ–'कुलधर्मः सनातनः ।'

सनातन धर्मानुयायीहरूका लागि मान्यजनहरूले अङ्गीकार गरेको मार्ग नै श्रेयस्कर हुन्छ– 'महाजनो येन गतः स पन्थाः । '

आ-आफ्नो कुलपरम्परा अनुसार अग्रसर हुनेको पतन हुँदैन, वावु, वाजेले अवलम्वन गरेको मार्गवाटै हिंड्नु पर्दछ भन्ने शास्त्रवचन छ–

"येनास्य पितरो याता येन याताः पितामहाः ।

तेन यायात् सतां मार्गं तेन गच्छन्न दूष्यति ।"

शास्त्रका प्रशंसापरक वचनले लोभिएर सामर्थ्य र अधिकारको विचार विनाको कर्म लाभदायी हुँदैन । त्यस्तै महापुरुषहरूले गरेको आचार र विधान देखेर मात्र चल्नु पनि हुँदैन । सर्वसाधारणको लागि महापुरुषहरूका सबै व्यवहार अनुकरणीय हुन सक्दैन, अन्यथा निष्ठीवनादिको पनि अनुकरण गर्नुपर्ने हुन्छ भनेर मधुसूदन सरस्वतीले भन्नु भएको छ– "शिष्टचैर्धर्मबुद्धयानुष्ठीयमानस्यालौकिकव्यवहारस्यैव तदाचारत्वात्, अन्यथा निष्ठीवनादेरप्यनुष्ठानप्रसङ्गात् ।"

वस्तुतः श्रुति स्मृति र सदाचारले पुष्ट गरेको कर्म वा मार्ग नै यथार्थ कर्म वा मार्ग हो । आचारको बारेमा श्रुतिको आदेश छ–"यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि, नो इतराणि" ।

शास्त्रहरूले आचारलाई नै धर्म मानेका छन्–"आचारः परमो धर्मः ।" अरुहरूको धर्मभन्दा स्वधर्म नै श्रेष्ठ छ परधर्म भयावह हुन्छ भनेर भगवान् श्रीकृष्णले भन्नु भएको छ-

"श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥"

कर्तव्याकर्तव्यको सम्वन्धमा गीताले शास्त्र नै प्रमाण हो भन्दछ–

"तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥"

शास्त्रविधि उल्लंघन गरेर स्वेच्छाचार गर्नेले इहलोक र परलोक दुवै गुमाउँदछ भनेर तन्त्रले भनेको छ–

"यः शास्त्रविधिमुत्सृज्य वर्तते कामचारतः ।
न सिद्धिमिह प्राप्नोति परत्र च परां गतिम् ॥"[३५१]

---

३५१ तन्त्रचिन्तामणि १८।२३

Acc 236088
23606

उचितानुचित विवेकमा अन्तःकरणको प्रवृत्ति नै प्रमाण हो भनेर कालिदासले भनेका छन्–

"सतां हि सन्देहपदेषु वस्तुषु प्रमाणमन्तःकरणप्रवृत्तयः ।"

यसर्थ श्रुति स्मृति सदाचार एवं अन्तरात्माको आवाज विपरीत नहुने गरी कर्म गर्नुपर्दछ र आ-आफ्नो परम्पराअनुरूप नै चल्नुपर्दछ। परम्पराअनुसार अगाडि वढ्दै त्यो भन्दा वढी प्राप्त गर्न त कुनै शास्त्रले छेकेको छैन, छेक्न सक्दैन ।

महापुरुष र समर्थहरू कर्ममा लिप्त नहुने हुनाले उनीहरूको सबै कर्म वा आचार विधिसम्मत नै हुन्छ – "वह्नेः सर्वभुजो यथा ।"

त्यस्तै "त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।" भन्ने कृष्णको वचन अनुरूप त्रिगुणातीत पथमा विचरण गर्नेलाई शास्त्रका विधि निषेधले छुन सक्दैन–"निष्त्रैगुण्ये पथि विचरतां को विधिः को निषेधः ।"

एकै निराकार निर्विकल्प निर्गुण परब्रह्म सर्वत्र व्याप्त हुनुहुन्छ। मानिसहरूले आ-आफ्ना रुचिले वहाँको भिन्न भिन्न रूपको कल्पना गर्दछन् र नाना पथमा प्रवृत्त हुन्छन् । शास्त्रले भनेको पनि छ–

"चिन्मयस्याप्रमेयस्य निर्गुणस्याशरीरिणः ।
साधकानां हितार्थाय ब्रह्मणो रूपकल्पना ॥"[३५२]

वैदिक, तान्त्रिक, वैष्णव वा पाशुपत आदि जुनसुकै मार्गवाट उपासना गरेपनि उहाँकै उपासना हो । उपासना वा आचारमा देखिएको भेद केवल रुचिवैचित्र्यले मात्र गराएको भेद हो । शिवमहिम्न स्तोत्रमा पुष्पदन्तले भनेका पनि छन्–

"त्रयी सांख्यं योगः पशुपतिमतं वैष्णवमिति
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति ह ।
रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषां
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥"

---

३५२ कुलार्णवतन्त्र पृष्ठ ८०

कुनै पनि मन्त्र, आचार, मार्ग वा कृत्यका वारेमा शंका भएमा र योग्य गुरुको अभावले निर्णय हुन नसकेमा ईश्वरलाई गुरु मानी सोध्न सकिन्छ–

"कार्पण्यदोषोपहतस्वभावः पृच्छामि त्वां धर्मसंमूढचेताः ।
यच्छ्रेयस्यान्निश्चितं ब्रूहि तन्मे शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥"

आफ्नो परम्परागत मन्त्र नभएका, थाहा हुन नसकेका जिज्ञासुहरूले आफ्नो चित्तवृत्ति अनुकूल देवताको मन्त्र ग्रहण गर्न सक्दछन । चित्तवृत्तिको निरूपण ग्रहनक्षत्रवाट गर्न सकिन्छ । शास्त्रले मानिसहरूको प्रकृति पाँच प्रकारको हुन्छ भनेको छ–

"मानवानं प्रकृतयः पञ्चधा परिकीर्तिताः ।"

ती पाँच प्रकृतिका अधिष्ठाता पञ्चदेव हुन् । त्यसैले पञ्चभूतात्मक पञ्चदेवको उपासना आ-आफ्नो प्रकृति अनुसार गर्नुपर्दछ । यसवारे मन्त्रयोगसंहिताले यस्तो भन्दछ–

"यतो निरूप्यते सर्गः पञ्चभूतात्मको बुधैः ।
भिन्ना यद्यपि भूतानां प्रकृतिः प्रकृतेर्वशात् ॥
तथापि पञ्चतत्त्वानामनुसारेण तत्त्ववित् ।
प्रमेयतत्त्वप्राचूर्यं विमृश्य विधिपूर्वकम् ॥
उपासनाधिकारस्य पञ्चभेदमवर्णयत् ॥"[३५३]

अव कुन कुन देवता कुन कुन महाभूतका अधिपति हुन् भन्ने वारे यस्तो वचन छ–

"आकाशस्याधिपो विष्णुरग्नेश्चैव महेश्वरी ।
वायोः सूर्यः क्षितेरीशो जीवनस्य गणाधिपः ॥"

---

३५३ कल्याण उपासना अक पृष्ठ ५२२

वस्तुतः तन्त्रमार्ग ज्यादै गुप्त र रहस्यपूण भएकोले यो यसो नै हो र यसै गर्नुपर्दछ भनेर भन्न सकिने अवस्था छैन। तन्त्रमार्गमा देखिएका रहस्यपूर्ण र गुप्त आचारहरू अत्यन्तै महत्त्वपूर्ण छन् र तिनको अतुलनीय प्रभाव शास्त्रहरूले वर्णन गरेका छन्। सत्य गुप्त हुन्छ र धर्मको याथातथ्य महापुरुषहरूलाई मात्र थाहा हुन्छ– "धर्मस्य तत्त्वं निहितं गुहायाम्"। तथापि महाकालसंहिताको वचन छ–

"वेदाविरुद्धं कुर्वन्ति यद् यदागमचोदितम्।
आगमादेशितमपि जहति श्रुत्यदेशितम्॥

नीरक्षीरविवेकी हंसले केवल क्षीरपान गरे झैँ विवेकीले शुभाशुभमध्ये केवल शुभको ग्रहण गर्नुपर्दछ–

"मिश्रिताभ्यां पयोऽम्वुभ्यां क्षीरं हंसो यथा पिबेत्।
शुभाशुभाभ्यां हि तथा शुभमेव श्रयेत् सुधीः॥

अन्त्यमा महाकालसंहिताको यो वचनसँगै निगमागमसम्वन्धी सम्पूर्ण चर्चाको अवसान हुन्छ–

"वर्त्मद्वयं भगवता दर्शितं करुणावशात्।
यस्येच्छा वर्तते यत्र स तत्र रमतां सुखम्॥"

नेपालमा तन्त्र

नेपाल प्राचीनकालदेखि नै देवताहरूको पूण्यभूमि, ऋषिमुनि साधक र योगीहरूको तपोभूमिको रूपमा प्रसिद्ध छ। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, उत्तर हिमालयदेखि दक्षिण तराईसम्मका प्रत्येक भूभाग कुनै न कुनै पौराणिक आख्यानसँग सम्वन्धित छन् एवं प्रत्येक स्थान सिद्धक्षेत्र, तीर्थ, देवस्थल वा पीठका रूपमा प्रसिद्ध छन्।

दक्षयज्ञमा प्राणत्याग गरेकी सतीदेवीको गुह्यपतनवाट[३५४] भगवती

३५४ यसवारे पुराण र तन्त्रहरुमा छुट्टै कथा पाइन्छ – हे. ऋतम्भरा, वर्ष २ अंक २ पृष्ठ ४

गुह्येश्वरीको उत्पत्ति एवं ज्योतिर्लिङ्गको रूपमा भगवान् पशुपतिनाथको आविर्भावका पौराणिक आख्यानहरूले नेपाललाई प्राचीन र पवित्रतम सिद्धपीठको रूपमा वर्णन गरेका छन् । तन्त्रहरूमा नेपाललाई चतुषष्टि एवं एकपञ्चाशत् शाक्तपीठ मध्येको प्रमुख पीठको रूपमा गणना गरिएको छ र मातृकाक्षर मध्ये 'इ' कारको रूपमा दाहिने आँखा मानिएको छ। तन्त्रशास्त्रहरूले गौडसम्प्रदाय प्रचलन भएका देशहरूमध्ये नेपालको प्रमुखरूपमा उल्लेख गरी नेपालमा तान्त्रिक उपासनाको प्राचीन परम्परालाई सूचित गरेका छन् ।

देवीभागवतले नेपाललाई गुह्यकालीको महास्थान मानेको छ–
"गुह्यकाल्या महास्थानं नेपाले यत् प्रतिष्ठितम् ।"

कुलालिकाम्नायतन्त्रले गुह्येश्वरी र पशुपतिको वारेमा भन्दछ–
"गुह्येश्वरीं महाभागां नित्यं पशुपतिप्रियाम् ।
नेपालस्थां सदा नौमि भवघोरान्धहारिणीम् ॥"

नेपालको धार्मिक उपासना र परम्पराहरूको सन्दर्भमा कुन कुन परम्परा र मतहरूको कहिले र कसरी प्रवेश भयो भन्ने ऐतिहासिक याथातथ्यको गवेषणा अझै हुन बाँकी नै छ। इतिहासमा वर्णित मोटामोटी कुराहरू र किम्वदन्तिका आधारमा नै धेरै कुराहरूको अनुमान गर्नुपर्ने अवस्था छ ।

किरातकालीन किरातेश्वर, मृगेश्वर र विरूपाक्ष, लिच्छविकालीन पशुपति, चाँगुनारायण, बुढानीलकण्ठ, त्रिविक्रम, मल्लकालीन तुलजा, तलेजु, दक्षिणकाली, कुमारी एवं शाहकालीन गोरखनाथ र गोरखकालीका प्रसङ्गले कालखण्डविशेषमा देवताविशेषको उपासनाको प्राधान्य देखिए तापनि सनातन धर्मको पञ्चदेवोपासना नै नेपालको हिन्दूधर्मको परम्परा

देखिन्छ र शुरुदेखि नै नेपालले वैदिक तान्त्रिक दुवै उपासनाको समन्वयात्मक धारालाई मूलरूपमा आत्मसात गरेको पाइन्छ ।

नेपालको विशेषता भन्नु नै धार्मिक सहिष्णुता हो र यो धार्मिक सहिष्णुताको आधारशिला मूलतः तान्त्रिक परम्परा रहेको छ । तन्त्रले हिन्दू र वौद्ध धर्मलाई समन्वय गर्दै एकै देवता वा पीठलाई आ-आफ्नो उपास्यका रूपमा भिन्न भिन्न मार्ग वा मतबाट उपासना गरिने अपूर्व व्यवस्था गरेको छ । हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ र गुह्येश्वरीलाई बौद्धहरूले अवलोकितेश्वर र नैरात्माको रूपमा, बौद्धहरूका मत्स्येन्द्रनाथ र वज्रयोगिनीलाई हिन्दूहरूले आफ्नो आराध्यको रूपमा उपासना गर्ने एवं कुमारीलांई दुवैले समानरूपमा पूजा गर्ने परम्पराको पृष्ठभूमि तन्त्र नै हो ।

किरातकालमा तान्त्रिक उपासना के कस्तो थियो भन्ने अझै स्पष्ट भइसकेको छैन । लिच्छविकालमा मूलतः शैव, वैष्णव र बौद्ध धर्म प्रमुखरूपमा देखिए तापनि शक्ति उपासना र तान्त्रिक विधिको सम्बन्धमा निम्न कुरा पाइन्छन्–

मानदेवको समयमा स्थापित पशुपतिस्थित शिवलिङ्गको अभिलेखमा उल्लेखित "भगवतोस्य लिङ्गस्य कारणपूजायाः सम्यक् प्रवर्तनाय"[३५५] इत्यादिबाट त्यसबेलामा शिवको तान्त्रिक विधिपूर्वक उपासना हुने देखिन्छ । पलाञ्चोक भगवतीको शिलालेख अनुसार विजयेश्वरीको नामबाट देवी दुर्गाको स्थापना मानदेवकै समयमा भएको हो ।[३५६] त्यसैगरी सम्वत् ४९५ को शंखमूलको मातृकादेवी, छैठौं सातौ शताब्दिका अर्धनारीश्वर र त्रिमूर्तिसहितको गौरीमूर्ति, अंशुवर्माको हाँडीगाउँको शिलालेखमा श्रीदेवी र षष्ठीको उल्लेख, शिवदेवको समयको गोरखनाथ गुफाको अभिलेखमा अङ्कित

---

३५५ नेपालको प्राचीन अभिलेख पृष्ठ ५० (हरिराम जोशी)
३५६ ऐ पृष्ठ ५८

'वज्रभैरव भट्टारक' र 'कारणपूजा'[३५७], 'लिच्छविकालकै पशुपति क्याम्पभित्रको शिलालेखमा उल्लेखित 'महाभैरव'[३५८] इत्यादि र चिनियाँ ताङ् वृतान्तमा उल्लेखित नरेन्द्रदेवकालीन नेपालको वर्णनमा 'नेपालीहरू पाञ्चायनदेवताको पूजा गर्छन र नैवेद्यमा भुटेको मासु पनि चढाउँछन्'[३५९] इत्यादि प्रसङ्गले लिच्छविकालमा तान्त्रिक उपासना हुने कुराको पुष्टि हुन्छ।

इतिहासविद्का अनुसार ईसाको सातौं शताव्दी मै तान्त्रिक उपासना र शक्तिपीठको धारणाले नेपाली समाजमा जरो गाडिसकेको थियो। दशौं शताव्दीपछि त प्रस्तर र पगोडा शैलीका मन्दिरहरूमा व्यवस्थितरूपले स्थापित सप्तमातृका, दशमहाविद्या, चतुर्ष्षष्टियोगिनी र तलेजु आदि देवीहरूको विशाल पंक्तिको तान्त्रिक विधिपूर्वक लोकले उपासनो गर्ने गरेको पाइन्छ – "In the seventh century the concept of Tantrism and Shaktipithas well entrenched in the society of Nepal. After the tenth century we find a great array of female divinities like the sapta matrikas, Dashamahavidyas, Sixty four youginis and Taleju, Properly housed in the stone and Pagoda temples and worshipped in tantric style by the people"*

ललितपुरमा प्राप्त मानदेवको पालाको सम्वत् ४११ को शीलवतीको अभिलेख र त्यसको नवीनतम व्याख्याअनुसार लिच्छविकालको शुरुआत मै शाक्तपरम्परा र क्रमपूजाको अस्तित्व देखिन्छ अर्थात् नेपालमा तान्त्रिक शाक्त धर्मको प्राचीनता प्रमाणित हुन्छ।[३६०]

---

३५७ ऐ. पृष्ठ ५४०,

३५८ ऐ पृष्ठ ६२१

३५९ नेपालको ऐतिहासिक रूपरेखा, पृष्ठ १०३ (वालचन्द्र शर्मा)

* Nepalese Cultureal Heritage in a nutshell. p. 157 (Hotel Management & Tourism Training Centre, 1978)

३६० शीलवतीको अभिलेख र यसका विशिष्ट पक्ष, प्रज्ञा ८३ क (ने.रा.प्र.प्र.)

कर्णाटवंशीय नान्यदेववाट सिमरौनगढमा स्थापित तुलजा भवानीलाई उनका सन्तान हरसिंहदेवले ल्याई भक्तपुरमा स्थापना गरेको पाइन्छ। यी तुलजा भवानी पश्चिमाम्नाय र ऊर्ध्वाम्नायको समष्टिरूपमा हुन सक्ने कुरा कामकला रहस्यमा उल्लेख छ। मतान्तरमा यिनलाई उत्तराम्नाय विद्या मानिएको छ।

वरदेवका समयमा आएका एक विद्वान् व्राह्मण 'नेपालमा शङ्कराचार्यले चलाएको नियम सर्वत्र चालू देखेर सन्तुष्ट भए र राजालाई यी व्राह्मण स्वयं शङ्कराचार्य भएको शङ्का भयो'[३६१] भन्ने प्रसङ्ग[३६२] एवं पशुपतिनाथको मूर्तिमा श्रीयन्त्र लेखेर केरलसम्प्रदाय अनुसार श्रीविद्याको सपर्या हुने परम्परा हालसम्म विद्यमान भएवाट तात्कालीन नेपालमा श्रीविद्याको उपासनाको परम्परा समेत देखिन्छ।

कान्तिपुरको स्थापना गुणकामदेव (प्रथम) वा लक्ष्मीकामदेवले गरी इन्द्रयात्रा, लाखेजात्रा आदि चलाए र रक्तकाली, कङ्केश्वरी, पञ्चलिङ्ग भैरव, मनमैजुको स्थापना गरेवाट[३६३] ईसाको एघारौं शताव्दिमा शक्तिको उपासनाले प्राधान्य पाइसकेको देखिन्छ।

नुवाकोटे ठकुरी राजा वलदेवको समयमा 'निश्वासाख्य महातन्त्र' एवं रामपालको समयमा कुलालिकाम्नाय कुब्जिकातन्त्रको लेखन भएको देखिन्छ।[३६४]

नवसागर महारानीले स्थापना गरेको नक्साल भगवती पछि जागेर उग्र हुँदा शङ्करदेवले सो मूर्तिलाई छोपी अर्को मूर्तिको स्थापना गरे।[३६५]

---

३६१ नेपालको ऐतिहासिक रूपरेखा पृष्ठ १०६

३६२ नवीनतम गवेषणाअनुसार मध्यकालमा आएका योगी शङ्कराचार्य परम्पराका नभई शैवपरम्पराका हुन्- हे. ऋतम्भरा वर्ष-२, अंक-२, पृष्ठ ७८

३६३ नेपालको ऐतिहासिक रुपरेखा पृष्ठ १०९

३६४ ऐ. ऐ. पृष्ठ ११०

३६५ कामकला रहस्य पृष्ठ ७८

जयस्थिति मल्लकी इष्टदेवी मानेश्वरी थिइन् जो मल्लकुलकी अधिष्ठात्रीका रूपमा प्रसिद्ध भइन् । यिनको समयमा उन्मत्तभैरव लगायत अनेक मूर्तिहरू स्थापना भए, धेरै मन्दिरहरू वने । जगज्ज्योतिर्मल्लले आदिभैरवको रथयात्रा चलाए । महेन्द्रमल्लले कान्तिपुरमा तुलजा भवानीको विशाल मन्दिर निर्माण गरे । भूपतीन्द्र मल्लले वाराही, कुमारी वैष्णवीका साथै भक्तपुरको प्रसिद्ध न्यातपोल (सिद्धिलक्ष्मीको मन्दिर) निर्माण गरी आनन्ददेवले वनाएको भैरव मन्दिरलाई नयाँ ढङ्गले निर्माण गरे । पाटनका राजा सिद्धिनरसिंह मल्लले ४० दिनसम्म चल्ने तान्त्रिक कोटिहोम गरी आफ्ना गुरु विश्वनाथको सल्लाह वमोजिम तुलजा भवानीको स्थापना गरे ।

प्रताप मल्ल स्वयं तन्त्रविद्याका मर्मज्ञ र साधक थिए । उनले देगु तलेजु, कालभैरव, नृसिंह, हनुमान, दक्षिणकाली आदि देवताको तान्त्रिक विधिपूर्वक स्थापना गरी दरवार र शेष राज्यमा अनेक देवालयहरूको निर्माण गराए । प्रताप मल्लले तन्त्रविद्याका वलले दरवार अगाडिका भैरवलाई जगाई हाँस्न र टाउको हल्लाउन लगाएका थिए भन्ने सुनिन्छ ।[३६६] शंकरदेवका पालामा तान्त्रिक नृसिंह ठाकुर ले पत्ता लगाई काश्मीर सम्प्रदायवाट उपासना हुने गुह्येश्वरीमा प्रताप मल्लले आफ्ना गुरु लम्वकर्ण भट्टद्वारा तुलजामा समर्पित गराई सवै सम्प्रदायवाट पूजा हुने परम्परा चलाए । जयप्रकाश मल्लले गुह्येश्वरीमा खड्गसिद्धि प्राप्त गरेका थिए ।

वन्धुदत्त आचाजु, नृसिंह ठाकुर, ज्ञानानन्द स्वामी, लम्वकर्ण भट्ट एवं जामुना गुभाजु प्रभृतिका तान्त्रिक साधना र चमत्कारपूर्ण आख्यानहरूले प्रसिद्ध नेपालको इतिहासमा तन्त्रविद्या र तान्त्रिक साधनाको उत्कर्ष मल्लकालमा देखिन्छ । त्यस समयमा उपत्यकामा तन्त्र साधनाको लागि ठूला ठूला आगम, पीठ र मन्दिरहरूको निर्माणका साथै तन्त्र ग्रन्थ एवं तान्त्रिक उपासनापरक पद्धतिहरूको संकलन र संग्रह भयो । उपत्यकाका

---

३६६ कामकलारहस्य पृष्ठ ४१

तीनै राज्यहरूमा मन्दिर, दरवार र घरहरू समेत तान्त्रिक उपासनाका प्रतीकका रूपमा निर्माण भए। गणेश, शिव, विष्णु, भैरव, देवीहरूका मन्दिरका साथै दरवार र घरहरूका टुँडालमा समेत तान्त्रिक पद्धति अनुरूप संकेतसूचक रतासन मूर्तिहरू कुँदिए। यी तीन राज्यमध्ये पनि भक्तपुर तन्त्रसाधनाको केन्द्रको रूपमा विकसित हुन पुग्यो।

मल्लकालीन राजाहरू मात्र होइन, तात्कालीन अमात्य, भारदार र सर्वसाधारण जनता पनि तन्त्रसाधना गर्दथे। प्रतापमल्लका नाति भूपालेन्द्र मल्लका महामात्य नवमीसिंहले तन्त्रचिन्तामणि ग्रन्थको रचना गरे। शाहकालमा पनि यो परम्परा कायमै रह्यो। पृथ्वीनारायण शाह नित्य दुर्गा कवच पाठ गर्दथे र उनले नेपालका यावत् रीतिथिति र परम्परालाई यथावत् राजकीय मान्यता दिई त्यसमा केही थप गुठी समेत राखे। उनले आफ्ना मीतवुवा रणजित मल्लकहाँ वस्दा तुलजा भवानीको दीक्षा लिएका र कुमारीको हातवाट नीरकमल समेत प्राप्त गरेका थिए। प्रतापसिंह शाह तन्त्रविद्याका ज्ञाता र साधक समेत भएवाट उनले अनेक तन्त्रशास्त्रहरूको पर्यालोचन गरी पुरश्चर्यार्णव ग्रन्थको रचना गरे। उनले पश्चिमाम्नायविद्या ग्रहण गरी पूर्णाभिषेक लिएको भन्ने सुनिन्छ। कामकलाकालीखण्डको समाप्तिमा 'वहादुर शाहको आज्ञा वमोजिम महाकाल संहिता नामक यो पुस्तक लेखियो' भन्ने उल्लेख भएवाट वहादुर शाहको समयमा पनि तन्त्रग्रन्थहरूको पुनर्लेखनादि कार्य भएको देखिन्छ। यी पनि दीक्षा ग्रहणगरी तन्त्रमार्गमा प्रवृत्त भएका थिए। रणवहादुर शाहले तुलजा भवानीको दीक्षाका साथै क्रमदीक्षा ग्रहण गरी पूर्णाभिषेक लिए र निर्वाणानन्दको नामले प्रसिद्ध भए। यिनले तन्त्रोक्त भैरवीचक्रको आयोजना गरी जगन्नाथको मन्दिर वनाए। राणा प्रधानमन्त्री जङ्गवहादुरले दक्षिणाम्नाय र उत्तराम्नायको समष्टिरूप निर्वाण कामकलाकालीको विराटरूपको मूर्ति वनाई मृगस्थलीमा स्थापना गरे जुन विश्वरूपको नामले प्रसिद्ध छ।

राजेन्द्रविक्रम शाहका छोरा उपेन्द्रविक्रम (माहिला साहेवज्यू) तन्त्रविद्याका ठूला उपासक थिए र उनले पूर्णाभिषेक समेत प्राप्त गरेको देखिन्छ। उपेन्द्रविक्रमले निर्वाणेश्वरीको स्थापना गरी मन्दिर समेत बनाए। स्व. श्री ५ महेन्द्रको समयमा विभिन्न पीठ, मन्दिर र आगमहरूको जीर्णोद्धार भयो र मौसूफकै हुकूम बमोजिम पुरश्चर्यार्णवको परिमार्जन भई 'वृहत्पुरश्चर्यार्णव' ग्रन्थको प्रकाशन भयो।

वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार विद्यानुरागी होइबक्सेका हुनाले मौसूफका सदिच्छा वमोजिम अनेक वैदिक तान्त्रिक ग्रन्थहरूको लेखन, सम्पादन, अनुवाद कार्य भई तिनको प्रकाशन समेत हुन गएको छ। वृहत्पुरश्चर्यार्णवको प्रकाशन मौसूफकै विशेष आग्रहमा भएको हो। आधुनिक नेपालको तन्त्रसाधनाको क्षेत्रमा रथी धनशम्शेर ज.व.रा. को नाम उल्लेखनीय छ। यहाँ उल्लेख भएका वाहेक अरु पनि धेरै महान साधक र तन्त्रविद्याका ज्ञाता नेपालमा भए र तिनले आ-आफ्नो समयमा नेपालको तान्त्रिक परम्परा कायम राख्न र राष्ट्रको गौरव वढाउन अतुलनीय योगदान दिए तर ती सवैको वर्णन यहाँ सम्भव छैन।

हालसालै महेन्द्र संस्कृत विश्वविद्यालयले तन्त्रचिन्तामणि ग्रन्थको प्रकाशन गरी नेपालको तन्त्रपरम्परालाई गति प्रदान गरेको छ।

शक्ति उपासनाको परम्परालाई दृष्टिगत गर्दा नेपालमा मूलतः कालीको उपासना नै प्रचलित रहेको पाइन्छ। कालीका अनेक भेदहरू मध्ये पनि मुख्य रूपले उत्तराम्नाय र पश्चिमाम्नायका कालीहरूमा काली उपासना केन्द्रित रहेको छ। यसको अर्थ अन्य देवी वा कालीका अन्य भेदको उपासना नभएको भन्ने होइन। प्रताप मल्लले दक्षिणकालीको साधना गरी हनुमानढोका दरवारमा तिनको भव्य मूर्ति समेत स्थापना गरेका छन्। तर नेपालको सन्दर्भमा 'काली' भन्ने वित्तिकै गुह्यकाली वा

तिनका भेद सिद्धिलक्ष्मी र कामकलाकाली भन्ने बुझ्नुपर्दछ । काठमाडौं उपत्यकाका तीनै शहरहरूमा मल्लकालीन राजाहरूले उत्तराम्नायपूजित कालीहरूलाई आफ्नो कुलदेवी र इष्टदेवी मानी तिनका विशाल मन्दिरहरूको निर्माण गराए र ती मन्दिरहरूलाई आफ्नो रहस्यपूर्ण साधनाको केन्द्रको रूपमा विकसित गरे ।

मल्लकालकी अर्की प्रसिद्ध देवी अष्टादशभुजा महिषासुरमर्द्दिनी उग्रचण्डा हुन् । यी उग्रचण्डाको साधना शत्रुनाश एवं राज्यको सुरक्षाको लागि मल्लराजाहरूले पश्चिमाम्नायबाट गर्ने गरेको बुझिन्छ ।

काठमाडौं उपत्यकाका शहरहरूको निर्माण तान्त्रिक विधिपूर्वक भएको पाइन्छ । कान्तिपुरको खड्गाकृति, पाटनको चक्राकृति र भक्तपुरको डमरु वा शङ्खाकृतिले यसको पुष्टि गर्दछ । तात्कालीन नेपालमा वस्तीहरूको निर्माणका लागि र पिउने पानीको लागि तान्त्रिक विधिपूर्वक पोखरी र धाराहरूको निर्माण गरिन्थ्यो । नारायणहिटी, भोटाहिटी, मरुहिटी आदि त्यसैका उदाहरण हुन् । वस्ती र शहरहरूको रक्षाका लागि वरिपरि अष्टमातृका, भैरव, क्षेत्रपाल, गणेश इत्यादि देवताहरूको स्थापना गरी तान्त्रिक विधिपूर्वक तिनको पूजा र जात्रा चलाउने व्यवस्था विशेष गरी काठमाण्डू उपत्यकामा प्रारम्भ भएको देखिन्छ जुन अद्यावधि कायमै छ ।

लिच्छविकाल र मल्लकालमा प्रारम्भ भएका अनेक जात्रा र उत्सवहरू हालसम्म प्रचलित नै छन् र तिनले राजकीय मान्यता प्राप्त गरेका छन् । उपत्यकामा प्रचलित पर्व र जात्राहरू प्रायः तान्त्रिकमतमै आधारित देखिन्छन् । इन्द्रजात्रा, घोडेजात्रा, गाइजात्रा, त्रिशूलजात्रा, खड्गजात्रा, रोपाईंजात्रा इत्यादि र मत्स्येन्द्रनाथ, पचलीभैरव, विस्केट, गुह्येश्वरी, वत्सला, हाँडीगाउँ, चागुँनारायण, हरिसिद्धि आदिको जात्राहरूका साथै गठेमङ्गल, सिठीनख इत्यादि पर्वहरूले नेपाली समाजमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । नेपालीहरूको राष्ट्रिय चाड 'वडा दशैं' तान्त्रिकमतअनुसार नै मनाइन्छ । उपत्यका र उपत्यका वाहिर पनि देखाइने

नाचहरू तन्त्रमै आधारित छन् । ती मध्ये भद्रकालीनाच, महाकालीनाच, लाखेनाच इत्यादि प्रसिद्ध छन् । उपत्यकाका प्रत्येक गाउँमा देवी, गणेश, भैरव कुमारी आदिको स्थापना भएको छ र कतिपय स्थलहरू जाग्रत पीठका रूपमा प्रसिद्ध छन् ।

काठमाडौं उपत्यकाका शाक्तपीठ एवं आगमघरहरूमा मूलतः पश्चिमाम्नायबाट उपासना हुने देखिन्छ । पश्चिमाम्नायकी प्रधान देवी कुब्जिका वा कुब्जिकाली हुन् र यिनको उपासना गुप्तरूपले आगमहरूमा गरिन्छ । नेपालको गुप्त विद्या भनेकै कुब्जिका वा कुलकुण्डलिनीरूपी श्री हुन् । यिनको एउटा मन्दिर मटलीमा अवस्थित छ । कुब्जिका विद्या राजोपाध्याय र कर्माचार्यहरूको परम्परागत विद्या भएको र यो सीमित व्यक्तिहरूमा मात्र रहेको बुझिन्छ । कुब्जिकाको अर्थ कुप्री अर्थात् बुढी भन्ने हुन्छ । यसबाट यो जेठो विद्या वा आम्नाय भन्ने बोध हुन्छ । पश्चिमाम्नायलाई कुलालिकाम्नाय पनि भनिन्छ । यो पश्चिमाम्नाय विद्या गुरुक्रमको विद्या हो । पश्चिमाम्नायबाट उठ्ने साधकले सर्वाधिकार र निर्वाणमन्त्र प्राप्त गरेको छ भने उसलाई अन्य आम्नायको क्रम पूरा गरिरहनु नपर्ने, अन्य आम्नाय वा पीठमा पनि पश्चिमाम्नायकै मूलमन्त्र पर्याप्त हुने बुझिन्छ । यस विद्यामा नवात्मा अष्टाविंशति क्रम हुन्छ । यो कुब्जिका वा बत्तिसी विद्यामा सबै आम्नायको समष्टि गरेर सर्वाधिकार मन्त्र ग्रहण गरिन्छ, त्यसपछि मूलमन्त्र अनि निर्वाणदीक्षा पश्चात् पूर्णाभिषेक हुन्छ र अलेखिनी विद्या प्राप्त हुन्छ ।

पश्चिमाम्नायमा एउटा महत्त्वपूर्ण याग हुन्छ जसलाई दीपयाग वा जागरण पूजा (जाग्‌पूजा) भन्दछन् । यो यागको मुख्य कर्म मध्यरात्रिमा प्रारम्भ हुन्छ । गुरुले दीपयाग प्रारम्भ गरिसकेपछि शिष्यलाई प्रवेश गराउँछन् र मूलमन्त्र प्रदान गर्दछन्, त्यसपछि मात्र साधकलाई दीपयागका अन्य क्रममा सम्मिलत हुने अधिकार प्राप्त हुन्छ । जाग्‌पूजा नगरी साधकले आगमहरूमा प्रवेश पाउँदैन त्यसैले पूर्णाभिषेक पछि साधकले एकपटक फेरि

दीपयाग गर्नुपर्दछ भन्ने वुझिन्छ। पश्चिमाम्नायीहरूले गर्ने अर्को ठूलो पूजा हुन्छ जसलाई क्रमार्चन पूजा वा थापूजा भन्दछन्। यो थापूजा दुई किसिमको हुन्छ–कुमारी याग सहितको र कुमारी याग रहितको। काठमाडौंका प्रख्यात पीठहरूमा वर्षको धेरैपटक थापूजा हुन्छ र यो गुठीसंस्थानले राजगुठीको रूपमा सञ्चालन गर्दछ।

पश्चिमाम्नायका साधकहरूले नित्य गर्ने पूजा नित्यार्चन हो। केही विशेष रूपले गरिने पूजा देवार्चन हुन्छ। वस्तुतः क्रमार्चन पूजा नित्यार्चन कै विस्तृत रूप हो। क्रमार्चन कै भेदरूप अर्को पूजा हुन्छ। जसलाई महापूजा भन्दछन् र यो मुख्यरूपले गुह्यकाली र दक्षिणकालीमा हुन्छ। काठमाडौंमा गरिने अर्को पूजा चह्रे पूजा हो। फाल्गुन कृष्णचतुर्दशीलाई महाशिवरात्रि भने झैं प्रत्येक कृष्णचतुर्दशीलाई शिवरात्रि मानिन्छ र सो दिन पीठहरूमा चह्रे पूजा गरिन्छ।

पश्चिमाम्नायको पूर्णाभिषेकको क्रममा दीक्षित साधकले व्रतवन्धमा झैं दण्ड कमण्डलु सहित पहेंलो अलखा धारण गरी गुरुआमासँग भिक्षा ग्रहण गर्दछन। गुरुआमाले 'शिखा सूत्र त्याग गरी वन पस्नु पर्दैन, घरजम नै गरी वस' भन्ने आज्ञा पाएपछि मात्र साधकको गृहस्थाश्रममा पुनः प्रवेश हुन्छ। पश्चिमाम्नायको पूर्णाभिषेक दीक्षामा गुरुले घटाकाश र वाह्याकाशको भेद केवल भ्रम हो, घटावरण हटेपछि केवल शून्याकाश मात्र वाँकी रहन्छ भन्ने अद्वैतवोध शून्यकलशको प्रदर्शनद्वारा गराउँछन् भन्ने वुझिन्छ।

कालीउपासना उपत्यका वाहिरका राज्यहरूमा पनि हुने देखिन्छ। शाहवंशीय राजाहरूकी आराध्या काली नै हुन्। लमजुङ्की काली, सल्यानकी काली, गोरखाकी गोरखकाली अत्यन्त प्रसिद्ध छन्। त्यसै गरी शाहवंशकी उपास्या दक्षिणकाली पनि हुन्। यी वाहेक पोखराकी विन्ध्यवासिनी, तनहुँकी छाप्दी वाराही, नुवाकोटकी भैरवी र जालपा, सप्तरीकी सखडादेवी र छिन्नमस्ता, गोर्खाकी मनकामना, काठमाडौंकी

शोभाभगवती, भुवनेश्वरी, पाटनकी वगलामुखी, साँखुकी वज्रयोगिनी, वाग्लुङ्गकी कालिका, वनेपाकी चण्डेश्वरी, बाराकी गढीमाई, पाल्पाकी भगवती, नेपालगञ्जकी वागेश्वरी, धरानकी दन्तकाली, आदि आदि प्रसिद्ध देवीहरू हुन् ।

यहाँ नेपालको तन्त्रसाधना र शक्ति-उपासनाको सूक्ष्म रूपरेखा मात्र प्रदर्शन गरिएको हो । माथि नाम नआएका राजा वा सर्वसाधारणले शक्ति-उपासना नगरेका वा नाम नआएका देव देवीहरूको उपासना नहुने वा नभएको भन्ने कदापि होइन । नेपालमा घर घरमा शक्ति-उपासना कुनै न कुनै रूपमा चलिनैरहेको छ । सनातनधर्मावलम्वी नेपालीहरूले अरु केही नगरे पनि रुद्री र चण्डी लगाउने परम्परा कायमै राखी वैदिक तान्त्रिक समन्वयको प्रदर्शन गरेका छन् । धेरै नेपालीहरूको परम्परामा गायत्री र तन्त्रोक्तदीक्षा दुवै ग्रहण गरिन्छ । नेपालीहरूका प्रत्येक चाड, पर्व, जात्रा, तान्त्रिक र मिश्र दुवै पद्धतिहरूबाट चलेको छ । विशेष गरी उपत्यकाका प्रत्येक स्थानमा गणेश, शिव, देवी, भैरव, कुमारी, विष्णु आदि देवताहरूका अनेक मूर्ति र मन्दिरहरू छन् र तिनको उपासना आ-आफ्नो परम्परा अनुसार गरिन्छ । यहाँ त्यस्तो कुनै स्थान छैन जसको पछाडि पौराणिक एवं तान्त्रिक आख्यान नजोडिएको होस् । एक किसिमले काठमाडौं उपत्यका तन्त्रमन्त्रमय छ भन्दा अत्युक्ति नहोला । नेपालको राष्ट्रिय झण्डा नै वैदिक तान्त्रिक विधिपूर्वक निर्माण भएको छ । यसमा दुई त्रिकोण छन् । त्रिकोणका मध्यवर्ती चन्द्र र सूर्य विन्दुका प्रतीक हुन् । सूर्य वेद हुन् आत्मा हुन्–'सूर्य आत्मा जगतस्तस्थुषश्च' । चन्द्र तन्त्र हुन्, मन हुन्– 'चन्द्रमा मनसो जातः' । चराचर विश्व अग्नि र सोमको समन्वय हो– 'अग्नीषोमात्मकं जगत्' । मन र आत्माको ऐक्य नै तन्त्रसाधना हो र नेपालको परम्परा पनि यही हो ।

श्रीचक्रको उपासना

र

क्रमदीक्षारहस्य

लेखक
रथी धनशम्शेर ज.ब.रा.
पं. कृष्णप्रसाद भट्टराई

लेखक परिचय

पं. कृष्णप्रसाद भट्टराई

पण्डित कृष्णप्रसाद भट्टराई

पण्डित कृष्णप्रसाद भट्टराईको जन्म वि.सं. १९७७ पौष शुक्ल त्रयोदशी तिथि माघ ९ गते शुक्रबारका दिन सिफले, काठमाडौं मा भयो। श्री ५ पृथ्वीनारायण शाहसँगै गोर्खाबाट काठमाण्डु आएका राजकुलका पुरोहित पं. केदारप्रसाद भट्टराई र नेमकुमारीदेवीका उहाँ ज्येष्ठ सुपुत्र हुनुहुन्थ्यो। अक्षरारम्भपछि पिताजीबाटै अमरकोश, कौमुदी एवं रघुवंश आदि र व्रतबन्धपछि वेदाध्ययन प्रारम्भ गर्नुभएका उहाँको औपचारिक शिक्षा भाषा पाठशाला देवपत्तनबाट प्रारम्भ भयो।

वि.सं. १९८५ मा पिताजीको ३५ वर्षको उमेरमा अकस्मात निधन भएबाट उहाँका विषम आर्थिक एवं व्यावहारिक संकटका दिनहरू शुरु भए। गुरुहरू पं. बद्रीनाथ अधिकारी एवं पं. बुद्धिनाथ उपाध्यायसँग केही वर्ष अध्ययन गरेपछि उहाँले नेपाल राजकीय प्रधानपाठशालामा भर्ना भै तात्कालीन गुरुहरूसँग अध्ययन गर्नुभयो। न्यायदर्शन विषयमा उहाँका गुरु पं. लोकनाथ ढकाल हुनुहुन्थ्यो। उहाँले ६ महिना जति पं. राधानाथ लोहनीसँग ज्योतिषको अध्ययन पनि गर्नुभयो। वि.सं. १९९० देखि केही वर्ष उहाँले तीनधारा पाकशालामा बिताउनु भयो।

मेधावी छात्रका रूपमा परिचित उहाँले वि.सं. १९९३ मा प्रथमा परीक्षा उत्तीर्ण गरी दर्शन मूल विषय लिएर गभर्न्मेन्ट संस्कृत कलेज वाराणसीबाट सन् १९४१ मा मध्यमा, सन् १९४४ मा शास्त्री र सन् १९४७ मा आचार्य परीक्षा उत्तीर्ण गरी दर्शनाचार्यको उपाधि प्राप्त गर्नुभयो। वि.सं. २००४ मा पद्मोदय हाइस्कूलबाट एस.एल.सी. उत्तीर्ण गर्नुभएका उहाँले त्रिचन्द्रकलेजमा आई.ए. सम्मको अध्ययन पनि गर्नुभएको थियो। वि.सं १९९६ सालमा उहाँको विवाह

पं.केदारप्रसाद न्यौपानेकी सुपुत्री राधादेवीका साथ सम्पन्न भयो। उहाँका १० सन्तान मध्ये ४ छोरा एवं तीन छोरी गरी जम्मा ७ सन्तान जीवित रहे।

पं. कृष्णप्रसाद भट्टराई वि.सं. २००६ सालमा वीर पुस्तकालय (हाल राष्ट्रिय अभिलेखालय) मा पण्डित पद (रा.प.अनं.प्र.प्रा.) मा नियुक्त हुनुभयो। सन् १९५२ मा तात्कालीन शिक्षा मन्त्रालयबाट छात्रवृत्ति प्राप्त गरी चीनीयाँ भाषा अध्ययन गर्न उहाँ कलकत्ता जानुभयो र विश्वभारती, रवीन्द्रनाथ विश्वविद्यालय, शान्तिनिकेतनबाट प्रथम श्रेणीमा द्वितीय स्थान प्राप्त गरी चीनीयाँ भाषा प्रवीणको उपाधि प्राप्त गर्नुभयो। करीव तीन वर्ष शान्तिनिकुञ्जमा रहँदा उहाँले प्रारम्भिक फ्रेञ्च भाषाको पनि अध्ययन गर्नुभएको थियो। वि.सं. २०१३ मा उहाँ स्वास्थ्योपचार एवं थप अध्ययनका लागि पेकिङ्ग जानुभयो। तीन वर्षजति उहाँ चीनमा रहनुभयो। सन् १९६२ मा चीनीयाँ अधिकारीहरूलाई नेपाली पढाउन उहाँ ल्हासा जानुभयो। दुई वर्षजति ल्हासामा रहँदा त्यहाँको भाषा, धर्म र संस्कृतिको समेत उहाँले अध्ययन गर्नुभयो।

भारतको नयाँ दिल्लीमा सन् १९६६ मा भएको अखिल भारतीय संस्कृतसाहित्य सम्मेलनको स्वर्णजयन्ती समारोहमा उहाँले भाग लिनु भएको थियो। नारी विद्यापीठको संस्थापक र प्रमुख सञ्चालक समेत भै उहाँले केही वर्ष निःशुल्क अध्यापन गर्नुभयो। 'हिमवत्संस्कृति' पत्रिकाको सञ्चालन र सम्पादनमा उहाँको महत्त्वपूर्ण योगदान रहेको थियो।

२०२६।३।९ को राजदरबारको पत्रानुसार धार्मिक अनुसन्धान एवं ग्रन्थलेखनका लागि उहाँलाई रथी धनशम्शेर ज.ब.रा. कहाँ काजमा खटाइयो। रथी धनशम्शेर ज.ब.रा. लाई तन्त्रविषयक

अनुसन्धान एवं ग्रन्थलेखनका निमित्त आवश्यक दौडधूप गर्दै तन्त्रका दुर्लभ प्राचीन हस्तलिखित ग्रन्थहरूको अध्ययन, आगम, पीठ एवं मन्दिरहरूको प्रत्यक्ष अवलोकन र अनुसन्धान, आवश्यक सामग्रीहरूको खोजी एवं लेखन, संशोधन र प्रकाशन आदिमा हरप्रकारको सहयोग गर्नुभयो। वृहत्पुरश्चर्यार्णव चतुर्थखण्डको प्रकाशनका लागि आवश्यक संशोधनादि कार्य उहाँबाटै भएको थियो। त्यसबाहेक मातृकाक्षररहस्यम्, शारदीयदुर्गापूजापद्धति, मन्त्रविद्यारहस्यम्, कामकलारहस्य, कुलार्णवरहस्य, आम्नायविद्यारहस्य एवं क्रमदीक्षारहस्यको लेखनमा उहाँले धनशम्शेर ज.ब.रा. को छाया नै भएर काम गर्नु भएको थियो। यसका लागि रथी धनशम्शेरले तत् तद् ग्रन्थका भूमिकामा उहाँप्रति कृतज्ञता प्रकट गर्दै हार्दिक प्रणाम समर्पण गर्नुभएको छ।

उत्तराम्नाय र पश्चिमाम्नाय विद्याको खोजीमा नेपाल आउनु भएका तन्त्रसाधना र तन्त्रविद्यामा सम्पूर्ण भारतभरि नै ख्याति प्राप्त भारतका श्री १०८ स्वामी विद्यारण्य (जो मूर्खारण्य बाबाको नामले प्रसिद्ध हुनुहुन्छ) सँग उहाँको विशेष सत्सङ्ग थियो। श्रीमूर्खारण्य स्वामीलाई आवश्यक तन्त्रका ग्रन्थ एवं पाण्डुलिपि जुटाइदिनुका साथै तन्त्रसम्वन्धी विविध सहयोग पुऱ्याउनु भयो। रथी धनशम्शेर ज.ब.रा. र मूर्खारण्य बाबाको सम्पर्कसूत्र एवं मध्यस्थ भई पं. कृष्णप्रसादले आफूमार्फत एकबाट अर्कोलाई आवश्यक सहयोग जुटाइदिनु भयो। काञ्चीका जगद्गुरु श्रीशङ्कराचार्य र धनशम्शेर ज.ब.रा. को श्रीविद्या सम्वन्धी गोप्य विमर्शमा पं. कृष्णप्रसादको सहयोगीरूपमा उपस्थिति रह्यो। श्री शङ्कराचार्यबाट उहाँले दोसल्ला एवं दक्षिणा प्राप्त गर्नुभयो। श्रीमहेश योगी र धनशम्शेर ज.ब.रा. को मन्त्रणामा पनि उहाँले सहयोगीको भूमिका निर्वाह गर्नु भएको थियो।

वीर पुस्तकालयमा एवं राष्ट्रिय अभिलेखालयमा पुस्तकहरूको व्यवस्थापन एवं सूचिपत्र निर्माणमा समेत महत्त्वपूर्ण योगदान गर्नु भएका उहाँको वि.सं. २०२६।३।१९ मा स. दर्शनाचार्य (रा.प.तृ.) मा अस्थायी नियुक्ति भयो। वि.सं. २०२७।८।१ मा तन्त्राचार्य (रा.प.तृ.) मा अस्थायी नियुक्ति पाउनु भएका उहाँको २०३२।९।२५ मा लिखित परीक्षाद्वारा दर्शनाचार्य (रा.प.तृ.) मा बढुवा भयो। २०३७।९।२३ देखि ६० वर्षे अनिवार्य अवकाश प्राप्त गर्नुभएका उहाँको २ वर्षका लागि सेवा अवधि थप भयो। २०३९ पौष २४ गतेदेखि ३१ वर्ष लामो राजकीय सेवाबाट उहाँले विश्राम लिनुभयो।

मूलतः अध्ययन एवं अनुसन्धानमै समर्पित उहाँको प्राचीन एवं आधुनिक विविध विषयमा रुचि एवं ज्ञान थियो। संस्कृत, प्राकृत, हिन्दी, बङ्गाली, नेवारी, चीनीयाँ, भोटे, अंग्रेजी आदि भाषाका ज्ञाता पं. कृष्णप्रसाद भट्टराईलाई नेपालका प्राचीन अर्वाचीन लिपिहरूका साथै तिब्बती, मैथिली, बंगाली, गुजराती, गुरुमुखी लिपिहरूको ज्ञान थियो। उहाँलाई नेपालका तामाङ, गुरुङ, मगर आदि भाषाको पनि साधारण ज्ञान थियो। स्वावलम्बी स्वभावका उहाँ आफ्ना उपयोगका समस्त कार्य स्वयं गर्नुहुन्थ्यो। उहाँको फोटोग्राफी, हुलाकटिकटसंग्रह एवं क्रिकेट आदि विविध क्षेत्रमा रुचि थियो। उहाँ शास्त्रीय सङ्गीत सुन्न अत्यन्त मन पराउनु हुन्थ्यो। उहाँको आयुर्वेदमा ज्यादै रुचि भएकोले दुर्लभ जडीबूटीको संग्रह गरी औषधिको निर्माण समेत गर्नुहुन्थ्यो।

राजकीय सेवाबाट अवकाश प्राप्त गरेपछि उहाँले स्कन्दपुराण अम्बिकाखण्डको सम्पादन कार्य शुरु गर्नुभयो। करीब १४०० वर्षअघि गुप्ताक्षरमा लेखिएको पत्रसंख्यारहित, असंलग्नपत्र भएको जीर्ण ताडपत्रको माइक्रोफिल्म फोटोकपीको आधारमा विश्वमै अप्रकाशित

अम्बिकाखण्डको अत्यन्त परिश्रमपूर्वक सम्पादन गर्नुभयो र त्यो 'स्कन्दजन्मखण्ड' भएको सयुक्तिक प्रतिपादन गर्नुभयो ।

धनार्जनभन्दा विद्योपार्जनलाई नै आफ्नो लक्ष्य वनाउने उहाँले सीमित आयवाट १०-१२ जना परिवारको भरणपोषण गर्दै ९-१० वर्षसम्म डेरामा बिताई ५० वर्षको उमेरमा आफ्नो पैत्रिक अंशमा एउटा घर वनाउनु भयो । सरल र सौम्य स्वभाव, मितभाषी, हंसमुख र सहयोगी हुँदा हुँदै पनि स्वाभिमानी र स्पष्टवक्ता हुनुहुन्थ्यो । योग्यता, सम्पर्क, प्रभाव हुँदा हुँदै र अवसर प्राप्त हुँदा पनि आफ्नो र परिवारका निमित्त कसैसँग केही नमाग्ने, भनसुन नगर्ने उहाँको स्वभाव थियो । आफ्नो ज्ञान र पाण्डित्यको प्रदर्शन नगरी साधारण ढंगले बस्न मन पराउने उहाँको पछिल्ला धेरै वर्ष घरमै एकान्त साधनामा विते । शुरु शुरुमा विभिन्न गोष्ठी र सभा सम्मेलनमा उत्साहपूर्वक भाग लिनु भएका उहाँको केवल देखावटी प्रचार र प्रसारका निमित्त गरिने उपलब्धिहीन गोष्ठी र सम्मेलनमा कुनै रुचि भएन । त्यस्ता गोष्ठी र सम्मेलनमा प्राप्त निमन्त्रणाका सन्दर्भमा उहाँको जवाफ थियो–

"यत्र धूर्ताश्च मूर्खाश्च चरन्त्युभयतोदतः ।
न ताः पर्षत्सभागोष्ठीरुपास्तेऽयं जनः क्वचित् ॥"

बाल्यकालदेखि नै परम्परागत पूजाका साथै नित्य रुद्राभिषेक र नित्य तर्पण गर्ने उहाँको देवकार्य र पितृकार्यमा अपूर्व श्रद्धा थियो । वैदिक सनातनधर्मको परम्परागत मान्यता र आचारमा एकनिष्ठ उहाँले पं. दामोदर प्याकुरेलबाट दीक्षाग्रहण गर्नुभएको थियो । उहाँले आफ्नो आम्नायको सर्वाधिकारदीक्षाका साथै षडाम्नायकै मन्त्रहरू ग्रहण गर्नुभएको थियो ।

आफूकहाँ तन्त्रविषयक जानकारी लिन आउनेहरूलाई 'म बृद्ध भएँ, मैले जानेका तन्त्रसम्बन्धी सबैकुराको ज्ञान पण्डितजीलाई छ, उहाँसँगै सोध्नू' भनेर स्वयं रथी धनशम्शेर ज.ब.रा ले भन्नु भएका पण्डित कृष्णप्रसाद भट्टराईले सर्वसाधारणदेखि अतिविशिष्ट व्यक्तित्वसम्मका मन्त्र ध्यान, पूजापद्धतिहरू संशोधन र परिमार्जन गरिदिनु भएको थियो, केही स्वदेशी विदेशीलाई ध्यान र पद्धतिहरूको रचना समेत गरिदिनुभएको थियो । आचार्य पं. रमानाथशास्त्री योगतन्त्रकर्मकाण्डविशारद (निगमागमानुसन्धान केन्द्र, शक्तिपीठ, मुंडेटी, गुजरात) का उहाँ पूज्य गुरुदेवस्वरूप हुनुहुन्थ्यो । तन्त्रसाधनाका लागि नेपाल आउनुभएका बखत श्री नारायणशास्त्री खिष्टे तथा श्रीनारायणदत्त श्रीमालीको पनि उहाँसँग विचार विमर्श भएको थियो भन्ने बुझिन्छ ।

अम्बिकाखण्डको सम्पादनपछि महेन्द्र संस्कृत विश्वविद्यालयका तात्कालीन शिक्षाध्यक्ष प्रा. विद्यानाथ उपाध्यायज्यूको आग्रहमा उहाँले नै दिनुभएको एउटा मातृकाको आधारमा नवमीसिंहविरचित 'तन्त्रचिन्तामणि' ग्रन्थको सर्वप्रथम सम्पादनकार्य प्रारम्भ गर्नुभयो । करीव एक डेढ महिनाको अवधिमा उक्त ग्रन्थको त्रयोदश प्रकाश (श्लोक– दिव्यमाल्याम्वरधरो दिव्यभूषैरलङ्कृतः ।) को महाराजक्रमसम्मको शुद्ध पाठ उहाँले उतार गरिसक्नु भएको थियो । त्यसै बखत म.सं.वि., राष्ट्रिय अभिलेखालय र जर्मन रिसर्च काउन्सिलको नेपाल रिसर्च प्रोग्रामद्वारा संयुक्तरूपमा २०४४।५।३० देखि २०४४।६।२ सम्म वाल्मीकि विद्यापीठमा आयोजित 'शिक्षण र अनुसन्धानमा प्राचीन अभिलेखको महत्त्व र प्रयोग– प्रथम कार्यशाला गोष्ठीमा' सहभागी भै तन्त्रग्रन्थ, मूर्ति र चित्र सम्वन्धी गोष्ठीको सभापतित्व गर्नुभयो ।

बहुमुखी प्रतिभाका धनी भएपनि 'संस्कृत' लाई नै आफ्नो कर्मक्षेत्र बनाउनु हुने, तन्त्र, दर्शन लगायत प्राच्य विविध विषयका

ज्ञाता पण्डित कृष्णप्रसाद भट्टराईले २०४४ असोज ११ गते आश्विन शुक्लपञ्चमीका दिन आफ्नो पाञ्चभौतिक शरीरको परित्याग गर्नुभयो ।

'विश्वविद्यालय तह आचार्य अनुसन्धानको उत्कृष्ट पाठ्यग्रन्थ तयार पारी प्रशंसनीय कार्य गर्नुभएको हुँदा यो पुरस्कार प्रदान गरिएको छ र भविष्यमा पनि यस्तै प्रकारको योगदानको अपेक्षा राखिएको छ' भन्दै २०४६ सालको शिक्षा दिवसको उपलक्ष्यमा रु. ४०,०००।- नगद र प्रशंसापत्र सहितको शिक्षा पुरस्कारद्वारा श्री ५ को सरकारले उहाँलाई मरणोपरान्त सम्मान प्रदान गर्‍यो ।

संस्कृत र नेपालीमा कविता लेख्न रुचि भएका उहाँले मन्त्रोद्धारसूचक श्लोकहरूको पनि रचना गर्नुभएको पाइन्छ–

"वाक्कन्दर्परमाऽभिरामपुटितां प्राक्पञ्चदश्या युतां
पश्चात् त्रित्रिकसां चतुर्हसहितां हत्रिं हपञ्चान्विताम् ।
कामाक्रान्तहरीं सपञ्चविलसत्सत्पंक्तिकूटात्मिकां
श्रीविद्यासमयां कलार्णमहितां निर्वाणरूपां भजे ॥"

पण्डित कृष्णप्रसाद भट्टराईले रचना गर्नु भएका ग्रन्थहरू यसप्रकार छन्–

१. अगस्त्यसंहिता र रत्नपरीक्षा (२०२०, सम्पादन)
२. श्रीशङ्कराचार्यको जीवन चरित्र (२०२५, नेपाली अनुवाद)
३. हरमेखलाको चिकित्सापरिच्छेद (२०२६, नेपाली पद्यानुवाद)
४. हस्तमुक्तावली (२०२६, सम्पादन)
५. अग्निस्थापनाविधि (२०२६, नेपाली भाषा सहित)
६. विवाहपद्धति (२०२७, नेपाली भाषा सहित)
७. संस्कारपद्धति (२०२८, नेपाली भाषा सहित)
८. व्रतवन्धपद्धति (२०३०, नेपाली भाषा सहित)
९. हरमेखला प्रथमखण्ड (२०२९, प्राकृत, सम्पादन)
१०. हरमेखला मध्यमखण्ड (२०३०, प्राकृत, सम्पादन)

११. श्राद्धपद्धति (२०३८, नेपाली भाषा सहित, ने.रा.प्र.प्र.मा प्रकाशनार्थ बुझाएको, अप्रकाशित)

१२. स्कन्दपुराण अम्बिकाखण्ड (२०४४, सम्पादन)

उहाँले प्रारम्भ गर्नुभएका 'तन्त्रचिन्तामणि' ग्रन्थको सम्पादन, शार्ङ्गधरसंहिताको नेपाली पद्यानुवाद र 'संस्कृत नेपाली शब्दकोष' अपूर्ण नै रहे। केही स्वदेशी विदेशी पत्रिकाहरूमा उहाँका लेखहरू प्रकाशित भएका पाइन्छन्।[१]

---

१ यो जीवनी निम्न महानुभावहरूका लिखित एवं मौखिक मन्तव्य समेतका आधारमा तयार पारिएको छ- श्रीमूर्खारण्य स्वामीजी, आचार्य श्रीशेषराज शर्मा रेग्मी, पं. श्रीवृद्धिसागर पराजुली, प्रा. श्रीसोमनाथ पौडेल, प्रा.डा. श्रीमंगलराज जोशी, प्रा. श्रीदामोदर कोइराला, कविराज श्रीकृष्णवहादुर सिंह, श्रीवासुदेव लुइँटेल, श्रीसुन्दरप्रसाद शाह।

श्रीचक्रको उपासना

लेखक

पं. कृष्णप्रसादं भट्टराई

श्रीचक्रको उपासना

श्रीचक्र-

श्रीविद्याको यन्त्रलाई 'श्रीचक्र' भन्दछन्। यसमा जुन 'श्री' शव्द आएको छ त्यो 'श्रीविद्या'को वाचक हो भने 'चक्र' शव्द चक्रस्वरूप यन्त्रको। केवल यही एउटा यस्तो चक्र हो जुन समस्त ब्रह्माण्डको प्रतीक हो। यो प्रणवस्वरूप शव्दब्रह्मको पनि प्रतीक हो। यो परब्रह्मस्वरूपिणी आदिप्रकृतिमयी श्रीविद्यारूप महात्रिपुरसुन्दरीको आराधनास्थल हो। यो चक्र उनको दिव्य धाम हो, दिव्य रथ हो र यसको सन्निवेश मनोहर छ। यसमा समस्त देवताहरूको आराधना र सवै प्रकारको उपासना हुन्छ। यसमा सवै आम्नायको, सवै क्रमको, सवै आचारको, सवै विद्याको र सवै तत्त्वको समावेश हुन्छ। यसमा सवै वर्णका, सवै आश्रमका, सवै सम्प्रदायका सवै प्रकारका अधिकारीहरू उपासककारूपमा प्रविष्ट हुनसक्दछन्। यसमा सवैका लागि स्थान छ।

सन्निवेश र विन्यास-

श्रीचक्रको सन्निवेश मनोहर छ र यसको विन्यास पनि अद्भुत छ। यसको मध्यभागमा (केन्द्रमा) बिन्दु र सवैभन्दा वाहिर भूपुर हुन्छ। भूपुरको चारतिर चारद्वार हुन्छन्। बिन्दुदेखि लिएर भूपुरसम्म यसका जम्मा दश प्रकारका अवयवहरू हुन्छन्। ती क्रमश यसप्रकारका छन्- बिन्दु, त्रिकोण, अष्टकोण, अन्तर्दशार, वहिर्दशार, चतुर्दशार, अष्टदल, षोडशदल, वृत्तत्रय (त्रिवृत्त) एवं भूपुरत्रय। यथा-

"बिन्दुत्रिकोणवसुकोणदशारयुग्म-
मन्वस्रनागदलसंयुतषोडशारम्।

वृत्तत्रयञ्च धरणीसदनत्रयञ्च
श्रीचक्रराजमुदितं परदेवतायाः ॥"

पूजाको अवसरमा विन्दु पनि तीन मानिन्छ। जसले गर्दा यसको जम्मा सोह्र अवयव हुनजान्छ। यिनमा त्रिकोणदेखि लिएर चतुर्दशारपर्यन्त जुन पाँच अवयवहरू छन्, तिनीहरू परस्पर एकपछि अर्कोगरी विचित्र किसिमले अनुस्यूत भएका हुन्छन् जसले गर्दा यिनीहरूबाट अन्य कैयौं अवान्तरकोण एवं रेखाहरू बन्दछन्। फेरि चतुर्दशारका जुन कोणहरू हुन्छन्, तिनका पनि टुप्पाहरू बाहिरको अष्टदलसँग मिलेका हुन्छन् र त्यसैगरी अष्टदलका टुप्पाहरू षोडशदलसँग र षोडशदलका टुप्पाहरू प्रथमवृत्तसँग मिलेका हुन्छन्, जसले गर्दा अरु पनि कैयौं कोष्ठ र कोणहरू बन्न जान्छन्। जसलाई यहाँ 'स्पन्दी चक्र' पनि भनिन्छ। यिनमा बिन्दु, अष्टदल, षोडशदल, त्रिवृत्त र चतुरस्रलाई शिवको अंश एवं त्रिकोण, अष्टकोण दुई दशकोण र चतुर्दशारलाई शक्तिको अंश मानिएको छ–

"बिन्दुश्चाष्टदलं पद्मं षोडशारं त्रिवृत्तकम्।
चतुरस्राख्यचक्रं च शैवभागानि पञ्च च ॥
त्रिकोणमष्टकोणं च दशकोणद्वयं तथा।
चतुर्दशारमेतानि शक्तिभागानि सुन्दरि ॥

यसरी शिवत्रिकोण र शक्तित्रिकोण मिलेर परस्पर काटिएर कुल त्रिचालिस कोणहरू वन्दछन्। त्रिवृत्तको गणना नगर्ने हो र दशकोणलाई अन्तर्दशार र वहिर्दशार गरी गणना गर्ने हो भने चार शिवचक्र र पाँच शक्तिचक्र गरी नौ चक्रहरूद्वारा त्रिचालीस कोणहरू वन्दछन्। शास्त्रले भनेको पनि छ–

"चतुर्भिः शिवचक्रैश्च शक्तिचक्रैश्च पञ्चभिः।
नवचक्रैश्च संसिद्धं श्रीचक्रं शिवयोर्वपुः ॥"

शक्तिचक्र र शिवचक्रको बारे यस्तो पाइन्छ–

"त्रिकोणमष्टकोणञ्च दशकोणद्वयं तथा ।
चतुर्दशारञ्चैतानि शक्तिचक्राणि पञ्च च ॥"

त्यसैगरी–

"बिन्दुश्चाष्टदलं पद्मं पद्मं षोडशपत्रकम् ।
चतुरस्रञ्च चत्वारि शिवचक्राण्यनुक्रमात् ॥"

त्रिवलय एवं दशकोणद्वय दुवैलाई ग्रहण गर्दा पाँच शिवभाग र पाँच शक्तिभाग गरी दश शिवशक्त्यात्मक चक्रहरूवाट श्रीचक्र वन्दछ ।

श्रीचक्रका ऊर्ध्वमुख चार त्रिकोणहरू शिवत्रिकोण हुन् भने अधोमुख पाँच त्रिकोणहरू शक्तित्रिकोण हुन् । वाहिर जुन भूपुर छ त्यो एकप्रकारको प्राकार अथवा दुर्ग झैं देखिन्छ । यसप्रकार श्रीचक्रको विन्यास अत्यन्त मनोहर हुन्छ र मनोहर हुँदा हुँदै जटिल पनि छ । यसैले यसलाई श्रीपुर अर्थात् श्रीविद्याको पुर पनि भनिन्छ ।

आगमहरूमा यो चक्रलाई एउटा दिव्य द्वीपको रूपमा वर्णन गरिएको छ । दिव्य नगरको रूपमा यसको निरूपण भएको छ, किनभने कोशकारहरूले चक्र शव्दको अर्थ नगर पनि बताएका छन् । रक्तवर्ण सुधासमुद्रले घेरिएको यो 'रत्नद्वीप' हो । यसमा कल्पवृक्ष पारिजातदेखि लिएर सवै प्रकारका फलफूल तथा लता-वनस्पतिहरूले हराभरा दिव्य नन्दन उद्यानको बीचमा अनन्त-योजन-विस्तीर्ण रत्नप्राकारको भित्र अवस्थित यो पुरको मध्यमा रत्नसिंहासनमाथि अनन्तकोटिब्रह्माण्ड-नायिका श्रीमहात्रिपुरसुन्दरी विराजमान हुनुहुन्छ । यो पुर चक्राकार छ । यसैको प्रतीक श्रीचक्र हो । यही चक्राकार रथमा वसेर, सम्पूर्ण देव-देवी, योगिनी आदि आफ्ना विभूतिहरूको

चक्र अर्थात् समूहले परिवृत भएर देवीले भण्डासुरको संहार गर्नुभएको थियो। यो आख्यानवाट पनि श्रीचक्र चक्राकार द्वीप, पुर अथवा सर्वतः स्वविभूतिपरिवृत आदिशक्तिको नै प्रतीक हो भन्ने सिद्ध हुन्छ। यो चक्रको मध्यवर्ती बिन्दु शिवको र त्रिकोण शक्तिको स्थान हो तथा रूप पनि हो। फेरि यी दुईको समन्वय भएपछि समरसीभावले स्थित शिवशक्तिरूप साक्षात् परब्रह्म एवं उनकी चिद्रूपा आदिशक्तिको एकीभावको प्रतीक यही बिन्दु हुन्छ, हुनजान्छ। यसरी यो बिन्दु श्रीमहात्रिपुरसुन्दरीको केन्द्रविन्दु बन्दछ र श्रीचक्ररूप पुर सम्पूर्ण देवताहरूको आवास। भन्नुको तात्पर्य यो हो कि उनै महात्रिपुरसुन्दरी विभिन्न देवतारूप आफ्ना विभूतिहरूद्वारा यस पुरलाई व्याप्त गरेर यसको बीचमा बस्नुहुन्छ, यसर्थ यो श्रीचक्र वहाँको पनि प्रतीक हो। फेरि मेरुपृष्ठको आकारमा यो चक्र जव माथि उठेर अग्लो आकारको बन्दछ, त्यस अवस्थामा यो समस्त ब्रह्माण्डलाई धारण गरेको सुमेरु पर्वतको प्रतीकको रूपमा देखापर्दछ र पुराणहरूमा वर्णित सुमेरुमा अवस्थित सबै लोकहरूको यसमा समन्वय हुनजान्छ। शास्त्रमा 'मेरु' नवार्णको रूपमा वर्णित छ तथा श्रीचक्रलाई 'मेरु' रूप मानिएको छ। यथा–

> "श्रीचक्रमपि देवेशि मेरुरूपं न संशयः ॥"
> "लकारात् पृथिवी देवी सशैलवनकानना।
> सकाराच्चन्द्रतारादिग्रहराशिस्वरूपिणी ॥"

सम्प्रदायगत विशेषता–

श्रीचक्रका मुख्य तीन सम्प्रदाय छन्। हयग्रीव-सम्प्रदाय, आनन्दभैरव-सम्प्रदाय तथा दक्षिणामूर्ति-सम्प्रदाय। यिनीहरूमध्ये हयग्रीव-सम्प्रदायमा त्रिवृत्त हुँदैन, आनन्दभैरव-सम्प्रदायमा त्रिवृत्त त

हुन्छ तर त्यसमा पूजा हुँदैन परन्तु दक्षिणामूर्ति-सम्प्रदायमा श्रीचक्रमा त्रिवृत्त पनि हुन्छ र त्यहाँ पूजा पनि हुन्छ ।

प्रकार र प्रस्तार–

बनावटको दृष्टिले श्रीचक्र तीन प्रकारको हुन्छ– भूपृष्ठ, कच्छपपृष्ठ र मेरुपृष्ठ । यसमा जुन समतल हुन्छ त्यसलाई भूपृष्ठ, जुन कछुवाको पिठ्यूँ झैं केही उठेको हुन्छ त्यसलाई कच्छपपृष्ठ र जुन चाहिँ सुमेरुपर्वत झैं आफ्नो अनुपातमा पूर्णरूपले माथिसम्म उठेको हुन्छ त्यसलाई मेरुपृष्ठ भनिन्छ ।

उपासनाको दृष्टिले शास्त्रमा यसको तीन प्रस्तार मानिएको छ– मेरुप्रस्तार, कैलासप्रस्तार तथा भूप्रस्तार । यिनीहरूको उपयोग पहिलो त यथाक्रम कामेश्वरी आदि नित्याहरूको तथा वशिन्यादि वाग्देवताहरूको, संक्षोभणी आदि मुद्राहरूको तथा अणिमादि सिद्धिहरूको तादात्म्यमा हुन्छ भने दोस्रो चाहिँ सृष्टचादि क्रममूलक पूजाको लागि एवं भिन्न भिन्न आश्रमहरूको लागि हुन्छ, किनभने शास्त्रमा मेरुप्रस्तारमा संहारक्रमबाट पूजा नगरी सृष्टिक्रमबाट गर्नू भनिएको छ र साथै संहारक्रमबाट पूजा कैलासप्रस्तारमा तथा स्थितिक्रमबाट पूजा भूप्रस्तारमा गर्नू भन्ने वचन छ । यथा–

"मेरुचक्रे तु संहारक्रमपूजा न विद्यते ।
सृष्टिक्रमेण देवेशि ! पूजनीयं प्रयत्नतः ॥
संहारपूजा कैलासप्रस्तारेऽत्र विधीयते ।
भूप्रस्तारे महेशानि ! स्थितिपूजा सदोत्तमा ॥"

यसैगरी गृहस्थलाई स्थितिक्रमबाट, वानप्रस्थ र यतिलाई संहारक्रमबाट, ब्रह्मचारीलाई सृष्टिक्रमबाट एवं स्त्री तथा शूद्रलाई

इष्टदेवतास्वरूप गुरुको आज्ञाअनुसार पूजा गर्नू भन्ने शास्त्रवचन छ। यथा–

"स्थितिक्रमो गृहस्थस्य संहारो वनिनो यतेः।
ब्रह्मचारिण उत्पत्तिः स्त्रियः शूद्रस्य चेष्टतः ॥"

र यसको परिभाषा यस्तो छ–

"सृष्टिक्रमं मेरुचक्रं कैलासं चार्धमेरुकम्।
संहाराख्यं महेशानि ! भूप्रस्तारं स्थितिक्रमम् ॥"

निर्माण वा रचना–

श्रीचक्र स्फटिक आदि शिला, माणिक आदि मणि, सुवर्ण आदि धातु प्रभृतिमा सूक्ष्मरूपले काटेर, खोपेर अथवा कुँदेर समतल अथवा उठेको दुवै प्रकारको बनाउन सकिन्छ। त्यसै गरी समतल मणि, शिला, धातु आदिमा चन्दन, कुङ्कुम, रोचना आदिद्वारा लेखेर पनि बनाउन सकिन्छ। श्रीचक्र गहिरो वा उठेको जस्तोसुकै होस्, पूजाको अवसरमा यसको माथि चन्दनादिद्वारा फेरि आ-आफ्नो सम्प्रदाय र क्रम अनुसार रेखा भर्नुपर्दछ। यन्त्रलेखनको समयमा उपासकले आफ्नो सम्प्रदायक्रम अथवा कामनाअनुसार जहाँवाट पूजा प्रारम्भ गर्नुछ ठीक त्यही स्थानवाट रेखाको उपक्रम गरोस् र साथै जहाँ गएर पूजाको पर्यवसान गर्नुछ त्यहीँ नै त्यसको उपसंहार पनि गरोस्। चक्रका रेखाहरू यदि खोपेर वनाइएका छन् र गहिरा छन् भने ती रेखाहरूमा चन्दनादि भरेर मात्र पूजा गर्नुपर्दछ। यहाँ एउटा ध्यान दिनुपर्ने कुरा के छ भने पट, फलक, भित्ता आदिमा श्रीचक्र लेखेर पूजा गर्नु सर्वथा वर्जित छ।

स्वरूप–

बिन्दुदेखि लिएर भूपुरपर्यन्त श्रीचक्रलाई तीन रूपमा विभक्त गरिएको छ– सृष्टिचक्र, स्थितिचक्र र संहारचक्र। यसमा भूपुरदेखि अष्टदलसम्मलाई सृष्टिचक्र, चतुर्दशारदेखि अन्तर्दशारसम्मलाई स्थितिचक्र एवं अष्टारदेखि विन्दुसम्मलाई संहारचक्र मानिएको छ। यी तीन चक्रलाई 'त्रिपुर' पनि भनिन्छ। यही त्रिपुरस्वरूप श्रीचक्रकी प्रधान नायिका भएको कारणले यसकी अधिष्ठात्री भगवती आदिशक्ति 'श्रीमहात्रिपुरसुन्दरी' नामले प्रसिद्ध हुनुहुन्छ, जसको मुख्यस्थान विन्दु हो। विन्दु श्रीमहात्रिपुरसुन्दरीको प्रतीक पनि हो र वहाँको स्वरूपको द्योतक पनि हो। जसरी अन्यत्र विन्दुवाट नै सवै प्रकारका रेखा एवं कोण आदि बन्दछन्, त्यसरी नै यहाँ पनि विन्दुवाट नै श्रीचक्रका समस्त रेखा र कोणहरू बन्दछन्, जुन वास्तवमा सर्वदेवतास्वरूप हुन् र केन्द्रवर्ती प्रधानदेवताका विविध विभूतिस्वरूप हुन्। यस चक्रमा जुन भूपुर, वृत्त, त्रिकोण आदि अवयव छन् ती सवै नै तीन तीनको समूहरूपमा छन् तथा सवै यथायोग्य तीन गुण, तीन काल, तीन अवस्था, तीन लोक, तथा तीन देवता आदिका स्वरूपका द्योतक हुन्। त्रिकोणका तीन कोण जाग्रत्-स्वप्न-सुषुप्तिरूप तीन अवस्था हुन् भने बिन्दु चाहिँ तुरीय अवस्थास्वरूप हो र यही बिन्दु पुनः तुरीयातीत भएर एकरूप बन्दछ। यसरी यो नै वास्तविक तत्त्वस्वरूप हो र यसै तत्त्वबाट समस्त ब्रह्माण्डको उत्पत्ति, स्थिति र संहार पनि हुन्छ। यथा–

"तत्त्वाद् ब्रह्माण्डमुत्पन्नं तत्त्वेन परिवर्धते।
तत्त्वे विलीयते देवि ! तत्त्वाद् ब्रह्माण्डनिर्णयः ॥"

यो तत्त्वको तात्पर्य उनै परब्रह्मस्वरूपिणी अनन्तकोटिब्रह्माण्ड- नायिका महात्रिपुरसुन्दरीसँग छ। श्रीचक्रमा

बिन्दु उहाँको स्थान हो, प्रतीक हो र स्वरूप पनि हो। त्यसैले यो श्रीचक्र उहाँवाटै उत्पन्न विशाल ब्रह्माण्डस्वरूप मानिन्छ र श्रीचक्रमा उपासना गर्ने समयमा बिन्दुरूपमा अवस्थित उही अद्वितीय चित् शक्ति नै श्रीचक्रका समस्त आवरण देवताहरूका रूपमा अभिव्यक्त हुनुभएको छ भन्ने भावना गरिन्छ।

ब्रह्माण्डको प्रतीकका रूपमा श्रीचक्र–

जसरी पिण्डरूप यो व्यष्टि-शरीर, जसलाई पिण्ड-ब्रह्माण्ड पनि भनिन्छ, स्थूल-ब्रह्माण्डको प्रतीक मानिएको छ, त्यसै गरी श्रीचक्रलाई समस्त ब्रह्माण्डको प्रतीक मानिएको छ। जसरी ब्रह्माण्ड सृष्टि स्थिति संहाररूप अवस्थात्रयात्मक छ, त्यसरी नै यो देहरूप पिण्ड ब्रह्माण्ड पनि उक्त अवस्था-त्रयात्मक छ। अतः यो पिण्ड-शरीर ब्रह्माण्डको प्रतीक हो भने सृष्टि-स्थिति-संहाररूप तीन चक्रले युक्त भएको कारणवाट यो श्रीचक्र समस्त ब्रह्माण्डको प्रतीक हो। जसरी ब्रह्माण्डमा तीन लोक छन्, तीन गुण छन् र महत्तत्त्वादि सवै तत्त्व विद्यमान छन्, त्यसै गरी पिण्ड-ब्रह्माण्डमा मूलाधारदेखि लिएर ब्रह्मरन्ध्र पर्यन्त उक्त सवै लोक, सवै तत्त्व, सवै गुण र सवै अवस्था विद्यमान छन्। यसरी नै श्रीचक्रमा पनि भूपुरदेखि विन्दुसम्मका सवै अवयवहरूमा यथायोग्य सवै लोक, सवै अवस्था सवै तत्त्व र शरीरका सवै चक्रहरू तथा सवै धातुहरूको समन्वय हुने भएकोले श्रीचक्रलाई पिण्ड-ब्रह्माण्डको पनि प्रतीक मानिएको छ।

आगमहरूका अनुसार सय ब्रह्माण्डको एक 'विष्ण्वण्ड' हुन्छ। त्यसरी नै सय विष्ण्वण्डको एक 'प्रकृत्यण्ड', सय प्रकृत्यण्डको एक 'मायाण्ड' र सय मायाण्डको एक 'शक्त्यण्ड' मानिएको छ। त्यसकारण माथि मैले श्रीचक्रलाई जुन ब्रह्माण्डको प्रतीकस्वरूप वताएँ त्यहाँ ब्रह्माण्डको तात्पर्य यही 'शक्ति-अण्ड' सँग छ र यसरी यो श्रीचक्र

समस्त ब्रह्माण्डको प्रतीक हो र साथै अनन्तकोटिब्रह्माण्ड-नायिका श्रीमहात्रिपुरसुन्दरीको पनि प्रतीक हो ।

यसरी नै यो प्रणवस्वरूप शब्दब्रह्मको पनि प्रतीक हो । प्रणवमा अ,उ,म, नाद र विन्दु गरी जुन पाँच प्रधान अवयव छन् तथा वैखरी, मध्यमा, पश्यन्ती र परा जुन चार अवस्था अथवा रूप छन्, यी सबैको जसरी शरीरको स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध, आज्ञा एवं मूलाधारमा समन्वय हुन्छ ठीक त्यसरी नै श्रीचक्रको सृष्टि, स्थिति, संहार, अनाख्या र भासारूप पाँच क्रममा यथायोग्य समन्वय हुनजान्छ । भेद केवल यही हो कि प्रणवगत विन्दुको अव्यक्त अवस्थाको मूलाधारमा तथा व्यक्त अवस्थाको आज्ञाचक्रमा समन्वय हुनजान्छ । यसरी नै प्रणवमा जुन छत्तीस कला वा मात्राहरू छन् ती मध्ये उनन्तीस त्रिवृत्तमा रहन्छन् र तिनीहरू नै त्रिवृत्तका कालरात्रिदेखि लिएर हंसवतीसम्मका मातृकाहरू हुन् तथा तिनीहरू नै पिण्ड-शरीरका गर्भावस्था, वाल्यावस्था आदिदेखि निधनसम्मका एवं जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय र तुरीयातीतसम्मका अवस्थाहरू हुन् । यसप्रकार ब्रह्माण्ड, पिण्ड-ब्रह्माण्ड एवं प्रणव आदिको प्रतीकरूपमा श्रीचक्रलाई लिइएको छ, जसको विस्तृत वर्णन आगम तथा उपनिषद्हरूमा पाइन्छ ।

माथि मैले भूपुरदेखि विन्दुसम्मलाई सृष्टि आदि तीन चक्रमा विभाजित गरी तिनमा ब्रह्माण्डको सृष्टि, स्थिति र संहाररूप तीन अवस्थाको समन्वय हुने कुरा बताएको थिएँ । अव फेरि शरीरगत षट्चक्रसँग समन्वय गर्नको लागि एवं श्रीविद्याको उपासनाको लागि यसमा जम्मा पाँच क्रमको कल्पना गरिन्छ– सृष्टिचक्र, स्थितिचक्र, संहारचक्र, अनाख्याचक्र तथा भासाचक्र । यसमा भूपुर, त्रिवृत्त, षोडशदल र अष्टदल मिलेर 'सृष्टिचक्र', चतुर्दशार, बहिर्दशार र

अन्तर्दशार मिलेर 'स्थितिचक्र', अष्टार, त्रिकोण र विन्दु मिलेर 'संहारचक्र' तथा यिनको समष्टिमा द्वितीय बिन्दुसम्ममा 'अनाख्या' एवं तृतीय विन्दुसम्ममा 'भासा' हुन्छ । यथा–

"भूवृत्तशशिनागाढ्यं सृष्टिचक्रं वरानने ।
मनुदिग्दशकैर्युक्तं स्थितिचक्रं शुभावहम् ॥
वस्वग्निबिन्दुसंयुक्तं चक्रं संहारकं स्मृतम् ।
सर्वैश्चानाख्यचक्रं तु भावयेत् साधकोत्तमः ॥"

यसप्रकार सृष्टि, स्थिति, संहार, अनाख्या र भासा यी पाँचलाई क्रमशः स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा यी पाँचमा अन्तर्भूत मानिन्छ। यो एक प्रक्रिया हो, जसलाई श्रीमतमा 'श्रीकल्प' र 'श्रीक्रम' पनि भनिन्छ। तर कालीकल्पमा चाहिँ सृष्टिचक्र मूलाधारमा मानिन्छ। हुन त श्रीचक्रमा मुख्य तीन कल्प छन्– सुन्दरीकल्प, कालीकल्प र ताराकल्प, तर यी मध्ये ताराकल्पलाई दक्षिणाम्नायमा कालीक्रममा समन्वय गराइन्छ। अतः यहाँ मुख्य दुई कल्प वा क्रम मात्र रहन्छन् जसलाई 'श्रीक्रम' र 'कालीक्रम' भनिन्छ। यसमा पनि कालीलाई प्रधान मान्नेहरूले श्री (सुन्दरी) लाई तल राख्दछन् भने श्री (सुन्दरी) लाई प्रधान मान्नेहरूले कालीलाई तल राख्दछन्। यसप्रकार श्रीलाई माथि र कालीलाई तल राखेको स्थितिमा सामान्यतः मूलाधारदेखि विशुद्धसम्म 'कालीकल्प' हुन्छ एवं आज्ञाचक्रदेखि व्रह्मरन्ध्रसम्म 'श्रीकल्प' हुन्छ र जसले स्वाधिष्ठानमा सृष्टि मान्दछन् तिनीहरूले मूलाधारमा विश्रान्ति मान्दछन्। कहिलेकाहीं मूलाधारदेखि विशुद्धसम्म सृष्टि आदि पाँच क्रम र आज्ञादेखि व्रह्मरन्ध्रसम्म केवल भासा मानिन्छ। यसप्रकार यहाँ तलको मूलाधारवाट वा स्वाधिष्ठानवाट सृष्टि आदिलाई मानेर माथिको व्रह्मरन्ध्रस्थानीय विन्दुमा पुगी संहार मान्दछन्। यस प्रसङ्गमा आएको 'संहार' शव्द

'ध्वंस' अथवा 'नाश' को अर्थमा नभै 'लय' को अर्थमा प्रयुक्त भएको छ। यसरी कुनै मतमा जहाँबाट सृष्टि हुन्छ त्यहीँ आएर संहार अर्थात् लय हुन्छ भने कसै कसैले बिन्दुमा नै सृष्टि मानेर तल मूलाधारसम्म आई फेरि बिन्दुमा नै पुगेर त्यसको उपसंहार गर्दछन्।

श्रीविद्या-

'श्रीचक्र' श्रीविद्याको यन्त्र हो भन्ने कुरा मैले प्रारम्भमै उल्लेख गरिसकेको छु। अव यहाँ जिज्ञासा उत्पन्न हुन्छ कि यो 'श्रीविद्या' भनेको के हो ? र यसको अर्थ के हुन्छ ? 'श्रीविद्या' शव्दको अनेक व्युत्पत्ति हुनसक्दछ– श्रीस्वरूपा विद्या, श्री र विद्या, श्रीको अर्थात् श्रीविद्याको विद्या, श्रीप्रदात्री विद्या एवं श्रीप्राप्तिको विद्या आदि आदि।

'श्रीविद्या' एउटा समस्त शव्द हो र यसमा दुई भाग छ– 'श्री' र 'विद्या'। 'श्री' शव्दको अर्थ भिन्न भिन्न स्थलमा प्रसङ्गानुसार लक्ष्मी, सरस्वती, सम्पद्, शोभा आदि भिन्न भिन्न हुने भए तापनि यहाँ यसको प्रमुख अर्थ हुन्छ– उनै परमप्रकृतिरूप 'आदिशक्ति', किनभने शास्त्रमा यिनैलाई 'श्री' भनिएको छ– "त्वं श्रीस्त्वमीश्वरी" अर्थात् तपाईं नै श्री हुनुहुन्छ, तपाईं नै ईश्वरी हुनुहुन्छ ।

फेरि 'श्री' शव्दको व्युत्पत्तिवाट पनि यही अर्थ निस्कन्छ, जस्तो कि– "श्रीयते सर्वैरिति श्रीः।" किनभने 'श्री' शव्द 'श्रि' धातुबाट वनेको छ र 'श्रि' धातुको अर्थ हुन्छ– 'सेवा गर्नु'। यसरी नै 'आङ्' उपसर्गको योगमा यसको अर्थ हुन्छ– 'आश्रय गर्नु'। कहिलेकाहीँ विना उपसर्गको धातु मात्रले पनि सामर्थ्यद्वारा उपसर्गयुक्त अर्थको वोध गराउँदछ, जस्तो कि "श्रयत इन्दिरा शश्वदत्र हि" अर्थात् लक्ष्मी निरन्तर यहाँ (व्रजमा) आश्रय ग्रहण गर्नुहुन्छ।

यसरी सबैबाट सेवित र सबैको आश्रय भएबाट पनि 'श्री' शव्दले यहाँ उनै 'आदिशक्ति' लाई संकेत गरेको छ र वास्तवमा यिनै आदिशक्ति सम्पूर्ण जगत्को आधार तथा आश्रय पनि हुनुहुन्छ । यथा–

"आधारभूता जगतस्त्वमेका" अर्थात् जगत्को आधारस्वरूप केवल तपाईं नै हुनुहुन्छ । "सर्वाश्रयाखिलमिदं जगद्" अर्थात् सबैको

आश्रय भएर तपाईं नै यस सम्पूर्ण जगत्लाई ....।

यसरी नै शास्त्रमा यिनैलाई परमप्रकृति, आदिप्रकृति, मूलप्रकृति आदि भनिएको छ–

"प्रकृतिस्त्वं च सर्वस्य ।" "परमा प्रकृतिस्त्वमाद्या ।"

अव प्रसिद्धिको आधारबाट 'श्री' शव्दको अर्थ 'लक्ष्मी' नै मान्ने हो भनेता पनि यसको तात्पर्य यहाँ उनै आदिशक्तिसँग छ, किनभने तन्त्र-पुराण आदिमा जसरी उनलाई 'श्री' भनिएको छ, त्यसरी नै 'लक्ष्मी' पनि भनिएको छ । यथा–

"या श्रीः स्वयं सुकृतिनां भवनेषु" अर्थात् जो तपाईं पुण्यात्माहरूको घरमा स्वयं श्रीरूप हुनुहुन्छ

"सा श्रीः रुक्माम्बुजासना ।" अर्थात् सुवर्णकमलमा विराजमान श्री अर्थात् लक्ष्मी उनै आदिशक्ति हुन् ।

"श्रीः कैटभारिहृदयैककृताधिवासा ।" अर्थात् भगवान् विष्णुको हृदयकमलमा निवास गर्ने लक्ष्मी तपाईं नै हुनुहुन्छ ।

"या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता ।" अर्थात् जो देवी (आदिशक्ति) सवै प्राणीहरूमा लक्ष्मीरूपले स्थित हुनुहुन्छ ।

यसै गरी आदिशक्तिलाई नै सम्बोधन गरेर भनिएको छ– **"लक्ष्मि लज्जे महाविद्ये ।"** अर्थात् हे लक्ष्मी ! हे लज्जारूपिणी ! हे महाविद्यास्वरूपिणी ।

यसप्रकार माथिका वचनहरूबाट पनि 'श्री' शब्दको अर्थ यहाँ उनै 'आदिशक्ति' हुन् भन्ने सिद्ध हुन्छ ।

यसरी नै 'विद्या' शब्दको पनि अनेक अर्थ हुन्छ। 'विद्या' शब्द 'विद्' धातुबाट बन्दछ र 'विद्' को अर्थ हुन्छ– 'जान्नु' । यसकारण विद्या शब्दको मुख्य अर्थ हुन्छ– 'ज्ञान' । यसको अतिरिक्त विद्याकी अधिष्ठात्री देवता 'सरस्वती', विद्याको साधनस्वरूप 'शास्त्र' आदिमा पनि 'विद्या' शब्द प्रयुक्त हुन्छ र साथै वेद, पुराण एवं आगमशास्त्रहरूमा विशेषरूपले 'मन्त्रवर्णात्मक' देवता र तिनका उपासना-विधिलाई पनि 'विद्या' भनिएको छ। प्रसङ्ग र अवस्थानुसार 'श्रीविद्या' मा जुन 'विद्या' शब्द छ, त्यहाँ पनि पूर्वोक्त सबै अर्थहरू लागू हुनसक्छन् ।

अब म श्रीविद्याका भिन्न भिन्न व्युत्पत्तिमध्ये केहीको छोटकरीमा चर्चा गर्नेछु।

श्रीस्वरूपा विद्या–

सर्वप्रथम 'श्रीविद्या' को 'श्रीस्वरूपा विद्या' भन्ने अर्थलाई विचार गरौं। यहाँ 'श्री' शब्द र 'विद्या' शब्दको परस्पर सामानाधिकरण्य भएबाट यी दुईको परस्परमा अभेद सम्बन्ध छ। अर्थात् श्री र विद्याको यहाँ कुनै भेद छैन, दुवै एकै हुन्। माथि नै उल्लेख भइसकेको छ कि 'श्री' परमप्रकृतिस्वरूप आदिशक्ति हुन्, र उनै आदिशक्ति यहाँ 'विद्या' रूपमा अभिप्रेत छिन्। 'विद्या' शब्दको अर्थ 'ज्ञान' हो र ज्ञान हो परब्रह्म– "सत्यं ज्ञानमनन्तं ब्रह्म" । अतः

'श्री' शव्दवाच्य जो आदिशक्ति हुन्, उनै 'विद्या' शव्दवाच्य ज्ञानस्वरूप व्रह्म हुन्, किनभने परब्रह्म र परमप्रकृतिस्वरूप आदिशक्तिमा भेद छैन। जो परमप्रकृति हो त्यो परव्रह्मको नै स्वरूप हो। अब यसवाट यो सिद्ध हुन्छ कि ती चैतन्यस्वरूप परव्रह्म परमात्मादेखि अभिन्न जो साक्षात् परव्रह्मस्वरूपिणी चिन्मयी आदिप्रकृति हुनुहुन्छ, उहाँ नै 'श्री' हुनुहुन्छ र मन्त्रवर्णात्मक देवतारूपमा अभिव्यक्त भएर 'श्रीविद्या' नामले उपास्य हुनुहुन्छ। विद्याको अर्थ मन्त्रवर्णात्मक देवता पनि हो भन्ने कुरा सुरुमै उल्लेख भइसकेको छ।

श्री र विद्या–

वास्तवमा भन्ने हो भने 'श्रीविद्या' को अर्थ हो– श्री र विद्या। 'श्री' हुन् 'श्रीसुन्दरी' र 'विद्या' हुन् 'विद्याराज्ञी दक्षिणकाली'। यस सम्वन्धमा आगमोक्ति यस्तो छ–

"सा काली द्विविधा प्रोक्ता श्यामारक्ताप्रभेदतः।
श्यामा तु दक्षिणा प्रोक्ता रक्ता श्रीसुन्दरी मता॥"

अर्थात् 'ती काली श्यामा र रक्ताको भेदले दुई प्रकारकी छिन्, श्यामा 'दक्षिणकाली' हुन् भने रक्ता 'श्रीसुन्दरी' हुन्। यहाँ 'कालयति जगत् सर्वम्' इति काली' यो व्युत्पत्ति अनुसार 'काली' शव्दको तात्पर्य 'श्रीविद्या' सँग हुन्छ। यसप्रकार जसको श्रीसुन्दरी र विद्याराज्ञी अर्थात् त्रिपुरसुन्दरी र दक्षिणकाली दुवै रूपमा उपासना हुन्छ, तिनै हुन् 'श्रीविद्या'। किनभने श्रीविद्याको उपासनामा जुन तीन क्रम वा कल्प मानिएको छ ती मध्ये ताराकल्पलाई दक्षिणाम्नायमा कालीकल्पमा समन्वय गरिने भएकोले केवल दुई क्रम नै मुख्यरूपमा देखापर्छ। यी दुई क्रममध्ये पनि कसैले कालीलाई प्रधान मान्दछन् र कालीक्रमको अनुसरण गर्दछन् भने कसैले सुन्दरीलाई प्रधान मानी सुन्दरीक्रमको अवलम्वन गर्दछन्। काली वा सुन्दरी जुन क्रमको अवलम्वन गरे पनि

कुरो एकै हो, किनभने पछि गएर निर्वाण र सर्वाधिकार पश्चात् पूर्णमहाक्रम भएपछि श्रीसुन्दरी र विद्याराज्ञी दुवैको ऐक्य हुन्छ र साक्षात् परव्रह्मस्वरूपिणी मात्र रहनुहुन्छ। त्यसकारण तन्त्रले स्पष्टरूपमा भनेको छ– 'श्रीमहात्रिपुरसुन्दरी र कालीमा कुनै भेद छैन, जसले यी दुईलाई भेददृष्टिले हेर्दछ त्यो सीधै नरक जान्छ। यथा–

"महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा।
न तयोर्विद्यते भेदो भेदकृन्नरकं व्रजेत्॥"

यहाँ चण्डयोगेश्वरी भन्नाले काली भन्ने वुझ्नुपर्दछ। यसरी यी सवैको अभिप्राय यो हुन्छ कि उही एक आदिशक्ति नै उपासनाक्रमवाट अनेक रूपमा अभिव्यञ्जित भएर उपासना परिपूर्ण भएपछि पुनः उही एकरूपमा अर्थात् निजस्वरूपमा नै अवस्थित रहनुहुन्छ। यो नै उपासनाको चरम अवस्था हो। यसै अवस्थामा उपासक पनि तद्रूप भएर एक वन्न जान्छ र मोक्षरूप परमपुरुषार्थको भागी वन्दछ। यही श्रीविद्याको रहस्यार्थ हो र यहीँ आएर श्रीविद्याको उपर्युक्त दुवै 'श्रीस्वरूपा विद्या' तथा 'श्री र विद्याको' सुन्दर समन्वय हुनजान्छ एवं मन्त्रवर्ण, देवता, गुरु, साधक वा उपासक सबै एकरूप वन्न जान्छन्। शास्त्रले भनेको पनि छ–

"मन्त्ररूपा भवेद् देवी देवीरूपो गुरुर्भवेत्।
गुरुरूपो भवेदात्मा आत्मरूपी मनुर्भवेत्॥"

अर्थात् 'देवी मन्त्ररूप वन्दछिन्, गुरु देवीरूप वन्दछन्, आत्मा अर्थात् उपासक गुरुरूप वन्दछ र मन्त्र आत्मरूप वन्नजान्छ। अर्थात् साधकको आत्मासँग एकाकार हुनजान्छ र यही आत्मसंवित्तिरूप एकाकार अनुभवलाई विद्वान्हरूले 'विद्या' भनेका छन्। यथा–

"आत्माकारेण संवित्तिर्वुधैर्विद्येति गीयते।"

सबै प्रकारका विकल्पले रहित भएको कारणबाट यसैलाई परम तत्त्व भनिएको छ, किनभने जुन विकल्परहित तत्त्व हो त्यो नै परम तत्त्व हो । यथा–

"विकल्परहितं तत्त्वं परमित्यभिधीयते ।"

यसरी श्रीविद्याको 'श्री र विद्या' रूप अर्थ स्वीकार गर्दा पनि अन्ततोगत्वा यो एकरूपमा परिणत भएर एकै विद्या बन्नजान्छ । यो 'श्रीविद्या' को दोस्रो अर्थ हो ।

'श्री' को अर्थात् श्रीविद्याको विद्या–

'श्रीविद्या' लाई 'श्री' को अर्थात् 'श्रीविद्याको विद्या' रूप अर्थमा ग्रहण गर्दा पनि पूर्वोक्त रीतिले 'श्री' शब्दको उपर्युक्त 'श्रीविद्या' रूप नै अर्थ आउँछ र 'विद्या' को अर्थ हुन्छ– उनको मन्त्रवर्ण अथवा उपासना-क्रम । यसरी यहाँ पनि 'श्रीविद्या' को अर्थ उनको मन्त्र अथवा उपासनाविधि अथवा दुवै हुन्छ, जुन वास्तवमा तदाकार वृत्तिरूप हो र जसवाट उही परम तत्त्वरूप श्रीविद्याको उदय हुनसक्दछ ।

श्रीप्रदात्री विद्या–

अब श्रीविद्यालाई 'श्रीप्रदात्री विद्या' को रूपमा लिंदा खेरि पनि 'श्री' शव्दको अर्थ पूर्वोक्त अनादि चित् शक्तिरूप श्रीविद्याको सँगसँगै सामान्य लक्ष्मी, सरस्वती, शोभा, सम्पद्, विभूति आदि पनि गर्न सकिन्छ । यहाँ 'विद्या' को अर्थ चाहिँ पूर्वोक्त रीति अनुसार नै गर्नुपर्दछ । यसरी यहाँ 'श्रीविद्या' को अर्थ प्रसन्न अथवा परिपूर्ण भएपछि उपासकलाई लक्ष्मी, सम्पद्, विद्या, शोभा, विभूति आदि सवै प्रकारको 'श्री' प्रदान गर्ने विद्या भन्ने हुन्छ । यसप्रकार यहाँ पनि 'श्रीविद्या' को अर्थ मन्त्रवर्णात्मक देवता एवं उपासना दुवै हुनसक्दछ,

किनभने यी विद्याले केवल त्रिवर्गरूप 'श्री' मात्र नभै अपवर्गरूप 'श्री' पनि प्रदान गर्दछिन् । यथा–

"आराधिता सैव नृणां भोगस्वर्गापवर्गदा ।" अर्थात् आराधना गरेपछि उनै आदिशक्ति मनुष्यहरूलाई सुखभोग, स्वर्ग र अपवर्ग प्रदान गर्ने हुन्छिन् ।

श्रीप्राप्तिको विद्या–

यहाँ पनि 'श्री' शव्द र 'विद्या' शब्द दुवैका उपर्युक्त दुवै प्रकारका अर्थ ग्रहण गर्नसकिन्छ। यसरी परब्रह्मस्वरूपिणी आदिशक्तिरूप 'श्री' लाई अर्थात् परम पुरुषार्थलाई प्राप्त गराउने तथा लक्ष्मी, शोभा, सम्पद्, आदिरूप 'श्री' लाई अर्थात् त्रिवर्गलाई प्राप्त गराउने विद्या भएकीले पनि यिनलाई 'श्रीविद्या' भनिएको हो। उपासना सिद्ध भएपछि यिनवाट सवै प्रकारको 'श्री' अर्थात् धर्म-अर्थ-काम-मोक्षरूप चारै पुरुषार्थको प्राप्ति हुन्छ, अतः 'श्रीविद्या'लाई 'श्रीप्राप्तिको विद्या' पनि भन्न सकिन्छ ।

'श्रीप्राप्तिको विद्या' र 'श्रीप्रदात्री विद्या' यी दुवै अर्थ वास्तवमा एकै अभिप्रायका द्योतक हुन्, परन्तु प्रदान र प्राप्तिरूप भिन्नाधिकरण अर्थद्वयको गुण-प्रधान भावलाई लिएर नै मैले यी दुईलाई पृथक्‌रूपमा उल्लेख गरेको हुँ ।

यसप्रकार जुन 'श्रीविद्या' शव्दका कतिपय अर्थहरू यहाँ प्रस्तुत गरिए ती सवैको समन्वयस्थल हो– 'श्रीविद्या'। यही श्रीविद्या श्रीचक्रकी अधिष्ठात्री श्रीमहात्रिपुरसुन्दरी हुन् तथा यिनैलाई शास्त्रमा 'विद्या', 'महाविद्या', 'परमा विद्या' आदि आदि नामले सम्वोधन गरिएको छ । यथा–

"या देवी सर्वभूतेषु विद्यारूपेण संस्थिता ।" अर्थात् 'जुन देवी विद्यारूपले सवै प्राणीहरूमा अवस्थित हुनुहुन्छ ।'

"सर्वदेवमयी विद्या" अर्थात् 'सबै देवतामयी विद्या'

"सा विद्या परमा मुक्तेर्हेतुभूता सनातनी ।" अर्थात् 'मुक्तिको कारणस्वरूप उनै सनातनी देवी परमा विद्या हुन् ।'

"विद्यासि सा भगवती परमा हि देवि ।" अर्थात् 'हे देवि ! तपाईं नै भगवती परमा विद्या हुनुहुन्छ ।'

श्रीविद्याका पञ्चदशी, षोडशी आदि एवं दीपनी, कामराज आदि अनेक भेदहरू छन् । ती मध्ये कुनै मन्त्रवर्णमूलक छन् भन्ने कुनै चाहिँ भिन्न भिन्न उपासकहरूका उपासनामूलक । यिनमा षोडशाक्षरी भएको कारणले एउटा भेदलाई 'षोडशी' भन्दछन् । दश महाविद्या अन्तर्गतकी एक विद्यालाई पनि षोडशी भनिन्छ जो वास्तवमा लघुषोडशी हुन् खास षोडशी होइनन् । परन्तु केवल श्रीविद्यामात्रलाई पनि यहाँ षोडशी भनिन्छ । यथा–

"कामराजाख्यमन्त्रान्ते श्रीबीजेन समन्विता ।
षोडशाक्षरविद्येयं श्रीविद्येति प्रकीर्तिता ॥"

फेरि यिनैलाई भुक्ति मुक्ति प्रदान गर्ने 'ब्रह्मविद्या' पनि भनिएको छ । यथा–

"वर्णितुं नैव शक्येयं श्रीविद्या षोडशाक्षरी ।
ब्रह्मविद्यास्वरूपा हि भुक्तिमुक्तिफलप्रदा ॥"

त्यस्तै– "षोडशार्णा महाविद्या ।"

अतः यिनी परब्रह्मस्वरूपिणी हुन् । यथा–

"परब्रह्मस्वरूपा च ।"

अतः यिनै श्रीविद्या नै समस्त जगत्को कारण हुन्, सबैकी प्रकृति हुन्, जगत्की प्रतिष्ठा हुन्, सम्पूर्ण विश्वकी ईश्वरी हुन् तथा

समस्त ब्रह्माण्डमा व्याप्त भएर रहेकी छिन्। यिनै जगन्मयी हुन्, जगद्धात्री हुन्, सर्वेश्वरी हुन्, सर्वशक्तिमयी हुन्, सर्वलक्ष्मीमयी हुन्। यथा-

"......................जगत्कारणरूपिणीम्।
सर्वलक्ष्मीमयीं नित्यां सर्वशक्तिमयीं भजे।"

त्यसै गरी– 'हेतुः समस्तजगताम्', 'प्रकृतिस्त्वं च सर्वस्य', 'परमा प्रकृतिस्त्वमाद्या', 'नमः प्रकृत्यै भद्रायै', 'नमो जगत्प्रतिष्ठायै', 'विश्वेश्वरीं जगद्धात्रीम्', 'सैव सर्वेश्वरेश्वरी', 'विश्वेश्वरि त्वम्', 'व्याप्तं तयैतत् सकलं ब्रह्माण्डं मनुजेश्वर।' 'त्वयैकया पूरितमम्बयैतत्', 'नित्यैव सा जगन्मूर्तिः', 'त्वमीश्वरी देवि चराचरस्य', 'सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते।'

यो सम्पूर्ण जगत्को विस्तार यिनैबाट भएको छ। यथा–
'तया सर्वमिदं ततम्।', 'तया ततमिदं सर्वं जगद् .....।'

सम्पूर्ण जगत्को सृष्टि, स्थिति र संहार यिनैबाट हुन्छ र यिनै सबैकी शक्तिस्वरूपा हुन्, यिनै विश्वमातृका हुन्। यथा–

"त्वयैतद् धार्यते विश्वं त्वयैतत् सृज्यते जगत्।
त्वयैतत् पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा॥
विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने।
तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये॥"
"सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनि।"
"या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता।"
"या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता॥"

अतः विश्वमा जति विद्या र महाविद्याहरू छन् ती सबै यिनैका भेद हुन्, जति स्त्री छन् ती पनि सबै यिनैका भेद हुन्। यथा–

"विद्याः समस्तास्तव देवि भेदाः
स्त्रियः समस्ताः सकला जगत्सु ।"

र यही श्रीविद्या नै समस्त स्त्री एवं ब्रह्मा, विष्णु, शिव आदि सकल पुरुषहरूका रूपमा पनि प्रस्फुरित हुन्छिन् । यथा–

"योषित्पुरुषरूपेण स्फुरन्ती विश्वमातृका ।"

अग्निको विशाल राशिवाट अग्निकण वा भिल्का उठे भैं सम्पूर्ण मन्त्रवर्णहरू यिनैवाट अभिव्यक्त हुन्छन् । यथा–

"निःसरन्ति महामन्त्रा महाग्नेर्विस्फुलिङ्गवत् । "

तसर्थ यिनलाई 'महामाया', 'महाविद्या', 'महामोहा', 'महादेवी' आदि आदि भनिएको छ । यथा–

"महाविद्या महामाया महामेधा महास्मृतिः ॥
महामोहा च भवती महादेवी महेश्वरी ।
ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ॥
बलादाकृष्य मोहाय महामाया प्रयच्छति । "

अर्थात् महामाया भगवतीले ज्ञानीहरूको चित्तवृत्तिलाई पनि वलात् तानेर मोहमा पारिदिनु हुन्छ। त्यसकारण नै जगदीश्वरी भगवतीलाई महामाया भनिएको हो । यथा–

"महामायेति सम्प्रोक्ता तेन सा जगदीश्वरी । "

विष्णुपुराणमा पनि नाना प्रकारको विद्याको रूपमा यिनको वर्णन गरिएको छ । यथा–

"यज्ञविद्या महाविद्या गुह्यविद्या च शोभने ।
आत्मविद्या च देवि ! त्वं विमुक्तिफलदायिनी ॥"

यति हुँदा हुँदै पनि यी 'श्रीविद्या' न स्त्री हुन् न पुरुष हुन् न त स्त्रीपुंभिन्न तृतीय लिङ्ग नै हुन् । शास्त्रहरूले यिनलाई केवल निष्कल र निरञ्जन मानेको छ । यथा–

न स्त्री त्वं न पुमाँल्लोके ।

न स्त्री न षण्डो न पुमानजेशितुः ।

यसैले भनिएको छ– **श्रीविद्यैव हि मन्त्राणाम्** । अर्थात् मन्त्रहरूमध्ये श्रीविद्या नै श्रेष्ठ हो ।

श्रीविद्याको उपासनाक्रम -

श्रीविद्याको उपासनाका मुख्य तीन क्रम छन्– 'कालीक्रम', 'सुन्दरीक्रम' एवं 'ताराक्रम' । यिनमा कालीक्रमलाई 'कुण्डलिनीक्रम' तथा 'कादि विद्या' पनि भनिन्छ। यो क्रम सत्त्वगुणप्रधान छ। सुन्दरीक्रमलाई 'हंसक्रम' तथा 'हादिविद्या' पनि भन्दछन् र यो रजोगुणप्रधान छ । यसैगरी ताराक्रमलाई 'संवरोधिनीक्रम' तथा 'सादि विद्या' भन्दछन् र यो तमोगुणप्रधान छ । यही तीन क्रम 'दीक्षा' को नामले प्रसिद्ध छ र यी तीन क्रम पूर्ण भएपछि साधक शिवस्वरूप बन्दछ । यथा–

"सुन्दरी तारिणी काली क्रमदीक्षाभिगामिनी ।

क्रमपूर्णो महेशानि क्रमाच्छम्भुर्भविष्यति ।"

यो क्रम सबै आम्नायहरूमा छ र यिनमा प्रत्येकको पञ्चक्रमबाट उपासना हुन्छ। यो उपासना प्रातःकालदेखि मध्यरात्रिसम्म क्रमशः पञ्च-सन्ध्यारूपमा हुन्छ। यिनमा प्रत्येक क्रममा 'विद्या' भिन्न भिन्न समयमा भिन्न भिन्न रूपले उपास्या हुन्छिन् । कादि-विद्यारूपा जो काली हुन्, तिनको क्रममा प्रातः 'कामकलाकाली', मध्याह्नमा 'भुवनेश्वरी', सायंकालमा 'चामुण्डा',

रात्रिमा 'समयकुब्जिका' तथा मध्यरात्रिमा 'कादि-पञ्चदशी' को उपासना हुन्छ। हादि-विद्यारूपा जो महात्रिपुरसुन्दरी छिन्, तिनको क्रममा प्रातः 'आद्याकाली', मध्याह्नमा 'तारा', सायंकालमा 'छिन्नमस्ता', रात्रिमा 'वगला' तथा मध्यरात्रिमा 'हादि-पञ्चदशी' को उपासना हुन्छ। यसरी नै सादि-विद्यारूपा जो तारा छिन्, तिनको क्रममा प्रातः अनिरुद्ध-सरस्वतीको रूपमा 'दक्षिणकाली', मध्याह्नमा 'तारा', सायंकालमा 'वाला', रात्रिमा 'ज्ञानसरस्वती' तथा मध्यरात्रिमा 'सादि-पञ्चदशी' को उपासना हुन्छ। यसमा ताराक्रमवाट पृथक् उपासना नगर्नेहरूले 'कहादि' (कादि +हादि) विद्याद्वारा नै ताराक्रमको पूर्ति गर्दछन्। यसका अतिरिक्त श्रीविद्याको अरु पनि क्रमभेद छ, जसमा त्रिक्रम, पञ्चक्रम, नवक्रम, लघुक्रम तथा महाक्रमदेखि लिएर पूर्ण महाक्रमसम्म उपासना हुन्छ। यसरी जवसम्म क्रमदीक्षावाट पुरश्चरण गर्दै अघि वढ्दैन, तवसम्म उपासनाको यथार्थ फल, जुन शास्त्रमा वर्णित छ, प्राप्त हुँदैन। उपासना लोम-विलोम दुवै क्रमवाट गर्न सकिन्छ र अवस्था-विशेषमा गरिएको विलोमक्रम सद्यः फलदायक पनि हुन्छ।

आम्नायभेद–

श्रीविद्याका प्रधान छ आम्नायहरू छन् जुन पूर्वादि चार दिशा तथा उर्ध्व र अधः समेत गरी छ दिशाहरूका नामले प्रसिद्ध छन्। यसका अतिरिक्त ईशानादि चार उपदिशाका नामले प्रसिद्ध अरु चार आम्नायहरू पनि छन् जसलाई चार उपाम्नाय भन्दछन्। यी चार उपाम्नायहरू, चार दिशाका आ-आफ्ना मुख्य आम्नायसँग यथायोग्य मिलेका हुन्छन् त्यसैले आम्नाय मुख्यतया छ नै मानिन्छ– पूर्वाम्नाय, दक्षिणाम्नाय, पश्चिमाम्नाय, उत्तराम्नाय एवं उर्ध्वाम्नाय तथा अधराम्नाय। गणनाक्रममा अधराम्नाय यद्यपि यहाँ अन्त्यमा आएको छ

तथापि उपासनाक्रममा यसलाई सबैभन्दा अघि अर्थात् प्रारम्भमै राखिन्छ। यी छ आम्नायहरूमा प्रत्येकको सृष्टि, स्थिति, संहार, अनाख्या र भासा यी पाँच क्रम हुन्छन्, जसको मूलाधारदेखि लिएर आज्ञाचक्रसम्ममा (मतान्तरमा ब्रह्मरन्ध्रसम्ममा) समन्वय हुनजान्छ। यिनमा प्रत्येककी आम्नायनायिका हुन्छिन्। जस्तो कि अधराम्नायकी 'तारा', पूर्वाम्नायकी 'भुवनेश्वरी', दक्षिणाम्नायकी 'दक्षिणकाली', पश्चिमाम्नायकी 'कुब्जिका', उत्तराम्नायकी 'गुह्यकाली', एवं ऊर्ध्वाम्नायकी 'बाला महात्रिपुरसुन्दरी'। यसरी नै प्रत्येक उपाम्नायकी पनि आम्नायनायिका हुन्छिन्। यिनमा सप्तशती चण्डीमा वर्णित महाकाली, महालक्ष्मी, महासरस्वती र चामुण्डा क्रमशः ईशान, आग्नेय, वायव्य र नैर्ऋत्यकी नायिका हुन्। यी छ आम्नायहरूमध्ये पूर्वाम्नाय, दक्षिणाम्नाय तथा पश्चिमाम्नायको पञ्चक्रमको अन्तर्गत जुन सृष्टि, स्थिति, संहार क्रम छन्, तिनमा प्रत्येकका भिन्न भिन्न चक्र, मुद्रा, दर्शन, योगिनी, सिद्धि तथा चक्रनायिका हुन्छन् जसको संक्षिप्त वर्णन यथास्थान गरिने नै छ। यिनमा अनाख्या र भासाको आ-आफ्नो आम्नायक्रमको समष्टिचक्रमा पूजा हुने भएकोले पृथक चक्र, मुद्रा आदि हुँदैन। यसरी नै अधराम्नाय, उत्तराम्नाय र ऊर्ध्वाम्नायको पनि समष्टिमा (विन्दुदेखि भूपुरपर्यन्तमा) पूजा हुने भएकोले यिनको पनि आफ्नो पृथक् मुद्रा, दर्शन आदि हुँदैन, परन्तु निर्वाणविद्या, शाम्भव, पाशुपत आदि चाहिँ छ आम्नायकै पृथक् पृथक् हुन्छन्। फेरि यसमा पछि गएर विन्दुदेखि ब्रह्मरन्ध्रसम्म पञ्चदशी, षोडशी, महाषोडशी, सप्तदशी, अष्टादशी आदि र 'निर्वाणसुन्दरी', 'सर्वाधिकार शाम्भवी', 'महापादुका', 'अनुत्तरवादिनी', 'सर्वाम्नाय-सर्वाधिकार', एवं 'समया विद्या', 'षोडशचक्रेश्वरी', 'समया नित्या', 'दश महाविद्या', 'पञ्चसिंहासन', 'पञ्चपञ्चिका', 'षडाम्नाय समया',

'नवरत्नकुब्जिका', 'नवरत्नसुन्दरी' तथा 'अलेखनी आदि सबैको यथायोग्य समावेश हुनजान्छ ।

यसप्रकार सबै आम्नायहरूमा प्रत्येक देवताको मूल (मन्त्र), न्यास, ध्यान तथा पञ्चाङ्ग (स्तोत्र) आदि हुन्छ । यी मध्ये उपर्युक्त जुन 'अलेखनी' विद्या छ, त्यो सुन्दरी र काली दुवैको एकै हो । आचार्यहरूले केवल बुझाउनका लागि मात्र एउटालाई 'अनुलोम' र अर्कोलाई 'विलोम' मानेर पृथक् उल्लेख गरेका हुन् । अर्थात् श्रीक्रमको अलेखनीलाई विलोम गरेर कालीक्रममा मनन गरिन्छ । यसैगरी पञ्चदशी आदि विद्यामा जब पञ्चदशी (लघुषोडशी) मूल देवता हुन्छिन्, त्यस अवस्थामा बाला महात्रिपुरसुन्दरी चक्रनायिका हुन्छिन् । यसरी नै षोडशी (महात्रिपुरसुन्दरी) मूलविद्या भएको स्थितिमा पञ्चदशी चक्रनायिका, सप्तदशी मूलविद्या भएको अवस्थामा षोडशी चक्रनायिका एवं अष्टादशी मूलविद्या भएको अवस्थामा सप्तदशी चक्रनायिका हुन्छिन् ।

अब यहाँ आम्नायक्रमलाई समष्टिमा समन्वय गरेर आ-आफ्नो दीक्षावमोजिम पूर्णभिषेकदेखि दिव्यसाम्राज्यमेधासम्म क्रमशः पुष्पाञ्जलि दिएर पञ्चदशी, षोडशी आदि सबै विद्याको पूजा बिन्दुमा नै गरिन्छ ।

यसैगरी 'समया विद्या', 'समया नित्या' आदि जुन विद्याहरू छन्, ती सबै निर्वाणोपासनामा गएर निर्वाणविद्याको रूपमा परिणत हुन्छन् र यथाक्रम एकपछि अर्कोमा लीन हुँदै अन्ततः एक निर्वाणविद्या बन्नपुग्दछन् । यो सबै क्रमोपासनाबाटै हुन्छ ।

उपासना-क्रममा ब्राह्ममुहूर्त देखि मध्यरात्रिसम्म अनेक क्रियाकलाप हुन्छ । यी मध्ये सर्वप्रथम गरिने क्रिया प्रातःकृत्य हो । यो प्रातःकृत्य आम्नायभेदले भिन्न भिन्न प्रकारको हुन्छ । यसैगरी एउटा

सर्वाम्नायात्मक प्रातःकृत्य पनि हुन्छ। प्रातःकृत्य मा सर्वप्रथम चिन्तन गरिन्छ। चिन्तनमा पनि गुरुपादुकाको चिन्तन सबभन्दा पहिले हुन्छ। त्यसपछि यथाक्रम चक्र, देवता आदिको चिन्तन गरिन्छ। सर्वोत्तम क्रममा प्रातःकृत्यमा चक्रहरूको चिन्तनका साथै आम्नायनायिकाहरूको पनि चिन्तन हुन्छ र यसमा आश्रमभेदले पनि भेद हुन्छ।

प्रस्तुत क्रममा मूलविद्याचिन्तनको समयमा मूलाधारमा 'वाग्भवकूट' र 'वागधीश्वरी' को, हृदयमा 'कामराजकूट' र 'कामेशी' को तथा आज्ञाचक्रमा 'शक्तिकूट' र आदिशक्ति' को चिन्तन हुन्छ। त्यसपछि ब्रह्मरन्ध्रमा मूलविद्या 'श्रीमहात्रिपुरसुन्दरी' को ध्यान गरिन्छ र साथै शरीरका षट्चक्रहरूमा छ वटै आम्नायनायिकाहरूको पनि चिन्तन गरिन्छ। अभेद चिन्तनमा चाहिँ मूलाधारदेखि ब्रह्मरन्ध्रपर्यन्त नै केवल ब्रह्मविद्याको भावना गरिन्छ।

यस उपासनामा मातृका, मालिनी, लघुषोढा, महाषोढा आदि धेरै प्रकारका न्यासहरूको उल्लेख गरिएको पाइन्छ, जसको प्रयोगबाट उपासक देवतास्वरूप र उसको शरीर मन्त्रमय बन्दछ। यी मध्ये मूलन्यास र षोढान्यास पृथक् पृथक् आम्नायक्रमको उपासनामा पृथक् पृथक् नै हुन्छन्।

उपासनाका दुई रूप–

उपासनाको पनि मुख्य दुई रूप हुन्छ– एउटा 'बाह्य' र अर्को 'आभ्यन्तर' जसलाई क्रमशः 'वहिर्याग' र 'अन्तर्याग' पनि भन्दछन्। आध्यात्मिक तत्त्वहरूलाई नै उपकरण मानेर मानसपूजाको रूपमा ध्यान, धारणा आदिद्वारा जुन आराधना गरिन्छ त्यसलाई अर्न्तयाग भन्दछन्। यो भावनात्मक हुन्छ र यसको साधार एवं निराधार गरी दुई भेद हुन्छ। बाह्य जगत्को भौतिक उपकरण आदिद्वारा जुन पूजा-आराधना गरिन्छ, त्यसलाई 'वहिर्याग' भन्दछन्। यो क्रियात्मक हुन्छ र

यसको पनि वैदिक एवं तान्त्रिक दुई मुख्य भेद हुन्छ। यसको सविस्तार वर्णन सूतसंहिता आदि ग्रन्थहरूमा पनि पाइन्छ।

यसप्रकार श्रीचक्रमा नित्य, नैमित्तिक, काम्य एवं बहिर्याग, अन्तर्याग आदिको रूपमा नाना प्रकारबाट श्रीविद्याको उपासना हुन्छ। तर यी मध्ये ध्यानयोगात्मक आभ्यन्तर उपासनाको समयमा भने शरीरमा नै श्रीचक्रको भावना गरेर श्रीचक्रको सम्पूर्ण क्रमलाई शरीरगत चक्रहरूमा समन्वय गरी ऐकात्म्यभावद्वारा उपासना गरिन्छ। यसमा मूलाधारदेखि लिएर ब्रह्मरन्ध्रपर्यन्त अधरादि आम्नायहरूका तारा, भुवनेश्वरी आदिलाई यथाक्रम एकलाई अर्कोमा उत्तरोत्तर लीन गर्दै बालारूपमा पुगी बालालाई पनि सर्वाम्नायेश्वरी श्रीमहात्रिपुरसुन्दरीमा लीन गरेपछि एकरूप हुनजान्छ र यहीं आएर दीक्षाको चौसठ्ठीऔं क्रम पूर्ण हुन्छ।

यसप्रकार श्रीविद्याको उपासनाक्रममा अधराम्नायदेखि लिएर ऊर्ध्वाम्नायसम्मको क्रमोपासनाबाट उत्तरोत्तर शब्दयोग, मन्त्रयोग, भक्तियोग, कर्मयोग एवं ज्ञानयोग प्राप्त भएर अन्तमा कैवल्य-मोक्षरूप परमपुरुषार्थ प्राप्त हुन्छ। यसमा मन्त्रयोग आदि सिद्ध भएपछि अन्तराय-निवृत्ति, ऐहिक सुख-प्राप्ति आदि पनि अनायास नै हुन थाल्दछ र साधना निर्बाधरूपले अघि बढ्दै जान्छ र चरम सीमामा पुगी परम पुरुषार्थको प्राप्ति हुनजान्छ। यही नै यस उपासनाको मुख्य फल हो। अरु जति पनि सिद्धिहरू यो उपासना क्रममा प्राप्त हुन्छन्, ती एक प्रकारले सबै गौण फल हुन् र केवल निर्वाणसाधनाको मार्गमा सहयोगीको रूपमा उपस्थित हुन्छन्। किनकि वास्तविक उपासकले यदि बीच बीचमा स्वतः उपस्थित हुने सिद्धिहरूलाई नै मुख्य फल ठान्न थालेमा उ मार्गमा नै अलमलिन जान्छ र चरम सिद्धिको प्राप्तिबाट वञ्चित रहनजान्छ।

श्रीचक्र सबै प्रकारका उपासना र उपासकहरूका लागि पनि उपयुक्त हुन्छ। यस्ता उपासकले श्रीचक्रमा आफ्ना इष्टदेवताको श्रीविद्याको रूपमा आराधना गर्दछन्। रामभक्तले 'रामसुन्दरी' को नामबाट, कृष्णभक्तले 'गोपालसुन्दरी' को नामबाट श्रीविद्याको पूजा गर्दछन् भने 'नृसिंहसुन्दरी' 'वराहसुन्दरी' आदि आदिको पनि श्रीचक्रमा तिनका उपासकहरूले पूजा गर्दछन्।

उपसंहार

यसप्रकार श्रीविद्याको उपासना अत्यन्त रहस्यमय एवं निगूढ विषय हो, जसको वर्णन उनै परब्रह्मस्वरूपिणी परमेश्वरीको वास्तविक उपासक र कृपापात्र ठूला ठूला सिद्धले पनि गर्न सक्दैनन् भने हामी जस्ता नगन्य जीवको त प्रश्नै उठ्दैन। तथापि यस लेखकले यहाँ जुन धृष्टता प्रदर्शन गरेको छ, त्यो केवल उनकै प्रेरणाबाट शिलोञ्छरूपमा यत्र-तत्रबाट संग्रहीत उनैको ज्योतिःपुञ्जको लेशको छरिएका सूक्ष्मकणरूप शब्दावलीको संग्रह, सर्वजनहिताय अनन्तकोटिब्रह्माण्ड-नायिका उनै जगदम्बाको सेवामा समर्पण गर्ने दुःसाहसमात्र हो।

अन्तमा मेरो मन्तव्य के छ भने जसरी नाना तत्त्वहरूबाट निर्मित यो पाञ्चभौतिक शरीरको कतै कुनै अङ्ग यदि अपूर्ण भए, विकृत भए अथवा विकल भएमा त्यस शरीरले पूरा काम दिन सक्दैन, अथवा कुनै यन्त्र वा मेसिनको कुनै पूर्जा नभए वा बिग्रेमा त्यसबाट फलोत्पादनको त के कुरा स्वयं यन्त्र नै यदाकदा पूर्णतया बेकम्मा वा निश्चेष्ट नै बन्न जान्छ, त्यसरी नै सबै क्रियाकलाप विशेषतः उपासनामा कुनै अङ्ग वा क्रिया छुट्न गएमा त्यो उपासना अपूर्ण नै रहन्छ र त्यस्तो अपूर्ण उपासनाबाट पूर्ण सिद्धि कहिले पनि प्राप्त हुन सक्दैन। यसैले श्रीचक्रमा जुन कतिपय आम्नाय, कतिपय क्रम र कतिपय क्रियाकलाप आदिद्वारा श्रीविद्याको उपासना गर्ने गरिन्छ,

त्यसमा केवल लेशमात्र पनि खण्डित भएमा सम्पूर्ण उपासना नै अपूर्ण रहन जान्छ। जसरी हुन्छ सबै अङ्गलाई ठीक ठीक क्रमले पूरा गरेर उपासना गर्नुपर्दछ अनि मात्र उपासना पूर्ण हुन्छ र त्यसबाट सिद्धिलाभ हुन्छ।

सामीप्यार्थक 'उप' उपसर्ग र उपवेशनार्थक 'आस्' धातु मिलेर वनेको यस 'उपासना' शब्दको अर्थ हुन्छ–समीप बसाउने वा समीप वस्नु। अर्थात् जुन परिपूर्ण भएपछि इष्टदेवताको 'सान्निध्य' प्राप्त हुन्छ, 'इष्टसिद्धि' हुन्छ, त्यही 'उपासना' हो।

अब म श्रीचक्रमा श्रीविद्याको उपासनासम्बन्धी केही प्रमुख अंगहरूले युक्त संक्षिप्त तालिकाको एउटा विवरण र क्रमदीक्षाको विवरण पनि प्रस्तुत गर्दछु। यसवाट जिज्ञासु पाठकहरूलाई थोरै मात्र पनि लाभ पुग्न गएमा लेखनीले आफूलाई कृतकृत्य ठान्नेछ।

श्रीचक्रको संक्षिप्त विवरण-

(दक्षिणामूर्तिसम्प्रदायानुसारी)

अधराम्नाय

मूलाधार	–	गणपति, शाकिनी, वर्णमातृका व-स, अस्थिधातु, गुह्यस्थान।
विश्रान्तिचक्र	–	नायिका–तारा, निर्वाणविद्या–उग्रतारा, नवात्मकेश्वरशाम्भव, अक्षोभ्यभैरव।
आम्नायनायिका	–	सृष्टि–तारिणी, स्थिति–एकजटा, संहार–नीलसरस्वती, अनाख्या–महोग्रतारा, भासा–उग्रतारा, पादुका, महाषोढा।
सिद्धि	–	शव्दयोगसिद्धि

यहाँ पञ्चमी विद्या उग्रतारा नै सृष्टि स्थिति संहार तीनैकी नायिका मानिन्छिन् ।

पूर्वाम्नाय

स्वाधिष्ठान – ब्रह्मा, काकिनी, वर्णमातृका ब-ल, मेदोधातु, लिङ्गमूल ।

सृष्टिचक्र – नायिका–भुवनेश्वरी, निर्वाणविद्या–भुवनेश्वरी, द्वीपेश्वरशाम्भव, सृष्टि-पाशुपत, सदाशिव भैरव, पूर्वाम्नाय पादुका, पूर्वाम्नाय सर्वाधिकार, कामेश्वरी समया नित्या,

भूपुर – सृष्टिसृष्ट्यात्मकचक्र, त्रैलोक्यमोहनचक्र, सर्वसंक्षोभणी मुद्रा, चार्वाकदर्शन, ईशित्वादि प्रकटयोगिनी, अणिमा सिद्धि, चक्रनायिका–त्रिपुरा, आम्नायनायिका–उन्मनी, प्रथम भूपुरमा अणिमादि दशसिद्धि, द्वितीय भूपुरमा ब्राह्मी आदि अष्टमातृका, तृतीय भूपुरमा सर्वसंक्षोभणी आदि दशमुद्रा ।

त्रिवृत्त – सृष्टि-सृष्टिचक्र, त्रिवर्गसाधनचक्र, महायोनिमुद्रा, स्मार्तदर्शन, कालरात्री आदि मातृकायोगिनी, गरिमा सिद्धि, चक्रनायिका–त्रिपुरेशिनी, आम्नायनायिका–उन्मनी ।

प्रथमवृत्त – कालरात्री आदि २९ मातृका ।

द्वितीयवृत्त – अमृतादि १६ मातृका ।

तृतीयवृत्त – कामेश्वरी आदि १६ नित्या ।

षोडशदल – सृष्टि-स्थित्यात्मकचक्र, सर्वाशापरिपूरकचक्र, सर्वविद्राविणीमुद्रा, बौद्धदर्शन, कामाकर्षिणी आदि गुप्तयोगिनी, लघिमा सिद्धि, चक्रनायिका–त्रिपुरेशी आम्नायनायिका–अन्नपूर्णा वा पूर्णेश्वरी, षोडशदल कामाकर्षिणी आदि १६ कला ।

अष्टदल – सृष्टि-संहारात्मकचक्र, सर्वसंक्षोभणचक्र, सर्वाकर्षिणी मुद्रा, गाणपतदर्शन, अनङ्गकुसुमादि आठ गुप्ततरयोगिनी, महिमा सिद्धि, चक्रनायिका–त्रिपुरसुन्दरी, आम्नायनायिका–भुवना, अष्टदल अनङ्गकुसुमादि आठ देवी ।

समष्टिचक्र – भूपुरदेखि अष्टदलपर्यन्त सृष्टि-अनाख्याचक्र, चक्रनायिका – भुवनेशी आम्नायनायिका – भुवनेशी ।

समष्टिचक्र – भूपुरदेखि अष्टदलपर्यन्त सृष्टि-भासाचक्र, चक्रनायिका–भुवनेश्वरी,

आम्नायनायिका–भुवनेश्वरी, पादुका, महाषोढा ।

सिद्धि – मन्त्रयोगसिद्धि

यहाँ पञ्चमी विद्या भुवनेश्वरी नै सृष्टि-स्थिति-संहार तीनैकी नायिका मानिन्छिन् ।

त्रिवृत्तकी उन्मनी भूपुरकी उन्मनी भन्दा केही भिन्न छिन् । अनाख्या तथा भासाका आम्नायनायिकाहरूको पूजा योगिनीहरूका साथ हुन्छ । योगिनीहरू चक्रनायिकाको दायाँपट्टि र मुद्राहरू बायाँपट्टि रहन्छन् ।

दक्षिणाम्नाय

मणिपूर – विष्णु, लाकिनी, वर्णमातृका ड-फ, मांसधातु, नाभिस्थान ।

स्थितिचक्र – नायिका–विद्याराज्ञी दक्षिणकाली, निर्वाणविद्या–दक्षिणकाली, संवर्त्तेश्वर शाम्भव, स्थितिपाशुपत, महाकालभैरव, दक्षिणाम्नायपादुका, दक्षिणाम्नाय सर्वाधिकार, भगमालिनी समयानित्या ।

चतुर्दशार – स्थिति-सृष्ट्यात्मकचक्र, सर्वसौभाग्यदायकचक्र, सर्ववशंकरीमुद्रा, सांख्यदर्शन, सर्वसंक्षोभिणी आदि चौध सम्प्रदाययोगिनी, ईशित्व सिद्धि, चक्रनायिका–त्रिपुरवासिनी,

		आम्नायनायिका–आद्याकाली, संक्षोभणी आदि शक्ति ।
बहिर्दशार	–	स्थिति-स्थित्यात्मकचक्र, सर्वार्थसाधकचक्र, सर्वोन्मादिनीमुद्रा, वैदिकदर्शन, सर्वसिद्धिप्रदा आदि दश कुलकौलयोगिनी, वशित्व सिद्धि, चक्रनायिका–त्रिपुराश्री, आम्नायनायिका–परमाद्याकाली, सर्वसिद्धिप्रदा आदि दश योगिनी ।
अन्तर्दशार	–	स्थिति-संहारात्मकचक्र, सर्वरक्षाकरचक्र, महाङ्कुशमुद्रा, सौरदर्शन, सर्वज्ञादि दश निगर्भयोगिनी, प्राकाम्य सिद्धि, चक्रनायिका–त्रिपुरमालिनी, आम्नायनायिका–सिद्धिकाली, सर्वज्ञा आदि दश योगिनी ।
समष्टिचक्र	–	चतुर्दशारदेखि अन्तर्दशारपर्यन्त–स्थिति-अनाख्याचक्र, चक्रनायिका–श्यामाकाली, आम्नायनायिका–श्यामाकाली ।
समष्टिचक्र	–	चतुर्दशारदेखि अन्तर्दशारपर्यन्त–स्थिति-भासाचक्र, चक्रनायिका–विद्याराज्ञी दक्षिणकाली, आम्नायनायिका–विद्याराज्ञी दक्षिणकाली, पादुका, महाषोढा ।
सिद्धि	–	भक्तियोगसिद्धि

यहाँ पञ्चमी विद्या दक्षिणकाली नै सृष्टि स्थिति संहार तीनैकी नायिका मानिन्छिन् र प्रातः मध्याह्न एवं सायंमा केही भेदका साथ पूजिन्छन् ।

पश्चिमाम्नाय

अनाहत	–	शिव, राकिनी, वर्णमातृका क-ठ, असृग्धातु, हृदयस्थान ।
संहारचक्र	–	नायिका– कुब्जिका, निर्वाणविद्या– कुब्जिका, हंसेश्वरशाम्भव, संहारपाशुपत, शिखास्वच्छन्द (कुब्जिकेश्वर) भैरव, पश्चिमाम्नायपादुका, पश्चिमाम्नाय सर्वाधिकार, वज्रेश्वरी समयानित्या ।
अष्टार	–	संहार-सृष्टयात्मकचक्र, सर्वरोगहरचक्र, खेचरीमुद्रा, वैष्णवदर्शन, वशिनी आदि आठ रहस्ययोगिनी, भुक्ति सिद्धि, चक्रनायिका– त्रिपुरासिद्धा, आम्नायनायिका– समयकुब्जिका, वशिनी आदि वाग्देवता ।
त्रिकोण	–	संहार-स्थित्यात्मकचक्र, सर्वसिद्धिप्रदचक्र, बीजमुद्रा, शाक्तदर्शन, कामेश्वरी आदि अतिरहस्ययोगिनी, इच्छा सिद्धि, चक्रनायिका– त्रिपुराम्बा, आम्नायनायिका– घोरकुब्जिका, कामेश्वरी आदि देवतात्रय एवं परौघ तथा नित्या (त्रिवृत्तको नित्या भन्दा

		भिन्न), अष्टार र त्रिकोणको अन्तरालमा गुरुपंक्ति– दिव्यौघ, सिद्धौघ, मानवौघ ।
बिन्दु	–	संहार-संहारात्मकचक्र, सर्वानन्दमयचक्र, सर्वयोनिमुद्रा, शैवदर्शन, पञ्चदशी आदि परापर रहस्ययोगिनी, प्राप्ति सिद्धि, चक्रनायिका–त्रिपुरभैरवी, आम्नायनायिका– वीरकुब्जिका, बिन्दु–महात्रिपुरसुन्दरी ।
समष्टिचक्र	–	अष्टारदेखि बिन्दुपर्यन्त– संहार-अनाख्याचक्र, चक्रनायिका–वज्रकुब्जिका, आम्नायनायिका–वज्रकुब्जिका ।
समष्टिचक्र	–	अष्टारदेखि बिन्दुपर्यन्त–संहार-भासाचक्र, चक्रनायिका–अघोरकुब्जिका, आम्नायनायिका–अघोरकुब्जिका, पादुका, महाषोढा ।
सिद्धि	–	कर्मयोगसिद्धि

कर्मयोगको सिद्धिको निमित्त कर्मकुब्जिकाको पनि पूजा गरिन्छ ।

यहाँ पञ्चमीविद्या अघोरकुब्जिका (मतान्तरमा वज्रकुब्जिका) नै सृष्टि-स्थितिं-संहार तीनैकी नायिका मानिन्छिन् ।

उत्तराम्नाय

विशुद्ध	–	जीवात्मा, डाकिनी, वर्णमातृका अ-अः, त्वग्धातु, कण्ठस्थान ।

अनाख्याचक्र	–	विन्द्वादि-भूपुरपर्यन्त समष्टि, नायिका– गुह्यकाली, निर्वाणविद्या– गुह्यकाली, विश्वेश्वरशाम्भव, अनाख्यापाशुपत, नृसिंहभैरव, उत्तराम्नायपादुका, उत्तराम्नाय सर्वाधिकार, बालामहात्रिपुरसुन्दरी समयानित्या ।
अनाख्यासृष्टिचक्र	–	चक्रनायिका– भुवनेशी आम्नायनायिका– तुम्बेश्वरी ।
अनाख्यास्थितिचक्र	–	चक्रनायिका– श्यामाकाली, आम्नायनायिका– सिद्धिलक्ष्मी ।
अनाख्यासंहारचक्र	–	चक्रनायिका– वज्रकुब्जिका, आम्नायनायिका– भरतोपासिता गुह्यकाली ।
अनाख्याअनाख्याचक्र	–	चक्रनायिका– गुह्यकाली, आम्नायनायिका– रामोपासिता गुह्यकाली ।
अनाख्याभासाचक्र	–	चक्रनायिका– कामकलाकाली, आम्नायनायिका– कामकलाकाली, निर्वाणगुह्यकाली, पादुका, महाषोढा, शाम्भव-विश्वेश्वरानन्द ।
सिद्धि	–	ज्ञानयोगसिद्धि

यहाँ पञ्चमी विद्या कामकलाकाली नै सृष्टि-स्थिति-संहार तीनैकी नायिका मानिन्छन् ।

चार उपाम्नाय

ईशानाम्नाय – आम्नायनायिका– महाकाली ।
आग्नेयाम्नाय – आम्नायनायिका– महालक्ष्मी ।
वायव्याम्नाय – आम्नायनायिका– महासरस्वती ।
नैर्ऋत्याम्नाय (उपाम्नाय)– आम्नायनायिका– चामुण्डा ।

ऊर्ध्वाम्नाय

आज्ञाचक्र – परमात्मा वा गुरु, हाकिनी, वर्णमातृका ह-क्ष, मज्जाधातु, स्थान-भ्रूमध्य ।

भासाचक्र – बिन्द्वादि भूपुरपर्यन्त समष्टि, नायिका– वाला, निर्वाणविद्या– निर्वाणवाला, पद्मेश्वरशाम्भव, भासापाशुपत, त्रिपुरभैरव, ऊर्ध्वाम्नायपादुका, ऊर्ध्वाम्नाय सर्वाधिकार, वालामहात्रिपुरसुन्दरी समया नित्या ।

भासासृष्टिचक्र – चक्रनायिका– भुवनेश्वरी, आम्नायनायिका– बालात्रिपुरा ।

भासास्थितिचक्र – चक्रनायिका– दक्षिणकाली, आम्नायनायिका– बालासुन्दरी ।

भासासंहारचक्र – चक्रनायिका– कुब्जिका, आम्नायनायिका– बालाभैरवी ।

भासाअनाख्याचक्र – चक्रनायिका– गुह्यकाली, आम्नायनायिका– बालात्रिपुरभैरवी ।

भासाभासाचक्र – चक्रनायिका– बालामहात्रिपुरसुन्दरी, पादुका, महाषोढा ।

सिद्धि – मोक्षयोगसिद्धि

यहाँ पञ्चमी विद्या बालामहात्रिपुरसुन्दरी (तथा पञ्चदशी र षोडशी तीनै) सृष्टि-स्थिति संहार तीनैकी नायिका मानिन्छिन् ।

बिन्दुदेखि ब्रह्मरन्ध्रपर्यन्तको विद्या

विन्दु– पञ्चदशी, अर्धचन्द्र– षोडशी, रोधिनी– महाषोडशी, नाद– सप्तदशी, नादान्त– महासप्तदशी, शक्ति– महाअष्टादशी, व्यापिका– निर्वाणसुन्दरी, समना– सर्वाधिकार महाशाम्भवी, उन्मना– महापादुका, गुरुपद्म– अनुत्तरवादिनी (मतान्तरमा गुरुपद्मको गणना गरिँदैन), ब्रह्मरन्ध्र– सर्वाम्नायसर्वाधिकार (ब्रह्मरन्ध्र, सहस्रदल, महाबिन्दु एक प्रकारले पर्याय हो), महापादुका, महाषोढा ।

चतुःसमया विद्या

१. कामेश्वरी २. वज्रेश्वरी, ३. भगमालिनी
४. त्रिपुरभैरवी

पञ्चसमया विद्या

१. श्रीविद्या (दशकूटात्मिका निर्वाणसुन्दरी), २. बगला
३. कालरात्री ४. जयदुर्गा ५. छिन्नमस्ता ।

पञ्चाम्नायसमया विद्या

१. भुवनेश्वरी २. दक्षिणकाली ३. कुब्जिका
४. गुह्यकाली ५. वालामहात्रिपुरसुन्दरी ।

षडाम्नायसमया विद्या

१. उन्मनी २. भोगिनी ३. कुब्जिका ४. चण्डयोगेश्वरी
५. वालामहात्रिपुरसुन्दरी, ६. महात्रिपुरसुन्दरी ।

दश महाविद्या

१. काली २. तारा ३. षोडशी ४. भुवनेश्वरी
५. छिन्नमस्ता ६. त्रिपुरभैरवी ७. धूमावती ८. वगलामुखी
९. मातङ्गी १०. कमला ।

पञ्चसिंहासन देवता

पूर्वसिंहासन – १. वालाभैरवी २. सम्पत्प्रदाभैरवी, ३. चैतन्यभैरवी ४. चैतन्यभैरवी (द्वितीया) ५. कामेश्वरीभैरवी ।

दक्षिणसिंहासन – १. अघोरभैरवी २. महाभैरवी ३. ललिताभैरवी ४. कामेशीभैरवी ५. रक्तनेत्राभैरवी ।

पश्चिमसिंहासन – १. षट्कूटाभैरवी २. नित्यभैरवी ३. मृतसञ्जीवनीभैरवी ४. मृत्युञ्जयपराभैरवी ५. वज्रप्रसारिणीभैरवी

उत्तरसिंहासन	–	१. भुवनेशीभैरवी २. कमलेशीभैरवी ३. सिद्धकौलेशीभैरवी ४. डामरभैरवी ५. कामिनीभैरवी
ऊर्ध्वसिंहासन	–	१. प्रथमा सुन्दरी २. द्वितीया सुन्दरी ३. तृतीया सुन्दरी ४. चतुर्थी सुन्दरी ५. पञ्चमी सुन्दरी

पञ्चपञ्चिका

पञ्चलक्ष्मी	–	१. श्रीविद्यालक्ष्मी, २. एकाक्षरीलक्ष्मी ३. महालक्ष्मी ४. त्रिशक्तिलक्ष्मी ५. सर्वसाम्राज्यलक्ष्मी
पञ्चकोशेश्वरी	–	१. श्रीविद्याकोशेश्वरी २. परंज्योतिःकोशेश्वरी ३. परिनिष्कलाशाम्भवी ४. अजपा ५. मातृका
पञ्चकल्पलता	–	१. श्रीविद्याकल्पलता २. पारिजातेश्वरी ३. पञ्चबाणेशी ४. पञ्चकामेश्वरी ५. त्रिकूटाकुमारी
पञ्चकामदुघा	–	१. श्रीविद्याकामदुघा २. अमृतपीठेशी ३. सुधासू ४. अमृतेश्वरी ५. अन्नपूर्णा
पञ्चरत्नेश्वरी	–	१. श्रीविद्यारत्नेश्वरी २. सिद्धिलक्ष्मी ३. मातङ्गी ४. भुवनेश्वरी ५. वाराही ।

नवरत्नसुन्दरी

१. कामसुन्दरी २. तारसुन्दरी ३. रमासुन्दरी ४. मायासुन्दरी ५. वाक्सुन्दरी ६. दिव्यसुन्दरी ७. परासुन्दरी ८. निर्वाणसुन्दरी ९. मोक्षसुन्दरी ।

नवरत्नकुब्जिका

१. अघोरकुब्जिका २. वज्रकुब्जिका ३. समयकुब्जिका, ४. घोरकुब्जिका ५. वीरकुब्जिका ६. जयकुब्जिका ७. सिद्धकुब्जिका ८. भोगकुब्जिका ९. मोक्षकुब्जिका ।

षोडशचक्रेश्वरी

१. तारा, २. त्रिपुरा ३. त्रिपुरेशिनी ४. त्रिपुरेशी ५. त्रिपुरसुन्दरी ६. भुवनेश्वरी ७. त्रिपुरवासिनी ८. त्रिपुराश्री ९. त्रिपुरमालिनी १०. दक्षिणकाली ११. त्रिपुरासिद्धा १२. त्रिपुराम्वा १३. त्रिपुरभैरवी १४. कुब्जिका १५. गुह्यकाली १६. बाला पञ्चदशी ।

सर्वमन्त्रेश्वरी परदेवता-अलेखनी

सप्तपाशुपत

१. सृष्टिपाशुपत, २. स्थितिपाशुपत ३. संहारपाशुपत, ४. अनाख्यापाशुपत ५. भासापाशुपत ६. निर्वाणपाशुपत ७. गुरुपाशुपत ।

सप्तशाम्भव विद्या	प्रतिविद्यासामान्य
१. शाम्भव	मूल (मन्त्र)
२. महाशाम्भव	न्यास
३. तुरीया	ध्यान
४. महातुरीया	कवच
५. निर्वाण	हृदय वा उपनिषद्
६. महानिर्वाण	स्तोत्र
७. सर्वाम्नायसर्वाधिकार	शतनाम/सहस्रनाम



क्रमदीक्षाको विवरण-

अब म क्रमदीक्षाको एउटा संक्षिप्त विवरण प्रस्तुत गर्दछु। यस विवरणमा चौसट्ठीवटै क्रमको क्रमपूर्वक वर्णन गरिएको छ र पाठकहरूलाई बुझ्न सजिलो होस् भनी संख्या समेत उल्लेख गरिएको छ।

अधराम्नाय-मूलाधार - १

१. तारिणी २. एकजटा ३. नीलसरस्वती ४. महोग्रतारा ५. उग्रतारा ६. निर्वाणतारा, अधराम्नाय-निर्वाण-सर्वाधिकार, महापादुका, महाषोढा ७. शाम्भव नवात्मकेश्वरानन्दनाथ।

सृष्टिचक्र-पूर्वाम्नाय-स्वाधिष्ठान - २

८. उन्मनी ९. पूर्णेश्वरी १०. भुवना ११. भुवनेशी १२. भुवनेश्वरी १३. निर्वाणभुवनेश्वरी, पूर्वाम्नाय सर्वाधिकार, सृष्टि-सुन्दरी, पूर्वाम्नाय महापादुका, महाषोढा १४. शाम्भव (नवात्मानन्दनाथ) द्वीपेश्वरानन्दनाथ ।

स्थितिचक्र-दक्षिणाम्नाय मणिपूर - ३

१५. आद्याकाली १६. परमाद्याकाली १७. सिद्धिकाली १८. श्यामाकाली १९. दक्षिणकाली २०. निर्वाणदक्षिणकाली– दक्षिणाम्नाय सर्वाधिकार, स्थितिसुन्दरी, दक्षिणाम्नाय महापादुका, महाषोढा, २१. शाम्भव (द्वीपेश्वरानन्दनाथ) संवर्तेश्वरानन्दनाथ ।

संहारचक्र-पश्चिमाम्नाय-अनाहत - ४

२२. समयकुब्जिका २३. घोरकुब्जिका २४. वीरकुब्जिका २५. वज्रकुब्जिका २६. अघोरकुब्जिका २७. निर्वाणकुब्जिका– पश्चिमाम्नाय सर्वाधिकार, संहारसुन्दरी, पश्चिमाम्नाय महापादुका, महाषोढा २८. शाम्भव (संवर्तेश्वरानन्दनाथ) हंसेश्वरानन्दनाथ ।

अनाख्याचक्र-उत्तराम्नाय-विशुद्ध - ५

२९. तुम्बेश्वरी ३०. सिद्धिलक्ष्मी ३१. सिद्धिकराली (भरतोपासिता गुह्यकाली) ३२. सिद्धिकरालिका (रामोपासिता गुह्यकाली) ३३. कामकला गुह्यकाली ३४. निर्वाणगुह्यकाली– उत्तराम्नाय सर्वाधिकार, अनाख्यासुन्दरी, उत्तराम्नाय महापादुका, महाषोढा ३५. शाम्भव– विश्वेश्वरानन्दनाथ ।

चार उपाम्नाय

३६.	ईशानाम्नाय	–	महाकाली	– संहार
३७.	आग्नेयाम्नाय	–	महालक्ष्मी	– स्थिति
३८.	वायव्याम्नाय	–	महासरस्वती	– सृष्टि
३९.	उपाम्नाय	–	चामुण्डा	– समष्टि

यहाँ नैर्ऋत्यलाई पृथक्‌रूपमा मानेर पूजा गरिंदैन परन्तु वायव्याम्नायमा नै चामुण्डाको पूजा गरिन्छ ।

भासाचक्र-ऊर्ध्वाम्नाय-आज्ञा - ६

४०. वालात्रिपुरा ४१. वालासुन्दरी ४२. वालाभैरवी ४३. वालात्रिपुरभैरवी ४४. वालामहात्रिपुरसुन्दरी ४५. निर्वाणवाला–वालासर्वाधिकार ४६. पञ्चदशी ४७. षोडशी ४८. महाषोडशी ४९. महासप्तदशी ५०. महाअष्टादशी, सर्वाधिकार, महापादुका, महाषोढा ५१. लघुपाशुपत ५२. मध्यमपाशुपत, ५३. महापाशुपत ५४. निर्वाणसुन्दरी, ऊर्ध्वाम्नाय सर्वाधिकार, भासा सुन्दरी ५५. महाशाम्भव– षडाम्नायेश्वरानन्दनाथ ।

५६. सर्वमन्त्रेश्वरी परदेवता ५७. बगला समयविद्या ५८. कालरात्री समयविद्या ५९. जयदुर्गा समयविद्या ६०. छिन्नमस्ता समयविद्या ६१. दशकूटात्मिका निर्वाणसुन्दरी ६२. पञ्चसिंहासन देवता ६३. पञ्चपञ्चिका ६४. अलेखनी अनुत्तरवादिनी ।

श्रीविद्याका धेरै क्रमहरू हुन्छन्। कादि-हादि-सादि एवं पञ्चपञ्चिका, पञ्चसिंहासन आदि यी भिन्न भिन्न साधकहरूका क्रमहरू हुन् ।

सप्तशतीवर्णित दुर्गाको दुई क्रम हुन्छ। पहिलो क्रममा १. एकाक्षरी दुर्गा २. अष्टाक्षरी दुर्गा ३. जयदुर्गा ४. नवार्ण र

५. पञ्चदशी । त्यसैगरी दोस्रो क्रममा १. महाकाली २. महालक्ष्मी ३. महासरस्वती ४. उग्रचण्डा र ५. पञ्चदशी ।

यी सबै मिलेर महापूर्णक्रम बन्दछ । यहाँ मैले जिज्ञासुहरूका निमित्त क्रमदीक्षाको साम्राज्यमेधा र दिव्यसाम्राज्यमेधासम्मको दिग्दर्शन मात्र गरेको हुँ । श्रीविद्याको उपासना गर्न चाहनेहरूले क्रमदीक्षाको अवलम्बन गरी गुरुमुखबाटै यसको यथार्थ ज्ञान हासिल गर्नुपर्दछ । गुरुको कृपा र परमात्माको अनुग्रहले भगवतीविषयक सबै रहस्यहरू स्पष्ट हुने नै छन्–

वाक्कामश्रीयोगिनीवर्णवीजै-
रादावन्ते सम्पुटां षोडशार्णाम् ।
विद्यामाद्यां बगलाकालरात्री-
दुर्गाछिन्नाश्रीस्वरूपां नमामि ॥

लेखक परिचय

रथी धनशम्शेर ज.ब.रा.

रथी धनशम्शेर ज.ब.रा

रथी धनशम्शेर ज.ब.रा को जन्म वि.सं. १९५२ पौष २८ गते शुक्रबार माघकृष्ण एकादशीका दिन काठमाडौं (नारायणहिटी, सेतो दरबार) मा भयो। प्रधानमन्त्री श्री ३ वीरशम्शेरका जेठा नाति एवं अतिरथि रुद्रशम्शेरका जेठा छोरा भएकाले उहाँको बाल्यकाल राजसी सुखभोगकासाथ वित्यो। आफ्ना बाजेका अतिप्रिय र रूपवान भएकाले बालककालमा उहाँलाई सबैले 'गुण्डा राजा' भनेर सम्बोधन गर्दथे एवं भविष्यमा विद्याहीन, मूर्ख र विलासी हुने अनुमान गर्दथे। उहाँ चाहिँ चार वर्षको उमेरदेखि नै श्री गुह्येश्वरी बनाएर वास्तविक पूजा सामग्रीले खेल्ने गर्नुहुन्थ्यो। किशोर अवस्थामा पनि उहाँको एकाध घण्टा पूजा मै वित्ने गर्थ्यो।

औपचारिक अध्ययन दरबारस्कूलमा सम्पन्न गरी कलकत्ता विश्वविद्यालयवाट वि.सं. १९७२ मा म्याट्रिकुलेशन गर्नु भएका धनशम्मेशरले पं. अनुकूलचन्द्र चटर्जीसँग दुई वर्ष संस्कृतको विशेष अध्ययन गर्नुभयो।

१६ वर्षको उमेरमा उहाँको विवाह भयो र त्यसबाट उहाँका दुई छोरा जन्मे। धर्मपत्नीको निधनपछि उहाँले पुनः विवाह गर्नुभयो। द्वितीय एवं तृतीय पत्नीबाट उहाँको सन्तान भएन र कनिष्ठ पत्नीबाट तीन छोरा जन्मे।

वि.सं. १९६८ मा ले. कर्णेलको दर्जाबाट राजकीय सेवा प्रारम्भ गर्नुभएका धनशम्शेरको वि.सं. १९८९ मा वार्षिक ७००० वेतनको रोलवाला मे. जनरलमा नियुक्ति भयो। भक्तपुर ब्रिगेडमा बिग्रेडियर एवं कमाण्डर-इन-चीफ रुद्र शम्शेरको असिस्टेन्ट भई मुलुकी अड्डामा काम गर्नुभएका धनशम्शेरको नेपालमा मुख्तियारीको अदलवदलसँगै रोलपरिवर्तन भई पोखराको वडाहाकिममा नियुक्ति

भयो। बि.सं. १९९१ देखि २००८ सम्म उहाँको कार्यस्थल पोखरा रह्यो। सात सालको क्रान्तिमा उत्तेजित फौजलाई नियन्त्रणमा राखी शान्तिसुरक्षा कायम राखे वापत बेतनमा रु. २००० थप प्राप्त गर्नुभएका धनशम्शेरले व्यवस्था परिवर्तन पश्चात् आफ्नो स्थानमा योग्य व्यक्तिलाई नियुक्त गर्न सरकारलाई अनुरोध गर्नुभयो र कार्यभार हस्तान्तरण गर्नुभयो। वि.सं. २००८ को परेडमा सम्मिलित हुनुभएका उहाँको वि.स. २००९ जेठमा ले. जनरलमा पदोन्नति भयो। २००९ आषाढ १ मा पेन्सन पाउने भई ४२ वर्ष लामो फौजी सेवावाट उहाँले अवकाश ग्रहण गर्नुभयो।

वि.सं. १९७३ मा प्रथम पुत्रको एवं त्यसको पाँच दिनपछि प्रथम पत्नीको निधनले उहाँमा वैराग्य उत्पन्न भयो। आफ्नी माता विष्णुकुमारी र ज्यो. पं. रुद्रनाथको प्रेरणाबाट त्यही साल माघ शुक्ल पञ्चमीमा श्रीविद्याको दीक्षा ग्रहण गरी कुलपथानुयायी बन्नुभएका धनशम्शेरले तन्त्रग्रन्थहरूको अध्ययन, अनुसन्धान र ज्ञान विभिन्न गुरुहरूबाट प्राप्त गर्नुभयो। तन्त्रमार्गको दीक्षा पं. दुर्गानाथ, पं. कोषनाथ एवं पं. घनदत्त आदिवाट प्राप्त गरी सुव्वा वीरेन्द्र केशरी अर्यालवाट गायत्रीको सम्यगाप्ताक्रम समेत ग्रहण गर्नुभएका धनशम्शेरले क्रमदीक्षा पूर्णगरी पूर्णाभिषेक, लघुसाम्राज्यमेधा, महाषोढान्यास, सर्वाधिकार एवं गुरुपादुका समेत प्राप्त गर्नुभएको थियो। उहाँको महापूर्णाभिषेकदीक्षा भारत, कलकत्ताका पूर्णानन्द ब्रह्मचारी (अवधूत) वाट वि.सं. १९८४ कार्तिकी अमावस्याको दिन भएको अपराह्नकालिक सूर्यग्रहणको अवसरमा कलकत्ताको सर्वमङ्गलादेवीको स्थानमा सम्पन्न भएको थियो। यी वाहेक भोगेन्द्रराज, चन्द्रदत्त, काजीमान आचाजु र इन्द्रध्वज उहाँका अन्य गुरु हुनुहुन्थ्यो।

रथी धनशम्शेर ज.ब.रा. श्रीविद्या हादि-मतका अनुयायी हुनुहुन्थ्यो। उहाँको कल्प श्रीकल्प, मार्ग कौलमार्ग, सम्प्रदाय गौड र क्रम चाहिँ गन्धर्वक्रम थियो। उहाँको गुरुपरम्परा वडवानलतन्त्रमा आधारित थियो र उन्मत्तभैरवद्वारा निकालिएको थियो। कुब्जिकाविद्यामा भने उहाँको शिखास्वच्छन्दभैरव मत थियो।

तन्त्र विषयमा नयाँ नयाँ कुराहरूको अनुसन्धान तथा खोजी गर्न रुचि भएका धनशम्शेर वडो मिलनसार र संहनशील हुनुहुन्थ्यो। विशेषतः विद्वान, पण्डित एवं साधुसमाजको सत्सङ्ग एवं तान्त्रिक साधना र योगाभ्यासमा उहाँको समय व्यतीत हुन्थ्यो।

वि.सं. २००२ सालमा प्रयागवाट प्रकाशित हुने 'चण्डी' पत्रिकामा उत्तम लेखहरू प्रकाशित गरे बापत उहाँलाई १०८ वावा मोतिलालजी महाराजवाट 'विश्वविजयी कुलशिरोमणि' उपाधि प्रदान गरिएको थियो। वि.सं. २०३१ मा काञ्चीकामकोटिपीठाधीश्वर जगद्गुरु श्रीशङ्कराचार्यको नेपाल आगमनमा श्रीविद्याको रहस्यज्ञ ठहरिई आदि शङ्कराचार्यको मूर्ति अङ्कित सुवर्णमुद्रा र कार्चोवी भरिएको दोसल्ला उहाँले प्राप्त गर्नुभयो। तन्त्रशास्त्रको अन्वेषणमा प्रशंसनीय देन दिए वापत २०२९ मा सुप्रवल गोरखा दक्षिणवाहुवाट उहाँ विभूषित हुनुभयो। वि.सं. २०२९ वैशाख १ गते उहाँ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्रज्ञा-मानार्थ सदस्य वन्नुभयो। भक्तपुरमा छँदा सुमति जयजितामित्रमल्लले स्थापना गरेका ढुङ्गेधाराहरूको जीर्णोद्धार गरी ताम्रपत्र स्थापना गरे वापत दोसल्ला र नगद पुरस्कार प्राप्त गर्नु भएका धनशम्शेरले श्री ५ त्रिभुवन रजतजयन्ती पदक, १९९० को भूकम्पमा उचित व्यवस्थापनका लागि भूकम्पपीडितोद्धार पदक, श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकमा शुभराज्याभिषेक पदक र दोसल्ला एवं सैनिक दीर्घसेवापट्ट समेत प्राप्त गर्नुभएको थियो।

वि.सं. २०१४ मा भारतको प्रयागमा भएको अखिल भारतीय शाक्तसम्मेलनमा उहाँले सपत्नीक भाग लिनुभयो। वि.सं. २०२३ मा अमेरिकी डा. टेलरलाई उहाँले तन्त्रविषयक व्याख्यान दिनुका साथै 'EVOLUTION OF VEDA AND TANTRA' नामक लेख प्रदान गर्नुभयो। वि.सं. २०२७ मा इदरका राजगुरु पं. रमानाथ शास्त्री, योगतन्त्रकर्मकाण्डविशारद सपत्नीकलाई आफू क्षत्रिय भएकोले उहाँले आफ्नी धर्मपत्नी श्रीरूपदिव्येश्वरी राणाद्वारा तान्त्रिक क्रमदीक्षा प्रदान गर्नुभयो। वि.सं. २०२८ मा अमेरिकी पर्यटक डा. म्याकभोलाई चौध दिनसम्म तन्त्रको कला विषयमा उपदेश दिनुभएका रथी धनशम्शेरले वि.सं. २०३१ मा श्रीमहेशयोगी आउनु हुँदा उहाँलाई कवचस्तोत्र र मन्त्रात्मक बीजहरूको केही रहस्य अवगत गराउनाका साथै आफ्नै घरमा नेपालीमा एवं योगीजीको कार्यालय टंगालमा अंग्रेजीमा विशेष तन्त्रविषयमा टेलिभिजनमा १–१ घण्टा प्रवचन गर्नुभएको थियो।

तन्त्रशास्त्रमा गहिरो चिन्तन र अभ्यासद्वारा उच्च योग्यता र स्थान प्राप्त गरी सम्वन्धित क्षेत्रमा ज्ञानको विकास एवं विस्तार गर्ने कार्यमा योगदान समेत दिए वापत त्रिभुवन विश्वविद्यालयले २०३९ वैशाख २३ गते उहाँलाई मानार्थ महाविद्यावारिधिको उपाधिद्वारा विभूषित गऱ्यो।

तन्त्रमन्त्रलाई चमत्कारिक प्रदर्शनको रूपमा ल्याउन नचाहने रथी धनशम्शेर ज.व.रा. कहिलेकाहीँ त्यस्तै चाख लिने व्यक्तिहरूलाई तन्त्र शक्तिको केही चमत्कार पनि देखाउनुहुन्थ्यो। एकपटक केही विदेशीहरूलाई उहाँले आफ्नो निधारवाट ज्योति प्रकट गराएर तेस्रो नेत्रको रूपमा देखाउनु भएको र एकपटक नेपालीहरूलाई छातीमा ज्योतिर्मय मुटुको स्पष्ट आकृति देखाउनुभएको थियो भन्ने सुनिन्छ।

रथी धनशम्शेर ज.व.रा.को सम्वन्धमा पण्डित गङ्गाधर पराजुलीको भनाई यस्तो छ– [1]"१९९८ सालको माघमा तन्त्रसम्वन्धी केही प्रश्नहरू लिएर प्रयागमा अखिल भारतीय शाक्त सम्मेलनका मन्त्री श्रीशिवनाथ काटजूकहाँ पुग्दा श्रीकाटजूले भन्नु भयो 'पण्डितजी, म तन्त्रशास्त्रको इतिहासको विद्यार्थीमात्र हूँ प्रयोगात्मक तन्त्रको पूर्ण अभिज्ञाता त तपाईंको नेपालैका राणा धनशम्शेर सिवाय मैले अरु कसैलाई जानेको छैन।' काटजूद्वारा राणा साहेवलाई मैले चिन्न पर्‍यो।"

संस्कृत, हिन्दी र अंग्रेजी भाषाका समेत ज्ञाता रथी धनशम्शेर ज.व.रा. ले संस्कृत, हिन्दी र नेपाली भाषामा गरी थुप्रै पुस्तक एवं लेखहरू लेख्नु भएको छ। उहाँका तन्त्रविषयक ग्रन्थहरू यसप्रकार छन्–

१. श्रीतान्त्रिकोपासना दर्पण (हिन्दी)
   प्रथम भाग (२०१२), द्वितीय भाग (२०१३)
२. परातन्त्र (सम्पादन, २०१३)
३. तान्त्रिकविज्ञानदर्पण (नेपाली, २०१८)
४. प्रवुद्धसनातनरहस्य (नेपाली, २०२०)
५. निगमागमवैज्ञानिकसारः (नेपाली, २०२१)
६. वृहत्पुरश्चर्यार्णव (सम्पादन, परिवर्द्धन र संशोधन सहित)
   प्रथम खण्ड (२०२५), द्वितीय खण्ड (२०२८),
   तृतीय खण्ड (२०२९), चर्तुथ खण्ड (२०३०)
७. मातृकाक्षररहस्यम् (नेपाली, २०३०)
८. शारदीयदुर्गापूजापद्धति (नेपाली, २०३२)
९. मन्त्रविद्यारहस्यम् (नेपाली, २०३४)
१०. कामकलारहस्य (नेपाली, २०३६)
११. कुलार्णवरहस्य (नेपाली, २०४६)
१२. आम्नायविद्यारहस्य (अप्रकाशित)

---

१ निगमागमवैज्ञानिकसारः शुभाऽऽशंसा

यी वाहेक उहाँका संस्कृतमा पराङ्गस्तवराज, श्रीपरामहिमस्तोत्र, योगानन्दलहरी, पराविभूतिस्तोत्र, श्रीमत्पाशुपतस्तोत्र, श्रीस्तोत्रमञ्जरी आदि रचनाहरू पाइन्छन् ।

उहाँले वि.सं. १९८९ मा नै 'रौद्रीयव्याकरणकौमुदी' नामक नेपाली भाषामा संस्कृत व्याकरणको रचना गरिसक्नु भएको थियो । यी वाहेक गोरखापत्र, दी राइजिङ्ग नेपाल र रमझम आदि पत्रिकामा उहाँका थुप्रै लेखहरू प्रकाशित भएका छन् । धार्मिक कर्मकाण्डका अग्निस्थापना, संस्कारपद्धति, व्रतवन्धपद्धति, विवाहपद्धति एवं श्राद्धपद्धति उहाँको निरीक्षकत्वमा तयार भएका हुन् ।

नेपाली साहित्यमा पनि उहाँको विशेष दखल थियो । उहाँले रचना गर्नुभएका उषाहरण, सुभद्राहरण, भूलको ठोस, देवदत्त, समझको फेर, मन्दिरको घण्टा, प्रेमपरिवर्तन, मयूरध्वज, पोखराको चक्कड, होचोको मुखमा घोचो, माया मछिन्द्र आदि नाटकहरू अप्रकाशित नै छन् ।

वहुमुखी प्रतिभाका धनी भएपनि मूलतः तन्त्रसाधना एवं तान्त्रिक ग्रन्थहरूको अन्वेषण र अनुसन्धान मै संलग्न रथी धनशम्शेर ज.ब.रा.को प्रसिद्धि देश विदेशमा समेत फैलिएको थियो । तन्त्रविषयक आफ्नो प्रतिभा र ज्ञानद्वारा राष्ट्रको प्रतिष्ठालाई विदेशमा समेत स्थापित गराउने रथी धनशम्शेर ज.ब.रा. ले ८७ वर्ष लामो जीवन यापन गरी वि.सं. २०३९ जेठ ११ गते जेष्ठ शुक्ल द्वितीयाका दिन महाप्रस्थान गर्नुभयो । उहाँ नेपाल र भारतमा समेत सैद्धान्तिक एवं प्रयोगात्मक तन्त्र विशेष गरी श्रीविद्याको अनन्य साधक एवं ज्ञाताको रूपमा परिचित हुनुहुन्थ्यो ।[२]

यो जीवनी रथी धनशम्शेर ज.ब.रा.का विभिन्न पुस्तकहरू, गोरखापत्र, पं. कृष्णप्रसाद भट्टराईका संग्रह एवं श्रीनिर्मल शम्शेर ज.ब.रा.बाट प्राप्त सूचनासमेतका आधारमा तयार पारिएको छ ।

क्रमदीक्षारहस्य

लेखक

रथी धनशम्शेर ज.ब.रा.

प्रस्तावना

यो क्रमदीक्षाको विषयमा "सुन्दरी तारिणी काली क्रमदीक्षाभिगामिनी । क्रमपूर्णो महेशानि क्रमात् शम्भुर्भविष्यति" भन्ने लेखेको छ। त्यसकारणले सुन्दरी अर्थात् महात्रिपुरसुन्दरी, तारिणी र काली यिनीहरू क्रमदीक्षाका मुख्य देवता हुन् भन्ने उक्तिबाट प्रष्ट हुन्छ । यस विषयको विवरण यथाज्ञान यस पुस्तकमा दर्शाइएको छ । सुन्दरीको निर्गुणरूप समया हो । भैरवी तन्त्रमा यस्तो उक्ति छ –

"समया सातु विज्ञेया समयस्य प्रकाशिनी ।"

अर्थात् – समयलाई प्रकाश गर्ने समया हुन् । फेरि तन्त्रान्तरमा यस्तो उक्ति छ –

"समया सुन्दरी साक्षात् परब्रह्मस्वरूपिणी ।"

अर्थात् – समया नै साक्षात् परब्रम्हस्वरूपिणी सुन्दरी हुन् ।

सुन्दरी स्तवमा यस्तो उक्ति छ –

"ब्राह्मी रौद्री वैष्णवीति शक्तयस्तिस्र एव हि ।
पुरं शरीरं यस्याः सा त्रिपुरेति प्रकीर्तिता ॥"

अर्थात् – ब्राह्मी (प्राप्तःसन्ध्यास्वरूपिणी गायत्री) रौद्री (मध्याह्नसन्ध्यास्वरूपिणी सावित्री) वैष्णवी (सायंसन्ध्यास्वरूपिणी सरस्वती) यी तीनको समष्टिस्वरूप जस्को हुन्छ अर्थात् जो सबै कालस्वरूपिणी हुन् उनी त्रिपुरा हुन् ।

अब तारिणी (तारा) को विषयमा मत्स्यसूक्तमा यस्तो वचन छ –

"तारकत्वप्रदा तारा सुखमोक्षप्रदायिनी ।"

अर्थात् – सुखमोक्ष दिने र तारकत्व दिने अर्थात् संसारवाट तार्ने नै तारा हुन् ।

कालीको बारेमा कामधेनुतन्त्रमा यस्तो उक्ति छ –

"कालसंकलनात् काली कालग्रासं करोत्यतः ।"

अर्थात् – काललाई संकलन गर्ने र काललाई ग्रास गर्ने नै काली हुन् ।

यस विषयमा अरु विशेष कुराहरू यसैमा पछि वयान हुने नै छ । विशेष यो ग्रन्थ तयार पार्दा मलाई पूर्ण सहयोग दिनुभएकोमा पं. कृष्णप्रसाद भट्टराईजीमा हार्दिक कृतज्ञता प्रकट गर्दछु र सधन्यवाद प्रणाम समर्पण गर्दछु । नानी श्यामप्रताप राणाले यो पुस्तक लेखिदिएकोमा उनलाई सस्नेह आशीर्वाद दिन्छु ।

किं वहुना ।

नक्साल
सम्वत् २०३५

धनशम्शेर ज.व.राणा

क्रमदीक्षारहस्य

ॐ नमः परदेवतायै

सर्वप्रथम तन्त्रशास्त्र आगम र वेद निगम हो। निगमागम नै सर्वधर्मको जड हो। यस विषयमा व्याख्या गर्ने हो भने श्रीमद्भागवत जत्रै ग्रन्थ वन्दछ। छोटकरीमा कुरा यही हो कि आगम वीज र निगम अङ्कुर स्वरूप हो। वेदको मन्त्रलाई ऋचात्मक भन्दछन्। तन्त्रको मन्त्रलाई वीजात्मक भन्दछन्। फेरि आगमलाई शक्ति अथवा प्रकृति, निगमलाई शिव अथवा पुरुष भन्दछन्। "प्रकृतिपुरुषात्मकं जगत्" भन्ने कुरा सर्वविदितै छ। त्यसो हुनाले यी दुईको अर्थात् शिव र शक्तिको संयोग नभई कुनै कुरा पनि हुन सक्दैन। अतः गायत्री वेदात्मक मन्त्र र दीक्षा तन्त्रात्मक मन्त्र हो।

अव सर्वप्रथम हेरौं– "कुलधर्म सनातनः" भनेको के हो ? कुलधर्म भनेको के हो, त्यसैमा आधारित शव्द 'कौल' भनेको के हो ? वास्तविक कुराको वोध नभई हामीहरू धेरैजसो यसमा अटकलवाजी लगाउँदछौं र अन्धकारमा ढुङ्गा हान्दा सँधै हाम्रा सामु गलत तस्वीर मात्र खडा हुनसक्दछ। श्रुति स्मृति भन्दा अघिको हो। मानिसहरू विद्वानहरूवाट निगमागमको श्रवण गर्दथे। त्यसैले त्यसलाई 'श्रुति' भनेको हो। निगमागम भनेको निगम वेद र आगम तन्त्र हो। यी वेद र तन्त्र श्रुतिकालमा अर्थात् स्मृतिभन्दा पहिलेको कालमा पनि थिए। यसप्रकार निगमागमको मार्ग वा मत अथवा धर्म नै आदि आर्यको धर्म थियो र यो धर्म नै आर्यधर्मको रूपमा प्रसिद्ध हुनगयो। त्यसवेला सबै आर्यहरूको एउटै कुल अथवा परिवार समेत भएको र एकै कुल वा परिवारले गर्ने धर्म भएकोले यो आर्यधर्मलाई हाम्रा पछिका शास्त्रहरूले 'कुलधर्म' को नामवाट व्यक्त गरेको देखिन्छ। यसरी आदिकालदेखि

हालसम्म निरन्तर कहिले पनि नहराउने धर्मको रूपमा रहेकोले कुलधर्मलाई सनातन धर्म भनिएको हो। यसप्रकार निगममन्त्र गायत्री र आगममन्त्र दीक्षा ग्रहण गरी उपासना गर्नु नै द्विजहरूको एकमात्र कर्तव्य हो अथवा धर्म हो र वेदगायत्री र तन्त्रदीक्षाको आश्रय गर्ने (कुलोद्भव) कौल हो।

एउटा अपशोचको कुरा यो छ कि हाम्रो यहाँ क्षत्रियहरूको त के कुरा ब्राह्मणहरूले पनि तन्त्र भन्ने वित्तिकै नाक खुम्च्याउँछन्। कुनै कुनै ब्राह्मणहरूले चाहिँ आफ्नो वावुबाजेहरूले लिइआएको दीक्षा एउटा लिइदिउँनत भनेर पनि लिन्छन्। फेरि कोही चाहिँ एउटा आम्नायको दीक्षा लिने वित्तिकै आफूलाई सर्वाम्नायको नै अधिकारी सम्झी आफूले नलिएको अरु आम्नायको दीक्षा पनि अरुलाई दिन्छन्। अनि यसो गर्नाले मन्त्रको सिद्धि कसरी हुन्छ ?

ब्राह्मणहरूले गायत्री लिएपछि दीक्षा लिनै पर्छ। यसको बारेमा यस्तो उक्ति छ–

"द्विजानामनुपनीतानां स्वकर्माध्ययनादिषु।
तथा चादीक्षितानां च मन्त्रदेवार्चनादिषु।
नाधिकारोऽस्त्यतः कुर्यादात्मानं मन्त्रसंस्कृतम्॥"

अर्थात्–उपनयन नभएका द्विजातिहरूलाई आ-आफ्नो कर्म गर्न र अध्ययन (वेदाध्ययन) आदि गर्न अधिकार हुँदैन। त्यस्तै दीक्षा (मन्त्रदीक्षा) नलिएकाहरूलाई मन्त्रप्रयोग गर्न र देवताको पूजा पाठ आदि गर्न अधिकार हुँदैन। त्यसकारण आफूलाई मन्त्रले संस्कृत गराउनुपर्दछ। अर्थात् गुरुसँगवाट मन्त्र सुनेर आफूलाई अधिकारी बनाउनुपर्दछ।

गौरीयामलतन्त्रमा यस्तो वचन छ–

"यदृच्छया श्रुतं मन्त्रं छद्मनाऽथ बलेन च ।
पत्रे स्थितं तु गाथावत् प्रजप्तमपि निष्फलम् ॥"

अर्थात्–गुरुमुखविना अन्तैवाट सुनेको, छकाएर लिएको, जबर्जस्ती लिएको र पत्रमा रहेको अर्थात् पुस्तकपत्रहरूवाट लिएको मन्त्र जतिसुकै जपे पनि सफल हुँदैन निष्फलै हुन्छ ।

योगिनीतन्त्रमा यस्तो वचन छ–

"अदीक्षिता ये कुर्वन्ति जपपूजादिकाः क्रियाः ।
न भवेत्तु फलं तेषां शिलायामुप्तबीजवत् ॥"

अर्थात्–दीक्षित नभइकन अर्थात् गुरुमुखबाट मन्त्रको दीक्षा नलिईकन जसले जप पूजा आदि गर्दछ त्यसको त्यो जप पूजा आदि कर्म ढुङ्गामा छरेको बीउ जस्तै निष्फल हुन्छ ।

महाकालसंहितामा यस्तो वचन छ–

"न शास्त्रमालोक्य वदेन्नाऽऽचरेन्न जपेदपि ।
न पश्येन्नोपदिश्याच्च न कुर्यान्नैव साधयेत् ॥
गुरूपदेशतो लब्धे जपन्यासार्चनादिके ।
पश्चात् तत्साधयेत् सर्वं सदा तद्भावभावितः ॥"

अर्थात्– गुरुमुखबाट दीक्षा नलिई, नपढी, नसुनी केवल पुस्तकमात्र हेरेर त्यसै केही नबोलोस्, नगरोस्, नजपोस्, नहेरोस्, उपदेश नगरोस् अर्थात् अरुलाई दीक्षा नदेओस्, आफूले पनि कुनै कर्म वा मन्त्र साधनहरू नगरोस्। गर्नुछ भने गुरुमुखबाट मन्त्रोपदेशहरू लिएर मात्र जपन्यासपूजाहरू गरोस् ।

दीक्षा द्विजहरूले मात्रै होइन स्त्री र शूद्रादिहरूले पनि लिनु पर्छ । दीक्षाको विषयमा विविधतन्त्रहरूमा यस्तो उल्लेख छ–

रुद्रयामलतन्त्रमा यस्तो वचन छ–

"यस्य दीक्षा शिवे नास्ति जीवनान्तं च जन्मिनः ।
स जातु नोत्तरेद्देवि निरयाऽम्बुनिधेः क्वचित् ॥
दीक्षाहीनस्य देवेशि ! पशोः कुत्सितजन्मनः ।
पापौघोऽन्तिकमायाति पुण्यं दूरं पलायते ॥
तस्माद् यत्नेन दीक्षैषा ग्राह्या कृतिभिरुत्तमा ॥"

अर्थात्–हे देवी, जुन मानिसले जन्म लिएर दीक्षामन्त्र लिएको छैन त्यो मानिस कहिल्यै पनि नरकबाट पार पाउन सक्दैन। फेरि दीक्षा नलिएको मानिसको जन्म पशुकै तुल्य हुन्छ, त्यस्ताको नगीचमा पापै पापको थुप्रो लाग्दछ र पुण्य जति पर पर भागेर जान्छ। त्यसकारण जान्ने मानिसले जसरी हुन्छ यो दीक्षा लिनु नै असल हुन्छ ।

दत्तात्रेययामलमा यस्तो वचन छ–

"अथ दीक्षाविहीनो यो वर्तते भुवि पापभुक् ।
मोहाऽन्धकारे नरके गर्ते पतति दुःखितः ॥
अनीश्वरस्य मर्त्यस्य नास्ति त्राता यथा भुवि ।
तथा दीक्षाविहीनस्य नेह स्वामी परत्र च ॥"

अर्थात्–यो लोकमा दीक्षा नलिएको मानिस पापभागी हुन्छ, त्यो मोहान्धकाररूपी नरकको खाल्डोमा पर्दछ, यो लोक परलोक दुवैतिर त्यसको रक्षा गर्ने कोही हुने छैन ।

आगमकल्पद्रुममा यस्तो छ–

"उपचारसहस्रैस्तु योजितां भक्तिसंयुताम् ।
अदीक्षिताऽर्चनां देवा न गृह्णन्ति कदाचन ॥
कर्माऽखिलं वृथा यस्मात् तस्मात् पशुरदीक्षितः ॥"

अर्थात्– अदीक्षित मानिसले हजारौं उपचारद्वारा भक्तिपूर्वक गरेको पूजा पनि देवताहरूले ग्रहण गर्दैनन् । त्यस्ताले गरेको सबै कर्म व्यर्थ हुन्छ । त्यसकारण दीक्षा नलिएको मानिस पशु (पशुतुल्य) नै हुन्छ ।

मत्स्यसूक्तमा यस्तो छ–

"अदीक्षितानां मर्त्यानां शृणु देवि महेश्वरि ।
अन्नं विष्ठासमं तस्य जलं मूत्रसमं स्मृतम् ॥
तत्कृतं तस्य वा श्राद्धं सर्वं संयात्यधोगतिम् ॥"

अर्थात्–अदीक्षित मानिसहरूको अन्न विष्ठातुल्य र पानी मूत्रतुल्य हुन्छ । त्यसले गरेको कर्म अथवा श्राद्ध सबै खाडलमा जान्छ ।

कुलार्णवतन्त्रमा यस्तो वचन छ–

"उपपातकलक्षाणि महापातककोटिकाः ।
क्षणाद् दहति देवेशि दीक्षा हि विधिना कृता ॥"

अर्थात्– विधिपूर्वक लिएको दीक्षाले करोडौं महापातक र लाखौं उपपातकहरूलाई एकै क्षणमा भस्म पार्दछ ।

रुद्रयामलतन्त्रमा यस्तो वचन छ–

"दिव्यज्ञानं यतो दद्यात् कुर्यात् पापस्य संक्षयम् ।
तेन दीक्षेति लोकेऽस्मिन् कीर्तिता मन्त्रपारगैः ॥"

अर्थात्–दिव्यज्ञान दिने र पापको क्षय गर्ने हुनाले यसलाई दीक्षा भनेको हो ।

मेरुतन्त्रमा यस्तो छ–

"दीयते ज्ञानविज्ञानं क्षीयन्ते पापराशयः ।
तेन दीक्षेति हि प्रोक्ता प्राप्ता चेत् सद्गुरोर्मुखात् ॥

असद्गुरुः स्वयं नष्टः कथं तारयते परम् ॥"

अर्थात्– ज्ञानविज्ञान दिने र पापसमूहको क्षय गराउने हुनाले यसलाई दीक्षा भनेको हो। यदि दीक्षा सद्गुरुको मुखबाट प्राप्त गरिएको छ भने मात्र सार्थक हुन्छ। असद्गुरु त स्वयं नष्ट छ त्यसले अर्कालाई कसरी तार्ला !

आगमसारमा यस्तो वचन छ–

"गुरोर्मुखान्महाविद्यां गृह्णीयात् पापनाशिनीम् ।
तस्माद् यत्नाद् गुरुं कृत्वा मन्त्रसाधनमाचरेत् ॥"

अर्थात्–गुरुको मुखबाट महाविद्याको दीक्षा लिएर मन्त्रसिद्धि गरोस् ।

चामुण्डातन्त्रमा यस्तो छ–

"पुस्तके लिखितो मन्त्रो येन सुन्दरि जप्यते ।
न तस्य जायते सिद्धिर्हानिरेव पदे पदे ॥
गुरुमुख्याः क्रियाः सर्वा भुक्तिमुक्तिफलप्रदाः ॥
गुर्वनुक्ताः क्रियाः सर्वा निष्फलाः स्युर्यतो ध्रुवम् ॥"

अर्थात्– पुस्तकबाट मात्र लिएर जपेको मन्त्रले सिद्धि हुँदैन बरु त्यसको सट्टा पाइलै पिच्छे खती मात्र हुन्छ। किनभने गुरुमुखबाट बताइएर गरेका कर्महरू भुक्ति मुक्ति दुवै दिने हुन्छन् । गुरुमुखबाट नलिएर त्यसै मनोमानी गरेका कर्महरू सबै व्यर्थ नै हुन्छन् ।

दीक्षा धेरै प्रकारका हुन्छन् । तीमध्ये स्मार्तहरूको लागि स्मार्ती दीक्षा यसप्रकारको छ–

"विदेशस्थं गुरुं स्मृत्वा शिष्यपाशत्रयं क्रमात् ।
विश्लिष्य लययोगस्य विधानेन परे शिवे ॥
सम्यग्योजनरूपैषा स्मार्ती दीक्षेति कीर्तिता ॥"

अर्थात्– विदेशमा अर्थात् परोक्षमा रहेका स्वगुरुको स्मरण गरेर शिष्यका तीन पाशलाई क्रमैसित फुकाएर लययोगको विधानले संयोजन गराउनु, संयोजन गरी उपदेश गर्नुलाई स्मार्ती दीक्षा भनिन्छ ।

गाणपत्य, शाक्त, सौर, शैव र वैष्णव यी पाँचै वटामा कुनै एक विद्यामात्र ग्रहण गर्नेहरूका लागि निम्नलिखित दीक्षाहरूमध्ये कुनै एक दीक्षा लिए हुन्छ ।

योगदीक्षा -

"योगोक्तक्रमतो योगी शिष्यदेहं प्रविश्य तु ।
गृहीत्वा तस्य चात्मानं स्वात्मना योजनात्मिका ॥
योगदीक्षेति सा प्रोक्ता मलत्रयविनाशिनी ॥"

अर्थात्–योगीगुरुले आफ्नो योगक्रमवाट शिष्यको शरीरमा प्रवेश गरीकन उसको आत्मालाई आफ्नो आत्मासित जोड्नु वा सम्वन्ध गराउनुलाई योगदीक्षा भन्दछन् ।

दृग्दीक्षा (मेरुतन्त्रमा)-

"निमील्य नयने ध्यात्वा परमात्मनि देवताम् ।
तद्दर्शनानन्दपूर्णनेत्राभ्यां वीक्षयेद् गुरुः ॥
शिष्यं प्रसन्नचित्तः सन् पश्चादुपदिशेदिति ।
मन्त्रः शिष्यस्य सिद्ध्यै स्याद् दृग्दीक्षेयं फलप्रदा ॥"

अर्थात्– गुरुले आँखा चिम्लीकन हृदयमा परमात्मास्वरूप इष्टदेवताको ध्यान गरेर इष्टको दर्शनले आनन्दाश्रुपूर्ण नेत्र गरेर शिष्यलाई हेर्नू र अनि प्रसन्नचित्त भएर मन्त्रोपदेश गर्नू । यसरी दृष्टिपातपूर्वक दिइने दीक्षालाई दृग्दीक्षा भन्दछन् ।

षडन्वयमहारत्नमा यस्तो वचन छ–

"शिवोऽहमिति निश्चित्य वीक्षणं करुणार्द्रया ।
दृशा सा चाक्षुषी दीक्षा सर्वपापप्रणाशिनी ॥"

अर्थात्–गुरुले "म शिवस्वरूप हूँ" भन्ने निश्चय गरेर शिष्यमाथि करुणादृष्टिले हेर्नु (त्यसरी हेरेर उपदेश गर्नु) लाई दृग्दीक्षा भन्दछन् ।

स्पर्शदीक्षा–

"स्वयं परशिवो भूत्वा निःसंदिग्धमना गुरुः ।
शिवहस्तेन शिष्यस्य समन्त्रं मूर्ध्नि संस्पृशेत् ॥
स्पर्शदीक्षेति सा प्रोक्ता शिवाभिव्यक्तिकारिणी ॥"

अर्थात्– गुरुले आफू परशिवस्वरूप भएर निश्चिन्त मनले मन्त्र जप्दै शिवहस्तले शिष्यको माथमा छुनु (टाउकोमा हात राखेर उपदेश गर्नु) लाई स्पर्शदीक्षा भन्दछन् । शिवहस्त भनेको–

"गन्धैर्मण्डलकं स्वीये विदध्याद् दक्षिणे करे ।
विधिना चार्चयेद् देवमित्थं स्याच्छिवहस्तकः ॥"

अर्थात्–गुरुले आफ्नो दाहिने हातमा (हत्केलामा) चन्दनहरूले मण्डल लेखेर त्यसमा विधिपूर्वक देवताको पूजा गर्नू अनि त्यो हातलाई शिवहस्त भनिन्छ ।

मेरुतन्त्रमा (सोमशम्भु) यस्तो छ–

"गुरुः स्वस्य गुरुं ध्यायेत् स्वहस्ते शिवरूपिणम् ।
मूलविद्यां षडङ्गं च मातृकादिमनून् जपन् ॥
शिष्यस्य मस्तके दत्वा कृपया दक्षिणं करम् ।
पश्चादुपदिशेत् प्रोक्ता स्पर्शदीक्षाऽतिसिद्धिदा ॥"

अर्थात्–गुरुले आफ्नो हत्केलामा शिवस्वरूप स्वगुरुको ध्यान गरेर षडङ्गसहित मूलमन्त्र र मातृकादिमन्त्र जप्दै शिष्यको टाउकोमा दाहिने हात राखेर उपदेश गर्नुलाई स्पर्शदीक्षा भनिन्छ।

वाचिकी दीक्षा (षडन्वयमहारत्नमा)–

"गुरुवक्त्रं निजं वक्त्रं विभाव्य गुरुरादरात्।
गुरुवक्त्रप्रयोगेण दिव्यमन्त्रादिकं शिशौ ॥
मुद्रान्यासादिभिः सार्धं दद्यात् सेयं हि वाचिकी ॥"

अर्थात्– गुरुले आफ्नो मुखलाई स्वगुरुमुख सम्झेर त्यही गुरुमुखले शिष्यलाई मुद्रान्यासहरू सहित दिव्यमन्त्रहरू दिनुलाई वाग्दीक्षा भन्दछन्।

मेरुतन्त्रमा–

"सदाशिवे तु चिद्रूपे गुरुश्चित्तं निधापयेत्।
मन्त्रान् समस्ताँस्तज्जातान् ध्यायेत् स्वयं तदात्मकः ॥
जातो[1] गुरोश्च कृपया केवलोऽहं सदाशिवः।
इति ध्यायन्नुपदिशेद्[2] वाग्दीक्षा त्वियमीरिता ॥"

अर्थात्– गुरुले चिद्रूप सदाशिवमा चित्तवृत्ति लगाएर सम्पूर्ण मन्त्रलाई उनैबाट निस्केको भावना गरी गुरुकृपाबाट आफू तद्रूप भई म केवल सदाशिवस्वरूप हूँ भन्ने सम्झेर उपदेश दिनुलाई वाग्दीक्षा भन्दछन्।

मान्त्री दीक्षा (षडन्वयमहारत्नमा)–

"दीक्षाऽपरा तथा मन्त्रन्याससंयुक्तविग्रहः।
स्वयं मन्त्रतनुर्भूत्वा सक्रमं मन्त्रमादरात् ॥

---

१ पाण्डुलिपिमा– 'जाते'।
२ पाण्डुलिपिमा– 'उपविशेद्'।

दद्याच्छिष्याय सा दीक्षा मान्त्री मलविघातिनी ॥

अर्थात्- गुरुले मन्त्रन्यासहरू गरीकन आफूलाई मन्त्रमय शरीरको बनाएर शिष्यलाई क्रमसहितको दीक्षा दिनुलाई मान्त्री दीक्षा भन्दछन् ।

हौत्री दीक्षा –

"कुण्डे वा स्थण्डिले वाऽपि निःक्षिप्याग्निं विधानतः ।
लययोगक्रमेणैव प्रत्यध्वानं यथाक्रमम् ॥
मन्त्रवर्णकलातत्त्वपदविष्टपमेव च ।
शुद्धचर्थं होमयेदेषा हौत्री दीक्षा समीरिता ॥"

अर्थात्- कुण्डमा अथवा वेदीमा अग्निस्थापना गरीकन लययोगको कमवाट मन्त्र, वर्ण आदि षडध्वा प्रत्येकको हवन गरेर शुद्धि गरीकन उपदेश दिनुलाई हौत्री दीक्षा भनिन्छ ।

शास्त्री दीक्षा–

"योग्यशिष्याय भक्ताय शुश्रूषार्चापराय च ।
सार्धं शास्त्रपदा त्रय्या शास्त्री दीक्षेति चोच्यते ।"

अर्थात्–गुरुको सेवा शुश्रूषा गर्ने, गुरुभक्ति गर्ने योग्यशिष्यलाई शास्त्रपदसहित त्रयींविद्याले उपदेश गर्नुलाई शास्त्री दीक्षा भनिन्छ ।

अभिषेचनिकी दीक्षा–

"शिवं च शिवपत्नीं च कुम्भे सम्पूज्य सादरम् ।
शिवकुम्भाभिषेकात् सा दीक्षा स्यादभिषेकिकी ॥"

अर्थात्- शिव र शिवा दुवैलाई घडामा विधिपूर्वक पूजा गरेर त्यही शिवघडाको जलले अभिषेक गरी उपदेश गर्नुलाई अभिषेकी दीक्षा भनिन्छ ।

यो अभिषेचनिकी दीक्षा चाहिँ शैव र शाक्तहरूमा मात्र हुन्छ ।

शाम्भवी दीक्षा–

"गुरोरालोकमात्रेण भाषणात् स्पर्शनादपि ।
सद्यः संजायते ज्ञानं सा दीक्षा शाम्भवी स्मृता ॥"

अर्थात्– गुरुको दर्शनले, स्पर्शनले, गुरुसँग बोल्नाले वा गुरुको वचन सुन्नाले मात्र पनि उत्निखेरै ज्ञान हुनजान्छ ।

त्यसकारण यसरी शम्भुस्वरूप गुरुको प्रभावैबाट ज्ञान प्राप्त गरिने हुनाले यसलाई शाम्भवी दीक्षा भनिन्छ ।

उपदेशदीक्षा-(विश्वसारतन्त्रमा)–

"महादीक्षा तथा दीक्षा उपदेशस्ततः परम् ।
युगे युगे च कर्तव्या उपदेशः कलौ युगे ॥
चन्द्रसूर्यग्रहे तीर्थे सिद्धिक्षेत्रे शिवालये ।
मन्त्रमात्रप्रकथनमुपदेशः स उच्यते ॥"

अर्थात्– महादीक्षा, दीक्षा र उपदेशदीक्षा सबै युगमा हुन्छ तर कलियुगमा उपदेशदीक्षा नै उत्तम हुन्छ । ग्रहणमा, तीर्थमा, सिद्धक्षेत्रमा वा शिवालयमा बसेर मन्त्रमात्र सुनाउनलाई उपदेशदीक्षा भनिन्छ ।

अर्को प्रकारको उपदेशदीक्षा–

"तत्राप्यशक्तः कश्चिच्चेदब्जमभ्यर्च्य साक्षतम् ।
तदम्बुनाऽभिषिच्याष्टवारं मूलेन के करम् ॥
निधायाष्टौ जपेत् कर्णे उपदेशे त्वयं विधिः ।"

अर्थात्– अरु केही गर्न नसकेपनि (अन्य प्रकारले दीक्षा लिन असमर्थ भएमा) शङ्खमा फूल अक्षताहरूले पूजा गरीकन त्यसैको जलले

मन्त्र पढीकन आठपल्ट शिष्यलाई अभिषेक गरेर शिष्यको टाउकोमा हात राखेर उसको कानमा आठपल्ट मन्त्र जप्नु (सुनाइदिनु) लाई उपदेशदीक्षा भन्दछन् ।

मेरुतन्त्रमा यस्तो वचन छ–

"भुक्तिमुक्तिप्रसिध्यर्थं परीक्ष्य विधिवद् गुरुः ।
पश्चादुपदिशेन्मन्त्रमन्यथा निष्फलं भवेत् ॥
अन्यायेन च यो दद्याद् गृह्णात्यन्यायतश्च यः ।
ददतो गृह्णतो वापि कुलशापो भविष्यति ॥
गुरुशिष्यावुभौ मोहादपरीक्ष्य परस्परम् ।
उपदेशं ददद् गृह्णन् प्राप्नुयातां पिशाचताम् ॥
अशास्त्रीयोपदेशं तु यो गृह्णाति ददाति च ।
भुञ्जाते तावुभौ घोरान् नरकानेकविंशतिम् ॥
असंस्कृत्योपदेशं तु यः करोति विमूढधीः ।
विनश्यन्ति च तन्मन्त्राः सैकते शालिबीजवत् ॥
अनर्हे मन्त्रविज्ञानं न तिष्ठति कदाचन ।
तस्मात् परीक्ष्य वक्तव्यमन्यथा निष्फलं भवेत् ॥
सच्छिष्यायातिभक्ताय यज्ज्ञानमुपदिश्यते ।
तत् प्राप्नोति प्रतीतित्वं गोक्षीरात्तु यथा घृतम् ॥
धनेच्छाभयलोभाद्यैरयोग्यं यदि दीक्षयेत् ।
देवता शापमाप्नोति कृतं च विकृतं भवेत् ॥"

अर्थात्– गुरुले दीक्षा दिंदा शिष्यको राम्ररी जाँच गरेरमात्र दिनू नत्र दिएको मन्त्र फलदायक हुँदैन । अन्यायपूर्वक अर्थात् योग्यता वा अधिकार नभइकन मन्त्रदीक्षा दिने वा लिने गर्‍यो भने त्यस्तालाई कुलको सराप लाग्नेछ । गुरुचेला दुवैले परस्पर परीक्षा (जाँचबुझ) नगरी मन्त्रोपदेश दिने लिने गर्‍यो भने त्यस्ता गुरुचेला पिशाचयोनिमा

प्राप्त हुन्छन् । शास्त्रानुसार नगरीकन अशास्त्रीय मन्त्रोपदेश दिने लिने गुरुचेला दुवै नरक पर्दछन् । चेलालाई संस्कार नगरीकन उपदेश गऱ्यो भने त्यस्ताको मन्त्र वालुवामा छरेको धान जस्तै निष्फल हुन्छ। अयोग्य व्यक्तिलाई दिएको मन्त्र विज्ञान कदापि स्थिर हुँदैन अर्थात् आउँदैन। त्यसकारण राम्ररी जाँचेर मात्र दिनू नत्र सित्तैं हुन्छ। गुरुभक्त सत्शिष्यलाई उपदेश गरेको ज्ञानबाट दूधबाट घिउ निस्केझैं प्रतीतिको उपलब्धि हुनजान्छ। भय लोभ लालच आदिमा परेर यदि अयोग्यलाई दीक्षा दिन्छ भने त्यसलाई देवताको श्राप पर्दछ र गरेको पनि बिग्रेर जान्छ।

यी पूर्वोक्त दीक्षाहरू केवल एउटै देवताको मन्त्रको लागि मात्र हो। त्यसउसले जुन देवताको मन्त्र ग्रहण गरिन्छ उनै देवताको आम्नायोक्त विधि अनुसार उपासना गर्नुपर्दछ। जस्तो कि–

"मन्त्रयोगं विदुः पूर्वं भक्तियोगञ्च दक्षिणम् ।
पश्चिमं कर्मयोगञ्च ज्ञानयोगं तथोत्तरे ॥"

अर्थात्– पूर्वाम्नायमा मन्त्रयोगबाट, दक्षिणाम्नायमा भक्तियोगबाट, पश्चिमाम्नायमा कर्मयोगबाट र उत्तराम्नायमा ज्ञानयोगबाट उपासना गर्नुपर्दछ। ऊर्ध्वाम्नाय र अधराम्नायको विषयमा केही नलेखिएबाट आ-आफ्नो गुरुपरम्परानुसार यी चार किसिममध्ये कुनै एक किसिमबाट गर्नुपर्दछ। तर ऊर्ध्वाम्नायको पराकाष्ठामा भने राजाधिराजयोगबाट उपासना हुन्छ। कुन कुन आम्नायमा उपासना गर्दा कस्तो कस्तो फल हुन्छ भन्ने विषयमा मेरुतन्त्रमा यस्तो वचन छ–

"दक्षिणोपासकः काल ऊर्ध्वः सायुज्यमाप्नुयात् ।
देवतायास्तथा पूर्वः सारूप्यं लभते परम् ॥

सामीप्यं चोत्तरो लोके पश्चिमस्त्वैहिकं फलम् ।
लाभस्त्यागश्चोपकारो ह्यधोमार्गेऽप्युदर्कयुक् ॥"

अर्थात्– दक्षिणाम्नायको उपासक महाकालस्वरूप शिव नै बन्दछ। ऊर्ध्वाम्नायको उपासकले सायुज्यमुक्ति पाउँछ। पूर्वाम्नायको उपासकले सारूप्यमुक्ति पाउँछ, उत्तराम्नायको उपासकले सामीप्यमुक्ति पाउँछ। पश्चिमाम्नायको उपासकले ऐहिक (यो लोकको) फल प्राप्त गर्दछ र अधराम्नायको उपासनाबाट लाभ, त्याग, उपकार आदि शुभ परिणाम निस्कन्छन् ।

मेरुतन्त्रको टीकामा यस्तो छ-"काल इति महाकालस्वरूपी शिव एवं भवेदित्यर्थः यत्तु काले इति सप्तम्यन्तं पदं तेंन दक्षिणोपासक ऊर्ध्वाम्नायोपासकश्च काले देहान्तसमये सायुज्यमाप्नुयादित्यर्थ इति कैश्चिदुक्तं तदसत् ।"

अर्थात्–यसमा काल भनेर महाकालस्वरूपी शिवलाई नै भनेको हो। यहाँ 'काले' यस्तो सप्तम्यन्तपद मानेर दक्षिणाम्नाय र ऊर्ध्वाम्नायका उपासक देहत्यागको समयमा सायुज्यमुक्ति प्राप्त गर्दछन् भनी जो कसैले भन्दछन् त्यो चाहिँ ठीक होइन ।

कुन कुन योगमा कस्तो कस्तो किसिमले उपासना हुन्छ भन्ने विषयमा केही दर्शाउने चेष्टा गर्दछु ।

मन्त्रयोग–

मन्त्रयोगमा आ-आफ्नो गुरुबाट मन्त्रार्थ, मन्त्रचैतन्य र मन्त्रशिखा बुझेर "जपात् सिद्धिर्जपात् सिद्धिर्जपात् सिद्धिर्वरानने ।" अर्थात्– जपैबाट सिद्धि हुन्छ भन्ने शिवजीको वचनको भरपरी जपमै लग्गू हुनुपर्दछ ।

भक्तियोग–

दक्षिणाम्नायमा भक्तियोग गर्नुपर्छ। यस योगको अभ्यास गर्दा आफ्नो अति प्यारो वस्तुमा आफ्नो मन, धन र ज्यानै समेत अर्पण गर्न मानिसले बेर नमाने झैं गरी आफ्नो इष्टदेवतामा भक्ति बढाई सर्वश्व अर्पण गर्नु नै भक्तियोग हो। जे भएपनि यस योगको यथार्थ अभ्यासको लागि पनि पशुभावको त्याग र वीरभावको ग्रहण गर्नु आवश्यक छ।

कर्मयोग–

कर्मयोगमा वहिर्यागादि र पूजादि विशेष गर्नुपर्दछ। बहिर्याग कुनैपनि अवस्थामा छाड्नु हुँदैन। कर्मयोगको विषयमा अर्चिरादि र सोमादि क्रमको वैज्ञानिक रहस्य वर्णन गर्नुपर्ने हो तर यस पुस्तकमा दीक्षाको विषयमा मात्र वर्णन गर्नुपर्ने भएकोले यहाँ दिग्दर्शनरूपमा मात्र झल्काउँछु।

ज्ञानयोग–

ज्ञानयोगको विषयमा अथर्ववेदको ज्ञानखण्डका उपनिषद्को श्रवण मनन र निदिध्यासन गर्नुपर्दछ। त्यसको व्याख्या झन् गहन हुनाले यहाँ यति मात्रै लेख्दछु।

यी चारै प्रकारका योगमा कडा नियमबाट चोखिनिति र खानपानमा विशेष ध्यान राखेर उपासना गर्नुपर्दछ।

राजाधिराजयोग–

राजाधिराजयोगवाट उपासना गर्दा भने कुनै कुरामा पनि त्यस्तो कडा नियम हुँदैन किनभने यो सर्वोत्तम योग हुनाले पूर्णाभिषेक भएपछि मात्रै यस योगवाट उपासना हुन्छ। फेरि थोरै मात्रामा भएपनि अष्टपाश नहटी पूर्णाभिषेक हुन सक्दैन।

अष्टपाश भनेका यी हुन्–

“घृणा लज्जा भयं शङ्का जुगुप्सा चेति पञ्चमी ।
कुलं शीलं तथा शक्तिरष्टौपाशाः प्रकीर्त्तिताः ।”

अर्थात्– घृणा, लाज, डर, शङ्का, जुगुप्सा, कुल, शील र शक्ति यी आठ पाश हुन् ।

नेपालमा नेवारजातिहरू असी प्रतिशत वीरकल्पबाट उपासना गर्दछन् तर जुनसुकै आम्नायबाट पनि कर्मयोग र रतनपरम्पराबाट आरम्भ गर्दछन् । पर्वतेहरूमा भने पचास प्रतिशत मात्रै वीरकल्पबाट उपासना गर्दछन्, त्यो पनि भारतमा झैं अनियमित ढंगले भक्तियोग र छेदन परम्पराबाट आरम्भ गर्दछन् ।

॥ इति श्रीक्रमदीक्षारहस्ये दीक्षाप्रकारभेदवर्णनं नाम प्रथमः पटलः ॥

द्वितीय पटल

सबै आम्नायहरूमा सबै मन्त्रको पूर्ण अधिकार पाउनाका लागि क्रमदीक्षा ग्रहण गर्नुपर्दछ। सो क्रमदीक्षा ग्रहण गर्दा सर्वप्रथम माथि वर्णन भएको अभिषेकी दीक्षावाट शुरु हुन्छ। यो क्रमदीक्षा शाक्तहरूको लागिमात्र लागू हुन्छ। अतः यो पहिलो अभिषेकलाई शाक्ताभिषेक भन्दछन्। त्यसपछि पहिलो क्रम पूर्ण भएर दोस्रो क्रम शुरु हुने वेलामा फेरि अभिषेक हुन्छ। त्यसलाई कौलाभिषेक भन्दछन्। अनि फेरि तेस्रो क्रमको शुरुमा हुने अभिषेकलाई पूर्णाभिषेक भन्दछन्। यही पूर्णाभिषेकलाई पछिका आचार्यगुरुहरूले दुई भागमा विभाजित गरेका छन्– १.लघुपूर्णाभिषेक र २.महापूर्णाभिषेक।

महापूर्णाभिषेक विधिपूर्वक गर्न सामर्थ्य भएका गुरु हाल कलिकालमा प्रायशः दुर्लभ जस्तै भएको हुनाले कौलाभिषेककै विधिमा "कौलाभिषेकेन पूर्णाः सन्तु मनोरथाः" भन्ने ठाउँमा "पूर्णाभिषेकेन पूर्णाः सन्तु मनोरथाः" भन्ने वचन पारेर अभिषेक गरी शिष्यको नामकरण र गोत्र परिवर्तन गर्ने चलन छ। यो अभिषेकको बारेमा यस पुस्तकको अन्तिम पटलमा दिग्दर्शन गर्नेछु।

पूर्णाभिषेकको परम्परा धेरै छन्। अर्थात् यो पूर्णाभिषेक कसैको कुनै तन्त्रको आधारमा र कसैको कुनै तन्त्रको आधारमा निहित हुन्छ। मेरो परम्परा बृहद्वडवानलतन्त्रको आधारमा निहित भएको हुनाले सोही तन्त्रको आधारमा यथाज्ञान वर्णन गर्ने चेष्टा गर्दछु।

"सुन्दरी तारिणी काली क्रमदीक्षाभिगामिनी।
क्रमदीक्षायुतो देवि क्रमाच्छम्भुर्भविष्यति ॥
सुन्दरी हादिविद्या च सादिविद्या च तारिणी।
कादिविद्या कुब्जिकाली मतत्रयविभिन्नता ॥"

अर्थात्– सुन्दरी अर्थात् श्रीविद्यामहात्रिपुरसुन्दरी, तारिणी अर्थात् तारा, काली अर्थात् गुह्यकाली यी तीन क्रमदीक्षाका मुख्य देवीहरू हुन्। अब यहाँ एउटा कुरा वर्णन गर्नुछ। प्रत्येक आम्नाय हाम्रो शरीरको षट्चक्रहरूमध्ये कुनै न कुनैसित सम्बन्धित भएका हुन्छन्। फेरि मन्त्र र देवताहरूको पनि उस्तै सम्बन्ध हुन्छ। अब कुन कुन चक्र कुन कुन आम्नायात्मक हुन् भन्ने विषयलाई निम्नलिखित प्रकारले देखाइएको छ।

१. मूलाधार – अधराम्नायात्मक
२. स्वाधिष्ठान – पूर्वाम्नायात्मक
३. मणिपूरक – दक्षिणाम्नायात्मक
४. अनाहत – पश्चिमाम्नायात्मक
५. विशुद्धि – उत्तराम्नायात्मक
६. आज्ञा – ऊर्ध्वाम्नायात्मक

फेरि कुब्जिका पश्चिमाम्नायकी नायिका हुन् तापनि कुलकुण्डलिनीरूपा हुन्। यिनी मूलाधारमुनिको सहस्रारमा सर्वाधाररूप सार्धत्रिवलयाकार भएर विद्यमान हुन्छिन्। फेरि श्रीविद्यामहात्रिपुरसुन्दरी दीपाकार चैतन्यरूपिणी ब्रह्मरन्ध्रको सहस्रारचक्रमाथि हुन्छिन्। "सुन्दरी हादिविद्या" भनेको के हो भने हादिक्रमबाट सुन्दरीमा समष्टि हुन्छ। त्यसउसले यो क्रमलाई हादिक्रम अर्थात् हंसक्रम भनेको हो। हंसक्रम भन्नाले तलबाट माथि सहस्रारतिर जाने क्रम हो। हरेक क्रममा तीन तीन आम्नाय हुन्छन्। यो हंसक्रम श्रृंखलाक्रम अर्थात् सिक्री जस्तो क्रमले जान्छ। कस्तो भने ब्रह्मरन्ध्रमा माथितिर जानुपर्ने हुनाले पहिले दक्षिणाम्नाय मणिपूरचक्रबाट शुरु भई दोस्रोमा अधराम्नाय मूलधारचक्रमा अनि तेस्रोमा ऊर्ध्वाम्नाय आज्ञाचक्रमा गई चैतन्यरूप सहस्रारमा समष्टि हुन्छ ।

अब "सादिविद्या च तारिणी" भनेको के हो भने नीलताराको क्रमबाट शुरु भएर आर्यतारामा समष्टि हुने हुनाले यसलाई सादिक्रम अर्थात् संवरौधीक्रम भन्दछन्। यो क्रम बौद्धमार्गको हुनाले यसबारे मलाई थाहा छैन, यस विषयमा म केही व्याख्या गर्न सक्दिन।

"कादिविद्या कुब्जिकाली" यसको मतलव के हो भने कादिमत कुण्डलिनीक्रम हो र यसमा तल कुण्डलिनीतिर जान पर्ने हुनाले माथिबाट तल जाने क्रम हुन्छ। यस क्रममा कालीबाट शुरु भएर कुब्जिकामा मिल्न जान्छ। त्यसउसले कुब्जिकाली भनेको हो। यस क्रममा उत्तराम्नाय विशुद्धचक्रबाट शुरु भई दोस्रोमा पूर्वाम्नाय मणिपूर चक्र भई पश्चिमाम्नाय अनाहत चक्रमा समष्टि भई तलको सहस्रारचक्रमा समष्टि भई कुण्डलिनीमा पुग्छ।

हाम्रो शरीरमा आज्ञाचक्रको सहस्रारसित एक सूक्ष्म नाडीद्वारा सम्बन्ध भई त्यहाँ रहेको दीपाकार चैतन्यसँग सम्बन्ध भई सर्वज्ञता प्राप्त भए झैँ अनाहतचक्रको सूक्ष्मनाडीद्वारा हृदयमा समष्टि भई सोही नाडीद्वारा मूलाधारमुनि रहेको सहस्रारमा सम्बन्ध भई मुटु धड्कने हुन्छ।

यो कुरा पूर्णक्रम प्राप्त भई शाम्भवदीक्षा लिएर शाम्भवको अनुभव भएपछि स्वयं बुझिन्छ। यो अनुभवगम्य कुरा हुनाले लेखद्वारा यतिसम्म मात्रै प्रकाश हुन्छ।

"प्रकारनवकैर्भिन्ना क्रमदीक्षा विमुक्तिदा।
विद्याक्रमं तथा काद्याम्नायोक्तक्रमगं शिवे॥
हाद्याम्नायोक्तक्रमं च हादिपञ्चक्रमं तथा।
कादिनवक्रमञ्चैव हादिनवक्रमं तथा॥
सादिक्रमं संवरौधिमतं चीनसमुद्भवम्।
महाक्रमं तथा पूर्णक्रमं सर्वोत्तमोत्तमम्॥"

अर्थात्– क्रमदीक्षा नऊ प्रकारका हुन्छन्। ती के के हुन् भने– १.विद्याक्रम २. काद्याम्नायक्रम ३. हाद्याम्नायक्रम ४. हादिपञ्चक्रम ५. कादिनवक्रम ६. हादिनवक्रम ७. सादिक्रम अर्थात् संवरौधिक्रम ८. महाक्रम र ९. पूर्णक्रम

सादिक्रमलाई 'चीनसमुद्भवम्' भनेको कारण के हो भने ताराको उपासनाको नियमलाई चीनक्रम भन्दछन्। यो नियम जैन र वौद्धमार्गमा मात्र लागू हुन्छ। त्यस्तै हाम्रो शैवमार्गमा लागू हुने कालीको नियमलाई नीलक्रम र सुन्दरीको नियमलाई गन्धर्वक्रम भन्दछन्।

माथि वताए अनुसारको क्रम गर्न नसक्ने साधकको लागि ती नऊ क्रमदेखि वाहेक अर्को सूक्ष्म किसिमले गरिने लघुक्रम पनि हुन्छ। ती सवै जम्मा गर्दा दश क्रम हुनजान्छन्। मतान्तरमा संवरौधिक्रम वौद्धमार्गीय र लघुक्रम उपक्रम हुनाले यी दुईवटा छाडेर नऊ क्रम मान्ने पनि चलन छ।

अव विद्याक्रमको वर्णन गरिन्छ।

विद्याक्रम–

"गुह्याद्गुह्यतरं सर्वक्रमदीक्षाविधिं शृणु।
सर्वाम्नायप्रभेदेन षड्धा विद्याक्रमं स्मृतम्॥
पूर्वाम्नाये चोन्मनी च पूर्णेशी भुवनेश्वरी।
संवर्तशाम्भवं दिव्यं स्वाधिष्ठाने स्थितं वरम्॥
आद्या श्यामा दक्षिणा च दक्षिणाम्नायवर्त्मनि।
द्वीपशाम्भवकं दिव्यं मणिपूरे स्थितं परम्॥
पश्चिमे कुब्जिका वज्रकुब्जिकाऽघोरकुब्जिका।
सर्वाधिकारविद्याख्यं शाम्भवं चतुरन्वयम्॥

उपमार्गे महापूर्वा काली लक्ष्मीः सरस्वती ।
चामुण्डा च महाहंसेश्वराख्यं शाम्भवं हृदि ॥
उत्तरे सिद्धिलक्ष्मीश्च महासिद्धिकरालिका ।
कामकला गुह्यकाली विच्चेशाम्भवकण्ठगम् ॥
ऊर्ध्वे बाला पञ्चदशी षोडशी परशाम्भवम् ।
आज्ञाचक्रे स्थितं दिव्यं श्रीविद्याक्रमसंयुतम् ॥"

अर्थात्– विद्याक्रम आम्नायभेदले गर्दा छ किसिमका हुन्छन् । यहाँ एउटा विचारको कुरा छ । जुन चीजमा पनि इच्छा, ज्ञान र क्रिया तीन थोकको आवश्यकता पर्दछ । त्यस्तै आम्नायक्रममा पनि इच्छारूप, ज्ञानरूप र क्रियारूप तीनरूपले तीन भेद हुनजान्छ । जस्तो कि आद्या विद्या, द्वितीया विद्या र तृतीया विद्या । अव यस विद्याक्रम अन्तर्गत प्रत्येक आम्नायका आद्या द्वितीया र तृतीया विद्या के के हुन् र तिनका ध्यान र मन्त्रका बारेमा पनि चर्चा गरिन्छ ।

पूर्वाम्नाय विद्या

उन्मनी–

पूर्वाम्नायमा आद्या विद्या उन्मनी हुन् । यिनको तीन अक्षरको मन्त्र हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"उद्यद्भास्वत्समाभां विजितनवजपामिन्दुखण्डावनद्ध-
द्योतन्मौलीं त्रिनेत्रां विविधमणिलसत्कुण्डलां पद्मगाञ्च ।
तारग्रैवेयकाञ्चीगुणमणिवलयाद्यैर्विचित्राम्बराढ्या-
मम्बां पाशाङ्कुशेष्टाभयकरकमलामुन्मनीं तां नमामि ॥"

अर्थात्– उदाउन लागेको सूर्यको जस्तो कान्ति भएकी, भरखर फूलेको जपापुष्प भन्दा पनि राम्रो वर्णकी, माथमा चन्द्रकला धारण

गरेकी, नाना प्रकारका मणिजडित कुण्डल धारण गरेकी, कमलमाथि बसेकी, कण्ठी, मेखला, मणिमयवालाहरू लाएर विचित्रको वस्त्र पहिरेकी, तीन नेत्र चार हात भएकी, हातमा पाश, अङ्कुश, वरदमुद्रा र अभयमुद्रा धारण गरेकी, जगज्जननी उन्मनीदेवीको ध्यान गर्नू ।

यिनको भैरव उन्मनेश्वर हुन् । यिनको तीन अक्षरको मन्त्र हुन्छ ।

यो त्र्यक्षरीमन्त्रको उपदेश भएपछि पूर्वाम्नायको मायाबीजात्मक भुवनेश्वरीको एकाक्षरी मन्त्रको पनि आफूले पुरश्चरण गर्न र अरुलाई दिन अधिकार हुन्छ ।

पूर्णेश्वरी–

यसमा द्वितीया विद्या पूर्णेश्वरी हुन् । यिनको चार अक्षरको मन्त्र हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"इन्द्रनीलसमप्रख्या दशदोर्दण्डधारिणी ।
वराभयकरा रम्या त्रिशूलं च कपालकम् ॥
डमरुं चाक्षमालाञ्च शक्तिञ्चैव कराम्बुजैः ।
इक्षुचापं शरं चैव खड्गहस्ता सुशोभिनी ॥
महाप्रेतोपरिगता सूर्यचन्द्रासनस्थिता ।[३]
वासुकीशङ्खपालौ द्वौ कर्णभूषणतां गतौ ॥
अनन्तहारमाला च हारालङ्कारभूषिता ।
विशालत्रयनेत्रा च चन्द्रार्द्धकृतशेखरा ॥
एषा पूर्णेश्वरी ध्येया हाहारावरवप्रिया ।

अर्थात्– इन्द्रनीलमणि जस्तो नीलो वर्णकी, ठूलठूला तीन आँखा र दश हात भएकी, हातमा वर अभय, त्रिशूल खपरु, डमरु,

---

३. मन्त्रविद्यारहस्यमा– 'महाप्रेतोपरिगतसूर्यचन्द्रासनस्थिता' यस्तो पाठ देखिन्छ ।

अक्षमाला, शक्ति, इक्षुधनु, बाण र खड्ग धारण गरेकी, महाप्रेतमाथि सूर्यचन्द्रमा आसन गरेर बसेकी, वासुकि र शङ्खपाल नागको कुण्डल, अनन्तनागको माला र हार अलङ्कारहरू लाएकी, अर्धचन्द्रको चाँद लाएकी, श्यालको शब्द मन पराउने यस्ती पूर्णेश्वरीको ध्यान गर्नू।

यिनको भैरव पूर्णेश्वर हुन्। यिनको मन्त्र एककूटको हुन्छ। यो मन्त्रको उपदेश भएपछि पूर्वाम्नायात्मिका अन्नपूर्णाको सबै भेदका मन्त्रहरू आफूले उपासना गर्न र अरुलाई दिन समेत हुन्छ।

भुवनेश्वरी–

यसमा तृतीया विद्या भुवनेश्वरी हुन्। यिनको पाँच अक्षरको मन्त्र हुन्छ। यिनको ध्यान यसप्रकारको हुन्छ–

"भजे भुवनसुन्दरीमरुणनीलशुभ्रानन-
त्रयां त्रिनयनाम्बुजां धृतवरत्रिशूलाङ्कुशाम्।
सुपाशडमरूकरामभयदां सरोजस्थितां
स्मितां शशिधरां परामरुणमाल्यभूषोज्ज्वलाम्॥"

अर्थात्– रातो, नीलो र सेतो तीन मुख, तीन आँखा, छ हात भएकी, हातमा वरदमुद्रा, त्रिशूल, अङ्कुश, पाश, डमरु र अभयमुद्रा धारण गरेकी, कमलमाथि बसेकी, हँसिलो मुख भएकी, चन्द्रमा धारण गरेकी, रातो माला र रातै वेषभूषा धारण गरेकी, भुवनसुन्दरी अर्थात् भुवनेश्वरीको ध्यान गर्नू।

यिनको भैरव भुवनेश्वर हुन्। यिनको मन्त्र छ अक्षरको हुन्छ।

यो मन्त्र लिएपछि भुवनेश्वरीको सबै त्र्यक्षरी मन्त्रहरूको पनि आफूले उपासना गर्न र दिन अधिकार हुन्छ। तर आफूले गुरुवाट पाएका यी तीन मन्त्रदेखि बाहेक अधिकार पाएका अरु सबै मन्त्रहरू

दक्षिणामूर्ति गुरुद्वारा ग्रहण गरेर मात्रै आफूले अनुष्ठान गर्न र अरुलाई दिन हुन्छ ।

अब यस आम्नायमा सर्वाधिकार हुनको लागि पूर्वाम्नायको सर्वाधिकारदीक्षा ग्रहण गर्नुपर्दछ। अर्थात् सो दीक्षाको सर्वाधिकारमन्त्र र निर्वाणमन्त्र ग्रहण गर्नुपर्दछ। सो निर्वाण भुवनेश्वरीको ध्यान यसप्रकार छ–

"शूलासिशक्तिवरदाभयपौण्ड्रचाप-
पुष्पेषुपात्रडमरूँश्च तथाक्षसूत्रम् ।
बिभ्रत्कराम्बुजतलैश्च शवाधिरूढां
श्यामां भजे भगवतीं भवभीतिहन्त्रीम् ॥"

अर्थात्– हातमा शूल, खड्ग, शक्ति, वर, अभय, इक्षुधनु, पुष्पवाण, पात्र, डमरु र अक्षमाला धारण गरेकी, शवमाथि विराजमान भएकी, भवभयहरण गरिदिने श्यामा भगवती अर्थात् निर्वाण भुवनेश्वरीको ध्यान गर्नू ।

यति दीक्षा पूरा भएपछि पूर्वाम्नायमा सर्वाधिकार हुन्छ। यसका अरु कुनै मन्त्र पनि दक्षिणामूर्तिबाट लिनुपर्दैन। त्यसपछि अन्तर्यागको लागि स्वाधिष्ठान चक्रमा संवर्तशाम्भवविद्याको संवर्तेश्वर शाम्भव र संवर्तेश्वरी पराम्वाको धारणाको निमित्त कूटहरू र जपको निमित्त मन्त्रहरू ग्रहण गरी आ-आफ्नो गुरुले वताए वमोजिम योगाभ्यास गर्नुपर्दछ ।

संवर्तेश्वर शाम्भवको ध्यान यसप्रकारको छ–

"पञ्चवक्त्राम्वुजैर्युक्तं प्रतिवक्त्रं त्रिलोचनम् ।
दशपादं दशभुजं बालार्कमण्डलप्रभम् ॥

दंष्ट्राकरालवदनं मुण्डमालाविभूषितम् ।
स्थूलाङ्गं रत्नसर्पास्थिभूषणं चान्त्रमेखलम् ॥
शूलचक्रध्वजवरकपालानि च दक्षिणैः ।
पारिजातं जपवटीं विद्यां चाभयमेव च ॥
टङ्कं दधानं वामैश्च पाणिपद्मैः क्रमेण च ।
रुद्रप्रेतासने ध्यायेदेकपादेन संस्थितम् ॥"

अर्थात्– पाँच मुख र मुखै पिच्छे तीन नेत्र, दश पाउ र दश हात भएका, बालसूर्यको जस्तो तेज भएका, दाह्रा निस्केको कराल मुख भएका, मुण्डमाला लाएका, ठूला अङ्ग भएका, रत्न सर्प र हाडको गहना एवं आन्द्राको कन्धनी लाएका, हातमा दाहिनेपट्टि शूल, चक्र, ध्वजा, वर र कपाल तथा देब्रेपट्टि कल्पवृक्ष, जपमाला, पुस्तक, अभय र बन्चरो धारण गरेका, रुद्रप्रेतमाथि एउटा खुट्टा टेकेर उभिएका संवर्तेश्वरको ध्यान गर्नू ।

संवर्तेश्वरीको ध्यान यसप्रकारको छ-

"षड्वक्त्रां तप्तस्वर्णाभां द्वाविंशतिकराम्बुजाम् ।
स्फुरदादित्यसंकाशलोचनाष्टादशान्विताम् ॥
शूलं कपालं बाणं च चापं खट्वाङ्गमङ्कुशम् ।
पाशं शङ्खं च चक्रं च गदारत्नासितोमरान् ॥
डमरुं चैव वज्रं च घण्टां त्रिखण्डिकां[4] तथा ।
शक्तिं शवं च कुन्तं च सर्पं जपवटीं करैः ॥
दक्षादक्षक्रमेणैव बिभ्रतीमट्टहासिनीम् ।
संवर्तेशीं ततो ध्यायेद् रुद्रप्रेतासने स्थिताम् ॥"

अर्थात्– पोलेको सूनजस्तो वर्णकी, छ मुख अठ्ठारनेत्र र बाईस हात भएकी, हातमा दायाँ बायाँ शूल खपरु, बाण धनु, खट्वाङ्ग, अङ्कुश,

४ मन्त्रविद्यारहस्यमा 'त्रिदण्डिका' यस्तो पाठ देखिन्छ ।

पाश शङ्ख, चक्र गदा, रत्न खड्ग, तोमर डमरु, वज्र घण्टा, त्रिखण्डी शक्ति, शव, कुन्त, सर्प र जपमाला धारण गरेकी, अट्टहास गर्ने, रुद्रप्रेतमाथि बसेकी संवर्तेश्वरीको ध्यान गर्नू ।

अब विद्याक्रम अन्तर्गत दक्षिणाम्नायको वर्णन गरिन्छ ।

दक्षिणाम्नाय विद्या

आद्याकाली–

दक्षिणाम्नायमा पहिलो विद्या आद्याकाली हुन् । यिनको सोह्र अक्षरको मन्त्र हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"श्यामाङ्गीं शशिशेखरां त्रिनयनां रक्ताम्बरां बिभ्रतीम्,
पाणिभ्यामभयं वरं च विलसद्रक्तारविन्दस्थिताम् ।
नृत्यन्तं पुरतो निपीय मधुरं माध्वीकमद्यं महा-
कालं वीक्ष्य विकासिताननवरामाद्यां भजे कालिकाम् ॥"

अर्थात्– श्यामवर्णकी, चन्द्रमाको चाँद लगाएकी, रातो वस्त्र पहिरेकी, तीन नेत्र दुई हात भएकी, हातमा अभयमुद्रा र वरदमुद्रा धारण गरेकी, रातो कमलमाथि विराजमान भएकी, वेसरी मधुपान गरेर अघिल्तिर नाच्न लागेका महाकाललाई देखेर प्रफुल्ल भएकी आद्याकालीको ध्यान गर्नू । यिनको भैरव महाकाल हुन् । यिनको मन्त्र सार्द्धसप्ताक्षरी हुन्छ । यो मन्त्र ग्रहण गरेपछि आद्याकालीको सबै भेदको मन्त्रको अधिकार हुन्छ । त्यसपछि श्यामाको आ-आफ्नो गुरुपरम्परा अनुसार कुनै एक मन्त्रको उपदेश हुन्छ ।

श्यामाकाली–

दक्षिणाम्नाय अन्तर्गत द्वितीया विद्या श्यामाकाली हुन् ।

यिनको ध्यान यसप्रकारको छ–

"सद्यश्छिन्नशिरःकृपाणमभयं हस्तैर्वरं बिभ्रतीं
घोरास्यां शशिशेखरां त्रिनयनामुन्मुक्तकेशावलीम् ।
सृक्कासृक्प्रवहां श्मशाननिलयां श्रुत्योः शवालङ्कृतां
श्यामाङ्गीं कृतमेखलां शवकरैर्देवीं भजे कालिकाम् ॥"

अर्थात्– तीन नेत्र चार हात भएकी, हातमा आलो मुण्ड, खड्ग, अभय र वर धारण गरेकी, घोर अनुहार भएकी, चन्द्रमाको चाँद लगाएकी, केश छोडेकी, दुईतिर गिजाबाट रगत बगाइरहेकी, कानमा शवको कर्णभूषण लगाएकी, शवका हातको मेखला लगाएकी, श्यामवर्णकी श्मशानवासिनी कालीको ध्यान गर्नू । यिनको भैरव महाकाल हुन् । यिनको सोह्र अक्षरको मन्त्र हुन्छ । यो मन्त्र ग्रहण गरेपछि श्यामाकालीको सबै भेदको मन्त्रको अधिकार हुन्छ ।

दक्षिणकाली–

श्यामाकालीको मन्त्र ग्रहण गरेपछि दक्षिणकालीको बाइस अक्षरको मन्त्रको उपदेश हुन्छ । यिनलाई अनिरुद्धसरस्वती पनि भन्दछन् । यिनको ध्यान यसप्रकारको छ–

"करालवदनां घोरां मुक्तकेशीं चतुर्भुजाम् ।
कालिकां दक्षिणां दिव्यां मुण्डमालाविभूषणाम् ॥
खड्गाभयवराँश्छिन्नं मुण्डं च दधतीं करैः ।
महामेघप्रभां श्यामां तथा चैव दिगम्बराम् ॥
कण्ठावसक्तमुण्डालीगलद्रुधिरचर्चिताम् ।
कर्णावतंसतानीतशवयुग्मविराजिताम् ॥
घोरदंष्ट्रां करालास्यां पीनोन्नतपयोधराम् ।
शवानां करसंघातैः कृतकाञ्चीं हसन्मुखीम् ॥
सृक्कद्वयगलद्रक्तधाराविच्छुरिताननाम् ।
घोररूपां महारौद्रीं श्मशानालयवासिनीम् ॥

दन्तुरां दक्षिणव्यापिमुक्तलम्बकचोच्चयाम् ।
शवरूपमहादेवहृदयोपरि संस्थिताम् ।
शिवाभिर्घोररावाभिश्चतुर्दिक्षु समन्विताम् ।
महाकालेन च समं विपरीतरतातुराम् ।
सुखप्रसन्नवदनां स्मेराननसरोरुहाम् ।
एवं सञ्चिन्तयेत्कालीं श्मशानालयवासिनीम् ॥"

अर्थात्– करालमुख भएकी डरलाग्दी, केश छाडेकी, मुण्डमाला लगाएकी, चार हात भएकी, हातमा खड्ग, अभय, वर र मुण्ड धारण गरेकी, महामेघको जस्तो श्यामवर्ण भएकी, निर्वाङ्ग नाङ्गी, घाँटीमा माला लगाएका मुण्डहरूबाट बगेको रगतले भिजेकी, शवका कर्णभूषण लगाएकी, डरलाग्दो दाह्रा भएकी, करालमुख भएकी, ठूलठूला स्तन भएकी, शवका हातको मेखला लगाएकी, हँसिलो मुख भएकी, मुखका दुईतिर छेउबाट रगत बगाएकी, केश फिँजेकी, श्मशानमा शिवजीको शवमाथि विराजमान भएकी, चारैतिर कराएका श्यालहरूले घेरिएकी, महाकालसित बसेर विपरीत रति गर्न लागेकी, हँसिलोमुखकी कालीको ध्यान गर्नू ।

यिनको भैरव महाकाल हुन् । यिनको मन्त्र एक्काइस अक्षरको हुन्छ ।

यो मन्त्र ग्रहण गरेपछि दक्षिणकालीको सबै भेदको मन्त्रको अधिकार हुन्छ । अनि यिनको मन्त्रको सर्वाधिकारदीक्षा र यिनको निर्वाणदीक्षा ग्रहण गरी निर्वाणदक्षिणकालीको ध्यान गरिन्छ । निर्वाणदक्षिणकालीको ध्यान यसप्रकारको छ–

"श्मशाने च महाकालीं देवीं ध्यायेद् दिगम्बराम् ।
दंष्ट्राकरालवदनां मुण्डमालाविभूषिताम् ॥

दक्षिणोर्ध्वे धनुर्हस्तां वामे चैव तथा शरान् ।
अधः पाशं च खड्गं च तत्क्रमात्परिकीर्तितम् ॥"

अर्थात्– निर्वाङ्ग नाङ्गी भएर श्मशानमा वसेकी, दाह्रा निस्केर विकराल मुख भएकी, मुण्डमाला लगाएकी, दाहिने हातमा माथि धनु तल पाश, देव्रे हातमा माथि वाण तल खड्ग लिएकी महाकालीको ध्यान गर्नू ।

अनि अन्तर्यागको लागि द्वीपशाम्भवविद्याका द्वीपेश्वरशाम्भव र द्वीपेश्वरी पराम्वाको पूर्ववत् कूट र मन्त्रको उपदेश हुन्छ । द्वीपेश्वरको ध्यान यसप्रकारको छ –

"द्वीपेश्वरं महाभीमं हारकुण्डलभूषितम् ।
प्रतिवक्त्रं त्रिनयनं ध्यायेच्छ्यामं षडाननम् ॥
बाणं चापं च शूलं च रथाङ्गं खड्गमङ्कुशम् ।
वरं खट्वाङ्गपरशुगदापाशाभयानि च ॥[१]
बिभ्राणं द्वादशभुजैर्विष्णुप्रेतासने स्थितम् ।"

अर्थात्– हार र कुण्डल लगाएका, छ मुख भएका, प्रतिमुख तीन नेत्र भएका, वाह्र हात भएका, हातमा बाण, धनु, शूल, चक्र, खड्ग, अंकुश, वर, खट्वाङ्ग, बन्चरो, गदा, पाश र अभय धारण गरेका, विष्णुको शवमाथि विराजमान महाभीम द्वीपेश्वरको ध्यान गर्नू ।

द्वीपेश्वरीको ध्यान यसप्रकारको छ–

"षडाननां श्यामलाङ्गीं प्रतिवक्त्रं त्रिलोचनाम् ।
शङ्खचक्रगदापद्मशूलपाशवराभयान् ॥
दधानां विष्णुप्रेतस्थां ध्यायेद् द्वीपेश्वरीं पराम् ॥"

१ मन्त्रविद्यारहस्यमा 'वरं खट्वाङ्गपरशू गदापाशभयानि च' यस्तो पाठ देखिन्छ ।

अर्थात्– साँवलो वर्णकी, छ मुख अठार नेत्र आठ हात भएकी, हातमा शङ्ख, चक्र, गदा, पद्म , शूल , पाश, वर र अभय धारण गरेकी, विष्णुको शवमाथि बसेकी द्वीपेश्वरी पराम्बाको ध्यान गर्नू ।

अधराम्नाय

अधराम्नाय बौद्धमार्गीय भएको हुनाले त्यसको अनुकल्प रूपमा दक्षिणाम्नायात्मक ताराको क्रम हुन्छ । किनभने तारा नै अधराम्नायकी नायिका हुन् र तिनको क्रम यसप्रकार छ– एकजटा, नीलसरस्वती र महोग्रतारा ।

एकजटा–

यसमा आद्या विद्या एकजटा हुन् । यिनको मन्त्र सार्द्धपञ्चाक्षरी हो । यिनको ध्यान यसप्रकारको हुन्छ-

"श्वेताम्बरां शारदचन्द्रकान्तिं
सद्भूषणां चन्द्रकलावतंसाम् ।
कर्त्रीकपालान्वितपाणिपद्मां
तारां त्रिनेत्रां प्रभजेऽखिलर्द्धचै ॥"

अर्थात्– सेतो वस्त्र पहिरेकी, शरत्कालको चन्द्रमाको जस्तो कान्ति भएकी, असल आभूषणहरू र चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र दुई हात भएकी, हातमा कर्त्री र खपरु धारण गरेकी एकजटाको ध्यान गर्नृ ।

सबै ताराका भेदको भैरव अक्षोभ्य हुन् । तिनको मन्त्र सप्ताक्षरी हो ।

नीलसरस्वती–

ताराक्रममा द्वितीया विद्या नीलसरस्वती हुन्। यिनको मन्त्र त्रयोदशाक्षरी हो। यिनको ध्यान यसप्रकारको हुन्छ –

"शवासनां सर्पविभूषणाढ्यां
कर्त्रीं कपालं चषकं त्रिशूलम्।
करैर्दधानां नरमुण्डमालां
त्र्यक्षां भजेन्नीलसरस्वतीं ताम्॥"

अर्थात्– शवमाथि विराजमान भएकी, सर्पहरूको गहना लगाएकी, तीन नेत्र चार हात भएकी, हातमा कर्त्री, खपरु, पानपात्र र त्रिशूल धारण गरेकी, मुण्डमाला लगाएकी नीलसरस्वतीको ध्यान गर्नू।

महोग्रतारा–

यसरी एकजटा र नीलसरस्वतीको मन्त्र ग्रहण पछि महोग्रताराको मन्त्रको उपदेश हुन्छ। यिनको मन्त्र सार्द्धपञ्चाक्षरी हुन्छ। यिनको ध्यान यसप्रकारको छ–

"प्रत्यालीढपदार्पिताङ्घ्रिशवहृद्घोराट्टहासापरा
खड्गेन्दीवरकर्त्रीखर्परभुजा हूँकारबीजोद्भवा।
खर्वा नीलविशालपिङ्गलजटाजूटोग्रनागैर्वृता
जाड्यं न्यस्य कपालके त्रिजगतां हन्त्युग्रतारा स्वयम्॥"

अर्थात्– शवको हृदयमाथि प्रत्यालीढमुद्रामा रहेकी, डरलाग्दो अट्टहास गरेकी (तीन नेत्र चार हात भएकी), हातमा खड्ग, नीलकमल, कर्त्री र खपरु लिएकी, पुड्को कदकी, केश जुरो बाँधेकी, डरलाग्दा नागहरूले घेरिएकी यस्ती उग्रताराको ध्यान गर्नू।

यिनको सर्वाधिकारदीक्षामा सर्वाधिकारदीक्षा र निर्वाणदीक्षा ग्रहण गरी निर्वाणताराको ध्यान गर्नु पर्छ। सो ध्यान यसप्रकारको छ–

"प्रकटविकटदंष्ट्रा घोररूपाट्टहासा
नरशिरकृतमाला मेघवर्णातिखर्वा ।
त्रिभुवनजयदात्री हस्तविन्यस्तकर्त्री
करकलितकपाला पातुमामुग्रतारा ॥"

अर्थात्– दाह्रा निस्केकी, डरलाग्दो रूपकी, अट्टहास गरेकी, मुण्डमाला लगाएकी, मेघ जस्तो श्यामवर्णकी, ज्यादै पुड्की, कर्त्री र कपाल लिएकी उग्रताराको ध्यान गर्नू ।

यिनको अन्तर्यागमा नवात्मेश्वर शाम्भव लिनुपर्दछ । यिनको ध्यान यसप्रकारको छ–

"भिन्नाञ्जनप्रभं पञ्चवक्त्रं पञ्चदशाक्षिणम् ।
दशपादं दशभुजैः शूलं वज्रं ध्वजं तथा ॥
कपालं वरदं चैव पारिजाताक्षपुस्तकान् ।
तत्त्वमुद्रां चाभयं च दधानं दक्षवामकैः ॥
ऊर्ध्वकेशं नवात्मेशं सर्पास्थिरत्नभूषितम् ।
दंष्ट्राकरालिनं ध्यायेद् ब्रह्मप्रेतासने स्थितम् ॥"

अर्थात्– निख्खरा कालो वर्ण भएका, पाँच मुख, पन्ध्र आँखा, दश पाउ, दश हात भएका, दायाँ र बायाँ हातमा शूल, वज्र, ध्वजा, खपरु र वरद मुद्रा एवं कल्पवृक्ष, अक्षमाला, पुस्तक, तत्त्वमुद्रा र अभयमुद्रा धारण गरेका, ठाडा केश भएका, सर्प, हाड र रत्नहरू लाएका, दाह्रा निस्केका, ब्रह्मप्रेतमाथि विराजमान नवात्मेश्वरको ध्यान गर्नू ।

नवात्मेश्वरीको ध्यान यसप्रकारको छ–

"नीलवर्णां नवात्मेशीं ध्यायेद् द्वादशपाणिनीम् ।
दक्षवामकरैः शूलान् तथा चक्राँश्च बिभ्रतीम् ॥

षड्वक्त्रां पश्चिमे पीतमुत्तरे शुक्लवर्णकम् ।
दक्षिणे कृष्णवक्त्रं च पूर्वे रक्ताननं तथा ॥
ईशाने शुभ्रवर्णाभमूर्ध्वं शोणितवर्णकम् ।
दंष्ट्राकरालवदनां मुण्डमालाविभूषिताम् ॥
सर्पास्थिरत्नभूषाढ्यां वर्वरोर्ध्वशिरोरुहाम् ।
अष्टाविंशतिवर्षीयां महाट्टहसनोत्सुकाम् ॥
व्याघ्रचर्मपरीधानां सिंहचर्मोत्तरीयकाम् ।
दिव्याभरणभूषाङ्गीं ब्रह्मप्रेतासने स्थिताम् ॥"

अर्थात्– नीलो वर्णकी, छ मुख, बाह्र हात भएकी, दाँयापट्टि हातमा शूलहरू र बायाँपट्टि हातमा चक्रहरू धारण गरेकी, पश्चिम मुख पहेंलो, उत्तर मुख सेतो, दक्षिण मुख कालो, पूर्व मुख रातो, ईशान मुख सेतो र ऊर्ध्व मुख रातो भएकी, दाह्रा निस्केकी, मुण्डमाला लगाएकी, सर्प हाड र रत्नहरूको गहना लगाएकी, ठाठाडा केश भएकी, अट्ठाइस वर्षको जस्तो उमेरकी, अट्टहास गर्ने, बाघको छाला बेरेकी, सिंहको छाला ओढेकी, दिव्य आभूषणहरू लगाएकी, ब्रह्मप्रेतमाथि विराजमान भएकी, नवात्मेश्वरीको ध्यान गर्नू ।

अब उपमार्ग अर्थात् उपाम्नायको वर्णन गरिन्छ–

उपाम्नाय

महाकाली–

उपमार्ग अर्थात् उपाम्नायको क्रममा ईशानाम्नायनायिका श्रीमहाकालीको मन्त्र नवाक्षरी हुन्छ । तिनको ध्यान यसप्रकारको छ–

"खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः
शंङ्खं संदधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।

नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकाम् ।
यामस्तौत् स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥"

अर्थात्– नीलो वर्णकी, तीन नेत्र, दश मुख, दश पाउ र दश हात भएकी, हातमा खड्ग, चक्र, गदा, बाण, धनु, परिघ, शूल, भुशुण्डी मुण्ड र शङ्ख धारण गरेकी, सर्वाङ्गमा आभूषण लगाएकी, मधुकैटभलाई मराउनको लागि सुतेका विष्णुलाई जगाउनका लागि ब्रह्माजीले स्तुति गरिएकी महाकालीको ध्यान गर्नू ।

यिनको भैरव महेश्वर हुन् । यिनको एकाक्षरी मन्त्र हुन्छ ।

महालक्ष्मी–

महालक्ष्मी आग्नेयाम्नायकी नायिका हुन् । यिनको नवाक्षरी मन्त्र हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"अक्षस्रक्परशू गदेषुकुलिशं पद्मं धनुः कुण्डिकां
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ।
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रवालप्रभां
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥"

अर्थात्-(तीन नेत्र अठार हात भएकी) हातमा अक्षमाला, बन्चरो, गदा, बाण, वज्र, कमल, धनु, कुण्डिका , दण्ड, शक्ति, खड्ग, ढाल, शङ्ख , घण्टा, सुरापात्र, शूल , पाश र चक्र धारण गरेकी, मूगाको जस्तो रातो वर्णकी, प्रसन्न मुहारकी, कमलमाथि बसेकी महिषमर्दिनी महालक्ष्मीको ध्यान गर्नू ।

यिनको भैरव विष्णु हुन् । तिनको मन्त्र एक अक्षरको हुन्छ ।

महासरस्वती–

महासरस्वती वायव्याम्नायकी नायिका हुन् । यिनको नवाक्षरी

मन्त्र हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"घण्टाशूलहलानि शङ्खमुशले चक्रं धनुः सायकं
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ।
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥"

अर्थात्– (तीन नेत्र आठ हात भएकी) हातमा घण्टा, शूल, हलो, शङ्ख, मुशल, चक्र, धनु र वाण धारण गरेकी, शरत्कालको चन्द्रमाको जस्तो कान्ति भएकी, गौरीको शरीरबाट उत्पन्न भएकी, शुम्भ निशुम्भहरूको संहार गर्ने महासरस्वतीको ध्यान गर्नू ।

यिनको भैरव ब्रह्मा हुन् । तिनको एकाक्षरी मन्त्र हुन्छ ।

चामुण्डा–

अव तुरीया विद्या (त्रिशक्ति) चामुण्डाको नवाक्षरी मन्त्र हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"ध्यायेच्छ्रीचामुण्डां देवीं निर्मांसां घोरदंष्ट्रिकाम् ।
कपालाभराणां सध्रींं[६] शवस्थां चोर्ध्वकेशिनीम् ॥
कर्त्रिकां नरमुण्डं च धृत्वातदन्त्रभोजिनीम् ।
चषके रुधिरं धृत्वा पिबन्तीं ज्वलनप्रभाम् ॥
श्मशाननिलयां भीमां शिवारावितमध्यगाम् ॥"

अर्थात्– हाडछालामात्रकी, डरलाग्दा दाह्रा भएकी, खप्परको माला लगाएकी, शवमाथि विराजमान भएकी, ठाडो केश भएकी, हातमा कर्त्री र मुण्ड लिएकी, आन्द्राहरू लिएर खान लागेकी, पानपात्रमा रगत लिएर पिउन लागेकी, आगोको जस्तो तेज भएकी,

६. बृहत्पुरश्चर्यार्णवमा– 'कपालाभरणान् सध्रीं' यस्तो पाठ देखिन्छ ।

श्मशानमा श्यालहरूको ध्वनिको बीचमा बसेकी, डरलाग्दी चामुण्डाको ध्यान गर्नू ।

यिनको अन्तर्यागमा अनाहत चक्रमा हंसेश्वर शाम्भवको ध्यान गर्नुपर्छ । तिनको ध्यान यसप्रकारको छ–

"हंसेशं द्वादशभुजं धूम्रवर्णं षडाननम् ।
शूलं चक्राङ्कुशौ पाशं बाणाँश्च वरदन्तथा ॥
त्रिशूलञ्च ध्वजं सर्पं शिरश्चापाभयानि च ।
दक्षवामक्रमेणैव बिभ्रतं चन्द्रशेखरम् ॥
ध्यायेदीश्वरप्रेतस्थं तथा द्वादशपादकम् ।
एवं हंसेश्वरी देवी स्तनयोनिसमन्विता ॥"

अर्थात्– ध्वाँसे वर्णका, छ मुख बाह्र हात र बाह्र पाउ भएका, हातमा दायाँ बायाँ शूल चक्र, अंकुश पाश, बाण वरदमुद्रा, त्रिशूल ध्वजा, सर्प मुण्ड, धनु र अभयमुद्रा धारण गरेका, चन्द्रमाको चाँद लगाएका, ईश्वरको शवमाथि बसेका हंसेश्वरको र उस्तै रूप भएकी हंसेश्वरीको ध्यान गर्नू ।

पश्चिमाम्नाय

अब विद्याक्रम अन्तर्गत पश्चिमाम्नायको वर्णन गरिन्छ। पश्चिमाम्नायमा कुब्जिका भन्ने लेखेकोमा समयाकुब्जिका अनि घोरकुब्जिका अनि वीरकुब्जिकाको ग्रहण हुन्छ। यी तीनलाई बत्तीसीत्रय पनि भन्दछन्। यी तीनको मन्त्र ग्रहण भएपछि अघोरकुब्जिका र वज्रकुब्जिका बाहेकका सबै पश्चिमाम्नाय मन्त्रको अधिकार हुन्छ। अब त्यसमा समयाकुब्जिका र घोरकुब्जिकाको ध्यान यसप्रकारको हुन्छ–

समयकुब्जिका र घोरकुब्जिका–

"तरुणरविनिभास्यां सिंहपृष्ठोपविष्टां
कुचभरनमिताङ्गीं सर्वभूषाभिरामाम् ।
अभयवरदहस्तामेकवक्त्रां त्रिनेत्रां
मदमुदितमुखाब्जां कुब्जिकां चिन्तयामि ॥"

अर्थात्– तरुणसूर्य जस्तो तेजिलो मुख भएकी, सिंहको पीठमा वसेकी, सबै प्रकारका गहना लगाएकी, एक मुख तीन नेत्र दुई हात भएकी, हातमा अभयमुद्रा र वरदमुद्रा धारण गरेकी, प्रसन्न मुहारकी कुब्जिकाको ध्यान गर्नू ।

अब वीरकुब्जिकाको ध्यान यसप्रकारको छ–

वीरकुब्जिका–

"नीलातिश्वेतरक्ताभवक्त्रत्रयविराजिताम् ।
खड्गं शूलं तत्त्वमुद्रां कपालं वरदन्तथा ॥
अभयं दधतीं दोर्भी रत्नालङ्कारभूषिताम् ।
द्वात्रिंशद्भेदसंयुक्तां षड्भुजां कुब्जिकां भजे ॥"

अर्थात्– नीलो सेतो र रातो वर्णका तीन मुख भएकी, तीन नेत्र छ हात भएकी, हातमा खड्ग, शूल, तत्त्वमुद्रा, खपरु, वरदमुद्रा र अभयमुद्रा धारण गरेकी, रत्नका अलङ्कारहरू पहिरेकी, वत्तीस भेदले युक्त भएकी, कुब्जिकाको ध्यान गर्नू ।

भैरव साथमा भएता पनि सबै वत्तिसी विद्याहरूको तथा सायं सन्ध्यामा र सपर्या गर्दा पनि निम्नलिखित ध्यान गरिन्छ–

"वृषभे संस्थितं देवं खवर्णं रूपशोभितम् ।
एकवक्त्रं त्रिनेत्रं च भुजाष्टादशधारिणम् ॥

परशुं डमरुं बाणं खड्गमङ्कुशवज्रकम् ।
शङ्खं च वेणुवाद्यं च वरदं दक्षिणे करे ॥
वामे खट्वाङ्गशूलं च धनुः फलकपाशकम् ।
घण्टां कपालं वेणुं च अभयं भयनाशनम् ॥
पट्टेन बन्धितं जानु वामोरुस्था च कुब्जिका ।
एकवक्त्रा त्रिनेत्रा च अरुणावरवर्णिता[७] ॥
द्विभुजा वरदा देवी सिंहस्थाऽभयसव्यसु ।
नानाभरणभूषाङ्गी खण्डेन्दुकृतशेखरा ॥
वर्वरा केशपाशेन चारुपीनघनस्तनी ।
एवं ध्येया कुजामाता पश्चिमाम्नायनायिका ॥"

अर्थात्– साँढेमाथि वसेका, नीलो वर्णका, एक मुख, तीन नेत्र, अठार हात भएका, हातमा दाहिनेपट्टि बंचरो, डमरु, बाण, खड्ग, अङ्कुश, वज्र, शङ्ख, वंशी र वरदमुद्रा, देब्रेपट्टि खट्वाङ्ग, शूल, धनुः, फलक, पाश, घण्टा, खपरु, वंशी र अभयमुद्रा धारण गरेका, घुँडामा पट्टा बाँधेका, एक मुख, तीन नेत्र, दुई हात भएकी, हातमा वरदमुद्रा र अभयमुद्रा धारण गरेकी, सिंहमाथि पाउ राखेकी, नाना प्रकारका आभूषणहरू पहिरेकी, माथमा चन्द्रमाको चाँद लगाएकी, छरिएको केश भएकी, कुब्जिका भगवतीलाई देब्रे काखमा लिएका कुब्जेश्वरको ध्यान गर्नू ।

वज्रकुब्जिका–

अब त्यसपछि वज्रकुब्जिकाको वत्तीस अक्षरको मन्त्रको उपदेश हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"परापरकलारूपमूर्ध्वं कुब्जेश्वरीमुखम् ।
पूर्ववक्त्रं तडित्प्रख्यं सिद्धियोगेश्वरीमतम् ॥

७. पाण्डुलिपिमा– 'करुणावरवर्णिता' ।

दक्षिणे कालिकावक्त्रमुमाख्यं पश्चिमे मतम् ।
उत्तरे तु महालक्ष्मीमुखं स्फटिकसुप्रभम् ॥
पाशाङ्कुशधनुर्बाणचन्द्रहासकपालकाम् ।
कपालपात्रमुद्राख्यवरदाभयशोभिताम् ॥
दिग्भुजामिन्दुमुकुटां कुब्जिकेश्वरसाधिताम् ।
ईडे सकलसंपत्त्यै पश्चिमाम्नायदेवताम् ॥"

अर्थात्– पाँच मुख, तीन नेत्र, दश हात भएकी, माथि परापरकलारूप कुब्जेश्वरीमुख, पूर्व विद्युत्प्रभ सिद्धियोगेश्वरीमुख, दक्षिणपट्टि कालिकामुख, पश्चिमपट्टि उमामुख र उत्तरपट्टि सेतो महालक्ष्मीमुख भएकी, हातमा पाश, अङ्कुश, धनु, वाण, चन्द्रहासखड्ग, खपरु, कपालपात्र, मुद्रा, वर र अभयधारण गरेकी, मुकुटमा चन्द्रमाको चाँद लगाएकी, कुब्जिकेश्वरले साधना गरिएकी कुब्जिकाको ध्यान गर्नू ।

अघोरकुब्जिका–

त्यसपछि अघोरकुब्जिकाको बत्तीस अक्षरको मन्त्रको उपदेश हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"नीलोत्पलदलश्यामा वीरभस्मसमप्रभा ।
षड्वक्त्रा षट्प्रकारा च विच्छत्स्वाचरचारिणी ॥
नेत्रैरष्टादशैर्युक्ता चिन्तनैश्चावलोकिनी ।
द्वादशैश्च भुजैर्युक्ता नानाप्राग्दाममण्डिता ॥
प्रेतसिंहासनासीना नानाभरणभूषिता ।
कुलकोटिसहस्राख्य आरूढाकुलशासने ॥
तस्या मूर्तिविधानोक्तं देवानामपि दुर्लभम् ।
अनन्तः पादयोर्नित्यं नूपुरोपरिमण्डितम् ॥

कर्कोटो मेखालाबन्धं कटिदेशे विराजते ।
तक्षकश्चोपवीतं च कण्ठे हारस्तु वासुकिः ॥
कुलिकः कर्णयोः प्रोक्तं कूर्ममण्डलमण्डितम् ।
भ्रूदण्डे संस्थितः पद्मः महापद्मस्तथैव च ॥
खट्वाङ्गपाशमभयमक्षसूत्रन्तु शोभितम् ।
कोट्यागमः करैस्तस्याः शङ्खपालस्तु चोत्तरे ॥
कपालं वरदं चैव त्रिशूलाङ्कुशदर्पणम् ।
दक्षिणैस्तु करैः कृत्वा अन्यदद्रव्यं तु पञ्चमम् ॥
अन्त्रमाला शिरे तस्या पीयूषौघप्रवर्षिणी ।
वर्णमाला गले देव्या यावत् पादतले स्थिता ॥
वृश्चिकैश्च गले हारं सातत्येन विराजते ।
परादेवीमुखं पूर्वं मूर्ध्निस्थं राजते शुभम् ॥
गोक्षीरधवलाकान्ति चन्द्रकोटिसमप्रभम् ।
स्रवन्तममृतौघं तु कलासप्तदशीयुतम् ॥
द्वितीयमूर्ध्ववक्त्रन्तु गगनं नाममालिनी ।
श्वेतरूपविभागेन सुरासुरनमस्कृतम् ॥
तृतीयं पूर्ववक्त्रन्तु पाण्डुरं क्रोधविह्वलम् ।
सिद्धयोगेश्वरीख्यातं सिद्धयोगिनिसेवितम् ॥
चतुर्थं कालिकावक्त्रं कृष्णरूपं च दक्षिणम् ।
महाकालीसमाख्यातं सर्वसंहारकारकम् ॥
पञ्चमं चोत्तरं वक्त्रं दाडिमीकुसुमप्रभम् ।
महालक्ष्मीसमोपेतं षष्ठं पश्चिममुच्यते ॥
उमाभगवती श्यामम् ईषद्वक्रं विन्चितयेत् ।
चिन्तितार्थप्रदातारं ज्ञातव्यं पश्चिमान्वये ॥
सर्वरूपधरादेवी विश्वरूपा यशस्विनी ।
उदयार्कसमाभासं हृदयं हृदि विन्यसेत् ॥

बालार्ककिरणोपेतं शिरस्तस्याः सुवर्चसम् ।
तडित्कोटिसमाभासं शिखा भासुररूपिणी ॥
कवचं तु महातेजं दुःप्रेक्षं त्रिदशैरपि ।
नेत्रं सर्वज्ञतेजाढ्यं नमस्ते सर्वदा स्मरेत् ॥
अस्त्रं कालानलच्छायं लेलिहानं सुदुःसहम् ।
सर्वायुधधरा देव्या तेजसा परिभावयेत् ।
ध्यानसूत्रमिदं ज्ञात्वा पश्चात् कुर्यात्क्रमार्चनम् ॥"

अर्थात्– नीलकमल जस्तो श्यामवर्णकी, वीरभस्म जस्तो कान्ति भएकी, छ मुख, छ भेद, अठार नेत्र र बाह्र हात भएकी, प्रेतमाथि सिंहासनमा बसेकी, नाना प्रकारका आभूषणहरू पहिरेकी, पाउमा अनन्तनागको नूपुर, कटिमा कर्कोट नागको मेखला, कण्ठमा तक्षकनागको जनै र वासुकि नागको हार, कानमा कुलिकनागको कुण्डल, लगाएकी, भ्रूदण्डमा पद्मनाग र महापद्मनाग धारण गरेकी, हातमा देब्रेपट्टि खट्वाङ्ग ,पाश, अभय , अक्षमाला, पुस्तक र शङ्खपालनाग तथा दाहिनेपट्टि खपरु वर त्रिशूल अङ्कुश तर्पण र पललखण्ड लिएकी, शिरमा आन्द्राको माला तथा गलामा तलसम्म वर्णमाला पहिरेकी र बिच्छीको माला पहिरेकी, पहिलो पूर्वमुख दूधजस्तो सेतो वर्णको परादेवीमुख, दोस्रो ऊर्ध्वमुख सेतोवर्णको मालिनीमुख, तेस्रो पूर्वमुख पाण्डुरवर्णको सिद्धयोगेश्वरीमुख, चौथो दक्षिणमुख कालो वर्णको महाकालीमुख, पाँचौं उत्तरमुख रातोवर्णको महालक्ष्मीमुख र छैटौं पश्चिममुख श्यामवर्णको उमामुख यति छ मुख भएकी अघोरकुब्जिकाको ध्यान गर्नू ।

यी सबै कुब्जिकाका भैरव कुब्जिकेश्वर हुन् । विद्या पिच्छे मन्त्र भने फरक फरक हुन्छ । यति भएपछि पश्चिमाम्नायको सबै मन्त्रको अधिकार हुन्छ । अनि यिनको मन्त्रको सर्वाधिकारदीक्षा र

यिनको निर्वाणदीक्षा ग्रहण गरी निर्वाणकुब्जिकाको ध्यान गरिन्छ। निर्वाणकुब्जिकाको ध्यान यसप्रकार छ–

"श्वेतपद्मस्थितेशानमेकवक्त्रं त्रिलोचनम् ।
हिमकुन्देन्दुसङ्काशं शुद्धस्फटिकनिर्मलम् ॥
द्विभुजं चाभयं दानं वामोरुस्था च देवता ।
सितवर्णा महादीप्ता किञ्चिच्छ्यामाङ्गवर्णिका ॥
वराभयकरा देवी दिव्यरूपा महोज्ज्वला ।
एवं योगेश्वरीं ध्यायेत्सर्वकर्मणि साधकः ॥"

अर्थात्– सेतो कमलमाथि बसेका, सेतो वर्णका, एक मुख, तीन नेत्र, दुई हात भएका हातमा अभय र वरमुद्रा धारण गरेका कुब्जिकेश्वरको बायाँपट्टि काखमा बसेकी, अलिअलि सामलो सेतो वर्णकी, (तीन नेत्र दुई हात भएकी) हातमा वर र अभय धारण गरेकी कुब्जिकाको ध्यान गर्नू ।

यसपछि अन्तर्यागको लागि चतुरन्वय शाम्भव अर्थात् पूर्वोक्त चारैवटा शाम्भवको उपदेश हुन्छ ।

उत्तराम्नाय

अब विद्याक्रम अन्तर्गत उत्तराम्नायको वर्णन गरिन्छ। उत्तराम्नायमा सिद्धिलक्ष्मी, गुह्यकाली र कामकलाकालीको मन्त्र ग्रहण गरिन्छ ।

सिद्धिलक्ष्मी–

उत्तराम्नायमा सर्वप्रथम सिद्धिलक्ष्मीको मन्त्र ग्रहण हुन्छ। यिनको मन्त्र नऊ अक्षरको हुन्छ । यिनको ध्यान यसप्रकार छ–

"खट्वाङ्गाङ्कुशपाशशूलवरकृद्भीत्राणपात्रं शिरः-
कुंभासिज्वलितोद्भटैर्भुजवरैराभासमानां शिवाम् ।
रुद्रस्कन्धगतां शरच्छशिनिभां पञ्चाननां सुन्दरीं
पञ्चत्र्यक्षविराजितां भगवतीं श्रीसिद्धिलक्ष्मीं भजे ॥"

अर्थात्– सेतो वर्णकी, पाँच मुख, पन्ध्र नेत्र र दश हात भएकी, हातमा खट्वाङ्ग, अङ्कुश, पाश, शूल, वर, अभय, पात्र, मुण्ड, कुम्भ र खड्ग धारण गरेकी, रुद्रको काँधमा विराजमान भएकी सिद्धिलक्ष्मीको ध्यान गर्नू ।

यिनको भैरव नारसिंह हुन् । यिनको सोह्र अक्षरको मन्त्र हुन्छ ।

महासिद्धिकरालिका–

सिद्धिलक्ष्मीपछि महासिद्धिकरालिकाको मन्त्रोपदेश हुन्छ । महासिद्धिकरालिका भन्नाले भरतोपासिता गुह्यकाली बुझिन्छ । यिनको मन्त्र षोडशाक्षरी हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"ध्यायेद्रक्ताब्धिमध्यस्थं द्वीपं परमशोभनम् ।
पूरितं रक्तमांसैश्च चामुण्डाभैरवैर्युतम् ॥
मण्डलं भैरवीभिश्च प्राकारं तत्र चिन्तयेत् ।
श्मशानं प्रोच्छलद्वह्निज्वालाव्याप्तर्क्षमण्डलम् ॥
योगिनीकोटिविहितकरतालिकचेष्टितम् ।
नरान्त्रबद्धमुण्डस्रक्कृततोरणमालिकाम् ॥
तदन्तःस्थायिनीं कालीं ध्यायेन्निश्चलमानसः ।
चतुष्कोणे युगं वेदमुपवेदं तथोपरि ॥
रत्नसिंहासनं दिव्यं महत् तस्योपरिस्थितम् ।
स्वस्वास्त्रवाहनोपेतैर्दिगष्टपतिभिर्वृतम् ॥

सिंहासनं तृतीयं च पञ्चप्रेतैर्धृतं ततः ।
ऊर्ध्वपीठं ततो ध्यायेद् भैरवाख्यं भयानकम् ॥
तदूर्ध्वं षोडशदलं पद्मं यज्ञोपकल्पितम् ।
तस्योपरि ततो ध्यायेच्छिवासनमनुत्तमम् ॥
बिन्दुनादयुतं नीलं शशाङ्ककृतलाञ्छनम् ॥
अष्टपत्राम्बुजं तस्योपरिष्टान्नवमासनम् ।
एवमष्टदलाम्भोजोपविष्टां गुह्यकालिकाम् ॥
नीलोत्पलदलश्यामां दशाननसरोरुहाम् ।
द्विद्विनेत्रयुतां वक्त्रे वामदक्षिणसम्मुखे ॥
सप्तस्वन्येषु वक्त्रेषु त्रित्रिलोचनसंयुताम् ।
ऊर्ध्ववक्त्रं दीपकाख्यं चण्डयोगेश्वरीति हि ॥
तस्याधः केशरिमुखं श्वेतवर्णं विभीषणम् ।
तस्याधः फेरुवक्त्रं च कृष्णं त्रैलोक्यडामरम् ॥
वानरास्यं ततो वामे रक्तवर्णं महोज्ज्वलम् ।
नरास्यं तदधो ज्ञेयं किर्मीराभं[८] महोत्कटम् ॥
ऋक्षवक्त्रं भवेद्दक्षे धूम्रवर्णं भयानकम् ।
गरुडास्यं ततो वामे पिङ्गवर्णं सुचञ्चुकम् ॥
दक्षिणे मकरास्यं च हरिताभं प्रकीर्तितम् ।
गजास्यं वामतः प्रोक्तं गौरवर्णं[९] स्रवन्मदम् ॥
हयास्यं दक्षिणे काल्याः श्यामवर्णं विचिन्तयेत् ।
पिङ्गलोर्ध्वजटाजूटां चन्द्रार्धकृतशेखराम् ॥
नानारत्नविनिर्माणसमुण्डस्वर्णभूषणाम् ।
चतुःपञ्चाशता दोष्णां भूषितां जगदम्बिकाम् ॥

---

८. पाण्डुलिपिमा– 'किर्मिराभं' ।
९. पाण्डुलिपिमा– 'गौरवक्त्र' ।

रत्नमालां कपालं च चर्म पाशं तथैव च ।
शक्तिं खट्वाङ्गमुण्डञ्च भुशुण्डीं धनुरेव च ॥
चक्रं घण्टां ततो बालप्रेतं शैलमतः परम् ।
नरकङ्कालनकुलौ सर्पमुन्मादवंशिकाम् ॥
मुद्‌गरं बह्निकुण्डं च डमरुं डिण्डिमं तथा ।
भिन्दिपालं च मुशलं पाशं पट्टिशमेव च ॥
शतघ्नीं च शिवापोतं वामहस्तेषु बिभ्रतीम् ।
दक्षे भुजे रत्नमालां तथा कर्त्रीमसिं ततः ॥
तर्जनीमङ्कुशं दण्डं रत्नकुम्भं त्रिशूलकम् ।
पञ्चपाशुपतान् बाणान् शोषकोन्मादमूर्छकान् ॥
संहारकान्मृत्युकरानेवं नामप्रधारिणः ।
कुन्तं च पारिजातं च छुरिकां तोमरं तथा ॥
पुष्पमालां डिण्डिमञ्च गृध्रं चैव कमण्डलुम् ।
मांसखण्डं स्रुवं बीजपूरं स्रुचं तथैव च ॥
परशुं च गदां यष्टिं मुष्टिं कुणपलाङ्गलम् ।
धारयन्तीं महारौद्रीं नृत्यमानां सदोदिताम् ॥
वैयाघ्रचर्मवसनां द्विपचर्मोत्तरीयकाम् ।
पद्मासनसुखासीनां सर्वदेवाधिदेवताम् ॥
एवं ध्यायेद् गुह्यकालीं प्रोद्‌भिन्ननवयौवनाम् ॥"

अर्थात्– रक्तसमुद्रमध्यवर्ती रक्तमांसपूर्ण रमणीय द्वीपमा चामुण्डा भैरव र भैरवीहरूको मण्डलाकार प्राकार, त्यसभित्र दन्दन् आगो दन्केको कोटि योगिनीहरूले थपडी (ताली) बजाइएको श्मशान, त्यसमा एउटा चौकोणको कल्पना गरेर चारतिर क्रमैसित युगवेद र उपवेदको कल्पना गर्नू अनि त्यसपछि दिव्य रत्नसिंहासन, अनि त्यसमाथि अष्ट दिक्पालहरूले थामेको अर्को सिंहासन, अनि त्यसमाथि पञ्चप्रेतले थामेको अर्को सिंहासन, अनि त्यसमाथि भैरवपीठ, अनि

त्यसमाथि सोह्र यज्ञहरूले बनेको षोडशदलकमल, त्यसमाथि दुई हात भएका बिन्दुनादयुत चन्द्रशेखर शिव, तिनमाथि धर्म ज्ञान आदिले बनेको अष्टदल कमल, अनि त्यस कमलमाथि विराजमान भएकी, नीलकमलजस्तो वर्णकी, दश मुख भएकी, दायाँ बायाँ र सामुन्नेको मुखमा दुई दुई नेत्र र अरु सात मुखमा तीन तीन नेत्र भएकी, ऊर्ध्वमुख दीपकाकार चण्डयोगेश्वरीमुख, त्यसमुनि सेतो भीषण सिंहमुख, त्यसमुनि कालो त्रैलोक्यडामर श्यालमुख, त्यसको बायाँपट्टि रातो वानरमुख, त्यसमुनि छिरविरे मानिसको मुख, दाहिनेपट्टि ध्वाँसेवर्णको भालुमुख, बायाँपट्टि चुच्चो सहितको कैलो गरुडमुख, दाहिनेपट्टि हरियो मकरमुख, बाँयापट्टि सेतो हात्तीमुख, दाहिनेपट्टि श्यामवर्णको घोडामुख भएकी, कैलो जटाजूट र माथमा अर्धचन्द्र लगाएकी, नाना प्रकारका रत्नजडित सुवर्ण र मुण्डको गहना (माला कुण्डलहरू) लगाएकी, बाघको छाला बेह्रेकी, हात्तीको छाला ओढेकी, चवन्न हात भएकी, हातमा बायाँपट्टि रत्नको माला, खपरु, ढाल, पाश, शक्ति, खट्वाङ्ग, मुण्ड, भुशुण्डी, धनु, चक्र, घण्टा, बालशव, पर्वत, नरकंकाल, न्याउरीमुसो, सर्प, उन्मादवंशी, मुंग्रो, अग्निकुण्ड, डमरु, डिबडिबे, भिन्दिपाल, मुशल, पाश, पट्टिश, शतघ्नी र श्यालको बच्चा तथा दायाँपट्टि रत्नको माला, कर्त्री, खड्ग, तर्जनी, अंकुश, दण्ड, रत्नको घडा, त्रिशूल, पाँच पाशुपतबाण, कुन्त, कल्पवृक्ष, छुरी, तोमर, फूलको माला, डिबडिबे, गिद्ध, कमण्डलु, मांसखण्ड, स्रुव, बिमिरो, स्रुक्, बन्चरो, गदा, लठ्ठी, मुट्ठी, मुर्दा र लाङ्गल (हलो) लिएकी, पद्मासनमा बसेर आनन्दले नाचिरहेकी, नवयुवती स्वरूपकी सर्वदेवाधिदेवी गुह्यकालीको ध्यान गर्नू ।

यिनको भैरव गुह्येश्वर हुन् । यिनको मन्त्र दुई कूट र तीन बीज मिलेको पञ्चाक्षरी हुन्छ ।

कामकलाकाली–

सिद्धिलक्ष्मी तथा महासिद्धिकरालिकाको मन्त्रग्रहणपछि कामकलाकालीको मन्त्रको उपदेश हुन्छ। यिनको मन्त्र अठार अक्षरको हुन्छ। यिनको ध्यान यसप्रकारको छ–

"ध्यायेत् कामकलाकालीं पक्वजम्बूफलप्रभाम्।
सुदीर्घप्रपदालम्बिविस्रस्तघनमूर्धजाम्॥
दीर्घदंष्ट्रायुगोदञ्चद्विकरालमुखाम्बुजाम्।
वितस्तिमात्रनिष्क्रान्तललज्जिह्वाभयानकाम्॥
त्रिनेत्रां षोडशभुजां नृमुण्डकृतकुण्डलाम्।
स्रवदस्रौघया शश्वन्मानव्या मुण्डमालया॥
आकण्ठगुल्फलम्बिन्याऽलङ्कृतां केशबद्धया।
श्वेतास्थिगुलिकाहारग्रैवेयकमहोज्ज्वलाम्॥
शवानां धमनीपुञ्जैर्वेष्टितैः कृतकङ्कणाम्।
ग्रथितैः शवकेशैः स्रग्दामभिः कटिसूत्रिणीम्॥
शवपोतकरश्रेणीग्रथनैः कृतमेखलाम्।
असिं त्रिशूलं चक्रं च शरमङ्कुशमेव च॥
ललामं च तथा कर्त्रीमक्षमालां च दक्षिणे।
पाशं च परशुं नागं चापं मुद्गरमेव च॥
शिवापोतं खर्परं च वसासृङ्मेदसाऽन्वितम्।
लम्बत्कचं नृमुण्डं च धारयन्तीं स्ववामतः॥
श्मशानप्रोज्ज्वलद्घोरचिताग्निज्वालमध्यगाम्।
अधोमुखमहादीर्घप्रसुप्तशवपृष्ठगाम्॥
प्रोत्थायैव हि तिष्ठन्तीं प्रत्यालीढपदक्रमात्।
वामदक्षिणसंस्थाभ्यां नदन्तीभ्यां मुहुर्मुहुः॥

शिवाभ्यां घोररूपाभ्यां वमन्तीभ्यां महानलम् ।
विद्युदङ्गारवर्णाभ्यां वेष्टितां परमेश्वरीम् ॥
कपालसंस्थं मस्तिष्कं ददतीं च तयोर्द्वयोः ।
दिगम्बरां मुक्तकेशीमट्टहासभयानकाम् ॥
सप्तधाबद्धनारान्त्रयोगपट्टविभूषिताम् ।
संहारभैरवेणैव सार्धं संभोगमिच्छतीम् ॥
अतिकामातुरां खर्वां महाभैरवरूपिणीम् ।
महाभीमां दुर्निरीक्षां सेन्द्रैरपि सुरासुरैः ॥
शत्रुपक्षक्षयकरीं दैत्यदानवसूदिनीम् ।"

अर्थात्– पाकेको जामुनुको फल जस्तो वर्णकी, कुर्कुच्चासम्म आइपुग्ने गरी केश छोडेकी, लामा लामा दाह्रा भएकी, एक बित्ता बाहिरसम्म जिभ्रो निस्केकी, तीन नेत्र, सोह्र हात भएकी, नरमुण्डको कुण्डल लगाएकी, जगल्टा जोल्ट्याएर बनाएको गोलीगाँठासम्म आइपुग्ने नरमुण्डको माला लगाएकी, सेता सेता हाडका गोलीहरूको कण्ठा लगाएकी, मुर्दाका नसाहरूको बाला लगाएकी, मुर्दाको केशपाशको कन्धनी बाँधेकी, बालशवका हातको मेखला लगाएकी, हातमा दायाँपट्टि खड्ग, त्रिशूल , चक्र, वाण, अङ्कुश, ललाम (ध्वजा वा सिंग), कर्त्री र अक्षमाला तथा बायाँपट्टि पाश, बन्चरो, नाग, धनु, मुंग्रो, श्यालको बच्चा, रगत बोसोले भरिएको खपरु र जगल्टै सहितको मुण्ड धारण गरेकी, श्मशानमा दन्किरहेको चिताग्निको ज्वालाभित्र शवको पिठ्यूँमा प्रत्यालीढ आसनमा उभिरहेकी, दायाँ बायाँ कराएर बसेका दुई श्याललाई खपरुको गिदी बाँडिरहेकी, निर्वाङ्ग नाङ्गी, केश फिँजेकी, अट्टहास गरिरहेकी, सात फन्को वेह्रेको आन्द्राको योगपट्ट (पट्टा) बाँधेकी, संहारभैरवसँग संभोग गर्न इच्छुक भएकी, पुड्को कदकी महाभैरवस्वरूपिणी कामकलाकालीको ध्यान गर्नू ।

यिनको भैरव संहारभैरव हुन्। यिनको मन्त्र नऊ अक्षरको हुन्छ। यिनको अन्तर्यागमा विशुद्धचक्रमा विच्चेश्वर शाम्भवको ध्यान गर्नुपर्छ। तिनको ध्यान यसप्रकारको छ–

"शुद्धस्फटिकसंकाशं षड्वक्त्रं द्वादशांघ्रिकम्।
शूलं चक्राङ्कुशौ बाणान् पाशं वरञ्च दक्षिणे॥
वामके तर्जनीं शङ्खं ध्वजञ्च नृशिरस्तथा।
चापाभये च बिभ्राणं तद्वतीं च कुलेश्वरीम्॥
सदाशिवाख्यप्रेतस्थौ ध्यायेद् विच्चेश्वरावुभौ।"

अर्थात्– फटिक जस्तो सेतो वर्णका, छ मुख, बाह्र पाउ र बाह्र हात भएका, हातमा दाहिनेपट्टि शूल, चक्र, अंकुश, बाण, पाश र वर तथा देब्रेपट्टि तर्जनीमुद्रा, शङ्ख, ध्वजा, नरमुण्ड, धनु र अभयमुद्रा धारण गरेका, सदाशिवप्रेतमाथि बसेका विच्चेश्वर शाम्भव र विच्चेश्वरी शाम्भवीको ध्यान गर्नू।

ऊर्ध्वाम्नाय

अब विद्याक्रम अन्तर्गत ऊर्ध्वाम्नायको वर्णन गरिन्छ। ऊर्ध्वाम्नायमा तीन प्रमुख विद्या हुन्छन्– बाला, पञ्चदशी र षोडशी। यहाँ बाला भन्नाले बालात्रिपुरा, बालासुन्दरी र बालात्रिपुरसुन्दरी तीनै विद्या सम्झनु पर्दछ।

बालात्रिपुरा–

बालात्रिपुराको वागादि त्र्यक्षरी मन्त्र हुन्छ। यिनको ध्यान यसप्रकार छ–

"रक्ताम्बरां चन्द्रकलावतंसां
समुद्यदादित्यनिभां त्रिनेत्राम् ।
विद्याक्षमालाभयदानहस्तां
ध्यायामि बालां त्रिपुराम्बुजस्थाम् ॥"

अर्थात्– उदाउन लागेका सूर्यको जस्तो लालवर्णकी, रातो वस्त्र पहिरेकी, तीन नेत्र, चार हात भएकी, हातमा पुस्तक, जपमाला, अभय र वर धारण गरेकी, कमलमाथि विराजमान बालात्रिपुराको ध्यान गर्नू ।

यिनको भैरव बालेश्वर हुन् । तिनको मन्त्र पाँच अक्षरको हुन्छ ।

बालासुन्दरी—

त्यसपछि बालासुन्दरीको चौध अक्षरको मन्त्र हुन्छ । यिनको ध्यान यसप्रकारको हुन्छ–

"तरुणरविसमाभा चन्द्रचूडा त्रिनेत्रा
नरशिरकृतमाला रक्तवस्त्रादिभूषा ।
अभयवरदविद्यामौक्तिकाक्षान्दधाना
हृदि निवसतु बालासुन्दरी सा किशोरी ॥"

अर्थात्– तरुण सूर्यको जस्तो कान्ति भएकी, चन्द्रमाको चाँद लगाएकी, रातो वस्त्र र आभूषणहरू पहिरेकी, नरमुण्डको माला लगाएकी, तीन नेत्र, चार हात भएकी, हातमा अभयमुद्रा, वरदमुद्रा, पुस्तक र मोतीको माला धारण गरेकी बालासुन्दरीको ध्यान गर्नू ।

यी विद्याको त्रिपुरभैरवीसित समष्टि भएको हुनाले यिनको भैरव बालरूप वटुकभैरव हुन् । तिनको मन्त्र बाइस अक्षरको हुन्छ ।

बालात्रिपुरसुन्दरी—

बालात्रिपुरा र बालासुन्दरी पछि की विद्या बालात्रिपुरसुन्दरी हुन्। यिनको मन्त्र छ अक्षरको हुन्छ। यिनको दुई प्रकारको ध्यान छ –

क) "अरुणकिरणजालै रञ्जिताशावकाशा
विधृतजपवटीका पुस्तकाभीतिहस्ता।
इतरकरवराढ्या फुल्लकह्लारसंस्था
निवसतु हृदि बाला नित्यकल्याणशीला॥"

अर्थात्– अरुणवर्णको किरणसमूहले दशै दिशा रंगाएकी, (तीन नेत्र चार हात भएकी) हातमा जपमाला, पुस्तक, अभय र वरमुद्रा धारण गरेकी, फुलेको कह्लार (कमल) माथि बसेकी बालात्रिपुरसुन्दरीको ध्यान गर्नू।

ख) "बालां बालदिवाकरद्युतिनिभां पद्मासने संस्थितां
पञ्चप्रेतमयाम्बुजासनगतां वाग्वादिनीरूपिणीम्।
चन्द्रार्कानलभूषितत्रिनयनां चन्द्रावतंसां शुभां
विद्याक्षाभयविभ्रतीं वरकरां वन्दे परामम्बिकाम्॥"

अर्थात्– बाला अवस्थाकी, बालसूर्यको जस्तो वर्ण भएकी, पञ्चप्रेतमय कमलमाथि पद्मासनमा बसेकी, चन्द्रमाको चाँद लगाएकी, चन्द्र-सूर्य-अग्निरूप तीन नेत्र र चार हात भएकी, हातमा पुस्तक, अक्षमाला, अभय र वरमुद्रा धारण गरेकी, वाग्वादिनीरूपिणी पराम्बा वालात्रिपुरसुन्दरीको ध्यान गर्नू।

यिनको भैरव बालकामेश्वर हुन्। तिनको मन्त्र सात अक्षरको हुन्छ।

पञ्चदशी–

बालाविद्यामा झैं पञ्चदशीमा पनि तीन भेद छन्। गौडसम्प्रदायीहरूको कामराजसम्प्रदाय हुनाले तिनीहरू सर्वप्रचलित कादि पञ्चदशी ग्रहण गर्दछन्। केरलसम्प्रदायीहरूमा आधा जतिले लोपामुद्रासम्प्रदाय मान्दछन् र तिनीहरूले हादि पञ्चदशी ग्रहण गर्दछन्। यो हादि पञ्चदशीको वाग्भवकूटको आद्याक्षर 'ह' हुन्छ। त्यस्तै काश्मीरसम्प्रदायमा केवल पाँच प्रतिशत जतिको नान्दी सम्प्रदाय हुनाले तिनीहरू सादि पञ्चदशी ग्रहण गर्दछन्। सादि पञ्चदशीको वाग्भवकूटको आद्याक्षर 'स' हुन्छ।

आजकल यो नान्दी परम्पराको प्रायशः लोप नै भैसकेको छ। यी सबै सम्प्रदायको पञ्चदशीको ध्यान एउटै हुन्छ जो यसप्रकारको छ–

"सूर्येन्द्वग्निमयैकपीठनिलयां बालार्कबिम्बारुणां
त्र्यक्षां चन्द्रकलावतंसमुकुटां पीनस्तनीं सुन्दरीम्।
पाशं चाङ्कुशमिक्षुचापविधृतां पुष्पेषुहस्तां परां
नानाभूषणभूषितातिसुकुमाराङ्गीं भजे वैन्दवे ॥"

अर्थात्– सूर्य-चन्द्र-अग्निमय पीठमा बसेकी, बालसूर्य जस्तो लाल वर्णकी, मुकुटमा चन्द्रकलाको चाँद लगाएकी, तीन नेत्र, चार हात भएकी, हातमा पाश, अंकुश, इक्षुधनु र पुष्पबाण लिएकी, नाना प्रकारका आभूषणहरू पहिरेकी, सुकुमार अंग भएकी सुन्दरीको ध्यान गर्नू।

षोडशी–

षोडशीमा पनि पञ्चदशीमा जस्तै तीनवटै परम्परा हुन्छ। ये षोडशीलाई लघुषोडशी पनि भन्दछन्। यो मन्त्रको दुई भेद हुन्छ

एकमा पञ्चदशीको अगाडि मायाबीज थपेर षोडशी बनाइन्छ। अर्कोमा पञ्चदशीको पछाडि श्रीबीज थपेर षोडशी बनाउने परम्परा छ। यी दुवै षोडशीको ध्यान पनि भिन्न भिन्न हुन्छ। अगाडि मायाबीज थपेर बन्ने षोडशीको ध्यान यसप्रकारको छ–

"बालव्यक्तदिवाकरामितनिभां भद्रप्रदां भारती-
मीषत्फुल्लमुखाम्बुजस्मितकरैराशान्धकारापहाम् ।
पाशञ्चाभयमङ्कुशञ्च वरदं संबिभ्रतीं भूतिदां
भ्राजन्तीं चतुराम्बुजाकृतिकरैर्भक्त्या भजे सुन्दरीम् ॥"

अर्थात्– उदाएका वालसूर्यको जस्तो कान्ति भएकी, मुसुक्क हाँसेकी, (तीन नेत्र चार हात भएकी) हातमा पाश, अभय, अङ्कुश र वरदमुद्रा धारण गरेकी भारती स्वरूपकी सुन्दरीको ध्यान गर्नू।

अब पञ्चदशीको पछाडि श्रीबीज थपेको षोडशीको ध्यान यसप्रकारको हुन्छ–

"बालार्कायुततेजसां त्रिनयनां रक्ताम्बरोल्लासिनीं
नानालङ्कृतिराजमानवपुषं बालेन्दुराच्छेखराम् ।
हस्तैरिक्षुधनुः सृणिं सुमशरं पाशं मुदा बिभ्रतीं
श्रीचक्रस्थितसुन्दरीं त्रिजगतामाधारभूतां स्मरेत् ॥"

अर्थात्– दशहजार बालसूर्यको जस्तो तेज भएकी, रातो वस्त्र र नाना प्रकारका अलङ्कार पहिरेकी, चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र, चार हात भएकी, हातमा इक्षुधनु, अंकुश, पुष्पबाण र पाश लिएकी श्रीचक्रमा विराजमान सुन्दरीको ध्यान गर्नू।

यसरी आ-आफ्नो गुरुपरम्परा अनुसार यी दुई षोडशीमध्येमा कुनै एक लघुषोडशीको ग्रहण गरिन्छ। यिनको भैरव कामेश्वर हुन्। यिनको मन्त्र तीन कूटको हुन्छ।

यी श्रीविद्योपासकहरूमा कौलाचार र समयाचार भन्ने दुई प्रकारको आचार हुन्छ। गृहस्थाश्रमी र आर्द्रब्रह्मचारीहरूमा कौलाचार तथा संन्यासी आदि र शुष्क ब्रह्मचारीहरूमा समयाचारको प्रचलन हुन्छ। लोपामुद्रापरम्परा र नान्दीपरम्परावालाहरू यत्तिकैमा यो क्रम पूर्ण मानेर उपासना गर्दछन्। कामराजपरम्पराहरूमा भने यसपछि महाषोडशी ग्रहण गरिन्छ। सो महाषोडशीमा पञ्चदशीको तीन कूट अन्तर्गर्भित भएको हुन्छ। सो तीन कूटलाई तीन अक्षर मानेर षोडशाक्षरीको गणना गरिन्छ। त्यसो हुँदा यो मन्त्रमा अट्ठाइस अक्षर पर्नजान्छ। महाषोडशीको ध्यान यसप्रकारको हुन्छ–

"कोटचर्कारुणविग्रहां त्रिनयनां चन्द्रार्धचूडामणिं
पाशं चेक्षुधनुः सृणिं सुमशरान्संबिभ्रतीं षोडशीम्।
पञ्चप्रेतमयात्ममञ्चरुचिरे कामेश्वराङ्कस्थितां
ध्याये रत्नविभूषितां त्रिनयनां रक्ताम्बरां सुन्दरीम्॥"

अर्थात्– कोटि बालसूर्यको जस्तो अरुणवर्णकी, माथमा चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र र चार हात भएकी, हातमा पाश, इक्षुधनु, अंकुश र पुष्पवाण लिएकी, पञ्चप्रेतमाथि कामेश्वरको काखमा बसेकी, रातो वस्त्र र रत्नालङ्कार धारण गरेकी सुन्दरीको ध्यान गर्नू।

लघुषोडशीमा माथि वताए झैं दुई प्रकारको रूप भएको विषयमा वडवानलतन्त्रमा यस्तो वर्णन छ–

ब्रह्मा, विष्णु, महेश्वरको प्रादुर्भाव भएपछि तीनै जना मिली शक्तिको प्राप्तिको लागि तपस्या गर्दा निम्नलिखित कुराहरू भएछन्–

"श्रीविद्यासुन्दरीं साक्षाद् विन्दोरन्तर्गतां शिवां।
एकाननां त्रिनयनां भुजैः षोडशभिर्युताम्॥

कोटिकन्दर्पलावण्यां स्मितास्यां शशिशेखराम् ।
दिग्वस्त्रां मुक्तचिकुरां चन्द्रार्ककुण्डलाननाम् ॥
उद्यदादित्यसंकाशां कृशमध्यां च षोडशीम् ।
युवतीं कोटिब्रह्माण्डपिण्डैश्च कृतमेखलाम् ॥
अङ्कुशं पञ्चबाणाँश्च जपमालां सुदर्शनम् ।
गदां कपालपात्रं च त्रिशूलं वरदं तथा ॥
कराब्जैर्दक्षिणै रम्यैर्विभ्रतीमूर्ध्वतः क्रमात् ।
पाशमैक्षवचापं च पुस्तकं शङ्खमब्जकम् ॥
तत्त्वमुद्रां डिण्डिमाख्यमभयं वामपाणिभिः ।
ऊर्ध्वतो धारयन्तीं च नादब्रह्मस्वरूपिणीम् ॥
दर्शुर्ब्रह्माच्युतेशाना भक्तिभावपरायणाः ।
ततः साऽपि महादेवी ब्रह्मचैतन्यरूपिणी ॥
पुस्तकाक्षैक्षुकशरान् दत्त्वा तु परमेष्ठिने ।
शङ्खचक्रगदापद्मान् वैकुण्ठाय ततः पुनः ॥
मुद्राकपालशूलाख्यडमरून् शङ्कराय च ।
स्वयं पाशाङ्कुशवराभीतियुक्ताऽभवच्छिवा ॥
चतुर्भुजा सुयुवती नानाऽलङ्कारशोभिता ।
ततो महासरस्वत्यै दत्त्वा मालां प्रजापतिः ॥
ससर्ज मारं तस्मै च पञ्चबाणैक्षवान् ददौ ।
गदापद्मे महालक्ष्म्यै दत्तवान् पुरुषोत्तमः ॥
गदां साऽपि कुवेराय प्रददे कमलालया ।
मुद्रां कपालपात्रञ्च भवान्यै दत्तवान् हरः ॥
विनष्टे रुद्रकोपेन कन्दर्पे परमेश्वरी ।
विन्यस्याङ्घ्रितले मुद्राद्वयं च वरदाभयम् ॥

पञ्चबाणैक्षुकोदण्डान् जग्राह ललिताम्बिका ।
स्वस्तिकासनसम्पन्ना चारुदेहा चतुर्भुजा ॥
पाशाङ्कुशशराँश्चापं धारयन्त्यभवत् ततः ॥"

अर्थात्– ब्रह्मा, विष्णु र महेश्वरले बिन्दुको अन्तर्गत विराजमान भएकी, एक मुख, तीन नेत्र, सोह्र हात भएकी, कोटि कामदेवको जस्तो लावण्य भएकी, चन्द्रमाको चाँद लगाएकी, मुसुमुसु हाँसिरहेकी, निर्वाङ्ग नाङ्गी, केश छोडेकी, चन्द्र र सूर्यको कुण्डल लगाएकी, उदाउन लागेको सूर्यको जस्तो कान्ति भएकी, झिनु कम्मर भएकी, षोडशा युवती अवस्थाकी, कोटी ब्रह्माण्डपिण्डको मेखला लगाएकी, दाहिनेपट्टि हातमा माथिदेखि तलसम्म क्रमशः अंकुश, पञ्चबाण, जपमाला, सुदर्शनचक्र, गदा, कपालपात्र, त्रिशूल र वरदमुद्रा तथा देब्रेपट्टि हातमा त्यसै गरी पाश, इक्षुधनु, पुस्तक, शङ्ख, कमल, तत्त्वमुद्रा, डिबडिबे र अभयमुद्रा धारण गरेकी, नादब्रह्मस्वरूपकी, ब्रह्मचैतन्यरूपिणी श्रीविद्यासुन्दरीको दर्शन पाए । अनि उहाँले पुस्तक, अक्षमाला, इक्षुधनु र पञ्चबाण ब्रह्माजीलाई, शङ्ख, चक्र, गदा र पद्म विष्णुलाई, तत्त्वमुद्रा, कपालपात्र, त्रिशूल र डमरु महादेवलाई दिनुभयो र आफूले चाहिँ पाश, अङ्कुश, वर र अभय धारण गरेर चतुर्भुजा भएर बस्नु भयो । उता ब्रह्माजीले माला महासरस्वतीलाई र धनुर्बाण कामदेवलाई दिनुभयो, विष्णुले गदा र कमल महालक्ष्मीलाई दिनुभयो । अनि लक्ष्मीले पनि गदा चाहिँ कुवेरलाई दिनुभयो, महादेवले तत्त्वमुद्रा र कपालपात्र पार्वतीलाई दिनुभयो । महादेवको क्रोधले कामदेव भस्म भएपछि सुन्दरीले वरदमुद्रा र अभयमुद्रा चरणतलमा राखेर पञ्चबाण र धनु आफूले लिनुभयो र स्वस्तिकासनमा विराजमान भएर पाश, अंकुश, धनुर्बाण धारण गरेर चतुर्भुजा ललिताम्बारूपले रहनु भयो ।

अब यस क्रममा लघुषोडशी अथवा महाषोडशीसम्म मात्रै ग्रहण हुने हुनाले र "यस्य नो पश्चिमं जन्म यदि वा शङ्करः स्वयम् । तेनैव लभ्यते विद्या श्रीमत्पञ्चदशाक्षरी ॥" भन्ने उक्ति हुनाले पञ्चदशीको षोडशीभन्दा अघि नै ग्रहण भइसकेको हुनाले यस क्रममा सर्वाधिकार निर्वाणदीक्षा हुँदैन। अन्तर्यागको लागि आज्ञाचक्रमा परेश्वरशाम्भवको उपदेश हुन्छ। आज्ञाचक्रका षडन्वयेश्वर महाशाम्भवात्मक परमेश्वरको सहस्रार र आज्ञाचक्रमा उपदेश हुन्छ। तिनको ध्यान यसप्रकार छ–

"सहस्रादित्यसङ्काशो महादीप्तिधरो गुरुः ।
षडन्वयेश्वरः श्रीमान् परशम्भुरजोऽव्ययः ॥
षडाननः स्फुरन्नेत्रः प्रतिवक्त्रं त्रिलोचनः ।
द्वीपिचर्मकटिस्फारमुण्डमालाविभूषणः ॥
अस्थिरत्नपारिजातपुष्पमालासमावृतः ।
ब्रह्मनाभिकराङ्गुष्ठदंष्ट्राविस्तृतलोलितः ॥
विचित्राभरणैर्युक्तः सर्वतः पशुपाशहृत् ।
शूलासीषुशक्तिसृणिवरधारी महातनुः॥
कपालफलचापास्रपाशाभयकरो मतः ।
देवावृते पितृवने क्रीडाकृन्मानसोत्तरे ॥
एवं परेश्वरीं ध्यायेत्स्तनयोनिसमावृताम् ।
मानसे शाम्भवं ध्यायेज्जपेद् विद्यामनन्यधीः ॥"

अर्थात्– हजारसूर्यको जस्तो तेज भएका, छ मुख र मुखै पिच्छे तीन नेत्र भएका, चितुवाको छाला कटिमा बेह्रेका, मुण्डमाला, हाड, रत्न र पारिजातको माला लगाएका, ब्रह्मनाभिमा हातको बूढी औंला राखेका, दाह्रा निस्केका, विचित्र आभरणले युक्त भएका, पशुको पाशलाई हरण गर्ने, बाह्र हात भएका, हातमा शूल, खड्ग, बाण,

शक्ति, अंकुश र वरदमुद्रा एवं खपरु, फल (ढाल), धनु, अस्र (चक्र), पाश र अभयमुद्रा धारण गरेका, मानसोत्तरमा देवावृत श्मशानमा क्रीडा गर्ने, अजन्मा, अविनाशी, परशम्भुस्वरूप षडन्वयेश्वर शाम्भवको र त्यस्तै स्वरूपकी स्तन र योनि सहितकी परेश्वरी शाम्भवीको मनमनले ध्यान गर्दै एकचित्त भएर विद्याको जप गर्नू ।

॥ इति श्रीक्रमदीक्षारहस्ये विद्याक्रमभेदवर्णनं नाम द्वितीयः पटलः॥

तृतीय पटल

अब यस पटलमा अरु क्रमको वर्णन हुन्छ । सर्वप्रथम काद्याम्नायक्रमको वर्णन गर्दछु जो यसप्रकारको हुन्छ । –

काद्याम्नायक्रम–

काद्याम्नायक्रमको सम्बन्धमा बृहद्वडवानलतन्त्रमा यस्तो वचन छ–

"काद्याम्नायक्रमं देवि वक्ष्यामि शृणु सुव्रते ।
गुह्यकाली च भुवना कुब्जिका वज्रकुब्जिका ॥
अघोरकुब्जिका पश्चाच्छाम्भवं चतुरन्वयम् ।
सर्वाधिकारं देवेशि लघुपूर्णाभिषेचनम् ॥"

अर्थात्– काद्याम्नायक्रममा गुह्यकाली, भुवना, कुब्जिका, चतुरन्वयशाम्भव, सर्वाधिकारदीक्षा अनि लघुपूर्णाभिषेक हुन्छ ।

क्रमदीक्षा ग्रहण गर्दा शुरुमै शाक्ताभिषेक हुन्छ भन्ने कुराको प्रथम पटलमै चर्चा भइसकेको छ । सर्वप्रथम शाक्ताभिषेक भएपछि एकाक्षरी गुह्यकाली, त्र्यक्षरी गुह्यकाली, पञ्चाक्षरी गुह्यकाली अथवा सिद्धिलक्ष्मी (गुह्यकाली) को उपदेश आ-आफ्नो परम्परा अनुसार हुन्छ । जसमध्ये एकाक्षरी गुह्यकालीको ध्यान यसप्रकारको हुन्छ–

"देवी सा नारैकमुखी द्विबाहुरसिचर्मधृक् ।
विधात्रोपासिता ध्यानं सर्वमन्यत् पुरोदितम् ॥"

अर्थात्– एक मुख भएकी, दुई बाहुमा ढाल र तरबार धारण गरेकी, आसन र अरु सबै वेषभूषाहरू समेत माथि वर्णन भएको दशवक्त्रा गुह्यकालीको जस्तै हुन्छ । यो विधाताले उपासना गरेको विद्या हो ।

त्र्यक्षरी गुह्यकालीको ध्यान यसप्रकारको छ–

"त्रिमुखी मनुजद्वीपिफेरुवक्त्रेण शोभिता ।
चतुर्भुजा खड्गशूलौ दक्षिणे बिभ्रती शिवा ॥
वामे करे पाशमुष्टी दधाना कालविग्रहा ।
अनङ्गोपासिता विद्या त्रैलोक्यस्यापि मोहिनी ॥"

अर्थात्– मानिस, चितुवा र श्यालको गरी जम्मा तीन मुख र चार हात भएकी, हातमा दाहिनेपट्टि खड्ग र शूल देब्रेपट्टि पाश र मुठी धारण गरेकी, कालो वर्णकी, कामदेवले उपासना गरिएकी त्रैलोक्यमोहिनी गुह्यकाली विद्या हुन् ।

अर्को त्र्यक्षरी गुह्यकालीको ध्यान यसप्रकारको छ–

"एषापि त्र्यानना ज्ञेया गजवाजिनराकृतिः ।
चतुर्दोर्दण्डिता रक्ता दधाना दक्षिणे भुजे ॥
बाणाङ्कुशौ वामकरे चापफेरुशिशू क्रमात् ।
वरुणोपासिता विद्या तव देवि मयोदिता ॥"

अर्थात्– यो पनि हात्ती, घोडा र मानिसको मुख गरी तीन मुख चार हात भएकी, रातो वर्णकी, हातमा दाहिनेपट्टि बाण र अंङ्कुश देब्रेपट्टि धनु र श्यालको बच्चा धारण गरेकी वरुणोपासिता गुह्यकाली विद्या हुन् ।

अब पञ्चाक्षरी गुह्यकालीको ध्यान यसप्रकारको हुन्छ–

"पञ्चानना नरद्वीपिफेरुसिंहगजाकृतिः ।
अष्टबाहुः कृपाणेषुचक्राक्षाणि च दक्षिणे ॥
धारयन्ती वामकरे चर्मपाशाङ्कुशस्रजः ।
रक्तश्यामा वपुर्भासा सर्वमन्यत् पुरोदितम् ॥"

अर्थात्– मानिस, चितुवा, श्याल, सिंह र हात्तीको गरी पाँच मुख र आठ हात भएकी, हातमा दाहिनेपट्टि कृपाण, बाण, चक्र र अक्षमाला तथा देब्रेपट्टि ढाल, पाश, अंकुश र माला धारण गरेकी, रक्तश्याम वर्णकी गुह्यकाली विद्या हुन् ।

अब सिद्धिलक्ष्मीको विषयमा यी नवाक्षरी विद्याको ध्यान द्वितीयपटलमा वर्णन भएजस्तै "खट्वाङ्गाङ्कुश" इत्यादि हो । यी चारमध्ये आ-आफ्नो गुरुपरम्परा अनुसार उपदेश हुन्छ । यो उत्तराम्नायात्मक विद्या हो । उत्तराम्नायमा ज्ञानयोगले उपासना गर्नुपर्ने हो तापनि कलियुगमा हतपती ज्ञान वैराग्य मानिसमा आउन असम्भव नै हुने हुनाले यहाँ भक्तियोगले नै उपासना हुन्छ । यो मन्त्र सिद्ध भएपछि कौलाभिषेक गरी पूर्वाम्नायमा जानुपर्दछ । त्यसमा भुवनेश्वरीको एकाक्षरी र त्र्यक्षरीको भेदमध्ये एकको ग्रहण गर्नुपर्दछ । भुवनेश्वरीको एकाक्षरीको ध्यान यसप्रकारको हुन्छ–

"उद्यदिनद्युतिमिन्दुकिरीटां
तुङ्गकुचां नयनत्रययुक्ताम् ।
स्मेरमुखीं वरदाङ्कुशपाशा-
भीतिकरां प्रभजेद् भुवनेशीम् ॥"

अर्थात्– उदाउन लागेको सूर्यको जस्तो कान्ति भएकी, चन्द्रमाको किरीट लगाएकी, तीन नेत्र चार हात भएकी, हातमा वरदमुद्रा, अङ्कुश, पाश र अभयमुद्रा धारण गरेकी, हँसिली मुहारकी भुवनेश्वरीको ध्यान गर्नू ।

अब ललिताभुवनाको वागादि त्र्यक्षरीको ध्यान यसप्रकारको हुन्छ –

"सिन्दूरारुणविग्रहां त्रिनयनां माणिक्यमौलिस्फुरत्-
तारानायकशेखरां स्मितमुखीमापीनवक्षोरुहाम् ।
पाणिभ्यामलिपूर्णरत्नचषकं रक्तोत्पलं बिभ्रतीं
सौम्यां रत्नघटस्थसव्यचरणां ध्यायेत् परामम्बिकाम् ॥"

अर्थात्– सिन्दूर जस्तो रातो वर्णकी, माणिकको मुकुटमा चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र दुई हात भएकी, हातमा सुरापूर्ण रत्नपात्र र रातो कमल धारण गरेकी, रत्नको घडामाथि देब्रे पाउ राखेकी पराम्बाको ध्यान गर्नू ।

अब श्यामा भुवनेश्वरीको वागादि त्र्यक्षरीको ध्यान यसप्रकार छ–

"श्यामाङ्गीं शशिशेखरां निजकरैर्दानं च रक्तोत्पलं
रत्नाढ्यं चषकं परं भयहरं संबिभ्रतीं शाश्वतीम् ।
मुक्ताहारलसत्पयोधरनतां नेत्रत्रयोल्लासिनीं
वन्देऽहं सुरपूजितां हरवधूं रक्तारविन्दस्थिताम् ॥"

अर्थात्– श्यामवर्णकी, चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र चार हात भएकी, हातमा वरदमुद्रा, रातोकमल रत्नको पानपात्र र अभयमुद्रा धारण गरेकी, मोतीको हार लगाएकी, रातो कमलमाथि बसेकी, भुवनेश्वरीको ध्यान गर्नू ।

यो पूर्वाम्नायमा मन्त्रयोगवाट उपासना गरी सिद्ध भएपछि पश्चिमाम्नायमा जानुपर्दछ । त्यहाँ गएपछि सर्वप्रथम नवाक्षरी सिद्धिकुब्जिकाको मन्त्रको उपदेश हुन्छ । तिनको ध्यान द्वितीय पटलमा बताए झैं "तरुणरविनिभास्यां" इत्यादि हुन्छ र यिनको कर्मयोगवाट उपासना हुन्छ । यो नवाक्षरी सिद्धमन्त्र हुनाले यसको न्यास र विनियोग हुँदैन । यसमा सिद्ध भएपछि योग्य गुरु पाइयो भने माथि

द्वितीय पटलमा वर्णन भए जस्तै कुब्जिकाको पाँचवटै क्रम समाप्त गरी नामकरण र कौलाभिषेककै विधिले लघुपूर्णाभिषेक भई माथिको पटलमा वर्णन भए झैं पश्चिमाम्नायको सर्वाधिकार निर्वाणदीक्षा सहित चतुरन्वयशाम्भवको उपदेश हुन्छ ।

हाद्याम्नायक्रम–

अब हाद्याम्नायक्रमको विषयमा यस्तो वचन छ–

"हाद्याम्नायक्रमं वक्ष्ये भोगमोक्षप्रदायकम् ।
दक्षिणाकालिका पश्चान्महोग्रातारिणी ततः ॥
वाला पञ्चदशी पश्चात् षोडशी तदनन्तरम् ।
षडन्वयं शाम्भवं च रश्मिहीनं च सेचनम् ॥"

अर्थात्– अब भोग मोक्ष दुवै दिने हाद्याम्नायक्रमको वर्णन हुन्छ । यसक्रममा दक्षिणकाली, महोग्रतारा, वाला, पञ्चदशी, षोडशी र रश्मिरहित षडन्वयशाम्भवको उपदेश हुन्छ र पूर्णाभिषेक हुन्छ । यसमा सर्वप्रथम दक्षिणकालीको द्वाविंशाक्षरी मन्त्रको उपदेश हुन्छ । कसैको मतमा यो भन्दा अघि हादिक्रम हुनाले आद्याकालीको त्र्यक्षरीको ग्रहण गर्नुपर्दछ । सो त्र्यक्षरीको ध्यान माथि बताए झैं "श्यामाङ्गीं शशिशेखरां" इत्यादि हुन्छ ।

दक्षिणकालीको माथि द्वितीयपटलमा वर्णन भए बमोजिम भक्तियोगले उपासना गरी सिद्ध भएपछि अधराम्नायको अधिकार नहुनाले अधराम्नायनायिका दक्षिणाम्नायात्मिका महोग्रताराको सार्द्धपञ्चाक्षरी मन्त्रको ग्रहण हुन्छ । यिनको पनि भक्तियोगमा केही मन्त्रयोगको पनि मिश्रण गरी उपासना गर्नुपर्दछ । सो सिद्ध भएपछि कौलाभिषेक भई द्वितीय पटलमा वर्णन भए झैं बालाको वागादि

त्र्यक्षरीको ग्रहण हुन्छ। कसैको मतमा भने बालात्रिपुराको मायादि त्र्यक्षरीको उपासना हुन्छ। मायादि त्र्यक्षरीको ध्यान यसप्रकार छ–

"पाशाङ्कुशौ पुस्तकमक्षसूत्रं
करैर्दधाना सकलामरार्च्या।
रक्ता त्रिनेत्रा शशिशेखरेयं
ध्येयाखिलर्द्ध्यै त्रिपुरात्रबाला ॥"

अर्थात्– रातो वर्णकी, तीन नेत्र चार हात भएकी, हातमा पाश अङ्कुश पुस्तक र अक्षमाला धारण गरेकी, चन्द्रमाको चाँद लगाएकी, बालात्रिपुराको ध्यान गर्नू।

त्यसपछि माथि द्वितीय पटलमा वर्णन भए झैं पञ्चदशी, षोडशी र महाषोडशी ग्रहण गरी राजयोगबाट उपासना गरी सिद्ध भएपछि माथि द्वितीयपटलमा वर्णन भए झैं ध्यानयुक्त सहस्रारमा षडन्वयेश्वर महाशाम्भव, मानसात्मक आज्ञाचक्रमा परेश्वर शाम्भव, नाभसात्मक विशुद्धचक्रमा विच्चेश्वर शाम्भव, वायव्यात्मक अनाहतचक्रमा हंसेश्वर शाम्भव, तैजसात्मक स्वाधिष्ठानचक्रमा संवर्तेश्वर शाम्भव, जलात्मक मणिपूरचक्रमा द्वीपेश्वर शाम्भव र पार्थिवात्मक मूलाधारचक्रमा नवात्मेश्वर शाम्भवको उपदेश भई ऊर्ध्वाम्नायको सर्वाधिकार निर्वाणदीक्षा ग्रहण गरी नामकरण सहित लघुपूर्णाभिषेक ग्रहण गरी गणेश ग्रह नक्षत्र योगिनी राशि र पीठका यति लघुषोढान्यास ग्रहण गरिन्छ। सो निर्वाणदीक्षाकी निर्वाण सुन्दरीको ध्यान यसप्रकारको हुन्छ–

"प्रकाशमध्यस्थितिचिच्छ्वरूपां
वराभये संदधतीं त्रिनेत्राम्।
सिन्दूरवर्णामतिकोमलाङ्गीं
मायामयीं तत्त्वमयीं नमामि ॥"

अर्थात्– सिन्दूरे वर्णकी, प्रकाशको बीचमा चित्स्वरूपले रहेकी, तीन नेत्र दुई हात भएकी, हातमा वर र अभय धारण गरेकी, मायामयी, तत्त्वमयी सुन्दरीको ध्यान गर्नू ।

यसमा एउटा बुझ्नुपर्ने कुरा के छ भने उपर्युक्त प्रत्येक आम्नायमा सर्वाधिकार ग्रहण भएपछि आ-आफ्नो आम्नायको लघुषोढा ग्रहण गर्नुपर्दछ । यति क्रम ग्रहण गरी महाराजाधिराजयोगबाट उपासना गर्नुपर्दछ ।

हादिपञ्चक्रम–

अव हादिपञ्चक्रमको वर्णन गरिन्छ । यसबारे यस्तो उक्ति छ–

"हादिपञ्चक्रमं वक्ष्ये दक्षिणाकालिका तथा ।
तारा छिन्ना च वगला महात्रिपुरसुन्दरी ॥
परेश्वरं शाम्भवं च लघुपूर्णाभिषेचनम् ।"

अर्थात्– हादि पञ्चक्रममा दक्षिणकाली, तारा, छिन्नमस्ता, बगला, महात्रिपुरसुन्दरी र परेश्वरशाम्भवको उपदेश भएर लघुपूर्णभिषेक हुन्छ ।

यो हादि पञ्चक्रममा पनि दक्षिणकाली र तारासम्म माथि हादिक्रममा बताए झैं गरी ग्रहण गर्ने र भक्तियोगद्वारा उपासना गरी उत्तराम्नायात्मक षडक्षरी छिन्नमस्ताको मन्त्र ग्रहण गर्नुपर्दछ । यिनको ध्यान यसप्रकारको छ–

"प्रत्यालीढपदां सदैव दधतीं छिन्नं शिरः कर्त्रिकां
दिग्वस्त्रां स्वकबन्धशोणितसुधाधारां पिबन्तीं मुदा ।
नागाबद्धशिरोमणिं त्रिनयनां हृद्युत्पलालङ्कृतां
रत्यासक्तमनोभवोपरिदृढां ध्यायेञ्जपासन्निभाम् ॥

दक्षे चातितिसिता विमुक्तचिकुरा कर्त्रीं तथा खर्परं
हस्ताभ्यां दधती रजोगुणभवा नाम्नापि सा वर्णिनी ।
देव्याश्छिन्नकबन्धतः पतदसृग्धारां पिबन्ती मुदा
नागाबद्धशिरोमणिर्मनुविदा ध्येया तथा सा सुरैः ॥
वामे कृष्णतनुस्तथैव दधती खड्गं तथा खर्परम्
प्रत्यालीढपदा कबन्धविगलद्रक्तं पिबन्ती मुदा ।
सैषा या प्रलये समस्तभुवनं भोक्तुं क्षमा तामसी
शक्तिः सापि परात्पराभगवती नाम्ना परा डाकिनी ॥"

अर्थात्– जपापुष्प जस्तो लालवर्णकी, तीन नेत्र दुई हात भएकी, एक हातमा काटेको शिर अर्को हातमा कर्त्री धारण गरेकी, निर्वाङ्ग नाङ्गी, आफ्नै गींड (घिच्रो) बाट छुटेको रगतको एक धारा पान गरिरहेकी, नागले माथमा चूडामणि बाँधेकी, हृदयमा कमलको फूल धारण गरेकी, रतासक्त रतिकामदेवमाथि प्रत्यालीढ मुद्रामा विराजमान भएकी, उभिएकी, दाहिनेपट्टि अति सेतो वर्णकी, केश छोडेकी, कर्त्री र कपाल हातमा लिएकी, देवीको गींडबाट छुटेको रगतको एक धारा पान गरिरहेकी, नागले चूडामणि बाँधेकी, रजोगुणात्मिका वर्णिनी र देब्रेपट्टि कालो वर्णकी, त्यस्तै हातमा खड्ग र कपाल लिएकी, प्रत्यालीढ मुद्रामै उभिएकी, त्यसैगरी छुटेको रगतको एकधारा पान गरिरहेकी तमोगुणात्मिका डाकिनी दुई सहचरी साथमा भएकी भगवती छिन्नमस्ताको ध्यान गर्नू ।

यिनको पनि भक्तियोगमा केही अंश ज्ञानयोग मिश्रिण गरेर जप हुन्छ ।

अब त्यसपछि कौलाभिषेक ग्रहण गरी पश्चिमाम्नाय मिश्रित दक्षिणाम्नायात्मक षट्त्रिंशाक्षरी अर्थात् छत्तीस अक्षरको बगलाको मन्त्रको उपदेश हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"गम्भीरां च मदोन्मत्तां तप्तकाञ्चनसन्निभाम् ।
चतुर्भुजां त्रिनयनां कमलासनसंस्थिताम् ॥
मुद्गरं दक्षिणे पाशं वामे जिह्वां च वज्रकम् ।
पीताम्बरधरां सान्द्रवृत्तपीनपयोधराम् ॥
हेमकुण्डलभूषां च पीतचन्द्रार्धशेखराम् ।
पीतभूषणभूषां च स्वर्णसिंहासनस्थिताम् ॥"

अर्थात्– पोलेको सून जस्तो सुनौलो (रातो पहेंलो) वर्णकी, पद्मासनमा बसेकी, तीन नेत्र चार हात भएकी, हातमा दाहिनेपट्टि मुंग्रो र पाश, देब्रेपट्टि शत्रुको जिभ्रो र वज्र समातेकी, पीताम्बर पहिरेकी, सूनको कुण्डल र पहेंलो वेषभूषा धारण गरेकी, माथमा पहेंलो अर्धचन्द्र धारण गरेकी, सूनको सिंहासनमा विराजमान वगलाको ध्यान गर्नू ।

यिनको उपासना भक्तियोग र कर्मयोग मिश्रित गरी गर्नुपर्दछ । उपासना गरेर सिद्ध भएपछि माथि वर्णन भए झैं वालाको क्रम अनि पञ्चदशी र लघुषोडशी सम्मको ग्रहण गरेर राजयोगवाट उपासना गरिन्छ । त्यसपछि लघुपूर्णाभिषेक ग्रहण गरी महाषोढाको ग्रहण र त्यसपछि अन्तर्यागको लागि द्वितीय पटलमा वर्णन भए झैं परेश्वर शाम्भवको उपदेश हुन्छ ।

॥ इति श्रीक्रमदीक्षारहस्ये आम्नायक्रमभेदवर्णनं नाम तृतीयः पटलः ॥

चतुर्थ पटल

अब यस चतुर्थ पटलमा आम्नायक्रम तथा दुर्गाक्रमको वर्णन हुन्छ। आम्नायक्रममा हादि नवक्रम, कादि नवक्रम र सादि नवक्रम तथा उपमार्गक्रम पर्दछ। हादि-कादि नवक्रमको विषयमा यस्तो वचन पाइन्छ–

"हादिनवक्रमं वक्ष्ये चाद्या श्यामा च दक्षिणा।
श्रीमदेकजटा पश्चाच्छ्रीमन्नीलसरस्वती ॥
महोग्रा तारिणी पश्चाद् बाला पञ्चदशी तथा।
षोडशी शाम्भवं रश्मिहीनं षडन्वयं स्मृतम् ॥
सर्वाधिकारं तत्रैव लघुपूर्णाभिषेचनम्।
कादिनवक्रमे सिद्धिलक्ष्मीः सिद्धिकरालिका ॥
कामकला गुह्यकाली चोन्मनी तदनन्तरम्।
पूर्णेशी भुवनेशानी कुब्जिका वज्रकुब्जिका ॥
अघोरकुब्जिका रश्मिहीनं षट्शाम्भवं स्मृतम्।
सर्वाधिकारं तत्रैव लघुपूर्णाभिषेचनम् ॥"

अर्थात्– हादि नवक्रममा आद्याकाली, श्यामाकाली, दक्षिणकाली, एकजटा, नीलसरस्वती, महोग्रतारा, वाला, पञ्चदशी र षोडशी अनि रश्मिरहित षडन्वयशाम्भव र सर्वाधिकारदीक्षापछि लघुपूर्णाभिषेक हुन्छ। त्यस्तै कादि नवक्रममा सिद्धिलक्ष्मी, सिद्धिकराली, कामकला गुह्यकाली, उन्मनी, पूर्णेश्वरी, भुवनेश्वरी, कुब्जिका, वज्रकुब्जिका, अघोरकुब्जिका अनि रश्मिरहित षडन्वयशाम्भव र सर्वाधिकारदीक्षा भएपछि लघुपूर्णाभिषेक हुन्छ। यस क्रममा सवै आम्नायमा तीन तीन वटा गराएर नौ वटा गराएको छ।

हादिनवक्रम–

हादि नवक्रममा माथि द्वितीय पटलमा वर्णन भए झैं आद्याको त्र्यक्षरी, दशाक्षरी, षोडशाक्षरी वा सप्तदशाक्षरीमा एउटाको ग्रहण हुन्छ। ऋष्यादिन्यास र ध्यान सबैको एकै प्रकारको हुन्छ। यिनको ध्यान "श्यामाङ्गी" इत्यादि पूर्ववत् नै हुन्छ। त्यसपछि श्यामाको त्र्यक्षरी ग्रहण गरिन्छ। अनि दक्षिणाको द्वाविंशाक्षरी द्वितीय पटलमा वर्णन भए झैं ग्रहण गरी कसै कसैको मतमा दक्षिणाम्नायको सर्वाधिकार पनि माथिको पटलमा वर्णन भए झैं गर्छन्। अनि यिनको भक्तियोगबाट उपासना गरी सिद्ध भएपछि एकजटाको सप्ताक्षरी मन्त्रको ग्रहण हुन्छ। तिनको ध्यान यसप्रकारको छ–

"श्वेताम्बरां शारदचन्द्रकान्तिं
सद्भूषणामिन्दुकलावतंसाम्।
कर्त्रीकपालान्वितपाणिपद्मां
तारां त्रिनेत्रां प्रभजेऽखिलर्द्ध्यै॥"

अर्थात्– सेतो वर्णकी, सेतो वेषभूषा पहिरेकी, माथमा चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र दुई हात भएकी, हातमा कर्त्री र कपाल धारण गरेकी ताराको ध्यान गर्नू।

त्यसपछि नीलसरस्वतीको मन्त्रको उपदेश हुन्छ। यसमा प्रणवरहित हुँदा त्रयोदशाक्षरी हुन्छ। त्यसको अधराम्नायात्मक बौद्ध, जैनलाई मात्र अधिकार छ। त्यसउसले सोही मन्त्रको आदिमा प्रणव प्रयोग गरी चतुर्दशाक्षरी दक्षिणाम्नायात्मक गराएर उपदेश गरिन्छ। तिनको ध्यान यसप्रकारको हुन्छ–

"शवासनां सर्पविभूषणाढ्यां
कर्त्रीं कपालं चषकं त्रिशूलम्।

करैर्दधानां नरमुण्डमालां
त्र्यक्ष्यां भजे नीलसरस्वतीं ताम् ॥"

अर्थात्– शवमाथि आसन गरेकी, सर्पको गहना लगाएकी, मुण्डमाला लगाएकी, तीन नेत्र चार हात भएकी, हातमा कर्त्री खपरु पानपात्र र त्रिशूल धारण गरेकी नीलसरस्वतीको ध्यान गर्नू ।

त्यसपछि माथिको पटलमा वर्णन भए झैं उग्रताराको सार्द्धपञ्चाक्षरीको उपदेश हुन्छ। कसै कसैको मतमा यिनको पनि सर्वाधिकार निर्वाणदीक्षा ग्रहण गरिन्छ। यसमा निर्वाणोग्रताराको ध्यान यसप्रकारको छ–

"प्रकटविकटदंष्ट्रा घोररूपाट्टहासा
नरशिरकृतमाला मेघवर्णातिखर्वा ।
त्रिभुवनजयदात्री हस्तविन्यस्तकर्त्री
करकलितकपाला पातुमामुग्रतारा ॥"

अर्थात्– डरलाग्दो दाह्रा भएकी, डरलाग्दो स्वरूपकी, मुण्डमाला लगाएकी, मेघको जस्तो वर्णको, पुड्को कदकी, हातमा कर्त्री र कपाल लिएकी उग्रताराको ध्यान गर्नू ।

यी पूर्वोक्त ताराहरूको पनि दक्षिणाम्नाय मिश्रित भक्तियोगबाटै उपासना हुन्छ। अनि सो सिद्ध भएपछि कौलाभिषेक ग्रहण गरी माथि तृतीय पटलमा वर्णन भए झैं बाला, पञ्चदशी, षोडशी, महाषोडशी, षडन्वयशाम्भव, सर्वाधिकार निर्वाणदीक्षा र लघुषोढासम्म सबैको तृतीय पटलमा वर्णन भए झैं ग्रहण गरी राजाधिराजयोगबाट उपासना गर्नुपर्दछ ।

'हादिक्रम' यो हो। यो हादि नवक्रम हादि हंस अर्थात् ब्रह्मरन्ध्रमा मिल्ने क्रम भएको हुनाले 'ह' अगाडि भएको आद्याको

मन्त्र पहिले ग्रहण हुन्छ ।

कादिनवक्रम-

अब कादि नवक्रममा माथि द्वितीय पटलमा वर्णन भए भैं सिद्धिलक्ष्मी र भरतोपासिता गुह्यकाली अनि कामकलाकाली तथा उत्तराम्नाय सर्वाधिकारविद्यासम्म ग्रहण गरी ज्ञानयोग मिश्रित भक्तियोगबाट उपासना गरी सो सिद्ध भएपछि उन्मनी, पूर्णेश्वरी र भुवनेश्वरी तथा पूर्वाम्नायको सर्वाधिकारसम्म ग्रहण गरी मन्त्रयोगले[१०] उपासना गरी सिद्ध भएपछि कौलाभिषेक ग्रहण गरी माथिको पटलमा वर्णन भए जस्तै समया कुब्जिका, घोरकुब्जिका, वीरकुब्जिका,(वज्रकुब्जिका)[११], अघोरकुब्जिका र पश्चिमाम्नायको सर्वाधिकारदीक्षा ग्रहण गरी तृतीय पटलमा वर्णन भए भैं छ किसिमको षडन्वयशाम्भव ग्रहण गरी नामकरणसहित पूर्णाभिषेक गर्नू अथवा असमर्थ भए लघुपूर्णाभिषेक गर्नू र कर्मयोगबाट उपासना गर्नू ।

अब सादि संवरौधिक्रमको अधिकार हामीहरूमा नहुनाले सो क्रमको बारेमा थाहा छैन । तर हामीहरूमा षट्कर्मदेखि बाहेक रोगनाशादि अनेक काम्यकर्म गर्न र मन्त्रहरू जाग्रत गर्नका लागि दुर्गाको मन्त्रहरूको आवश्यकता पर्ने हुन्छ । त्यसमा पनि खास गरेर चण्डी सप्तशतीस्तोत्र र चामुण्डाको नवार्णमन्त्रको अतिशय आवश्यकता पर्नजान्छ । त्यसउसले नवार्णको लागि द्वितीय पटलमा वर्णित उपमार्गक्रम त लिनै पर्ने हुन्छ । त्यसमा कसै कसैले दुर्गाको नवक्रम पनि लिने गर्छन् । त्यस विषयको तन्त्रवचन प्रमाण भने मसित छैन । मेरो गुरुबाट मैले लिएको क्रम यसप्रकारको छ–

---

१० पाण्डुलिपिमा 'भक्तियोगले' ।

११ कोष्ठकोसम्पादकद्वारा थप ।

पहिले पूर्वाम्नायको सिद्धलक्ष्मीको एकादशाक्षरी विद्याको उपदेश हुन्छ । तिनको ध्यान यसप्रकारको छ–

"ब्राह्मीं च वैष्णवीं भद्रामष्टबाहुं चतुर्मुखाम् ।
त्रिनेत्रां खड्गिनीं शूलपद्मचक्रगदाधराम् ॥
कोशं वराभयं चैव दधानां मोदरूपिणीम् ।
पीताम्बरधरां देवीं सर्वाभरणभूषिताम् ॥
तेजःपुञ्जधरां श्रेष्ठां ध्यायेत् बालकुमारिकाम् ।"

अर्थात्– ब्राह्मी, वैष्णवी, भद्रारूप चार मुख तीन नेत्र र आठ हात भएकी, हातमा खड्ग शूल कमल चक्र गदा कोश वर र अभय धारण गरेकी, पीताम्बर र सबै प्रकारको आभूषण पहिरेकी, तेजःपुञ्ज धारण गरेकी मोदस्वरूपिणी बालकुमारीको ध्यान गर्नू ।

त्यसपछि माथि वर्णन भए झैं उत्तराम्नायात्मक चतुर्दशाक्षरी पञ्चवक्त्रा महाकालीको उपदेश हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"पञ्चवक्त्रां महारौद्रीं प्रतिवक्त्रं त्रिलोचनाम् ।
शक्तिशूलधनुर्बाणखेटखड्गवराभयान् ॥
दक्षादक्षभुजैर्देवीं बिभ्राणां भोगिभूषणाम् ।"

अर्थात्– पाँच मुख, मुखै पिच्छे तीन नेत्र र आठ हात भएकी, दायाँ वायाँ हातमा शक्ति र शूल, धनु र वाण, ढाल र खड्ग तथा वर र अभय धारण गरेकी, नागको गहना लगाएकी महाकालीको ध्यान गर्नू ।

त्यसपछि यी दुई आम्नाय मिश्रित ईशाम्नायात्मक दशवक्त्रा महाकालीको द्वितीय पटलमा वर्णन भए झैं नवार्णमन्त्र र तिनको ध्यान "खड्गं चक्रगदेषु" इत्यादिको उपदेश गरी भक्तियोगबाट उपासना

हुन्छ। त्यसपछि दक्षिणाम्नायात्मक चौंतीस अक्षरात्मिका बगलाको मन्त्र ग्रहण गर्नुपर्दछ। तिनको ध्यान प्रकारको छ–

"मध्ये सुधाब्धिमणिमण्डपरत्नवेदी-
सिंहासनोपरिगतां परिपीतवर्णाम् ।
पीताम्बरां कनकभूषणमाल्यशोभां
देवीं भजामि धृतमुद्गरवैरिजिह्वाम् ॥
जिह्वाग्रमादाय करेण देवीं
वामेन शत्रून् परिपीडयन्तीम् ।
पदाभिघातेन च दक्षिणेन
पीताम्बराढ्यां द्विभुजां नमामि ॥"

अर्थात्– अमृतसागरको मध्यवर्ती मणिमय मन्दिरभित्रको रत्नवेदीमाथि सिंहासनमा विराजमान भएकी, पहेंलो वर्णकी, पहेंलो वेषभूषा र सूनको गहना तथा मालाहरू धारण गरेकी, एउटा हातले मुंग्रो लिएर अर्को हातले शत्रुको जिभ्रो समातेकी, दाहिने पाउले शत्रुलाई लात्ता हानिरहेकी बगलाको ध्यान गर्नू।

त्यसपछि पूर्वाम्नायात्मिका महालक्ष्मीको सत्ताइस अक्षरको मन्त्र ग्रहण गर्नुपर्दछ । तिनको ध्यान यसप्रकारको छ–

"सिन्दूराभां च पद्मस्थां पद्मं पात्रञ्च दर्पणम् ।
अर्घपात्रं च दधतीं सद्धारमुकुटान्विताम् ॥
नानादासीपरिवृतां काञ्चीकुण्डलमण्डिताम् ।
लावण्यभूमिकां वन्दे सुन्दराङ्गदबाहुकाम् ॥"

अर्थात्– सिन्दूरे वर्णकी, कमलमा वसेकी, हातमा कमल पात्र दर्पण र अर्घपात्र लिएकी, उत्तम हार मुकुट मेखला र कुण्डल पहिरेकी,

नाना प्रकारका दासीहरूले घेरिएकी, सुन्दर बाजुहरू लगाएकी, सौन्दर्यकी खानी महालक्ष्मीको ध्यान गर्नू ।

त्यसपछि यी दुई आम्नायको समष्टि आग्नेयाम्नायात्मिका अष्टादशभुजी महालक्ष्मीको नवाक्षरी मन्त्र र तिनको ध्यान "अक्षस्रक्परशू" इत्यादिको उपदेश भई कर्मयोगबाट उपासना हुन्छ । त्यसपछि तृतीय पटलको हादिपञ्चक्रममा वर्णन भएझैं उत्तराम्नायात्मिका छिन्नमस्ताको षडक्षरी मन्त्रको उपदेश हुन्छ । त्यसपछि पश्चिमाम्नायात्मिका चण्डमातङ्गीको पन्ध्र अक्षरको मन्त्रको उपदेश हुन्छ । यिनको ध्यान यसप्रकारको छ–

"कल्पवृक्षवनान्तस्थे रत्नसिंहासने शुभे ।
रक्तपद्मासने संस्थां दूर्वाश्यामां त्रिलोचनाम् ॥
नवयौवनसम्पन्नां मदोन्मत्तां हसन्मुखीम् ।
रत्नभूषणभूषाङ्गीं वीणावादनतत्पराम् ॥
द्विभुजां चन्द्रमुकुटां चण्डमातङ्गिनीं भजे ॥"

अर्थात्– कल्पवृक्षवनमध्यवर्ती रत्नसिंहासनमा रातो कमलमाथि वसेकी, दूवो जस्तो श्यामवर्णकी, हँसिलो मुहारकी, नवयौवन अवस्थाकी, रत्नको आभूषणहरू लगाएकी, मुकुटमा चन्द्रमाको चाँद लगाएकी, वीणा वजाइरहेकी चण्डमातङ्गीको ध्यान गर्नू ।

त्यसपछि यी दुई आम्नायको समष्टि वायव्याम्नायात्मिका महासरस्वतीको नवाक्षरी मन्त्र र तिनको ध्यान "घण्टाशूलहलानि" इत्यादिको उपदेश भई लययोग र राजयोगको मिश्रितरूपबाट उपासना हुन्छ । त्यसपछि यी सबैलाई तीनवटै उपाम्नायको नायिका चामुण्डा (त्रिशक्ति)मा समष्टि गरी तिनको महानवार्ण मन्त्र र "ध्यायेच्छ्रीचामुण्डां देवीं" इत्यादि ध्यानको उपदेश हुन्छ र यिनलाई

पश्चिमाम्नाय सम्भ्की कर्मयोगवाट उपासना हुन्छ। त्यसपछि यी चामुण्डालाई दुर्गामा समष्टि गराई कात्यायनी दुर्गाको बाइस अक्षरको मन्त्र ग्रहण गरी उपासना गर्नुपर्दछ। तिनको ध्यान यसप्रकारको छ–

"जटाजूटसमायुक्तामर्धेन्दुकृतशेखराम् ।
नेत्रत्रयसमायुक्तां पद्मेन्दुसदृशाननाम् ॥
अतसीपुष्पवर्णाभां सुप्रतिष्ठां सुलोचनाम् ।
नवयौवनसम्पन्नां सर्वाभरणभूषिताम् ॥
सुचारुदशनां तद्वत्पीनोन्नतपयोधराम् ।
त्रिभङ्गस्थानसंस्थानां महिषासुरमर्दिनीम् ॥
त्रिशूलं दक्षिणे दद्यात् खड्गं चक्रं क्रमादधः ।
तीक्ष्णं बाणं तथा शक्तिं वामतोऽपि निबोधत ॥
खेटकं पूर्णचापं च पाशमङ्कुशमूर्ध्वतः ।
घण्टां वा परशुं चापि वामतः सन्निवेशयेत् ॥
अधस्तान्महिषं तद्वद् विशिरस्कं प्रदर्शयेत् ।
शिरश्छेदोद्भवं तद्वद् दानवं खड्गपाणिनम् ॥
सपाशवामहस्तेन धृतकेशं च दुर्गया ।
वमद्रुधिरवक्त्रं च देव्याः सिंहं प्रदर्शयेत् ॥
देव्यास्तु दक्षिणं पादं समं सिंहोपरिस्थितम् ।
किञ्चिदूर्ध्वं तथा वाममङ्गुष्ठं महिषोपरि ॥"

अर्थात्– केशपाशको जूरो बाँधेर अर्धचन्द्रको चाँद लगाएकी, आलसको फूल जस्तो नीलो वर्णकी, नवयौवन अवस्थाकी, सबप्रकारको आभूषणहरू लगाएकी, कमल र पूर्णचन्द्र जस्तो मुहार भएकी, त्रिभङ्गयुक्त अङ्ग भएकी, तीन नेत्र दश हात भएकी, हातमा दाहिनेपट्टि क्रमशः त्रिशूल, खड्ग, चक्र, बाण र शक्ति एवं देब्रेपट्टि खेटक (ढाल), धनु, पाश, अङ्कुश र घण्टा अथवा बन्चरो धारण गरेकी, मुनितिर

टाउको काटिएको महिषासुर (राँगो) र त्यसको घिच्रोबाट निस्केको, खड्ग हातमा लिएको दैत्यलाई पाशयुक्त हातले जगल्टोमा समातेकी, दाहिने पाउ सिंहमाथि र देब्रे पाउको बूढीऔंला महिषासुरको शिरमाथि राखेकी महिषमर्दिनी दुर्गाको ध्यान गर्नू ।

त्यसपछि उग्रचण्डाको बत्तीस अक्षरको मन्त्र ग्रहण गरी उग्रचण्डाको उपासना गर्नुपर्दछ । तिनको ध्यान यसप्रकारको छ–

"उग्रचण्डां महादेवीं ध्यायेद् भगवतीं शिवाम् ।
तप्तचामीकरावर्णां नानापुष्पोपशोभिताम् ॥
दिव्यवस्त्रपरीधानां महिषासनगामिनीम् ।
किरीटकुण्डलाकारैः केयूरैर्मणिनूपुरैः ॥
रत्नमालाविचित्रैश्च हारमालोपशोभिताम् ।
अष्टादशभुजाक्रान्तां पीनवक्षस्तनूरुहाम् ।
सर्वालङ्कारसंयुक्तां तडित्कोटिसमप्रभाम् ॥
खड्गं शरस्तथा चक्रं वज्राङ्कुशधरां शुभाम् ।
वरदां डमरूहस्तां शूलपात्रसुशोभिताम् ॥
दक्षिणेन करायत्ता[१२] यथा शोभा तथा परम् ।
फेटकं धनुर्हस्तां च गदाघण्टासुशोभिताम् ॥
पाशतर्जनीहस्तां च खट्वाङ्गं केशपाशकम् ।
बिन्दुमुद्रां तथा सिद्धिः सिंहासनोपरिस्थिताम् ॥
अधःस्थित्वा शिरश्छिन्नं महिषं च महासुरम् ।
तद्ग्रीवानिर्गतं दैत्यं महाबलपराक्रमम् ॥
भेदयन्तीं त्रिशूलेन विधृत्यास्य शिरोरुहाम् ।
एवं ध्यायेन्महादेवीं सर्वकामफलप्रदाम् ॥

१२. पाण्डुलिपिमा– 'कराएता', बृहत्पुरश्चर्यार्णवमा 'करा एता', मन्त्रविद्यारहस्यमा 'करायत्ता' यस्तो पाठ देखिन्छ ।

रुद्रचण्डा प्रचण्डा च चण्डोग्रा[१३] चण्डनायिका ।
चण्डा चण्डवती चैव चण्डरूपातिचण्डिका ॥
रोचना अरुणा कृष्णा नीला शुक्ला[१४] च धूम्रिका ।
पीता च पाण्डुरा ज्ञेया आरिधस्था[१५] हरिस्थिता ॥
स्वपरीवारसंयुक्तामायान्तीमिह मण्डले ।"

अर्थात्– पगालेको सूनको जस्तो वर्णकी, नाना प्रकारका फूलमाला, दिव्यवस्त्र, किरीट, कुण्डल, केयूर, मणिमय नूपुर, रत्नका माला, हार र सवै प्रकारका गहनाहरू धारण गरेकी, कोटि बिजुली जस्तो तेज भएकी, तीन नेत्र अठार हात भएकी, हातमा दायाँपट्टि खड्ग, वाण, चक्र, वज्र, अङ्कुश, वरदमुद्रा, डमरु, शूल (त्रिशूल), कपालपात्र र बायाँपट्टि ढाल, धनु , गदा, घण्टा, पाश, तर्जनीमुद्रा, खट्वाङ्ग, दैत्यको जगल्टो र बिन्दु मुद्रा धारण गरेकी, सिंहमाथि वसेकी, तलतिर टाउको काटिएको महिषासुर र त्यसको घाँटीबाट निस्केको दैत्यलाई जगल्टोमा समातेर त्रिशूलले रोपिरहेकी अनि रुद्रचण्डा प्रचण्डा आदि उपर्युक्त परिवार सहितकी महिषमर्दिनी उग्रचण्डाको ध्यान गर्नू ।

श्रीकल्पानुयायीकै लागिका क्रमहरू यहाँ लेखिइरहेका हुनाले सोही क्रमानुसारको दुर्गाक्रमको पनि यहाँ वर्णन भयो । तर कालीकल्पानुयायीहरूले भने उग्रचण्डा ग्रहण गर्नुपर्ने स्थानमा भद्रकाली दुर्गाको मन्त्रग्रहण गरी उनको यसप्रकारको ध्यान गर्दछन्–

"योगनिद्रा महामाया जगद्धात्री जगन्मयी ।
भुजैः षोडशभिर्युक्ता भद्रकालीति विश्रुता ॥

१३. पाण्डुलिपिमा– 'चण्डोग्र' ।
१४ पाण्डुलिपिमा– 'नीलशुक्ला' ।
१५. अन्यत्र 'आलीढस्था' यस्तो पाठ पाइन्छ ।

क्षीरोदस्योत्तरे तीरे बिभ्रती विपुलां तनुम् ।
अतसीपुष्पवर्णाभा ज्वलत्काञ्चनकुण्डला ॥
जटाजूटमखण्डेन्दुमुकुटत्रयभूषिता ।
नागहारेण सहिता स्वर्णहारविभूषिता ॥
शूलं खड्गं च शङ्खं च चक्रं बाणं तथैव च ।
शक्तिं वज्रं च दण्डं च नित्यं दक्षिणबाहुभिः ॥
बिभ्रती सततं देवी विकाशिनयनोज्ज्वला ।
खेटकं चर्म चापं च पाशं चाङ्कुशमेव च ॥
घण्टां परशुं मुशलं बिभ्रती वामपाणिभिः ।
सिंहस्था नयनै रक्तवर्णैस्त्रिभिरभिज्वला ॥
शूलेन महिषं भित्त्वा तिष्ठन्ती परमेश्वरी ।
वामपादेन चाक्रम्य तत्र देवी जगन्मयी ॥”

अर्थात्– तीन नेत्र सोह्र हात भएकी, आलसको फूलको जस्तो वर्णकी, सूनको कुण्डल, जटाजूट, मुकुट, चन्द्रमाको चाँद, नागको हार, सूनको हारहरू पहिरेकी, दाहिने हातमा शूल, खड्ग, शङ्ख, चक्र, बाण, शक्ति, वज, दण्ड र देब्रेहातमा खेटक, ढाल, धनु, पाश, अंकुश, घण्टा, बन्चरो र मुशल धारण गरेकी, सिंहमाथि बसेकी, बायाँ पाउ महिषमाथि राखेर त्रिशूलले महिषासुरलाई रोपिरहेकी जगज्जननी दुर्गा भद्रकालीको ध्यान गर्नू ।

॥ इति श्रीक्रमदीक्षारहस्ये आम्नायक्रमवर्णनं तथा दुर्गाक्रमवर्णनं नाम चतुर्थः पटलः॥

पञ्चम पटल

अब यस पटलमा महाक्रमको वर्णन हुन्छ। त्यस विषयमा बृहद्वडवानलतन्त्रको उक्ति यसप्रकारको छ–

"शृणु महाक्रमं वक्ष्ये चाद्या श्यामा च दक्षिणा ।
एकजटा च नीला च महोग्रा शारदा तथा ॥
श्रीबालात्रिपुरा श्रीमद्बालात्रिपुरसुन्दरी ।
सिद्धिलक्ष्मीस्तथा सिद्धिकराली कामकालिका ॥
उन्मनी चान्नपूर्णा च भुवनेशी च कुब्जिका ।
वीरकुब्जा तथा वज्रकुब्जिका परमेश्वरी ॥
पञ्चदशी षोडशी च श्रीमहाषोडशाक्षरी ।
षडन्वयं शाम्भवं च महापूर्णाभिषेचनम् ॥
पाशुपतत्रयं चैव महाषोढाख्यन्यासकम् ।
अथवा भुवनान्ते च कुब्जिका वज्रकुब्जिका ॥
अघोरकुब्जिकान्ते च शाम्भवं चतुरन्वयम् ।
सर्वाधिकारं तत्रैव लघुपूर्णाभिषेचनम् ॥"

अर्थात्– महाक्रममा पहिले आद्याकाली, श्यामाकाली र दक्षिणकाली अनि एकजटा, नीलसरस्वती र महोग्रतारा अनि शारदा, बालात्रिपुरा र बालात्रिपुरसुन्दरी अनि सिद्धिलक्ष्मी, सिद्धिकराली र कामकलाकाली अनि उन्मनी, अन्नपूर्णा र भुवनेश्वरी अनि कुब्जिका, वीरकुब्जिका र वज्रकुब्जिका अनि पञ्चदशी, षोडशी र महाषोडशीको उपदेश हुन्छ अनि षडन्वयशाम्भव भएर पूर्णाभिषेक हुन्छ र तीन पाशुपत र महाषोढान्यासको उपदेश हुन्छ। यसमा कालीकल्पमा चाहिँ भुवनेश्वरी पछि कुब्जिका, वज्रकुब्जिका र अघोरकुब्जिका गरेर चतुरन्वय शाम्भव अनि त्यसपछि सर्वाधिकारदीक्षा लिएर

लघुपूर्णाभिषेक गर्ने पनि चलन छ। अर्थात् यस पक्षमा पश्चिमाम्नायमा समष्टि हुन्छ।

अब माथि द्वितीय पटलमा वर्णन भए झैं आद्याको कुनै एक मन्त्र र "श्यामाङ्गीं" इत्यादि ध्यान त्यसपछि श्यामाको त्र्यक्षरी मन्त्र र उनको "सद्यश्छिन्नशिरः" इत्यादि ध्यान[१६] त्यसपछि दक्षिणाम्नायको सर्वाधिकार निर्वाणदीक्षा अनि एकजटाको सप्ताक्षरी मन्त्र र तिनको "शुक्लाम्बरां" इत्यादि ध्यान त्यसपछि नीलसरस्वतीको चतुर्दशाक्षरी मन्त्र र "शवासनां" इत्यादि ध्यान त्यसपछि महोग्रताराको सार्धपञ्चाक्षरी मन्त्र र "प्रत्यालीढपदां" इत्यादि ध्यान त्यसपछि तृतीय पटलमा वर्णन भए झैं अधराम्नायको सर्वाधिकार निर्वाणदीक्षा त्यसपछि शारदाको ऊर्ध्वाम्नायात्मक एकाक्षरीको उपदेश हुन्छ। तिनको ध्यान यसप्रकारको छ–

"शुक्लां ब्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीं
वीणापुस्तकधारिणीमभयदां जाड्यान्धकारापहाम् ।
हस्ते स्फाटिकमालिकां विदधतीं पद्मासने संस्थितां
वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ॥"

अर्थात्– सेतो वर्णकी, वीणा पुस्तक फट्टिकको जपमाला र अभयमुद्रा धारण गरेकी, पद्मासनमा बसेकी, ब्रह्मविचारको परमसाररूप परमानन्दमा मग्न वाग्देवता शारदाको ध्यान गर्नू।

त्यसपछि वालाको वागादि त्र्यक्षरी र तिनको ध्यान 'रक्ताम्बरां' इत्यादि अथवा वालाको मायादि त्र्यक्षरी र तिनको ध्यान "पाशाङ्कुशौ" इत्यादिको उपदेश हुन्छ। त्यसपछि वालासुन्दरीको चतुर्दशाक्षरी मन्त्र र तिनको ध्यान "तरुणरविसमाभां" इत्यादि अनि वालात्रिपुरसुन्दरीको

१६. "श्यामाको मन्त्रग्रहणपछि दक्षिणकालीको द्वाविंशाक्षरी र तिनको 'करालवदनाम्' इत्यादि ध्यान" यति थप हुनुपर्ने जस्तो देखिन्छ।

षडक्षरी मन्त्र र "अरुणकिरणजालैः" इत्यादि अथवा "बालां बालदिवाकरद्युतिनिभां" इत्यादि ध्यानको उपदेश हुन्छ, त्यसपछि श्रीविद्या हादि कामकूटको उपदेश हुन्छ। तिनको ध्यान यसप्रकारको छ–

"बालार्ककोटिरुचिरां स्फटिकाक्षमालां
कोदण्डमिक्षुजनितं स्मरपञ्चबाणान्[१७]।
विद्यां च हस्तकमलैर्दधतीं त्रिनेत्रां
ध्यायेत्समस्तजननीं नवचन्द्रचूडाम् ॥"

अर्थात्– कोटि बालसूर्यको जस्तो कान्ति भएकी, तीन नेत्र चार हात भएकी हातमा इक्षुधनु र पञ्चबाण तथा अक्षमाला र पुस्तक लिएकी, चन्द्रमाको चाँद लगाएकी, जगज्जननी बालात्रिपुरसुन्दरीको ध्यान गर्नू।

त्यसपछि सिद्धिलक्ष्मीको नवाक्षरी मन्त्र र यिनको ध्यान "खट्वाङ्गाङ्कुश" इत्यादिको उपदेश हुन्छ। अनि सिद्धिकरालीको मन्त्रको र ध्यानको उपदेश हुन्छ। सिद्धिकराली भनेको भरतोपासिता दशवक्त्रा गुह्यकाली हुन् र यिनको ध्यान "ध्यायेद्रक्ताब्धि" इत्यादि हो। त्यसपछि कामकलाकालीको अठार अक्षरको मन्त्र र "ध्यायेत् कामकलाकालीम्" इत्यादि ध्यानको उपदेश हुन्छ।

कामकलाकालीपछि उन्मनीको त्र्यक्षरी मन्त्र र "उद्यद्भास्वत्समाभाम्" इत्यादि ध्यानको र त्यसपछि द्वितीय पटलमा वर्णन भए झैं पूर्णेश्वरीको मन्त्रको उपदेश हुन्छ। कसै कसैको सम्प्रदायमा चाहिँ यहाँ वर्णन भए जस्तो अन्नपूर्णाको कुनै एक मन्त्र ग्रहण गर्ने चलन पनि छ।[१८] अन्नपूर्णाको ध्यान यसप्रकारको छ–

१७. पाण्डुलिपिमा– 'स्मरपञ्चबाणाम्'।

"तप्तस्वर्णनिभा शशाङ्कमुकुटा रत्नप्रभाभासुरा
नानारत्नविभूषिता त्रिनयना भूमीरमाभ्यां युता ।
दर्वीं हाटकभाजनं च दधती रम्योच्चपीनस्तनी
नृत्यन्तं शिवमाकलय्य मुदिता ध्येयाऽन्नपूर्णेश्वरी ॥"

अर्थात्– पगालेको सून जस्तो वर्णकी, मुकुटमा चन्द्रमाको चाँद लगाएकी, रत्नको आभूषणहरूले झलझलाकार भएकी, पृथिवी र लक्ष्मीलाई साथमा राखेकी, तीन नेत्र दुई हात भएकी, एक हातमा डाडू (चम्चा) र अर्को हातमा अन्नपूर्ण सूनको पात्र लिएकी, अघिल्तिर नाच्न लागेका शिवजीलाई देखेर प्रसन्न भएकी अन्नपूर्णा भगवतीको ध्यान गर्नू ।

त्यसपछि भुवनेश्वरीको पञ्चाक्षरीको उपदेश हुन्छ । यिनको ध्यान "भजे भुवनसुन्दरीम्" इत्यादि हो ।

त्यसपछि समयकुब्जिका, वीरकुब्जिका र वज्रकुब्जिकाको माथि पटलमा वर्णन भए झैं ग्रहण गरी श्रीविद्याको वाग्भवकूटको उपदेश हुन्छ । सो कूटको ध्यान यसप्रकारको छ–

"शुक्लां स्वच्छविलेपमाल्यवसनां शीतांशुखण्डोज्ज्वलां
व्याख्यामक्षगुणां सुधाढ्यकलशं विद्यां च हस्ताम्बुजैः ।
बिभ्राणां कमलासनां कुचनतां वाग्देवतां सस्मितां
वन्दे वाग्विभवप्रदां त्रिनयनां सौभाग्यसम्पत्करीम् ॥"

अर्थात्– सेतो वर्णकी, सेतै वेषभूषा धारण गरेकी, चन्द्रमाको चाँद लगाएकी, पद्मासनमा बसेकी, तीन नेत्र चार हात भएकी, हातमा

१८. अन्नपूर्णाको मूलतः प्रणवादि २० अक्षरी र मायादि १७ अक्षरी मन्त्रको उल्लेख ग्रन्थहरूमा पाइन्छ । मेरुतन्त्रानुसार २० अक्षरीको ध्यान 'तप्तकाञ्चनसङ्काशाम्' इत्यादि र १७ अक्षरीको 'रक्तां विचित्रवसनाम्' इत्यादि देखिन्छ । तर पुरश्चर्यार्णव र मेरुतन्त्रमा २० अक्षरी मन्त्रमा वीज फरक देखिन्छ । यहाँ दिइएको ध्यान प्रणवादि २० अक्षरीको हुन सक्छ ।

पुस्तक अक्षमाला अमृतपूर्ण घडा र पुस्तक लिएकी, वाग्देवतास्वरूपिणी महात्रिपुरसुन्दरीको ध्यान गर्नू ।

अव यसपछि यहाँ केही नलेखेको भए तापनि सादिक्रमको प्रतिनिधिरूपमा माथि वर्णन भए झैं दुर्गाको क्रम पूर्ण गरी सादि कूटको उपदेश हुन्छ । सो कूटको ध्यान यसप्रकारको छ-

"कदम्बवनमध्यगां कनकमण्डपान्तःस्थितां
षडम्बुरुहवासिनीममरसिद्धसौदामिनीम् ।
विजृम्भितजपारुचिं विमलचन्द्रचूडामणिं
त्रियम्वककुटुम्बिनीं त्रिपुरसुन्दरीमाश्रये ॥"

अर्थात्– कदमका वनको वीचमा सूनको मण्डपभित्र षड्दलकमलमा विराजमान भएकी, जपापुष्पको जस्तो कान्ति भएकी, चन्द्रमाको चाँद लगाएकी त्रिपुरसुन्दरीको ध्यान गर्नू ।

त्यसपछि पञ्चदशी, लघुषोडशी र महाषोडशीको चतुर्थ पटलमा वर्णन भए झैं उपदेश भई द्वितीय पटलमा वर्णन भए झैं दक्षिणाम्नायको सर्वाधिकार निर्वाणदीक्षा, अधराम्नायको सर्वाधिकार निर्वाणदीक्षा, पूर्वाम्नायको सर्वाधिकार निर्वाणदीक्षा, उत्तराम्नायको सर्वाधिकार निर्वाणदीक्षा, पश्चिमाम्नायको सर्वाधिकार निर्वाणदीक्षा अनि ऊर्ध्वाम्नायको सर्वाधिकार निर्वाणदीक्षा ग्रहण गरी माथि वर्णन भए झैं लघुषोढान्यास (गणेश, ग्रह, नक्षत्र, योगिनी, राशि, पीठ) को उपदेश हुन्छ । त्यसपछि क्रमैसित सहस्रारमा षडन्वयेश्वर महाशाम्भव, मानस आज्ञाचक्रमा परेश्वर शाम्भव, नाभस विशुद्धचक्रमा विच्चेश्वर शाम्भव, वायवीय अनाहतचक्रमा हंसेश्वर शाम्भव, तैजस स्वाधिष्ठानचक्रमा संवर्त शाम्भव, आप्य मणिपूरचक्रमा द्वीपेश्वर शाम्भव तथा पार्थिव मूलाधारचक्रमा नवात्मेश्वर शाम्भवको उपदेश भई पराप्रासाद महाविद्याको उपदेश भई महाषोढान्यासको (प्रपञ्च भुवन मूर्ति मन्त्र

दैवत मातृकारूपको) उपदेश दिई सो गर्न सिकाइन्छ। यसमा महाषोढान्यास गरेर मात्र पराप्रासाद बीज जप्नुपर्दछ। तिनको ध्यान यसप्रकारको छ–

"अमृतार्णवमध्यस्थे मणिद्वीपे सुशोभिते ।
कल्पवृक्षवनान्तःस्थे मणिमाणिक्यमण्डपे ॥
नवरत्नमयश्रीमत्सिंहासनगतेऽम्बुजे ।
त्रिकोणान्तःसमासीनं चन्द्रसूर्यायुतप्रभम् ॥
अर्द्धाम्बिकासमायुक्तं प्रविभक्तविभूषणम् ।
कोटिकन्दर्पलावण्यं सदा षोडशवार्षिकम् ॥
मन्दस्मितमुखाम्भोजं त्रिनेत्रं चन्द्रशेखरम् ।
दिव्याम्बरस्रगालेपं दिव्याभरणभूषितम् ॥
पानपात्रं च चिन्मुद्रां त्रिशूलं पुस्तकं करैः ।
विद्यासंसिद्धि बिभ्राणं सदानन्दमुखेक्षणम् ॥
महाषोढोदिताशेषदेवतागणसेवितम् ।
एवं चित्ताम्बुजे ध्यायेदर्द्धनारीश्वरं शिवम् ॥
पुरुषं वा स्मरेद्देवि स्त्रीरूपं वा विचिन्तयेत् ।
अथवा निष्कलं ध्यायेत्सच्चिदानन्दलक्षणम् ॥
सर्वतेजोमयं देवि सचराचरविग्रहम् ॥"

अर्थात्– अमृतसमुद्रको मध्यवर्ती मणिद्वीपमा कल्पवृक्षको वनभित्र मणिमाणिकहरूको मण्डपमा नवरत्नमय सिंहासनमाथि कमलमा त्रिकोणभित्र विराजमान भएका, लाखौं चन्द्रसूर्यको जस्तो तेज भएका, करोडौं कामदेवको जस्तो लावण्य भएका, सँधै सोह्रवर्षको जस्तो उमेरका, चन्द्रमाको चाँद लगाएका, मुसुमुसु हाँसिरहेका, दिव्य वेषभूषा भएका, तीन नेत्र चार हात भएका, हातमा पानपात्र चिन्मुद्रा

(त्रिशूल)[१९] र पुस्तक धारण गरेका, सदा प्रसन्नवदनका, महाषोढान्यासमा वर्णित देवतागणले सेवा गरिरहेका यस्ता अर्धनारीश्वर वा अर्धनारीश्वरीको ध्यान गर्नू, अथवा सच्चिदानन्दस्वरूप सर्वतः प्रकाशमय निष्कलरूपकै ध्यान गर्नू ।

त्यसपछि पाशुपतत्रयको उपदेश हुन्छ जसको तलको पटलमा वर्णन हुनेछ ।

महाषोढान्यासको महत्त्वको बारेमा कुलार्णवतन्त्रमा यस्तो वचन छ–

"एवं न्यासे कृते देवि साक्षात्परशिवो भवेत् ।
मन्त्री नैवात्र सन्देहो निग्रहानुग्रहे क्षमः ॥
महाषोढाह्वयं न्यासं यः करोति दिने दिने ।
देवाः सर्वे नमस्यन्ति तं नमामि न संशयः ॥
महोषाढाह्वयं न्यासं करोति यत्र पार्वति ।
दिव्यक्षेत्रं समुद्दिष्टं समन्ताद्दशयोजनम् ॥
कृत्वा न्यासमिमं देवि यत्र गच्छति मानवः ।
तत्रस्याद्विजयो लाभः सम्मानः पौरुषं प्रिये ॥
न नमेच्च गुरुं चैव मातरं पितरं तथा ।
षोढान्यासविहीनं यः षोढान्यासयुतो नरः ॥
यः षोढान्यस्तगात्रीस्यात्स पूज्यो योगिभिः सदा ।
षोढासंन्यस्तगात्रीस्यात्स पूज्यो योगिभिः सदा ।
षोढान्यासविहीनाय प्रणमेद् यः स पार्वती ॥
सोऽचिरान्मृत्युमाप्नोति नरकं च प्रपद्यते ।
महाषोढाकृतन्यासस्तेन यो वन्द्यते शिवे ॥

१९. 'कोष्ठको' सम्पादकद्वारा थप ।

षण्मासान्मृत्युमाप्नोति यदि त्राता शिवः स्वयम् ।
वज्रपञ्जरनामानमेतं न्यासं करोति यः ॥
दिव्यन्तरिक्षभूशैलजलारण्यनिवासिनः ।
प्रचण्डभूतवेतालदेवरक्षोग्रहादयः ॥
भयग्रस्तेन मनसा नेक्षन्ते तं कुलेश्वरि ।
महाषोढाकृतन्यासं ब्रह्मविष्णुशिवादयः ॥
देवाः सर्वे नमस्यन्ति ऋषयोऽपि मुनीश्वराः ।
बहुनोक्तेन किं देवि न्यासमेतं मम प्रियम् ॥
नापुत्राय वदेद्देवि नाशिष्याय प्रकाशयेत् ।
आज्ञासिद्धिमवाप्नोति तस्मान्न्यासं समाचरेत् ॥
अस्मात् परतरा विद्या देवताभावसिद्धिदा ।
लोके नास्ति न सन्देहः सत्यं सत्यं वरानने ॥
उर्ध्वाम्नायप्रवेशञ्च पराप्रासादचिन्तनम् ।
महाषोढापरिज्ञानं नाल्पस्य तपसः फलम् ॥"

अर्थात्– यसरी महाषोढान्यास गर्ने साधक निग्रहानुग्रह समर्थ साक्षात् परशिवस्वरूप नै बन्दछ । प्रतिदिन यो न्यास गर्नेलाई सबै देवताले नमस्कार गर्दछन् । हे पार्वती, त्यस्तालाई म पनि नमस्कार गर्दछु । कुनै क्षेत्रमा कसैले महाषोढान्यास गर्दछ भने त्यसको वरिपरि दश योजनसम्मको क्षेत्रलाई दिव्यक्षेत्र भनिन्छ । षोढान्यास गर्ने व्यक्तिको सर्वत्र जयलाभ र सम्मान हुन्छ । षोढान्यासी व्यक्तिले षोढान्यास नगर्ने अरु गुरु, बाबु, आमा कसैलाई पनि नढोग्नू । ढोगे ढोगिने व्यक्ति तुरुन्त मर्दछ, ढोग्ने चाहिँ नरक पर्दछ । यो षोढान्यास छोरा वा चेला बाहेक अरुलाई नबताउनू, यो सानो तपस्याले पाइने कुरा होइन ।

यो प्रासादमन्त्रको विषयमा 'ह' कार आदि भएकोलाई श्रीप्रासाद र 'स' कार आदि भएकोलाई पराप्रासाद भन्दछन्। यी वीजहरू प्रायशः धेरै मन्त्रमा परेका हुन्छन्। त्यसो भए फेरि यसको पृथक् उपदेश किन? भन्ने एउटा प्रश्न उठ्ला। त्यस विषयमा कुरा यस्तो छ–यस मन्त्रमा नाद, बिन्दु र विसर्ग हुन्छ। सो कुरा सर्वविदितै छ। तर यसमा प्रासादीविद्याको उपदेश हुँदा यसको एक सय आठ प्रकारको अर्थ गुरुबाट उपदेश हुन्छ र यो जप्ने तरिका अरु मन्त्र मनन गरी जप्ने भन्दा धेरै फरक हुन्छ। यो तरिका गुरुबाट सिकाइन्छ। यो मन्त्र सिद्ध भएपछि पद्मासनमा बसेर जप्नुपर्दछ , स्वयं नै आसन उठ्दछ। ब्रह्मरन्ध्रको द्वारपनि नरम हुँदै जान्छ।

यति भएपछि नामकरण भई पूर्णाभिषेक र अशक्त भए लघुपूर्णाभिषेकरूप कौलाभिषेक हुन्छ। यो अभिषेकको विषयमा यस पुस्तकको अन्तिम पटलमा वर्णन हुनेछ।

श्रीविद्याको क्रममा भने यतिसम्म हुन्छ। तर कादिक्रममा भने कुब्जिकाको पाँचक्रम सिध्याई ऊर्ध्वाम्नाय बाहेक अरु पाँच आम्नायको सर्वाधिकारदीक्षा र चतुरन्वयशाम्भवको उपदेश भई कुब्जिकाको षोढा र लघुपूर्णाभिषेक हुन्छ।

॥ इति श्रीक्रमदीक्षारहस्ये महाक्रमवर्णनं नाम पञ्चमः पटलः ॥

षष्ठ पटल

अव यस पटलमा पूर्णक्रमको वर्णन गरिन्छ। पूर्णक्रमको वारेमा बृहद्वडवानलतन्त्रमा यस्तो वचन छ–

“पूर्णक्रममहं वक्ष्ये परब्रह्मस्वरूपकम् ।
आद्या श्यामा दक्षिणा च श्रीमदेकजटा तथा ॥
नीला सरस्वती चैव महोग्रा तारिणी ततः ।
शारदा बालात्रिपुरा बालात्रिपुरसुन्दरी ॥
सिद्धिलक्ष्मीः सिद्धिपूर्वा कराली सिद्धिकालिका ।
सिद्धिकापालिनी श्रीमद्गुह्या कामकलात्मिका ॥
उन्मनी चान्नपूर्णा च भुवना भुवनेश्वरी ।
श्रीमद्भुवनपूर्वा च सुन्दरी सर्वसिद्धिदा ॥
महाकाली महालक्ष्मीर्महापूर्वा सरस्वती ।
चामुण्डा कुब्जिका घोरकुब्जिका वीरकुब्जिका ॥
वज्रपूर्वा कुब्जिका च कुब्जिकाऽघोरकुब्जिका ।
पञ्चदशी षोडशी (च गायत्री ब्रह्मरूपिणी ॥
श्रीमहाषोडशी)[२०] पूर्णा शाम्भवञ्च षडन्वयम् ॥
सर्वाधिकाररूपञ्च गायत्री च चतुष्पदी ।
पाशुपतत्रयं चैव महापूर्णाभिषेचनम् ॥
महाषोढाह्वयो न्यासस्ततः सप्तदशाक्षरी ।
साम्राज्यमेधा दीक्षा च केवला मुक्तिदायिनी ॥
वानप्रस्थाश्रमे पश्चाद् महामेधाऽभिधीयते ।
महासाम्राज्यदीक्षाया लोके परतरं न हि ॥
न न्यासं पूजनं तत्र नियमो नापि विद्यते ।
केवलं धारणान्मुक्तिर्मन्त्रोच्चाराच्छिवो भवेत् ॥

२०. कोष्ठको सम्पादकद्वारा थप ।

एवं सङ्केतमात्रं तु कथितं ते मयाधुना ।
गुरुवक्त्राम्बुजादेव तत्सर्वं ज्ञायते बुधैः ॥
तस्मात् सर्वं प्रयत्नेन गोपनीयं त्वया शिवे ॥"

अर्थात्– पूर्णक्रममा पहिले आद्याकाली, श्यामाकाली र दक्षिणकाली अनि एकजटा, नीलसरस्वती र महोग्रतारा अनि शारदा, बालात्रिपुरा र बालात्रिपुरसुन्दरी अनि सिद्धिलक्ष्मी, सिद्धिकराली, सिद्धिकाली, सिद्धिकापालिनी र कामकलागूह्यकाली अनि उन्मनी, अन्नपूर्णा, भुवना, भुवनेश्वरी र भुवनसुन्दरी अनि महाकाली, महालक्ष्मी, महासरस्वती र चामुण्डा अनि कुब्जिका, घोरकुब्जिका, वीरकुब्जिका, वज्रकुब्जिका र अघोरकुब्जिका अनि पञ्चदशी, षोडशी, ब्रह्मस्वरूपिणी गायत्री र महाषोडशी अनि षडन्वयशाम्भव र सर्वाधिकारदीक्षा अनि चतुष्पदा गायत्री र तीनै पाशुपतविद्याको उपदेश भई महापूर्णाभिषेक हुन्छ र त्यसपछि महाषोढान्यास अनि सप्तदशी अनि साम्राज्यमेधादीक्षाको उपदेश हुन्छ। वानप्रस्थाश्रममा पुगेर मात्र महासाम्राज्यमेधादीक्षाको उपदेश हुन्छ। यो भन्दा पछि अर्को ठूलो दीक्षा लोकमा छैन। यसमा अरु न्यास पूजा नियम केही चाहिँदैन केवल यसको धारणा मात्र गरे पुग्छ। यसमा मन्त्रको मननबाट साक्षात् शिवस्वरूप बन्दछ। यो केवल संकेत मात्र हो। यसको विस्तार गुरुमुखबाट मात्र बुझ्नुपर्दछ । यसलाई सर्वथा गुप्त राख्नुपर्दछ ।

अरु क्रममा इच्छा, ज्ञान र क्रिया अर्थात् आद्या विद्या, द्वितीया विद्या र तृतीया विद्या यति तीन विद्यामा मात्र क्रम हुन्छ। यो पूर्णक्रममा भने प्रत्येक आम्नायमा इच्छा, ज्ञान, क्रिया, शान्ता र परा अर्थात् आद्या विद्या, द्वितीया विद्या, तृतीया विद्या, तुरीया विद्या तथा परा विद्या यति पाँच क्रम हुन्छन्। अब यहाँ आद्या, श्यामा, दक्षिणा

भन्नाले आद्याको दुई भेद अर्थात् पहिले आद्याको त्र्यक्षरी अनि आद्याको सप्तदशाक्षरीको उपदेश हुन्छ। न्यास, ध्यान द्वितीय पटलमा बताए झैं एकै हुन्छ। कसै कसैको मतमा पहिले सिद्धिकालीको पञ्चाक्षरीको उपदेश गरी आद्याकालीको सप्तदशाक्षरीको उपदेश गर्ने पनि गर्दछन्। माथिको भन्दा तलकै क्रम धेरै जसोमा प्रचार छ। यिनको भैरव महाकालको रूप पनि द्वितीय पटलमा वर्णन भए जस्तो हो। सिद्धिकालीको न्यास पनि फरक हुन्छ । तिनको ध्यान यसप्रकारको छ–

> "खड्गोद्भिन्नेन्दुबिम्बस्रवदमृतरसाप्लाविताङ्गी त्रिनेत्रा
> सव्ये पाणौ कपालाद् गलदमृतमयं मुक्तकेशी पिबन्ती।
> दिग्वस्त्रा बद्धकाञ्ची मणिमयमुकुटाद्यैर्युता दीप्तजिह्वा
> पायान्नीलोत्पलाभा रविशशिविलसत्कुण्डलालीढपादा ॥"

अर्थात्– चन्द्रविम्वलाई खड्गले गोपेर वा चिरेर त्यसबाट चुहिएको अमृतले अंग लफलफ भिजेकी, दाहिने हातको कपालपात्रबाट वगेको अमृत पान गरिरहेकी, निर्वाङ्ग नाङ्गी, मेखला, मणिमयमुकुट आदि पहिरेकी, झाँक्रो फिँजाएकी, सूर्यचन्द्रको कुण्डल लगाएकी, जल्दो जिभ्रो भएकी, नीलकमल जस्तो वर्णकी, आलीढ मुद्रामा विराजमान भएकी सिद्धिकालीको ध्यान गर्नू।

त्यसपछि श्यामाको पनि दुई भेद अर्थात् त्र्यक्षरी अनि पञ्चाक्षरी हुन्छ। यी दुवैको न्यास ध्यान र महाकालको मन्त्र समेत एकै अर्थात् द्वितीय पटलमा वर्णन भए जस्तो हो।

यसपछि दक्षिणाको वाइस अक्षरको मन्त्र द्वितीय पटलमा वर्णन भए झैं हुन्छ। यसपछि दक्षिणाम्नायात्मक कौलाभिषेक हुन्छ। अनि अधराम्नाय मिश्रित दक्षिणाम्नायात्मक पाँच क्रमको उपदेश हुन्छ। यसमा सर्वप्रथम द्वितीय पटलमा वर्णन भए झैं एकजटाको पञ्चाक्षरी,

अनि नीलसरस्वतीको चतुर्दशाक्षरी अनि उग्रताराको द्वादशाक्षरी मन्त्र हुन्छ। तिनको ध्यान यसप्रकारको छ–

"कृष्णां लम्बोदरीं भीमां नागकुण्डलशोभिताम्।
रक्तमुखीं ललज्जिह्वां रक्ताम्बरधरां कटौ॥
पीनोन्नतस्तनीमुग्रां महानागेन वेष्टिताम्।
शवस्योपरि देवेशि तस्योपरि कपालके॥
नासाग्रध्याननिरतां महाघोरां वरप्रदाम्।
चतुर्भुजां दीर्घकेशीं दक्षिणस्योर्ध्वबाहुना॥
विभ्रतीं नलिनीमेकां वामोर्ध्वे पानपात्रकम्।
वराभयधरां देवीमधस्ताद् दक्षवामयोः॥
पिवन्तीं रौधिरीं धारां पानपात्रे सदाशिवे।
सर्वसिद्धिप्रदां देवीं नित्यां गिरिनिवासिनीम्॥
लोचनत्रयसंयुक्तां नागयज्ञोपवीतिनीम्।
दीर्घनासां दीर्घजिह्वां[२१] दीर्घाङ्गीं दीर्घजिह्विकाम्॥
चन्द्रसूर्याग्निभेदेन त्रिलोचनसमन्विताम्।
शत्रुनाशकरीं देवीं महाभीमां वरप्रदाम्॥
व्याघ्रचर्मशिरोबद्धां जगत्त्रयविभाविताम्।
साधकानां सुखं कर्त्रीं सर्वलोकभयङ्करीम्॥
एवं भूतां महादेवीं तारिणीं प्रणमाम्यहम्॥"

अर्थात्– कालो वर्णकी, पेट झोलिएकी, डरलाग्दी, नागको कुण्डल लगाएकी, रातो मुख भएकी, जिभ्रो हल्लाइरहेकी, कटीमा रातो वस्त्र पहिरेकी, महानागले बेह्रिएकी, शवमाथि रहेर त्यसमाथि खप्परमा दृष्टि दिएर त्यसमा ध्यान दिइरहेकी, तीन नेत्र चार हात भएकी, लामा केश भएकी, हातमा दाहिनेपट्टि माथि कमल देब्रेपट्टि माथि पानपात्र

२१ पुरश्चर्यार्णवमा 'दीर्घजङ्घा' यस्तो पाठ देखिन्छ।

तथा तलतिर दायाँ बायाँ वर र अभयमुद्रा धारण गरेकी, पानपात्रबाट रगतको धारा पान गरिरहेकी, नागको जनै लगाएकी, चन्द्र सूर्य अग्निरूप तीन नेत्र भएकी, लामो नाक, लामो जिभ्रो, लामो अङ्ग भएकी, वाघको छाला बाँधेकी, पर्वतवासिनी ताराको ध्यान गर्नू ।

यति अधराम्नायात्मक पाँच क्रम[२२] भएपछि फेरि यही विद्याको कौलाभिषेक हुन्छ। अनि ऊर्ध्वाम्नायको पाँच क्रममध्येको शारदाको एकाक्षरी मन्त्र र "शुक्लां ब्रह्म" इत्यादि ध्यान, त्यसपछि बालात्रिपुराको मायादि त्र्यक्षरी मन्त्र र तिनको "पाशाङ्कुशौ" इत्यादि ध्यान अनि बालात्रिपुराको वागादि त्र्यक्षरी र तिनको "रक्ताम्बरां" इत्यादि ध्यान, त्यसपछि बालासुन्दरीको चतुर्दशाक्षरी र "तरुणरवि" इत्यादि ध्यानको उपदेश हुन्छ। यति पाँच क्रम[२३] पूर्ण भएपछि ऊर्ध्वाम्नायात्मक कौलाभिषेक हुन्छ। अनि माथि वर्णन भएझैं कामकूटको उपदेश हुन्छ। त्यस पछि उत्तराम्नायको पाँच क्रममध्येको सिद्धिलक्ष्मीको द्वितीय पटलमा वर्णन भए झैं नवाक्षरी मन्त्र र तिनको "खट्वाङ्गाङ्कुश" इत्यादि ध्यान, त्यसपछि सिद्धिपूर्वाकराली भन्नाले सिद्धिकराली अर्थात् द्वितीय पटलमा वर्णन भए झैं भरतोपासिता गुह्यकालीको षोडशाक्षरी, अनि सिद्धिकाली भन्नाले यो उत्तराम्नाय विद्या हुनाले रामोपासिता गुह्यकालीको सप्तदशाक्षरी अनि सिद्धिकपालिनी भन्नाले ब्रह्मोपासिता महागुह्यकालीको सप्तदशाक्षरी मन्त्र र यी तीनैको द्वितीय पटलमा वर्णन भए झैं "ध्यायेद् रक्ताब्धि" इत्यादि एकै ध्यानको उपदेश हुन्छ। त्यसपछि "गुह्या कामकला"

---

२२. यहाँ ताराको पञ्चक्रम भनेता पनि केवल तीन विद्याको मात्र उल्लेख देखिन्छ। श्रीचक्रको उपासनामा वर्णन भएअनुसार ताराको पञ्चक्रम यस्तो छ– तारिणी, एकजटा, नीलसरस्वती, महोग्रतारा, उग्रतारा ।

२३. यहाँ पनि केवल चार क्रम मात्र छ। पञ्चम पटलमा उल्लेख भएको क्रमलाई विचार गर्दा बालासुन्दरीको चतुर्दशाक्षरीपछि बालात्रिपुरसुन्दरीको षडक्षरी र तिनको 'अरुणकिरणजालैः' अथवा 'बालां बालदिवाकर' इत्यादि ध्यानको उपदेश हुनुपर्ने जस्तो देखिन्छ ।

भन्नाले द्वितीय पटलमा वर्णन भए झैं कामकलाकालीको अष्टादशाक्षरी र "ध्यायेत्कामकला" इत्यादि ध्यानको उपदेश भई अनि उत्तराम्नायात्मक कौलाभिषेक हुन्छ ।

त्यसपछि पूर्वाम्नायको पाँच क्रमको उपदेश हुन्छ। सो यसप्रकारको छ–

सर्वप्रथम द्वितीय पटलमा वर्णन भए झैं उन्मनीको त्र्यक्षरी र उनको "उद्यद्भास्वत्समाभां" इत्यादि ध्यान, अनि अन्नपूर्णाको पञ्चम पटलमा वर्णित मन्त्र र ध्यान अथवा द्वितीय पटलमा वर्णन भए झैं पूर्णेश्वरीको मन्त्र र तिनको ध्यान, त्यसपछि 'भुवना' भन्नाले भुवनेश्वरीको पाशादि त्र्यक्षरीको उपदेश हुन्छ। तिनको ध्यान यसप्रकारको छ–

"वराङ्कुशौ पाशमभीतिमुद्रां
करैर्वहन्तीं कमलासनस्थाम् ।
बालार्ककोटिप्रतिमां त्रिनेत्रां
भजेऽहमाद्यां भुवनेश्वरीं ताम् ॥"

अर्थात्– वर, अंकुश, पाश र अभय धारण गरेकी, कमलको आसनमा (पद्मासनमा) बसेकी, कोटि बालसूर्यको जस्तो कान्ति भएकी, त्रिनेत्रा भुवनेश्वरीको ध्यान गर्नू ।

त्यसपछि भुवनेश्वरी भन्नाले वागादि ललिता भुवनेश्वरीको त्र्यक्षरी अथवा श्यामा भुवनेश्वरीको त्र्यक्षरीको उपदेश हुन्छ। ललिता भुवनेश्वरीको ध्यान यसप्रकारको छ–

"सिन्दूरारुणविग्रहां त्रिनयनां माणिक्यमौलिस्फुरत्-
तारानायकशेखरां स्मितमुखीमापीनवक्षोरुहाम् ।
पाणिभ्यामलिपूर्णरत्नचषकं रक्तोत्पलं बिभ्रतीं
सौम्यां रत्नघटस्थसव्यचरणां ध्यायेत् परामम्बिकाम् ॥"

अर्थात्– सिन्दूर जस्तो लालवर्णकी, माथमा चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र दुइ हात भएकी, एउटा हातमा मधुपूर्ण रत्नपात्र र अर्को हातमा लालकमल लिएकी, रत्नको कलशमाथि देब्रे पाउ राखेकी पराम्बाको ध्यान गर्नू ।

श्यामा भुवनेश्वरीको ध्यान यसप्रकारको छ–

"श्यामाङ्गीं शशिशेखरां निजकरैर्दानं च रक्तोत्पलं
रत्नाढ्यं चषकं परं भयहरं संबिभ्रतीं शाश्वतीम् ।
मुक्ताहारलसत्पयोधरनतां नेत्रत्रयोल्लासिनीं
वन्देऽहं सुरपूजितां हरवधूं रक्तारविन्दस्थिताम् ॥"

अर्थात्– श्यामवर्णको अङ्ग भएकी, माथमा चन्द्रमाको चाँद लगाएकी, तीन नेत्र चार हात भएकी, हातमा वरदमुद्रा लालकमल रत्नपात्र र अभयमुद्रा धारण गरेकी, लालकमलमाथि विराजमान भुवनेश्वरीको ध्यान गर्नू ।

त्यसपछि भुवनसुन्दरी भन्नाले द्वितीय पटलमा वर्णन भए झैं पञ्चाक्षरी मन्त्र र उनको "भजे भुवनसुन्दरीम् " इत्यादि ध्यान ग्रहण गरी पूर्वाम्नायात्मक कौलाभिषेक हुन्छ ।

त्यसपछि उपाम्नायको क्रम हुन्छ। जो यसप्रकारको छ– पहिले माथिको पटलमा वर्णन भए जस्तो महाकालीको तीन क्रम, अनि महालक्ष्मीको तीन क्रम अनि महासरस्वतीको तीन क्रमको उपदेश हुन्छ त्यसपछि माथि वर्णन भए झैं चामुण्डा, कात्यायनी र महोग्रचण्डा यति दुर्गाको तीन क्रमको उपदेश हुन्छ। संवरौधिक्रमको प्रतिनिधि यो दुर्गाक्रम पूर्ण भएपछि उपाम्नायात्मक दुर्गात्मक कौलाभिषेक भई सादिकूटको उपदेश हुन्छ ।

यहाँ आम्नाय र उपाम्नायको विषयमा शिवजीका छ मुखबाट छ आम्नाय निस्के, अरु चार उपाम्नाय कहाँबाट निस्के त भन्ने शंका उठ्न सक्दछ। यसमा मुख्य चार आम्नायमध्ये दुई दुई आम्नायको मिश्रणबाट चार उपाम्नाय खडा हुन्छन्। जस्तो कि–

१. उत्तराम्नायको जस्तो बहिर्याग र पूर्वाम्नायको जस्तो अन्तर्याग मिलेर उपासना हुने विद्या ईशानाम्नायात्मक ठहरिन्छ।

२. पूर्वाम्नायको जस्तो बहिर्याग र दक्षिणाम्नायको जस्तो अन्तर्याग मिलेर उपासना हुने विद्या आग्नेयाम्नायात्मक ठहरिन्छ।

३. पश्चिमाम्नायको जस्तो बहिर्याग र उत्तराम्नायको जस्तो अन्तर्याग मिलेर उपासना हुने विद्या वायव्याम्नायात्मक ठहरिन्छ।

४. तर नैर्ऋत्याम्नाय चाहिँ क्षुद्रविद्यात्मक हुनाले र क्षुद्रविद्या मुक्तिमार्गमा उपयोगी नहुनाले त्यसमा अन्तर्याग हुँदैन। यसको क्रिया अर्कै प्रकारको हुन्छ र त्यो हामी मुमुक्षुहरूले थाहा पाउँदैनौं।

त्यसपछि पश्चिमाम्नायको पञ्चक्रम माथि वर्णन भए झैं समयाकुब्जिका, घोरकुब्जिका, वीरकुब्जिका, वज्रकुब्जिका तथा अघोरकुब्जिका यति पाँचक्रमको उपदेश भई पश्चिमाम्नायात्मक कौलाभिषेक हुन्छ।

अनि माथि वर्णन भए झैं श्रीविद्या पञ्चदशी र लघुषोडशीसम्म ग्रहण गरी सावित्रीरूप ब्रह्मगायत्रीको सम्यगाप्ताक्रम ग्रहण हुन्छ। सम्यगाप्ताक्रम भन्नाले द्विजातिलाई त्रिकाल सन्ध्याको क्रम उपनयन मै प्राप्त भएको भए पर्दैन। उपनयनमा प्राप्त नभएको भए गायत्रीको प्रत्येक पादमा आम्नायको मूल मूल विद्याको तीन पाद

जुटाई छ वटै आम्नायात्मक मेधादीक्षाको उपदेश हुन्छ । यसमा छ वटै आम्नायको मेधाध्यान एकै किसिमको निर्गुणात्मक हुन्छ । सो ध्यान यसप्रकारका छन्–

दक्षिणाम्नायमा–

"या क्रियारूपिणी साक्षात्कालं संकलति ध्रुवम् ।
वन्दे निर्वाणरूपां तां श्रीमद्दक्षिणकालिकाम् ॥"

अर्थात्–क्रियारूपिणी, कालसंकलिनी,निर्वाणरूपा दक्षिणकालीको ध्यान गर्नू ।

अधराम्नायमा–

"साक्षाद्बोधस्वरूपा या ज्ञानरूपात्मिका कला ।
या जाड्यं हन्ति तां वन्दे निर्वाणोग्राख्यतारिणीम् ॥"

अर्थात्– साक्षाद् बोधस्वरूपिणी, ज्ञानरूपिणी, जाड्विनाशिनी निर्वाणोग्रताराको ध्यान गर्नू ।

पूर्वाम्नायमा–

"पञ्चभूतात्मिका माया मूलप्रकृतिरूपिणी ।
तन्मात्रारूपिणी या तां वन्दे श्रीभुवनेश्वरीम् ॥"

अर्थात्– पञ्चतत्त्वमयी मायास्वरूपिणी प्रकृतिरूपिणी तन्मात्रारूपिणी भुवनेश्वरीको ध्यान गर्नू ।

उत्तराम्नायमा–

"नादब्रह्मस्वरूपा या ब्रह्मेच्छा या निरञ्जनी ।
तां वन्दे गुह्यकाल्यम्बां सर्वान्ते कालग्रासिनीम् ॥"

अर्थात्– नादब्रह्मस्वरूपिणी, ब्रम्हेच्छारूपिणी, महाप्रलयकालमा काललाई पनि ग्रास गर्ने निरञ्जनी गुह्यकाली आमाको ध्यान गर्नू ।

पशिचमाम्नायमा–

"या महाकुण्डली साक्षाद् या वै चैतन्यरूपिणी ।
तां वन्दे कुब्जिकां दिव्यां जगदाधाररूपिणीम् ॥"

अर्थात्– साक्षात् चैतन्यरूपिणी, महाकुण्डलीस्वरूपिणी, जगदाधाररूपिणी कुब्जिकाको ध्यान गर्नू ।

ऊर्ध्वाम्नायमा–

"प्रकाशश्च विमर्शश्च स्पन्दः सत्ता चितिः क्रिया ।
स्फुरत्तेति समाख्यातां वन्दे त्रिपुरसुन्दरीम् ॥"

अर्थात्– प्रकाश, विमर्श, स्पन्द, सत्ता, चिति, क्रिया र स्फुरत्ता नाम भएकी त्रिपुरसुन्दरीको ध्यान गर्नू ।

अव यहाँ एउटा विचारणीय कुरा छ । त्यो के भने स्त्रीमात्रले शाक्ताभिषेक भएपछि रजगायत्री ग्रहण गर्नुपर्दछ । त्यस्तै शूद्रले शिवगायत्री ग्रहण गर्नुपर्दछ । अब यहाँ स्त्रीशूद्रादिलाई ब्रह्मगायत्रीको अधिकार नहुनाले आ-आफ्नै गायत्रीको तीन पादमा पूर्वोक्त दीक्षाको तीन पाद जुटाई मेधादीक्षा दिइन्छ । त्यसपछि महाषोडशीको उपदेश भई रश्मि सहित षडन्वयशाम्भव अर्थात् ब्रह्मरन्ध्रमा पूर्वोक्तवत् षडन्वयेश्वर महाशाम्भव अनि मानस आज्ञाचक्रमा परेश्वर शाम्भव र परापरानन्दनाथ परेश्वरीपराम्वादि द्वात्रिंशत् रश्मिमिथुनहरू, नाभस विशुद्धचक्रमा विच्चेश्वर शाम्भव र हृदयानन्दनाथ कौलिनीपराम्वादि षट्त्रिंशत् रश्मिमिथुनहरू, वायवीय अनाहतचक्रमा हंसेश्वर शाम्भव र खगेश्वरानन्दनाथ भद्रापराम्वादि सप्तविंशति रश्मिमिथुनहरू,

तैजसात्मक स्वाधिष्ठानचक्रमा संवर्त शाम्भव र परापरानन्दनाथ खेचरीपराम्बादि एकविंशति रश्मिमिथुनहरू, अम्मय मणिपूरचक्रमा द्वीपेश्वर शाम्भव र सद्यानन्दनाथ निवृत्तिपराम्बादि षड्विंशति रश्मिमिथुनहरू अनि पार्थिवचक्र मूलाधारमा (नवात्मेश्वर शाम्भव)[२४] र उड्डेश्वरानन्दनाथ उड्डेश्वरीपराम्बादि अष्टाविंशति रश्मिमिथुनहरूको उपदेश हुन्छ ।

त्यसपछि तिनलाई अर्धनारीश्वरीमा समष्टि गराई महाषोडशीमा समष्टि गराउनुपर्दछ। यो अन्तर्यागको क्रम हो। त्यसपछि वैदिक ब्राह्मणले समस्त वेद पढी वेदमन्त्र अर्थात् परब्रह्मको त्र्यक्षरी मन्त्र ग्रहण नगरेको भए ब्राह्मण समेत सवै द्विजातिले यो त्र्यक्षरी ब्रह्ममन्त्र ग्रहण गर्नुपर्दछ। गायत्रीको भैरव यिनै हुन्। यिनलाई आफूले अघि दीक्षाको क्रम लिंदा इष्टगायत्री पनि अनिवार्य लिनै पर्ने हुनाले सोही प्रत्येक गायत्रीहरूमा अनुप्रवेश गराएर गुरुले वताएको किसिमले अन्तर्याग गर्नुपर्दछ। अनि पछि चतुष्पदी गायत्रीको सन्ध्या समेत गर्नुपर्दछ। शूद्र र स्त्रीहरूलाई भने चतुष्पदी गायत्री र ब्रह्मको त्र्यक्षरी मन्त्रको साटो हंसगायत्रीको उपदेश हुन्छ ।

त्यसपछि माथि बताए झैं छ वटै आम्नायको सर्वाधिकारदीक्षा ग्रहण गर्नुपर्दछ। सर्वाधिकारदीक्षा पछि पाशुपतत्रयको अर्थात् लघुपाशुपत, मध्यमपाशुपत र महापाशुपतको उपदेश हुन्छ। यसमा लघुपाशुपतको मन्त्र सात अक्षरको हुन्छ। यिनको ध्यान यसप्रकारको छ–

"मध्याह्नार्कसमप्रभं शशिधरं भीमाट्टहासोज्ज्वलं
त्र्यक्षं पन्नगभूषणं शिखिशिखाश्मश्रुस्फुरन्मूर्धजम् ।

२४. कोष्ठको सम्पादकद्वारा थप ।

हस्ताब्जैस्त्रिशिखं समुद्‌गरमसिं शक्तिं दधानं विभुं
दंष्ट्राभीमचतुर्मुखं पशुपतिं दिव्यास्त्ररूपं स्मरेत् ॥”

अर्थात्– मध्याह्नका सूर्यको जस्तो तेज भएका, माथमा चन्द्रमा धारण गरेका, डरलाग्दो अट्टहास गर्ने भएका, नागको आभूषण लगाएका, अग्निको ज्वाला जस्तो केश र श्मश्रु भएका, तीन नेत्र चार मुख र चार हात भएका, हातमा त्रिशूल, मुंग्रो, खड्‌ग र शक्ति लिएका, दाह्रा निस्केका, दिव्यास्त्ररूप पशुपतिको ध्यान गर्नू ।

त्यसपछि एकादशाक्षरी मध्यमपाशुपतको उपदेश हुन्छ। मध्यमपाशुपतमा प्रणव अनि सात अक्षरको पाशुपतकूट त्यसपछि नऊ अक्षरको प्रयोग गर्दा एकादशाक्षरी मन्त्र हुन्छ ।

तिनको ध्यान यसप्रकारको छ–

“ध्यायेत् पशुपतिं सम्यङ् मन्त्री चैकाग्रमानसः ।
पञ्चवक्त्रं दशभुजं प्रतिवक्त्रं त्रिलोचनम् ॥
अग्निज्वालानिभश्मश्रुसंयुक्तं भीमदंष्ट्रकम् ।
खड्‌गं वाणमक्षसूत्रं शक्तिं परशुमेव च ॥
दधानं दक्षिणैर्हस्तैरूर्ध्वादिक्रमतो गुरुम् ।
खेटचापौ कुण्डिकाञ्च त्रिशूलं ब्रह्मदण्डयुक् ॥
वामहस्तैश्च बिभ्राणं मध्याह्नार्कसमप्रभम् ।
नानाभरणसंदीप्तं पन्नगेन्द्रैरलङ्कृतम् ॥
स्कटिकौघनिभं शान्तं सर्वरक्षाकरं स्मरेत् ।”

अर्थात्– पाँच मुख दश हात मुखै पिच्छे तीन नेत्र र अग्निको ज्वाला जस्तो दाह्री जुंगा भएका, डरलाग्दो दाह्रा भएका, दाहिनेतिर हातमा माथि देखि क्रमशः खड्‌ग, वाण, रुद्राक्षको माला, शक्ति र बन्चरो एवं देब्रेतिर हातमा त्यसै गरी ढाल, धनु, कुण्डिका (पात्र),

त्रिशूल र ब्रह्मदण्ड धारण गरेका, मध्याह्नका सूर्यको जस्तो तेज भएका, फट्टिक जस्तो सेतो कान्ति भएका, नागराजहरू सहित नाना प्रकारका आभूषणहरू पहिरेका, सबको रक्षा गर्ने शान्तस्वरूप पशुपतिको ध्यान गर्नू ।

अनि अन्त्यमा यही एघार अक्षरको सावित्रीको चारपादमा बीच बीचमा प्रयोग गर्दा महापाशुपत मन्त्र हुन्छ । महापाशुपतको ध्यान यसप्रकारको छ–

"सूर्यकोटिप्रतीकाशं चन्द्रकोटिसुशीतलम् ।
उत्तप्तहेमसङ्काशं त्रिकोणोपरिसंस्थितम् ॥
पूर्वे तप्तसुवर्णाभं शान्तं विष्ण्वात्मकास्यकम् ।
दक्षिणे भैरवास्यं च श्यामं दंष्ट्राङ्कुरान्वितम् ॥
क्षीरकुन्देन्दुधवलं कात्मकं पश्चिमाननम् ।
उत्तरे वदनं गौरं गौरीशङ्कररूपकम् ॥
जटाजूटं चन्द्रचूडं प्रतिवक्त्रं त्रिलोचनम् ।
ऊर्ध्वे ज्योतिर्मयं वक्त्रं शिखाकारं तदन्तरे ॥
श्रीचक्रराजचिह्नन्तु परब्रह्मात्मकं विभुम् ।
नाभौ कालाग्निरुद्राख्यवदनं प्रोज्ज्वलानलम् ॥
पन्नगाभरणोपेतं रुद्राक्षैः समलङ्कृतम् ।
नानारत्नोज्ज्वलाङ्गञ्च मुण्डमालाविभूषणम् ॥
विल्वपत्रमयीमालामापादान्तविलम्बितम् ।
दक्षिणैर्वेददोर्दण्डैरभीतिदानमुत्तमम् ॥
वरदं वामहस्तैश्च चतुर्भिर्दधतं शिवम् ।
एवमष्टभुजं देवं सदा षोडशवार्षिकम् ॥
खगान्तरे शून्यमध्ये शून्यपद्मोपरिस्थितम् ।
श्रीमत्पशुपतिं ध्यायेत् सच्चिदानन्दलक्षणम् ॥"

अर्थात्– करोड सूर्य जस्ता तेजिला र करोड चन्द्रमा जस्ता शीतल भएका, पोलेको सून जस्तो वर्णका, त्रिकोणमाथि विराजमान भएका, छ मुख, मुखै पिच्छे तीन नेत्र र जम्मा आठहात भएका, पूर्वपट्टि पोलेको सून जस्तो (सुनौलो) वर्णको शान्त विष्ण्वात्मक मुख, दक्षिणपट्टि श्यामवर्णको दाह्रा निस्केको भैरवात्मकमुख, पश्चिमपट्टि दूध जस्तो सेतो वर्णको ब्रह्मात्मकमुख, उत्तरपट्टि गोरो वर्णको जटाको जूरो बाँधेको चन्द्रमाको चाँद लगाएको गौरीशङ्करात्मक मुख, माथितिर श्रीचक्रको चिह्न अन्तर्भूत भएको शिखाकार ज्योतिर्मय परब्रह्मात्मक मुख र नाभिस्थलमा जाज्वल्यमान अग्निरूप कालाग्निरुद्रात्मक मुख भएका, नागको आभूषण, रुद्राक्ष, मुण्डमाला, रत्नहरू र वेलपत्रको माला आदि धारण गरेका, सदा सोह्र वर्षको उमेरका, हातमा दाहिनेपट्टि सबै अभयमुद्रा र देब्रेपट्टि सबै वरदमुद्रा धारण गरेका, शून्य आकाशको शून्यकमलमाथि विराजमान सच्चिदानन्दस्वरूप पशुपतिको ध्यान गर्नू ।

त्यसपछि नामकरणको साथ महापूर्णाभिषेक हुन्छ । अनि माथि वर्णन भए झैं लघुषोढान्यास अनि प्रासादीविद्या सहित महाषोढान्यासको उपदेश हुन्छ । त्यसपछि अनाख्यारूप महासप्तदशीको अर्थात् चारकूट र तेह्रवीजयुक्त महासप्तदशीमन्त्रको उपदेश हुन्छ । महासप्तदशीको ध्यान यसप्रकारको हुन्छ–

"अमृतार्णवमध्यस्थं रक्तपद्मं विचिन्तयेत् ।
कर्णिकायां शुभ्रवर्णामानन्दमयवेदिकाम् ॥
ततः काच्युतरुद्रेशखुरकाढ्यं सदाशिव-
फलकान्वितमुद्दीप्तं नानारत्नसमूहकैः ॥
सिंहासनं तदूर्ध्वस्थं षड्दलाम्नायपङ्कजम् ।
तदुपरिस्थितां देवीं तप्तकाञ्चनसन्निभाम् ॥
विकीर्णकुन्तलां नग्नां चन्द्रार्धकृतशेखराम् ।
मन्दस्मितास्यकमलां चन्द्रार्ककुण्डलाननाम् ॥

छिन्नभैरवमुण्डस्रग्धरां तुङ्गकुचद्वयाम् ।
नवयौवनसम्पन्नां चारुदेहां चतुर्भुजाम् ॥
पाशं चैवेक्षुकोदण्डं वामोर्ध्वाधः कराम्बुजाम् ।
अङ्कुशं पञ्चबाणाँश्च दक्षिणोर्ध्वाधतो धृताम् ॥
ऋतुस्नातां स्फुरन्नेत्रां परब्रह्मस्वरूपिणीम् ।
एवं ध्यायेत् परारूपां महात्रिपुरसुन्दरीम् ॥"

अर्थात्– अमृतसमुद्रको मध्यवर्ती लालकमलको गट्टामा सेतो वर्णको आनन्दमयवेदीमाथि ब्रह्मा, विष्णु रुद्र र ईश्वररूप चार खुट्टा र सदाशिवरूप फलेक भएको नाना रत्नहरू जडेको सिंहासनमा षड्दल कमलमाथि विराजमान भएकी, पोलेको सून जस्तो वर्णकी, केश छरिएकी, अर्धचन्द्रको चाँद लगाएकी, नाङ्गी, मुसुमुसु हाँसेकी, चन्द्रसूर्यको कुण्डल लगाएकी, भैरवहरूको मुण्डमाला लगाएकी, नवयौवन अवस्थाकी, तीन नेत्र चार हात भएकी, देब्रे हातमा माथितल पाश र इक्षुधनु, दाहिने हातमा माथितल अङ्कुश र पञ्चवाण धारण गरेकी, ऋतुस्नान गरेकी, परब्रह्मस्वरूपिणी महात्रिपुरसुन्दरी पराम्बाको ध्यान गर्नू ।

यिनी अनाख्या महात्रिपुरसुन्दरी हुन् । अब त्यसपछि अष्टादशीरूप भासा[२५] महात्रिपुरसुन्दरीको छ कूट बाह्वबीजले युक्त भएको अठार अक्षरको मन्त्र हुन्छ । तिनको ध्यान यसप्रकारको छ–

"उदिततपनवर्णा शून्यपद्मासनस्था
वदनदशशतैका चारुचन्द्रावतंसा ।
दशशतकरपादा दिव्यरत्नाभिभूषा
जयतु सकलभासासुन्दरी विश्वरूपा ॥"

२५. पाण्डुलिपिमा– 'अनाख्या' ।

अर्थात्– उदाएका सूर्यको जस्तो वर्ण भएकी, हजार मुख हजार हात र हजार पाउ भएकी, चन्द्रमाको चाँद र दिव्यरत्नहरू लगाएकी, शून्यपद्ममा विराजमान विश्वरूपा भासामहात्रिपुरसुन्दरीको ध्यान गर्नू ।

त्यसपछि साम्राज्यमेधाको क्रम ग्रहण गर्नुपर्दछ। सो क्रम गुरुवक्त्रगम्य हुनाले यहाँ "एवं संङ्केतमात्रं तु कथितं ते मयाधुना" भन्ने बताएको हो। त्यसउसले यस विषयको कुरा अर्को पटलमा वर्णन गर्नेछु ।

॥ इति श्रीक्रमदीक्षारहस्ये पूर्णक्रमवर्णनं नाम षष्ठः पटलः ॥

सप्तम पटल

अब यस पटलमा साम्राज्यमेधाक्रमको वर्णन हुन्छ। यो साम्राज्यमेधाक्रममा सर्वप्रथम कुण्डलीरूप कुब्जिकाविद्या चतुष्टयको उपदेश हुन्छ। ती कुब्जिका-चतुष्टयका नाम यसप्रकारको हुन्छ–

१. जयकुब्जिका २. सिद्धिकुब्जिका

३. भोगकुब्जिका ४. मोक्षकुब्जिका

यिनमा कुब्जिकाको पूर्वोक्त पञ्चरत्नविद्या मिलाएपछि कुब्जिकाको नवरत्नविद्या बन्दछिन्। यी नवरत्नविद्याको ध्यान कसैको मतमा पूर्वोक्त "तरुणरविनिभास्यां" इत्यादि माथि बताए झैं र कसैको मतमा निम्नानुसारको हुन्छ–

"षड्वक्त्रा षट्प्रकारा बहुगुणनिलया वर्वराकेशभारा
नेत्रैरष्टादशैश्च क्रमसुपरिभृता तीव्रवेगाऽतिरौद्री।
ओष्ठैर्लम्बौष्ठशुभ्रैः पशुजनक्षयकृद्दन्तुरा शुद्धदृष्टि-
र्देवी लम्बोदराख्या त्रिभुवननमिता पातु मां षट्प्रकारा॥
दोर्भिः खट्वाङ्गविद्यारिशरजपवटीपाञ्चजन्याँश्च दक्षैः
खड्गादर्शत्रिशूलाङ्कुशमणिगुटिकाचाप वामैर्दधाना।
नीलाङ्गी नृत्यपादा शशिशकलधरा चाष्टनागेन्द्रभूषा
पातु श्रीकुब्जिकाम्वा मदमुदितमुखी वज्रसिंहासनस्था॥"

अर्थात्– छ मुख, अठार नेत्र र बाह्र हात भएकी, नीलो वर्णकी, भुत्ले केश, लामो ओठ र दाह्रे मुख भएकी, पेट झोलिएकी, छ प्रकारकी अर्थात् छ भेदले युक्त भएकी, पाउ नचाएकी, चन्द्रकलाको चाँद लगाएकी, अष्टनागहरूको आभूषण लगाएकी, तीव्र वेग भएकी, हातमा दाहिनेतिर खट्वाङ्ग, पुस्तक, चक्र, वाण, जपमाला र शङ्ख तथा

देब्रेतिर खड्ग, आदर्श, त्रिशूल, अङ्कुश, मणिगुटिका र धनु धारण गरेकी, वज्रसिंहासनमा विराजमान भएकी कुब्जिका भगवतीको ध्यान गर्नू ।

कुब्जिका नवरत्नविद्याको उपदेशपछि सहस्रारको चैतन्यरूपिणी महाषोडशी त्रिपुरसुन्दरीको नवरत्नविद्याको उपदेश हुन्छ । सो नवरत्नविद्यारूप महात्रिपुरसुन्दरीको ध्यान "श्रीविद्यासुन्दरीं साक्षाद्बिन्दोरन्तर्गतां शिवाम्" इत्यादि माथि वर्णन भए झैं एक मुख सोह्र हात भएको हुन्छ ।

यहाँ प्रसंगवस सानो एउटा कुरा वताएर अरु क्रमको वर्णन गर्ने छु । त्यो के भने काल र समय एउटाको पर्याय अर्को जस्तो देखिन्छ तापनि वास्तवमा यी दुई एकदम फरक छन् । यस विषयमा लामो व्याख्या गर्नु भन्दा छोटकरीमै अवगत गराउने चेष्टा गर्दछु । सो के हो भने हाम्रो यहाँ नेपालमा प्रातःकाल हुँदा अमेरिकामा सायंकाल हुन्छ । त्यसउसले यी दुई ठाउँमा काल फरक फरक हुनगयो । तर यहाँ प्रातः र वहाँ सायं हुँदाको समय त एउटै हो । यसउसले यी दुईको भेद स्पष्टै बुझियो । खण्डव्यापक काल र सर्वव्यापक समय हो । जस्तो कालको समष्टिरूप महाकाल र तिनको शक्ति श्यामाकाली आदि कालीहरूको भेद लिइन्छ, त्यस्तै समयको समष्टिरूप महासमय र तिनको शक्ति पञ्चसमया हुन्छ । ती पञ्चसमयाको वर्णन गर्नु भन्दा अघि महासमयरूप महानिर्वाणभैरवको षोडशाक्षरीको उपदेश हुन्छ । तिनको ध्यान यसप्रकारको छ–

"श्वेतरक्तफलाकारं तदूर्ध्वेऽनन्तपत्रकम् ।
कर्णिके दलमध्ये तु ब्रह्मादिपञ्चदेवताः ॥
ब्रह्मा विष्णुश्चेश्वरश्च रुद्रो मध्ये सदाशिवः ।
सदाशिवोर्ध्वं पत्राष्टं पत्रमध्येऽष्टभैरवम् ॥

असिताङ्गो रुरुश्चण्डः क्रोध उन्मत्तभैरवः ।
कपाली भीषणश्चैव संहारभैरवस्तथा ॥
सशक्तिकाँश्च तान् ध्यात्वा कर्णिके चिन्तयेत्ततः ।
शक्त्यायुतं पिङ्गकेशं श्रीमहाभैरवेश्वरम् ॥
तस्य नाभ्युदितं पद्मं षड्दलाम्नायसंस्थितम् ।
मध्ये निर्वाणरुद्रञ्च हंसासनव्यवस्थितम् ॥
रक्तवर्णं महारौद्रात्मानं परमभैरवम् ।
पञ्चवक्त्रं विंशबाहुं नेत्रद्वादशकं प्रिये ॥
अट्टाट्टहासनिरतं तीक्ष्णदंष्ट्रं भयानकम् ।
शुभाङ्गं कुटिलं भीमं प्रदीप्तानललोचनम् ॥
सटाधृतोर्ध्वं रक्ताभं चन्द्रार्धकृतशेखरम् ।
सिंहास्यं मध्यवक्त्रं तु दक्षिणे कोलकृष्णकम् ॥
वामे वृषभवक्त्रन्तु श्वेतवर्णं सुदीपितम् ।
महिषास्यमूर्ध्ववक्त्रं कृष्णाभं कृष्णवर्चसम् ॥
तदूर्ध्वं ज्योतिवक्त्रं तु शिखाकारं विचिन्तयेत् ।
ज्योतिवक्त्रान्तरे सिद्धिकरालीं च विचिन्तयेत् ॥
वक्षे श्रीचक्रचिह्नन्तु कुङ्कुमज्योतिभं ततः ।
अर्द्धचक्रं सिताभं स्यादर्द्धाधः कुङ्कुमं स्मृतम् ॥
नानारत्नविभूषाढ्यं लक्ष्यब्रह्माण्डमालकम् ।
ब्रह्मविष्णुशिवमुण्डस्रगापादान्त(वि)भूषिणम् ॥[२६]
शिवचर्म शिरोदेशे मेखलात्रयसंयुतम् ।
ज्योतिर्ज्वालामयं सर्वं नृत्यमानं विचिन्तयेत् ॥
दक्षे दशभुजे पद्मं वामे दशभुजे तथा ।
दक्षिणाकालिकाद्याश्च दशविद्याः करे स्थिताः ॥
इत्येवं ध्यानमात्रेण साक्षात् परशिवो भवेत् ॥"

---

२६ मन्त्रविद्यारहस्यमा 'ब्रह्मविष्णवीशमुण्डस्रगापादान्तविभूषणम्' यस्तो पाठ देखिन्छ ।

अर्थात्– पहिले आधा सेतो आधा रातो भएको फलाकार बिम्ब वा बिन्दुको चिन्तन गर्नू, अनि त्यसमाथि अनन्तदल कमल, त्यस कमलको कर्णिकामा चारतिर ब्रह्मा, विष्णु, ईश्वर र रुद्र अनि बीचमा माथितिर सदाशिव, अनि सदाशिव (को नाभि) माथि एक एक पत्रमा शक्ति सहितका असिताङ्ग, रुरु आदि अष्टभैरव भएको अष्टदल कमल, अनि त्यस कमलको बीचको गट्टामा शक्ति सहितका कैलो जटा भएका महाभैरवेश्वर, अनि तिनको नाभिबाट निस्केको षडाम्नायरूप दल भएको षड्दल कमल, अनि त्यस कमलको गट्टामाथि हंसासनमा विराजमान भएका रातो वर्णका पाँच मुख, बाह्र नेत्र, बीस हात भएका बीचमा अट्टाट्ट हाँसो गरिरहेको तीखो दाह्रा भएको, बल्दो आगो जस्तो नेत्र भएको, रातो वर्णको ठाडा केशर भएको, चन्द्रमाको चाँद लगाएको सिंहमुख, दाहिनेपट्टि कालो वर्णको वनेलमुख, देब्रेपट्टि सेतो वर्णको साँढेमुख, माथितिर कालो वर्णको राँगोमुख, त्यसमाथि भित्रपट्टि सिद्धिकराली विराजमान भएको शिखाकार ज्योतिर्मुख भएका, छातीभित्र आधा सेतो र आधा रातो वर्णको श्रीचक्रको चिह्न भएका, नानाथरी रत्नहरूका आभूषण लाखौं ब्रह्माण्डको माला र ब्रह्मा विष्णु र शिवका मुण्डहरूको माला तथा तीन मेखला लगाएका, ज्योतिर्ज्वालामय भएर नाचिरहेका दाहिनेपट्टि दश हातमा कमल र देब्रेपट्टि दश हातमा दक्षिणकाली आदि दशमहाविद्या धारण गरेका महानिर्वाणरूपको ध्यान गर्नू।

त्यसपछि पञ्चसमयाको क्रम हुन्छ। ती पञ्चसमया यसप्रकारका छन्–

"श्रीविद्या वगला चैव कालरात्रिस्तथैव च।
जयदुर्गा छिन्नमस्ता समयाः परिकीर्तिताः॥"

अर्थात्– श्रीविद्या, वगला, कालरात्रि, जयदुर्गा र छिन्नमस्ता यी पाँच समयाहरू छन् । यिनैलाई महासमया भन्दछन् ।

अब यी महासमयाको अर्थात् पञ्चसमया प्रत्येकको रूप दर्शाउने चेष्टा गर्दछु ।

वगला समया–

यिनको मन्त्र सात बीजले पुटित दुई कूट भएको षोडशाक्षरी हुन्छ । तिनको ध्यान यसप्रकारको छ–

"अष्टादशैर्भुजवरैः सृणिचापपाशान्
बाणान् गदासिडमरून् फणिखेटके च ।
खट्वाङ्गपात्रनृशिरोगुणमुद्गराणि
पुस्ताक्षवैरिरसनाभयदानदात्रीम् ॥
त्र्यक्षां शशाङ्कमुकुटां धृतमुण्डमालां
सिंहासनोपरिगतां मणिवेदिकायाम् ।
पीतां सुपीतवसनां नवयौवनाढ्यां
संस्तम्भिनीं हि समयां वगलां स्मरामि ॥"

अर्थात्– अठार हात भएकी, हातमा क्रमशः अङ्कुश, धनु, पाश, वाण, गदा ,खड्ग, डमरु, नाग, ढाल, खट्वाङ्ग ,पात्र, नृमुण्ड, सूत्र, मुंग्रो, पुस्तक र अक्षमाला लिएकी, दैत्यको जिभ्रो समातेकी, अभयमुद्रा धारण गरेकी, तीन नेत्र भएकी, चन्द्रमाको चाँदयुक्त मुकुट धारण गरेकी, मुण्डमाला लगाएकी, मणिको वेदीमाथि सिंहासनमा बसेकी, पहेंलो वर्णकी, पीताम्वर धारण गरेकी, भरखरको युवति अवस्थाकी, दुष्टहरूलाई स्तम्भित गराउने वगला समयाको ध्यान गर्नू ।

कालरात्रिसमया–

यिनको मन्त्र छ बीजले पुटित चार कूटात्मिका षोडशाक्षरी हुन्छ । तिनको ध्यान यसप्रकारको हुन्छ–

"एकवेणी जपाकर्णपूरा नग्ना खरास्थिता ।
लम्बोष्ठी कर्णिकाकर्णी तैलाभ्यक्तशरीरिणी ॥
वामपादोल्लसल्लोहालताकण्टकभूषणा ।
वर्धन्मूर्धध्वजा कृष्णा कालरात्रिर्भयङ्करी ॥"

अर्थात्– एउटा चुल्ठो बाटेकी (एक आँठे कपाल बाटेकी), जपापुष्पको कर्णफूल लगाएकी, नाङ्गी, गधामाथि चढेकी, लामो ओठ र ठूलो कान भएकी, जिउभरि तेल घसेकी, देब्रे पाउमा फलामको कल्ली लगाएकी, लहरे काँडा (काँडावाल लहरा) हरूको आभूषण लगाएकी, शिरमा वा चुल्ठोमा ठाडो ध्वजा घुसारेकी, कालो वर्णकी, डरलाग्दी कालरात्रीको ध्यान गर्नू ।

जयदुर्गा समया–

यिनको मन्त्र पाँच बीजले पुटित छ कूटात्मिका षोडशाक्षरी हुन्छ । तिनको ध्यान यसप्रकारको हुन्छ–

"कीलालाभां त्रिनयनां मुण्डमालाविभूषिताम् ।
सप्तवक्त्रामष्टभुजां प्रतिवक्त्रं त्रिलोचनाम् ॥
इन्द्रनीलप्रभमूर्ध्वे तदधो नीलवक्त्रकम् ।
वामे चाकाशवर्णाभं दक्षे च हरितप्रभम् ॥
तद्वामाधः पीतवक्त्रं दक्षे स्वर्णप्रभाननम् ।
मध्ये रक्ताननं दिव्यं यौवनोन्मत्तविग्रहाम् ॥
मुक्तकेशीं महारौद्रीं नानालङ्कारसंयुताम् ।
कमण्डलुं त्रिशूलं च शक्तिं चक्रं तथैव च ॥

दधानां दक्षिणैर्हस्तैर्वामैः पाशं तु भीषणम् ।
वज्रकं नृकपालं च सरसीरुहमद्‌भुतम् ॥
सिंहस्कन्धगतां चेनीखहपीस्वरवेष्टिताम् ।
तेजोरूपां च समयां जयदुर्गां स्मरेद् बुधः ॥"

अर्थात्– रक्तवर्णकी, तीन नेत्र भएकी, मुण्डमाला लगाएकी, सात मुख र आठ हात भएकी, मुखै पिच्छे तीन तीन आँखा भएकी, सबभन्दामाथि इन्द्रनीलमणि जस्तो गाढा नीलो रंगको मुख, त्यसमुनि नीलो मुख, बायाँपट्टि आकाशे रंगको मुख, दाहिनेतिर हरियो रंगको मुख, त्यसमुनि बायाँतिर पहेंलो मुख, दायाँतिर सुनौलो रंगको मुख, अनि बीचमा रक्तवर्णको दिव्य मुख भएकी, जवानीको जोशले मस्त भएकी, केश छोडेकी, अत्यन्त रौद्रस्वरूपकी, नाना प्रकारका आभूषणहरू पहिरेकी, दाहिने हातमा क्रमशः कमण्डलु, त्रिशूल, शक्ति र चक्र एवं देब्रेपट्टि हातमा डरलाग्दो पाश, वज्र, नरमुण्ड र अद्‌भुतको कमल धारण गरेकी, सिंहको काँधमा वसेकी, इन्द्रेणी परे झैं इन्द्रनील आदि सातवर्णको प्रभामण्डलले वरिपरि बेह्रिएकी, तेजोरूपिणी जयदुर्गा समयाको ध्यान गर्नू ।

छिन्नमस्ता समया–

यिनको मन्त्र चारवीजले पुटित आठ कूटात्मिका षोडशाक्षरी हुन्छ । तिनको ध्यान यसप्रकारको हुन्छ–

"स्वनाभौ नीरजं ध्यायेच्छुद्धं विकसितं सितम् ।
तत्पद्मकोशमध्ये तु मण्डलं चण्डरोचिषः ॥
जपाकुसुमसङ्काशं नवबन्धूकसन्निभम् ।
रजःसत्त्वतमोरेखायोनिमण्डलमण्डितम् ॥
मध्ये तु तां महादेवीं सूर्यकोटिसमप्रभाम् ।
छिन्नमस्तां करे वामे धारयन्तीं स्वमस्तकम् ॥

प्रसारितमुखां भीमां लेलिहानोग्रजिह्विकाम् ।
पिबन्तीं रौधिरीं धारां निजकण्ठसमुद्भवाम् ॥
विकीर्णकेशपाशां च नानापुष्पसमन्विताम् ।
दक्षिणे च करे कर्त्रीं मुण्डमालाविभूषिताम् ।
दिव्याम्बरां महाघोरां प्रत्यालीढपदस्थिताम् ।
अस्थिमालाधरां देवीं नागयज्ञोपवीतिनीम् ॥
रतिकामोपविष्टां च सदा ध्यायन्ति मन्त्रिणः ।
सदा षोडशवर्षीयां पीनोन्नतपयोधराम् ॥
विपरीतरतासक्तौ ध्यायेद् रतिमनोभवौ ।
योनिमुद्रासमारूढां विचित्रासनसंस्थिताम् ॥
वर्णिनीडाकिनीयुक्तां वामदक्षिणयोगतः ॥"

अर्थात्– आफ्नो (साधकको) नाभिमा फुलेको एउटा सफा सेतो कमल अनि त्यस कमलको बीचमा (कर्णिकामाथि) सत्त्व, रज र तम तीन गुणको योनिमण्डलाकार रेखाले घेरिएको जपापुष्प र भर्खर फुलेको बन्धूकपुष्प (वाङ्मासे) जस्तो लाल सूर्यमण्डल र त्यसको बीचमा करोडौं सूर्यको जस्तो तेज भएकी, टाउको काटिएकी, बायाँ हातमा त्यही काटिएको आफ्नो टाउको र दायाँ हातमा कर्त्री धारण गरेकी, मुख बाएर डरलाग्दो जिभ्रो चलाउँदै आफ्नै घिच्रोबाट छुटेको रगतको धारा पान गरिरहेकी, केश छोडेकी, नाना प्रकारका फूल र मुण्डमाला लगाएकी, निर्वाङ्ग नाङ्गी, अत्यन्त डरलाग्दी, प्रत्यालीढपदको मुद्रामा रहेकी, कङ्काल हाडको माला लगाएकी, नागको यज्ञोपवीत (जनै) लगाएकी, विपरीतरत गरिरहेका रति र कामदेवमाथि योनिमुद्राको विचित्र आसनमा बसेकी, दायाँ बायाँ डाकिनी र वर्णिनी दुई सहचरी साथ लिएकी, सदा सर्वदा एकनास सोह्र वर्षको उमेरकी, मोटो र उठेको स्तनमण्डल भएकी, यस्ती छिन्नमस्तासमयाको ध्यान गर्नू ।

महानिर्वाणेश्वरी महात्रिपुरसुन्दरी महासमया–

यिनलाई श्रीविद्या महासमया पनि भन्दछन्। यिनको मन्त्र तीन बीजपुटित दश कूट भएको षोडशाक्षरी हुन्छ। तिनको ध्यान यसप्रकारको हुन्छ–

"जपाकुसुमसङ्काशां कोटिमार्तण्डतेजसम्।
वक्त्रैः षोडशभिर्युक्तां विशाललोचनत्रयाम्॥
अष्टाधिकशतैर्हस्तैर्युक्तां त्रिपुरसुन्दरीम्।
ऊर्ध्वं वक्त्रं रक्तवर्णं तदधः श्यामवक्त्रकम्॥
तदधः श्वेतवक्त्रन्तु तदधो हरितप्रभम्।
तद्दक्षे श्वेतवक्त्रन्तु वामे च पीतवक्त्रकम्॥
तदधो रक्तवदनं दक्षे हरितकुङ्कुमे।
वामे लाक्षारसाभञ्च तद्वामे कापिलन्तथा॥
तद्दक्षाधो दाडिमाभं तद्दक्षे नीलश्वेतकम्।
वामे बन्धूकवर्णं च पीतं धूम्रकवर्णकम्॥
मुक्तकेशीं चन्द्रमौलीं शशिमार्तण्डकुण्डलाम्।
देवानां दुर्लभै रत्नैर्विराजितकिरीटिनीम्॥
रक्तवस्त्रपरीधानां ब्रह्मचर्म्मोत्तरीयकाम्।
विष्णुचर्म्मपरीधानां योगपट्टविभूषिताम्॥
मनोहरे कटीदेशे किङ्किणीजालमण्डिताम्।
वैडूर्यमुक्ताहाराद्यैस्तनमध्यविराजिताम्॥
छिन्नैर्भैरवशीर्षैश्च कृतमालातिशोभिताम्।
रक्तपद्ममयीमालामापादान्तावलम्बिनीम्॥
अङ्कुशं पाशबाणाँश्च पिनाकशूलपट्टिशान्।
सिद्धिलक्ष्मीं कुब्जिकां च भुवनेशीं च वारुणीम्॥

वाराहीं ब्राह्मीं नारसिंही चामुण्डां वैष्णवीं तथा ।
भैरवीं छिन्नमस्तां च अर्धनारीश्वरीं तथा ॥
खड्गं शूलं गदां चक्रं पद्मं नीलोत्पलं तथा ।
रक्तोत्पलं त्रिदण्डं च मुशलं चाक्षमालिकाम् ॥
पुस्तकं शरवीं शक्तिं तोमरं हीरवज्रकम् ।
छत्रं ध्वजं भिन्दिपालं कृपाणं कलशं तथा ॥
पताकां तर्जनीं मुण्डं कपालं यमदण्डकम् ।
गरुडं कुक्कुटं गृध्रं शिवां श्वानं षडस्रकम् ॥
दामिनीं सोमगङ्गाञ्च वृक्षं डमरुजाम्बुकौ ।
वरदं धारयन्तीञ्च दक्षहस्तोर्ध्वतः क्रमात् ॥
त्रिपुरां दक्षिणाकालीमुग्रतारामुमान्तथा ।
ऐन्द्रीं माहेश्वरीं लक्ष्मीं कौमारीमुग्रचण्डिकाम् ॥
ब्रह्मविष्णुशिवानग्निं भैरवं शारदां तथा ।
शार्दूलकेशरीब्याघ्रान् सिंहमर्कटहस्तिकान् ॥
कुठारं चर्म खट्वाङ्गं पर्वतं शवमत्स्यकम् ।
श्मशानं तक्षकं काकं मकरञ्च शिलां तथा ॥
शङ्खमुद्गरवीणाश्च खेटकं मांसखण्डकम् ।
चैत्यं सरस्वतीं सिन्धुं मार्जारं गृहकच्छपम् ॥
मातुलुङ्गं तुरंगञ्च सूर्यमष्टास्रघण्टिकाम् ।
स्रुक्स्रुवौ सुमुखीं देवीं मयूरं गाञ्च माहिषम् ॥
अभयं वामतो हस्तैर्धारयन्तीञ्च सुन्दरीम् ।
आनन्दभैरवं देवं श्मशानोर्ध्वे कृतासनम् ॥
श्मशानाधो रक्तपद्मं शून्यपद्मं विचिन्तयेत् ।
सदाशिवस्य नाभिस्थपद्मनालामृतोत्थितम् ॥
ततः सिंहासनं दिव्यमर्घ्यरत्नादिभिर्युतम् ।
ब्रह्मा विष्णुश्च रुद्रश्च ईश्वरश्च सदाशिवः ॥

एतत्प्रेतासनाद् बाह्ये दिक्पालादिभिरास्थिताम् ।
खगान्तरे शून्यमध्ये ज्वालाव्याप्तदिगम्बरे ॥
तदन्तरे स्थितां देवीं ध्यात्वा मोक्षमवाप्नुयात् ॥"

अर्थात्– जपाकुसुम झैं लालवर्ण भएकी, सोह्र मुख भएकी, ठूला ठूला आँखा भएकी, करोडौं सूर्यको झैं तेज भएकी, एकसय आठ बाहुली भएकी, सबभन्दा माथि रातो, त्यसमुनि श्याम वर्णको र त्यसमुनि सेतो वर्णको मुख, त्यसभन्दा मुनि बीचमा हरियो, दाहिनेतिर सेतो, बायाँतिर पहँलो, अनि त्यसभन्दा मुनि बीचमा रातो, दायाँपट्टि हरियो, त्यसको दायाँ रोरीवर्णको, माझको मुखभन्दा बायाँपट्टि लाहाको रंगको, त्यसको बायाँपट्टि कैलो, अनि फेरि तल्लो पंक्तिको दाहिनेतिर दाडिमफूलको रंगको, त्यसको बायाँपट्टि केही नीलो प्रभा भएको सेतो रंगको, ती दुई मुखदेखि वायाँ अर्थात् माझमा वन्धूकपुष्प झैं रातो वर्णको, त्यसभन्दा बायाँ पहेंलो र त्यसभन्दा बायाँ ध्वाँसे रंगको मुखहरू भएकी, कपाल छोडेकी, माथमा चन्द्रमा पहिरेकी, चन्द्रमा र सूर्यको कुण्डल लगाएकी, देवताहरूलाई पनि पाउन दुर्लभ हुने रत्नहरू जडिएको किरीट पहिरेकी, रातो पोशाक पहिरेकी, ब्रह्माको छाला ओढेकी, विष्णुको छालाको कम्मरपेटी पहिरेकी, योगपट्टरूप चप्रास पहिरेकी, खूव राम्रो कटीमा घुंघुराको जालो पहिरेकी, लहसुनी र मोतीको हार स्तनको बीचमा पहिरेकी, भैरवहरूको मुण्डमाला लगाएकी, निम्नलिखित देवता र आयुधहरू बाहुलीमा धारण गरेकी, श्मशानमाथि रहेका आनन्दभैरवमाथि उभिएकी, सो श्मशानमुनि रातो कमल, त्यसमुनि शून्य कमल, त्यसभन्दा मुनि सदाशिवको नाभिबाट निस्किएको कमलको डाँठ, त्यसमुनि लम्पसार भएर सुतेका सदाशिवरूप फल्याक भएको मूल्यवान रत्न जडिएको दिव्य सिंहासन, सो सिंहासनको चार खुट्टारूप ब्रह्मा, विष्णु, रुद्र र महेश्वर, त्यस पञ्चप्रेतरूप सिंहासनदेखि बाहिर दश दिशातिर दश दिक्पालहरू रहेका,

सबै महाकाशमा शून्यको बीचमा जताततै ज्वालाले व्याप्त भएकी महासमयारूपा महानिर्वाणत्रिपुरसुन्दरीको रूप झल्कन्छ ।

उनको दायाँ बाहुलीका हतियारहरू यसप्रकारका छन्–

१. अङ्कुश २. पाश ३. बाण ४. पिनाकधनु ५. शूल ६. पट्टिश ७. सिद्धिलक्ष्मी ८. कुब्जिका ९. भुवनेश्वरी १०. वारुणी ११. ब्राह्मी १२. वाराही १३. नारसिंही १४. चामुण्डा १५. वैष्णवी १६. भैरवी १७. छिन्नमस्ता १८. अर्द्धनारीश्वरी १९. खड्ग २०. शूल[२७] २१. गदा २२. चक्र २३. नीलकमल २४. रक्तकमल २५. त्रिदण्ड २६. मुशल २७. अक्षमाला २८. पुस्तक २९. सरवी ३०. शक्ति ३१. तोमर ३२. हीराको वज्र ३३. छाता ३४. ध्वजा ३५. भिन्दिपाल ३६. कृपाण ३७. कलश ३८. पताका ३९. तर्जनी ४०. मुण्ड ४१. कपाल ४२. यमदण्ड ४३. गरुड ४४. कुखुरा ४५. गिद्ध ४६. श्याल ४७. कुकुर ४८. षडस्र ४९. विजुली ५०. सोमगङ्गा ५१. रुख ५२. डमरु ५३. जामुनाको फूल ५४. वरमुद्रा ।

बायाँ बाहुलीमा रहेका हतियारहरू यसप्रकारका छन्–

१. त्रिपुरा २. दक्षिणकाली ३. उग्रतारा ४. उमा ५. इन्द्राणी ६. माहेश्वरी ७. लक्ष्मी ८. कौमारी ९. उग्रचण्डा १०. ब्रह्मा ११. विष्णु १२. शिव १३. अग्नि १४. भैरव १५. शारदा १६. चितुवा १७. केशरी १८. बाघ १९. सिंह २०. बाँदर २१. हात्ती २२. कुठार २३. ढाल २४. खट्वाङ्ग २५. पर्वत २६. शव २७. माछा २८. श्मशान २९. तक्षकनाग ३०. काग ३१. ग्राह ३२. ढुंगा ३३. शङ्ख ३४. मुद्गर ३५. वीणा

---

२७. मन्त्रविद्यारहस्यमा 'त्रिशूल' यस्तो पाठ देखिन्छ ।

३६. खेटक ३७. मासुको टुक्रा ३८. चैत्य ३९. सरस्वती नदी ४०. सिन्धु ४१. बिरालो ४२. घर ४३. कछुवा ४४. बिमिरो ४५. घोडा ४६. सूर्य ४७. अष्टास्र ४८. घण्टा ४९. स्रुक् र स्रुव ५०. सुमुखी देवी ५१. मुजुर ५२. गाई ५३. राँगो ५४. अभय।

त्यसपछि अब अर्को एउटा बुझ्नुपर्ने कुरा छ। त्यो के हो भने महाप्रलयमा समयको पनि नाश हुन्छ। तसर्थ समया पनि नरहने नै भयो। तर जो अविनाशी हो त्यो नित्य हो। त्यसको सत्ता महानित्या हो। सो महानित्या अवस्था भेदले आद्या, द्वितीया, तृतीया, तुरीया र तुरीयातीता पाँच प्रकारका हुन्छन्।

साम्राज्यमेधादीक्षामा यिनको क्रम हुन्छ। सो यसप्रकारको हुन्छ–

आद्या महानित्या–

यिनको मन्त्र दुई वीज पुटित बाह्र कूटात्मक षोडशाक्षरी हुन्छ। तिनको ध्यान यसप्रकारको हुन्छ–

"लक्षब्रह्माण्डलोमस्थां हस्तपादसहस्रकाम्।
सहस्रशीर्षसंयुक्तां ध्यात्वा ब्रह्मपदं लभेत्॥"

अर्थात्– हजारौं मुख भएकी, हजारौं हात खुट्टा भएकी, रौं मा लाखौं ब्रह्माण्ड धारण गरेकी परदेवता स्वरूप झल्कन्छ। यहाँ हजारौं र लाखौं भन्नाले अनन्त भन्ने बुझिन्छ।

द्वितीया महानित्या–

यिनको मन्त्र एउटा वीजले पुटित चौध कूट भएको षोडशाक्षरी हो। तिनको ध्यान यस्तो हुन्छ–

"निर्लेपां निर्विकल्पां परगगनगतां निष्कलां ज्योतिपुञ्जाम्,
अद्वैतां निष्कलाढ्यामतिपरमचिदानन्दनन्दामनिच्छाम्।

सर्वान्तः साक्षिभूतां त्रिगुणतरतमां मन्त्रवाक्यैकगम्यां
धर्माधर्मादिशून्यां विधिहरिगिरिशैः सेवितां ब्रह्मज्योतिम् ॥"

अर्थात्– निर्लेप, विकल्परहित, पर आकाशमा रहेकी निष्कल ज्योतिपुञ्जस्वरूप, अद्वैत, इच्छाशून्य अति परमचिदानन्दले आनन्दित, सारा प्राणीको अन्तस्करणमा साक्षीरूपले रहेकी त्रिगुणको तारतम्यरूप, मन्त्रवाक्यबाट मात्र जानिने, धर्माधर्म आदि रहित, ब्रह्मा विष्णु महादेवहरूले उपासना गरिएको ब्रह्मज्योतिस्वरूप द्वितीया महानित्याको ध्यान गर्नू ।

तृतीया महानित्या–

यिनको मन्त्र षोडशकूटात्मिका विद्या हुन्छ। यिनको ध्यान यसप्रकारको हुन्छ–

"शून्यमध्यस्थितां शून्यां नित्यां दिव्यां परात्पराम् ।
मनोवाग्गोचरागम्यां ज्ञात्वा तद्रूपतां व्रजेत् ॥"

अर्थात्– नित्य, दिव्य, परभन्दा पनि पर रहेकी, मन र वचनबाट जान्न नसकिने, शून्यको बीचमा रहेकी, शून्य बिन्दुस्वरूपकी तृतीया महानित्याको ध्यान गर्नू ।

तुरीया महानित्या–

तृतीया महानित्यापछि तुरीया महानित्याको क्रम आउँछ। यिनलाई लघुसाम्राज्यमेधा भन्दछन् । यिनको मन्त्र अलेखनी विद्या हो। सो सातवटा दिव्यकूटात्मिका हुन्छ। यिनको ध्यान पनि गुरुमुखबाट बुझेको अनुभवगम्य हुन्छ। गृहस्थाश्रममा पाइने पराकाष्ठा यति सम्म हो ।

तुरीयातीता महानित्या–

यी तुरीयातीता महाविद्यालाई महसाम्राज्यमेधा भन्दछन्। सो पनि अलेखनी नै हुन्छ। तर सो कस्तो हुन्छ र के हुन्छ भन्ने बारेमा मेरो अधिकारदेखि वाहिर भएकोले मैले जानेको छैन ।

यी सवै क्रमहरूको वाह्य र आन्तर दुवै किसिमबाट उपासना गर्नुपर्दछ। त्यसको सवै क्रियाहरू गुरुवाटै सिक्नुपर्दछ। विना अभ्यासले केवल मन्त्र मात्रै सुन्नु सुगा पढाई हुनेछ ।

अब कलियुगमा सवै किसिमको क्रम दिनसक्ने गुरु पाउन मुस्किलै हुनाले निम्नलिखित उक्ति शिवले बताएका छन्–

“तत्त्वं परतरं दिव्यमशक्तानां कलौ युगे ।
षडाम्नायप्रबोधाय कथयामि लघुक्रमम् ॥
यदि दैववशात् कश्चित् पूर्णक्रमं न लभ्यते ।
तदा महाक्रमं कुर्यात् परब्रह्मेच्छुना शिवे ॥
कलौ दैववशाद् देवि सुगुरुश्चेन्न लभ्यते ।
तदा सूक्ष्मप्रकाराख्यं लघुक्रमं समाचरेत् ॥
लघुक्रमे गुह्यकाली भुवना कुब्जिका तथा ।
दक्षिणाकालिका तारा श्रीविद्या परमेश्वरी ॥
चामुण्डाया नवार्णञ्च सर्वदीक्षाप्रदीपनम् ।
एकैकमन्त्रसंयुक्तः कुर्यात्कौलाभिषेचनम् ॥
स्वगुरुक्रममार्गेण शाम्भवञ्च समाश्रयेत् ॥”

अर्थात्– यथार्थ षडाम्नायज्ञ हुनलाई पूर्णक्रम नै लिनुपर्दछ। सो क्रम पाइएन भने महाक्रम लिनुपर्दछ । त्यो पनि पाइएन भने षडाम्नायको मध्यकक्षको मन्त्रहरूको सम्म अधिकार प्राप्तिको लागि लघुक्रम गर्नुपर्दछ। सो क्रम गर्नको लागि कुनै न कुनै आम्नायको

सर्वाधिकार त हुनै पर्दछ। अर्थात् कुनै न कुनै आम्नायको माथि द्वितीय पटलमा बताए झैं विद्याक्रम गर्नुपर्दछ। अब सो लघुक्रमको विषयमा दिग्दर्शन गर्ने चेष्टा गर्दछु।

१. पूर्वाम्नायमा सर्वाधिकार भएकाका लागि इष्टदेवता त भुवनेश्वरी नै ठहर्छिन्। क्रम यस किसिमको हुन्छ–

गुह्यकालीको माथि बताएको त्र्यक्षरीहरूमध्ये कुनै एक अथवा सिद्धिलक्ष्मी नवाक्षरीको उपदेश भई उत्तराम्नायको मध्यमाधिकार हुन्छ। अनि पूर्वाम्नायको त सर्वाधिकारी नै भएकै छ। पश्चिमाम्नायको सिद्धिकुब्जिका नवाक्षरी मन्त्र र "वृषभे संस्थितं देवं" इत्यादि पूर्वोक्त ध्यान अथवा "तरुणरविनिभास्याम्" इत्यादि ध्यान गरिन्छ। अनि दक्षिणाम्नायमा आद्याकालीको त्र्यक्षरी अथवा श्यामाकालीको त्र्यक्षरी अनि अधराम्नाय मिश्रित दक्षिणाम्नायको ताराको त्र्यक्षरी र तिनको "प्रत्यालीढपदा" इत्यादि पूर्वोक्त ध्यान हुन्छ। ऊर्ध्वाम्नायमा बालाको वागादि त्र्यक्षरी अथवा मायादि त्र्यक्षरी यति छ आम्नायको मन्त्र ग्रहण गरी सबै मन्त्रहरूको संदीपन गर्नको लागि अर्थात् शापादिमोचन र मन्त्र जाग्रत गराउनको लागि चण्डीको नवार्णमन्त्र ग्रहण गराई लघुपूर्णाभिषेक गराइन्छ। अन्तर्यागको लागि पूर्वाम्नायको सर्वाधिकार हुँदाखेरिको शाम्भव नै गर्नुपर्दछ।

२. दक्षिणाम्नायमा सर्वाधिकार भएकाका लागि पहिले उत्तराम्नायमा माथि बताए झैं गुह्यकालीको त्र्यक्षरीमा कुनै एक अथवा सिद्धिलक्ष्मीको नवाक्षरी, (पूर्वाम्नायमा) भुवनेश्वरीको एकाक्षरी र त्र्यक्षरीमा कुनै एक, पश्चिमाम्नायमा सिद्धिकुब्जिका नवाक्षरी, दक्षिणाम्नायको सर्वाधिकार नै भइहाल्यो, अधराम्नाय मिश्रित दक्षिणाम्नायमा महोग्रताराको सार्द्ध पञ्चाक्षरी, ऊर्ध्वाम्नायमा बालाको

वागादि त्र्यक्षरी अथवा मायादि त्र्यक्षरी अनि संदीपनको लागि पूर्ववत् महानवार्णको उपदेश भई लघुपूर्णाभिषेक हुन्छ ।

३. ऊर्ध्वाम्नायमा सर्वाधिकार भएकाको त कि पूर्णक्रम कि लघुक्रम[२८] हुनै पर्दछ । त्यसो नहुनेहरूका लागि केवल बालाविद्यालाई नै इष्ट सम्झेर ऊर्ध्वाम्नायमा बस्नेहरूको लागि उत्तराम्नायमा सिद्धिलक्ष्मीको नवाक्षरी, पूर्वाम्नायमा भुवनेश्वरीको त्र्यक्षरीमा कुनै एक, पश्चिमाम्नायमा समयाकुब्जिकाको द्वात्रिंशाक्षरी, दक्षिणाम्नायको नवाक्षरी कसै कसैको मतमा द्वाविंशाक्षरी पनि दिन्छन्, दक्षिणाम्नाय मिश्रित अधराम्नायको सार्धपञ्चाक्षरी, ऊर्ध्वाम्नायको बालात्रिपुरा, बालासुन्दरी अनि बालात्रिपुरसुन्दरीको उपदेश भई सन्दीपनको लागि महानवार्ण भई कौलाभिषेक हुन्छ । शाम्भव त परेश्वर शाम्भव नै हुन्छ ।

४. उत्तराम्नायमा सर्वाधिकार हुनेहरूको लागि उत्तराम्नायमा सर्वाधिकार नै भयो, त्यसपछि (पूर्वाम्नायमा) भुवनेश्वरीको त्र्यक्षरीमा कुनै एक, पश्चिमाम्नायको समयकुब्जिका, दक्षिणाम्नायमा दक्षिणकालीको द्वाविंशाक्षरी, अधराम्नाय मिश्रित दक्षिणाम्नायमा महोग्रताराको सार्धपञ्चाक्षरी, ऊर्ध्वाम्नायमा त्रिकूटा पञ्चदशी, अनि सन्दीपनको लागि महानवार्णको उपदेश भई लघुपूर्णाभिषेक हुन्छ । शाम्भव त उत्तराम्नायकै भइगयो । कसै कसैको मतमा रश्मिहीन षडन्वयशाम्भव पनि गर्ने गर्दछन् ।

५. पश्चिमाम्नायको सर्वाधिकार भएकाहरूको लागि सर्वप्रथम उत्तराम्नायमा भरतोपासिता गुह्यकाली, पूर्वाम्नायमा भुवनेश्वरीको त्र्यक्षरीमध्ये कुनै एक, पश्चिमाम्नायमा त सर्वाधिकार नै भइगयो, त्यसमा थप महोग्रचण्डाको द्वात्रिंशाक्षरी मन्त्र पनि ग्रहण गरिन्छ ।

---

[२८] महाक्रम ?

दक्षिणाम्नायमा दक्षिणकालीको द्वाविंशाक्षरी, त्यसपछि अधराम्नाय मिश्रित दक्षिणाम्नायमा महोग्रताराको सार्धपञ्चाक्षरी, अनि ऊर्ध्वाम्नायमा त्रिकूटा पञ्चदशी, अनि सन्दीपनको लागि महानवार्णको उपदेश भई लघुपूर्णाभिषेक हुन्छ। शाम्भवको हकमा चतुरन्वयशाम्भव त अघि भएकै हुन्छ। त्यसमा दुई अन्वय थपी रश्मिहीन षडन्वयशाम्भव हुन्छ। समर्थ हुनेहरूले माथि महाक्रमको पटलमा वताए भैं पूर्णक्रम लिएर पश्चिमाम्नायमै पनि वस्दछन्।

हाम्रो नेपालमा प्रायश: नेवारहरूको आगममा पश्चिमाम्नाय नै प्रचलित भएको वुभिन्छ। भक्तपुरमा भने एक दुई ठाउँमा ऊर्ध्वाम्नाय पनि भए जस्तो लाग्दछ। यो मेरो अनुमानको मात्रै कुरो हो, अर्काको परम्परा यथार्थ वुभ्न सकिंदैन।

तर हाम्रो नेपालभरको सम्प्रदाय गौड सम्प्रदाय हो। हामी कार्तिककृष्ण औंसीमा कालीपूजा नगरी लक्ष्मीपूजा गर्ने परम्पराका हुनाले हामी सबै श्रीकल्पानुयायी हौं। तर जे होस् हाम्रो नेपाल खास तान्त्रिक मुलुक हो। यहाँ हरेक पीठको आ-आफ्नो आगम बेग्ला बेग्लै छ। सोही आगमहरूमा श्री ५ महाराजाधिराजका शुभनामबाट प्रतिदिन संकल्प भई पूजा हुने हुनाले यो एक मात्र हिन्दूराज्य कसैको अधीनमा नपरी स्वतन्त्र रहेको छ। यो नेपालको तन्त्रकै प्रभाव हो भन्ने मलाई निश्चय छ।

॥ इति श्रीक्रमदीक्षारहस्ये साम्राज्यक्रमवर्णनं तथा लघुक्रमवर्णनं नाम सप्तमः पटलः ॥

इति श्रीक्रमदीक्षारहस्यं सम्पूर्ण शुभम्।

23604
23706

महेन्द्र-संस्कृत-विश्वविद्यालयका महत्त्वपूर्ण प्रकाशनहरू

	पुस्तक	लेखक/सम्पादक/अनुवादक/टीकाकार/टिप्पणीकार	मूल्य
१.	स्कन्दपुराणस्य अम्बिकाखण्डः	सं. पं. कृष्णप्रसाद भट्टराई	१२५/-
२.	कालचक्रान्तर्गतो ज्योतिषभागः	सं. प्रा. श्रीनयराज पन्त आदि	५०/-
३.	रामराज्यम्	ले. पूर्णप्रसाद ब्राह्मण	[illegible]
४.	जनकदर्शनम्	ले. डा. स्वामी रामानन्दगिरि	[illegible]
५.	पदार्थीयदिव्यचक्षुः	ले. सुमति उमापति, सं. प्रा. श्रीरामेश्वर शर्मा	[illegible]
६.	श्रीस्वर्गद्वारी-महाप्रभुचरित्र	ले. श्री दुर्गादत्त पौड्याल	[illegible]
७.	संस्कृतविद्वत्सम्मेलनसंस्मरणग्रन्थः	सं. प्रा. श्रीशिवहरि मरहट्टा आदि	[illegible]
८.	संस्कृतशिक्षणाभ्यासः (प्रथमभागः)	ले. प्रा. श्रीनीलमणि ढुङ्गाना	[illegible]
९.	संस्कृतशिक्षणाभ्यासः (द्वितीयभागः)	ले. प्रा. श्रीनीलमणि ढुङ्गाना	[illegible]
१०.	आशौच-विवेचन	ले. प्रा. डा. रामचन्द्र गौतम	[illegible]
११.	गण्डकीगौरवम्	ले. पं. उमानाथ पन्थी	३[illegible]
१२.	श्रीरामचरितामृतम्	ले. पं. दधिराम मरासिनि	५०[illegible]
१३.	साहित्यप्रवेशिका	ले. प्रा. श्रीतीर्थराज सुवेदी आदि	५०/-
१४.	व्याकरणप्रवेशिका	ले. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
१५.	श्री ५ वीरेन्द्र ग.आ.र.म. स्मारिका	सं. प्रा. श्रीस्थानेश्वर गौतम आदि	१००/-
१६.	कर्मकाण्डभास्करः	ले. पं. दधिराम मरासिनि	२१५/-
१७.	संस्कृत-नेपालीशब्दकोशः	ले. पं. कुलचन्द्र गौतम	२६५/-
१८.	तन्त्रचिन्तामणिः (पूर्वभागः)	ले. नवमी सिंह	२९०/-
१९.	नेपाली कविता र ध्वनि सिद्धान्त	ले. प्रा. अम्बिकाप्रसाद अधिकारी	४०/-
२०.	स्थानीय जडिबुटीद्वारा स्वास्थ्य रक्षा	ले. डा. श्याममणि अधिकारी	१२५/-
२१.	गोरखादरबार क्षेत्रको सांस्कृतिकपक्ष	ले. लोकप्रसाद शर्मा भट्टराई	२८५/-
२२.	ब्रह्मसूत्रशाङ्करभाष्यम्- समन्वयाध्यायः नेपालीभाषानुवादसहितः	भाष्यकार-शङ्कराचार्य, अनुवादक पं. मीन-प्रसाद नेपाल	४१५/-
२३.	हरिकेलिनवनीतम्, मञ्जुबोधिनीटीका-विलसितम्	ले. वंशमणिशर्मा टीकाकार- डा. वेणीमाधव ढकाल	६८/-
२४.	गण्डकीमाहात्म्यम्	अनुवादक- डा. टीकाराम अधिकारी	९५/-
२५.	संस्कृतरचनाप्रकाशः - १	ले. प्रा. श्री नीलमणि ढुङ्गाना आदि	८६/-
२६.	सुन्दरचरितनाटकम्, यशोदाभिधया संस्कृतटीकयाऽलङ्कृतम्	ले. छविलाल सूरि टीकाकार- प्रा. नीलमणि ढुङ्गाना	९५/-
२७.	नेपालभारतसम्बन्धसंस्कृतविद्वद्गोष्ठी स्मारिका	सं. प्रा. श्री तीर्थराजसुवेदी आदि	१५५/-
२८.	अन्त्यकर्मपद्धतिः (नेपालीभाषाटिप्पणीसहिता)	ले. पं. दधिराममरासिनि टिप्पणीकार - श्रीऋषिरामशर्मा घिमिरे	
२९.	पं कुलचन्द्र गौतम र उनको साहित्य साधना	ले. डा. टीकाराम अधिकारी	
३०.	श्राद्धविधिः	सं. श्रीऋषिरामशर्मा घिमिरे, पं. कुलचन्द्र सुवेदी	
३१.	विवाहपद्धतिः	सं. श्रीऋषिरामशर्मा घिमिरे	
३२.	सौश्रुतनिघण्टुः	सं. डा. काशीराजशर्मा सुवेदी, डा. नरेन्द्रनाथ तिवारी	
३३.	श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य	ले. रथी धनशम्शेर ज.ब.रा., पं. कृष्णप्रसाद भट्टराई	